## अध्याय- एक

# परिचय

## १. परिचय तथा पृष्ठभूमि

समाज विकास क्रमसँगै महिलाहरूमाथि अन्याय, अत्याचार हुन थाल्यो । महिला र पुरुष बीचमा विभेद सृजना भयो । परिणामस्वरूप शोषित, पीडित महिलाहरू मुक्तिका निम्ति आन्दोलित बन्नथाले । स्वभावैले अन्याय, अत्याचार भएपछि त्यसको विरोध हुन्छ । महिलाहरूले पनि सबै प्रकारका अन्याय, शोषणको विरोध गर्नथाले । यसरी महिलाहरूमाथि भएका सबै राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, कानुनी, पितृसत्तात्मक शैली आदि समस्याहरूबाट मुक्ति प्राप्त गर्न महिलाहरूले प्रयत्न गर्नथाले । महिलाहरूको यही समस्या तथा विभेदका विरुद्धमा भएका सबै गतिविधिहरूलाई महिला आन्दोलनको रूपमा लिनुपर्छ । त्यसैले महिला मुक्तिको सवालसँग गाँसिएका सबै आन्दोलन नै महिला आन्दोलन हुन् ।

नेपाली महिलाहरूद्वारा आफ्नो अधिकार प्राप्त गर्नका लागि सङ्गठित रूपमा लड्न विभिन्न सङ्घ, संस्थाहरू खोल्ने, महिला सहभागिता बढाउने, देशमा भएका विभिन्न महत्त्वपूर्ण आन्दोलनमा सहभागी हुने, महिला सशक्तीकरणको कुरालाई उठाउने जस्ता कार्यहरू भएका थिए । यसले नेपालको राष्ट्रिय जीवनका विभिन्न पक्षमासमेत प्रभाव पारेको पाइन्छ ।

विभिन्न समयमा महिलाहरू आफ्नो हक, अधिकारलाई स्थापित गराई देशको सर्वाङ्गीण विकासका निम्ति महिलाहरूको अनिवार्य सहभागिताको आवश्यकता पर्दछ भन्ने कुरालाई सरकारदेखि जनतासम्म अनुभूत गराई अगाडि बढिरहेका छन् । उनीहरू देशका हरेक राजनैतिक पार्टीहरूले महिलाहरूको अधिकार प्राप्तिको निम्ति गरेको आन्दोलनका साथै अन्य सबै किसिमका कार्यक्रमहरूमा सहभागी बनी विभिन्न समयमा आन्दोलनहरू गरेर अगाडि बढ्दै आइरहेको पाइन्छ ।

नेपालमा महिला आन्दोलनको विकास अपेक्षाकृत रूपमा अगाडि बढ्न नसके पनि ढिलो गतिमा अगाडि बढिरहेको देखिन्छ । महिलाहरूको योगदान तथा भूमिकाका बारेमा पर्याप्त लेखनकार्य नभए तापनि छिटफुट रूपमा पाइन्छ । नेपाली महिलाहरू राज्य

सञ्चालनदेखि राष्ट्रियताको निम्ति नालापानी र काङ्गडाको युद्धमा इन्द्रेणी थापा र सावित्रीदेवी जस्ता देशभक्त महिलाहरूको योगदानलाई लिन सकिन्छ ।

नेपाली महिलाहरू आन्दोलनलाई आगाडि बढाउने क्रममा आ-आफ्नै क्षेत्रबाट जुटिरहेका थिए । योगमाया देवीले कविताको माध्यमबाट, मेलवादेवीले गायनका माध्यमबाट, दुर्गादेवीले शिक्षण पेशाको माध्यमबाट एवम् तुलशा शर्माले गान्धी आश्रममा संलग्न भएर महिला जागरणमा योगदान पु¥याएका थिए । यसरी समाजमा रहेका सबै प्रकारका विभेदका विरुद्धमा महिलाहरू जागरुक बनि अधिकार प्राप्तिका लागि अगाडि बढ्न थालेको देखिन्छ ।

नेपाली समाजमा महिलाहरूको स्थिति तुलनात्मक रूपमा पुरुषकोभन्दा दयनीय रहेको पाइन्छ । समाजमा महिला पुरुषको बीचमा प्राकृतिक रूपले रहेको भिन्नताका आधारमा समाजले उनीहरूको फरक सामाजिक भूमिका निर्धारण गरेको छ । यसरी समाजले निर्धारण गरेको असमान सामाजिक भूमिकालाई नै लैङ्गिक विभेदको रुपमा लिइन्छ । यही लैङ्गिक विभेदका कारण महिलाहरूमाथि असमान ब्यबहार गरि पछाडि पार्ने काम भइरहेको पाइन्छ । नेपाली महिलाहरूलाई लामो समयदेखि लैङ्गिक रूपमा भेदभाव, दमन, उत्पीडन तथा असमानताको जीवन व्यतित गर्न बाध्य बनाइँदै छ । विभिन्न धार्मिक, सांस्कृतिक मान्यता एवम् परम्पराको आडमा समाजले महिलामाथि गरिने अन्याय, अत्याचार, भेदभावलाई जीवन्त बनाउने काम गरिरहेको छ । यही अवस्थाबाट महिलाहरूले छुटकारा पाउनका लागि सबै प्रकारका अन्याय, अत्याचार एवम् भेदभावको अन्त्य गर्ने नेपालको महिलामुक्ति आन्दोलनको प्रमुख सवाल रहेको छ । त्यसैले समाजमा रहेका सबै विभेदका विरुद्धमा महिलाहरू जागरूक बन्नथालेको देखिन्छ ।

समाजमा व्याप्त असमानताबाट महिला समुदायको मुक्तिका लागि उनीहरू विभिन्न सङ्घ संस्था, सङ्गठनहरूको माध्यमबाट महिला समानताका लागि आन्दोलनहरू सञ्चालन गर्दै आइरहेका छन् । नेपालमा सङ्गठित रूपले महिला आन्दोलन सुरुआत भएको करिब ६ दशक बितिसकेको छ । यद्यपि महिला आन्दोलन अपेक्षाकृत रूपबाट आगाडि बढ्न सकेको देखिदैन । अर्कोतर्फ महिलाहरू आफ्नो अधिकार प्राप्तिका निम्ति आन्दोलन गरिरहेका देखिन्छन् । नेपाली महिलाहरूले महिलामुक्तिको आन्दोलनलाई आर्थिक, राजनीतिक, सांस्कृतिक, कानुनी एवम् पितृसत्ता आदि सवालसँग जोड्दै अगाडि बढाइरहेका छन् । महिला आन्दोलनको बाधकका रूपमा धेरै समस्या रहेका छन् । यद्यपि महिलाहरू आन्दोलनलाई सफलतामा पु¥याउनका लागि आन्दोलित बनिरहेका छन् ।

यसरी महिला आन्दोलनको पृष्ठभूमिलाई हेर्दा सङ्गठित रूपमा वि.सं. २००४ सालदेखि सङ्गठित रूपले महिला आन्दोलनलाई अगाडि बढाइएको पाइन्छ । यसरी महिलाहरूले सङ्गठित, असङ्गठित रूपमा महिला आन्दोलनलाई निरन्तर रूपमा अगाडि बढाइरहेका छन् ।

नेपालको सन्दर्भमा सबै क्षेत्रमा महिला समानताको लागि गरिने आन्दोलनलाई एक महत्वपूर्ण आन्दोलनको रुपमा लिइएकोछ । यो आन्दोलनलाई लक्षित बिन्दुमा पुऱ्याउनका लागि महिलामुक्ति आन्दोलनका हिमायतीहरू लागिपरेको अवस्था रहेकोछ । यद्यपि अपेक्षाकृत रूपमा आन्दोलन अगाडि बढ्न नसकी रहेको अवस्था देखिन्छ । यसैले उक्त आन्दोलनको सम्बन्धमा खोजमूलक ढङ्गबाट अध्ययन गर्न आवश्यक ठानिएको हो । विशेषतः आन्दोलनका समस्या एवम् समाधानका उपायहरू पत्ता लगाई महिलामुक्ति आन्दोलनलाई अगाडि बढाउन सजिलो होस् भन्ने आसयले यो अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

## २. अध्ययनको महत्त्व र औचित्य

विश्वमा नै आफ्नो हक, अधिकार प्राप्तिका निम्ति महिलाहरूले आन्दोलन चलाइरहेका छन् । विश्व महिला आन्दोलनले महिलाहरूलाई आन्दोलित गर्दै अगाडि बढाइरहेको छ । उक्त आन्दोलनले मानव अधिकारको कुरालाई महिला अधिकारसँग गाँसेर उठाइरहेको छ । संयुक्त राष्ट्र सङ्घले पनि महिला अधिकारका बारेमा आवाज उठाई आफ्ना सदस्य राष्ट्रहरूलाई महिला अधिकारका बारेमा सचेत गराइरहेको छ । यसका साथै सङ्घको बडापत्र तथा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा उल्लेखित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिपत्र आदिमा महिला समानता एवम् महिलाउपर हुने सबै प्रकारको भेदभावको विरुद्धमा आवाज उठाइरहेको छ । यसका साथै अन्तर्राष्ट्रिय आदिबासी वर्ष, अन्तर्राष्ट्रिय परिवार वर्ष, संयुक्त राष्ट्र सङ्घीय सहिष्णुता वर्ष, ग्रामीण महिलाका बारेमा जेनेभा घोषणापत्र र महिला विरुद्धको हिंसा विषयको घोषणापत्रले पनि महिला समानता र सशक्तीकरणमा जोड दिएको छ । उक्त सशक्तीकरणको बारेमा संयुक्त राष्ट्र सङ्घको सिद्धान्त र उद्देश्यसमेत स्पष्ट रूपमा बोलेको पाइन्छ । यो कुरा अन्तर्राष्ट्रिय कानुनमा समेत लेखिएको छ । यस प्रकार महिला समानताको विषय विश्वमा नै एक प्रमुख विषय बन्न गएको छ ।

नेपाली महिलाहरू पनि देश, काल, परिस्थिति सुहाउँदो किसिमले आन्दोलन गर्दै आइरहेका छन् । वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् खुला समाज एवम् प्रजातन्त्रको पुनर्स्थापना भयो । तत्पश्चात् राजनैतिक गतिविधिको प्रभाव महिला समानता एवम् महिलामुक्तिको आन्दोलनमा पनि पऱ्यो । नेपाली महिलाहरूको स्थितिमा सुधार ल्याई समग्र विकासमा संलग्न गराउने उद्देश्यकासाथ संविधान पनि महिलाको सवालमा सकारात्मक देखियो । समय र परिस्थिति सँगसँगै कानुनमा पनि थप संशोधन समेत गरिएको छ । जसले महिलालाई कानुनी रूपले बलियो बनाई उनीहरूलाई उत्साहित गरेको देखिन्छ ।

नेपाली महिलाहरू महिला सरोकारका सवालमा केन्द्रित रही आन्दोलित बनिरहेका छन् । उनीहरू महिला अधिकार स्थापित गर्नका लागि जुटिरहेका छन् । महिला अधिकार मानव अधिकार हो । तसर्थ विभिन्न क्षेत्रबाट महिला मानव अधिकारको हननको उपचार गर्न

आवश्यक कानुन तथा संयन्त्रहरूको बारेमा जानकारी नै प्रदान गर्दै आन्दोलनलाई थप गति प्रदान गर्ने काम भइरहेको छ । अर्कोतर्फ महिलाको मानव अधिकारको पूर्ण सुरक्षा एवम् सम्मान हुनुपर्छ भन्दै नेपाली जनताले आवाज उठाइरहेका छन् । यसरी नेपाल सरकारको तर्फबाट पनि महिला अधिकारको सवालमा गम्भीर भई महिलासम्बन्धी भएका सन्धिपत्रहरूमा हस्ताक्षर गर्ने क्रममा महिलाउपर हुने सबै प्रकारका भेदभाव निर्मूलसम्बन्धी महासन्धि (CEDAW) मा हस्ताक्षर गरी अनुमोदन गरिएको छ । यस सन्धिमा महिलाका विभिन्न अधिकारका बारेमा उल्लेख गरिएको छ । यस प्रकार महिला उत्थान र महिला मुक्तिका सवाललाई सरकारी तथा गैरसरकारी सङ्घ, संस्था, राजनीतिक सङ्घ, सङ्गठनहरूले प्रमुख सवालको रूपमा उठाइरहेका छन् । यही क्रममा सो आन्दोलनको आगाडि धेरै चुनौतीहरू रहेका छन् ।

नेपालको समग्र विकासको निम्ति महिला समानता एवम् मुक्ति आन्दोलन पनि एक आवश्यक विषय मानिन्छ । वर्तमान परिप्रेक्षमा महिला आन्दोलन एक महत्वपूर्ण सवाल भएकाले यो अध्ययन महत्वपूर्ण एवम् प्रासङ्गिक रहेको छ । प्रस्तुत अध्ययनमा महिलाहरूले चलाएका आन्दोलनका विषयमा अध्ययन गरिएकाले यसले नेपाली महिला आन्दोलन जस्तो महत्वपूर्ण विषयलाई समेटेको छ । यसका साथै महिलाहरूको योगदान एवम् भूमिकाका बारेमा इतिहास लेखनमा टड्कारो रूपमा देखिएको अभावलाई समेत प्रस्तुत अध्ययन महत्वपूर्ण खुराकी सावित भएको छ ।

यसरी देशव्यापी रूपमा महिलामुक्ति आन्दोलनका निम्ति महिलाहरूले चलाएको महिला आन्दोलनका बारेमा अध्ययन गर्नुपर्ने सान्दर्भिकता हुँदाहुँदै पनि यस विषयमा कसैले पनि अध्ययन गर्ने चासो नदेखाएकाले नेपालको राजनीतिक महिला आन्दोलनका बारेमा अध्ययन गर्नका लागि यस अनुसन्धानकर्ताले “नेपालमा राजनीतिक महिला आन्दोलन-विश्लेषणात्मक अध्ययन (वि.सं. २०४७-२०६०)” शीर्षक छनोट गरेको हो ।

## ३. समस्याको कथन

प्रस्तुत शोधप्रबन्धले निम्न समस्याको अध्ययन गरेको छ :-

क) नेपाली महिलाहरूले कहिलेदेखि राजनीतिक महिला आन्दोलनलाई सङ्गठित रूपमा अगाडि बढाउन थालेका हुन् ?

ख) नेपालको राजनीतिक महिला आन्दोलनको स्वरूप र प्रकृया कस्तो रह्यो ?

ग) के महिला आन्दोलन राजनीतिक पार्टीद्वारा चलाइएको आन्दोलनको रूपमा मात्र भएको छ ?

## ४. अध्ययनको उद्देश्य

प्रस्तुत शोधप्रबन्धका निम्न उद्देश्यहरू रहेका छन् :-

क) नेपालको महिला आन्दोलनको विकास बारेमा चर्चा गर्ने ।

ख) नेपाली महिलाहरूले चलाएको राजनीतिक महिला आन्दोलनको विश्लेषण गरी चर्चा गर्ने ।

ग) नेपालको महिला आन्दोलनमा महिलाहरूले सङ्गठित रूपमा गरेका योगदानका बारेमा प्रकाश पार्ने ।

## ५. अध्ययनको सीमा

प्रस्तुत शोधप्रबन्धमा "वि.सं. २०४७ सालदेखि २०६० सम्मको राजनीतिक महिला आन्दोलनको अध्ययन समेटिएको छ । तसर्थ यहाँ प्रमुख रूपमा उक्त कालमा महिलाहरूद्वारा गरिएका आन्दोलनहरू मध्ये राजनीतिक महिला आन्दोलनका बारेमा मात्र केन्द्रित भई अध्ययन गरिएको छ ।

## ६. अध्ययनको प्रारूप

प्रस्तुत शोधप्रबन्धलाई निम्न अध्यायमा विभाजित गरिएको छ :

अध्याय- एक

परिचय


१.१ परिचय तथा पृष्ठभूमि ........................................................

१.२ अध्ययनको महत्व र औचित्य ................................................

१.३ समस्याको कथन ...................................................................

१.४ अध्ययनको उद्देश्य ..............................................................

१.५ अध्ययनको सीमा ..................................................................

१.६ अध्ययनको प्रारूप ................................................................

अध्याय- दुई

पूर्व कृतिको समीक्षा

अध्याय- तीन

शोध पद्दति

३.१ पृष्ठभूमि........................................................................
३.२. तथ्याङ्क सङ्कलन विधि ..................................................
३.२.(क) प्राथमिक स्रोत ...........................................................
३.२.(क) १. अन्तर्वार्ता विधि ......................................................
३.२.(ख) द्धितिय स्रोत ..............................................................
३.२.(ख) १. पुस्तकालय विधि ......................................................
३.३. नमुना छनोट क्षेत्र ..............................................................
३.४. तथ्याङ्क बिश्लेषण विधि ...................................................

अध्याय- चार

महिला आन्दोलन

४.१ राजनीतिक महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि
४.२ विश्वमा महिला आन्दोलन
४.३ अन्तर्राष्ट्रिय स्तरमा भएका महिलासम्बन्धी कामहरू
४.४ महिला आन्दोलन र संयुक्त रापष्ट्र सङ्घ
४.५ विश्वमा देखापरेका महिलावादी सिद्धान्तहरू
४.५.१ विज्ञानको महिलावादी आलोचना
४.५.२ समाजशास्त्रीय सिद्धान्तमाथि महिलावादी आलोचना
४.५.३ समकालीन महिलावादी सिद्धान्तह
४.५.३.१ लैङ्गिक फरकको उपागम
क) जैविक व्याख्या
ख) संस्थागत व्याख्या
ग) सामाजिक मनोवैज्ञानिक व्याख्या
४.५.३.२ लैङ्गिक असमानताका उपागम
क) उदार महिलावाद
ख) मार्क्सवादी महिलावाद
४.५.३.३ लैङ्गिक दमनको उपागम
क) मनोविश्लेषक महिलावाद
ख) आमूल महिलावाद
ग) समाजवादी महिलावाद

४.५.३.४ महिलावादी तेस्रो धार

अध्याय- पाँच

नेपालको राजनीतिक महिला आन्दोलनको विकास

५.१ नेपालको राजनीतिक महिला आन्दोलनको पृष्ठभूमि
५.२ महिला सङ्गठनको स्थापना र विकास
५.३ नेपाली महिला आन्दोलनको विकास
५.४ नेपालको राजनीतिक आन्दोलन र महिला
५.५ महिला सङ्घठनहरूका विभिन्न गतिविधिहरू

अध्याय- छ

नेपालको राजनीतिक महिला आन्दोलन (२०४७-२०६०)

६.१ ऐतिहासिक पृष्ठभूमि
६.२ विभिन्न आन्दोलनमा महिलाहरूको भूमिका
६.३ नेपालका राजनीतिक पार्टीहरूमा महिला सहभागिताको सवाल
६.४ नेपाली महिला आन्दोलनका समस्या
६.५ नेपाली महिला आन्दोलनको दायरा
६.६ महिला आन्दोलनका कार्यक्रमहरु
६.७ सरकारी पक्षबाट भएका प्रयास र महिला सवाल

अध्याय- सात

नेपालको राज्य सञ्चालनमा महिला सहभागिता

७.१ पृष्ठभूमि
७.२ राजनीतिमा महिला सहभागिता
७.३ प्रशासनिक क्षेत्रमा महलिा सहभागिता
७.४ महिलाहरूको सामाजिक अवस्था
७.५ नेपाली महिला र सञ्चार माध्यम
७.६ नेपालको न्यायिक क्षेत्रमा महिला
७.७ महिला आन्दोलन र आरक्षणको सवाल

अध्याय- आठ

सारांश, निष्कर्ष र सुझाव

८.१ सारांश
८.२ निष्कर्ष
८.३ सुझाव

अनुसूचीहरू

अनुसूची– १. प्रश्नावलीहरु ......................................................

अनुसूची– २. वि.सं. १९७४ मा स्थापित महिला समितिका पदाधिकारीहरू...

अनुसूची– ३. अनेमसङ्घ अभियान ................................................

अनुसूची– ४. अखिल नेपाल महिला सङ्घको विधान ..........................

अनुसूची– ५. अनेमसङ्घ के.स.द्वारा संविधान सुझाव आयोगलाई प्रस्तुत गरिएका सुझावहरू .......................................

अनुसूची– ६. राष्ट्रिय महिला आयोग- कार्यक्रमको प्राथमिकता क्षेत्र ........

अनुसूची– ७. प्रधानमन्त्री मनमोहन अधिकारीसमक्ष दिएको ज्ञापनपत्र ......

अनुसूची– ८. केही सान्दर्भिक तालिकाहरू........................................

सन्दर्भसामग्री सूची

क. ग्रन्थ तथा कृतिहरू ...............................................................

ख. पत्रपत्रिकाहरू .......................................................................

ग. अन्य केही सामग्रीहरू ............................................................

घ. साप्ताहिक पत्रिकाहरू ............................................................

परिशिष्ट

क. प्रत्यक्ष अन्तर्वार्ता लिइएका व्यक्तित्वहरू .........................................

## अध्याय- दुई

# पूर्व कृतिको समीक्षा

नेपालको इतिहास निर्माणमा महिलाहरूको महत्वपूर्ण भूमिका रहेता पनि उनीहरू बारे पर्याप्त लेखनकार्य भएको पाइदैन । नेपालको इतिहास लेखनकार्य राजघरानिया महिला मुखर बनेको छ । महिला नेतृ तथा महिलाहरुले सामाजिक, आर्थिक, राजनैतिक समानता बारे उठाएका मुद्धाहरुको बारेमा इतिहास लेखनकार्यलाई भने अगाडि बढाइएको छैन । नेपाली समाजमा महिलाहरू पुरुषहरुको दाँजोमा अपहेलित र उपेक्षित छन् । नेपालमा शैक्षिक वा राजनैतिक रुपमा चेतना र जागरण आउन थाले देखिनै सामाजिक, आर्थिक र राजनैतिक न्याय र समानताको निम्ति सङ्गठित रूपमा महिला आन्दोलनको बिकास भएको देखिन्छ । तर यति भए पनि महिलाहरूको योगदानलाई पर्याप्त लेखनकार्य गरिएको छैन मात्र केहि कृतिका रूपमा मात्र उल्लेख भएको पाइन्छ । प्रस्तुत समीक्षा ती कृतिहरुमा आधारित गरी तयार पारिएको छ । समीक्षामा नेपाली महिलाहरुको आन्दोलनको सक्षिप्त इतिहास, ऐतिहासिक समयमा आन्दोलनका उदेश्य र कारणहरु, राजनैतिक क्षेत्रमा महिला आन्दोलनले पु-याएका योगदान, महिला आन्दोलन बारे विभिन्न लेखहरुमा उल्लेख भएका सैदान्तिक विचारहरु र हालका समयमा देखिएका महिला आन्दोलनका मुख्य मुद्धाहरुबारे विवेचना गरीएको छ ।

नेपाली महिलाहरुमाथि भइरहेको असमान ब्यबहार एवम् महिला सरोकारको सवालसँग जोड्दै कार्कीले आफ्नो “नेपाली महिलाहरूको भविष्य, २०४७” नामक पुस्तकमा महिलाहरूका समस्या र समाधानसँग गाँसिएको बिषयहरुलाई उठान गरेका छन् । यसले महिला मुक्तिका समस्या र विषयवस्तुलाई विभिन्न कोणबाट उठाएर समाधानका उपायहरू खोज्ने काम गरेको देखिन्छ ।

कार्कीले आफ्नो कृतिमा महिलाहरूको दासताको बास्तविक इतिहास के हो ? नेपालमा महिलाको अवस्था कस्तो छ ? महिलाहरूमाथि कसरी शोषण भइरहेको छ ? महिलाहरूमा राजनीतिक चेतना कसरी आउँछ ? महिलाहरूका समस्या तथा समाधानका उपायहरू, महिलाहरूभित्र देखापरेका गलत चिन्तन तथा प्रकृतिहरू, नेपाली महिलाहरूको आन्दोलनको इतिहास कस्तो छ ? सङ्गठन के हो ? र किन आवश्यक छ ? अखिल नेपाल महिला सङ्घ कस्तो सङ्गठन हो ? अनेम सङ्घको उद्देश्य के हो ? महिला बीच कसरी काम गर्ने ? महिला कार्यकर्ताको निर्माण, विकास र स्थायित्वको समस्या, अनेम सङ्घ विरुद्ध फैलाइएका केही भयहरू र महिलाहरूलाई सङ्गठित गर्न जन्मिएका विविध सङ्गठनहरू

जस्ता विषयहरूलाई संलग्न गरेका छन् । जुन नेपाली महिलाहरूको भविष्यसँग गाँसिएका सान्दर्भिक विषय हुन् ।

यसमा विभिन्न महिलासँग सम्बन्धित समस्याहरू जस्तो : परिवारबाट उत्पन्न समस्या, विवाहको समस्या, सुरक्षा, आर्थिक, महिला बेचबिखन आदिका बारेमा वर्णन गरिएको छ । नेपाली महिलाहरूको आन्दोलनको इतिहास कोट्याउने काम भएको छ भने नेपालमा देखापरेको महिलावादी आन्दोलनका बारेमा पनि आफ्नो विचार राखेका छन् । त्यसैले महिलावादी आन्दोलनको बारेमा देखापरेको गलत दृष्टिकोणको खण्डन र आलोचना गर्दै कार्कीले महिलावादी आन्दोलनका आवश्यकताका बारेमा आफ्नो धारणा अगाडि सारेका छन् । (कार्की, २०४७)

यस कृतिमा वि.सं. २००४ सालमा स्थापित मंगलादेवी सिंहको अध्यक्षतामा गठित “नेपाल महिला सङ्गठन” भनि उल्लेख भएको छ । तर त्यो नभई “नेपाल महिला सङ्घ” हो ।(सिंह, २०५१) त्यसरी नै “नेपाल महिला सङ्घ” विभाजित भएपछि एउटा मंगलादेवी सिंहको अध्यक्षतामा “नेपाल महिला सङ्घ” बन्यो भने अर्को कामाक्षदेवीको अध्यक्षतामा बनेको सङ्गठन “अखिल नेपाल महिला सङ्घ” बनेको भनिएकोमा त्यो नभई विभाजित कामाक्षदेवीको अध्यक्षतामा रहेको सङ्गठन “नेपाल महिला सङ्गठन” नाम रहेको थियो । (तुम्बाहाङफे, २०५९) कार्कीको आफ्नो पुस्तकमा कमी पक्षहरू भए पनि महिला आन्दोलनमा चासो राख्नेका लागि उपयोगी रहेको छ ।

यो कृति पनि महिला आन्दोलनसँग गाँसिएकाले सोधार्थीका निम्ति उपयोगी बनेको छ । यसमा नेपाली महिला आन्दोलनको बारेमा पर्याप्त चर्चा गरिएको छैन । यसका साथै पादटिप्पणी र सन्दर्भसामग्री पनि राखिएको छैन । महिला आन्दोलनका बारेमा पर्याप्त लेखन भने नभएकोले अझै पनि त्यसतर्फ सम्भाव्यता रहेको छ ।

नेपाली महिला आन्दोलनको इतिहास हेर्दा महिलाहरु पनि आफ्नो अधिकार प्राप्ति  लागि आन्दोलनमा लागेका एवम् उनीहरुको वीरताका बारेमा उल्लेख भएको पाइन्छ । उषाले “महिलामुक्ति, २०४५” नामक पत्रिकामा “नेपाली महिला आन्दोलन :छोटो चर्चा” नामक लेखमा नेपाली महिलाहरूको वीरताका बारेमा उल्लेख गर्ने क्रममा नालापानी र किल्ला काङ्गडाको युद्धमा नेपाली महिलाहरूले देखाएको वीरताको वर्णन गरिएको पाइन्छ ।( उषा, २०४५ : ५-१२) यसरी नै महिला समानताका ऐतिहासिक आन्दोलनहरूमा महिलाहरुले गरेका महिला समानता कुरा राणा शासनकालमा उनीहरुले संगठित रुपमा आफ्नो अवस्थाप्रति सचेत हुन थालेका थिए । अर्को तर्फ उनीहरुले नेपाल महिला सङ्घ २००४, बिराङ्गना दल २००८, वीमेन भोलेन्टर्स सर्भिसेज २००८ जस्ता संस्था खोली महिलाहरु महिला समानताका लागि सक्रिय रुपमा लागेको बारेमा उल्लेख गरिएको छ । बि. स. २०१७

सालको फौजी काण्डपछि प्रजातन्त्र र महिला हकहितका लागि अनवरत संर्घष गर्ने महिलाहरको बारेमा पनि उल्लेख गरिएको छ । यसका साथै बि.स.२०४६ सालमा भएको जनआन्दोलनमा महिलाहरुको भूमिका जस्ता बिषयहरु उठाइएका छन् । यति हुँदाहुँदै पनि यो कृति शोधार्थीको निम्ति उपयोगी रहेको छ । महिला आन्दोलनका बारेमा पर्याप्त लेखन भने नभएकोले अझै पनि त्यसतर्फ सम्भाव्यता रहेको छ ।

महिला हकहितका निम्ति भएका संवैधानिक व्यवस्थाहरूको इतिहासलाई हेर्दा बि.स.१९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । यस ऐनमा महिला सम्बन्धी कानूनी ब्यबस्था जस्तैः “साटो कैद बस्छु भन्याको” महल अन्तर्गत कुनै कुनै सजायमा महिलाको सट्टा अरुले कैद बस्न पाउने ब्यबस्था, विधुवा अंश धन, दाइजो पेवा, लोग्न्या स्वास्नीको, महिला कैदिलाई छुट्टै झ्यालखानामा भित्र सानतिना काम लगाउने, महिलाहरुलाई कुनै पनि अपराधमा ज्यान सजाय नहुनु आदि कनूनी प्रावधानहरु राखिएको पाइन्छ । यसरी सो मुलुकी ऐनले लिखित दण्ड बिधानको ब्यबस्था गरी महिलाहरु प्रति केही नरम र लचिलो ब्यबहार गर्न खोजिएको देखिन्छ । नेपाली महिलाहरुले समयको माग अनुसार आफ्ना अधिकारका सवाललाई उठाउदै बि.स. २०४७ सालसम्ममा संबैधानिक रुपमा नै महिलाहरुको राजनीतिक जागरण एवम् नेतृत्व स्थापित गर्न राष्ट्रियसभा र प्रतिनिधीसभामा क्रमशः ३ र ५जना महिला सिट आरक्षण, शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा महिलाहरुका लागि बिशेष ब्यबस्था गरिएको देखिन्छ ।

नेपाली महिलाहरूको पेसा व्यवसायमा संलग्नताको विद्यमान स्थिति, महिलाहरूले समानताको आन्दोलन गरेका सन्दर्भमा चर्चा गरिएको छ । महिला आन्दोलनका निम्ति उनीहरूले गरेका योगदानका सम्बन्धमा उल्लेख गर्दा लिच्छवि, मल्ल र शाहकालीन समयवधिलाई समेट्दै क्रमश वि.सं. २०४९ सम्म समेटिएको छ । (वर्ष पुस्तक, १९९३)

नेपालको सामाजिक, राजनीतिक आन्दोलनमा योगमायाले समाजका निम्ति गरेका योगदानलाई उल्लेख गर्न सान्दर्भिक देखिन्छ । यहाँ तत्कालीन समाजमा महिलाहरूप्रति हेर्ने दृष्टिकोण स्पष्ट रूपमा झल्किएको छ । एउटी महिलाले समाज, परिवारमा कसरी जीवन बिताउन बाध्य हुन्छन् त्यसमा पनि विधवा हुँदाको कहालीलाग्दो जीवनका बारेमा पनि उल्लेख गरिएको छ । जहाँ महिलाहरू सामाजिक कुरीति र कुसंस्कार तथा धर्मको सिकार कसरी बनेका हुन्छन् भन्ने बारेको एक पात्रको रूपमा योगमायालाई उभ्याइएको छ । यसका साथै योगमाया दबिएर तिरस्कृत भएर मात्र बसिनन् उनले पुनः विवाह गरेर समाजलाई चुनौतीसमेत दिएकी थिइन् । पुनः विवाह गरी आसाममा बसेकी योगमायालाई आफू नेपाली समाजबाट तिरस्कृत भएर पनि उनको मनमा नेपाल र नेपालीका निम्ति केही गर्ने दृढ इच्छाशक्ति पलाएको थियो । योगमायाको पनि आम नेपाली महिलाहरूको जस्तै इच्छा

अनुरूप एकातिर देश र दुनियाका लागि काम गर्ने मन थियो भने अर्कोतिर सुरक्षाको अभाव र परिवारको जिम्मेवारी पनि थियो ।

यहाँ योगमायाले मानिसले धर्म, दान, कर्मकाण्ड गर्ने र त्यसको आधारमा पंडित पुरोहितहरूले मानिसमाथि गर्ने धार्मिक शोषण देख्न थालिन् र मनमनै उनले नेपाल र नेपाली बीचमा पनि यसलाई सुधार गर्नुपर्छ भन्ने सोच बनाइन् । यही अनुरूप उनी अगाडि बढेको पाइन्छ । उनले सामाजिक विकृति, विसङ्गतिको विरोध गर्न थालिन् । धर्मको नामबाट गरिने सबै प्रकारका शोषणको विरुद्धमा आवाज उठाउन थालिन् । उनले सती प्रथा बन्द हुनुपर्ने, दास प्रथा हटाउनु पर्ने, साहूहरूले आसामीबाट चर्को ब्याज असुल्न नहुने, लिंदा ठूलो र दिंदा सानो माना पाथी चलाउन नहुने, छुवाछूत र धनी गरिबको अन्त हुनुपर्ने, लोग्ने मानिसले स्वास्नी कुट्न नहुने आदि विषयमा प्रचार गर्दै मानिसहरूलाई सचेत गराउने काम गरेकी थिइन् । उनले उपदेशक भई काम गर्न थालिन् र उनले ठूलो जनसमर्थन पनि प्राप्त गर्न सफल भएकी थिइन् भनी उल्लेख गरिएको छ ।

योगमाया न्यौपानेले प्राचीन समयमा लोग्नेमानिस र स्वास्नीमानिस बीच भेद नभएको, दुबै मिलेर काम गर्ने गरेको, सृष्टिका लागि नारीपुरुष दुवै जरुरी भएको, एकको अभावमा अर्कोले सृष्टि थाम्न नसक्ने भएको तर पछि आएर समाजमा आडम्बर थपिंदै गएर सती प्रथा सुरु भएको हो तर यो हटाउनुपर्छ । सती प्रथासँगसँगै उनले दास प्रथाको समेत अन्त्यको कुरालाई उठाएकी थिइन् । यसका साथै जातपात विरोधी विचारलाई पनि आफ्नो प्रमुख कार्यका रूपमा योगमायाले लिएकी थिइन् । उनले प्रवचन, गीत, कविता आदिको रचना गरी तत्कालिक शोषकहरूको विरोध गरेकी थिइन् । उनले कसैसँग संझौता गरिनन् । सधैं सामाजिक सुधारको पक्षमा अडिग रहिन् ।

यहाँदेखि योगमायाको राजनीतिक व्यक्तित्व देखा पर्दछ । तत्कालीन समयमा नेपाली जनआन्दोलनको स्वरूप राजनीतिक नभई धार्मिक रहेको थियो । यसको स्वरूप क्रमिक रूपले सामाजिक तथा राजनैतिक हुन गयो । योगमायाले गौचरण मासिन नहुने, छुवाछूत र भेदभावयुक्त समाज हुन नहुने, मानिसलाई जात काढ्न नहुने, पुरोहितले ठग्न नहुने, गरुडपुराण जस्ता उडन्ते कथाहरू सुनाएर मानिसलाई काँतर बनाउन नहुने, जोगी सन्यासीहरूले गलामा रुद्राक्ष भिर्नुभन्दा सदाचारयुक्त समाज बनाउनु पर्ने, तमसुकमा अङ्क थपिन नहुने र मानिसले कर्जा तिरिसकेपछि तमसुक च्यातिनु पर्ने जस्ता सामाजिक कुरीतिका विरुद्ध सामाजिकीकिरण गर्दै थिइन् । उक्त समस्याहरू सामाजिकीकरण पनि भए । समाजको एउटा वर्ग त्यस समस्यालाई समाधान गर्न पनि राजी भयो भने अर्को पक्ष समस्या समाधान गर्न चाहँदैनथ्यो । यद्यपि उनी मानिसको दुःखको मुख्य कारण भेदभावयुक्त समाज नै हो भन्ने निस्कर्षमा पुगिन् र धनदौलत पूँजीको कारण भेदभावयुक्त समाज भएको हो भन्ने कुराको निष्कर्ष समेत निकाल्न पुगेकी थिइन् । “सर्वार्थ योगवाणि”का सैयौं

श्लोकहरू यसका प्रमाण भएको समेत उल्लेख गरिएको छ । अन्ततः यी सम्पूर्ण मानवीय समस्याका सम्पूर्ण समाधान योगमायाले धर्ममा खोजिन् र धर्मराज्यको माग गर्न थालिन् । उनले धर्मराज्यको माग गर्दा जनपङ्क्तिलाई पनि छोडिनन् र सरकारको समेत यसतर्फ ध्यान आकर्षण गराउँदै धर्मराज्यको स्थापना गराउन जोड दिइरहिन् ।

राजनीतिकरण भन्नु कुनै पनि समस्याको समाधानको निम्ति राज्यको ध्यानआकर्षण गराउन र राज्यस्तरबाट समाधान खोजिनु हो । सामाजिकीकरणको उच्च रूप राजनीतिकरण हो । सबै समस्याको कारण मूलतः राज्यबाटै मात्र हुन सक्दछ र त्यो राज्यको स्वरूप धर्मराज्य हुने छ भन्ने योगमायाको विश्वास रहेको पनि उल्लेख गरिएको पाइन्छ । यसरी योगमाया एक कुशल कवि, समाजसुधारक, धार्मिक, कूटनीतिज्ञ र राजनीतिक व्यक्तित्वका रूपमा बहुआयामिक व्यक्तित्व लिएर देखा परेकी थिइन् । उनी राणाशाही विरोधी आन्दोलनकी एक हिस्साका रूपमा देखा परिन् । यसरी जात काढिएकी एक निरक्षर जैसिनीले धर्मराज्य प्राप्तिको आन्दोलनलाई २५ वर्ष लगातार चलाएकी थिइन् । (तिम्सिना, २०५७)

यो लेख महिला आन्दोलन एवम् सामाजिक परिवर्तनसँगै धर्मराज्यको प्राप्तिको आन्दोलनमा केन्द्रित रहेको देखिन्छ । सो आन्दोलनको अगुवाई योगमायाले गरेकी थिइन् । उनले चलाएको आन्दोलन हाल पनि प्रेरणादायी भएकाले महिला आन्दोलनमा चासो राख्ने सबैका लागि उपयोगी हुने देखिन्छ । यो लेखले अनुसन्धानमूलक भएकाले इतिहासको गर्भमा लुकाइएकी योगमायाको साहसिक आन्दोलनका बारेमा जानकारी दिने काम गरेको देखिन्छ । योगमायाले निरन्तर २५ वर्ष चलाएको संम्झौताहीन सङ्घर्ष महिला, गरिब र अछूतहरूका लागि मात्र नभएर सिङ्गो नेपाल र नेपालीका लागि प्रेरणादायी विषय बनेको पाइन्छ । योगमाया एक असाधारण नेतृत्वकी धनी थिइन् । त्यसैले यो विषय महिला आन्दोलनको निम्ति प्रेरणादायी बनेको  पाइन्छ ।

नेपालको महिला आन्दोलनको प्रारम्भमा योगमायाले महत्वपूर्ण कार्यहरू गरेकी थिइन् । त्यसैले उनी महिला आन्दोलनसँग शोधकार्यको शोधको विषय मिल्ने भएकाले उपयोगी बनेको छ । यद्यपि महिला आन्दोलनका बारेमा पर्याप्त लेखनकार्य हुन बाँकी नै रहेको छ ।

नेपाली महिलाहरुद्धारा गरिएको महिला आन्दोलनका बारेमा श्रेष्ठले अध्ययन, अनुसन्धान गरी नेपाली महिलाहरूको सङ्घर्षको सङ्क्षिप्त इतिहास" का बारेमा मूल्यांकनमा लेख प्रकाशित गरेकी छिन् । जसमा नेपाली महिलाहरूको सङ्घर्षको इतिहास त्यति लामो नभए पनि उपलब्धिमूलक र प्रेरणादायी रहेकोछ भनी उल्लेख गरिएको पाइन्छ । यही सङ्घर्षलाई प्रारम्भः १९७४ देखि २००७ सालसम्म, २००७ सालदेखि २०१७ सालसम्म, २०१७ सालदेखि २०४७ सालसम्म, २०४७ सालदेखि हालसम्म गरी विभिन्न

समयलाई खण्डखण्ड गरी विभाजन गरिएको छ । जसले समानता र स्वतन्त्रताका निम्ति लडेका समयावधिमा महिलाहरूको के कस्तो भूमिका रहेको थियो भन्ने कुरालाई बुझ्न सजिलो बनाएको छ । (श्रेष्ठ, २०५२ : २१-२४)

उक्त लेख महिला आन्दोलनको बारेमा चासो राख्नेहरूको लागि उपयोगी रहेको छ । यति हुँदाहुँदै पनि यसमा उल्लेख गरिएको २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा स्थापित “नेपाल महिला सङ्गठन” स्थापना भनिएकोमा त्यो नभई नाम “नेपाल महिला सङ्घ” हो । (सिंह, २०५१) त्यस्तै योगमाया न्यौपानेसँग अरुण नदीमा हामफालेर आत्मसमाधि लिनेको सङ्ख्या ६४ लेखिएकामा त्यो नभई ६८ जना हो । (तिम्सिना, २०५७) यो लेख कम्युनिष्ट पार्टीसँग नजिकिएर लेखिएकाले अन्य महिलाहरूले गरेको सङ्घर्षमयी आन्दोलनका बारेमा उल्लेख नगरिनु पनि यसमा देखिएको कमि पक्ष रहेको छ ।

महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउनको लागि वि.स. २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा “नेपाल महिला सङ्घ” र २००८ सालमा पुण्यप्रभादेवी ढुङ्गानाको अध्यक्षतामा “अखिल नेपाल महिला सङ्घ” को स्थापना भएको बारेमा उल्लेख गरिएको छ । (उषा, २०४५ : ५-१२)

यति हुँदाहुँदै यो लेखमा महिला आन्दोलनका बारेमा थोरै भए पनि उल्लेख गरिएकोछ । त्यसैले शोधको विषय मिल्ने भएकोले शोधार्थीको लागि उपयोगी नै बनेको छ । तर महिला आन्दोलनका बारेमा पर्याप्त लेखनकार्य भने भएको छैन । यसमा कुनै सन्दर्भसामग्रीको उल्लेख गरिएको छैन । आफ्ना धारणालाई अगाडि ल्याउने काम मात्र गरेका छन् । यद्यपि महिला आन्दोलनको बारेमा चासो राख्नेका लागि भने थोरै भए पनि उपयोगी नै बनेको छ ।

प्रभातले “मार्क्सवादी नारीवाद र नारीवादी आन्दोलन” नामक लेखमा आफ्नो विचार व्यक्त गरेकाछन् । “नारी सङ्कल्प २०४७” नामक पत्रिकामा प्रभातको लेख सहित अन्य लेख, गीत , कविता संस्मरण आदि समावेश गरिएको छ । प्रभातको “मार्क्सवादी नारीवाद र नारीवादी आन्दोलन” नामक लेखमा विद्यमान नेपालको सामाजिक परिवेशमा देखा परेको नारीवादका बारेमा वर्णन गरिएको छ । समाजमा विद्यमान नारीवाद भनेको समाजमा विखण्डन र विकृति पैदा गर्ने विषय हो भनिन्छ । विश्वमा महिलामाथि भएका अन्याय, अत्याचार, दमनको विरोधका निम्ति नारीवाद भएको हो । जसले महिलालाई स्वतन्त्रत बनाउन चाहन्छ । महिलाहरूले विभिन्न समयमा विभिन्न प्रकारका मागहरूलाई अगाडि सारे जसले नारीवादको जन्म गरायो । त्यसको प्रभाव समाजमा पर्न थाल्यो । यसरी नै विशुद्ध

नारीवादी आन्दोलन र मार्क्सवादी नारीवादी गरी दुई धारहरूले महिलाहरूलाई आन्दोलित गरेको बारेमा बताइएको छ ।

यसरी नारीवादी आन्दोलनको मागका बारेमा सो लेखमा चर्चा गरिएको छ । यहाँ दुवै धारले सामूहिक सङ्घर्षमा त्यतिकै विश्वास राख्दछन् जतिको मार्क्सवादीहरूले सामाजिक परिवर्तनका सन्दर्भमा राख्दछन् । वास्तवमा नारीवादले भान्छा र ओछ्यानको वैयक्तिक समस्यालाई सार्वजनिक रूपमा उभ्यायो भने मार्क्सवादले त्यसलाई श्रम र मूल्यको सामाजिक समस्यासँग गाँसिदियो । एउटाले सामाजिक उत्पादन कार्यको एउटा पक्ष जातीय वंश-परम्परा कायम राख्ने प्रजनन प्रक्रियाबारे ध्यान केन्द्रित गऱ्यो भने अर्कोले जीवनका आवश्यकताहरूको आपूर्तिका निम्ति उत्पादनका साधनहरूमाथि समान स्वामित्व कायम गर्ने विषयमा ध्यान केन्द्रित गऱ्यो । विशुद्ध नारीवादले महिलाहरूको आफ्नै नयाँ अस्तित्वको खोजी गर्ने कुरा गर्दै व्यक्ति र समाजको सीमालाई तोड्यो, नारीजन्य गोपनीयतालाई भङ्ग गऱ्यो र सांस्कृतिक परम्पराका मर्यादालाई तिरस्कार  गऱ्यो । परिवारको विघटन गर्दै मान्छेलाई नितान्त एक्लोपनमा रमाउने बनाएर मानव व्यक्तित्वको सामजिकतालाई नै तहसनहस पाऱ्यो । मार्क्सवादी नारीवादले भने त्यसको ठीक उल्टो सामाजिक मर्यादा र सदाचारलाई ध्यान दिँदै परिवारको स्वस्थ्य-सम्बन्ध, व्यक्तिको सामाजिक अस्मिता र विश्व मानवता कायम गरी मान्छेलाई सामुदायिकतामा आवद्ध गऱ्यो र समाजको एक हिस्साका रूपमा नारी जातिलाई स्थापित गऱ्यो । असमान ज्याला प्रथा, लिङ्गभेदी कानुन र हेयको दृष्टिकोणको अन्त्य गर्दै मानवजातिको समानतामा जोडिदिएको छ भनी नारीवादको उल्लेख्य पक्षहरूका बारेमा प्रकाश पारेको छ । यस प्रकार नारीवादका बारेमा लेखकले आफ्नो विचार व्यक्त गरेका छन् । नारीवादको बारेमा जान्न खोज्नेका लागि थोरै भए पनि जानकारी प्रदान गरेको छ । (प्रभात, २०४७ : ४-७ )

श्री प्रभातले मार्क्सवादी नारीवाद र नारीवादी आन्दोलनका बारेमा आफ्ना विचारलाई अगाडि सारेका छन् । उनले विशुद्ध नारीवाद र मार्क्सवादी नारीवादका बारेमा समीक्षात्मक विश्लेषण गरेका छन् । विशुद्ध नारीवादले महिलाहरूको आफ्नै नयाँ अस्तित्वको खोजी गर्ने कुरा गर्दै पुरुष विरोधी झण्डा उचाल्यो, व्यक्ति र समाजको सीमालाई तोड्यो, नारीजन्य गोपनीयतालाई भङ्ग गऱ्यो र सांस्कृतिक परम्पराका मर्यादालाई तिरस्कार गऱ्यो । परिवारको विघटन गर्दै स्वास्नी मानिस नितान्त एक्लोपनमा रमाउने बनाएर मानव व्यक्तित्वको सामाजिकतालाई नै तहसनहस पाऱ्यो मार्क्सवादी नारीवादले भने त्यसको उल्टो सामाजिक मर्यादा र सदाचारलाई ध्यान दिँदै परिवारको स्वस्थ्य सम्बन्ध, व्यक्तिको सामाजिक अस्मिता र विश्व मानवता कायम गरी मान्छेलाई सामुहिकतामा आबद्ध पाऱ्यो र समाजको एक हिस्साको रूपमा नारी जातिलाई स्थापित गऱ्यो । असमान ज्यालाप्रथा, लिङ्गभेदी कानुन र हेयको दृष्टिकोणलाई अन्त्य गर्दै मानव जातिको समानतामा जोडिदियो । यसप्रकार वर्तमान

परिप्रेक्ष्यमा नेपाली महिला आन्दोलनलाई नै अलमल्याउन नारीवादका बारेमा भ्रामक कुराहरूलाई अगाडि ल्याएका छन् । तिनै विषयका बारेमा विश्लेषणात्मक विचारलाई अगाडि सारी प्रभातले राम्रो काम गरेका छन् । महिलावादी आन्दोलनको बारेमा चासो राख्नेहरूका लागि उपयोगी नै
बनेको छ ।

तसर्थ सामाजिक सवाललाई उपेक्षा गरी बिशुद्ध महिला सवाललाई मात्र बढावा दिने नारीवादीहरूले प्रतिक्रियावादलाई नै फाइदा पुऱ्याएका हुन्छन् । नारीवादले समाजको आधा हिस्साको प्रतिनिधित्व गर्नका निम्ति गरेको प्रयत्न र अन्य उत्पीडित जाति र वर्गसँग गर्ने कार्यगत एकताको सवल पक्षलाई हेर्दै त्यसलाई आमूल परिवर्तनकारी सङ्घर्षसँग संयोजित गर्ने प्रयत्न गर्नुपर्दछ किनकि मार्क्सवादी नारीवाद र विशुद्ध नारीवाद दुई विपरित विचारशाखा मात्र नभै सामुदायिक हितका विषयमा मिल्दाजुल्दो पनि रहेको छ । यसरी उनले हाल देखापरेको नारीवादका बारेमा विश्लेषण गर्न पुगेका छन् । (प्रभात, २०५२)

यसमा कुनै सन्दर्भसामग्रीको उल्लेख गरिएको छैन । आफ्ना धारणालाई अगाडि ल्याउने काम मात्र गरेका छन् ।  यद्यपि महिला आन्दोलनको बारेमा चासो राख्नेका लागि भने थोरै भए पनि उपयोगी नै बनेको छ । यसका साथै शोधार्थीलाई पनि उपयोगी नै बनेको छ । तर महिला आन्दोलनका बारे खोज गर्ने सम्भाव्यता अझै रहेको नै देखिन्छ ।

सि.के. लालले अस्मिता, अङ्क ५५ मा महिलावादका बारेमा उल्लेख गरेका छन् । शब्दावलीका बन्दी नारीवाद नामक लेखमा नेपालमा पनि नारीवादले ठाउँ लिई महिलाहरूलाई आन्दोलित गरेको कुराका बारेमा चर्चा गरिएको छ । सबै क्षेत्रबाट महिलावाद वा महिला आन्दोलन भनी शब्दको छनौट पनि गरिँदै आइदैछ । नारीवाद एक समाजको नकारात्मक पक्ष हो जसले समाजमा विसङ्गति पैदा गर्छ भनिन्छ । नारीवादी आन्दोलन वैचारिक रुपले मार्क्सवादी विचारधाराबाट पनि प्रभावित भएकोछ । त्यसैले होला यसको भाषा नै सङ्घर्षको बन्न पुगेकोछ । नारी मुक्तिको चर्को नारा, माग अभिप्रेरित थियो, मजदुर सङ्गठनहरूको स्वरजस्तै, दुर्भाग्यवस, मजदुरहरूको विपक्षमा व्यवस्थापन भएजस्तो नारीवादीहरूको सामना गर्ने एकल संस्थापन थिएन, गहिरो जरा गाडेर बसेको सिङ्गै संस्कृति थियो । त्यसैले होला नारीवादीहरूको माग चुनौतीभन्दा पनि ठट्टाको रूपमा लिइएको पाइन्छ ।

सो लेखमा पश्चिमी मुलुकबाट सुरू भएको नारीवादका केही उपभोक्ता संस्कृति निर्दिष्ट विशेषताका बारेमा चर्चा गर्दै उक्त नारीवादको आन्दोलनको स्वर नै व्यक्ति केन्द्रित, अझ स्वकेन्द्रित हुन पुग्यो, जसमा समग्र समाजको हितको कुनै चिन्ता नभएका विषयलाई देखाइएको छ । यसरी नै सङघर्ष उन्मुख नारीवादको एकबुँदे कार्यक्रमका रूपमा महिला

मुक्ति, नारी अधिकार, नारी शक्ति जस्ता नाराहरूलाई चर्काइयो । यद्यपि यस्ता नारा चर्काउने धेरैजसो गैरमार्क्सवादी आन्दोलनकारीहरूसँग वैचारिक अस्पष्टताका कारण आन्दोलन भनिए पनि अभियान जस्तो बन्न पुगेको छ भनी सम्भ्रान्तीय नारीवादलाई भनेका छन् । यसरी नारीवादको देन भन्नु नै लैङ्गिक समानताको दिशामा जागरूकता ल्याउनमा सीमित बन्न पुगेको छ साथै नारी मुक्तिको सङ्घर्षलाई लैङ्गिक समानताको साधनातिर पुन अभिमुख गर्न र नयाँ भूमिकाहरू खोज्न पुराना नमुनाहरूलाई त्याग गर्ने आँट गर्न सक्नुपर्ने कुरालाई जोड दिइएको छ ।

यस लेखमा नारीवादी आन्दोलनको सुरुवात वैचारिक स्पष्टता विना नै मार्क्सवादी विचारधाराबाट प्रभावित भएर सुरु भएकाले यसको भाषा नै सङ्घर्षको बन्न पुगेको हो भनिएको छ । बास्तवमा यो होइन, किनभने विश्वमा देखा परेका विभिन्न प्रकारका नारीवादी धारहरू मध्ये मार्क्सवादी नारीवादी धार पनि एक हो । यो धार एक विचार निर्दिष्ट धार हो, जसले नारी मुक्तिको सवाललाई आमूल परिवर्तनसँग गाँसेर हेर्ने गर्छन् । आन्दोलनको क्रममा असफलता हुन सक्छ तर असफल भयो भन्दैमा 'वैचारिक स्पष्टता विना' भन्न मिल्दैन । (पौडेल, २०५७ : ४६- ५४)

यति हुँदाहुँदै पनि महिला आन्दोलनको निम्ति उपयोगी नै बनेको भए पनि पर्याप्त भने छैन । यसमा महिला आन्दोलनका बारेमा उल्लेख गर्नुपर्ने प्रसस्तै सम्भाव्यताहरू रहेको छ । प्रस्तुत लेखले नारीवादका बारेमा सामाजिक रूपले नारीवादमा देखा परेका भ्रमहरूलाई चिर्न सहयोग प्रदान गरेको छ भने नेपालमा देखिएको नारीवादका बारेमा फैलिएका भ्रमहरूलाई चिर्न र नारीवादका बारेमा चासो राख्ने सबैको निम्ति उपयोगी नै रहेको छ ।

पौडेलले 'महिला आवाज, २०५७' नामक पुस्तिकामा 'हाम्रो महिला आन्दोलनको दिशा' नामक लेखमा नेपाली महिला आन्दोलनको दिशा कस्तो हुने भन्ने बारे सङ्क्षिप्त रूपमा भए पनि उल्लेख गरेकिछिन् । यहाँ मानव जातिकै उत्पतिकालदेखि वर्तमान अवस्थालाई जोड्ने काम गरिएको छ । यसरी नै योगमाया न्यौपाने जस्ता महिलाले गरेका समाज सुधार, सामाजिक न्यायको पक्षमा सामाजिक विकृति, धनी, गरिबीजस्ता सबै प्रकारका भेदभावका विरुद्धमा आवाज उठाएको समेत उल्लेख गरिएको छ ।

महिला आन्दोलनक्रममा देखा परेका विभिन्न धारहरूको बारेमा पनि उल्लेख गरिएको पाइन्छ । जसअनुसार महिला आन्दोलनको रूप र धारहरू निम्न ४ प्रकारका रहेको उल्लेख गरिएको छ- '१. मार्क्सवादी महिलावाद (Marxist Feminisism) २. सामाजवादी महिलावाद (Socialist Feminisim) ३. कट्टरपन्थी महिलावाद (Radical Feminism) ४. उदारवादी अथवा यथास्थितिवादी महिलावाद (Liberal Feminism) । यसरी ती सबै धारहरूको विश्लेषण पनि गरिएको छ ।

मार्क्सबादी महिलाबादी धारले बर्गीय शोषणको अन्त्यसगैं समाजमा भएका सबै प्रकारको भेदभाव र शोषणको अन्त्य हुन्छ भन्ने मान्यता राख्दछ । सिद्धान्ततः यो सहि पनि मान्न सकिन्छ । तर मार्क्सवाद, लेलिनवादलाई मार्गदर्शक सिद्धान्तको रुपमा लिदै सत्तामा पुगेका वा सत्ता बाहिरका कम्युनिष्ट पार्टी पितृसत्तात्मक सोच, चिन्तन, प्रवृति र ब्यबहारबाट मुक्त हुन सकेको देखिदैन । तसर्थ मार्क्सबादी महिलाबादमाथि पनि प्रस्न उठ्न थालेको छ । यो धार कम्युनिष्ट पार्टीसंग नजिक रहेको देखिन्छ ।

समाजबादी महिलाबादले बर्गिय शोषणको अन्त्य भएपछि पनि महिलाहरु सम्पूर्ण रुपमा मुक्त हुन सक्तैनन्, बर्गीय बिभेदको अन्त्य भए पनि पितृसत्ता कायम हुन सक्तछ, लिङ्गको आधारमा गरिने भेदभाव कायम रहन सक्छ भन्ने मान्यता रखेको पाइन्छ । यसले बर्गिय शोषणको अन्त्य पछि पनि लैङ्गिक समानताको लडाइ जारी रहन सक्दछ भन्ने मान्यता राखेको देखिन्छ । यसको साथै बर्गीय मुक्ति पछि मात्र नभई अहिले देखि नै यहि संरचनामा प्राप्त गर्न सकिने अधिकार लिदै अगाडी बढ्नु पर्छ भन्ने मान्यता राखेको पाइन्छ ।

कट्टरपन्थि महिलाबादले पुरुष नै महिलाको अग्रगतिको वाधक हुन र पितृसत्ता भनेको पुरुषको सत्ता हो भन्ने ठान्दछन् । यसका साथै पितृसत्ता, राज्य समाज, परिवार र श्रीमान, श्रीमतिको बीचमा पनि लागु हुन्छ । त्यसैले हाम्रो क्रियाकलापहरु पुरुषको बिरुद्ध लक्षित हुनु पर्दछ भन्ने मान्यता राख्दछ । तर यसको प्रभाव पनि घट्दै गइरहेको पाइन्छ । उदारबादी महिलाबादले यथास्थिसतमा सुधार गर्दै जानु पर्दछ, महिलाहरुको सरोकार महिला मुक्तिसंग हो बर्गीय मुक्तिसंग होइन भन्ने मान्यता राखेको पाइन्छ । यसका साथै मार्क्सवादले व्याख्या गरेको समतामूलक समाज निर्माण त्यतिबेला मात्र सम्भव हुन सक्छ, जतिबेला मानव समाज जात, वर्ग र लिङ्गका आधारमा गरिने सबै प्रकारका भेदभाव र शोषणबाट युक्त हुन सक्छ भनी लेखकद्धारा महिला आन्दोलनका बारेमा आफ्ना विचारहरू अगाडि सारिएको छ । (पौडेल, २०५७ : ४६- ५४)

यति हुँदाहुँदै पनि केही कमि पक्षहरू पनि रहेका छन् । उल्लेखित वि.स. १८७३ मा साम्राज्यवादी आक्रमणको सामना गर्नु परेको थियो नभएर वि.सं. १८७१ (सन् १८१४) हो ।(शर्मा, २०३३) यसमा पादटिप्पणी र सन्दर्भसूची प्रयोग गरिएको छैन । यसले महिला आन्दोलनका बारेमा चासो राख्ने सबैको निम्ति उपयोगी नै भए पनि पर्याप्त भने रहेको छैन । यद्यपि शोधार्थीको लागि उपयोगी नै बनेको छ । अझ पनि महिला आन्दोलनको बारे खोज, अनुसन्धान गर्ने प्रसस्त सम्भाव्यताहरू देखिएको छ ।

समाजमा नारीवाद भन्ने बित्तिकै केवल पुरुष विरोधी आन्दोलन मात्र हुन्छ भन्ने ठानिन्छ । नारीवादको बारेमा भन्दा विशद्ध नारीवादको मात्र व्याख्या गरी जनमानसमा

नकारात्मक प्रभाव पार्ने काम गर्नु उचित होइन । त्यसैले नारीवाद भनेको पश्चिमेली मुलुकमा प्रयोग गरिएको नारीवादको धार जस्तोः पुरुष विरोधी मात्र हुँदैन । नारीवादले पुरुषमा भएका नकारात्मक पक्षको मात्र विरोध गरी पुरुष पनि महिला आन्दोलनमा सँगै अगाडि बढाउनुपर्ने हुन्छ । (पियुष, २०५८) महिलाहरूले आफ्नो मुक्तिलाई सम्पूर्ण जनताको मुक्ति आन्दोलनसँग जोड्न सकेनन् भने महिला मुक्तिको सवाल असम्भव नै हुन्छ । यति हुँदाहुँदै पनि यो कृति आफ्नो अनुभव र विचारलाई समेटिएको छ भने कम्युनिष्ट नजिक रहेको, त्यसमा पनि एक महिला सङ्घको मात्र गतिविधिलाई समेटिएको छ ।

यसमा विभिन्न महिलासँग सम्बन्धित समस्याहरू जस्तोः परिवारबाट उत्पन्न समस्या, विवाहको समस्या, सुरक्षा, आर्थिक, महिला बेचबिखन आदिका बारेमा वर्णन गरिएको छ । नेपाली महिलाहरूले गरेका महिला आन्दोलनको इतिहास कोट्याउने काम भएको छ भने नेपालमा देखापरेको नारीवादका बारेमा पनि आफ्नो विचार राखेका छन् । त्यसैले महिलावादी धारणा जस्ता गलत दृष्टिकोणको खण्डन र आलोचना गर्दै यसरी कार्कीले महिलावादी आन्दोलनका बारे आफ्नो धारणा अगाडि सारेका छन् । (कार्की, २०४७)

नेपालमा स्थापित "नेपाल महिला सङ्घ" विभाजित भएपछि एउटा मंगलादेवी सिंहको अध्यक्षतामा "नेपाल महिला सङ्घ" बन्यो भने अर्को कामाक्षदेवीको अध्यक्षतामा बनेको सङ्गठनमा "अखिल नेपाल महिला सङ्घ" बनेको भनिएकोमा त्यो नभई विभाजित कामाक्षदेवीको अध्यक्षतामा रहेको सङ्गठन "नेपाल महिला सङ्गठन" नाम रहेको थियो । (श्रेष्ठ, २०६०) कार्कीको आफ्नो पुस्तकमा कमी पक्षहरू भए पनि महिला आन्दोलनमा चासो राख्नेका लागि उपयोगी रहेको छ ।

यो कृति पनि महिला आन्दोलनसँग गाँसिएकाले सोधार्थीका निम्ति उपयोगी बनेको छ । नेपाली महिला आन्दोलनको बारेमा पर्याप्त चर्चा गरिएको छैन । यसमा पादटिप्पणी र सन्दर्भसामग्री पनि राखिएको छैन । यति हुँदाहुँदै पनि यो कृति शोधार्थीको निम्ति उपयोगी रहेको छ । महिला आन्दोलनका बारेमा पर्याप्त लेखन भने नभएकोले अझै पनि त्यसतर्फ सम्भाव्यता रहेकाले शोधार्थी त्यसतर्फ आकर्षित भएको छ ।

नेपाली महिलाहरू राजनीतिक आन्दोलनमा सरिक हुने क्रम २००४ सालमा भएको भनी उल्लेख गरिएको साथै त्यही समयमा नागरिक अधिकार आन्दोलनको क्रममा महिलाहरू पनि जेल परेका थिए । महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउनका लागि २००४ सालमा मंगलादेवीको अध्यक्षतामा "नेपाल महिला सङ्घ" को स्थापना गरिएको थियो ।

यो लेख महिला आन्दोलनमा चासो राख्नेहरूको लागि उपयोगी नै रहेको छ । सङ्क्षिप्त रूपमा भए पनि महिला आन्दोलनको इतिहासको बारेमा जानकारी प्रदान गरेको छ । यति हुँदाहुँदै पनि यसमा केही त्रुटि पनि रहेका छन् । वि.सं. १९७४ सालमा स्थापित "नारी समिति" नभई "महिला समिति" हो । (उपाध्याय, २०१५ : २५-२६) वि.सं. २०३८ साल फागुन १७ गते शान्ता मानवीको अध्यक्षतामा गठन भएको "अखिल नेपाल महिला सङ्घ, राष्ट्रिय तयारी समिति" गठन भएको भनी उल्लेख मिति त्यो नभई २०३७ साल हो । त्यस्तै २०४७ सालदेखि महिला सङ्गठनहरूहरूले पहिलो पटक पैतृक सम्पत्तिमा छोरा सरह छोरीको पनि हक हुनुपर्ने सवालमा आवाज उठाउन सुरु गरेका हुन् भनिएकोमा त्यो नभई २०३७ सालमा शान्ता मानवीको अध्यक्षतामा गठित अखिल नेपाल महिला सङ्घले छोरीले पनि छोरा सरह समान अंश पाउनुपर्छ भनी आफ्नो विधानमा नै उल्लेख गरी आवाज उठाउँदै आएको देखिन्छ । (मानवी, अन्तर्वार्ता, २०५९)

यति हुँदाहुँदै पनि यो लेख शोधार्थीको निम्ति उपयोगी नै रहेको छ । यद्यपि महिला आन्दोलनका बारेमा यस लेखले पर्याप्त जानकारी दिन भने सकेको छैन । त्यसैले यसमा अझै पनि खोज अनुसन्धान गर्नुपर्ने देखिएकाले यसतर्फ सम्भाव्य लेखनकार्य बाँकी नै रहेको छ ।

नेपाल महिला सङ्घले "नेपाल महिला सङ्घ विगत बर्तमान र चुनौतीहरू, २०५५" नामक कृति प्रकाशित गरी महिला आन्दोलनप्रति चासो हुने व्यक्ति सङ्घ, संस्थालाई उपलब्धिमूलक एवम् ज्ञानबर्धक सामग्री प्रस्तुत गरेको छ । उक्त कृतिमा नेपाल महिला सङ्घको स्थापना र महिलाहरूका समस्याहरूका बारेमा वर्णन गरिएको छ । वि.सं. २००४ सालमा स्थापित नेपाल महिला सङ्घको विधिवत् रूपमा वि.सं. २००८ सालमा श्री ५ त्रिभुवनबाट उद्घाटन गरिएको देखिन्छ । यसका साथै नेपाल महिला सङ्घको विगत वा इतिहास भनेको मंगलादेवी सिंहको कर्म र चिन्तनकै परिणाम मानिएको छ ।

यहाँ विशेष गरी मंगलादेवी सिंहले महिला आन्दोलनका निम्ति गरेका योगदानका बारेमा चर्चा गरिएको छ । नेपाल महिला सङ्घको विगत, वर्तमान र चुनौतीहरूको निष्कर्षमा समाजका सम्पूर्ण ढाँचाहरूमा महिला वर्गको पुरूष सरहको संलग्नता र योगदान भएमा राष्ट्रले उन्नति गर्छ भन्ने ठानिएको छ । यसरी नारी आन्दोलनका पक्षपोषकहरूले पिंजडामा लामो समयसम्म बन्द रहेको सुगालाई पिंजडा खोली दिँदा उड्न डराए जस्तो मनस्थितिबाट नेपाली नारीहरूले पुरुष सरहको आफ्नो हक पुरुषसँग आफैँ लडे अवश्य पनि पाउन सकिन्छ भनी उल्लेख गरिएको छ । यसरी महिला अधिकार मागेर होइन लडेर लिन पर्छ । जसले आन्दोलनमा होमिएका व्यक्तिलाई महिला

अधिकारका निम्ति आफैं आन्दोलित बन्न सक्नुपर्छ भन्ने सन्देश दिएको छ । (नेपाल महिला सङ्घ, २०५५)

यसरी नै सो कृतिमा वि.सं. २००८ मा नेपाल महिला सङ्घको उद्घाटन समारोहको अवसरमा मंगलादेवी सिंहले दिएको भाषणलाई पनि उधृत गरिएको छ । यसका साथै प्रजातन्त्र पुनर्वहालीको लगत्तैपछि मंगलादेवी सिंहको अन्तर्वार्तालाई पनि समावेश गरिएको छ । सो अन्तर्वार्तामा महिला समस्याका बारेमा आफ्ना विचार मंगलादेवी सिंहले राख्नु भएको छ ।

यस कृतिमा नेपाल महिला सङ्घको बारेमा थोरै भए पनि जानकारी दिने काम भएको छ । तर यसले महिला आन्दोलनको पर्याप्त जानकारी दिन सकेको छैन । यो कृति नेपाल महिला सङ्घसँग मात्र सम्बन्धित भएर महिला गतिविधिको वर्णन गरिएको छ । यसले वर्तमान महिला आन्दोलनका बारेमा कुनै जानकारी दिन सकेको छैन साथै सन्दर्भसूची राखिएको छैन । यद्यपि शोधकार्यको सोधको शीर्षकसँग मेल खाने भएकाले सन्दर्भसामग्रीको रुपमा उपयोगी नै छ । तर नेपालको राजनीतिक महिला आन्दोलनका बारेमा लेखनकार्य गर्न अझै बाँकी नै रहेको देखिन्छ ।

श्यामप्रसाद शर्माज्यूलाई आएका केही चिठीहरूको प्रकाशित सङ्ग्रहमा तत्कालीन साहित्यिक क्रियाकलापका कुराहरू रहनुका साथै सेवा, साहित्य एवम् स्वास्नीमान्छे जस्ता पत्रिकाका कुरा रहेका छन् । उक्त सङ्ग्रहमा सङ्ग्रहित चिठ्ठीहरू मध्ये तारानाथ शर्मा ( उपाध्याय) ले पठाएको चिठीले महिलाहरूको आन्दोलनको बारेमा जानकारी दिने काम गरेकाले महिला आन्दोलनका बारेमा चासो राख्नेहरूलाई उपयोगी नै रहेको छ । यसले वि.सं. १९७४ मा स्थापित महिला समितिका बारेमा जानकारी दिने काम गरेको छ । त्यसबेला पनि महिलाहरू मुक्तिका निम्ति सङ्गठित हुने क्रममा कृष्णप्रसाद कोइरालाको सक्रियतामा एक "महिला समिति" नामक संस्थाको स्थापना भएको थियो । सो समितिमा योगमाया देवी (सर्दार कालीदासकी धर्मपत्नी) सभानेतृ, दिव्यकुमारी देवी (कृष्णप्रसाद कोइरालाकी धर्मपत्नी, विश्वेश्वरबाबुकी माता) सेक्रेटरी, पूर्णकुमारी देवी (सुब्बा रामचन्द्र अधिकारीकी धर्मपत्नी, मनमोहनकी माता) सेक्रेटरी, देवकुमारी देवी (सुब्बा रामचन्द्र अधिकारीकी धर्मपत्नी) सदस्य, मोहनकुमारी देवी (कृष्णप्रसाद कोइरालाकी धर्मपत्नी, मातृका बाबुकी माता) सदस्य रहेका थिए भन्ने कुरा उल्लेख गरिएको छ । (शर्मा, २०५५)

यसरी ओझेलमा परेका महिलाहरूको बारेमा पाठक समक्ष ल्याउने कार्य यो चिठीले गरेको छ । तत्कालीन समयमा पनि राजनीतिमा संलग्न व्यक्तिहरूका धर्मपत्नीहरूलाई मात्र भए पनि समेटेर 'महिला समिति' स्थापना गरी महिलाहरूलाई सङ्गठित गर्ने काम गर्नुका साथै महिलाहरू सङ्गठनमा सङ्गठित भएका थिए । यसले पनि महिलाहरू

आफ्नो हितका निम्ति पहिलेदेखि नै लागेका थिए भन्ने कुरा पुष्टि हुन्छ । त्यस बेलाका महिलाहरुमा पनि महिला आधिकारका सवालमा चेतनाको बिकास हुन थालेको देखिन्छ ।

तसर्थ यो सङ्ग्रहका चिठीले पनि महिला आन्दोलनमा लाग्ने प्रारम्भिक कालका महिलाहरूका बारेमा जानकारी दिने काम गरेकाले शोधार्थीको शोधको शीर्षकसँग मेल खाने भएकाले उपयोगी नै भएको छ । तर आन्दोलनको सिङ्गो पाटो बाँकी नै रहेकाले खोज गर्ने काम बाँकी नै रहेको छ । तसर्थ सोधार्थी महिला आन्दोलनका बारेमा खोज गर्न आकर्षित भएको हो ।

ओझाले "नेपालमा महिला, २०५६, नामक कृतिको सृजना गरेका छन् । सो कृतिलाई ६ भागमा विभाजित गरिएको छ । जहाँ पौराणिक कालदेखि वर्तमान अवस्थामा महिलाहरूको अवस्थाका बारेमा वर्णन गरिएको छ । उक्त कृतिमा राजनीतिक जागरणमा महिला, महिलासँग जोडिएका विकृतिहरू, समस्याहरू, महिला उत्थान सम्बन्धी कार्यहरू, महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना, गैरसरकारी क्षेत्रबाट भएका कार्यहरू, वर्तमान अवस्था आदि विषयलाई समाविष्ट गरिएको छ ।

यसरी राजनीतिक जागरणमा महिला अन्तर्गत वि.सं. १९९३ देखि २०४६ सम्म भएका विविध घटनाक्रमलाई बुँदागत रूपमा राखेका छन् । उनले समाजमा महिलासँग गाँसिएका विकृतिहरू जस्तै :- बोक्सी, विधवा, देवी प्रकट हुने, देउकी, वादी, जारी, दाइजो प्रथा आदिका बारेमा चर्चा गर्दै सामाजिक रूपले महिलालााई विभिन्न माध्यमबाट शोषण गरिएको छ भनेका छन् भने समाजमा महिला बेचबिखन, यौनव्यापार, अशिक्षा, कानुनी असमानता, गरिबी जस्ता समस्याहरू औँल्याएका छन् । यसरी नै महिला उत्थानसम्बन्धी भएका कार्यहरूमा अन्तर्राष्ट्रिय र राष्ट्रिय गरी विभाजन गरेका छन् । राष्ट्रिय स्तरमा भएका कार्यहरूमा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना जसले नेपालका महिला उत्थानका कामलाई व्यवस्थित गर्न राष्ट्रिय रूपमा उच्चस्तरको केन्द्रबिन्दुको रूपमा रही काम गर्दै आइरहेको बारेमा वर्णन गरेका छन् । यसरी देशमा सरकारी तथा गैरसरकारी तबरबाट पनि महिला उत्थानका कार्य भइरहेका बारेमा चर्चा गरिएको छ । सो चर्चा महिलाका सवालमा चासो राख्नेहरूका लागि उपयोगी र सान्दर्भिक नै रहेको छ । (ओझा, २०५६)

सो कृतिमा महिला समस्या र उत्थानका विषयमा लेखक बढी केन्द्रित बनेका छन् । तसर्थ निष्कर्षमा महिलाहरूको विकास नभएसम्म देशको विकास अधुरो हुन्छ, वर्तमान अवस्थामा देश विकास भन्नु नै महिलाहरूको समेत विकास गरी देश विकासलाई पूर्णता प्रदान गर्नेतर्फ प्रयास जारी राख्नुपर्ने कुरामा जोड दिइएको छ ।

यो कृति महिला आन्दोलनको विषयमा चासो राख्ने सबैका निम्ति उपयोगी नै रहेको छ । तर महिला समस्या र उत्थानमा बढी केन्द्रित बनी महिला आन्दोलनका विषयमा प्रवेश मात्र गरेका छन् । विशेषत उनले महिला तथा समाज कल्याण मन्त्रालयमा कार्यरत रहँदा प्राप्त अनुभव, प्रादुर्भाव भएको दृष्टिकोण तथा अन्य साथीहरूले दिएको सल्लाहलाई समेटिएको मात्र छ । तसर्थ अझै पनि महिला आन्दोलनको विषयलाई विस्तृत चर्चा गर्न बांकी रहेको देखिन्छ ।

बस्नेतले "नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका २०५३" त्रि.वि., इतिहास सङ्काय अन्तर्गत शोधपत्र तयार पारी कृति प्रकाशित गरेकी छन् । उक्त कृतिलाई पाँच परिच्छेदमा विभक्त गरी अनुसन्धान विधि, आन्दोलनमा नेपाली महिला वर्गको भूमिका, सङ्क्षिप्त ऐतिहासिक रूपरेखा, २०४६ को जनआन्दोलनमा महिला वर्गको भूमिका, जनआन्दोलनका मुख्यमुख्य घटना र त्यसमा महिला वर्गको भूमिका निष्कर्षलाई समाविष्ट गरिएको छ । यस पुस्तकमा वि.स. १९७४-२००७ सम्म वि.सं. २००७-२०१७ सम्म, २०१७ पौष १ देखि २०४६ सम्म भएका आन्दोलनमा महिला सहभागिताका बारेमा वर्णन गरिएको छ । यसका साथै महिलाहरूले महिला मुक्तिका निम्ति खोलिएका महिला सङ्गठनहरू र तिनले गरेका सङ्घर्षका बारेमा उल्लेख गरिएका छन् ।

नेपाली समाज पुरूषप्रधान मानसिकताबाट उँभो लाग्न नसकेका कारण महिलाहरूलाई अवला, पुरुषको दाँजोमा आउन सक्तैनन् भन्ने धारणा अझै मानिसहरूको दिमागमा रहेको छ । त्यसै धारणालाई फाल्नका लागि नेपाली महिलाहरूले सङ्घर्ष गर्दै आइरहेका छन् । नेपालको इतिहासलाई पल्टाएर हेर्ने हो भने महिला र पुरुष समान रूपले अगाडि बढ्न सक्छन्, पुरुषभन्दा पछाडि होइन काँधमा काँध मिलाउँदै अगाडि बढेको कुरा पाइन्छ ।

यो पुस्तकमा बि.स.२००४ सालमा नागरिक अधिकार प्राप्तका निम्ति गरिएको आन्दोलन गर्ने क्रममा पुरुषहरू सँगसँगै महिलाहरू पनि सङ्घर्षमा उत्री देशव्यापी रूपमा राणा शासनका विरोधमा जनता सडकमा उभिएका थिए । बि.स. २०१७ सालको शाही कदमको मुलुकमा भएको विरोध, बि.स. २०४६ सालको जनआन्दोलनमा महिला सहभागिता उल्लेख्य रहेको थियो । यसका साथै बि.स.२०४६ सालको जनआन्दोलनको निम्ति वाममोर्चाको गठन सहाना प्रधानको अध्यक्षतामा गरिएको कुराले पनि महिलाहरुलाई थप उत्साह प्रदान गरेको पाइन्छ । (बस्नेत, २०५३) यस कृतिमा विशेषतः नेपाली काङ्ग्रेस पार्टीसँग नजिक रहेर लेखिएको छ । आन्दोलनका बारेमा चर्चा गर्दा सबै राजनीतिक पार्टीहरूको नजिक रहेका महिलाहरूले गरेका आन्दोलनका बारेमा उल्लेख गर्नु उपयुक्त हुन्छ ।

यसप्रकार राणाकालीन सङ्घर्षदेखि लिएर बि.स.२०४६ सालको जनआन्दोलन सम्मका सबै सङ्घर्षमा महिलाहरू सधैं पुरुष वर्गसँगै हातेमालो गर्दै अगाडि बढेको सन्दर्भबारे लेखिएको छ । महिलाहरूको राजनीतिक सङ्घर्षमा रहेको सहभागिताका बारे जानकारी प्रदान गरेको छ । यसले महिला आन्दोलनका बारे जानकारी दिने काम गरेकाले सोधार्थीका निम्ति उपयोगी नै रहेको छ । यस पुस्तकले महिला आन्दोलनका बारेमा पर्याप्त उल्लेख नगरेकाले अझै पनि महिला आन्दोलनका बारेमा खोज गरी लेखनकार्य गर्न सम्भाव्यता रहेकोछ ।

बि.स. २०४६ सालको जनआन्दोलनभरी महिला सहभागिता र उत्सर्ग अविस्मरणीय रहेता पनि संविधान निर्माण गर्न गठित आयोगमा भने महिला प्रतिनिधित्व हुन सकेको देखिदैन । प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा धेरै महिलाहरूले भूमिगत, खुल्ला, प्रत्यक्ष, अप्रत्यक्ष विविध कोणबाट आफूलाई निरन्तर रूपमा क्रियाशील राखेको पाइन्छ । तर महिलामाथि गरिने पितृसत्ताको प्रत्यक्ष प्रभाव महिलाको प्रतिनिधित्वको विषयमा समेत परेको बारेमा उल्लेख गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ निर्माणमा महिलाहरूको आफ्नै उत्सर्ग र वलिदानको इतिहास पनि जोडिएको पाइन्छ । ( वर्ष पुस्तक, १९९३)

नेपालको महिला आन्दोलनको बारेमा सङ्क्षेपमा भए पनि जानकारी प्रदान गरेको छ । जसले महिला आन्दोलनका बारेमा इतिहास लेखनको निम्ति सहयोगी नै बनेको छ । यद्यपि यसमा केही कमि पक्षहरू पनि रहेका छन् । यहाँ नेपालको महिला आन्दोलनको राजनीतिक आन्दोलनका बारेमा संविधानमा महिलाहरूको हैसियतका बारेमा चर्चा गरिए पनि आन्दोलनका अन्य पक्षमा मौनता देखिएको छ । नेपालको महिला आन्दोलनको इतिहासमा सङ्गठन स्थापनाका घटनाक्रममा २००४ सालमा स्थापित “नेपाल महिला सङ्घ” मा विभाजनको रेखा कोरिएपछि सङ्घमा फुट आई अर्को “नेपाल महिला सङ्गठन” २००८ सालमा स्थापित भएको थियो । सो सङ्गठनको बारेमा उल्लेख गरिएको छैन । नेपालको महिला आन्दोलनमा लागेका महिलाहरूको नाम उल्लेख गर्ने क्रममा केही महिलाहरूको नाम मात्र उल्लेख भएको छ । अन्य महिलाहरूको नाम छुटेको पाइन्छ । नेपालको महिला आन्दोलनको इतिहासमा वि.स.२०४९ सालमा स्थापित “महिला सुरक्षा दबाब समूह” को महत्त्व अलग छ जसको बारेमा उल्लेख गरिएको छैन भने कालक्रमलाई पनि ध्यान दिइएको छैन ।

यद्यपि महिला आन्दोलनको विषयमा चासो राख्ने व्यक्तिहरूको लागि उपयोगी नै रहेको छ । यति हुँदाहुँदै पनि महिला आन्दोलनको लेखनकार्यको लागि सहयोगी बन्ने

भएकाले महिला आन्दोलनको शोधकार्यमा शोधको विषय मिल्ने भएकाले शोधार्थीको लागि पनि उपयोगी नै भएको छ ।

पाण्डेले "नेपाली श्रमिक आन्दोलनमा महिला सहभागिता (अध्ययन प्रतिवेदन) २०५७" नामक कृति तयार गरेकी छन् । यो कृति इतिहासको विवरणात्मक लेखन कार्य नगरी महिला सहभागिताको बाटोमा रहेका उज्याला एवम् समस्याहरूको विश्लेषण पनि हो । यस पुस्तकमा पितृसत्ता महिलाका समस्या, लिङ्गीय विभेद र जेन्डर जस्ता समसामयिक विषयका बारेमा केही वर्णन गरिनुका साथै महिला मुक्तिका बारेमा पनि वर्णन गरिएको छ । यसका साथै शिक्षक आन्दोलन, किसान आन्दोलन, नर्सिङ आन्दोलन जस्ता पेशागत आन्दोलनमा महिलाहरूको भूमिकाकोबारे पनि उल्लेख गरिएको छ । राममाया नेपाली अनसन्नी बज्यै (नन्दा नेपाल) हड्तालीकी मा (देवी पासवान) दुर्गादेवी राना मगर जस्ता आन्दोलनका प्रेरणाका स्रोत बनेका महिलाहरूसँग अर्न्तवार्ता लिएर सत्य तथ्य एवम् प्रेरक घटनाहरू समेत समावेश गरिनु यसको उल्लेख पक्ष रहन गएको छ । प्रजातान्त्रिक आन्दोलनमा महिला सहभागिता अन्तर्गत राणाकालमा भएको राणाशाही विरोधी आन्दोलनमा महिला सहभागिता, वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलन, पञ्चायती व्यवस्था विरोधी आन्दोलन र २०४६ सालको जनआन्दोलनमा महिला सहभागिता बारे पनि यस कृतिमा कालक्रमिक रूपले उल्लेख गरिएको छ ।

विभिन्न किसिमका श्रम क्षेत्र, शिक्षा जस्ता क्षेत्रमा रहेको महिला तथा पुरुष सहभागिताका बारेमा तथ्य, तथ्याङ्क सहितका तालिकाहरू दिइनुले मजदुर आन्दोलन सँगसँगै मजदुर सङ्गठनको क्षेत्रमा महिला सहभागिता र नीति निर्माणमा महिलाहरूको सहभागिता के कस्तो रहेको छ भन्ने सन्दर्भलाई समेत समेट्ने काम भएको छ । मजदुर सङ्गठनको क्षेत्रमा नीति निर्माण तहमा महिलाहरूको सहभागिताका बारेमा निम्न तालिकाले प्रस्ट पारेको छ :

**तालिका न. १ ट्रेड युनियन आन्दोलनको नीति निर्माणमा महिला**

| युनियनको नाम | राष्ट्रिय कमिटी सदस्य सङ्ख्या | सदस्य युनियन र यसको केन्द्रीय नेतृत्व |
|---|---|---|

| | जम्मा | महिला | पुरुष | राष्ट्रिय सङ्घ | के.स. | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|
| नेपाल ट्रेड युनियन महासङ्घ | ३५ | ३ | ३२ | १५ | २०६ | १३ | १९२ |
| नेपाल ट्रेड युनियन काङ्ग्रेस | २१ | ५ | १६ | १८ | २३९ | २५ | २०४ |
| नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासङ्घ | २१ | २ | १९ | ११ | १४१ | २२ | ११९ |
| जम्मा | ७७ | १० | ६७ | ४४ | ५८६ | ६० | ५१५ |

(श्रोतः नेपाली श्रमिक आन्दोलनमा महिला सशभागिता २०५७)

मजदुर सङ्गठनको क्षेत्रमा राष्ट्रिय कमिटी सदस्य संख्या जम्मा ७७ रहेको छ भने महिलाको संख्या १० मात्र रहेको छ । सदस्य युनियन र यसको केन्द्रिय नेतृत्वमा राष्ट्रिय संघ जम्मा ४४ रहेकोछ जसमा केन्द्रिय सदस्य ५८६ रहेकोमा महिलाको संख्या ६० मात्र रहेको छ ।यस प्रकार मजदुर सङ्गठनको क्षेत्रमा महिला सहभागिता र नीति निर्माणमा महिलाहरूको सहभागिता पनि न्युन नै रहेको देखिन्छ । जुन कुरा उल्लेखित तालिकाबाट नै स्पष्ट भएकोछ ।

यति उपयोगी हुँदाहुँदै पनि यस प्रतिवेदनमा केही कमिहरू पनि रहेका छन् । जस्तोः- वि.सं.१९७४ सालमा योगमाया न्यौपानेको अध्यक्षतामा “नारी समितिको स्थापना भएको कुरा उल्लेख गरिएको छ । यो समितिको नाम “नारी समिति” नभई “महिला समिति” हो र यसको अध्यक्षता योगमाया न्यौपाने नभइ योगमाया देवी (सर्दार कालीदासकी धर्मपत्नी) को अध्यक्षता (सभानेतृ) मा समितिको गठन भएको हो । (उपाध्याय, २०१५ : २५-२६) यसरी नै २०४६ सालको जनआन्दोलनमा चैत्र २० गते कीर्तिपुरमा चलेको गोलीबाट २ जनाले सहादत प्राप्त गरेका थिए भनेर लेखिएको छ । त्यहाँ २ जनाले मात्र नभएर ४ जनाले सहादत प्राप्त गरेका थिए ।(बस्नेत, २०५३) यस कृतिमा “२०३४ सालमा पारिजातको संयोजकत्व पुनर्गठन भएको “अखिल नेपाल महिला सङ्घ” ले कुनै गतिविधि बाहिर ल्याउन सकेन । सोही कारणले शान्ता मानवीको संयोजकत्वमा “अखिल नेपाल महिला सङ्घ” को केन्द्रिय तयारी समिति बन्यो भनेर उल्लेख गरिएको छ । यो पनि गलत हो । यो अखिल नेपाल महिला सङ्घ पारिजातको संयोजकत्वमा गठन भएको अनेमसङ्घले आफ्नो गतिविधिहरू गरिरहेकै थियो । जस्तोः- काठमाडौं उपत्यका लगायत विभिन्न ठाउँहरूमा सङ्गठनहरूको निर्माण गर्नु, ठाउँठाउँमा महिलाहरूले आन्दोलन गर्नु, २०३६ मा चितवनका रूखहरू काटिएको जङ्गलमा घाँस, दाउरा गर्न गएका महिलाहरूमाथि गैंडा गस्ती (सशस्त्र प्रहरी) ले नराम्रो व्यवहार गरेको विरोधमा यही सङ्घका सदस्यहरू मायादेवी न्यौपाने, शान्ती सेरचन लगायतका महिलाहरूको जुलुस गएर गस्ती प्रहरीहरूको बन्दुक खोसेका जस्ता प्रेरणादायी सङ्घर्षहरू त्यसबेला भएका थिए । यसैगरी सिराहामा जयगोविन्द शाहलाई प्रहरीले गिरफ्तार गर्दा अनेमसङ्घका महिलाहरूले साहसिक रूपले

छुटाउने काम गरेका थिए । यस्ता कार्यहरू काभ्रे लगायतका अन्य जिल्लाहरूमा पनि भएका थिए । (देबकोटा, अन्तर्वार्ता, २०५९)

तसर्थ तत्कालीन पारिजातको नेतृत्वमा गठन भएको अनेमसङ्घले कुनै गतिविधि बाहिर ल्याउन नसकेर शान्ता मानवीको संयोजकत्वमा अनेमसङ्घको गठन भएको  होइन । विभिन्न कम्युनिष्ट पार्टीहरूका आफ्ना महिला सङ्घको निर्माण गर्ने क्रममा तत्कालीन नेकपा माले अन्तर्गत रहेका महिलाहरूलाई सङ्गठित गर्ने क्रममा शान्ता मानवीको संयोजकत्वमा उक्त सङ्घ पुनर्गठन गरिएको हो ।

महिला आन्दोलनको अध्ययन प्रतिवेदनको प्रकाशनले नेपाली महिला आन्दोलनको इतिहासको क्षेत्रमा एक उपयोगी कृतिको अभावलाई पूरा गर्ने काम गरेको मान्नुपर्छ । तर यस अध्ययन प्रतिवेदनमा सबै क्षेत्रको आन्दोलन उल्लेख भएको भए पनि व्याख्याको कमी रहेको छ । अझै पनि महिला आन्दोलनका बारेमा खोज गर्नुपर्ने अवस्था देखिन्छ । यसरी नेपालमा भएको महिला आन्दोलनको विषय यस शोधार्थीको विषयसँग पनि मिल्ने भएकोले यस कृतिलाई उपयोगी नै मान्नुपर्छ ।

मंगलादेवी सिंहको आत्मसंस्मरणको रूपमा "नारी सङ्घर्षका पाइलाहरू ( आत्मसंस्मरण) २०५१" नामक कृति प्रकाशनमा आएको छ । यो पुस्तक सत्ताईस भागमा विभक्त गरिएको छ । सो विभिन्न भागमा मंगलादेवीको जीवनमा घटेका घटनाहरूको बारेमा वर्णन गरिएको छ भने राजनीतिक क्रियाकलापलाई पनि महत्त्वका साथ उल्लेख गरिएको यो पुस्तक एक आत्मसंस्मरणको रूप भए पनि एकतन्त्रीय राणा शासनको अन्त्यको निम्ति नेपाली जनताले गरेका विद्रोहका बारेमा पनि चर्चा गरिएकाले यसलाई अझ रोचक बनाएको छ । मंगलादेवीले राजनीतिको सहयात्रालाई शुरू गरी आफ्नो मन वचन र कर्मलाई निरन्तरता कायम राखेको कुरा पनि छर्लङ्ग देखिन्छ । नेपालको इतिहासलाई हेर्दा नेपाली महिला आन्दोलन राजनीतिसँगै उठेको पाइन्छ । नेपालको महिला आन्दोलन वि.सं. २००४ सालदेखि मात्र सङ्गठित रूपले अगाडि बढेको पाइन्छ । त्यो पहिलो सङ्गठनकी अध्यक्षको रूपमा पनि मंगलादेवी सिंह रहेकी कुरा यहाँ वर्णन गरिएको छ । तत्कालीन समयमा महिलालाई भोट दिने अधिकार नभएकाले मंगलादेवी सहितको महिलाहरूले भोट दिने अधिकार र विद्यालयमा पढ्न बन्दोबस्तका लागि पद्म शमशेरकोमा प्रतिनिधि मण्डल गई अधिकार प्राप्त गरेका जस्ता महत्त्वपूर्ण कुराहरूलाई पनि समावेश गरिएको छ । यसका साथै नेपाल महिला सङ्घ मंगलादेवीको अध्यक्षतामा रहेको सङ्घको औपचारिक रूपले राजा त्रिभुवनले उद्घाटन गरी धन्यवाद, शुभकामना प्रकट गरेको वर्णन गरिएको छ । यसका साथै नारी स्वतन्त्रताको लागि सांस्कृतिक आन्दोलन वा नारी आन्दोलन चलाउनुपर्ने तथा महिला वर्गलाई आफ्नो खुट्टामा उभिएर बाँच्न सक्ने स्वाधीन र स्वाभिमानी जिन्दगी दिलाउनका लागि पनि उनी राजनीतिमा

हामफालेकी बिषयलाई समेत समावेश गरिएको छ । (सिंह, २०५१)

यस कृतिमा उनको जीवनको बारेमा जानकारी प्रदान नगरी महिला आन्दोलनको लागि नेपाली महिलाहरूले गरेको प्रयास, योगदान, प्रजातन्त्र प्राप्तिका लागि महिलाहरूले खेलेको भूमिका, आफ्नो अधिकार प्राप्तिका लागि महिलाहरूले खेलेको भूमिकाका बारेमा पनि जानकारी प्राप्त गर्न सकिने भएकाले महिला आन्दोलनका बारेमा चासो राख्नेका निमित आत्मसंस्मरण भए पनि उपयोगी नै रहेको छ । यद्यपि यसले महिला आन्दोलनका बारेमा जानकारी प्रदान गरे पनि पर्याप्त भने छैन । त्यसैले महिला आन्दोलनको खोजीका कार्यहरूको निम्ति पर्याप्त सम्भाव्यता रहेको छ ।

सहाना प्रधानको "राजनीतिमा महिला सहभागिता, राष्ट्रिय महिला भेला २०५२" प्रतिवेदनको रूपमा प्रकाशित कृतिमा "नेपालको राजनीतिमा महिला आन्दोलनको दिशा" नामक कार्यपत्र पनि महिला आन्दोलनका बारे जानकारी प्राप्त गर्नको निम्ति पढ्नयोग्य नै रहेको छ । सो कार्यपत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा भए, गरेका महिला आन्दोलनका विषयलाई पनि समावेश गरी जानकारी दिने कार्य भएको छ । पश्चिमी मुलुकमा भएका महिला आन्दोलन र नेपालमा भएका महिला आन्दोलनका विषयवस्तु फरक छन् र रहेका छन् । पश्चिममा महिलाहरूले आर्थिक र राजनीतिक मागलाई प्रमुखता दिएर महिला आन्दोलन अगाडि सारेका थिए भने नेपालमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था हुँदा समाजमा विद्यमान कुरितीहरू बाल-विवाह, अनमेल विवाह, बहु-विवाह र अशिक्षा हटाई समाजको संरचनाको परिवर्तन गर्नुपर्ने आवश्यकताप्रति महिलाहरूलाई जागृत गर्नु नै महिला आन्दोलन थियो । समानता, विकास र शान्ति प्राप्तिका लागि महिला आन्दोलनको रणनीति देशको वस्तुस्थिति अनुसार फरक पर्नु स्वाभाविक हो । यसका साथै नेपाली महिला आन्दोलनको बारेमा पनि सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसरी आन्दोलनलाई अगाडि बढाउन विभिन्न क्षेत्रबाट संलग्न बन्न सकिन्छ भनी आन्दोलनको दायराको बारेमा चर्चा गरिएको छ ।

वि.स. १९७४ मा स्थापित महिला समितिदेखि लिएर हिन्दु पुरातनवाद एवम् सामाजिक अन्धविश्वासले गरेको अन्याय अत्याचारको विरुद्धमा लागेकी योगमाया न्यौपाने जस्ता महिलाको पुरुषार्थका बारेमा चर्चा गरिएको छ । यसका साथै नारी शिक्षाका लागि महिलाहरूले पुऱ्याएका योगदान र भूमिकाका बारेमा पनि उल्लेख गरिएको छ । (श्रेष्ठ, २०५२ : २१-२४)

नेपाली महिलाहरू एकतन्त्रीय राणा शासनको विरुद्धमा 'राणाशाही मुर्दावाद' का नारा लगाई नागरिक अधिकार प्राप्तिका लागि आन्दोलनमा सामेल भएका थिए । आन्दोलनका विषय विविध हुन सक्छ । महिला आन्दोलन भन्दा हामी एउटा कुरामा स्पष्ट हुनुपर्छ । साहित्यिक र शैक्षिक कोणबाट पनि महिलाहरू आफ्नो स्थितिबारे सचेतनता ल्याउनमा मद्दतले पुऱ्याएको क्रियाशीलतालाई पनि महिला आन्दोलनको अङ्ग मान्न सकिन्छ । (प्रधान, २०५२)

यसरी आन्दोलनलाई अगाडि बढाउनका लागि एवम् महिलाहरूको हक अधिकार प्राप्ति र मर्यादाको संरक्षणका लागि धेरै महिला सङ्घ, संस्थाहरू आ-आफ्ना ढङ्गले कार्यरत भइआएका छन् । ती सबै सङ्घ, संस्थाहरूलाई एउटै थलोमा संलग्न गराई अगाडि बढ्नुपर्ने आवश्यकता भएको महसुस गरी वि.सं. २०४९ सालमा "महिला सुरक्षा दबाव समूह" को गठन भएको बारेमा पनि यहाँ चर्चा गरिएको छ । महिला सुरक्षा दवाव समूह "राजनैतिक आस्था भिन्नभिन्न भए तापनि महिला हकहितको सवालमा सबै महिला गोलबन्द भई संयुक्त आवाज बुलन्द गरौँ र ऐक्यबद्धता कायम गरौँ भनी स्थापित गरिएको संस्था हो । नेपालको महिला आन्दोलनको निम्ति यो पनि उपलब्धिमूलक नै हो । जसले सबै महिला सङ्घ, संस्थाहरू नेपाली महिलाहरूको सामाजिक उल्झन, उनीहरूको हक र हितको संरक्षणका निम्ति एक ठाउँमा जम्मा भई सङ्गठित रूपले अगाडि बढ्न थालेका छन् ।

यस प्रकार सङ्क्षिप्त रूपमा भए पनि महिला आन्दोलनका बारेमा बताउने काम भएको छ । यसले पनि महिला आन्दोलनको विषयमा चासो राख्नेहरूका निम्ति राहत प्रदान गरेको छ । नेपालको महिला आन्दोलन बढी राजनीतिक आन्दोलनसँग गाँसिएर अगाडि बढ्दै आइरहेको छ । तर यसका बारेमा पर्याप्त चर्चा सो कार्यपत्रमा गरिएको छैन । यसमा सन्दर्भसामग्री प्रस्तुत गरिएको छैन । विशेषत आफ्ना अनुभवहरूको वर्णन गरिएको छ । विभिन्न समयमा विभिन्न महिला सङ्घले गरेका मुख्यमुख्य घटनाक्रमहरू पनि छुटेका भए पनि शोधार्थीको शोध विषयसँग मेल खान्छ र उपयोगी पनि रहेको छ । तसर्थ नेपालमा भएको महिला आन्दोलनको विषयमा अझै पनि खोज अनुसन्धान गर्न प्रसस्त कार्य बाँकी रहेको छ ।

प्रभातले "मातृत्त्व २०५२" नामक कृति प्रकाशमा ल्याई महिलाहरूलाई मात्र नभई सिङ्गो राष्ट्रको निर्माण र विकासको अपेक्षा राख्ने व्यक्ति, सङ्घ, संस्थाका निम्ति उपलब्धिमूलक बन्न पुगेको छ । यस कृतिमा महिला मुक्तिका सान्दर्भिक रचनाहरू समावेश गरिएका छन् । पुस्तकभित्र महिला मुक्तिका विषयसँग सम्बन्धित नारीप्रति नयाँ दृष्टिकोणको खाँचो, महिला मानव अधिकार एक चर्चा, महिला उत्पीडन र नारी मुक्तिको धारणा, प्रचलित कानुन र नारी समस्या, मार्क्सवादी नारीवाद र नारीवादी आन्दोलन,

नेपाली बालिका, समस्या र समाधान, विवाह, यौन संसर्ग र नैतिकता, प्रेम, परिवार र समाज, नेपाली नारी आन्दोलनको इतिहास र शिक्षा, नेपाली नारी जागरणका प्रेरक व्यक्तित्त्वहरू, चौथो विश्व महिला सम्मेलन र नेपाल, नेपाली नारीको शिक्षा र स्वास्थ्य स्थिति, नेपाली अर्थतन्त्रमा महिलाको स्थान, विभिन्न धर्ममा नारीको स्थान, भारतीय नारी आन्दोलनको छोटो जानकारी, चिनियाँ नारी आन्दोलनबारे केही कुरा, अमेरिकी नारी आन्दोलन सानो झलक, युरोपमा नारी आन्दोलन, केही महिला व्यक्तित्त्वका छोटा चिन्हारीहरू, समाजवादको सार्थकता जस्ता रचनाहरू सँगालिएका छन् । यसरी धेरै विषयहरूलाई समेटी महिला आन्दोलनका बारेमा थोरै चर्चा गरिएको भए पनि यसलाई एक उल्लेखनीय कृतिको रूपमा मान्नुपर्दछ । (प्रभात, २०५२)

यसरी नै "नेपाली नारी आन्दोलनको इतिहास र शिक्षा" अन्तर्गत नेपाली महिला आन्दोलनको बारेमा सङ्क्षेपमा वर्णन गरेको छ । विभिन्न समयमा महिलाहरूले गरेका आन्दोलनमा उनीहरूको भूमिकाको बारेमा उल्लेख गरिएको छ । यो कृतिमा महिला आन्दोलनको बारेमा वर्णन गरिएको छ । यति हुँदाहुँदै पनि यसमा यतिलाई नै पर्याप्त मान्न सकिँदैन । यसमा पुष्टिका लागि केही आवश्यक र नवीनतम् तथ्याङ्कहरूको उद्धरण र सन्दर्भसूची पनि राखिएको भए अझ प्रामाणिक र प्रभावकारी हुने थियो । यद्यपि शोधार्थीको निम्ति उपयोगी नै रहेको छ । अन्य महिला आन्दोलनमा चासो राख्नेहरूको निम्ति पनि उपयोगी नै बनेको छ । यस कृतिमा पर्याप्त महिला आन्दोलनका बारेमा चर्चा नगरिएकोले अझै पनि यस विषयमा खोज-अनुसन्धान गर्ने प्रशस्त ठाउँ देखिएको छ ।

मानव अधिकार वर्ष पुस्तक १९९३ मा "नेपाली महिला र मानव अधिकार" का सम्बन्धमा चर्चा गरिएको छ । उक्त शीर्षक अन्तर्गत नेपाली महिलाहरूको अवस्थाका बारेमा आफ्नै ढङ्गबाट उठाइएको छ । नेपालमा नीति निर्माणमा सहभागिता, उत्तरदायित्व, हिस्सेदारी र पहिचानको व्यवहारिक क्षेत्रमा महिलाहरूको न्यून उपस्थितिले उनीहरूको वास्तविक हैसियत र सामाजिक मर्यादाको स्थितिलाई आफैं प्रस्ट्याइरहेको छ । सामाजिक राजनीतिक नेतृत्वमा समेत महिला स्वयम्कै आत्मविश्वासपूर्ण उपस्थिति रहेको देखिदैन । सीमित वर्ग, केही सीमित परिवार घुमफिर चल्तीफिर्तीका हिसावले क्रियाशील केही सहरउन्मुख क्षेत्रमा नेपाली महिलाहरूको स्थिति आशाप्रद होला तर अधिकांश नेपाली गाउँबस्तीहरू अझै अन्धविश्वास र रुढिग्रस्त विचारबाट पीडित रहेका छन् । परिणामस्वरूप आधा क्षितिजका हकदार नेपाली महिला विविध कोणबाट शोषित रहेका छन् । यसमा महिलाहरूमाथि रहेका कुचलनहरूको बारेमा उल्लेख गरिएको छ ।

नेपाली महिलाहरूमाथि थोपरिएका सामाजिक एवम् सांस्कृतिक दमनहरूका केही कुचलनहरूलाई यसरी सूत्रबद्ध गरिएको छः छोरी बेच्ने, बालविवाह, इही, कन्यादान, बहुविवाह, बहुपतिप्रथा, दाइजो, जारी, भाउजू बेहोर्ने, बादी बदिनी, देउकी, कुमारी,

बोक्सी, हरिताले, सुत्केरी अवस्थाको उपेक्षा, जात हटक, पत्नी सत्कार, छोट्टी बस्नु, गर्भपतनको आरोप आदि रहेका छन् । उक्त विभिन्न दमनका माध्यमका कारण नेपाली महिलाहरू कष्टकर जीवन बिताउन बाध्य रहेका छन् । (वर्ष पुस्तक, १९९३) यसरी समाजका आधा अङ्ग, आधा परिवार, आधा समाज, आधा देशका मालिक र सहकर्मी रचना निर्माणका साझेदार र सहयात्री नेपाली महिला समूदायको अवस्थाले अझै मध्ययुगीन संस्कार, पुरुषवादी हैकमी प्रवृत्ति चिरेर अघि बढ्न सकिरहेको पाइँदैन । महिलाहरु पितृसत्तात्मक शोषणको सिकार बन्न बाध्य भइरहेका देखिन्छन् ।

यसले खासै महिला आन्दोलनका बारेमा विस्तृत रूपले जानकारी दिन सकेको छैन । अझै पनि महिला आन्दोलनको सिङ्गो पाटो लेख्नुपर्ने टड्कारो सम्भाव्यता अझै बाँकी नै रहेको छ । त्यसैले सोधार्थीको शोध-शीर्षकसँग मेल खाने भए पनि त्यसको विस्तृत लेखनकार्य बाँकी नै रहेको छ ।

खड्काले "महिला सन्देश" २०४७ नामक कृतिमा "नेपालमा महिला आन्दोलन" नामक लेखमा महिला आन्दोलनको बारेमा सङ्क्षिप्त रूपमा वर्णन गरेकिछिन् । उक्त लेखलाई नेपालमा महिला आन्दोलनका मूल समस्याहरू तथा सङ्गठन निर्माण र सञ्चालनमा देखिएका कठिनाईहरू र तिनका समाधानका उपायहरू सङ्गठन निर्माण र चेतनाका क्षेत्रमा २०४६ को जनआन्दोलन र पिछडिएका महिलाहरूको स्थिति, नेपाली महिला आन्दोलन र अन्य दक्षिण एसियाली महिला आन्दोलन बीचको एकता एवं अन्तराष्ट्रिय समुदाय वा संगठनबाट गरिने सहयोगको सम्बन्धमा उल्लेख गरिएको छ । चार उप-शीर्षकमा विभक्त गरिएको छ ।

नेपालमा महिला मुक्तिका निम्ति विभिन्न सङ्घ संस्थाहरू क्रियाशील रहेका छन् । तसर्थ नेपालमा जबसम्म परिवर्तनकारी महिलाहरूले एउटै सशक्त सङ्गठन बनाएर अगाडि आउँदैनन् तबसम्म उनीहरूको सङ्घर्ष प्रभावकारी हुन सक्तैन । एउटै उद्देश्यका लागि लडिरहेका भए पनि महिलाहरू सानासाना समूहमा विभाजित छन् । यस्तो स्थिति रहिरहे महिलाहरूको आन्दोलन कमजोर नै रहिरहन्छ । अतः टुक्रिएर रहेका सबै महिला सङ्गठनहरूले एउटै साझा सङ्गठनपट्टि लाग्नुपर्छ । यसरी महिला समानता एवम् मुक्तिका निम्ति साझा सवालमा सबै महिला एक ठाउँबाट अगाडि बढ्नुपर्छ भन्दै महिला आन्दोलनको निम्ति सकारात्मक सवाललाई उठान गरेकी छिन् । (खड्का, २०४७ : ३-६)

यस लेखले समग्र रूपमा महिला आन्दोलनका बारेमा सङ्क्षिप्त रूपले जानकारी प्रदान गर्ने काम गरेको छ । यस कृतिमा आफ्ना विचारलाई अगाडि सारिएको छ तापनि

महिला आन्दोलनका बारेमा चासो राख्नेका लागि उपयोगी नै भएकाले शोधार्थीका निम्ति उपयोगी बनेको छ ।

शर्माको "महिला मुक्तिका कुरा, २०५१" नामक कृतिले पनि महिलाको अवस्थाका बारेमा जानकारी प्रदान गरेको छ । यो कृतिभित्र महिला दिवसमा दुई चार कुरा, पाचुकेबारे केही कुरा, महिलासम्बन्धी केही विषय, महिला मुक्तिका कुरा, धर्म, संस्कृति र महिला, नारी सम्बन्धका केही पक्ष जस्ता विषय रहेका छन् । यसरी उनले विभिन्न विषयमा विभाजन गरी महिलाहरूका समस्याका बारेमा वर्णन गर्दै समाजमा मानिसलाई बाँध्ने भौतिक र मानसिक दुई साङ्लाहरू हुन्छन्, त्यसलाई चुँडाल्न जान्नुपर्छ भनेका छन् । जति पनि आर्थिक सम्बन्धहरू छन् ती सबै हामीलाई बाँध्ने कस्ने डोरी हुन् । त्यस्ता डोरीहरूलाई धमाधम छिनाल्दै फुस्काउँदै जानका लागि आज हामीले मुख्यतः प्रजातान्त्रिक र वैज्ञानिक दृष्टिकोण लिएर प्रयत्न छिटो-छिटो बढाउन परेको छ । महिला र पुरुष दुवै थरीले सिङ्गो समाजले नै बन्धनमुक्त हुने मूलबाटो यही हो ।

यस कृतिमा समस्याको उठान गरे पनि समाधानका निम्ति पर्याप्त उपायको खोजी गरिएको छैन । महिला मुक्तिको सवाललाई उठाइए पनि महिला मुक्तिका विषयलाई पर्याप्त चर्चा गरिएको छैन । यद्यपि महिला आन्दोलनको विषयलाई छोएकोले शोधार्थीका लागि उपयोगी नै रहेको छ । तर यस विषयमा अझै पनि खोजकार्य गर्ने सम्भाव्यता रहेकाले शोधार्थी यसतर्फ आकर्षित भएको हो ।

पियुषले "नारी आव्हान, २०५८" मा "महिलामुक्ति आन्दोलनलाई नयाँ उचाईमा उठाऔं" शीर्षकमा महिला आन्दोलनका बारेमा उल्लेख गरेका छन् । नेपालको महिला मुक्ति आन्दोलनको घटनाक्रमले आम महिलाहरूको हकहितको आन्दोलनलाई क्रान्तिकारी आन्दोलनसँग जोड्नु पर्ने अबस्था देखाएको छ । महिला आन्दोलन र क्रान्तिकारी आन्दोलन नगाँसिएसम्म एक अर्काको उद्देश्य पूरा हुन नसक्ने विषयलाई समेत चर्चा गरेका छन् । यसरी महिला आन्दोलन र क्रान्तिकारी आन्दोलन एक आपसका परिपूरक हुन् भन्ने कुरालाई पुष्टि गरेका छन् । यहाँ पैतृक सम्पत्ति एवम् पितृसत्ताका बारेमा पनि चर्चा गरिएको छ ।

यहाँ महिला आन्दोलनको बारेमा आफ्नो विचारलाई समावेश गरिएको छ । नारीवाद भनेको पितृसत्तात्मक शोषणको प्रतिक्रिया हो । यसले नारीको वर्तमान स्थितिको निम्ति पुरुष र पितृसत्तालाई मात्र एकोहोरो रूपले दोषी ठहऱ्याउँछ । महिला आन्दोनल भनेको सामाजिक आन्दोलन हो । त्यसैले महिलाको आन्दोलनलाई सानो, महत्वहीन, र कमजोर नठानि सामाजिक समस्याको रुपमा लिनु पर्दछ । महिला लगायत सिंगो

सामाजिक मुक्तिको आन्दोलनलाई क्रान्तिकारी आन्दोलनसंग जोड्नु पर्दछ । (पियुष, २०५८)

त्यस्तै पादटिप्पणी, सन्दर्भसूची भएको भए अझ राम्रो हुने थियो । यद्यपि महिला आन्दोलनका बारे यो लेख जानकारीका लागि उपयोगी नै रहेको छ । समस्याको उठान गरे पनि समाधानका निम्ति पर्याप्त उपायको खोजी गरिएको छैन । महिला मुक्तिको सवाललाई उठाइए पनि महिला मुक्तिका विषयलाई पर्याप्त चर्चा गरिएको छैन । तसर्थ अझै महिला आन्दोलनको बारेमा पुनः लेखनका लागि सम्भावना रहेको छ ।

कुरुम्भङले “लिम्बू संस्कारमा चेलीको स्थान” नामक लेखमा लिम्बू महिलाहरूमाथि भएका अन्याय अत्याचारका बारेमा कुरा उठाएका छन् भने अर्को पक्षमा उनीहरूले उपयोग गरिरहेका स्वतन्त्रता र समानताको सवालमा पनि चर्चा गरेका छन् । लिम्बुवान् संस्कारमा महिलाहरूलाई स्वतन्त्रता रहेको छ । हिन्दु धर्म संस्कारले जसरी महिलाहरूलाई गुम्राहमा राखेको छ, लिम्बू संस्कार धर्मले महिलाहरूलाई त्यसरी बाँधेको छैन र उनीहरूलाई सिन्दुर, पोते, चुरा लगाउनैपर्ने बाध्यात्मक स्थिति पनि छैन । त्यसै गरी विधवा महिलाले जीवनभर सेतो पहिरन लगाएर बस्नु पर्दैन भन्ने बारेमा उक्त लेखमा उल्लेख गरिएको छ भने अर्कोतर्फ लिम्बू जातिमा पनि अन्य धर्म संस्कारको कुप्रभाव परेको छ जसले यस जातिमा विकृति पैदा गरेको छ ।

यसरी यस लेखमा लेखकले आफ्ना अनुभवहरूलाई मात्र समेटेको देखिन्छ । लिम्बू धर्म संस्कारभित्र पनि अन्य धर्म संस्कारका प्रसस्त कुप्रभावहरू परेका छन् जसले उक्त जातिका महिलाहरूमा विकृति पैदा गरेको कुरालाई नकार्न सकिँदैन । हिन्दु धर्म संस्कृतिद्वारा प्रभावित महिलाहरूले के कस्ता समस्याहरू भोगिरहेका छन् भन्ने विषयमा उक्त लेख मौन रहेको छ भने महिलाहरूमाथि परिरहेको कुप्रभावलाई कसरी नियन्त्रण गर्ने र समस्या समाधानार्थ के गर्न सकिन्छ भन्ने बारेमा चर्चा गरिएको छैन । यद्यपि लिम्बू संस्कारमा महिलाहरूको स्थान कस्तो रहेको छ भन्ने बारेमा जानकारीमूलक भने रहेको छ ।

तसर्थ नेपालको महिला आन्दोलनका निम्ति सबै जातजातिको सक्रियता आवश्यक पर्दछ र लिम्बू महिलाहरूको पनि महिला आन्दोलनको निम्ति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लिम्बू महिलाहरू तुलनात्मक रूपमा स्वतन्त्र रहेका छन् यद्यपि उनीहरूले प्राप्त स्वतन्त्रताको उपयोग गर्न सकेको महसुस हुँदैन । महिलाहरूले प्राप्त स्वतन्त्रतालाई उपयोग गर्दै अन्य आवश्यक स्वतन्त्रता र अधिकारका निम्ति अझ अगाडि बढ्नु आजको आवश्यकता रहेकाले लिम्बू महिलाहरू पनि सोही अनुरूप अगाडि बढ्दै रहेका छन् । यसले नेपालको महिला आन्दोलनलाई सहयोग पुऱ्याउँदै आएको छ । यहाँ पर्याप्त मात्रामा

महिलाहरूको अवस्थाका बारेमा उल्लेख नगरिएको भए पनि यो लेख पठनीय रहेको छ । तर आन्दोलनका सबै पक्षलाई समेट्न नसक्नु यसमा देखिएको कमी पक्ष हो ।

यद्यपि सो लेख शोधार्थीले छनोट गरेको विषयसाग मिल्ने भएकाले उपयोगी नै बनेको छ । तर नेपालको राजनीतिक महिला आन्दोलनका बारेमा अझै लेख्नु पर्ने आवश्यकता देखिएको छ ।

तुम्बाहाङ्फेको “नेपालमा महिला आन्दोलन (२००४-२०४६)” २०५९ कृति प्रकाशित भएको देखिन्छ । यो कृति नेपाली महिला आन्दोलनको इतिहास केलाउने र त्यसलाई व्यवस्थित ढङ्गले विन्यास गर्नेतर्फ केन्द्रित रहेको देखिन्छ । यस कृतिमा ५ वटा परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा ‘ऐतिहासिक पृष्ठभूमि’, ‘विश्वमा महिला आन्दोलन’, ‘युरोपमा महिला आन्दोलन’, ‘अमेरिकामा महिला आन्दोलन’, ’एशियामा महिला आन्दोलन’, ‘नेपालमा महिला आन्दोलनको पृष्ठभूमि’, र ‘महिला आन्दोलन र संयुक्त राष्ट्र सङ्घ’ नामका ७ वटा शीर्षकमा महिला आन्दोलनको अन्तर्राष्ट्रिय र राष्ट्रिय पृष्ठभूमि उल्लेख गरिएको छ ।

बिश्वमा परिवर्तनका लागि महिला र पुरुषको समान महत्व रहन्छ भन्ने कुरा बिश्वमा भएको महिला आन्दोनलको परिणामले प्रस्ट्याएको देखिन्छ । बिश्वको मजदूर आन्दोलनसंगै महिला मुक्ति आन्दोलन पनि अगाडी बढ्दै गएको देखिन्छ । बिश्वका महिलाहरुले मताधिकार र राजनैतिक अधिकारका लागि पनि महिला आन्दोलनलाई अगाडी बढाएको पाइन्छ । आन्दोलनलाई अगाडी बढाउनेक्रममा महिलाहरु ट्रेड युनियनमा पनि सङगठित भएको पाइन्छ । डेनमार्क, अमेरिका जस्ता मुलुकहरुमा पनि आन्दोलनद्धारा नै महिलाहरुले मतमधिकार प्राप्त गरेको देखिन्छ । बिश्वमा सत्तरीको दशकतिर आएर बिचारधारात्मक र नारीबादी आन्दोलनको रुपहरु देखापरेको थियो । जस्तोः अमेरिकामा महिला आन्दोलनमा बिचारधारात्मक फाटो देखिएपछि एउटा बिशुद्ध नारीबादी बाटोलाई अंगाल्दै नारी आन्दोलन अगाडि बढेको पाइन्छ । अर्को मार्क्सबादी नारीबादी आन्दोलनलाई अंगाल्दै अगाडि बढेको पाइन्छ । यसको प्रभाव एशियाली मुलुकहरुमा परेको पाइन्छ । यसका साथै महिलाहरु समानता, घरेलु हिंसा, बलत्कार, आर्थिक, राजनैतिक, जस्ता सवाल उठाउदै महिला आन्दोलनलाई अगाडि बढाइरहेका छन् ।

यसको प्रभाव नेपालको राजनीतिक महिला आन्दोलनमा पनि परेको देखिन्छ । नेपालका महिलाहरुले महिला आन्दोलनलाई महिला असमानता, शोषण, लैंगिक बिभेद आदि सवाललाई पनि महिला आन्दोलनसंग गांसेर अगाडि बढाइरहेको देखिन्छ । नेपाल र अन्य मुलुकका महिला आन्दोलनको महिला सरोकारका सवालहरुः स्वास्थ्य, शिक्षा, मानव अधिकार, आर्थिक, महिला सशक्तिकरण, पर्यावरण आदि सवालहरु एउटै देखिन्छन् । तुलनात्मक रुपमा नेपाल र अन्य मुलुकको महिला आन्दोलनको प्रकृतिलाई हेर्दा सझा

सरोकारका सवालहरु उहि देखिन्छन् भने अन्य बिशेष परिस्थिति जस्तैः नेपालमा बिभिन्न जातजातीहरुको बसोबास भएकाले ति जातीका महिलाहरुको आफ्नै किसिमको समस्याहरु हुन्छन् । सोहि समस्या अनुसार नै महिला आन्दोलनलाई अगाडि बढाउदै आएको देखिन्छ । यहांको महिला आन्दोलनलाई लैंगिक असमानता, शोषण एवं बिभेदसंग जोडेको देखिन्छ ।

यस कृतिको दोस्रो परिच्छेदमा वि.सं. २००४ देखि २००७ सम्मको इतिहास केलाउँदै नेपालमा महिला सङ्घको स्थापना र २००७ सालको जनक्रान्तिमा महिलाहरूको भूमिका के कस्तो रहेको थियो भन्ने ऐतिहासिक सन्दर्भतिर केन्द्रित रहेको देखिन्छ । त्यसै गरी तेस्रो परिच्छेदमा २००७ सालदेखि २०१७ सालसम्मको नेपाली महिला आन्दोलनको तथ्य विवरणहरू प्रस्तुत गरिएको छ । यस परिच्छेदमा तुम्बाहाङ्फेद्वारा अखिल नेपाल महिला सङ्घ र अन्य सङ्गठनहरूको स्थापना एवम् उनीहरूका गतिविधीहरूलाई प्रस्तुत गरिएको छ ।

यस कृतिको चौथो परिच्छेदमा २०१७ सालको कालो काण्ड भनेर इतिहासमा उल्लेखित शाहीकदमले तत्कालीन नेपाली महिलाहरूमा के कस्तो प्रतिक्रिया उत्पन्न गऱ्यो सोको विवरण प्रस्तुत गरिएको छ भने पञ्चायत कालमा भएका महिला आन्दोलनका महत्त्वपूर्ण घटनाक्रमहरूलाई क्रमबद्ध रूपमा उल्लेख गरिएको पाइन्छ । अर्को एक शीर्षक ‘२०४६ सालको जनआन्दोलनमा महिला सहभागिता’ रहेको छ र यसमा २०४६ सालको संयुक्त जनआन्दोलनमा महिलाहरूका सङ्गठन मार्फत गोलबन्द भई के कसरी महिलाहरू सरिक भए भन्ने व्यवस्थित विवरण प्रस्तुत गरिएको छ ।

यस कृतिको पाँचौ परिच्छेदमा उपसंहार, सन्दर्भसूची तथा अनुसूचीहरू प्रस्तुत गरिएको छ । अनुसूचीका क्रममा “श्रीमती नोना कोइरालाले दिनु भएको अन्तर्वार्ता”, “नेपाल महिला सङ्घका स्रष्टाहरू”, “श्रीमती मोतिदेवी श्रेष्ठको अभिनन्दन समारोह”, “अनेमसङ्घ (२००७) का पदाधिकारीहरूको सूची”, “अनेमसङ्घका उद्देश्यहरू”, “महिला सङ्घर्षको एक झलक २००७”, “२००७ सालको क्रान्तिमा सहभागी महिलाहरूको नामावली” र “अनेमसङ्घको विधान २०३७” प्रस्तुत गरिएको छ ।

यसरी २००४ सालदेखि २०४६ सालसम्मको नेपाली महिला आन्दोलनको इतिहासलाई कालक्रमिक रूपमा समेटिएको यस कृतिको निस्कर्ष तथा उपसंहारमा नेपालमा महिला आन्दोलनलाई अगाडि बढाउनका निम्ति महिलावादी आन्दोलन विकसित गर्न आवश्यक छ । नेपालमा रहेका महिलाहरूका बारेमा सबै मानिसहरूले स्पष्ट भन्न सक्छन् कि महिलाहरू उपेक्षित, अपहेलित, पिछडिएका, शोषित, पीडित आदि छन् । उनीहरूलाई आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक शोषणका बन्धनहरू छन् भन्न सक्छन् । यथार्थ कुरा पनि यही हो । जो व्यक्ति यो उल्लेखित विषयलाई चिन्तन मनन गरी अभिव्यक्त गर्दछ त्यस

व्यक्तिमा महिला मुक्तिको भावनाको विकास भएको हुन्छ । त्यस व्यक्तिमा महिलावादी भावना विकास हुन्छ । सारमा भन्नुपर्दा महिलामाथि भएका सम्पूर्ण शोषण दमन जुन समाजदेखि परिवारसम्म भइराखेका छन्- त्यसका विरुद्धमा चेतनाको विकास भई यो परिवेशबाट महिलाहरूलाई छुटकारा दिलाउन नै महिलावादी बन्नु हो । तसर्थ महिला आन्दोलनलाई तेज गतिका साथ अगाडि बढाउन महिला समस्यामा केन्द्रित बन्दै सामाजिक, परिवारिक अवरोधका विरुद्ध लड्नुपर्छ । त्यसैले नेपालमा सबल महिला आन्दोलनविना महिलाहरूको स्थितिमा सुधार वा परिवर्तन हुन नसक्ने भएकोले सबल महिला आन्दोलनमा सम्पूर्ण महिलाहरू लाग्नुपर्छ भनी उल्लेख गरिएको छ ।

यसैगरी नेपालमा अझै पनि महिलावादी आन्दोलनका बारेमा रहेको भ्रामक स्थितिको बारेमा उल्लेख गरिएकोछ । यहा महिलावादी आन्दोलन भन्ने बित्तिकै मानिसहरू हच्किन्छन् र भन्छन्- महिलावादी आन्दोलन भनेको पुरुषविरोधी सेन्टिमेन्टको आन्दोलन हो । यसले समाजमा विकृति पैदा गर्दछ, सामाजिक नियमलाई उल्लंघन गर्दछ आदि विषयहरूलाई उठाउने गरिन्छ । तर यस्तो स्थितिको सृजना हुनुमा महिलाबादी आन्दोलनको बिषयमा भएको भ्रममात्र हो र अझसम्म महिलावादी आन्दोलनका सबै पक्षहरूको बारेमा स्पष्ट हुन नसक्नु साथै महिलाबादी आन्दोलनलाई कमजोर बनाउने चाल मात्र मान्न सकिन्छ भनिएको छ ।

यसरी यो कृतिमा नेपाली महिला आन्दोलनका केही सैद्धान्तिक समस्याहरूको विश्लेषण पनि गरिएको छ । महिला आन्दोलनलाई हेर्ने गलत दृष्टिकोणको खण्डन गर्दै महिलावादी आन्दोलन मुख्यतः विशुद्ध नारीवादी धार र मार्क्सवादी नारीवादी धारको रूपमा विकास भएको छ । विशुद्ध नारीवादी धारले पुरुष वर्गलाई नै विरोधी केन्द्रबिन्दु मानी आगाडि बढ्छ भने मार्क्सवादी नारीवादी धारले महिला मुक्तिलाई सामाजिक मुक्तिको प्रश्नसँग गाँसेर हेर्दछ । जहाँका जनता शोषित पीडित छन्, त्यहाँका जनता आमूल परिवर्तनका निम्ति मार्क्सवादी सिद्धान्तलाई स्वीकार गर्दछन् र त्यही सिद्धान्तले अभिप्रेरित भई आमूल परिवर्तनका निम्ति आन्दोलित बन्दछन् भनिएको छ ।

यसरी नेपाली महिला आन्दोलनको इतिहास लेखन तथा आन्दोलनका समग्र पक्षको विश्लेषण गरिएको यो कृति निकै महत्त्व राख्ने कृतिका रूपमा देखा परेको छ । सुव्यवस्थित र कालक्रममा क्रमबद्ध सामग्री नभएको वर्तमान परिवेशमा यो कृति नेपाली महिला आन्दोलनका सन्दर्भमा रूचि, चाख र चासो राख्ने जो कोहीका निम्ति पठनीय र सङ्ग्रहणीय बनेको छ । यद्यपि यो कृतिले नेपाली महिला आन्दोलनको इतिहासको २०१७ देखि २०४६ सम्मको सन्दर्भलाई जति व्यापक रूपमा समेटेको छ, २०१७ साल अघिको सन्दर्भलाई त्यति व्यापक रूपमा समेट्न सकेको छैन । २०४६ सालपछि पनि नेपाली महिला आन्दोलनले

१४/१५ वर्षको लामै कालखण्ड ओगटिसकेको छ । यस अवधिमा आएर नेपाली महिला आन्दोलनका सवालमा अरू अनेकन घटनाक्रम र नयाँनवीन मोड तथा प्रवृत्ति देखा परिरहेको वर्तमान परिस्थितिमा उक्त कृति केही अधुरो र केही अपूरो जस्तो लाग्दछ । खास गरी २०४६ पछिको नेपाली महिला आन्दोलनको गतिविधीलाई प्रस्तुत गर्ने गरी लेखनकार्य गर्न बाँकी नै रहेको देखिन्छ ।

यद्यपि यो कृति शोधार्थीले छनौट गरेको शोधको बिषयसँग मेल खाने भएकाले उपयोगी नै बनेको छ । तर सो कृतिद्वारा २०४७ साल पछिका अवधिमा महिलाहरूले गरेका राजनीतिक महिला आन्दोलनलाई नसमेटेका कारणले गर्दा अझै पनि महिला आन्दोलनका बारेमा लेख्नुपर्ने आवश्यकता देखिएको छ ।

श्रेष्ठद्वारा लिपिबद्ध गरिएको "सहाना प्रधान स्मृतिका आँखिझ्रयालबाट- २०६० नामक कृति प्रकाशमा आएको छ । यस कृतिलाई २१ वटा मूल शीर्षकमा विभक्त गरिएको छ । आरम्भका "पारिवारिक पृष्ठभूमि", "बाल्यकाल र शिक्षारम्भ" र "बर्माबाट प्रस्थान : अविस्मरणीय यात्रा" तीनवटा मूल शीर्षकमा पुर्ख्यौली, पारिवारिक अवस्था, बाल्यकालका संझनाहरूको सेरोफेरोमा केन्द्रित रहेको पाइन्छ । बाल्यकाल बर्मामा खर्चेर निकै कष्टपूर्ण र जोखिमयुक्त यात्रा तय गरी नेपाल आएपछि शिक्षा आर्जन गर्न परिवारमै के कस्तो सङ्घर्ष गर्नुपऱ्यो भन्ने विवरणात्मक प्रस्तुति त्यसपछिको "नेपालमा शिक्षा" भन्ने मूल शीर्षकमा उल्लेख गरिएको छ । तत्कालीन स्थितिमा छोरीलाई पढ्ने अवसरबाट कसरी बञ्चित गरिन्थ्यो, थोरैतिन छोरीहरूले पढ्ने अवसर पाएपनि उनीहरूलाई आत्मनिर्भर बनाउनका निम्ति नभई खालि बिकाउनका लागि मात्रै पढाउने प्रवृत्तिले जरो गाडेको थियो भन्ने कुराको उदाहरण दिँदै आफू पढाईका साथै तत्कालीन राजनीतिक गतिविधीमा समेत सहभागी हुँदै आएको यथार्थलाई पनि कृतिको यो मूल शीर्षक अन्तर्गत उल्लेख गरिएको छ । पटक पटकको सङ्घर्ष र हठपूर्ण प्रयत्नका कारणले मात्र आफूले उच्चशिक्षासम्म अध्ययन गर्ने अवसर पाएको कुरा सहानाले उक्त कृतिमा बताउनु भएको छ ।

सहाना प्रधानलाई एक नारी पात्रका रूपमा उभ्याइएको छ । त्यस बेला महिलाले कुनै पनि स्वतन्त्र गतिविधि, लेख्न, पढ्न पाउादैनथे । घरबाहिर निस्कनको निम्ति शिक्षण पेशालाई समेत अँगालेका कुराहरू समेत सो कृतिमा उल्लेख गरिएको छ । सुशीला श्रेष्ठको यस कृतिमा महिला आन्दोलनसँग सहानाको संलग्नताको एउटा महत्वपूर्ण पाटोलाई उजागर गर्ने दुई वटा मूलशीर्षक - "महिला शिक्षा र तात्कालीन परिवेश" तथा "महिला आन्दोलनमा सहभागिता" रहेका छन् । यी दुई मूलशीर्षकमध्ये पहिलोमा महिला शिक्षाका बारेमा बताइएकको छ । बि.स. २००४मा सरकारले महिलाहरुको लागि पद्मकन्या हाइस्कुल खोलिएको थियो साथै जनताले आफ्नो पहलमा पनि देशभरि नै स्कुलहरु खोल्न थालेका

थिए । बि.स. २००७ सालपछि महिला शिा दिने, महिलालाई स्कुल पठाउने वातारण बनाउनु पर्छ वा महिला शिक्षा जरुरी छ भन्ने बिचार देखा परेको पाइन्छ । यसैगरी बि.स. २००९ सालमा महिला प्रौढस्कुल पनि खोलिएको थियो । सो अरुणोदय नामको स्कुलमा घरको काम भ्याएर लोग्नेलाई नभनिकन लुकिछिपी आएका एकदुई कक्षासम्म पनि पढ्न नपाएका र हुर्केका छोरीचेलीहरुलाई पढाउनु पर्ने भएकोले महिला बिद्यालय धैरे चल्न सकेन । यद्यपी समाजमा छोरीलाई पढाउनु पर्छ भन्ने सोंचको विकास भएको देखिन्छ । यसरी महिला शिक्षामा केहि विकास भएको पाइन्छ । हालको अवस्थामा आइपुग्दा महिलाहरुको शिक्षा क्षेत्रमा सहभागिता बढेको देखिन्छ ।

त्यसै गरी “महिला आन्दोलनमा सहभाभागिता” मूल शीर्षकअन्तर्गत ‘महिलाहरू सङ्गठित भए’, सङ्गठनको नामै साटियो’ र ‘पञ्चायतलाई पनि करै लाग्यो’ जस्ता तीन उपशीर्षकमा नेपाली महिला आन्दोलनसँग सम्बन्धित केही ऐतिहासिक तर सामयिक सन्दर्भहरूको उल्लेख गरिएको छ । बि.स. २००४ सालमा स्थापित नेपाल महिला सङ्घमा फुट आएपछि बि.स. २००८ सालमा नेपाल महिला सङ्गठनको स्थापना भएको कुरा पनि उल्लेख गरिएको पाइन्छ । नेपाल महिला सङ्घले थोरै सुधारका कामहरु मात्र गर्न चाहन्थो र उदेश्य पनि स्पष्ट देखिदैनथ्यो । तर नेपाल महिला सङ्गठनले सामन्तबाद र साम्राज्यबादलाई नेपाली महिलाहरुको शोषणको काराण मानेकोले सामन्तबाद र साम्राज्यबादलाई जरैबाट उखेल्ने उद्देश्य राखेको देखिन्छ । यसरी नै बि.स. २००८ सालमा पुण्यप्रभा देवीको अध्यक्षतामा निर्मित अखिल नेपाल महिला सङ्घ मंगलादेवीको अध्यक्षतामा निर्मित नेपाल महिला संघको सिद्धान्त एउटै थियो । दुबै पूजिंपति वर्गका हितसाधक थिए । त्यतिबेला महिला समस्या र समाधानमा लाग्नु भन्दा पनि महिला सङ्घ पार्टीको कार्यक्रममा बढी दौडने गर्दथ्यो, महिला संगठनले महिला आन्दोलनलाई हांक्नु पर्नेमा त्यता कम लाग्ने हिजोको कमजोरी अझैसम्म सच्याउन सकिएको छैन । यसले नेपाली समाज र खासगरी नेपालको महिला आन्दोलनमा पारेको प्रभावलाई घटना प्रसङ्गसहितको विवरण र विश्लेषणद्वारा अघि सारिएको छ ।

यस कृतिमा महिलाहरु साङ्ठनिक रुपले बिभिन्न संगठनमा आबद्ध भई महिला आन्दोलनलाई अगाडि बढाउदै आए पनि महिलाहरुको साझा सवालमा सहमति खोजेर अगाडि बढ्ने काम “महिला सुरक्षा दबाव समुह” गठन गरी प्रारम्भ गरेको देखिन्छ । यसले महिलाहरुको सुरक्षा गर्न दबाव सृजना गर्ने काम गर्दछ । यसरी सहकार्य गर्दा महिलाहरु आर्थिक, राजनीतिक, सामाजिक क्षेत्रमा सुरक्षित गर्न सकिन्छ भन्ने दृष्टिकोण बनेको पाइन्छ ।

त्यसैगरी “विदेश भ्रमण” मूल शीर्षक अन्तर्गत विभिन्न उपशीर्षकमा सहाना आफू पुगेका देशहरूमा महिलाहरूको स्थिति, महिलाहरूप्रति त्यहाँका सुशिक्षित भनिने पुरुषहरूको धारणा र व्यवहार राम्रो नरहेको यथार्थलाई प्रस्तुत गरिएको पाइन्छ ।

सहाना प्रधान स्मृतिका आँखीझ्यालबाट नामक यस कृतिमा आफ्ना जीवन र भोगाइसँग सम्बन्धित भएर महिला आन्दोलनको केही महत्वपूर्ण पक्षसँग पाठकहरूलाई एकाकार गर्न सहाना प्रधान र कृतिकी लेखिका दुबै सफल हुनुभएको छ । बि.स.२००४ सालदेखि २०६० सालसम्मको लामो कालखण्डका महत्तम इतिवृत्त बोकेको यो कृति नेपालको महिला आन्दोलनका बारेमा चासो राख्ने अध्ययन र अनुसन्धानमा रुचि राख्नेहरूका निम्ति निकै उपयोगी हुने देखिन्छ । यद्यपि यो कृतिले समग्र महिला आन्दोलनको इतिहासलाई समेट्न सकेको छैन । सहानाको जीवन-सन्दर्भको सेरोफेरोलाई नै आफ्नो विषयक्षेत्र बनाएको हुँदा यो सम्भव पनि भएन । आफैं एउटा इतिहास बनिसकेकी सहानाको जीवनसँग जोडिएको संस्मरण भएको हुँदा शोधार्थीका निम्ति उपयोगी नै बनेको छ । यद्यपि महिला आन्दोलनका बारेमा अझै पनि लेखन कार्यको अभाव खड्केको देखिन्छ ।

घिमिरेले आफ्नो लेखमा नेपाली महिलाहरुको राजनीतिमा भएको न्युन सहभागिताका सवालमा उल्लेख गरेकिछिन् । महिलाहरुका अगाडि देखिएका समस्याहरु जस्तैः पितृसत्तात्मक शोषण, सामाजिक, सांस्कृतिक, महिला शिक्षा, आर्थिक आदि रहेका छन् । जसका कारण महिलाहरुको राजनितिमा सहभागिता न्युन रहेको पाइन्छ । तसर्थ महिलाहरुलाई पुरुष समान रुपले अगाडि बढाउनका लागि उनीहरुका निम्ति चेतनाको बिकास कार्यक्रम, नेतृत्व बिकास, महिला दबाव समुहबाट महिलाहरुको लागि दबाव सृजना गरी सहयोग गर्ने, महिला आरक्षण, आर्थिक सशक्तिकरण, सञ्चार क्षेत्रको सकारात्मक भूमिका हुनु पर्ने, महिला अधिकारका बारेमा चेतना जगाउने, राजनितिक पार्टीबाट महिलालाई उत्साहित गर्नु पर्ने जस्ता सवालहरुलाई समेट्ने काम भएको पाइन्छ । (घिमिरे, २००१)

यद्यपि यो लेख शोधार्थीले छनौट गरेको शोधको बिषयसँग मेल खाने भएकाले उपयोगी नै बनेको छ । तर सो लेखले महिलाहरूले गरेका राजनीतिक महिला आन्दोलनलाई नसमेटेका कारणले गर्दा अझै पनि महिला आन्दोलनका बारेमा लेख्नुपर्ने आवश्यकता देखिएको छ ।

## निष्कर्ष

नेपालमा महिलाहरू धेरै पहिलेदेखि शोषण, अन्याय र अत्याचारमा पिल्सिरहेका छन् । नेपाली महिलाहरु राजनीतीक रुपले पनि पछाडी पारिएका छन् । उनीहरूले उनमुक्तिको

सास फेर्न पाइरहेका छैनन् । तसर्थ उनीहरू समतामूलक समाजको स्थापनाका लागि निरन्तर रूपमा अगाडि बढिरहेका छन् । सबै क्षेत्रमा समान अवसरका निम्ति आन्दोलित बनिरहेका छन् । महिलाहरुले राजनीतीक महिला आन्दोलनको सवाललाई उठाउनेक्रममा महिला सङ्गठनहरुको निर्माण र भुमिका, आन्दोलनका माग, महिला आन्दोलनको बिकास, महिला आन्दोलन हुनको कारण, राजनीतीमा महिला सहभागिताको सवाल, महिला आन्दोलनको सैद्धान्तिकपक्ष, महिला आन्दोलनको चुनौतिहरु एवम् महिला सरोकारका सवालहरुलाई सुत्रबद्धगरी उठाउने काम गरेको देखिन्छ ।

यद्यपि ती महिलाहरूले गरेका गौरवमयी आन्दोलनको इतिहासका बारेमा पर्याप्त लेखनकार्य नभएकाले त्यसतर्फ ध्यान आकर्षित भएको छ । हामीले त्यस्ता आन्दोलनको गौरवमयी इतिहासलाई संरक्षण एवम् संवर्धन गर्ने काम गर्नु नितान्त आवश्यक देखिएकोछ । त्यसमा पनि इतिहास लेखनकार्यलाई आफैंले विकास नगरी अरूले नै इतिहास लेखनकार्य गरिदिनेछन् भन्ने आस नगरी आफैंले इतिहास लेखनकार्यलाई अगाडि बढाउनु पर्दछ ।

नेपालको राजनीतिक महिला आन्दोलनको विषयमा अरूको पनि रुचि रही लेखनकार्य भएका छन् । यद्यपि उक्त आन्दोलनको विषयमा प्राप्त कृति लेखहरू पर्याप्त एवम् सक्षम छैन । सबै कृतिहरू सङ्क्षिप्त रूपमा थोरै सामग्री एवम् आफ्ना अनुभवको आधारमा मात्र वर्णन गर्ने प्रयास गरिएको पाइन्छ । अर्कोतर्फ आवश्यक तथ्य-तथ्याङ्कहरू समेत उल्लेख नगरिएको अवस्था रहेको छ । कतिपय प्राप्त कृतिमा उल्लेख गरिएका तथ्य-तथ्याङ्कहरू समेत गलत ढङ्गले प्रस्तुत गरिएको छ । जसद्वारा गलत ढङ्गबाट सूचनाको सम्प्रेषण भएको पाइन्छ । तसर्थ सही सूचना एवम् तथ्य-तथ्याङ्कहरूलाई राजनीतिक महिला आन्दोलनप्रति चासो राख्नेहरूका माझमा पुऱ्याउनका निम्ति पूर्ण विवरण तयार पार्ने महत्वपूर्ण कार्य अझै बांकी रहेको महसुस भएको छ ।

अहिलेसम्म नेपालमा भएको राजनीतिक महिला आन्दोलनका बारेमा लेखिएका पूर्वाध्ययनका प्राप्त सामग्रीहरू भएता पनि शोधकार्यको अनुसन्धानका लागि अपुग नै रहेका छन् । तसर्थ यस विषयमा पूर्णरूपमा विवरण तयार पार्न आवश्यकता महसुस भएकाले तथा प्रकाशित सामग्रीहरू र सो क्षेत्रको ऐतिहासिक रूपले पनि अध्ययन गरी एउटा गहन र विश्लेषणात्मक शोधग्रन्थ तयार पार्न सकिने सम्भावना देखेकाले यो शोधार्थी यसतर्फ अभिमूख भएको हो ।

❑❑

अध्याय–तीन

# शोध पद्दति

## ३.१ पृष्ठभूमि

राजनीतिशास्त्र सामाजिक विज्ञानको एक अंश भएकोले राजनीतिशास्त्रको अनुसन्धान सामाजिक अनुसन्धान हो । यस्तो अनुसन्धानमा अनुसन्धानको प्रकृतिअनुसार परिमाणात्मक वा गुणात्मक अथवा दुवै पद्दति अपनाइने गरिन्छ । दुवैको उत्तिकै महत्व भएको पाइन्छ ।

प्रस्तुत अध्ययन नेपाली महिलाहरूले गरेका महिला आन्दोलनको राजनीतिक पाटोलाई केन्द्रबिन्दु बनाएको र महिलाहरूले आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, सास्कृतिक, कानुनी क्षेत्रमा दिएका योगदान, कृयाकलाप र यथास्थिति सोचको वर्णनात्मक विश्लेषणमा आधारित
छ । बदलिादो राजनीतिक परिस्थितिमा देखिएको आन्दोलन र बिगतमा महिलाहरूद्वारा गरिएका राजनीतिक महिला आन्दोलनका बारेमा विभिन्न शोधविधिको प्रयोग गरी वर्णन र विश्लेषण गरिएको छ । विभिन्न सूचनाहरूको सङ्कलन निम्नलिखित पद्दतिमा आधारित छ ।

## ३.२ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धान कार्यमा सूचना सङ्कलन र त्यसको वर्गीकरण गर्नका लागि प्राथमिक र द्वितीय दुबै स्रोतलाई प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय स्रोत तथ्याङ्क सङ्कलनका लागि निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.२.(क) प्राथमिक स्रोत

प्राथमिक स्रोतलाई मौलिक स्रोत मानिन्छ । जसको व्याख्या विश्लेषण र टिप्पणी गर्ने अधिकार अनुसन्धानकर्ताको वा तथ्याङ्क प्राप्तकर्ताको हातमा रहन्छ । यस्तो प्रकारको तथ्याङ्क अध्ययनको निश्चित उद्देश्य प्राप्तिका लागि सङ्कलन गरिन्छ । सामाजिक अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक स्रोतहरू अन्तर्वार्ता, अवलोकन, प्रश्नावलीबाट प्राप्त गरिन्छ । यस अनुसन्धानमा अन्तर्वार्ताविधि अपनाइएको छ ।

## ३.२.(क) १. अन्तर्वार्ता विधि

यस अनुसन्धान कार्यमा सूचना सङ्कलनको लागि अन्तर्वार्ता विधि अपनाइएको छ । यस विधिबाट नेपालको राजनीतिक महिला आन्दोलनको बारेमा देशका विशिष्ट व्यक्तित्वहरूको विचार, धारणा एवम् चाहना सङ्कलन गर्ने काम गरियो । तसर्थ नेपालको राजनीतिक महिला आन्दोलनको अनुसन्धान गर्नका लागि अन्तर्वार्ता विधि अपनाइएकोले उत्तरदातालाईसमेत स्वतन्त्र रूपले आफ्नै भाषा, शैली एवम् विचार अभिव्यक्त गर्न उत्साहित गरेको छ ।

**अन्तर्वार्ता विधिको महत्व** :

सामाजिक अनुसन्धानमा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तर्वार्ता एक प्रमुख विधि मानिन्छ । यो विधि मानिसहरूबाट आमुन्ने सामुन्ने भएर तथ्याङ्क सङ्कलन गर्ने माध्यम हो । यस माध्यमबाट उत्तरदाताको विचार, धारणा र चाहना गहिराईसम्म पुगेर अध्ययन गर्न सकिन्छ । यसका साथै प्रश्नकर्ताले प्रश्न गर्ने र उत्तरदाताले उत्तर दिने क्रम योजनाबद्ध ढङ्गबाट हुने गर्दछ । तसर्थ यसलाई एक आपसमा प्रश्न उत्तर दिने तथा अनुसन्धानको समस्यासँग सम्बन्धित विषयवस्तु प्राप्त गर्ने माध्यम मानिएको छ । अन्तर्वार्ता विधिबाट व्यक्तिगत विशिष्ट तथ्यहरू फेला पार्न सकिने हुन्छ । यसैगरी उत्तरदातासँग सम्पर्क स्थापित गरी प्रकाशमा नआएका तथ्यहरूसमेत फेला पार्न सकिन्छ । यसैगरी गुणात्मक तथ्याङ्क सङ्कलन गर्नसमेत सकिने भएकाले यसको महत्व धेरै रहेको देखिन्छ । यस विधिबाट प्रश्नकर्ता र उत्तरदाताको बीचमा प्रत्यक्ष सम्पर्क हुने भएकाले समाजिक अनुसन्धानमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने महत्वपूर्ण पद्धति एवम् उपकरणसमेत मानिन्छ । सामाजिक अनुसन्धानमा अन्तर्वार्ता विधिलाई तथ्याङ्क सङ्कलन गर्ने महत्वपूर्ण पद्दति मानिन्छ । त्यसैले अनुसन्धानमा अन्तर्वार्ता विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**अन्तर्वार्ता विधिको फाइदा** :

यस पद्दतिबाट अन्तर्वार्ता लिँदा फाइदा पनि हुन्छ । अन्तर्वार्ताबाट मानव स्वभाव र व्यवहारसम्बन्धी गहिराईसम्मका तथ्याङ्क प्राप्त हुनका साथै यसमा लचकता पनि हुन्छ । अन्तर्वार्तामा प्रश्नकर्ताले मौखिक प्रश्न सोध्ने र उत्तरदाताले पनि मौखिक उत्तर नै दिने काम दुबैले आमुन्ने सामुन्ने बसेर गर्नुपर्ने भएकोले प्रश्नकर्ताले प्रत्यक्ष रूपले देख्ने र थप जानकारी पाउन सकिने भएकाले अवलोकनसमेत गर्न सकिने हुन्छ । त्यसैले यस विधिलाई व्यक्तिगत सूचना प्राप्त गर्ने सर्वोत्तम माध्यम मानिएको छ । यसबाट व्यक्तिगत

सूचनाहरूसमेत प्रष्ट हुने गर्दछ । अन्तर्वार्ताका लागि नमुनामा छानिएका व्यक्तिमाथि प्रश्नकर्ताको नियन्त्रण रहने भएकोले यदि छनोटमा पारिएका नमुनाबाट उत्तर नआउने सम्भावना भएमा अर्को नमुना छनोट गर्न सकिन्छ । यसमा व्यक्तिको क्षमताअनुसारका प्रश्नहरू निर्माण गरी सोध्ने गरिन्छ । जसले गर्दा स्तरीय तथ्याङ्क प्राप्त हुने विश्वास गरिन्छ । प्राप्त तथ्याङ्कको शुद्धता परीक्षण गर्न सकिने हुन्छ साथै यो विधि तथ्याङ्क सङ्कलनको लागि सस्तो र छिटो माध्यम पनि मानिन्छ ।

अध्ययन कार्य सम्पन्न गर्नका लागि अनुसन्धानकर्ता प्रत्यक्ष रूपमा संलग्न भई सूचनाहरू सङ्कलन गरिएको स्रोत भरपर्दो हुनेभएकाले सो उद्देश्यका लागि अन्तर्वार्ता विधि अपनाई तथ्याङ्क सङ्कलन गरियो । तथ्याङ्क सङ्कलन शोध उद्देश्यमा आधारित केही आवश्यक प्रश्नहरू तयार गरी अन्तर्वार्ताद्वारा गरियो । (अनुसूची १ हेर्नुहोस्) यहाँ प्रत्यक्ष अन्तर्वार्ता पद्दति अपनाई विषयवस्तुको आधारमा लिइने अन्तर्वार्ता अन्तर्गतको गुणात्मक अन्तर्वार्ता विधि अपनाइएको छ । यस विधिबाट गुणात्मक तथ्याङ्क प्राप्त भयो ।

अन्तर्वार्ता लिने कममा नेपाली महिला आन्दोलनको राजनीतिक पक्षसँग सरोकार राखी विभिन्न प्रश्नहरू तयार गरी शोध अध्ययनमा महत्वपूर्ण सूचना प्राप्त हुनसक्ने सरोकारवालाहरूसँग सोध्ने र उत्तर दिने काम सम्पन्न गरियो । अन्तर्वार्ता लिइँदा महत्वपूर्ण जानकारीहरू सङ्कलन गर्न टेपरेकर्ड गरिएको र यसको प्रयोग अनुमति सरोकारहरूसँग लिएको थियो । टेपरेकर्डमा सङ्कलन गरिएका सूचनालाई सोधार्थीले लिखित भाषामा उतार्ने काम गरियो ।

**अनुसन्धानमा अन्तर्वार्ता लिइएका व्यक्तित्वहरू :**

अनुसन्धानमा अन्तर्वार्ता विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययनमा अन्तर्वार्ता विभिन्न व्यक्तित्वहरूसँग लिइयो । अन्तर्वार्ताका लागि १४ महिला, २ पुरुषलाई छनोट गरियो । जसमा काठमाडौबाट- ८ जना, ललितपुर- ३ जना, सिन्धुली- १ जना, मोरङ्ग- २ जना, म्याग्दी- १ जना, ताप्लेजुङ्- १ जना गरी जम्मा १६ जना रहेका छन् । अन्तर्वार्ताका लागि छनोटमा परेका सबै व्यक्तित्वहरू राजनीतिक महिला आन्दोलनमा संलग्न रहँदैआएको भए तापनि यस अनुसन्धानमा छनोट गरिएका व्यक्तित्वहरू मुख्य गरी विषयगत रूपमा केन्द्रित भई छनोट गरियो । अन्तर्वार्ताका लागि छनोट गरिएका व्यक्तित्वहरू निम्नतालिका अनुसार रहेका छन् :

तालिका न. २.
अनुसन्धानमा छनोट गरिएका विषयगत क्षेत्र र व्यक्तित्वहरू निम्न रूपमा रहेका छन् :

| सि.न. | नमुना समूह | महिला | पुरुष | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| १ | उप-प्रधान मन्त्री | – | १ | १ |
| २ | मन्त्रीहरू | ३ | – | ३ |
| ३ | सांसद (राजनीतिक व्यक्तित्व) | ३ | – | ३ |
| ४ | प्राध्यापन क्षेत्र | २ | – | २ |
| ५ | न्यायिक क्षेत्र | १ | – | १ |
| ६ | सञ्चार क्षेत्र | १ | – | १ |
| ७ | जेन्डर एक्टिभिष्ट/आर्थिक | १ | – | १ |
| ८ | प्रजातान्त्रिक आन्दोलन/महिला आन्दोलन | ३ | १ | ४ |
| | जम्मा | १४ | २ | १६ |

## ३.२.(ख) **द्वितीय स्रोत**

### ३.२ (ख) १. **पुस्तकालय विधि**

अनुसन्धान कार्य सम्पन्न गर्नका लागि द्वितीय स्रोतको पनि आवश्यक पर्दछ । सो स्रोत साहित्यिक र रेकर्डर एवम् सर्वेक्षण गरी दुई प्रकारको हुन्छ । साहित्यिक ग्रन्थ र रेकर्डर स्रोत पनि प्रकाशित र अप्रकाशित रूपमा रहेका हुन्छन् । यस अनुसन्धानमा प्रकाशित ग्रन्थलाई द्वितीय स्रोतको रूपमा प्रयोग गरियो । त्यस्ता स्रोतहरूको सङ्कलन व्यक्ति वा संस्थाद्वारा गरिएको हुन्छ ।

अनुसन्धान कार्य प्राथमिक स्रोतहरूको आधारमा मात्र पूरा हुन नसक्ने भएकाले द्वितीय स्रोत पनि यस अध्ययनमा प्रयोग गरियो । तसर्थ यहाँ अपनाइएका द्वितीय स्रोत सङ्कलन विशेषगरी पुस्तकालयीय पद्दति अथवा पहिले नै सङ्कलन गरिएको, लेखिएका सूचनाहरू द्वितीय स्रोतको रूपमा लिइयो । पुस्तकालय विधि नाम भए पनि सम्पूर्ण सूचनाहरू पुस्तकालयबाट मात्र नभै अन्य स्रोतबाट पनि सङ्कलन गरियो । यी सूचनाहरू सङ्कलन गर्न काठमाडौँका त्रि.वि.वि.केन्द्रीय पुस्तकालय, कीर्तिपुर, पद्मकन्या क्याम्पस, बागबजार, नेकपा (एमाले), केन्द्रीय कार्यालय, बल्खु, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं, नेपाल ट्रेड युनियन महासङ्घ, पुतली सडक, मार्टिन चौतारी, थापाथली, काठमाडौ, कानुनी परामर्श सेवा केन्द्र (ल्याक), ललितपुर, पूर्वाञ्चल विश्वविद्यालय केन्द्रीय पुस्तकालय, विराटनगर, र महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरका पुस्तकालयहरूमा भ्रमण र अध्ययन भयो । नेपालका प्रमुख राजनीतिक दलद्वारा प्रकाशित सूचनामूलक दस्तावेज, ग्रन्थहरू सो दलको कार्यालयबाट प्राप्त गरी अध्ययन गरियो । सोही दलका भगिनी सङ्गठनको रूपमा रहेका

महिला सङ्घहरूको कार्यालयद्वारा प्रकाशित प्राप्त विभिन्न दस्तावेज, ग्रन्थहरू अध्ययन गरियो । यसका साथै विभिन्न पुस्तक पसलहरूमासमेत पुस्तक खरिद गरी अध्ययन गरियो ।

## ३.३. नमुना क्षेत्र छनोट

अन्तर्वार्ता लिने क्रममा नेपालका विभिन्न स्थान र विषयगत क्षेत्रका प्रतिनिधिमूलक रूपले विशिष्ट व्यक्तित्वहरूलाई छनोट गरियो । नेपालको राजनीतिक महिला आन्दोलनका बारेमा छनोटमा परेका सो व्यक्तित्वहरूद्वारा नै अनुसन्धानका लागि चाहिने आवश्यक सूचनाहरू आउने भएकाले छनोट गरियो । यसरी छनोट गर्दा नेपालको शिक्षा, सञ्चार, कानुन, आर्थिक, राजनीति, सामाजिक क्षेत्रमा कार्यरत विशिष्ट व्यक्तित्वहरू, महिला आन्दोलनका नेताहरू, सांसद एवम् मन्त्रिपरिषद्मा रही कार्य गरिसकेका व्यक्तित्वहरूलाई छनोट गरियो । सो छनोट गरिएको क्षेत्रका विशिष्ट व्यक्तित्वहरूबाट नेपाली महिलाहरूले महिला आन्दोलन सङ्गठित रूपमा अगाडि बढाएका, नेपाली महिला आन्दोलनको स्वरूप र प्रकृया, महिला आन्दोलन राजनीतिक पार्टीद्वारा चलाइएको आन्दोलनको रूपमा मात्र भएको छ वा महिलाहरूले महिला आन्दोलन पनि गरेका छन् भन्ने सवालका बारेमा समेत जानकारी प्राप्त गर्न सहयोग पुग्यो । यस विधिले समग्र नेपालको राजनीतिक महिला आन्दोलनको बारेमा सूचना सङ्कलन गर्न सहयोग पुग्यो ।

## ३.४. तथ्याङ्क विश्लेषण विधि

प्रस्तुत अध्ययनमा परिमाणात्मक र गुणात्मक दुबै पद्दतिलाई अपनाइएको छ । अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि विभिन्न ठाउाबाट तथ्याङ्कहरू सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार वर्गीकरण गरियो । यसको साथै प्राप्त तथ्याङ्कलाई व्यवस्थित गर्नको लागि तालिकीकरणसमेत गरियो । अनुसन्धान कार्य सम्पन्न गर्नका लागि व्याख्या एवम् विश्लेषणको समेत महत्वपूर्ण स्थान रहेको हुन्छ । तसर्थ अनुसन्धानकर्ता निष्कर्षमा पुग्न लागि व्याख्या एवम् विश्लेषणलाईसमेत अपनाइएको छ । यसका साथै प्राप्त तथ्याङ्कको व्याख्या, विश्लेषणबाट विषयवस्तुको यथार्थता उजागर भएको छ । यस अध्ययनमा प्राप्त तथ्य, तथ्याङ्कलाई व्याख्या, विश्लेषण गर्नका लागि विश्लेषणात्मक विधि अपनाइएको छ । यसबाट विषयवस्तुको यथार्थतालाईसमेत उजागर गर्ने काम गरियो ।

## अध्याय– चार

# महिला आन्दोलन

## ४.१ राजनीतिक महिला आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

मानव जातिको विकासक्रममा जङ्गली युगमा सबै व्यक्तिहरू समान रूपले जीवन निर्वाह गर्ने गर्दथे । त्यसबेला उनीहरू सबै काम सामूहिक रूपले गरी उपलब्ध सबै खानेकुराहरू बाँडीचुँडी खाने गर्दथे । प्राकृतिक आपतबिपत, जङ्गली जनावरबाट बच्न तथा शत्रुहरूसँग सबै मिलेर सङ्घर्ष गर्दथे । सो समयमा धनी, गरिबको विभेद नभएकाले महिलामाथि पुरुषको आधिपत्य र शोषण पनि भएको देखिदैन । त्यसबेला सामाजिक व्यवस्थामा महिलाहरूकै प्रमुख स्थान रहनुका साथै पुरुषभन्दा सक्रिय र क्रियाशील रहेका देखिन्थे । यसरी मातृसत्तात्मक समाजमा सबै क्षेत्रमा महिलाहरू नै सर्वेसर्वा भएका देखिन्थे । आदिम समाज अर्थात् जातीय सामूहिकताको युगभरि महिलाहरू पुरुष सरह नै थिए र त्यसलाई पुरुषहरूले पनि मान्यता दिएको देखिन्थ्यो ।[१]

त्यसबेला क्रमशः उत्पादन प्रणालीमा प्रगति हुँदै जाने क्रममा पशुपालनको विकास हुन थालेको देखिन्छ । पुरुषहरूले क्रमशः उत्पादन शक्तिमा प्रमुख भूमिका निर्वाह गर्न थाले । उत्पादनका साधन स्रोत जग्गा, औजार, पशुधनको मालिक हुँदै गए । यसरी श्रम विभाजन हुन थालेपछि आदिम युगको गर्भमा निजी सम्पत्तिले स्थान पाउन थालेको देखिन्छ । समाज शोषक र शोषित दुई वर्गमा बाँडिएपछि पुरुषले सम्पूर्ण जग्गा, औजार, पशुधन र अन्य कामदारमाथि अधिकार जमाउँदै लानथालेपछि महिलाको स्थान गौण हुँदै जान थालेको पाइन्छ । नारीजातिको पतन, मातृसत्तात्मक सामूहिक समाजको पतन र यसको साटो पितृसत्तात्मक परिवार, निजी पूँजी र राज्यसत्ता जस्ता संस्था बोकेर आएको वर्ग विभाजित समाजको स्थापना सँगसँगै भएको देखिन्छ ।[२]

यसरी विश्वको जनसङ्ख्याको आधा भाग ओगटेका महिलामाथि वर्गको उदयसँगै उत्पीडनको पनि सुरुवात भयो । उनीहरू क्रमशः मनोवैज्ञानिक, आर्थिक, राजनीतिक आदि रूपले नियन्त्रित एवम् उपेक्षित बन्दै गएकाले आफ्नो मुक्तिका लागि आन्दोलित बनी मतदान एवम् सबै प्रकारको अधिकारका साथै नागरिक अधिकारका निम्ति लड्न थालेको

---

१. रीड, एभलिन (२०५७), *महिला मुक्ति आन्दोलनका सम्बन्धमा,* काठमाडौं : सिर्जनशील प्रकाशन, पृ. २७ ।

२. रीड, एभलिन, पूर्ववत् पृ. २७ ।

देखिन्छ । आर्थिक सङ्घर्ष महिला आन्दोलनको पहिलो खुड्किलो मानिन्छ । तसर्थ मतदान एवम् सबै प्रकारका न्यायिक अधिकारका साथै आर्थिक स्वतन्त्रताको अभावमा महिला स्वतन्त्रता केवल अमूर्त र सैद्धान्तिक मात्र रहन्छ भनिन्छ ।[३]

महिलाहरूलाई सधैं पछाडि पारी राख्ने उद्देश्यले महिलाको अस्तित्त्व वा अस्मिताको बारेमा विभिन्न व्यक्तिहरूका विभिन्न प्रकारका अभिव्यक्तिहरू रहेको पाइन्छ । यही क्रममा अरस्तुले भनेका थिए "महिलालाई आफ्नो कुनै निश्चित लक्षण वा गुणको कमीको नाताले महिला हो, हामीले महिलालाई सम्मान गर्नुपर्छ किन कि उनीहरू प्राकृतिक कमीले पीडित छन्"।[४] सेन्ट थोमसले भनेका छन् "नारी एक अपूर्ण (Imperfect) मानव हो, एक आकस्मिक प्राणी हो"।[५] यसरी महिलालाई हेयको दृष्टिले हेर्ने एवम् तुच्छ ठान्ने मात्र होइन विश्वास गर्न पनि नसक्ने विचारहरू व्यक्त गर्ने काम गरेका छन् । महिलाहरूको बारेमा आफ्नो विचार व्यक्त गर्ने क्रममा होमर भन्छन् "नारीमाथि कहिल्यै विश्वास नगर्नु"।[६] सेक्सपियरको शब्दमा "नारी कमजोरीको दोस्रो नाम हो"।[७] यिनले त नारीलाई कमजोरीको रूपमा मात्र लिएका छन् तर नित्सेले भनेका छन्- "नारीको सृष्टि ईश्वरको दोस्रो गल्ती हो"।[८] यसरी नै माइकलेटका शब्दमा "स्त्री एक आश्रित (Relative) प्राणि हो"।[९] समग्र भनाइको निष्कर्ष यही हो कि महिला एक परजीवी प्राणी हो, स्वतन्त्र प्राणी नै होइन । "संसार पुरुष जातिको हो"।[१०]उनीहरूको केवल पुरुषको साथमा गाँसेर मात्र मूल्याङ्कन गरिएको छ । उनीहरूलाई आकस्मिक, आश्रित र अपूर्ण प्राणीको रूपमा मात्र लिइएको पाइन्छ । यति मात्र होइन महिलालाई "संसारदेखि अपरिचित हुनुमा नै नारीको इज्जत छ । पतिको सम्मान गर्नुमा नै गौरव छ तथा परिवारको खुशी नै उनको खुशी हो"[११] भनी रुसोले आफ्नो मत राखेका छन् ।

समाजमा महिलाहरूलाई यथास्थानमा राखी असमान ब्यबहार गरी दुर्बल सावित गरी सधैं आफ्नो पक्षमा उनीहरूको अस्तित्त्वको परिभाषा गर्ने पक्षहरू एकातिर शक्तिशाली रूपमा देखिन्छन् भने अर्कोतर्फ महिला स्वतन्त्र सामाजिक विकासको निम्ति अनिवार्य हुन्छ, उनीहरू स्वतन्त्र र पूर्ण अधिकार सम्पन्न हुनुपर्छ भन्ने तर्कहरूका पक्षधरहरूको

---

३. सोमोन द बोउवार, *द सेकेण्ड सेक्स,* हिन्द पाकेट बुक्स प्रा.लि., दिलसाद गार्डन, जि.टि.रोड दिल्ली, पृ. ३१८ ।
४. अमरनाथ (१९९१), *नारीका मुक्ति सङ्घर्ष,* गोरखपुर, जनवादी लेखक सङ्घ, बडहलगञ्ज, पृ. २० ।
५. अमरनाथ पूर्ववत्, पृ. २० ।
६. अमरनाथ पूर्ववत्, पृ. २० ।
७. अमरनाथ पूर्ववत्, पृ. २० ।
८. अमरनाथ पूर्ववत्, पृ. २० ।
९. अमरनाथ पूर्ववत्, पृ. २० ।
१०. अमरनाथ पूर्ववत्, पृ. २० ।
११. अमरनाथ पूर्ववत्, पृ. २० ।

मनोभावनाले आन्दोलनको रूप लिएको देखिन्छ । "महिलाहरू मताधिकार, राजनीतिक अधिकारका कुरालाई मात्र होइन आर्थिक स्वतन्त्रता एवम् महिला स्वतन्त्रताका कुरालाई समेत लिई अगाडि बढ्न थालेको पाइन्छ ।"[१२]

समाजिक बिकासमा महिलाको पनि सहभागिता अनिवार्य हुन्छ भन्ने कुराको महसुस हुन थाल्यो । जबसम्म स्त्री जातिलाई सामाजिक उत्पादनको कामबाट अलग, घरको निजी काममा मात्र सीमित राखिन्छ, तबसम्म उनीहरू मुक्त हुनु एवम् उनीहरूले पुरुषसँग बराबरी हक पाउनु असम्भव हुन्छ र असम्भव नै रहने देखिन्छ । महिला मुक्ति तब सम्भव हुन्छ जब उनीहरू ठूलो मात्रामा सामाजिक स्तरमा नै उत्पादन प्रक्रियामा भाग लिन सक्छन् र घरेलु काममा उनीहरूको कमभन्दा कम समय खर्च हुन्छ ।[१३]

समाजमा महिलाहरूले आधा भाग ओगटेकाले यदि उनीहरू निस्क्रिय रहे भने समाजको आधा भाग नै निस्क्रिय हुन्छ । त्यसैले सामाजिक विकासको निम्ति पनि महिलाहरूको क्रियाशीलताको आवश्यकता पर्न जान्छ । त्यसैले लेनिनले भनेका छन्- "सबै मुक्ति आन्दोलनको अनुभवमा यो देखिएको छ कि कुनै पनि क्रान्तिको सफलता त्यसमा महिलाहरूको सहभागिता कति रहेको छ भन्ने कुरामा निर्भर रहन्छ"।[१४] यसरी महिला सहभागितालाई अनिवार्य रूपमा लिइएको पाइन्छ । यद्यपि महिलालाई दोस्रो श्रेणीमा राख्न अर्को पक्ष प्रयत्नरत रहेको देखिन्छ ।

महिलालाई जसरी परिभाषित गरिए पनि महिला विकासको पक्षमा क्रियाशील रहनु नै पर्दछ । उनीहरूको अनुपस्थितिमा प्रत्येक काम अधुरो, गतिमा न्यूनता नै रहेको देखिन्छ । महिला एक अनिवार्यताको अर्को नाम मानिन्छ । महिला एक जननी हो । उनले नै पुरुष एवम् महिलालाई जन्म दिन्छिन् । उनैले नौ महिनासम्म आफ्नो पेटमा राखी आफ्नै रगतले सिञ्चित गरी पालन, पोषण गरी जन्माउँछिन् । तर उनीमाथि आफ्नै रगतले सिञ्चित आफ्नै दूधले जीवित व्यक्तिको नै असमान ब्यबहार भई रहेको देखिन्छ । उनीहरूद्वारा नै उपेक्षित, अपहेलित बनेकी पाइन्छ ।

महिलाहरूले आफ्नो अधिकार प्राप्तका निम्ति सचेत बन्न छोडेनन् । उनीहरूले अधिकारका निम्ति आन्दोलनहरू गर्न थाले । अन्य मुक्ति एवम् समानताको आन्दोलन सरह महिला मुक्ति एवम् समानताको आन्दोलन पनि प्रारम्भिक मागहरूको प्रस्तुतिकरणबाट सुरु भएको देखिन्छ । महिलाहरूले केवल आफ्नो मात्र नभएर राष्ट्रको निम्ति आफूले गर्न सक्ने

---

१२. सहाना प्रधान, अन्तर्वार्ता- २०५९/४/२० ।

१३. मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन, माओ, २०५७, *महिलाहरूको मुक्तिको बारेमा,* काठमाडौ : प्रगति पुस्तक सदन, पृ. २ ।

१४. मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन, माओ, २०५७, पूर्ववत्, पृ. २ ।

कामहरू गरेकै पाइन्छ । यस प्रकार परिवर्तनका निम्ति पुरुष जत्तिकै महत्त्वपूर्ण भूमिका महिलाहरूको पनि रहेको देखिन्छ । विश्वमा नै महिलाहरू अपहेलित, उपेक्षित र दबाइँदै गएकाले उनीहरू समानता र स्वतन्त्रताका निम्ति लडाइँ लडेको इतिहास भेटिन्छ । त्यसैले यहाँ मताधिकार तथा राजनीतिक अधिकार प्राप्तिका निम्ति गरिएका आन्दोलनका सम्बन्धमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

## ४.२ विश्वमा महिला आन्दोलन

विश्व इतिहासले महिलाहरूलाई दोस्रो श्रेणिमा राखी परिभाषित गर्दै दबाउन थालिएको घटनाक्रमहरू देखाइरहेको पाइन्छ । महिलाहरू नै मानव जीवनको प्रारम्भदेखि नै आफ्नो गर्भमा विजारोपण गरी आफ्नै रगत सिञ्चित गरी पालन, पोषण गरी पृथ्वीमा जन्म दिने जननी हुन्  उनले नै जन्माउँछिन्, खुवाउँछिन्, स्याहार सम्भार गर्दछिन् । तर उनी नै तिनै जन्माइएका, खुवाइएका, स्याहारिएका, सम्भारिएका मानिसद्वारा उपहार स्वरूप अपहेलित, उपेक्षित बनी शोषित, पीडित बनी हरक्षण दबाइएकी हुन्छिन् । मानवद्वारा निर्मित प्रत्येक नियम, कानुन, संस्कारद्वारा उनीमाथि असमान ब्यबहार गरिरहेको पाईन्छ ।

एकातर्फ आफ्नो स्वार्थका निम्ति महिलाहरूलाई यथास्थानमा राखी उनीहरूमाथि असमान ब्यबहार गर्ने पक्ष देखिन्छ भने अर्कोतर्फ महिलाहरूलाई स्वतन्त्र गराउनुपर्छ उनीहरू पनि पूर्ण अधिकार सम्पन्न बन्नुपर्छ भन्ने तर्कका पक्षधरहरू पनि देखापर्न थालेको देखिन्छ । अन्तत्त्वगत्वा महिला अधिकार सम्पन्न बन्नुपर्छ भन्ने पक्षधरहरूको मनोभावनाले आन्दोलनको रूप लिन थालेको देखिन्छ । यसरी महिलाहरू राजनीतिक स्वतन्त्रतादेखि मताधिकारका कुराहरूलाई समेत आन्दोलनको मुख्य विषय बनाउँदै अगाडि बढ्न थालेको पाईन्छ ।

### युरोप – *महिला आन्दोलन*

विश्वमा भएका महिला आन्दोलनको प्रक्रियालाई हेर्दा प्रायः सबै राष्ट्रहरूमा मिल्दोजुल्दो नै रहेको देखिन्छ । सबभन्दा पहिला व्यक्तिगत चेतनाको विकास भएको पाइन्छ । त्यसपछि क्रमशः सामुदायिक, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म विकास हुँदै आएको देखिन्छ । समाजमा सबै मानिस समान रूपमा जिउनको निम्ति आ-आफ्ना मत जाहेर गरेको पाइन्छ । यही क्रममा शिक्षा आर्जन गर्ने अधिकार, स्वतन्त्र नागरिक अधिकार एवम् मानव अधिकारका मागहरू उठेको पाइन्छ । सबैभन्दा पहिला न्यूजिल्यान्डका महिलाहरूले भोट दिन पाउने अधिकारको माग राख्दै सङ्घर्षमा उत्रिएका थिए । परिणाम स्वरूप वि.सं. १८२८ (सन् १८८४) देखि मताधिकार प्राप्त गरे भने विश्वमा महिलाहरूले महिला स्वतन्त्रता र समानताको निम्ति मात्र नभई राष्ट्र र राष्ट्रियताको सवालमा समेत आवाज

उठाएका थिए । राष्ट्रियता र स्वतन्त्रताकी प्रतीक मानिएकी जोन आफ आर्कको जन्म वि.सं. १४६९ (सन् १४१२) मा फ्रान्सको बस्जेमा भएको थियो । युरोपको महिला आन्दोलनकै क्रममा मध्ययुगीन बर्बरताको अन्तिम कालमा उनले ब्रिटिस सम्राटको प्रभुसत्तालाई खण्डित तुल्याई दिएकी थिइन् भने तत्कालीन राजालाई बेलायत विरुद्धमा लड्न प्रेरित गर्दै उनको राजगद्दी समेत फिर्ता गराई छोडिन् ।[१५] फ्रान्समा उन्नाइसौँ शताब्दीभरि नै महिलाहरूले भेदभावपूर्ण व्यवहार भोग्दै आए । त्यहाँ अविवाहित र विवाहित महिलाको स्थितिमा समेत ठूलो भिन्नता थियो । निजामति नियमावलीले कामका अवसरहरूमा अविवाहितहरूले जनुसुकै काम गर्न सक्ने, सम्पत्ति भोगचलन गर्न पाउने तर विवाहिता महिलाले चाहेको क्षेत्रमा काम गर्न नपाउने र लोग्नेको अनुमति विना सम्पत्ति भोगचलन गर्न नपाउने व्यवस्था गरेको थियो । तसर्थ "अविवाहित महिला स्वतन्त्र हुन्थे भने विवाहित महिला लोग्नेको सहयोगी मात्र हुन्थे ।"[१६] महिलाहरूले कानुनी रूपले महिलापुरुष समान हुनुपर्छ भन्दै अगाडि बढिरहेका थिए । त्यसैले महिला र पुरुष बीच कानुनी समानता वि.सं. २०३१ (सन् १९७४) मा मात्र प्रदान गरियो । यही वर्ष लामो वादविवाद पश्चात गर्भपात गर्नका लागि कानुनी मान्यता प्रदान गरिएको थियो । वि.सं. २०४७ (सन् १९९१) मा ५८ वर्षीय महिला इड्थ क्रिसोले प्रधानमन्त्रीको पदभार सम्हालेकी थिइन् । प्रधानमन्त्रीको पद सम्हालेपछि यो पद उनले आफ्नो क्षमताले पाउन सकेकी होइनन्, बरु यसको अर्को कारण केही वर्ष अघिदेखि उनको राष्ट्रपति मितारासँगको सहकार्य नै हो भन्ने टिकाटिप्पणी गर्न थालियो । सो टिप्पणी सुनेपछि प्रधानमन्त्री इड्थ क्रिसोले न्यूजविकका सम्वाददातालाई भनेकी थिइन्-

> कुनै पनि ठूलो ओहदामा पुगेका महिलाहरूले मेरो स्थिति सहजै महसुस गर्न सक्छन्, किनभने धेरै थोरै रूपमा यस किसिमको बदनामीको प्रयास उनीहरूले पनि भोगेका हुन्छन् । विशिष्ट पदमा पुगेका महिलालाई उनको क्षमता र दक्षताभन्दा कुनै पुरुषसँगको मित्रताले वा अवैध सम्बन्ध भएको कारणले सफलता प्राप्त भएको मानिन्छ । त्यसकारण उनको भनाइ छ, उनलाई पनि पुरुष हैकमको शिकार हुन परेको हो नत्र यी वकवास गरिनुको अर्थ छैन ।[१७]

फ्रान्समा भएको पेरिस कम्युन विद्रोहमा हजारौँ सङ्ख्यामा महिलाहरूको सहभागिता र महत्वपूर्ण भूमिका रहेको पाइन्छ । वि. सं. १९२९ (सन् १८७१) मा भएको उक्त चर्चित विद्रोह लुई मिचेल नाम गरेकी महिला सत्रुसामु खुल्ला छाती फर्काई सहिद भएकी थिइन् । यसरी महिलाहरू सङ्घर्षमा मात्र सामेल नभई उनीहरू आफ्नो शक्तिलाई योजनाबद्ध ढङ्गबाट अगाडि बढाउनका निम्ति समय समयमा सभा-सम्मेलनहरू पनि गर्दथे । यही क्रममा वि. सं. १९४६ (सन् १८८९) मा पेरिसमा अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । सोही

१५. शिवमाया तुम्बाहाङ्फे (२०५९), *नेपालमा महिला आन्दोलन (२००४-२०४८)*, काठमाडौं : अनेमसङ्घ, पृ. ९ ।
१६. शान्ता थपलिया, अन्तर्वार्ता, २०६१/११/१३ ।
१७. प्रभाकरलाल, दास (२०५७), *लैङ्गिक अध्ययन*, काठमाडौं : रेखारानी प्रकाशन, पृ. ५१ ।

सम्मेलनको मञ्चबाट क्लारा जेटकिनले महिलापुरुषको समान अधिकारको आवाज उठाएकी थिइन् ।[१८] फ्रान्समा लामो सङ्घर्ष पश्चात् मात्र दोस्रो विश्वयुद्ध वि.सं. १९९५-१९९७ (सन् १९३९-४१) मा मताधिकारको अधिकार प्राप्त गरेको देखिन्छ । स्पेनमा पनि महिलाहरू आन्दोलित बन्दै थिए । त्यहाँ महिलाहरूले वि.सं. १९९३ (सन् १९३७) मा एक महिला सङ्गठनको स्थापना गरी महिलाहरूका लागि स्वास्थ्य, शिक्षा जस्ता विषयलाई प्राथमिकता दिई जनजागरणको अभियान सञ्चालन गरेको पाइन्छ ।

बेलायती महिलाहरूले पनि आफ्ना अधिकारका कुरालाई उठाउन थालेका थिए । वि.सं. १८३६ (सन् १७७९) मा बेलायतकी महिला मेरी उल्स्टोनक्राफ्ट (Marry woolstoncraft) ले सर्वप्रथम महिला अधिकारसम्बन्धी कुरा उठाइन् । त्यसताका उनले शासनमा समान अधिकार र माहिलामाथि भइरहेको पुरुष शासनको विरोध गरेकी थिइन् ।[१९] १८ औं शताब्दीमा बेलायतको औद्योगिक क्रान्तिपछि उद्योगधन्दा र पूँजीको विकासमा तीब्रता आएको पाइन्छ । यसले गर्दा भूस्वामीहरूको हातमा रहेको सत्ता खोसियो र पूँजीपतिहरूको हातमा सत्ता र शक्ति केन्द्रित बन्न गई नयाँ युगको जन्म भई तीब्र गतिमा कलकारखानाहरूको विकास भएको देखिन्छ । यसपछि महिलाहरू पनि कलकारखानामा गई उत्पादन कार्यमा लाग्नथाले । तर पूँजीपतिहरूले महिलाहरूलाई मेसिनको रूपमा काम लगाउन थाले । यसले गर्दा मजदूर पूँजीपतिहरूको बीचमा अन्तरविरोध तीब्र बन्दै गएको पाइन्छ । परिणामस्वरूप अठारौँ शताब्दीमा ठूलठूला मजदुर आन्दोलनहरू भएको देखिन्छ ।[२०]त्यसबेला मजदुर महिलाहरु पनि अधिकार प्राप्तका लागि डटिरहेका देखिन्थे ।

महिला आन्दोलनलाई अगाडी बढाउने क्रममा उदार नारीवाद अठारौँ शताब्दीमा मेरी बल्स्टनक्राफ्टले अगाडि ल्याएकी हुन् भन्ने मानिएको छ । वास्तवमा फ्रान्सेली क्रान्तिबाट प्रभावित उनको *महिला अधिकारको औचित्य* नामक किताबमा अठारौँ शताब्दीको उत्तरार्द्धमा उदयरत पूँजीपति वर्गका महिलाहरूका आकाङ्क्षाहरू र आफ्नो अवस्थाका बारेमा उठाउन खोजेका प्रश्नहरूको सम्प्रेषण गर्न उनी सफल भएकी थिइन् । त्यति बेलासम्मको पश्चिमी समाजमा बौद्धिक र शारीरिक दुवै पक्षमा महिलाहरू पुरुषभन्दा कम सक्षम हुन्छन् भन्ने कथनलाई शाश्वत मान्यताका रूपमा स्वीकारिएको थियो । धर्म र शिक्षाले यही सोचमाथि जोड दिन्थे । सोही मान्यता पारिवारिक व्यवहारदेखि कानुनी र राजनीतिक संरचनासम्म लागू गरिएको पाइन्छ ।

---

१८. अन्तर्राष्ट्रि श्रमिक महिला दिवस ८ मार्चको परिचय (२०४५), *महिला आवाज,* काठमाडौं : अनेरास्वविय, अङ्क १, वर्ष १, पृ. २७ ।

१९. पूर्णशोभा चित्रकार (२०४७ फागुन), *अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस* (आठमार्च), काठमाडौं : अनेमसङ्घ के.स., पृ ८ ।

२०. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १० ।

त्यसबेला महिलाको अबस्थाका बारेमा स्पष्ट गर्न मेरी बल्स्टनक्राफ्टले निम्न नयाँ मान्यताहरू अघि सारेकी थिइन् । एक, महिला र पुरूषका आधारभूत स्वभाव र क्षमता समरूपी छन् । दुई, समाजमा जरा गाडेर बसेको पूर्वाग्रही मान्यतामा आधारित चालचलनहरू एवम् कानुनी बन्देजहरूले पारिवारको साँघुरो घेराभित्र घेरी महिलाहरूलाई सार्वजनिक संसारबाट वञ्चित गरिएको छ । तीन, फलस्वरूप सार्वजनिक संसारका सांस्कृतिक, आर्थिक, राजनीतिक, साहित्यकला लगायतका कामकारवाहीहरूमा पुरुष सरह भूमिका खेल्न महिलाहरू सक्षम नभएका देखिन्छन् । तर वास्तवमा महिलाहरूको सार्वजनिक क्षेत्रमा रहेको निस्क्रियता न नारीजातिको प्रकृतिसँग सम्बन्धित छ, न त क्षमतासँग नै । बरु यो निस्क्रियता त पुरुषप्रधान समाज व्यवस्थाको अनिवार्य परिणाम पो हो भनिन्छ ।[३१]

तत्कालिन समयमा बेलायती महिलाहरूले आन्दोलनलाई जारी राखेको देखिन्छ । महिलाहरूको समान अधिकार सम्बन्धमा श्रीमती कोरालिन वार्टनले महिलाहरू अधिकार चाहन्छन् भन्ने मूल नाराका साथ महिला आन्दोलनको थालनी गरिन् तर आन्दोलन नराम्ररी दबाइएका कारण असफल रहन गयो ।[३२] यद्यपि त्यहाँका महिलाहरूले आफ्नो आवाजलाई उठाउँदैं रहेका थिए । वि.सं. १९२२ (सन् १८६५) मा पुनः नारी मुक्ति आन्दोलनले सङ्गठित रूप लियो । सोही वर्ष मेनचेस्टरमा बेलायती महिलाहरूले "नारी मताधिकार समिति" गठन गरेका थिए । त्यस सङ्गठनले महिला हकहितका विषयमा व्यापक जनमत तयार गर्न सफल भयो । फलस्वरूप दुई वर्षपछि वि.सं. १९२४ (सन् १८६७) मा बेलायती संसदमा नारीको समान मताधिकार माग गर्दै विधेयक पेश गरियो, जसमा १,५०० व्यक्तिहरूले सही गरेको देखिन्छ ।[३३]

बेलायती कामदार महिलाहरूले वि.सं. २०२४ (सन् १९६८) मा बेलायतको हल (HULL) भन्ने ठाउँमा Better Working Conditions को माग गरेका थिए । लण्डनका महिलाहरूले उक्त मागलाई विभिन्न ७० वटा ग्रुपसँग समन्वय गरी माग सम्बन्धी निर्णयहरू प्रकाशन गरे । यसरी महिलाहरूले Better Working Conditions को माग र घरेलु हिंसा बारेमा पनि प्रश्न उठाउन थाले । वि.सं. १९२६ (सन् १९७०) मा National Womens Liberation Movement ले Oxford मा पहिलो National Conference गरेको थियो । यसले बच्चा हेर्ने सेवा, एउटै काम बापत बराबर तलब, समान शिक्षाको अवसर, निशुल्क गर्भ निरोधक उपाय र गर्भपतनको अधिकार बारे माग राखेको थियो । महिला आन्दोलनकारी संस्थाले आफ्ना बैठकमा पुरुषहरूलाई पनि सम्मिलित गर्नुपर्ने आवश्यकता

---

३१. सेरा तामाङ्ग, मेरी डेसेन, प्रत्यूष वन्त (सम्पा.) (२००४), नेपालमा विकासे नारीवाद, *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* ललितपुर : सोसल साइन्स बहाः हिमाल एसोसियसन, नेपाल पृ. ५२४ ।

३२. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १० ।

३३. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १० ।

व्यक्त गर्न थालेका थिए ।[३४] क्रमशः महिलाहरू डाक्टर, प्रशासक, इन्जिनियर, वैज्ञानिक, राजनीतज्ञ बनेर देखाउन सकेको खण्डमा पुरुषको महिला प्रतिको दृष्टिकोण बदलिएर सकारात्मक हुन्छ भन्ने धारणा बन्न थाल्यो । अर्कोतर्फ मार्क्सवादी महिलाहरू र आमूल (Radical) दृष्टिकोण भएका महिलाहरूले आन्दोलनद्वारा समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने धारणा राख्न थाले । यही ताका महिला र पुरुष बीच यस्तो अन्तर आउनुमा पुरुषप्रधान समाजको बनावटको कारण हो भन्ने धारणा पनि ब्यक्त हुन थालेको देखिन्थ्यो । तसर्थ यसलाई बदल्नु सम्पूर्ण सामाजिक ढाँचालाई नै बदल्नु पर्ने आवश्यकताको महसुस गर्न थालेको पाइन्थ्यो ।

विश्वको सर्वहारा आन्दोलनसँग महिला आन्दोलन जोडिएको देखिन्छ । जसले गर्दा महिला आन्दोलन नै सर्वहारा आन्दोलनको एक अभिन्न अङ्ग बन्न पुग्यो । आन्दोलनको विकाससँगै महिलाहरूको अधिकारको निम्ति महिलाहरूलाई नै जागरुक र संवेदनशील बनाउनुपर्ने आवश्यकता महसुस भइरहेको अवस्थामा वि.सं. १९६४ (सन् १९०७ मार्च ८) मा जर्मनीको स्टुटगार्डमा समाजवादी महिलाहरूले पहिलो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरी उक्त सम्मेलनबाट क्लारा जेटकिनको नेतृत्वमा “श्रमिक महिला सङ्गठन” नामक सङ्घ गठन भएको थियो ।[३५]जसले गर्दा महिला आन्दोलन युरोपभरि नै फैलिँदै गयो र लडाकु बन्दै गयो । यही समयमा प्रजातन्त्रको इतिहासमा पहिलो पल्ट फिन्ल्यान्डका महिलाहरूले समान अधिकार  प्राप्त गरका थिए । यसबाट युरोपेली महिलाहरू अझ उत्साहित भएको पाइन्थ्यो ।

युरोपेली महिलाहरूले महिला आन्दोलनलाई सङ्गठित रूपले अगाडि बढाउँदै लाने क्रममा वि.सं. १९६६ (सन् १९१०) मा डेनमार्कको कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । सम्मेलनले ८ घण्टाको श्रमसमय लागू गर्न मातृशिशु कार्यक्रम सञ्चालन गर्ने, हतियारको होडबाजी बन्द गर्ने, शान्तिपूर्ण मानव जीवनको ग्यारेन्टी गर्ने तथा महिलाहरूले पनि आर्थिक र राजनीतिक कार्यमा सक्रिय रूपमा भाग लिन पाउनुपर्ने जस्ता सवालहरूमा छलफल गरिएको थियो । उक्त सम्मेलनमा साम्राज्यवादी युद्धपिपासुहरूको होडबाजी र विश्वयुद्धलाई रोक्दै विश्व शान्ति कायम गर्न सहयोग पुर्‍याउने सन्दर्भका साथै विभिन्न समयमा महिला अधिकारका निमित्त भएका प्रयासहरू तथा सङ्घर्षहरूबारे पनि छलफल भयो । सम्मेलनमा क्लारा जेटकिनले ल्याएको प्रस्ताव विश्वका महिलाहरूको एकता र सङ्घर्षको प्रतीकको रूपमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउन ८ मार्चलाई छानी विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सहमति भयो । त्यसैले वि.सं. १९६७ (सन् १९११ मार्च ८) देखि निरन्तर रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा हालसम्म विश्वभरि मनाइँदै आइरहेकोछ ।[३६]

---

३४. घनानाथ ओझा (२०५६), *नेपालमा महिला,* काठमाडौं : पैरबी बुक्स एण्ड स्टेसनरी सेन्टर, पृ. ३४ ।
३५. महिला आवाज, पूर्ववत् पृ. २७ ।
३६. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १२ ।

रुसी महिलाहरूले वि.सं. १९७४ (सन् १९१७ मार्च ८) का दिन रुसको राजधानी मस्कोमा जारशाही राजतन्त्रको विरोध गर्दै विशाल प्रदर्शन गरेका थिए । त्यही वर्ष जारशाही ढल्यो र महिलाहरूलाई राजनीतिक, आर्थिक क्षेत्रमा समान अधिकार सुनिश्चित गरिएको देखिन्छ । महिलाहरूले युद्ध, अनिकाल तथा जारशाहीका विरुद्ध पनि लेनिनग्राद शहरमा भव्य जुलुस प्रदर्शन गरेका थिए ।[३७]यसले क्रान्तिकारीहरूलाई उत्साह थप्ने काम गरेको देखिन्थ्यो । त्यस दिन कारखानाका सम्पूर्ण मजदुरहरूले कारखाना बन्द गरी सो प्रदर्शनलाई स्वागत गरेको थिए ।

वि.सं. २००१ (सन् १९४५) मा रुसबाट मुक्त भएको पोल्यान्डको पहिलो संविधान वि.सं. २००८ (सन् १९५२) मा बनाइएको थियो । सो संविधान अन्तर्गत नारी र पुरुषबीच आर्थिक, राजनीतिक तथा सांस्कृतिक समानता आदि उल्लेखित थिए । कामका अवसरमा लिङ्गका आधारमा भेदभाव नगर्ने र समान कामका लागि समान ज्यालाबारे संविधानमा उल्लेख गरिएको पाइन्थ्यो ।[३८] यति हुँदाहुँदै पनि व्यवहारमा महिलाहरूले पुरुष सरह न रोजगारी नै पाएका थिए न ज्याला नै पाएका थिए । महिलाहरूले पुरुषको तुलनामा ३० प्रतिशतले कम ज्याला पाउने गर्दथे । त्यहाँका धेरै महिलाहरू कपडा कारखानामा कार्यरत रहेका थिए ।

महिलाले बच्चालाई जन्म दिन्छिन्, तर उनको कुनै अर्थ रहँदैन । स्वीडेनका आमाहरूको पनि स्थिति नाजुक थियो । उनीहरूले पनि सरकारी निकाय, नागरिकता आदिमा आमाको नाम उल्लेख गर्न वा लेख्न पाउँदैनथे अथवा काम चल्दैनथ्यो । त्यसैले त्यहाँका महिलाहरूले आमाको नाम राखिनुपर्ने मागलाई अगाडि सारेका थिए । तसर्थ वि.सं. २००१ (सन् १९४५) पछि मात्र आमाहरूले सरकारी निकाय, नागरिकतामा आमाको पनि नाम राखिनुपर्ने व्यवस्था गरिएको पाइन्छ ।[३९]

विश्वमा तुलनात्मक रूपमा कम्युनिस्ट पार्टीको राज्यसत्ता कायम रहेको राष्ट्रमा महिलाहरूलाई केही स्वतन्त्रता प्राप्त भएको देखिन्छ । जस्तो पूर्वी र पश्चिमी जर्मनीमा पूर्वमा कम्युनिस्ट पार्टीको राज्यसत्ता भएका कारण त्यहाँका महिलाहरूले मौलिक हकहरू केही हदसम्म पश्चिममा भन्दा बढी प्राप्त गरेकै देखिन्छ । त्यहाँका महिलाहरू उत्पादनको काममा बढी सरिक हुनुका साथै लिङ्गीय विभेद पनि कम रहेको देखिन्छ । यद्यपि त्यहाँ पर्याप्त महिला अधिकारका निम्ति महिलाहरू आन्दोलित बन्नु पर्ने देखिन्छ ।

---

३७. महिला आवाज, पूर्ववत्, पृ. २८ ।

३८. प्रभाकरलाल दास (२०५७), *लैङ्गिक अध्ययन,* काठमाडौं, रेखारानी प्रकाशन, पृ. ५२ ।

३९. सुजिता शाक्य (२०५५) विश्व महिला आन्दोलनको सङ्क्षिप्त झलक र वर्तमान चुनौती, *महिला आवाज,* काठमाडौं : अनेरास्ववियु के. महिला विभाग, अङ्क ५, पृ. ७३ ।

महिलाहरू आफ्नो अधिकार प्राप्तिका निम्ति मात्र होइन राष्ट्रिय मुक्तिका लडाईं पनि लडेको इतिहास रहेको पाइन्छ । युरोपको तुलनामा विकासको क्रममा पछि परेको तेस्रो विश्वका मुलुक ल्याटिन अमेरिकी देशहरू चिली, पेरु, मेक्सिको आदि देशका राष्ट्रिय मुक्तिका निम्ति लडेको इतिहास ताजा रहेको देखिन्छ । त्यो लडाइँमा महिलाहरूको पनि महत्त्वपूर्ण योगदान र सहभागिता रहेको थियो । त्यही लडाइँभित्रै उनीहरूले आफ्नो आवाजलाई उठाइरहेका छन् । यसरी नै क्युवा कम्युनिस्ट राज्यसत्ताबाट अघि बढिरहेको अवस्थामा महिलाहरू सरकारी नेतृत्वमा एवम् सम्पूर्ण विकास निर्माणका कामहरूमा समान सहभागिता रहेको देखिन्छ ।

आफ्नो स्वार्थ सिद्ध गर्नका निम्ति विभिन्न बहनाहरूको सहयोग लिने गरिन्छ । विश्व मानव एउटै भए पनि जाति भाषा, रङ्ग, लिङ्गको आधारमा विभेद गरिएको कुरा सर्वविदित भएकै कुरा हो । जातको आधारमा गोरा जातिबाट लामो समयसम्म अफ्रिकाका कैयन देशहरूसँगै दक्षिण अफ्रिकाका जनताहरू पनि दबाइएका थिए । त्यहाँका जनताहरूले लामो समय रङ्गभेद र दासताको विरुद्धमा आफूलाई समर्पित गर्दै लडाइँमा बिताएका थिए । त्यहाँका महिलाहरूले बल्ल आफ्नो हक, हित र अधिकारका मागहरू उठाइरहेको देखिन्छ । महिला आन्दोलनलाई महिला मुक्तिको सवालसँग गाँस्दै अगाडि बढिरहेका छन् । यही आन्दोलनलाई अगाडि बढाउनको निम्ति विन्नी मण्डेलाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

युरोपेली महिला आन्दोलनको प्रक्रियालाई हेर्दा प्राय सबै देशको महिला आन्दोलन मिल्दोजुल्दो देखिन्छ । महिला आन्दोलनको बिकासको पहिलो खुड्किलो चेतनाको बिकास भएको पाइन्छ । त्यसपछि क्रमस सामुदायिक, क्षेत्रिय, रास्ट्रिय र अन्तरास्ट्रिय क्षेत्रमा बिकास हुदै आइरहेको पाईन्छ । महिलाहरुले अधिकार प्राप्तका लागि शिक्षा, राजनीतिक चेतनाको बिकास एवम् समानताको सवाललाई उठाउदै आन्दोलनलाई सर्बहारा आन्दोलनसंग गांस्दै आएको देखिन्छ ।

## अमेरिका – *महिला आन्दोलन*

विश्वमा औद्योगिक क्रान्तिद्वारा समाजमा दुई प्रमुख आन्दोलनहरू सङ्गठित मजदुर आन्दोलन र महिला मुक्ति आन्दोलन देखा परेको देखिन्छ । यी दुबै आन्दोलन मानव जातिको श्रमशील जीवनमाथि थोपरिरहेको शोषण, उत्पीडन तथा असमानताको विरुद्ध लक्ष्यित रहेको थियो । विश्वमा तीब्र गतिले बढेको विज्ञानको विकास र बिस्तार, वस्तु विनिमयको ठाउँ मुद्राले लिएपछि बढेका बजार, बस्तीहरू आदि कारणले गर्दा धार्मिक जडताबाट छुटकाराका निम्ति हुर्केको नयाँ चेतनाले महिलाहरूलाई पनि झकझकाई उनीहरूलाई आफ्नै साझा सामूदायिक हितका निम्ति अग्रसर हुने प्रेरणा प्रदान गरेको पाइन्छ ।

त्यही चेतनाको ज्योतिमा अमेरिकी महिलाहरूले पनि महिला हक, अधिकारका निम्ति आवाज उठाउन थाले । यसरी उन्नाइसौं शताब्दीको चौंथो दशकपछि सङ्गठित महिला आन्दोलनको सुरुवात भएको थियो । वि.सं. १९०४ (सन् १८४८ जुलाई १९ र २०) मा अमेरिकाको सेनेकाफल्समा (न्युयोर्क) भएको महिला सम्मेलनपछि आन्दोलनले ठोस रूप लिन पुगेको देखिन्छ । तत्कालीन महिला नेतृ सुजान वी एन्थोनी, एलिजावेथ क्यान्डिस, लुक्रेसिया, मन्ट आदिसहित विभिन्न ६८ जना महिला प्रतिनिधि र ३२ जना पुरूष गरी करिब तीन सयको सहभागिता रहेको सो सम्मेलनले नारी जातिको सामाजिक अस्तित्त्व बारेमा प्रश्न उर्ठाको पाइन्छ । यसका साथै राजनीतिक क्षेत्रमा समान मताधिकारको माग, आर्थिक क्षेत्रमा सम्पत्तिको अधिकार पारिवारिक सवालमा मातृत्वको हक र व्यक्तिगत स्वतन्त्रताको रूपमा परिवारको चयन र विवाह, बिच्छेद जस्ता कुरामा व्यापक छलफल गऱ्यो र एउटा घोषणापत्र प्रकाशित गरेको पाइन्छ ।[३०] त्यसमा नारीपुरुष समानताको पक्षपोषण गर्दै पुरुष हैकमको विरोध, नारी शिक्षाको प्रचारप्रसार, सम्पत्तिमा समान हक, समान सामाजिक मर्यादा र समान मताधिकारको माग गरिएको थियो । महिला मुक्तिको विषयलाई लिएर अमेरिकी महिलाहरूले सङ्गठित रूपमा आवाज उठाएको यो नै पहिलो महत्त्वपूर्ण  घटना मानिन्छ ।

अमेरिकामा महिला मुक्तिको धारणालाई अत्यन्तै उग्र र तल्लो तहको मानिन्थ्यो । त्यसैले नारी आन्दोलनका गतिविधि र कार्यक्रमहरूलाई सार्वजनिक स्थलहरूमा आयोजना गर्न दिइँदैनथ्यो । कुनै पनि नाम चलेको अखबारले महिला मुक्ति आन्दोलनका समाचारहरू छाप्दैनथ्यो । त्यति भएर पनि त्यहाँ महिला आन्दोलन रोकिएन । त्यसले आफ्नो विचारधारालाई बुलेटिनका रूपमा प्रकाशित गर्दै विभिन्न शहरहरूमा प्रचार भेलाहरूको आयोजना गर्दै दासप्रथा विरोधी आन्दोलसँग आफ्नो आन्दोलनलाई गाँस्दै जनसमर्थन प्राप्त गर्दै निरन्तर रूपमा अगाडि बढएको थियो । एम्मा विलार्डको नेतृत्वमा शिक्षाको समान अवसरका निम्ति महिलाहरू जुर्मुराए फलस्वरूप वि.सं. १८९० (सन् १८३३) मा अमेरिकामा पहिलो पटक ओभरलिन कलेजले पुरुष छात्रसँग महिला विद्यार्थीलाई पनि भर्ना गर्ने निर्णय लिएको थियो । वि.सं. १९२६ (सन् १८६९) मा जब अमेरिकामा दासप्रथाको अन्त्य भयो तब महिला आन्दोलन झन् बेगवान् बन्न पुगेको देखिन्छ ।[३१]

अमेरिकाको न्यूयोर्कमा कपडा कारखानाका महिलाहरूले तलबमा बृद्धिका साथै १५/१६ घण्टाको प्रचलित कामको समयलाई घटाएर १० घण्टामा झार्न माग राख्दै वि.सं. १९१४ (मार्च, १८५७) हड्ताल गरेका थिए । तत्कालीन सरकारले त्यस आन्दोलनलाई दबायो । तर पनि यही आन्दोलन नै विश्वका अरु महिलाहरूलाई प्रेरित गर्दै विश्वको सङ्गठित प्रथम महिला आन्दोलन बन्न पुग्यो ।[३२] सङ्गठनको आवश्यकता महसुस गरी पहिलो पटक वि.स..

---

३०. विष्णु प्रभात (२०५२), *मातृत्व,* काठमाडौं : इन्सेक, पृ. ११६ ।
३१. विष्णु प्रभात पूर्ववत्, पृ. १७ ।
३२. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १५ ।

१९२१ (सन् १८६४) मा अन्तर्राष्ट्रिय श्रमिक सङ्घ गठन गरिएको थियो । यसको सदस्यका रूपमा क्लारा जेटकिन पनि रहेकी थिइन् ।

अमेरिकी महिलाहरूले आन्दोलनलाई अगाडि बढाउने क्रममा वि.सं. १९२२ (सन् १८६५) मा एलिजावेथ मिलर, लुसी स्टोन तथा अन्य महिलाहरूको नेतृत्वमा राजनीतिक अधिकारका लागि आन्दोलन भए पनि सफल हुन सकेको देखिदैन । सोही वर्ष सामाजिक क्षेत्रमा महिला स्वतन्त्रताका लागि पत्रकार एमेलियो ब्लुमरले घुँडासम्मको स्कर्ट लगाउने विचार गरिन् तर त्यो विचारको अमेरिकाभर व्यापक विरोध भएको देखिन्छ ।[३३]

अमेरिकी महिला आन्दोलनलाई अगाडि बढाउने क्रममा वि.सं. १९२६ (सन् १८६९) मा पुगेपछि आन्दोलनलाई मताधिकारमा मात्र सीमित गर्ने वा महिला हकहितका प्रश्नहरूमा संलग्न गराउने भन्ने विषयमा विवाद खडा भई अमेरिकी महिला मताधिकार नामक सङ्घ र राष्ट्रिय महिला मताधिकार सङ्घ नामक दुई बेग्लाबेग्लै संस्थाहरूले करिब २० वर्ष जति छुट्टाछुट्टै काम गरेको देखिन्छ । तर दुई अलगअलग संस्था हुँदा आन्दोलन तेज गतिले अगाडि बढाउन नसकिने महसुस गरी सबै महिलाहरू सङ्गठित गरी सङगठित रूपले एकताबद्ध भई काम गरेको पाइन्छ । परिणामस्वरूप वि.सं. १९४७ (सन् १८९०) मा राष्ट्रिय अमेरिकी महिला मताधिकार सङ्घ नामक संस्था गठन भएको पाइन्छ ।[३४] यस संस्थाले प्रत्येक वर्ष संसदमा महिला हकहितका विषयहरू उल्लेख गर्दै समान मताधिकारका माग पत्र पेश गर्ने काम निरन्तर रूपमा गर्दैरहेको देखिन्छ ।

अमेरिकी महिलाहरूले आर्थिक रूपले पनि महिलापुरुष समान हुनुपर्छ भन्ने सवाललाई उठाउन थालेका थिए । यही नाममा वि.सं. १९५४ (सन् ८ मार्च, १८९७) मा अमेरिकाको न्युयोर्कमा श्रमिक महिलाहरूको इतिहासमा नै नभएको ठूलो हड्ताल जुलुस र आमसभाको आयोजना गरिएको थियो । उक्त जुलुस प्रदर्शनमा महिलाहरूलाई उचित ज्याला र १० घण्टा कामको समय निर्धारित हुनुपर्छ भन्ने मागहरूलाई अगाडि सारिएको थियो । यसैगरी वि.सं. १९६६ (सन् १९०९ मार्च ८) का दिन अमेरिकाको शिकागो शहरमा श्रमिक महिलाहरूको झन् ठूलो विरोध प्रदर्शन भएको थियो । सो प्रदर्शन सङ्गठित अनुशासित एवम् व्यवस्थित थियो । यसलाई सम्पूर्ण न्याप्रेमी जनताले स्वागत गरेको देखिन्छ ।[३५]

यसरी विश्वमा महिलाहरू आफ्नो अधिकारका निम्ति आवाज उठाइरहेको अवस्थामा अमेरिका जस्तो सबैभन्दा विकसित मानिने देशमा पनि महिलाहरूले मताधिकारका निम्ति आवाज उठाउँदै आउने क्रममा धेरै सङ्घर्षहरू गर्नुपऱ्यो । अमेरिकामा वि.सं १९७६ (सन्

---

३३. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १५ ।
३४. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १५ ।
३५. *महिला आवाज,* अङ्क १, पूर्ववत्, पृ. २७ ।

१९२० अगस्त २६) का महिलाले मत दिन पाएका थिए । जुन बेला अफ्रिकन मूलकी महिला दासी सजर्नर रथ भन्ने महिलाले एक सम्मेलनमा महिला स्वतन्त्रता र अधिकारको कुरा उठाइन्, तब त्यहाँका बुज्रुक पुरुषहरूले त्यसको प्रतिवादमा भने-"महिलाहरूलाई राजनीतिक क्षेत्रमा सहभागी बन्ने र भोट दिने अधिकार दिनु हुँदैन, किनभने उनीहरू शारीरिक र मानसिक रूपमै कमजोर हुन्छन्, तिनीहरूलाई विश्वास गर्न सकिँदैन । तसर्थ पूर्ण नागरिक सरह मान्यता दिनु उचित हुँदैन"।[३६]भन्ने आफ्ना तर्कलाई अगाडि सारेका थिए ।

यसरी आफ्नो अधिकारका निम्ति आवाज उठाइरहेका बेला केही बुर्जुवा महिलाहरूले नै पनि महिला हक, हितको विरोधमा महिला अधिकारको कुरा उठाउनु भनेको पागलपन हो, हिस्टेरियापन हो, जसले महिलापुरुष समान हो भन्दछ र आफूलाई पुरुषसँग दाँज्न खोज्छ भन्ने जस्ता विचारहरू व्यक्त गर्न थालको देखिन्छ । यस प्रकारले महिला हक, अधिकारको निम्ति आवाज उठाउँदा आफ्नो स्वार्थका निम्ति केही महिला एवम् पुरुष दुबैले त्यसको विरोध गरेको देखिन्छ ।[३७]

अमेरिकन महिलाहरूलाई मताधिकार प्राप्तिले उनीहरूलाई नयाँनयाँ सोचाई र अभिव्यक्तितिर आकर्षित गर्न थाल्यो । उनीहरूले महिला पुरुषको बारेमा विभिन्न विचारहरू अगाडि सार्न थाले । वि.सं. २००५ (सन् १९४९) मा सिमोन द बाउबारको "द सेकन्ड सेक्स नामक पुस्तक प्रकाशित भएको देखिन्छ । सो प्रकाशित पुस्तक विश्वभरी नै चर्चित बन्न पुगेको थियो ।

अमेरिकी महिलाहरूको अनवरत् सङ्घर्षको परिणाम स्वरूप मताधिकार प्राप्त गर्न सफलता प्राप्त गरेको पाइन्छ । त्यही समयमा महिलाहरूले आफ्नो कमाई आफैले राख्न पाउने, आर्थिक कारोबार गर्न पाउने र शिक्षामा समान अवसर जस्ता अधिकार पाइसकेका थिए । यद्यपि कामका अवसर र ज्याला वितरणमा लिङ्गको आधारमा भेदभाव गरिन्थ्यो । महिलाहरूको अधिकार प्राप्तिमा त्यस देशका महिलासम्बन्धी सङ्घ संस्थाको र नारीवादी महिलाहरूको ठूलो हात रहेको पाइन्छ । यसरी नै वि.सं. १९९६ (सन् १९४० तिर) ४० प्रतिशत महिलाहरू स्नातक र स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गर्न सफल भएका थिए । वि.सं. २०१६ (सन् १९६० तिर) ६० प्रतिशत अमेरिकी महिलाहरूले चुनावमा भोट हाल्दथे भने सन् वि.सं.२०२८ (सन् १९७२) मा ७० प्रतिशत महिलाहरूले भोट खसालेको देखिन्छ । वि.सं. २०१६ (सन् १९६०) ताका यस देशका महिलाहरू लिङ्गका आधारमा गरिने भेदभाव र पुरुष हैकमलाई चुनौती दिने स्थितिमा पुगेका थिए । वि.सं. २०१९ (सन् १९६३) मा आएर मात्र समानतासम्बन्धी ऐनहरू जस्तै समान सिप भएको पुरुष र महिलालाई ज्यालामा समानता, लिङ्गभेदका आधारमा रोजगारी र ज्यालामा भेदभाव नगर्ने ऐन आदि

---

३६. *महिला आवाज,* अङ्क ५, पूर्ववत्, पृ. ७३ ।
३७. सहाना प्रधान, पूर्ववत् ।

पास भएको देखिन्छ । सोही नियम बमोजिम टेलिग्राम र टेलिफोनमा कार्यरत कामदार महिलाहरूले करीब एक करोड पचास लाख अमेरीकी डलर थप सुविधा पाउन सफल भए जुन रकम ती महिलाहरूलाई प्रदान गरिएको थियो । भेदभावका कारण उनीहरूले त्यो रकम यस अघि पाएका थिएन् । अमेरिकी महिलाहरूको ठूलो भाग शिक्षण पेशा र साना तहका जागिरे पेशामा कार्यरत रहेको देखिन्छ । अमेरिकी सेनामा करिब २,२४,००० महिलाहरू कार्यरत रहेका थिए ।[३८]

यसरी अमेरिकी महिलाहरूले विभिन्न सवालहरूलाई अगाडि बढाउँदै आइरहेका थिए । वि.सं.२०१६ (सन् १९६०) को दशकदेखि नै महिला विधायकहरूले विधि निर्माणका कार्यमा नेतृत्वको भूमिका खेल्न थालेका देखिन्थे । यसबाट महिला आन्दोलनलाई प्रभावकारी असरसमेत पारेको थियो ।[३९] यही समयदेखि महिलाहरूले विविध पक्षको भूमिका खेलेकामा समाजबाट समर्थन पाउन थालेका थिए । यही कारणबाट महिलाको स्तर पनि उठ्न थालेको देखिन्छ । महिलाहरूका समूह एवम् सङ्गठनहरूको अत्यधिक बृद्धि हुँदै गयो र यी संस्थाहरूले महिलाहरूको जीवनस्तर उठाउने लक्ष्य राखेको देखिन्थ्यो ।

यसरी विश्वमा पहिलो पटक महिलावाद अमेरिकामा देखा परेको थियो । वि.सं. १८८६ (सन् १८३०) को दासताका विरुद्धको सङ्घर्षका लागि सङ्गठित समूहसँगै यसको उदय भएको मानिन्छ । विश्वमा महिलावादी आन्दोलन चलिरहेको थियो । अमेरिकी महिलाहरूले पनि महिलावादी आन्दोलन चलाइरहेका थिए । उनीहरूले महिलाहरूको स्थितिमा परिवर्तन गर्न घरेलु हिंसा, कामको समस्या जस्ता सवालमा केन्द्रित रही आन्दोलन चलाइरहेका थिए् । उक्त महिला विरोधी कार्यका विरोधमा र महिलाहरूको हित र परोपकारी कार्यका लागि महिलाहरू आन्दोलनमा लागेका थिए । महिलाहरूको अधिकारका लागि लुगा धुने मेसिन, बच्चा सजिलो किसिमले बोक्ने साधन, घर पुच्छने, सुधारिएको चुलोका निम्ति, महिलाहरूको समय र स्वास्थ्यका लागि अभियान सुरु भएको पाइन्छ । उनीहरू परिवार नियोजनका साधन प्रयोगका लागि पनि आन्दोलनमा जुटेको पाइन्छ । यसरी महिलाहरू स्वास्थ्यको अधिकारका लागि आन्दोलनमा जुट्न पुगेका थिए । उनीहरू समय वचत गरेर शिक्षा र व्यक्तित्व निर्माणका लागि जुटेका समेत देखिन्छ । त्यहाँ "आमूल महिलावादी (Radical Feminism) आन्दोलन भएको पाइन्थ्यो । यसरी महिला र पुरुषमा विभेद छैन, महिलाहरूले पुरुषका निम्ति राम्रो बनिदिनु पर्ने जस्ता विषयलाई उठाउँदै महिलाहरूले त्यसको विरोधमा उत्रिएर ब्रा सडकमा ल्याई जलाउने कामसमेत गरेका थिए । यसरी त्यहाँका महिलाहरू आन्दोलनलाई अगाडि बढाउँदै आएको देखिन्छ ।"[४०]महिला उत्पीडनको जरोको खोजीमा आमूल महिलावादी महिलाहरूले न त उत्पादनप्रणाली न त खाली समाजको शिक्षा,

---

३८. प्रभाकरलाल दास, पूर्ववत्, पृ. ५१ ।
३९. घनानाथ ओझा, पूर्ववत्, पृ. ३५ ।
४०. शान्ता थपलिया, २०६१/११/१३ को अन्तर्वार्ता ।

दीक्षालाई प्रमुख कारणका रूपमा हेर्दछन् बरु उनीहरू पुरुष जातिलाई नै महिला उत्पीडनको मूलश्रोतका रूपमा बुझ्ने गर्दछन् । पश्चिमी समाजमा वि.सं. २०१६ (सन् १९६०) को दशकमा सुरु भएको युवा आन्दोलनबाट Radical feminism को धार सृजना भएको मानिन्छ । ती खलबलीपूर्ण वर्षहरूमा उठेका यौनिकता तथा यौन सम्बन्धको राजनीतिक पक्ष यी महिलावादीहरूका प्रमुख सवालहरूका रूपमा रहेका देखिन्थे । नग्न तस्बीरहरूको प्रदर्शन, बेश्यावृत्ति, यौन दुर्व्यवहार, बलात्कार, महिलामाथिको कुटपिट, खुट्टा बाँध्ने प्रथा, सतीप्रथा, पर्दाप्रथा, भङ्गाकुर काटेर फ्याँकिदिने प्रथा, बोक्सीको आरोपमा जलाउने तथा प्रसुती स्वास्थ्य विज्ञान जस्ता माध्यमहरूबाट पुरुषहरूले आफ्नो आनन्दका निम्ति महिलाहरूको यौनिकतामाथि नियन्त्रण जमाएका कुराहरू ठोस उदाहरणका रूपमा उनीहरू प्रस्तुत गर्दछन् । Radical feminism का संस्थापकहरूले महिलाहरूको शारीरिक बनोट तथा मनोवैज्ञानिक चरित्रका बन्धनकारी परिणामहरूमा जोड दिएको देखिन्छ । तर Radical Feminism को दोस्रो पुस्ता चाहिँ बच्चा जन्माउने तथा बच्चा हुर्काउने ब्यक्तिको रूपमा महिलालाई पुरुषले गर्ने नियन्त्रण हटेमा उही गुणहरूमा मुक्तिको सम्भावना देख्दछन् ।[४१]महिलाहरूका लागि प्रजनन् स्वेच्छा र नियन्त्रणको अधिकारालाई जोड दिनुका साथै उनीहरूले परम्परागत सामाजिक लिङ्ग तथा यौनिकताको वृहत् समाज व्यवस्थालाई भत्काउन खोजेको देखिन्छ ।

अर्को विचारका महिलाहरू भने नारी शिक्षा, स्वास्थ्य, स्वावलम्बन वृद्धिमा समानता पाउनुपर्छ, घरायसी काममा पुरुषले पनि सघाउनु पर्ने, कामको बराबरी ज्याला भन्ने सवाल उठाउन थालेको देखिन्छ । यस्ता उठेका सवालहरू राम्रो भन्ने सरकारको नीति रह्यो । यसरी अवसर, व्यवहारमा बराबरी हुनुपर्ने भन्ने सिद्धान्त आएको पाइन्छ ।[४२] यसका साथै महिला स्वास्थ्य परामर्श सेवा केन्द्रहरू खुल्ने काम भएको देखिन्छ । यसले त्यहाँका महिलाहरूलाई ठूलो सहयोग पुऱ्याएको देखिन्छ ।

अमेरिकी सत्ता ७० को दशकमा आइपुग्दा साम्राज्यवादी युद्धपिपासुको रूपमा देखापर्न थालेको देखिन्छ । उसको विरोधले अमेरिकी जनजीवनलाई पनि प्रभावित पारेको पाइन्छ । जुनबखत अमेरिकी जनताको एक हिस्साको रूपमा रहेको काला जातिका नागरिकहरूले समानताको विषयलाई अगाडि बढाउन थालेको पाइन्छ । जसको प्रमुख श्रमिक समुदायदेखि मध्यमवर्गीय महिलाहरूमा समेत पर्न थालेको पाइन्छ । यसरी महिला आन्दोलनमा थप नयाँ विशेषताको जन्म गरायो । फलस्वरूप अमेरिकी महिला आन्दोलनमा विचारधारात्मक फाटो देखापर्न थाल्यो । यसरी विशुद्ध महिलावादी आन्दोलन र मार्क्सवादी महिलावादी आन्दोलनको रूपमा अमेरिकी महिला आन्दोलन अगाडि बढ्न थालेको पाइन्छ ।

४१. सेरा तामाङ्ग, पूर्ववत्, पृ. ५३१ ।
४२. शान्ता थपलिया, पूर्ववत् ।

अमेरीकामा महिला आन्दोलनले गति लिन थाल्यो । यद्यपि सो आन्दोलनले सही बाटो अँगाल्न सकेको देखिदैन । शारीरिक भेद औंल्याई असमानतालाई सिद्ध गर्न खोज्ने बुर्जुवा दुष्टिकोणप्रतिको विद्रोहले सही बाटो पहिल्याउन नसक्दा पुरुषप्रतिको घृणाको भावलाई बोकेर प्रकृतिको विरोधमा हिंड्न थालेको पाइन्छ । महिलावादी आन्दोलनको विशुद्ध महिलावादी आन्दोलनमा नैसर्गिक अधिकारलाई समेत नकार्दै यौन स्वतन्त्रता, समलिङ्गी संसर्ग, गर्भधारणको विरोध एवम् पारिवारिक विघटनका प्रवृत्तिहरू मौलाउन थालेको पाइन्छ । जसको प्रभाव विश्वभरिको महिला आन्दोलनमा परेको देखिन्छ । जुन महिलावादी आन्दोलनको निम्ति चिन्ताको विषय बनेको देखिन्थ्यो ।

तर हाल आएर अमेरिकामा विशुद्ध महिलावादी आन्दोलनको धार सेलाउदै गएको देखिन्छ भने अर्कोतर्फ त्यहाँका नारीहरू पुनः महिला मुक्तिको सवाललाई सामाजिक मुक्तिको सवालसँग गाँस्दै अगाडि बढ्न थालेको पाइन्छ । उनीहरूले महिलाहरूको पूर्ण मुक्तिको निम्ति समाजमा स्थापित वर्ग भेदको विषमतालाई नै मेट्नुपर्ने कुराको महसुस गर्दै महिला आन्दोलनलाई पुनः समीक्षा गर्दै नयाँ गतिका साथ अगाडि बढाउन थालेको देखिन्छ ।

## एशिया – *महिला आन्दोलन*

विश्वका महिलाहरू स्वतन्त्रता र समानताको निम्ति लडिरहेको अवस्थामा एसियाली मुलुकका महिलाहरू पनि आन्दोलित बनिरहेको देखिन्छ । उनीहरू राजनीतिक क्षेत्रमा अगाडि रहे पनि महिलामाथि थोपरिएका शोषण, दमन, असमानता एवम् अत्याचार यथावत रहेको देखिन्छ । तिनै महिलाहरूले अधिकारको प्राप्तिका निम्ति आन्दोलन गरेको इतिहास हाम्रो साम् रहेको छ । तिनै आन्दोलनहरूको बारेमा यहाँ चर्चा गरिएको छ ।

एसियाका केही मुलुक छोडेर महिलाहरूको लामो समयसम्म उपनिवेशबाट मुक्ति प्राप्तिका निम्ति भनिएका आन्दोलनमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । विश्वमा नै पहिलो प्रधानमन्त्री एसियामा भएको सन्दर्भले एसियाली महिलाहरू राजनीतिक क्षेत्रमा धेरै अगाडिदेखि नै सक्रिय रहेका थिए भन्ने कुरालाई पुष्टि गरेको देखिन्छ । यसरी नै एसिया प्रसान्त क्षेत्रका अस्ट्रेलिया, न्युजिल्यान्डमा अन्य देशको तुलनामा महिलाहरूको स्तर निकै माथि उठेको देखिन्छ । यद्यपि त्यहाँका अल्पसङ्ख्यक जनजातिहरू भने निकै पछाडि परेका छन् भन्ने कुरालाई बिर्सन सकिंदैन ।

विश्वयुद्ध पछिको समयमा पूर्वी एसियाका जापान र कोरियाका महिलाहरूको सङ्घर्ष उत्साहवर्धक रहेको पाइन्छ । पहिलो र दोस्रो विश्वयुद्धको नरसंहारकारी कार्यको विरोध र शान्तिको पक्षमा जापानी महिलाहरूले प्रदर्शन गरेका थिए । यसका सथै जापानी सेनाको श्वेतआतङ्कको विरोधमा तत्कालीन जापानी सरकारलाई दबावसमेत दिएका थिए भने

सेनाले कोरियाली महिलामाथिको गरेको बलात्कार, हत्याको कडा आलोचना गर्नुका साथै विरोध पनि जनाएको पाइन्छ । दोस्रो विश्वयुद्धपछि आणविक बमद्वारा ध्वस्त पारिएको जापानलाई आजको विकसित जापान बनाउनमा महिलाहरूको पनि महत्त्वपूर्ण हात रहेको देखिन्छ । यद्यपि त्यहाँका महिलाहरूलाई अझै पनि पहिलो दर्जाको नागरिकको रूपमा व्यवहार गरिएको देखिँदैन । उनीहरू पार्टटाइमको कामको सिकार बन्नु परेको छ भने रोजगारीको असुरक्षा रहेको पाइन्छ । यसका साथै कार्यक्षेत्रमा मातृत्वको सुरक्षाको समस्याहरू देखा परेको देखिन्छ ।

जापान एक उन्नतिको शिखरमा पुगेको देश मानिन्छ । त्यहाँ महिला र पुरुषमा समानताका लागि कुनै कानुनी प्रावधानको कमी देखिदैन । संविधान प्रदत्त अधिकारमा भेदभाव गरिएको पाइदैन । सम्पत्तिमा पनि महिलाले पुरुष सरह अधिकार पाएका छन् । आर्थिक कारोबार, ऋणको लेनदेन महिलाहरूले गर्न सक्ने प्रावधान रहेको छ र यस क्षेत्रमा पनि बहुसङ्ख्यक महिलाहरू संलग्न छन् । व्यवसायिक र प्राविधिक क्षेत्रमा समेत ठूलो सङ्ख्यामा महिला संलग्नता रहेको देखिन्छ । तापनि यस्ता उपलब्ध अवसरहरूलाई पूर्णरूपले उपयोग गर्न सकिराखेका छैनन् । त्यहाँको रीतिरिवाज र चालचलनका कारण निर्वाध रूपमा अघि बढ्न उनीहरू सकिरहेका देखिंदैनन् । ठूलो सङ्ख्यामा महिलाहरू ससाना पदमा कार्यरत छन् । व्यवस्थापकका रूपमा नगन्य महिलाहरू मात्र कार्यरत रहेका देखिन्छन् । तर पनि कुनै समयकी गायिका तथा कानुन अध्यापिका ताकाको दोइ सोसलिष्ट पार्टीको अध्यक्ष बन्न सफल भएकी देखिन्छिन् ।[४३]

वि.सं. २०४३ (सन् १९८७) मा दक्षिण कोरियामा भएको आन्दोलन क्याङ्जु हत्याकान्डमा हजारौं सङ्ख्यामा मजदुर, महिला र विद्यार्थीहरूलाई त्यहाँको निरङ्कुश चुन दु ह्वान सरकारले बुलडोजरले पेलेर एकै चिहान बनाएको थियो । अमेरिकी साम्राज्यवादी सैनिक अखडा हटाउन उत्तर र दक्षिण कोरिया एकीकरणको माग गर्दै अगाडि बढेको आन्दोलनमा अनेकौं महिलाहरू मारिए, जेल परे, यातनाहरू सहनु पर्‍यो । आत्मदाहसमेत गरेको देखिन्छ ।

यसैगरी नै फिलिपिन्स र भियतनाममा अमेरिकी साम्राज्यवादीहरूले लामो समयसम्म आफ्नो सैनिक अखडा स्थापना गरी राज्य गर्ने क्रममा असङ्ख्य महिलाहरूमाथि साम्राज्यवादी सैनिकद्वारा पाशविक अन्याय, अत्याचार, लुटपाट, हत्या, बलात्कार गरिएको थियो । उक्त सैनिकद्वारा गरिएको कुकृत्यको अन्तर्राष्ट्रिय स्तरमा आलोचना र विरोध प्रदर्शन गरिएको थियो भने अमेरिकाका न्यायप्रेमी जनताहरूले समेत आलोचना र विरोध गरेका थिए । यसै गरी फिलिपिन्सका महिलाहरूको राजनीतिक परिवर्तन र प्रजातन्त्र प्राप्तिको

४३. प्रभाकरलाल दास, पूर्ववत्, पृ. ५२ ।

निम्ति भएको आन्दोलनमा ५० प्रतिशतभन्दा बढी लालसेनामा रहेको संलग्नतालाई उल्लेख्य मान्नुपर्ने देखिन्छ । त्यहाँका महिलाहरूले सशस्त्र क्रान्तिमा ठूलाठूला जिम्मेवारी निर्वाह गरेको पाईन्छ । महिलाहरूले सशस्त्र क्रान्तिको कमान्डर पनि बनी साहसिक काम गरेको पाइन्छ। यद्यपि सफलता भने पाउन सकेको देखिदैन । महिलाहरू विभिन्न समस्याले अझै पीडित रहेकै देखिन्छन् ।

दक्षिण एसियाली मुलुकहरूको अर्थव्यवस्था प्रायः कृषिमा निर्भर छ । नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान र श्रीलङ्कामा महिलाहरू श्रममूलक काममा संलग्न रहेका छन् । उनीहरूको कामको मूल्याङ्कन उचित रूपमा नहुँदा आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा पुरुषको तुलनामा पिछडिएका देखिन्छन् । पाकिस्तानी मुस्लिम महिलाहरूको तुलनामा श्रीलङ्काका महिलाहरूको स्थिति राम्रो देखिन्छ । उनीहरूले भोट दिने अधिकार वि.सं. १९९० (सन् १९३४) मा पाएका थिए । त्यहाँ सम्बन्ध विच्छेदका सम्बन्धमा महिलाले चाहे अनुरूप गर्न सक्तछन् । पाकिस्तानमा भने संविधानले समानता दिए पनि व्यवहारमा त्यतिकै असमानता रहेको पाइन्छ । पाकिस्तानमा सम्बन्ध विच्छेदको अधिकारसमेत लोग्नेको भावनामा भर परेको देखिन्छ ।[४४] यसरी नै "नागरिकताको सवालमा एसियामा पाकिस्तान अगाडि रहेको पाइन्छ । त्यहाँ छोराछोरीले आमा वा बाबु दुवैको नामबाट नागरिकता पाउन सक्ने प्रावधान आजभन्दा २ वर्ष अगाडिदेखि लागू भएको छ ।"[४५]अर्कोतर्फ पैत्रिक सम्पत्तिमा छोराछोरीमा समान अधिकार स्थापित भएको छ । यस सवालमा भारतभन्दा नेपाल अगाडि रहेको देखिन्छ । भारतमा सोही सवाललाई महिला आन्दोलनकारीहरूले अहिलेसम्म उठाइरहेको पाइन्छ ।

दक्षिण एसियामा रहेको भारत, बङ्गलादेश, पाकिस्तान, मालदिभ्स, श्रीलङ्का र नेपालमा महिलाहरू विभिन्न रूपले शोषित, पीडित एवम् अपहेलित भएका देखिन्छन् । सबै राष्ट्रका महिलाहरूले महिला समानता एवम् मुक्तिको सङ्घर्षलाई चलाएकै देखिन्छन् । जस्तो पाकिस्तान र बङ्गलादेशमा माहिलामाथि मुस्लिम धर्मका कट्टरता र अन्धविश्वासको आधारमा असमान ब्यबहार गरिएको पाइन्छ । सोही राष्ट्रमा महिला प्रधानमन्त्री धेरै पटक बनेका भए पनि त्यहाँ महिलाहरूमाथि अन्याय, अत्याचार एवम् असमान ब्यबहार भई नै रहेको पाइन्छ । तर पनि महिला मुक्तिको आन्दोलन अपेक्षाकृत रूपले उठ्न सकेको पाइँदैन । त्यहाँ साझ परेपछि महिलाहरू घरबाट बाहिर निस्कन कठिन हुन्छ । त्यहाँ सामन्ती प्रयासको अवशेषको रूपमा कमैया प्रथा, बुर्का प्रथा अझै कायमै रहेको छ । यद्यपि त्यहाँका महिलाहरूले महिला हकहितका कुराहरूलाई उठाइरहेका छन् । उनीहरूले शोषित, पीडित महिलाहरूलाई सचेत बनाउने कामलाई निरन्तरता प्रदान गर्दै आइरहेको पाइन्छ ।

---

४४. प्रभाकरलाल दास, पूर्ववत्, पृ. ५२ ।
४५. शान्ता थपलिया, पूर्ववत् ।

भारतमा भएको आन्दोलनको इतिहास पुरानो मानिन्छ । यहाँ धनी, गरिबको दुरीलाई कल्पना गर्न कठीन देखिन्छ । छिमेकी मुलुकलाई बेलाबखत अन्याय गर्न पनि पछि पर्दैन । तर पनि यस देशका न्यायप्रेमी, प्रगतिशील र वामपन्थी पक्षधरहरूले भने यस्तो गलत नीतिको विरोध गर्दै आएको पाइन्छ ।

भारतीय महिलाहरूको आन्दोलनलाई हेर्दा त्यहाँका महिलाहरू आफ्नो अस्तित्वको खोजीमा वि.सं. १८४२ (सन् १७८५) को सन्यासी विद्रोहदेखि लागेको देखिन्छ । यसरी नै वि. सं. १८८१ (सन् १८२४) को इस्ट इन्डिया कम्पनी विरोधी आवाज लिएर पहिलो पटक आफ्नो अवस्थामा सुधार होस् भन्दै महिलाहरू अगाडि बढेका थिए । परिणामस्वरूप वि. सं. १८८६ (सन् १८२९) मा सतीप्रथाको अन्त्यका लागि कानुनको घोषणा भए तापनि धार्मिक परम्परामा हस्तक्षेप नगर्ने नाममा त्यसको कार्यन्वयन भएन । भारतमा नारी शिक्षाका लागि पनि वि.सं. १९७४ (सन् १९१७) मा एनी बसेन्टको अध्यक्षतामा भारतीय महिला समिति गठन भएको थियो । यही समितिको गठन भएदेखि भारतीय महिला आन्दोलनले सङ्गठित रूप लिएको देखिन्छ । यसप्रकार महिलाहरूलाई सङ्गठित गर्ने क्रममा वि.सं. १९७८ (सन् १९२१) मा राष्ट्रिय स्त्रीसभा गठन भएको थियो । यो सभाले भारतीय महिलाहरूलाई बल प्रदान गरेको थियो । तर राष्ट्रिय स्त्रीसभालाई यसको गतिविधिबाट आत्तिएर अङ्ग्रेजले वि.सं. १९८७ (सन् १९३०) मा प्रतिबन्ध लगाएको थियो । वि.सं. १९८४ (सन् १९२७) मा आइपुग्दा अखिल भारतीय महिला सम्मेलन नामक महिला सङ्घको निर्माण भएको देखिन्छ ।[४६]यस प्रकार विभिन्न समयमा महिला सङ्घहरू खोलेर महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउने कामहरू भएको देखिन्छ । त्यहाँका महिलाहरू विशेषगरी सामाजिक परिवर्तनका लागि भएका सङ्घर्षहरूमा सामेल हुनुका साथै महिलापुरुष सहभागीका रूपमा रहेर सङ्घर्षलाई अगाडि बढाउने कार्य गरिरहेको देखिन्छ ।

आज पनि भारतीय महिलाहरू आफ्नो मुक्तिका निम्ति सङ्घर्षरत रहेकाछन् । वि.सं. १८१३ (सन् १७५७) मा प्लासीको मैदानमा अङ्ग्रेजको विरुद्धमा भएको विद्रोहबाट नै आन्दोलन सुरु भएको मानिन्छ । जस्तोः जङ्गल बहालको विद्रोहको नेतृत्व एवम् सञ्चालनसमेत गरेका थिए ।[४७] यसरी भारतीय महिलाहरूले विद्रोहसँगै आफ्नो मुक्तिको आन्दोलनलाई अगाडि बढाउँदै वि.सं. १९९५ (सन् १९३९) को दोस्रो विश्वयुद्धको सुरुवातसँगै महिला आन्दोलन पनि परिपक्व बन्दै गएको पाइन्छ । अङ्ग्रेजी साम्राज्यवादी उपनिवेशबाट मुक्त हुन गरेको "भारत छोड" आन्दोलनमा लाखौं महिलाहरूले भाग लिएका थिए । त्यही समयमा "आत्मरक्षा समिति" को नामबाट विभिन्न कार्यक्रमहरू सञ्चालन गरे । महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउनका निम्ति राष्ट्रिय रूपमा "भारतीय महिला

---

४६. विष्णु प्रभात, पूर्ववत्, पृ. १०८ ।

४७. आशारानी बोहोरा (१९९१), *नारी विद्रोह के भारतीय मञ्च,* नयाँदिल्ली : नेसनल, पब्लिसिङ्ग हाउस, पृ. १९ ।

फेडरेसन" को स्थापना वि.सं. २०११ (सन् १९५४) मा गरिएको थियो । यही सङ्गठनको माध्यमबाट उनीहरूले विभिन्न गतिविधिहरू गर्दै रहेको देखिन्छ ।

यसरी भारतीय महिलाहरूले महिलामाथि भएका हिंसा, हत्या, अपमान, असमानताको विरुद्धमा आन्दोलनहरू अगाडि बढाउँदै आएको देखिन्छ । यद्यपि त्यहाँ महिला हत्या, हिंसा, बलात्कारका सिकार बनिरहेका छन् । त्यहाँ भएको आर्थिक विषमता, राजनीतिमा भएको अपराधीकरण, हत्या, आतङ्क, जातीय एवम् धार्मिक रूपमा भएका द्वन्द्वका कारण महिलाहरूको जीवन अझ असुरक्षित बनिरहेको देखिन्छ । भारतका विभिन्न राज्यमा महिलाहरूका समस्याहरू रहेका पाइन्छन् । आन्दोलनको स्वरूप पनि फरक रहेको पाइन्छ। यद्यपि समग्र महिला समस्याहरू एउटै प्रकृतिका रहेका देखिन्छन् । यद्यपि अपेक्षाकृत रूपमा राष्ट्रिय स्तरमा भारतीय महिला आन्दोलन उठ्न सकेको भने देखिंदैन । तर पनि उनीहरू आन्दोलित बनिरहेका छन् । भारतमा प्रथम महिला प्रधानमन्त्री इन्दिरा गान्धी भए पनि त्यहाँ महिला समानता र मुक्तिको वातावरण निर्माण हुन सकेको देखिदैन ।

वि.सं. २०२९ (सन् १९७२) तिर पुनः भारतीय महिलाहरूको विशेषगरी प्रतिशील धारको सक्रियतामा व्यापक बृद्धि भएको देखिन्छ । मध्यमवर्गीय, आदिवासी, श्रमिक महिलाहरूले महिलामाथि भएका बलात्कार, हत्या, दहेज हत्या, यौन उत्पीडनको विरोधमा आन्दोलन गर्न थालेको देखिन्छ । यसरी नै वि.सं. २०३५ (सन् १९७९) मा "नारी सङ्घर्ष" नामक एक लडाकु संस्थाको जन्म भएको थियो भने वि.सं. २०३९ (सन् १९८२) मा बलात्कारका विषयमा र वि.सं. २०४२ (सन् १९८६) मा भारतीय जनमोर्चा (आई.पि.एफ) ले महिला विषयक अखिल भारतीय सेमिनारको आयोजना थियो ।[४८] जहाँ भारतका विभिन्न वामपन्थी लगायत जनवादी महिला सङ्घ संस्थाले भाग लिएको थियो ।

यसरी भारतीय महिलाहरूले महिलाको वास्तविक मुक्तिका निम्ति सङ्घर्षरत रहँदै आफ्नो अस्मिताको खोजीमा निरन्तर अगाडि बढिरहेका छन् । उनीहरूले भनिरहेका छन्-" हाम्रो सांस्कृतिक परम्परा पश्चिमी सांस्कृतिक परम्पराभन्दा फरक छ । भारतमा महिला कहिल्यै पनि पुरुषको विरुद्धमा प्रतिद्वन्द्वीका रूपमा खडा भएनन् । पश्चिमी मुलुकभन्दा फरक, हाम्रो लडाइँ पुरुषको विरुद्ध होइन, पुरूषको सहयोग, निर्देशन, काँधमा काँध मिलाउँदै अगाडि बढेकोछ"।[४९]

चिनियाँ महिला आन्दोलन मार्क्सवादद्वारा प्रदर्शित समाजवादी महिला आन्दोलनको विश्वव्यापी प्रभावसँगै हुर्केको मानिन्छ । चिनियाँ महिलाहरू पनि बलात्कार, हत्या, दासीका रूपमा किनबेचबाट पीडित बनेका थिए । महिलाप्रतिको दुर्व्यवहार निकै चर्को थियो ।

४८. विष्णु प्रभात, पूर्ववत्, पृ. ११० ।
४९. आशारानी बोहोरा, पूर्ववत्, पृ. १६० ।

उनीहरूलाई शिक्षा प्राप्त गर्ने समान अवसर पनि थिएन । जब वि.सं. १९७७ (सन् १९२१) मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो । त्यसपछि नारी समुदायको समता र जागृतिको निम्ति ध्यान दिने क्रमको सुरुवात भएको पाइन्छ । पार्टीले महिलाहरूको निम्ति विशेष कार्यक्रमहरूको योजना बनाई अगाडि सारेको थियो । तर नयाँ चिनको स्थापनासँगै वि.सं. २००५ (सन् १९४९) मा "अखिल चिन महिला सङ्घ" को स्थापना भएको थियो । सो सङ्घले निम्न लिखित कामहरु गरेको पाइन्छ :

क) महिलाहरूलाई राजनीतिक अध्ययन गराउने

ख) समान कामको समान ज्याला दिलाउने

ग) साक्षरता कक्षा सञ्चालन गर्ने

घ) उद्योग व्यवसायका सीपहरू सिकाउने वा व्यवस्थापन तालिम दिने

ङ) महिला पुरुषको  समानताको चेतना दिने ।[५०]

चिनमा मुक्तिपछि लागू गरिएको समाजवादी कानुनले सबै विभेदलाई समाप्त गर्ने काम गरेको देखिन्छ । यसका साथै चिनमा घरधन्दालाई सामाजीकरण गर्नु, ढिलो विवाहलाई जोड दिनु र अन्तरजातीय विवाहलाई संरक्षण दिनु जस्ता कामहरूलाई प्राथमिकता साथ उठाइरहेकाछन् ।[५१] महिलाहरूलाई राष्ट्रिय स्तरमा मर्यादित बनाउदै जिम्मेवारी सुम्पिनु, महिला मुक्तिमा महिला आन्दोलनको शिक्षा र पहिचान बनेको छ । यसरी चिनियाँ महिला आन्दोलनको इतिहासले महिलाहरूको अतुलनीय कामका बारेमा बताएको पाइन्छ ।

एसियाली मुलुकहरूमा महिलाहरूले राजनीतिक क्षेत्रमा नेतृत्व आफ्नो हातमा लिई सरकार प्रमुखसमेत बनी राज्य सञ्चालनको जिम्मा लिएका थिए । जस्तो  वि.सं. २०१७ (सन् १९६०) मा श्रीलङ्काकी सिरिमाओ भन्डारनायके महिला प्रधानमन्त्री बनेकी थिइन् भने अन्य मुलुकमा चर्चित एवम् प्रभावशाली महिला नेतृका रूपमा संस्थापित भएका थिए । ती मध्ये कोही दिवङ्गत भए भने कोही हालसम्म पनि नेतृत्वदायी अङ्गमा रहेका छन् । जस्तो :भारतकी इन्दिरा गान्धी, पाकिस्तानकी बेनजिर भुट्टो, बेगम खालिदा जिया र सेख हसिना बाजेद आदि महिलाहरू नेतृत्वदायी अङ्गमा रहेका थिए र छन् । यस प्रकार एसियाली महिलाहरू राजनीतिक क्षेत्रमा निक्कै अगाडि रहेको देखिन्छ ।

---

५०. विष्णु प्रभात, पूर्ववत्, पृ. ११५ ।
५१. विष्णु प्रभात, पूर्ववत्, पृ. ११५ ।

तर पनि एसियामा महिलाहरूको समस्या जस्ताको तस्तै रहेको छ भन्दा अत्युक्ति नहोला । नेतृत्व स्तर, सरकारी अङ्गको प्रमुखमा महिला रहँदैमा महिलाका सबै समस्या समाधान हुन्छन् भन्न सकिदैन । त्यसमा धेरै पक्षहरूको प्रभाव रहेको हुन्छ । त्यसैले "महिला आन्दोलनलाई प्रभावकारी रूपले अगाडि बढाउन र महिला मुक्तिका निम्ति नेतृत्वतहमा एक, दुईजना महिलाको उपस्थिति पर्याप्त हुँदैन । सम्पूर्ण महिलाहरू नै आन्दोलित बनी महिला समानता एवम् मुक्ति प्राप्त गर्नु नै पर्ने हुन्छ ।"[५२]

सार्क मुलुकका महिलाहरूले महिला आन्दोलनलाई अगाडि बढाइरहेकाछन् । मुख्य गरेर "महिला समानताको कुरा, घरेलु हिंसा, बलात्कार, आर्थिक, राजनीतिक आदि कुराहरूलाई उठाई समस्या समाधानका निम्ति महिला आन्दोलन अगाडि बढाइरहेको छन् ।"[५३]यद्यपि महिलाहरुको अबस्थामा सुधार भएको देखिदैन । अझै महिलाहरुमाथि असमान व्यबहार भइरहेको देखिन्छ ।

विश्वभरिका महिलाहरू समानता, स्वतन्त्रता, विकास एवम् शान्तिका लागि निरन्तर जुधिरहेका देखिन्छन् । महिलाहरूले महिला मुक्तिका साथै राष्ट्रियताका सवाललाई समेत आफ्ना आन्दोलनको विषय बनाउँदै अगाडि बढिरहेको पाइन्छ । सामाजिक परिवर्तनका विषयलाई लिएर मार्क्सवादी महिलाहरू र्‍याडिकल (Redical) विचार बोकेका महिलाहरूको आन्दोलनहरू उठ्न थालेको देखिन्छ । यसरी आन्दोलनले महिला र पुरुष बीचमा विभेद हुनुको कारण पितृसत्ता हो भन्ने धारणाको समेत विकास हुन थालेको देखिन्छ । यसरी विश्वभरिबाट महिलाहरूको आवाज उठ्न थालेकोछ । यस प्रकारका महिला आवाजलाई सुन्नको निम्ति अन्तर्राष्ट्रिय स्तरमा विभिन्न कामहरू भएका पाइन्छन् । तिनै विषयहरूका बारेमा सङ्क्षेपमा यहाँ चर्चा गरिएको छ।

## ४.३ अन्तर्राष्ट्रिय स्तरमा भएका महिलासम्बन्धी कामहरू

### (क) संयुक्त राष्ट्र सङ्घ र महिला सवाल

अन्तर्राष्ट्रिय स्तरमा महिलाहरू आ-आफ्नै ढङ्गबाट आन्दोलित बनी अगाडि बढी महिला उत्थानका प्रयासहरू समेत हुन थालेको देखिन्छ । यो प्रयत्न संयुक्त राष्ट्र सङ्घको स्थापना हुनु अगावै सुरु भएको देखिन्छ । जब वि.सं. २००१ (सन् १९४५) मा संयुक्त राष्ट्र सङ्घको स्थापना भयो । तब सो सङ्घले महिलाहरूको पनि आवाजलाई सुनी महिलाहरूको सवाललाई विशेष चासो दिन थालेको देखिन्छ । परिणाम स्वरूप महिलाहरूको आवाज सुन्नको निम्ति वि.सं. २००१ (सन् १९४५) मा संयुक्त राष्ट्र सङ्घको आर्थिक तथा

५२. मालती सुब्बा, अन्तर्वार्ता, २०५९ । १० । ५
५३. शान्ता थपलिया, पूर्ववत् ।

सामाजिक परिषद्ले महिलासम्बन्धी सहआयोगको स्थापना गऱ्यो । उक्त सहआयोग मानव अधिकार आयोगसँग सम्बद्ध थियो । सोही समयमा नै मानव अधिकार घोषणापत्रमा नै “नैसर्गिक मानव अधिकारमाथि आस्था राख्दै महिला र पुरुषको समान अधिकारको लागि” भनेर लेखिएको पाईन्छ ।

यसरी गठन भएको सहआयोगको पहिलो एवम् अन्तिम बैठकले महिलाहरूको निम्ति छुट्टै आयोग हुनुपर्ने विषयमा मतैक्यता जाहेर गरेपछि वि.सं. २००२ (सन् १९४६) को जुनमा महिलासम्बन्धी छुट्टै आयोगको स्थापना गरिएको देखिन्छ । सोही आयोगले महिलासम्बन्धी विभिन्न कामहरू गर्दै अगाडि बढ्न थालेको पाइन्छ । यसरी नै वि.सं. २००४ (सन् १९४८) मा विश्वव्यापी रूपमा मानव अधिकार घोषणापत्र जारी भएको थियो । जसको धारा २ मा कसैले पनि जाति, रङ्ग र लिङ्गको आधारमा भेदभाव गर्न पाइने छैन भनेर उल्लेख गरिएको छ भने वि.सं. २०१० (सन् १९५४) मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले सङ्घको सदस्य राष्ट्रहरूलाई सम्बन्धित देशमा परापूर्वकालदेखि चलिआएको महिला विरोधी कानुन, संस्कृति र व्यवहारिक जीवनमा गरिने भेदभावहरू उन्मूलन गर्न आव्हान गरेको पाइन्छ । यसैगरी संयुक्त राष्ट्र सङ्घको साधारण सभाले वि.सं. २०१९ (सन् १९६३) मा महिला उपर हुने सम्पूर्ण भेदभावसम्बन्धी घोषणापत्रको ड्राफ्ट तयार पार्न सम्बन्धित निकायहरूलाई आव्हान गरेको पाइन्छ । वि.सं. २०२२ (सन् १९६६) मा संयुक्त राष्ट्र सङ्घ र यसको महिलासम्बन्धी आयोगले महिला उपर हुने सम्पूर्ण भेदभाव निर्मूल घोषणपत्रको पहिलो ड्राफ्ट साधारण सभामा पेश गऱ्यो भने वि.सं. २०२३ (सन् १९६७) मा सो सङ्घको साधारण सभाले सैद्धान्तिक र कानुनी रूपले महिला पुरुषको समानता स्थापित गर्ने उद्देश्यले पहिलेको घोषणापत्रलाई संशोधन गरेर पेश गरेको देखिन्छ । यसरी नै वि.सं. २०२९ (सन् १९७३) मा आर्थिक तथा सामाजिक परिषद्ले सन्धिपत्र ड्राफट गर्न १५ सदस्यीय कार्यसमितिको गठनसमेत गरेको पाइन्छ ।[५४]

संयुक्त राष्ट्रसङ्घले आफ्नो पहलमा विभिन्न कार्यहरू गर्दै आइरहेको देखिन्छ । यद्यपि महिलामाथि गरिने विभेद भने यथावत् रहेकै अवस्थामा वि.सं. २०३६ (सन् १९७९) मा महिला विरुद्धका सबै किसिमका भेदभाव निर्मूल गर्ने उद्देश्यका साथ संयुक्त राष्ट्र सङ्घको सन्धिपत्रको घोषणा भएको देखिन्छ ।[५५]

---

५४. *बेजिङ्गतिर सन् १९९५,* काठमाडौं : गैरसरकारी समूह राष्ट्रिय तयारी समिति नेपाल, एन एन.पि.सिं. एन्जिओ कोलिसन ।

५५. *महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी सन्धिपत्र, सन् १९७९ डिसेम्बर १८,* श्री ५ को सरकार, महिला विकास महाशाखा, श्रम तथा सामाजिक कल्याण मन्त्रालय र युनिसेफ नेपाल ।

महिलामाथिका विभेदलाई हटाउनका निम्ति विभिन्न समयमा सभा सम्मेलनहरू भएका थिए । जसमा महिला हक, अधिकारका विषयमा ध्यान केन्द्रित गरिएको हुन्थ्यो । यसरी नै भियनामा आयोजित बिश्व सम्मेलन वि.सं. २०५० (सन् १९९४) ले पनि महिला हक अधिकारलाई संरक्षण गर्ने, महिला सशक्तीकरण गर्ने जस्ता पक्षमा प्रतिबद्धता देखाएको देखिन्छ । यसैगरी The World Summit for social development at Copenhegan १९९४ ले पनि महिलाको गरिबी निवारणमा भूमिका, उत्पादनशील व्यवसाय र सामाजिक व्यवस्थालाई सबल बनाउने कुरामा जोड दिएको पाइन्छ ।[५६]

संयुक्त राष्ट्रसङ्घले महिलाका सवालमा उक्त महत्वपुर्ण कार्यहरु गरे पनि समानता, स्वतन्त्रता महिलाहरुले प्राप्त गर्न सकेका देखिदैनन् । संयुक्त राष्ट्र सङ्घको सन्धिपत्रमा हस्ताक्षर गर्ने राष्ट्रहरुमा अझै पनि महिलामाथि गरिने विभेद, असमानता भने यथावत्‌रहेको देखिन्छ । महिला समानता एवं स्वतन्त्रताको सवाललाई सन्धिपत्र, नितिनियम, कानुनमा ब्यबस्था गरेर मात्र हुदैन । त्यसको कार्यन्वयन पक्षमा जोड दिनु पर्ने आवश्यकता देखिएको छ ।

संयुक्त राष्ट्र सङ्घले आफ्नो पहल विभिन्न महिलासँग सम्बन्धित कार्यहरू गर्दै महिलाहरूलाई आफ्नो हक, अधिकारका निम्ति सचेत गराउँदै विकास र शान्तिको निम्ति अगाडि बढाउने काम गर्दै आइरहेको पाइन्छ । यसरी नै सो सङ्घको पहलमा भएका महिलासँग सम्बन्धित प्रयासहरूलाई पनि सङ्क्षेपमा चर्चा गरिएको छ ।

## (ख) संयुक्त राष्ट्र सङ्घको पहलमा भएका प्रयासहरू

विश्वमा महिला आन्दोलनले आफ्नो स्वरूपलाई विकास गर्दै जाने क्रममा आफ्नो आवाजलाई संयुक्त राष्ट्र सङ्घमा समेत पुर्‍याउन सफल भएको देखिन्छ । सोहीअनुरूप सो सङ्घले महिला समानता, स्वतन्त्रता, उत्थानका सवाललाई गम्भीर रूपले लिई महिला उत्थानका निम्ति विभिन्न कामहरू गर्न थालेको देखिन्छ । यही क्रममा विभिन्न समयमा महिला सम्मेलनहरू सम्पन्न गरेको बारेमा चर्चा गर्न सान्दर्भिक देखिएकोले यहां सङ्क्षेपमा चर्चा गरिएको छ :

### १) प्रथम विश्व महिला सम्मेलन १९७५ (मेक्सिको सिटी)

विश्वमा महिलामाथि भइरहेको अपहेलना गर्ने काम यथावत् रहेकै समयमा संयुक्त राष्ट्र सङ्घले पनि महिला उत्थानका कुरा गरिरहेको बेला महिलामाथि भएका सबै प्रकारका

५६. घनानाथ ओझा, पूर्ववत्, पृ. ३६ ।

भेदभाव निर्मूल पार्नको लागि तयार गरिएको घोषणापत्रलाई कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल हुने क्रममा वि.सं. २०३१ (सन् १९७५) को जुनमा मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरिएको देखिन्छ । यो वर्षलाई संयुक्त राष्ट्रसङ्घले "महिला वर्ष" को रूपमा मनाउने घोषणा गरेको थियो । सो सम्मेलनमा १३० देशका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसमा नेपालको पनि प्रतिनिधत्व रहेको पाइन्छ ।[५७]उक्त सम्मेलनमा विविध विषयमा छलफल हुनुका साथै निम्न उपलब्धि भएको देखिन्छ :-

क) महिलाउपर हुने सम्पूर्ण भेदभाव निर्मूलनसम्बन्धी घोषणापत्रको कार्ययोजनाको कार्यान्वयन प्रक्रियाका बारेमा छलफल ।

ख) महिलाहरूलाई नीति निर्माणका तहमा बढीभन्दा बढी समावेश गराउने ।

ग) महिलाहरूले गर्ने दैनिक कार्यको पहिचान गरी त्यसलाई आर्थिक मान्यता दिने ।

घ) महिलाहरूको नागरिक सामाजिक र राजनीतिक अधिकारलाई पुरुष सरह समान दर्जा दिने ।

ङ) महिलाहरूको निम्ति रोजगारी र शिक्षाको अवसर बढाउँदै लाने ।[५८]

यसरी सो सम्मेलनद्वारा महिलाहरुको सवालमा छलफल एवम् उपलब्धि भए पनि कार्यान्वयनमा भने अपेक्षेति उपलब्धि भएको देखिएको छैन ।

## २) अन्तर्राष्ट्रिय महिला वर्ष

अन्तर्राष्ट्रिय महिला वर्षले महिलाको पक्षमा विश्वव्यापी रूपमा समानता प्राप्त गर्ने, महिलाका समस्या एवम् विषयहरूलाई सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा समन्वय गर्ने र विश्वमा शान्ति कायम गर्ने लक्ष्य राखेको थियो । महिला वर्षको नारा समानता, विकास र शान्ति रहेको थियो । अन्तर्राष्ट्रिय महिला वर्षको उपलक्ष्यमा विभिन्न मुलुकमा सम्मेलनहरू भएका थिए भने उक्त वर्षलाई सफल बनाउनको लागि सोही वर्ष इरानमा Adult Literacy सम्बन्धी, जर्मनीमा सामाजिक स्तर उठाउने विषयमा बैठक सम्पन्न भएको थियो ।

---

५७. घननाथ ओझा, पूर्ववत्, पृ. ३७ ।
५८. बेइजिङ्गतिर सन् १९९५, पूर्ववत् ।

यसरी विभिन्न देशमा विभिन्न समूहहरू, व्यावसायिक संस्थाहरू र समुदायले महिला समस्याका सम्बन्धमा विश्वको ध्यान आकर्षित गर्न सफल भएको थियो । यिनै सम्मेलन एवम् बैठकहरूले महिलालाई निर्णायक तहमा पुऱ्याउने उपाय खोज्न गरेको प्रयास र राष्ट्रिय विकासमा महिलाहरूलाई पनि समान अवसर प्रदान गरी देश विकासमा टेवा पुऱ्याउनका निम्ति प्रयास गर्न थालेको पाइन्छ । परिणामस्वरूप महिलासम्बन्धी विभिन्न कानुनमा संशोधन गरी बालविवाह हटाउने, विवाहको उमेर तोक्ने, दाइजो प्रथा निर्मूल गर्ने, अन्धविश्वास हटाउने, देहव्यापार नियन्त्रण गर्ने एवम् साक्षरता अभिवृद्धि गर्नेतर्फ प्रयास गर्न थालिएको देखिन्छ ।[५९]यद्यपी बिश्वका महिलाहको अबस्थामा अपेक्षाकृत रुपमा परिवर्तन भने भएको देखिदैन । अझै पनि महिलाहरुले नारकीय जिवन बिताउन बाध्य रहेका छन् । तर महिलाहरु महिला समानता एवम् मुक्तिका लागि आन्दोलनरत रहेको देखिन्छ ।

### ३) महिला दशक

विश्वमा महिलाहरू हक अधिकारका निम्ति जुर्मुराइरहेको अवस्थामा संयुक्त राष्ट्र सङ्घले थप उर्जा महिलाको सवालमा प्रदान गर्दै आएको देखिन्छ । यही क्रममा सो सङ्घले वि.सं. २०३२-२०४२ (सन् १९७६ देखि १९८५) सम्मलाई “महिला दशक” को रूपमा मनाउने घोषणा गारेको थियो । यसले विकसित एवम् अतिविकसित देशहरूमा महिला जागरणको लहर फैलन सहयोग पुऱ्याएको देखिन्छ । यो “महिला दशकमा पनि महिलालाई आर्थिक, सामाजिक र राजनीतिक रूपले उत्थान गर्न विभिन्न प्रयासहरू अन्तर्राष्ट्रिय क्षेत्रमा र राष्ट्रिय स्तरमा निरन्तर जारी नै  रह्यो। यो महिला दशकले महिला आन्दोलनको निम्ति थप उर्जा प्रदान गर्न सफल  रह्यो ।”[६०] यसले महिला आन्दोलनलाई समेत थप उर्जा प्राप्त भएको देखिन्छ । त्यसैले महिलाहरु उत्साहित भएर आन्दोलनलाई अगाडि बढाइ रहेको पाइन्छ ।

### ४) दोस्रो विश्व महिला सम्मेलन १९८०

डेनमार्कको कोपेनहेगनमा दोस्रो विश्व महिला सम्मेलन महिलाको निम्ति रोजगारी, स्वास्थ्य र शिक्षाको नारा सहित सम्पन्न भएको थियो । सो सम्मेलनले विकासमा महिलाको सहभागिताका निम्ति अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र त्यस्तो अवसरबाट लाभ पाउने तथा उक्त कार्य गर्ने स्वयम् महिला नै क्रियाशील बनी कार्यकर्ताको रूपमा हुनुपर्ने जस्ता व्याख्या गर्न पुगेको थियो । यसरी नै समानतालाई व्याख्या गर्दै कानुनी समानता र आधिकारिक भेदभावको निर्मूल गर्नु नै समानता हो भनी सम्मेलनले व्याख्या गर्न

---

५९. घनानाथ ओझा, पूर्ववत्, पृ. ३७ ।
६०. शान्ता थपलिया, पूर्ववत् ।

पुग्यो । यसका साथै "महिला दशक" को अवधिमा भएको प्रगतिको समेत पुनरावलोकन र मूल्याङ्कन गरिएको पाइन्छ ।[६१]

महिलाहरूको उत्थानका निम्ति विभिन्न प्रयासहरू भइरहेको थियो । यही सन्दर्भमा सम्मेलनहरू हुँदै थिए । सम्मेलन हुने क्रममा भएको दोस्रो विश्व महिला सम्मेलनमा भएका उपलब्धिहरू निम्न थिए :-

क) नीति निर्माण र राजनीतिमा महिलाहरूको समान सहभागिताको ग्यारेन्टी सहभागी देशका कार्यपालिकाहरूले गर्नु पर्ने ।

ख) सहभागी राष्ट्रहरूले आआफ्नो देशमा महिलासम्बन्धी कार्य गर्न छुट्टै आयोग वा कार्यालय स्थापना गर्नुपर्ने साथै सो आयोगको प्रभावकारी सम्बन्ध राष्ट्रिय स्तरमा कार्यरत महिलासम्बन्धी गैरसरकारी संस्थाहरूसँग हुनुपर्ने ।

ग) सञ्चार माध्यममा महिलाहरूको सकारात्मक छवि प्रस्तत् गर्नका लागि अध्ययन अनुसन्धान गर्ने ।

घ) सरकारी तथा गैरसरकारी संस्थाहरूको आपसी सहयोगबाट हरेक तहमा तालिम, रोजगार र पारिश्रमिकमा महिलालाई समानता प्रदान गर्ने ।[६२]

महिला समानता, विकास र शान्तिका लागि राष्ट्र सङ्घीय दशकको उत्तरार्द्धका निम्ति कार्यान्वयन कार्यक्रम स्वीकृत गरेको थियो । सो सम्मेलनले पुनः समर्थन गरेको कार्यनीतिमा अन्य विषय साथै महिला सहभागिताको विकास कार्यमा महत्त्व, विकास, कार्यपत्रमा महत्त्वपूर्ण Actor / Beneficiary दुबै रूपमा महिलालाई राखिएको थियो । यसका साथै कार्यनीतिले सामाजिक र आर्थिक परिवर्तनमा दूरगामी परिणाम ल्याउन उपयुक्त उपायहरूको आव्हान पनि गरेको थियो । विभिन्न निकायहरूलाई महिलाको स्थितिबारे अत्याधुनिक तथ्याङ्क एवम् काल, दिशा विश्लेषण तयार गर्न पनि अह्राइएको पाइन्छ ।

## ५) तेस्रो विश्व महिला सम्मेलन सन् १९८५ (नैरोबी)

वि.सं. २०४२ (सन् १९८५ जुलाई १५ देखि २६ तारिख) मा केन्याँको राजधानी नैरोबीमा तेस्रो विश्व महिला सम्मेलन सम्पन्न भएको थियो । सो सम्मेलनमा १५७ राष्ट्रका प्रतिनिधिहरूले भाग लिएका थिए । सो सम्मेलनमा "महिला दशकमा महिला विकाससम्बन्धी

६१. घनानाथ ओझा, पूर्ववत्, पृ. ३८ ।
६२. बेजिङ्गतिर सन् १९९५, पूर्ववत् ।

सदस्य राष्ट्रहरूले किटान गरेका उद्देश्य प्राप्त गर्न आइपरेका बाधा अड्चन पहिचान गरी बाधा अड्चन निराकरणका लागि विकल्प सुझाव पेश गर्नुसमेत नैरोबी सम्मेलनको एजेन्डा रहेको देखिन्छ ।"[६३]यसका साथै विगतका सम्मेलनहरूबाट भएको प्रगति निर्धारित गर्नुसमेत रहेको पाइन्छ ।

सो नैरोबीमा सम्पन्न सम्मेलनमा संयुक्त राष्ट्र सङ्घद्वारा घोषित महिला दशकको उद्देश्य मध्ये सं.रा. सङ्घका १२४ सदस्य राष्ट्रहरूले केही मात्र उद्देश्य पूरा गरिएको प्रतिवेदन पेश गरिएको थियो । धेरै देशहरूमा महिलाको समान सहभागिता नभएको कारण सामाजिक समस्या डरलाग्दो रूपमा रहेको तथ्य देखिएको थियो । यसका साथै सम्मेलनमा सहभागीहरूद्वारा महिलाहरूको प्रगतिको निमित्त वि.सं. २०५७ (सन् २०००) सम्मको योजना "नैरोबी अग्रदर्शी रणनीति" समेत तयार पारिएको पाइन्छ ।[६४] नैरोबी सम्मेलनले विभिन्न विषयहरूमा छलफल गर्नुका साथै निम्न निर्णयहरू पारित गरेको पाइन्छ ।

क) महिलाहरूलाई रोजगारीको अवस्थामा सम्बर्द्धन गर्ने ।

ख) महिलाहरूको स्वास्थ्यको अवस्थामा सुधार ल्याउने ।

ग) महिलाहरूलाई पुरुष सरह शिक्षा प्रदान गर्ने ।

घ) कानुनमा विद्यमान भेदभाव हटाउने ।[६५]

यसरी नै महिला विकासका कार्यनीतिहरूको निम्न सूचीसमेत सो सम्मेलनले तयार पारेको थियो समानता, विकास, शान्ति, विशेष सरोकारका विषयहरू अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग रहेको देखिन्छ ।

नैरोबी सम्मेलनले तयार पारेको "नैरोबी अग्रदर्शी कार्यनीति"को परिणामस्वरूप संयुक्त राष्ट्र सङ्घको लागि संयुक्त राष्ट्र सङ्घ विकास कोषसमेत स्थापना गरेको थियो । यसको साथै वि.सं. २०४२ (सन् १९८६) मा "विकासमा महिलाको भूमिका" नामक पहिलो विश्व सर्वेक्षण प्रतिवेदन प्रकाशित गरिएको थियो । वि.सं. २०५० (सन् १९९४) मा इजिप्टको राजधानी कायरोमा सम्पन्न जनसङ्ख्या र विकाससम्बन्धी सम्मेलनमा महिला सशक्तीकरण, बालबालिकाको स्थिति सुधार गरिनुपर्ने आदि निर्णयलाई पनि नैरोबी सम्मेलनकै निरन्तरताका रूपमा लिइएको पाइन्छ ।

---

६३. सहाना प्रधान, पूर्ववत् ।

६४. बेजिङ्गतिर सन् १९९५, पूर्ववत् ।

६५. बलराम आचार्य (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेसनल बुक सेन्टर, भोटाहिटी, पृ. २४७ ।

नैरोवि सम्मेलनद्धारा बिभिन्न निर्णय एवम् कार्यनितिहरु पारित गरिए पनि कार्यान्वयन पक्ष कमजोर भएका कारण महिलाहरुको अबस्थामा अपेक्षाकृत रुपमा सुधार भएको भने देखिदैन । आफ्नो अबस्थामा सुधार ल्याउनका लागि महिला एवं संयुक्त राष्ट्र सङ्घद्वारा समेत कृयाशिल बन्नु पर्ने आवश्यकता देखिएको छ ।

**६) चौथो विश्व महिला सम्मेलन १९९५ (बेइजिङ)**

संयुक्त राष्ट्र सङ्घको पहलमा चिनको बेजिङ्गमा वि.सं. २०५२ (४ देखि १५ सेप्टेम्बर १९९५) मा एक भव्य समारोह बीच चौथो विश्व महिला सम्मेलन सम्पन्न गरिएको थियो । सो सम्मेलनमा विश्वका १८१ राष्ट्रले प्रतिनिधित्व जनाएका थिए । सम्मेलनमा विगतका सम्मेलनद्वारा पारित निर्णय एवम् अन्य संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र र महासन्धिहरूलाई पुनरावलोकन गरिएको थियो । यसका साथै बैठकहरूमा पारित प्रस्तावहरू, प्रतिबद्धताहरू एवम् घोषणाहरूलाई अझ अगाडि बढाउने र विश्व महिला समानता, विकास र शान्ति प्राप्त गर्ने पुनः प्रतिबद्धता जाहेर गऱ्यो । सम्मेलनले निम्नलिखित दस्ताबेजहरू तयार गरेको देखिन्छ :

क) बेजिङ्ग घोषणापत्र (Beijing Declaration)

ख) बेजिङ्ग कार्यमञ्च (Platform for Action)

ग) नाजुक सरोकार क्षेत्रहरू (Critical areas of concerns)

घ) रणनीतिक लक्ष्य र कार्यहरू (Strategic objectives and Actions)[६६]

यसप्रकार बेजिङ्ग घोषणापत्रमा महिला साझा समस्या एवम् निर्दिष्ट समस्याहरू पहिचानको आधारमा समाजमा महिला, पुरुष दुवैको संलग्नता र सहयोगमा सबै प्रकारका समस्या समाधान गर्न गैरसरकारी सरकारी तथा निजी क्षेत्रको प्रयत्नलाई सँगसँगै लानुपर्ने प्रतिबद्धता प्रकट गऱ्यो भने तिनलाई सशक्तीकरण गर्न सबै राष्ट्र तथा संस्थाहरूको सामूहिक प्रतिबद्धतालाई उल्लेख गरेको छ । यसरी सम्मेलनमा महिला उत्थान, विकास र सशक्तीकरणका लागि अवलम्बन गरिनुपर्ने सम्बन्धित १२ महत्त्वपूर्ण चासोको विषय (Areas of critical concern) पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि प्रतिबद्धता जाहेर गरियो । ती विषय निम्न रहेका थिए :

---

६६. सहाना प्रधान, पूर्ववत् ।

क) महिला र निर्धनता

ख) महिला शिक्षा र तालिम

ग) महिला र स्वास्थ्य

घ) महिला विरुद्धको हिंसा

ङ) महिला र सशस्त्र सङ्घर्ष

च) महिला र अर्थतन्त्र

छ) शक्ति संरचना र निर्णय तहमा महिला

ज) महिला विकासको लागि संस्थागत संरचना

झ) महिलाको मानव अधिकार

ञ) महिला र सञ्चार माध्यम

ट) महिला र वातावरण

ड) बालिका [६७]

उक्त उल्लेखित चासोका विषयहरूमा केन्द्रित रही छुट्टाछुट्टै शीर्षक अन्तर्गत छुट्टाछुट्टै राणनीति लक्ष्य र कार्यक्रमहरू निर्धारण गरिएको पाइन्छ ।

चौंथो विश्व महिला सम्मेलनले महिलासँग सरोकार राख्ने विषयहरूका बारेमा प्रतिबद्धता जाहेर गरेको थियो । यो सम्मेलनमा नैरोबी अग्रदर्शी राजनीतिको उद्देश्य कतिसम्म प्राप्त हुन सक्यो त्यसको मूल्याङ्कन गरिएको थियो । यसका साथै समय अनुसारको जनशक्ति तयार पार्न– महिलाहरूलाई वैज्ञानिक प्राविधिक, आर्थिक र राजनीतिक रूपले दक्ष बनाउने, विकासका प्रक्रियाहरूमा महिला सहभागिता गराउन उनीहरूलाई सशक्तीकरणतर्फ उन्मुख गराउने, लैङ्गिक समानता, विकास र शान्तिको बाटोमा महिलाको समान सहभागिता गराउन विश्वव्यापी नीतिको तर्जुमा गर्ने एवम् नैरोबी अग्रदर्शी रणनीतिले तय गरेको तर कार्यान्वयन नगरिएका योजनाहरूलाई पूरा गर्ने कार्ययोजना घोषणा गर्ने रहेको थियो । जसलाई प्लेटफर्म अफ एक्सन नाम दिइएको पाइन्छ ।[६८]

अन्तर्राष्ट्रिय स्तरमा भएका सभा सम्मेलन, विभिन्न महासन्धि आदिद्वारा विश्वमा भइरहेको महिला समानताको भइरहेको महिला आन्दोलनका निम्ति थप उर्जा प्राप्त भएको पाइन्छ । महिला आन्दोलनलाई कुन रूपबाट सञ्चालन गर्नुपर्ने त्यसको किटान गरिएको पाइन्छ । विश्वका महिलाहरूलाई आफ्नो हक, अधिकार प्राप्त गर्नका निम्ति झकझकाउने काम गरेको देखिन्छ । विश्वका महिलाहरूलाई समानता, विकास र शान्तिका निम्ति जुझारू रूपले अगाडि बढ्न प्रेरणा प्रदान गरेको पाइन्छ ।

---

६७. *बेजिङ्ग घोषणापत्र तथा कार्यनीति (१९९५),* ललितपुर : बियोण्ड बेजिङ्ग कमिटी ।

६८. सहाना प्रधान, पूर्ववत् ।

विश्व महिला आन्दोलनले विश्वका महिलाहरूलाई मात्र आफ्नो हक, अधिकार प्राप्तिको निम्ति आन्दोलित गरेको नभई सो आन्दोलनले संयुक्त राष्ट्र सङ्घलाई समेत महिलासम्बन्धी विषयलाई विशेषरूपले हेर्नका निम्ति ध्यान केन्द्रित गर्न सफल भएको देखिन्छ । जसले विश्वका महिलाहरूलाई एक ठाउँमा भेला भएर आफ्ना सबै प्रकारका समस्याहरूलाई समाधान गर्नको निम्ति एकीकृत रूपले अगाडि बढ्न सहयोग पुगेको देखिन्छ । परिणामस्वरूप सङ्घले पनि महिलासँग सम्बन्धित सबै विषयलाई योजनाबद्ध, कार्यक्रमिक रूपले अगाडि बढाएको देखिन्छ । यसले महिलाहरूलाई अगाडि बढ्न र महिला आन्दोलनलाई क्रमिक रूपले अगाडि बढाउन सहयोग पुगेको पाइन्छ ।

## ४.४ महिला आन्दोलन र संयुक्त राष्ट्र सङ्घ

विश्वमा महिला उत्थानको कार्य थालनी संयुक्त राष्ट्र सङ्घको स्थापनाकाल वि.सं. २००१ (सन् १९४५) भन्दा पहिलेदेखि नै भएको पाइन्छ । विश्वमा महिलाहरू आफ्नो हक, अधिकार प्राप्तिका लागि आन्दोलित बनिरहेका थिए । उता संयुक्त राष्ट्र सङ्घले पनि महिला उत्थानका लागि आफ्नो स्थापना पश्चात् विभिन्न कार्यहरूको प्रारम्भ गर्न थालेको देखिन्छ । यसरी विश्वमा भएको महिला आन्दोलनले संयुक्त राष्ट्र सङ्घलाई पनि महिलाहरूको सवालमा आकर्षित गर्न थालेको देखिन्छ । तसर्थ विश्व महिला आन्दोलनको चर्चा गर्दा संयुक्त राष्ट्र सङ्घले महिलाहरूको निम्ति गरेका कार्यका बारेमा चर्चा गर्नु सान्दर्भिक देखिएकाले यहाँ चर्चा गरिएको छ ।

संयुक्त राष्ट्र सङ्घको मातहतमा महिलासम्बन्धी भएका विभिन्न कार्यहरूको बारेमा माथि नै चर्चा गरिएकाले यहाँ संयुक्त राष्ट्र सङ्घको सन्धिपत्र वि.सं. २०३५ (सन् १९७९) का बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

विश्वका महिलाहरूको लागि संयुक्त राष्ट्र सङ्घको महिला उत्थानका कदमहरू उल्लेख्य मान्नुपर्दछ । यसले विश्वकै महिलाहरूको निम्ति आआफ्नो ठाउँमा आफ्नो हक, अधिकार प्रयोजन निम्ति सहजता आएको देखिन्छ । जसले उनीहरूलाई उत्साहित पनि गरेको पाइन्छ । यही सन्दर्भमा संयुक्त राष्ट्र सङ्घको महासभाले वि.सं. २०३५ (१८ डिसेम्बर १९७९) मा एउटा प्रस्ताव पारित गरी सबै सदस्य राष्ट्रहरूको अनुमोदन तथा सम्मिलनको लागि खुला राखेको थियो । सो महासन्धि वि.सं. २०३७ (३ सेप्टेम्बर १९८१) मा लागू भयो र नेपालले पनि विनासर्त वि.सं. २०४७ (२२ अप्रिल १९९१) मा अनुमोदन गरेको थियो । यस

महासन्धिमा ३० वटा धारा रहेका छन् । यसलाई हालसम्म १६६ राष्ट्रहरूले अनुमोदन गरिसकेको पाइन्छ ।[६९]

महिलाउपर हुने सवै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी महासन्धि (CEDAW 1979) एक अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रले हस्ताक्षर र अनुमोदन गरेपछि आफ्नो राष्ट्रको राष्ट्रिय कानुनसरह उक्त महासन्धि लागू हुन्छ । यही क्रममा नेपालले पनि महासन्धिलाई हस्ताक्षर र अनुमोदन गरेपछि महिला र पुरुष बीचमा भएको विद्यमान सामाजिक विभेदलाई अन्त्य गर्ने नीतिहरू निर्माण गर्नु पर्दछ । नेपालले पनि सोहीअनुरूप आफ्नो कानुन देशकाल, परिस्थिति सुहाउदो रूपबाट "नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा संसदबाट अनुमोदन सङ्कलन स्वीकृति वा समर्थन भै नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै पनि सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ ।" भनी उल्लेख भएबाट यस ऐनको पालन गरी लिङ्गको आधारमा हुने भेदभाव अन्त्य गरी समान ऐन कानुन निर्माण गर्नुपर्ने नेपाल सरकारको दायित्व रहेको देखिन्छ । अनुमोदन पश्चात् राज्यले पहिलो एक वर्षमा पहिलो प्रारम्भिक प्रतिवेदन र त्यसपछि प्रत्येक ४/४ वर्षमा आवधिक प्रतिवेदनहरू सीड समितिमा पठाउनु पर्दछ ।[७०]

यस महासन्धिको विश्वका सन्धि अनुमोदन गर्ने सबै राज्यलाई महिलाका सम्बन्धमा सचेत गराएको पाइन्छ । यसरी महिलाउपर हुने सवै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी विभिन्न विषयहरूलाई समावेश गरिएको छ । जहाँ भेदभावको विस्तृत परिभाषासमेत गरेको छ । सोही महासन्धिको धारा १ अनुसार महिला विरुद्धको भेदभाव भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै पनि विषयमा हुने कुनै पनि प्रकारका भेदभाव वा वहिस्कार वा प्रतिबन्धलाई जनाउँदछ ।[७१]यस महासन्धिमा महिलाका विभिन्न अधिकारका बारेमा उल्लेख गरिएका छन् ती निम्न प्रकारका छन् :

क) संवैधानिक एवम् कानुनी व्यवस्थाको माध्यमबाट महिला विरुद्धको भेदभाव निर्मूल गर्ने तथा समानता कायम गर्ने नीति अपनाउने प्रचलनद्वारा हुने सबै भेदभाव निर्मूल गर्नेछ ।

---

69 . Geeta Sangroula (2001), Law and Existing Reality of Nepalese Women, *Gender and Democracy in Nepal*, Kathmandu : Center Department of Home Science Women's Studies Program, T.U., P.K. Campus, Nepal, peg. 61.

७०. *अलकोन, स्मारिका (२०६०),* आदिवासी जनजाति, कानुन व्यवसायी परिषद् नेपाल, पृ. ३१ ।

७१. *महिला उपर हुने सवै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी सन्धिपत्र,* पूर्ववत् ।

ख) मौलिक अधिकार एवम् स्वतन्त्रताको प्रयोग तथा उपयोगको प्रत्याभूति हुने गरी महिलाको विकास तथा समुन्नतिका लागि कानुनी व्यवस्था लगायतका आवश्यक कदमहरू चाल्ने ।

ग) महिलाको किनबेच तथा बेश्यावृत्तिको शोषणको दमन गर्ने धारा ६ ले महिलाको किनबेच तथा बेश्यावृत्तिको लागि गरिने महिलाको यौनशोषण विरुद्धको अधिकार प्रदान गरेको छ भने राज्यलाई यस प्रकारको शोषणलाई नियन्त्रण गर्ने कानुनको निर्माण गर्ने दायित्व प्रदान गरेको छ ।

घ) सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार यस धारा ७ अन्तर्गत विश्वका महिलालाई सार्वजनिक वा राजनीतिक भेलामा सहभागी हुने अधिकार प्रदान निम्न रुपले गरेको छ - मत दिन पाउने अधिकार, निर्वाचनको लागि उम्मेदवार हुन पाउने समान अधिकार, निर्णय तहसम्म पुगी नीति निर्माणमा संलग्न हुन पाउने अधिकार, सार्वजनिक पद धारण गर्न पाउने समान अधिकार,विभिन्न सङ्घ संस्था, राजनीतिक सङ्गठनमा सहभागी हुने अधिकार ।

ङ) अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने अधिकार धारा ८ अन्तर्गत अन्तर्राष्ट्रिय सभा सम्मेलनमा वा सङ्गठनमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरिएको छ ।

च) राष्ट्रियतासम्बन्धी अधिकार धारा ९ अन्तर्गत महिलालाई निम्न अधिकार दिएकोछः- महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न वा धारण गर्न समान अधिकार, पतिको राष्ट्रियता जे जस्तो भएता पनि पत्नीले आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार, सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुष सरह महिलालाई पनि समान अधिकार, विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता त्याग गरेको अवस्थामा पनि महिलाको स्वतः परिवर्तन नहुने अधिकार ।

छ) शिक्षासम्बन्धी अधिकार धारा १० ले निम्न अधिकार प्रदान गरेको छः-अध्ययन गर्न र उपाधि पाउने समान अधिकार, सबै प्रकारको व्यवसायिक प्रशिक्षणको समान अधिकार, समान भौतिक शैक्षिक सुविधाको अधिकार, छात्रवृत्ति सम्बन्धमा समान अधिकार, पढाई छाड्ने छात्राहरूको सक्रिय रूपमा शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार ।

ज) रोजगारसम्बन्धी अधिकार/मातृत्वको अधिकार धारा ११ ले निम्न अधिकार प्रदान गरेको छः- रोजगारीमा समान अवसर, रोजगारी समान रूपमा चयन गर्न, समान सेवा सर्त र सुविधा उपयोग गर्न पाउने अधिकार, पूरा तलबसहित प्रसुती विदाको अधिकार, बाल स्याहार सुविधा प्रणालीको उपयोग गर्न पाउने अधिकार, गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार, कुनै खास लिङ्गको लगुताभाषमा आधारित पूर्वाग्रह उन्मूलन गर्ने अधिकार ।

झ) स्वास्थ्य सेवासम्बन्धी अधिकार धारा १२ ले महिलालाई निम्न अधिकार प्रदान गरेको छ महिलालाई परिवार नियोजन सेवासम्बन्धी कुराहरूको जानकारी दिने अधिकार, स्वास्थ्य सेवा स्याहार विना कुनै भेदभाव व्यवस्था गर्नुपर्ने, गर्भवती समय, प्रसुतीको समय र प्रसुती पश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने ।

ञ) आर्थिक तथा पारिवारिक लाभको अधिकार धारा १३ द्वारा महिलाले प्राप्त गरेका अधिकारहरू पारिवारिक लाभ उपयोगमा समान अधिकार, बैङ्कको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार, बन्धकी राख्न पाउने अधिकार, खेलकूल, संस्कृति र मनोरञ्जनात्मक गतिविधिमा सहभागी हुन पाउने अधिकार ।

ट) ग्रामीण महिलालाई विशेष अधिकार धारा १४ ले ग्रामीण महिलालाई दिएका विशेष अधिकारहरू विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार, परिवार नियोजनका सूचना, सल्लाह र सेवा लगायतका पर्याप्त सुविधा पाउने अधिकार, सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार, औपचारिक तथा अनौपचारिक तालिम शिक्षा प्राप्त गर्ने अधिकार, रोजगारीको लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार, समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार, आवास, सरसफाई, विद्युत, यातायात, खानेपानी तथा सञ्चालनसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

ठ) कानुनी समानताको अधिकार धारा १५ ले महिलालाई निम्न अधिकार दिएको छः- महिला र पुरुषलाई कानुनी समानताको अधिकार, देवानी मामिलामा महिलालाई समान कानुनी सामर्थ्यताको अधिकार, महिलाको कानुनी सामर्थ्यतालाई नियन्त्रण गर्ने खालका करार तथा निजी लिखतहरू बदर गराउने अधिकार, हिँडडुल गर्ने आफ्नो बासस्थान तथा बासभूमि सम्बन्धी स्वतन्त्रताको कुरामा समान अधिकार ।

ङ) विवाह तथा परिवारको अधिकार धारा १६ ले निम्न अधिकार प्रदान गरेको छः- महिलालाई स्वतन्त्रतापूर्वक जीवनसाथी छान्न पाउने समान रूपमा विवाह गर्न पाउने र स्वतन्त्रतापूर्वक सम्बन्ध विच्छेद गर्न पाउने अधिकार, महिलालाई प्रजनन अधिकार तथा सन्तानको संरक्षकत्वको अधिकार, पतिपत्नी बीच सम्पत्तिमा समान अधिकार आदि ।[७२]

उल्लेखित हक, अधिकारहरू विना भेदभाव स्वतन्त्रता पूर्वक उपभोग गर्न पाउने आवश्यक व्यवस्था गर्नुपर्ने दायित्व महासन्धिको पक्षमा राष्ट्रहरूको हुनेछ । यही क्रममा नेपालले पनि भेदभावपूर्ण रहेका महिलासम्बन्धी कानुनलाई संशोधन गरी मुलुकी ऐन *एघारौं संशोधन* ऐन ल्याएको पाइन्छ ।[७३]

यस प्रकार महासन्धिले समीक्षार्थ समितिको गठनसमेत गर्ने व्यवस्था गरेको छ । जसअनुसार विभिन्न प्रावधानलाई लागू गरेपछिको प्रगतिको समीक्षा गर्न विभिन्न भौगोलिक क्षेत्र र विभिन्न सभ्यता एवम् प्रमुख कानुनी पक्षहरूको प्रतिनिधित्व हुने गरी राज्यहरूद्वारा एक विशेषज्ञहरूको समिति गठन हुनेछ र उक्त समितिले प्रत्येक ४ वर्षमा यो महासन्धि कार्यान्वयनको प्रगति लेखाजोखा हुने गर्दछ । यसरी संयुक्त राष्ट्र सङ्घले महिला समानताका विषयलाई गम्भीरतापूर्वक लिएको छ। जसले विश्व महिला आन्दोलनलाई पनि केही राहत प्राप्त भएकोले महिलाहरूलाई केही समानताको अवसर प्राप्त भएको छ । उल्लेखित सबै विषयहरूलाई कार्यान्वयन गर्नको लागि महिलाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिएको छ ।

विश्व महिला आन्दोलन अगाडि बढिरहेको अवस्थामा नेपाली महिलाहरू पनि आन्दोलनमा सरिक रहँदै आएको देखिन्छ । यद्यपि विश्वको महिला आन्दोलनको तुलनामा नेपाली महिला आन्दोलन कलिलो रहेको देखिन्छ । यद्यपि महिला आन्दोलन त्यसमा पनि राजनीतिक महिला आन्दोलन तुलनात्मक रुपमा अन्य आन्दोलन भन्दा उपलब्धिमूलक भएको देखिन्छ । नेपाली महिलाले पनि अन्तर्राष्ट्रिय महासन्धि जस्ता महिला सरोकारका सवाललाई कार्यान्वयन गर्नका निम्ति आफै नै सक्रिय र नेतृत्वसमेत गर्नुपर्ने देखिन्छ । जसले महिला आन्दोलनको लक्ष्य प्राप्तिको निम्ति गरिएको महत्त्वपूर्ण कार्यलाई सार्थक तुल्याउन सहयोग पुर्‍याउने देखिन्छ ।

विश्वको महिला आन्दोलनलाई नियाल्दा कतिपय मुलुकमा महिला अधिकार प्राप्त गर्न सफल बनेका छन् भने कतिपय मुलुकमा महत्त्वपूर्ण सङ्घर्षमा सङ्घर्षरत रहेको पाइन्छ । अझै महिला आन्दोलनलाई क्रमिक रूपले योजनाबद्ध ढङ्गबाट अगाडि बढाउनुपर्ने देखिन्छ ।

७२. महिलाउपर हुने सबै प्रकारका भेदभाव निर्मूलसम्बन्धी सन्धिपत्र, पूर्ववत् ।
७३. शान्ता थपलिया, पूर्ववत् ।

विश्वको यस परिवेशबाट नेपालका महिलाहरू पनि टाढा रहन सक्तैनन् । यसको प्रभाव नेपाली महिला आन्दोलनमा पनि प्रत्यक्ष रूपले परेको देखिन्छ । यस प्रकार बाह्य तथा आन्तरिक विशिष्ट परिवेशले नेपाली महिलाहरूलाई प्रभावित पारिरहेको देखिन्छ । जसको प्रभावबाट नेपाली महिलाहरू पनि महिला अधिकारका निम्ति आन्दोलित बनिरहेका पाइन्छन् । तसर्थ नेपालको महिला आन्दोलनको विषयमा बताउनु पर्दा बिश्व इतिहासतर्फ पनि ध्यान दिनैपर्ने हुन्छ । त्यसैले यहाँ बिस्व महिला आन्दोलनका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

## ४.५ विश्वमा देखा परेका महिलावादी सिद्धान्तहरू

विश्वका महिलाहरू आफ्नो हक, अधिकार प्राप्तिका निम्ति लडेका लडाईंको इतिहास लामो रहेको देखिन्छ । विश्वका महिला आन्दोलनले महिलाहरूलाई मताधिकार जस्तो महत्त्वपूर्ण सवालमा पनि विजय हासिल गरेको इतिहास साछी रहेको छ । विश्वको महिला आन्दोलनको क्रममा महिलावादी सिद्धान्तहरू पनि प्रतिपादन भएका छन् । यसले महिलालाई विभिन्न विषयसँग जोडेर हेर्ने गरेको छ । त्यसका साथै महिलावादीहरूले विज्ञान र समाजशास्त्रीय सिद्धान्तको पनि आलोचना गरेका छन् । यहाँ विश्वमा देखा परेका महिलावादी सिद्धान्तहरूको सङ्क्षेपमा चर्चा गरिएको छ ।

महिलावाद विश्वमा वैचारिक दर्शनको रूपमा स्थापित भइसकेको देखिन्छ । महिलाबादी सिद्धान्त महिला केन्द्रित भएको देखिन्छ । महिलावादका बारेमा विश्वमा विभिन्न तर्कहरू अगाडि सारिएका पाइन्छन् । यद्यपि यो एउटा यस्तो वैकल्पिक सामाजिक सिद्धान्तको रूपमा विकसित भइसकेको देखिन्छ, जसले विज्ञान र समाजशास्त्रीय सिद्धान्तहरूको तीब्र आलोचनासमेत गरेको छ । विज्ञान र समाजशास्त्रीय सिद्धान्तहरूमा लोग्नेमान्छेको प्रभुत्व रहेकाले उक्त सिद्धान्तहरूमा लैङ्गिक अन्धता कायम छ भन्ने महिलावादी सिद्धान्तको मान्यता रहेको पाइन्छ ।

### ४.५.१ **विज्ञानको महिलावादी आलोचना**

महिलावादी आलोचकले विज्ञान र विशेष गरी सामाजिक विज्ञानको तीब्र आलोचना गरेको देखिन्छ । महिलावादी सिद्धान्तकार तथा अनुसन्धानकर्ताले विज्ञानमा घुसेको पुरुष पूर्वाग्रहको आलोचना गरेका छन् । उदार महिलावादले वैज्ञानिक पेसाहरूमा असमानुपातिक रोजगारीमाथि ध्यान केन्द्रित गर्न पुगेका छन् भने आमूल महिलावादले भने पुरुषको पूर्वाग्रह केवल पुरुषको प्रभुत्व रहेको विज्ञानमा मात्र होइन विज्ञानको संरचनाभित्र नै पुरुष पूर्वाग्रह घुसेको छ भन्ने आफ्नो तर्क अगाडि सारेको पाइन्छ । यसरी आमूल महिलावादले विज्ञानको मूख्य सार वैज्ञानिक प्रक्रियालाई नै चुनौती दिएको छ । जसले वस्तुनिष्ठता, विवेकशीलताको

मान्यतामाथि नै प्रश्न उठाएको देखिन्छ । यसका साथै महिलावादी अनुसार कुनै पनि अनुसन्धान कार्य मूल्यबाट मुक्त हुन सक्दैन । अध्ययन गर्ने, समस्या छनौट, अनुसन्धान कसरी गर्ने भन्ने कुराको निर्णय, प्राप्त तथ्यलाई बुझ्ने र व्याख्या गर्ने क्रममा अनुसन्धानकर्ता मूल्यबाट प्रभावित हुने गर्छ तसर्थ महिलावादीहरूले मूल्यसंवेदी विज्ञान विकास गर्नु पर्ने कुरामा विशेष जोड दिएको पाइन्छ । यसरी नै महिलावादी अनुसन्धान गुणात्मक प्रविधिबाट मात्र सम्भव छ भन्ने महिलावादीहरूको मान्यता रही आएकोछ । यसरी नै मनोविश्लेषक महिलावादीले विज्ञान र वैज्ञानिक प्रविधिबाट प्राप्त वस्तुगत सत्य भनेको केवल लोग्नेमान्छेको अरूलाई अधीनमा राख्न चाहने आकाङ्क्षा र अति वैयक्तिक पुरुष अहम्को प्रतिबिम्ब मात्रै हो ।

विज्ञानको विकाससँगै विकास भएको औद्योगिकीकरणका प्रक्रियाले महिलाहरूको कार्यबोझ थपिएको बुझाइ केही महिलावादी विश्लेषकको रहेको छ । उनीहरूका अनुसार औद्योगिक विकासले महिलाले गर्दै आएको घरायसी कार्यको बोझ घटाउन अर्थात् महिलाप्रतिका सामाजिक मान्यता र दृष्टिकोणमा कुनै परिवर्तन आएन। यस अवस्थामा महिलाको कार्यप्रतिको बोझ झन् बढेको देखिन्छ । औद्योगिक विकास भएर पनि त्यो सामाजिक रूपान्तरणका लागि सहयोगी बन्न सकेन । अर्कोतिर कम बेतन तथा कमसल काममा महिलाहरूको संलग्नता बढाइयो । महिलालाई केवल उत्पादनका साधनका रूपमा मात्र हेरियो न कि उत्पादनकर्ताको रूपमा ।

विज्ञानकै कारण आज महिलाहरूमा पेटको बच्चाको लिङ्ग छुट्याउन सकिन्छ । "परिणामस्वरूप पेटबाट छोरीको भ्रूणलाई बाहिर निकाली भ्रूण हत्याका घटना विश्वमा व्यापक बनेको पाइन्छ । यसले महिलाको स्वास्थ्यमा प्रभाव पारी ज्यादै नाजुक बनाएको छ । यसले छोरीप्रतिको नकारात्मक दृष्टिकोणलाई सहयोग गरेको देखिन्छ । यसरी कतिपय अवस्थामा "विज्ञानको दुरूपयोग भएर परम्परागत मान्यतालाई टेवा पुगेको पाइन्छ । अधिकांश परिवार नियोजनका साधनहरू पनि महिलामा केन्द्रित छन् । यसले पनि महिला स्वास्थ्यमा असर पारिरहेको छ"।[७४]उक्त परिप्रेक्षबाट हेर्दा विज्ञान महिलाप्रति बढी पूर्वाग्रही छ भन्ने धारणा महिलावादीहरूको रहेको पाइन्छ ।

विज्ञान आफैमा उपयुक्त भएर पनि त्यसको प्रभाव महिलामा बढी परेको देखिन्छ । विज्ञानको विकासको साथसाथै विनासका सम्भावनाहरू पनि विकसित हुँदै गइरहेको अवस्थाप्रति महिलावादीहरू बढी चिन्तित देखिन्छन् । अर्कोतिर विज्ञानको विकासका साथसाथै महिलाहरूमा पहुँचहिनताको स्थिति पनि वृद्धि भएको देखिन्छ । सामाजिक सांस्कृतिक व्याख्या र विश्लेषण, सामाजिक परम्परा, मूल्य र मान्यताको संरक्षण, सांस्कृतिक

---

७४. शान्ता थपलिया, पूर्ववत् ।

तथा जैविक विविधताको सम्वर्द्धन, मानवीयता, मातृत्व र विश्वबन्धुत्वको विकास जस्ता सवालमा विज्ञानले नकारात्मक प्रभाव पारेको पाइन्छ । वर्तमान सामयमा विज्ञान सबैको लागि नभएर केहीका लागि बनेको पाइन्छ । समाजका जाति, लिङ्ग, वर्ण, विभेदमा विज्ञानले दिनसक्ने उपलब्धिलाई पुरुषको प्रभुत्ववादले समेत बन्देज गरेको छ भन्ने धारणा केही महिलावादीहरूको रहेको देखिन्छ ।

यस प्रकार महिलावादीहरूले विज्ञानका बारेमा आफ्ना धारणाहरूलाई अगाडि सारेका पाइन्छन् । यसबाट हामीले के कुरामा स्पष्ट हुनु जरुरी छ भने विज्ञानको विकासले सबै सकारात्मक कामहरू हुन्छन् भन्ने होइन, त्यसबाट नकारात्मक प्रभाव पनि पर्दछ । तसर्थ त्यसको नकारात्मक प्रभावलाई निस्प्रभावी बनाउनका निम्ति विश्वका महिला, पुरुषलाई हेर्दा विज्ञानको समतामूलक आँखाले हेर्नुपर्दछ । विज्ञानले समाजमा विकृतिहरू तथा समस्याहरूको पनि सृजना भएका छन् । जस्तो समाजमा चेलीबेटी ओसारपसार तथा बेचबिखनका घटनाहरू, यौनब्यापार तथा श्रमको ओसारपसार र शोषण कार्य अझ बढी सहज बन्न पुगेको छ । यस्ता कार्यहरूलाई नियन्त्रण गर्न आवश्यक थप कार्यहरू गर्नु नै आजको आवश्यकता मानिन्छ ।

### ४.५.२ समाजशास्त्रीय सिद्धान्तमाथि महिलावादी आलोचना

विश्वमा महिलावादीहरूले महिला आवाजलाई उठाउने क्रममा समाजशास्त्रीय सिद्धान्तको समेत आलोचना गरेका छन् । समाजमा स्थापित समाजशास्त्रीय सिद्धान्त पूर्वाग्रही छ भन्ने उनीहरूको तर्क रहेको छ । यसरी विभिन्न महिलावादी विश्लेषकहरूले समाजशास्त्रीय सिद्धान्तहरूको व्याख्या र विश्लेषण गर्ने सम्बन्धमा महिलासँग जोडिएको विषयको सैद्धान्तिक व्याख्यामा पूर्वाग्रहीपन भएको, पर्याप्त रूपमा यस्ता सवाललाई उठाउन नसकेको, त्यस्ता व्याख्यामा महिलालाई अवमूल्यन गरिएको आदि आरोप लगाइएका छन् ।

यसरी नै महिलावादी आलोचकहरूले प्रारम्भिक तहका समाजशास्त्रीहरू जस्तो कोंट, दुर्खिम, स्पेन्सर, बेबर जस्ता समाजशास्त्र विषयको उद्भवकर्ता एवम् व्याख्याताहरूले लैङ्गिक सम्बन्धको व्याख्या र विश्लेषण गर्न सकेको पाइँदैन । अझ यिनीहरूले लैङ्गिक सम्बन्ध र अवस्थितिलाई जैविकीय आधारमा पुरुष बढी सक्षम भएकोले त्यसै अनुरूपको भूमिका निर्धारण भएको तथ्य उल्लेख गरेका छन् । अर्का चिन्तक कार्लमार्क्सले असमान लैङ्गिक सम्बन्धका विविध पक्षमा चर्चा गरेका छन् तर त्यसको व्याख्यामा सामाजिक, सांस्कृतिक पक्षलाई भन्दा आर्थिक पक्षलाई बढी जोड दिइएको छ । फ्रेडरिक एंगेल्सले आफ्नो कृति “Family, Private Property and Origin of State" मा लैङ्गिक सम्बन्धका विविध पक्षलाई केलाउन प्रयत्न गरेका छन् । मोरी (Moore) र आर्डेनरका अनुसार मानवशास्त्रीय तथा समाजशास्त्रीय व्याख्या एवम् विश्लेषणका सम्बन्धमा

परम्परागत विश्लेषकहरूले महिलालाई अलग गरे । समाजमा महिला लुप्त पक्ष बन्यो । यद्यपि जर्ज रिटजरका अनुसार अमेरिकामा समाजशास्त्रको विकास गर्नका लागि महिला चिन्तकहरूले महत्त्वपूर्ण योगदान दिएका थिए । युरोपमा पनि समाजशास्त्रको विकासमा महिलाहरूको भूमिका कम महत्त्वको थिएन । यद्यपि त्यस योगदानले के कति महत्त्व पाउन सक्यो भन्नेबारे टिप्पणी गरेका छन् । यस प्रकार समाजशास्त्र/मानवशास्त्रका सिद्धान्तहरू, द्वन्द्व सिद्धान्त लैङ्गिक दृष्टिकोणबाट अन्ध (Gender Blind) भएको मानिन्छ ।

### ४.५.३ समकालीन महिलावादी सिद्धान्तहरू

विश्वमा महिलावाद (Feminisim) एउटा वैचारिक दर्शन र एउटा सङ्गठित आन्दोलनको रूपमा स्थापित हुने क्रममा विभिन्न महिलावादी सिद्धान्तहरू प्रतिपादन हुँदै आएका छन् । सो सिद्धान्तहरू समाजशास्त्र/मानवशास्त्रका सिद्धान्तहरूभन्दा फरक छ । महिलावादी सिद्धान्त खास गरी नारी केन्द्रित रहेको देखिन्छ । यसको अवलोकन र अनुसन्धानको पहिलो वस्तु र अनुसन्धानको प्रारम्भबिन्दु नै समाजमा महिलाको अवस्था, अनुभव र अवस्थितिलाई मानिन्छ । यसले महिलालाई केन्द्रीय विषयवस्तुको रूपमा लिएको पाइन्छ । यसका साथै सो सिद्धान्त महिलाको पक्षमा क्रियाशील रहेको देखिन्छ ।

महिलावादी सिद्धान्त समाजशास्त्र/मानवशास्त्रका अन्य सिद्धान्तहरूभन्दा पनि फरक रहेको छ । यो अन्तरविषयात्मक समुदायको कार्य हो । यसले केवल समाजशास्त्रीलाई मात्र समावेश नगरी मानवशास्त्र, जीवशास्त्र, इतिहास, अर्थशास्त्र, कानुन, साहित्य, दर्शनशास्त्र एवम् राजनीतिशास्त्रका विद्वान्हरूलाई समेत समेटेको पाइन्छ । यसरी महिलावादी सिद्धान्तका सम्बन्धमा हेर्दा खासगरी महिलावादी सिद्धान्त तीन साधारण प्रश्नमा आधारित रहेको छ :-

क) महिलाका बारेमा के त ? (And What about the women?)

ख) महिलाको अवस्था जुन छ, त्यो किन यस्तो छ ?(Why then is all this as it is?)

ग) हामी समाजमा कसरी महिला एवम् सबै मानिसहरूको लागि परिवर्ततन र सुधार गर्न सक्छौं ?(How can we change and improve the social world so as to make it a more just place for women and for all people?)[६५]

---

६५ George Ritzer (1992), *Sociological theory*, New york: McGRAW - HILL, p 448.

उल्लेखित प्रश्नका उत्तरमा पहिलो महिलाको अवस्थिति, अनुभव र अवस्थाहरू पुरुषको भन्दा फरक छन् । दोस्रोमा महिलाको अवस्था र अविस्थिति पुरुषको भन्दा फरक मात्र नभई असमान पनि रहेको छ । तेस्रोमा महिला र पुरुषको अवस्थिति र अवस्था प्रत्यक्ष शक्ति सम्बन्धका आधारमा बुझ्नुपर्छ । महिलाको अवस्थाका सम्बन्धमा विभिन्न किसिमका बाहकहरूको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । यस प्रकार महिलाको बारेमा विभिन्न सवालहरू रहेका छन् । तिनै प्रश्नहरूको उत्तरका आधारमा महिलावादी सिद्धान्तहरूलाई विभिन्न उपागममा विभाजन गरिएको पाइन्छ ।

सामान्यतया उपागम (Approach) र सिद्धान्त (Theory) समान जस्तो देखिए पनि यी दुई फरक अवधारणाहरू हुन् । एउटा उपागमभित्र धेरै सिद्धान्तहरू अटाउन सक्छन् । सिद्धान्तभन्दा उपागम बढी विस्तृत मानिन्छ । उपागमलाई एउटा सामान्य अवधारणा मानिन्छ भने सिद्धान्तलाई विशेष अवधारणा मानिन्छ ।

विश्वमा महिलाको विविध पक्षमा देखिएका दमन, शोषण, असमानता, हिंसा, स्रोतमाथि असमान पहुँच, कार्य विभाजन आदिको आधारमा वि.सं. २०१७ (सन् १९६०) पछि अध्ययन अनुसन्धान गर्न थालिएको पाईन्छ । यसलाई कुनै शैक्षिक पृष्ठभूमिमा भन्दा पनि आन्दोलनका रूपमा बढी केन्द्रित गरिएको पाईन्छ । परिणामस्वरूप लैङ्गिक अवधारणाको विकास हुन पुगेको देखिन्छ ।

यही पृष्ठभूमिमा लैङ्गिक भूमिकाको व्याख्या गर्ने सम्बन्धमा विभिन्न अवधारणाहरूको विकास भएको देखिन्छ । विश्वमा देखिएका सिद्धान्तहरूमा विशेष गरी मार्क्सवादी र उदारवादी महिलावादी सिद्धान्तको व्याख्या बढी व्यवहारिक र यथार्थरूपमा देखिएको छ भने जैविकीय, सामाजिक, मनोविश्लेषण जस्ता लैङ्गिक अवधारणाहरू पनि त्यतिकै सशक्त रूपमा विकास भएको देखिन्छ । महिला आन्दोलनको बारेमा अध्ययन गर्दा विश्वमा विकसित महिलावादी सिद्धान्तका बारेमा अधययन गर्नु सान्दर्भिक नै देखिन्छ । तसर्थ यहाँ तिनै विकसित महिलावादी सिद्धान्तका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

### ४.५.३.१ **लैङ्गिक फरक** (Gender Difference)

महिलावादी विचारको इतिहासमा *फरक* शब्द एक महत्त्वपूर्ण मुद्दा बन्न पुगेको छ । यसका साथै विवादास्पद पनि बनेको छ । *फरक* शब्द पुरुष र महिला बीचमा हुने फरक जुन फरक जेन्डर फरक हो भन्ने जनाउन प्रयोग गर्नु पूर्णरूपले उचित छ वा छैन ? यस सम्बन्धमा आधुनिक समाजशास्त्रीहरूले जेन्डर भनेको मानवीय व्यक्तित्वको आवश्यक गुण, विशेषता होइन बरु यो निश्चित सन्दर्भसँग गाँसिएको जोडिएको निश्चित सन्दर्भ शैली हो भनेको पाइन्छ । यसरी नै लैङ्गिक विभेदको सम्बन्ध न सामाजिकसँग न त ऐतिहासिकसँग

मात्र सम्बन्धित छ यो बृहत् सामाजिक संरचना विभिन्न धर्म, स्थान, संस्कारद्वारा निर्मित हुन्छ ।[७६]यसरी केही रुढीवादी महिलावादीहरू बाहेक जेन्डर विभिन्नताको उपागम अन्तर्गतका सम्पूर्ण सिद्धान्तहरूले महिलाको सम्मानको उपागम अन्तर्गतका सिद्धान्तअनुसार यदि महिला शैली र तरिका सार्वजनिक जीवनको एउटा भाग बन्नसकेमा संसार सुरक्षित र सबैका लागि मानवीय ठाउँ हुनेछ । यहाँ लैङ्गिक विभिन्नताको उपागम अन्तर्गतका सिद्धान्तहरूका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

क) जैविक व्याख्या

लैङ्गिक सम्बन्धलाई व्याख्या गर्ने प्रारम्भिक समयको व्याख्या जैविकीय व्याख्या हो जहाँ जैविकीय गुणको आधारमा समाजमा महिला र पुरुषको स्थान र भूमिकाको निर्क्यौल गरिएको पाईन्छ । लैङ्गिक भूमिकामा जैविकीय संरचनाको प्रभावमा बढी जोड दिइएको पाईन्छ । यस प्रकारको व्याख्या लैङ्गिक विविधता तथा भूमिका छुट्याउने सवालमा निकै रुढीवादी र परम्परावादी व्याख्या मानिन्छ । यसका व्याख्याकारका अनुसार जैविकीय रूपमा नै महिलाहरू पुरुषभन्दा फरक देखिन्छन् । यसकारण उनीहरूको भूमिका पुरुषका भन्दा फरक हुनु स्वाभाविक नै मानिन्छ । यस व्याख्यामा लिङ्गका आधारमा श्रम विभाजनको प्रक्रियालाई जोड दिइएको पाईन्छ ।

जैविक व्याख्याको मान्यताअनुसार महिला र पुरुषको जैविक आधार फरक मानिन्छ । यसका समर्थकहरूमध्ये समाजशास्त्री तथा महिलावादी एलिक रोजी (Alice Rossi) ले लैङ्गिक निर्दिष्ट व्यवहारहरू हुनमा जैविक पक्ष जिम्मेवार हुने तर्क राख्दै हार्मोनको प्रभावका कारण छुट्टै रूपले शरीर विकासको प्रक्रिया अघि बढ्ने र यसको आधारमा लैङ्गिक भूमिका निर्धारण हुने तर्क अगाडि सारेकी छिन् । यसरी नै अन्य जैविकीय व्याख्याकारका अनुसार पनि जैविकीय आधारमा महिला र पुरुषबीच फरक स्वभाव हुने भएकाले समाजमा त्यसकै आधारमा लैङ्गिक भूमिकाको निर्माण हुने गर्दछ । सोही अनुरूप महिलाहरू कोमल, आश्रित, आदि गुणबाट बढी प्रभावित हुन्छन् भने पुरुषहरू बढी साहसी कठोर रिसाहा स्वभावका हुने गर्दछन् ।[७७]

तसर्थ निष्कर्षमा भन्नुपर्दा जैविकीय आधारमा पनि महिला र पुरुषका केही फरकफरक कार्य हुने गर्दछन् । जस्तो बच्चा जन्माउने, स्तनपान गराउने काम महिलाले गर्दछन् भने सुक्रकीट उत्पादन पुरुषले मात्र गर्दछ । सो कार्य बाहेकका सबै कार्यहरू महिलापुरुष दुवैले

७६. Bina Agarwal (1998), *A fild of One"s Own Gender and Land Rights in South Asia*, New Delhi, Rekha Printers p. 51 .
७७. George Ritzer पूर्ववत् पृ 460.

गर्न सक्तछन् । यसरी समाजशास्त्रीय सिद्धान्तका प्रारम्भिक व्याख्यामा जैविकीय पक्षलाई बढी महत्त्व दिइएको पाइए पनि पछि गएर महिलावादीहरूले समाजशास्त्रीय सिद्धान्तमाथि कडा आलोचना गरेको पाइन्छ ।

ख) संस्थागत व्याख्या

समाजमा लैङ्गिक भूमिकाका बारेमा संस्थागत व्याख्याताहरू पनि रहेका देखिन्छन् । उनीहरूको विश्लेषणअनुसार सामाजिक संस्थाहरूमा रहेको श्रम विभाजन, सामाजिक सम्बन्ध, भूमिका रहने विभिन्नताको कारण समाजमा लैङ्गिक भेद रहेको बताउँदै यसलाई सामाजिक प्रक्रियाका रूपमा लिइएको पाईन्छ । यो फरकको मुख्य निर्धारक लिङ्गमा आधारित श्रम विभाजन देखिन्छ । यसले महिलालाई एउटी श्रीमती, आमा तथा गृहिणीले गर्ने कार्यसँग जोड्छ । यसले गर्दा नै महिलाका जीवन पर्यन्त अनुभवहरू पुरुषका भन्दा फरक हुने गर्दछन् ।

वि.सं. २०३६ (सन् १९८०) को दशकमा लैङ्गिक विभिन्नताको कारण र परिणाममा समाजमा रहेको संस्थागत भूमिकामाथि विश्लेण गरी बनर्ड (Bernard), लियो नार्ड ऐनिन (Leonard Annen), जोन्सन (Johnson), थम्सन र वाल्कर (Thomson and Walker) आदि विश्लेषकहरूले प्रकाश पारेका छन् । उनीहरूका अनुसार समाजमा सामाजिकीकरणको प्रक्रियामा महिला र पुरुषलाई छुट्टाछुट्दै भूमिका प्रदान गरिएको हुन्छ । यो प्रकारले कालान्तरमा फरक लैङ्गिक सम्बन्धलाई विकास गर्दछ । अधिकांश समाजमा रहेका सामाजिक लैङ्गिक भूमिकाको अवस्थितिलाई हेर्दा पुरुषहरूलाई बढी राम्रो काम र इज्जत प्रदान गरिने निर्णय प्रक्रियामा सरिक हुने अवस्थाको भूमिका दिने, शिक्षा, सुविधा र अवसरमा पहुँच रहन सक्ने अवस्थाको सामाजिक वातावरण र समर्थन गर्ने जस्ता पक्षहरू सामाजिक सस्थाहरूबाटै सामाजिकीकरणका माध्यमबाट विकसित हुन्छन् । जसको परिणाम समाजमा विभेदयुक्त लैङ्गिक सम्बन्धको विकास हुन्छ ।[७८]

यस प्रकार संस्थागत व्यख्याका विश्लेषकहरूले प्रत्येक लैङ्गिक विभेदको अवस्थालाई सिर्जना हुने कार्य सामाजिक संस्था अन्तरर्गत विकास भएको सामाजिक सम्बन्ध र बुझाइलाई ठान्दछन् । प्रत्येक सामाजिक व्यवस्थाभित्र रहेका त्यस्ता संस्थाहरूमा संलग्न इकाइ बीच सम्बन्धको अवस्थिति नै विभेदपूर्ण रहेको मानिन्छ । जस्तो एउटा परिवारमा लोग्ने र स्वास्नी बीचको अधिकार र पहुँचमा असमानता रहेको पाईन्छ । यसरी नै "समाजमा रहेको आर्थिक संस्थाभित्रको कार्यप्रणालीको तरिका र प्रक्रियालाई हेर्दा लैङ्गिक असमानता नै देखिन्छ । जब स्रोतमाथि पुरुषको स्वामित्व एकलौटी रूपमा रहन थालेदेखि

---

७८. George Ritzer (1992) पूर्ववत्, पृ. 460.

वर्तमान समयसम्म नै स्रोतमाथि पुरुषको पहुँच एकलौटी नै रहेको छ । वर्तमान परिप्रेक्ष्यमा हेर्ने हो भने पनि श्रम विभाजन अन्तर्गतको समाजमा महिलाहरूको स्रोत परिचालनमा संलग्नता न्यून, कमसल कार्यमा संलग्नता, न्यूनबेतन जस्ता पक्षहरू पनि कायम नै रहेको पाईन्छ । सामाजिक, सांस्कृतिक मान्यताकै कारण माहिलाहरू आयआर्जन हुने घरबाहिरका कार्यमा निर्धक्क सरिक हुन सक्ने अवस्था देखिदैन ।"[७९] यस प्रकार सामाजिक संस्थाहरूभित्र जन्मिएर विकास भएका मान्यताका कारण नै वर्तमान समयसम्म पनि समाजमा विभेदपूर्ण लैङ्गिक भूमिका कायमै रहेको पाईन्छ । यसरी नै राजनीतिक क्षेत्रमा पनि महिलाहरूको स्थिति असमान नै रहेको पाईन्छ ।

सारमा भन्नुपर्दा लैङ्गिक असमानताका कारण महिलाहरूको सबै संस्थामा पुरुष जतिकै सङ्ख्यामा उपस्थितिको अपरिहार्यता भएर पनि महिलाहरूको उपस्थिति न्यून रहेको पाईन्छ साथै उनीहरू पुरुषहरूमा नै निर्भर रहेका छन् । यसको विकास प्राथमिक तहकै संस्थाहरूबाट भएको देखिन्छ । यसरी पितृसत्तात्मक सामाजिक सङ्गठनमा पुरुषको प्रभुत्ववादले संस्थागत मान्यता पाएका कारण सामाजिक संस्था र त्यसभित्रको सम्बन्धमा पनि पितृसत्ताको प्रभाव पऱ्यो । जहाँ महिलाको भूमिकालाई कुनै उच्चस्थान दिइएन । त्यसैले उनीहरु लैङ्गिक असमानताका अन्त्यका लागि जुटिरहेकाछन् ।

ग) सामाजिक मनोवैज्ञानिक व्याख्या

सामाजिक मनोवैज्ञानिक व्याख्याले सामाजिक व्यवस्थाभित्र विकास भएको मनोवैज्ञानिक पक्ष र तिनका विकासक्रमका परिणामस्वरूप विकास भएको लैङ्गिक विभेदका पक्षहरूमाथि प्रकाश पार्दै समाज नै मनोवैज्ञानिक तत्त्वको कारक तत्त्वको रूपमा रहेको र त्यसबाट नै लैङ्गिक विभेदको विकास भएको निष्कर्ष निकालिएको छ । यसरी सामाजिक रूपमा विकास भएको लैङ्गिक विभेदका कारण महिलाहरूमाथि पक्षपातपूर्ण व्यवहार गरिन्छ । सामाजिक मनोवैज्ञानिक व्याख्यालाई पनि दुई भागमा विभाजन गरी हेर्न सकिन्छ ।[८०]

१) घटनाशास्त्रीय व्याख्या

सामाजिक मनोवैज्ञानिक व्याख्या अन्तर्गतको घटनाशास्त्रीय व्याख्याले मनोवैज्ञानिक विभेदको बारेमा व्याख्या गरेको पाइन्छ । यो व्याख्याले दैनिक सामाजिक व्यवहार तथा घटनाक्रमहरू तथा कार्यहरू स्वयम् मनोवैज्ञानिक रूपमा विभेदयुक्त छन् भन्ने ठानेको

---

७९. शान्ता थपलिया, पूर्ववत् ।
८०. George Ritzer (1992) पूर्ववत्, पृ. 461.

देखिन्छ । सोही पृष्ठभूमिमा व्यवहार हुने गरेको पाइन्छ । यसरी सामाजिक रूपमा विकास भएको सङ्घर्ष नै पक्षपातपूर्ण रहेको हुन्छ । जुन संस्कृतिले महिला र पुरुषका बीचमा विभेदको अवस्था सृजना गराएको हुन्छ । यसका साथै समाजमा परम्परागत विकास भएको बुझाइ र मान्यतामा समाज र संस्कृतिको प्रमुख रहेको ठानिन्छ । जसले मनोवैज्ञानिक रूपमा नै स्तरीकरण सिर्जना गर्नुका साथै मानिसका व्यवहार र क्रियाकलापलाई निर्देशित गर्दछ । यस व्याख्याले संसारलाई हेर्ने सामाजिक बुझाइ व्याख्याको प्रक्रिया पुरुष अनुभवबाट बढी प्रभावित भएको मान्यता राखेको देखिन्छ ।

२) उत्तर संरचनावादी व्याख्या

उत्तर संरचनावादी व्याख्याअनुसार समाजमा विकास भएका अनुभव तथा अवधारणा, मान्यताहरू सबै पुरुष प्रभुत्वबाट प्रभावित भएको मान्दछन् । यो व्याख्यालाई फ्रान्सका महिलावादी सिद्धान्तकारहरूले अगाडि सारेका हुन् । उनीहरूका अनुसार पुरुषप्रदत्त संस्कृतिको विरोध गरिएको छ भने संस्कृतिको पुनर्व्याख्या जसले मनावैज्ञानिक रूपमा दमित महिलाहरूको अवस्थामा पनि जोड दिन आग्रह गरिएको छ । समाजमा भएको संस्कृति, भाषा तथा विचारहरू नै पूर्वाग्रही भएका कारण समाजमा लैङ्गिक विभेदले संस्थागत रूप लिए भन्ने उनीहरूको बुझाइ रहेको छ । यसरी उत्तर संरचनावादीले लैङ्गिक अवस्थालाई व्यक्तिको अनिवार्य विशेषता नमानी सामाजिक सन्दर्भ, अन्तर्क्रिया र त्यसको परिणामलाई जोड दिएको पाईन्छ ।

यस प्रकार घटनाशास्त्रीय व्याख्याले महिलाहरूको अनुभवलाई आधार मानी शब्दभण्डार निर्माण गर्नुपर्नेमा जोड दिएको छ, जसले कसरी महिलाले आफ्नो अनुभवलाई आवाज दिन सक्छन् ? आफ्नो अभिव्यक्ति दिन  सक्छन् ? आदि प्रश्नको जवाफ आउन सकोस् । अर्कोतर्फ उत्तर संरचनावादी व्याख्याले पुरुष संस्कृतिलाई अस्वीकार गर्दै एकरूपतामा जोड दिंदै महिला संस्कृतिमा आफनो ध्यान केन्द्रीत गरेको पाईन्छ ।

यसरी सामाजिक मनोवैज्ञानिक व्याख्याले लैङ्गिक सामाजिकीकरणको प्रक्रियालाई पनि व्याख्या पाईन्छ । समाजमा महिला र पुरुषमा छुट्टाछुट्टै सामाजिकीकरणका प्रक्रियाका कारण लैङ्गिक विभेद रहेको ठानेको देखिन्छ । समाजमा छोरा र छोरी भएर जन्मिएकै कारण परिवारमा छुट्टाछुट्टै सिकाइ शिक्षा, अधिकार, मूल्य मान्यताको विकास हुँदै जान्छ । यसकारण यो सोचाइले दुवै लिङ्ग प्रभावित हुनुका साथै पुरुषहरू बढी प्रभुत्ववादी भूमिका निर्वाह गर्दछन् भने महिलाहरूमा सहने प्रवृत्तिको विकास हुन्छ । महिलाहरूमा स्वयम् नै पुरुषहरूको हैसियत छ भन्ने मानसिकताको विकास महिला, पुरुष दुवैमा हुन्छ । यसरी उक्त व्याख्याले लैङ्गिक विभेदका बारेमा स्पष्ट पार्न खोजेको पाईन्छ ।

महिलाबादी सिद्धान्त लैंगिक फरकको ब्याख्या अनुसार जैबिकिय रुपमा नै महिलाहरु पुरुस भन्दा फरक छन् र फरकको मुख्य निर्धारकको रुपमा रहेको लिंगको आधारमा श्रम विभाजन भएको देखिन्छ । सामाजिक रुपमा बिकास भएको लैंगिक विभेदका कारण महिलामाथि पक्षपातपुर्ण ब्यबहार भएको पाइन्छ । यहिकारणले महिलाहरु असमान ब्यबहार, अन्याय, अत्यचारको बिरोधमा उठेका देखिन्छन् ।

### ४.५.३.२ लैङ्गिक असमानताको उपागम

लैङ्गिक विषयमा व्याख्या र विश्लेषण गर्ने सम्बन्धभा विशेषगरी समाजमा किन लैङ्गिक असमानता कायम छ भन्ने तथ्यको व्याख्यामा विभिन्न सैद्धान्तिक तथा अवधारणागत व्याख्या, विश्लेषण पाइन्छ । लैङ्गिक असमानताको व्याख्या गर्ने सिद्धान्तले समाजमा महिला र पुरुष असमान र फरकफरक अवस्थामा रहेको तथ्यलाई जोड दिएको पाईन्छ । समाजमा रहेका असमानताहरू जस्तै : महिलाहरूको स्रोतमाथि कम पहुँच रहनु, कमजोर सामाजिक हैसियत रहनु, अवसरबाट बन्चित रहनु, अधिकारबाट विमुख हुनु, जात, वर्ण, लिङ्ग, धर्म, नागरिकता, पेसा, शिक्षा, राष्ट्रिय आदिमा असमानता स्पष्ट देखिनु, समाजका प्रत्येक तहमा असमानता व्याप्त रहेका पाईन्छन् ।

समाजमा देखापरेका लैङ्गिक असमानताहरू भनेको समाजको सामाजिक सङ्गठनहरूकै परिणतिहरू मानिन्छ । यिनलाई जैविकीय वा मनोवैज्ञानिक पक्षलाई जिम्मेवार कारकतत्त्वको रूपमा लिएर पन्छिन मिल्दैन । लैङ्गिक विभेदको कारकतत्त्व स्वयम् समाज नै हो । सामाजिक व्यवस्थामा उत्पन्न भएका र विकास गरिएका मान्यता र व्यवहारको परिणतिका रूपमा त्यस्ता असमानतालाई लिनुपर्दछ भन्ने मान्यता यो अवधारणा (Inequality Approach) मा मत राख्ने विश्लेषकहरूको रहेको पाईन्छ । "प्राकृतिक रूपमा छुट्टिएको लैङ्गिक विभेदलाई जिम्मेवार मानेर भिन्न भूमिका निर्धारण गर्ने प्रक्रिया न्यायसङ्गत बताउँदै प्रत्येक असमानतालाई हटाउन सकिने तर्क राख्दछन् । लैङ्गिक असमानता प्राकृतिक पक्ष नभई सामाजिक पक्ष हो । तसर्थ महिलामाथिको सामाजिक बुझाइ र दुष्टिकोणमा रहेको पूर्वाग्रही पक्षलाई हटाउने तर्क उनीहरूको रहेकोछ ।"[८१]

समाजमा लैङ्गिक असमानताका कारणहरू, परिणामहरू एवम् त्यसको मात्रा समान किसिमको हुँदैन । त्यसलाई प्रमुख बनाउने पक्षहरू फरकफरक हुने गर्दछन् । जस्तोः समाजमा सांस्कृतिक, आर्थिक, राजनीतिक, शिक्षा, सामाजिक व्यवस्था आदि रहेकाले सो समाजको बहुविशेषताभित्र रहेर लैङ्गिक सम्बन्धलाई खोज्नुपर्ने हुन्छ । यसरी लैङ्गिक

८१. सहाना प्रधान, पूर्ववत् ।

असमानताको व्याख्या गर्ने सम्बन्धमा मुख्य दुई महिलावादी सिद्धान्तहरू बढी प्रचलनमा रहेकाले तिनकै बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ :-

क) उदार महिलावाद

ख) मार्क्सवादी महिलावाद [८१]

क) उदार महिलावाद

विश्वमा देखापरेका महिलावादी सिद्धान्तहरूले आआफ्नै रूपले महिला मुक्ति र स्वतन्त्रताका बारेमा महत्त्व राख्दछ । यही क्रममा उदार महिलावादी सिद्धान्तले पनि महिला मुक्ति र स्वतन्त्रताका बारेमा गरेको सैद्धान्तिक विशलेषणले निकै महत्त्व राखेको पाईन्छ । यसमा महिला स्वतन्त्रता र विकासलाई जोड दिनुका साथै महिलाहरूलाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरूप निर्धारण गरेको छ भन्ने मान्यता समेत राख्दछ । महिलाहरू पुरुष सरह स्वतन्त्र नभएकाले उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सकेमा महिला मुक्तिका प्रयास सार्थक बन्न सक्छ भन्ने मान्यता राखेको पाइन्छ ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता, समान अवसर, महिलाप्रति भएका गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन सकिएमा मात्र महिला विकासको अवस्थामा सफल हुन सक्छन् भन्दछन् । यद्यपि उनीहरूले समाजमा व्याप्त पितृसत्तात्मक शक्ति सम्बन्धमा चर्चा गरेका छैनन् । यसरी नै महिलालाई प्रजनन् अधिकारका सवालमा स्वतन्त्र अधिकार हुनुपर्नेमा जोड दिएका छन् । उनीहरूका अनुसार समाजमा रहेका समस्त कार्य प्रणालीका तरिका, मान्यता र व्यवहारलाई नियाँल्दै महिलाहरू घरभित्रका आय नहुने प्रकृतिका कार्यमा सीमित रहेका छन् । यसबाट उनीहरूलाई मुक्त गर्न नसकेसम्म र परम्परागत भूमिका परिवर्तन गर्न नसकिएसम्म महिलाहरू माथि उठ्न सक्दैनन् भन्ने मान्यता यस सिद्धान्तवादीहरूको रहेको छ । यस प्रकार उदार महिलावादले महिला समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यको लागि जोड दिन्छन् । समाजमा उत्पन्न लैङ्गिक असमानताका कारण उत्पन्न सबैखाले बन्देजहरूका विरुद्धमा उठ्नुका साथै व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानेका छन् ।

उदार महिलावादले लिङ्गका आधारमा हुने श्रम विभाजन र समाजिक क्रियाकलापका सार्वजनिक र निजी गरी छुट्टाछुट्टै परिधिको समेत व्याख्या गरेको पाईन्छ । यो सार्वजनिक

---

८१. George Ritzer (1992) पूर्ववत्, पृ.461-466.

परिधिमा पुरुषको प्राथमिक अवस्थिति रहेको छ भने निजी परिधिभित्र महिलाको अवस्थिति रहेको देखिन्छ । सो निजी परिधि अन्तर्गत अन्तहीन, विवेकको प्रयोग नहुने, अवमूल्यन गरी पैसा नतिरिने प्रकृतिका गृहस्थीका कार्यहरू पर्दछन् । सार्वजनिक परिधिभित्र सामाजिक क्रियाकलापका उपलब्धि र पुरस्कार जस्तै पैसा, शक्ति स्वतन्त्रता र व्यक्तित्व विकासको अवसर आदि पर्दछन् । वर्तमान अवस्थामा सामाजिक संरचनाले सार्वजनिक परिधिमा महिलाहरूलाई नियन्त्रण एवम् निषेध गरेर निजी परिधिमा कैद गरी लैङ्गिक असमानताको सिर्जना गर्न पुगेको पाईन्छ ।

उदार महिलावादीहरूले उठाउने गरेको मुख्य मुद्दा Sexism हो । यसले महिलाका विरुद्ध असमान र पूर्वाग्रहपूर्ण व्यवहारलाई प्रोत्साहन गर्नुका साथै महिला र पुरुष बीचको "प्राकृतिक" फरकपन नै उनीहरूका फरक सामाजिक हैसियत र अवस्थितिसँग सुहाउँदो छ भन्ने धारणा राख्दछ । यस प्रकारको धारणा भनेको समाजमा परम्परागत रूपमा सिकिने विश्वास हो जसको न कुनै वैज्ञानिक आधार र प्रमाण नै छ न त यस्ता विश्वासप्रति कसैले प्रश्न नै उठाउने गर्दछ । Sexism का कारणले नै महिलाहरू बालककालदेखि नै यस्तो लैङ्गिक विशेषीकृत प्रौढ भूमिका तर्फ नियन्त्रित र बानी पर्दै जान्छन् । जुन भूमिकाले उनीहरूलाई पूर्ण मानवीय, जीवनबाट खुम्च्याउँदै खुम्च्याउँदै आश्रित र निराश प्राणी बनाउने देखिन्छ ।

उदार महिलावादले महिला समानताका लागि विभिन्न आफ्ना मान्यताहरूलाई अगाडि सारेका छन् । यसरी नै लैङ्गिक असमानताको अन्त्यका लागि उदार महिलावादले आफ्ना रणनीतिहरूलाई पनि अगाडि सारेका छन्, जुन निम्न रहेका छन् :-

क) वर्तमान राजनीतिक तथा कानुनी संरचना प्रणालीलाई परिवर्तनतर्फ उन्मुख गराउने ।

ख) पारिवारिक जीवनलाई पुनर्सङ्गठित गर्दै परिवारका सबै जनाले उत्तरदायित्वको बहन गर्ने व्यवस्था मिलाउने ।

ग) परिवार, शिक्षा र आमसञ्चारका सन्देशहरूको अनुगमन गर्ने ता कि बालबालिकाहरू आंशिक र कट्टर लैङ्गिक भूकितर्फ सामाजिकीकरण नहुन् ।

घ) दैनिक जीवनमा देखापर्ने यौनवाद (Sexism) को तत्काल सामना गर्नका लागि व्यक्तिहरूलाई सहयोग पुऱ्याउने ।

ङ) काममा समान ज्याला प्रदान गर्ने ।

च) समान आर्थिक अवसरको सिर्जना ।

छ) सन्तान उत्पादन गर्ने कार्यमा महिलालाई छनोट गर्ने अधिकार ।[८३]

उक्त रणनीतिका साथ उदार महिलावाद अगाडि बढिरहेको देखिन्छ । सो महिलावादले मध्यमवर्गीय महिलाहरूको अधिकारको लागि आवाज उठाएकाले मध्यमवर्गीय महिलावादी आन्दोलन पनि भनिन्छ । तत्कालीन समयमा बेलायतमा भएको औद्योगिक क्रान्ति र तीव्र औद्योगीकरणले गर्दा श्रमिक वर्गको श्रम अत्यधिक शोषण हुन थाल्यो । महिला तथा केटाकेटीहरू अमानवीय रूपमा लामो समयसम्म काममा लाग्न थाल्यो । त्यसैले उदार महिलावादीहरूले महिलाको अवस्थामा सुधारका लागि आवाज उठाएको पाईन्छ ।

उदार महिलावादी महिलाले महिला विकास लैङ्गिक सन्तुलनका लागि राजनैतिक स्वतन्त्रता, प्रजातन्त्र, आर्थिक तथा सामाजिक स्वतन्त्रताले लैङ्गिक विभेदका रेखाहरू मेटाउनसक्ने तर्क अगाडि सारेका छन् । उदारवादी दृष्टिकोण र धारणाको विकास पारिवारिक तहबाट विकसित हुन आवश्यक छ । त्यसैले मानव समाजको लामो इतिहासमा औद्योगिक क्रान्ति पछिको समय साथै वि.सं. २००६ (सन् १९५०) पछिको समय र अझ व्यापक रूपमा विगत दुई दसक अघिदेखि महिला मुक्ति, विकास र समानताका आधारहरू विकास भएको पाईन्छ । खुला एवम् उदार अर्थव्यवस्थासँगै लैङ्गिक विभेदको अन्त्य हुने तर्क उदार महिलावादीहरूको रहेको पाईन्छ । यद्यपि "उदारवादी महिलाहरूले महिला मुक्तिको आन्दोलनको नेतृत्व गर्न नसक्ने, अभिजात (Elite) महिलाहरूको नेतृत्व रहेकोले तल्ला महिलाहरूको समस्या बुझ्न नसकेको, पूँजीवादी खुल्ला अर्थतन्त्रमा महिलाहरूको शोषण बढेका आदि आरोपहरू उदारवादी महिलावादमाथि लगाइएका पाईन्छन् ।"[८४]

उदार महिलावादीहरू बीसौं शताब्दीमा आएर व्यक्तिगत स्वतन्त्रताका साथै सामाजिक न्याय र लिङ्ग (महिला)को अस्तित्त्वसँग सरोकार भएको देखिन्छ । विशेषतः बेटी फ्रिडान (Betty Friedan)को वि.सं. २०१९ (सन् १९६३) मा प्रकाशित 'The Feminine Mystique ले महिलाका विविध पक्षमा चर्चा गरेको देखिन्छ । त्यसमा महिला शक्तिहीन वर्ग हो भन्ने मान्यता र बुझाइमा असहमत हुँदै परम्परागत कार्यबाट महिलाहरू बाहिर उत्रेर कार्य गर्न सक्तछन् । एउटा महिलाले जन्मको सन्दर्भका अलावा बाबुको भूमिका निर्वाह गर्न सक्छे भन्ने वकालत गर्न थालियो । बेटी फ्रिडानले महिलालाई घरबाहिरका कार्यप्रतिको आवश्यकतालाई औंल्याएको पाइन्छ । वि.सं. २०३६ (सन् १९८०) को दसकसँगै लिङ्ग

८३. George Ritzer (1992) पूर्ववत्, पृ.466.

८४. शान्ता थपलिया, पूर्ववत् ।

सम्बन्धित नियम र जागरण, स्वतन्त्रता र समानता जस्ता पक्षमा लैङ्गिक व्याख्या र विश्लेषण हुन सकेको देखिन्छ । वर्तमान समयमा लैङ्गिक विभाजनलाई सामाजिक न्यायको रूपमा व्याख्या गरिएको छ भने अर्कोतर्फ महिलामाथि थोपरिएका लैङ्गिक भूमिकाबाट महिलाको स्वतन्त्रताका सवाल र खास खास कार्यमा महिला सम्बन्धित व्यक्तित्व (नर्स, शिक्षक) को आवश्यक हुन्छ भन्ने परम्परागत मान्यतालाई खण्डन गर्न पुगेको छ । उदार महिलावादको व्याख्या र विश्लेषणका सम्बन्धमा महिलावादी समाजशास्त्री जेसी बर्नाड (Jessei Bernard) ले आफ्नो 'The Future of Marriage 1982 नामक कृतिमा विवाहबाट पुरुषहरू बढी शक्तिशाली हुने उल्लेख गर्दै “विवाहले महिलालाई कमजोर मात्र बनाउँदैन, यसले उनीहरूका स्वतन्त्रतालाई घटाउँदै लान्छ भने अर्कोतर्फ पुरुषमा बढी आश्रित पार्दछ” भनेकी छिन् ।[८५]उदार महिलावादका लागि आदर्श लैङ्गिक व्यवस्था भनेको हरेक नारी वा पुरुषलाई आफू अनुकूल विवाह गर्ने वा नगर्ने, बच्चा पाउने वा नपाउने आदिको छनोट गर्ने अधिकार होस् । जुन व्यवस्थाले स्वतन्त्रता र समानतालाई बढवा दिन सकोस् भन्ने रहेको देखिन्छ ।

सारमा भन्नुपर्दा उदार महिलावादले ज्याला, अवसर एवम् स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिंदै नीतिगत रूपमा कानुनी सुधार तथा गलत लैङ्गिक सामाजिकीकरणले सच्चाइमा जोड दिएको पाईन्छ । सबै पेसा र अवसरमा महिलालाई बन्द नगरी त्यसमा स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन पुगेका छन् भने वर्तमान सामाजिक संरचनामा बसेर महिलाको मुक्तिको सम्भावना देख्दछ । त्यसैले यो व्याख्यालाई समष्टिमा भन्नुपर्दा सुधारात्मक रहेकोछ ।

आलोचना

उदार महिलावादले महिलामाथि हुने असमानतामाथि आफ्नो ध्यान केन्द्रित गरेको छ । यो बढी सुधारात्मक दृष्टिकोण भएकाले यस व्याख्यात्मक मान्यताबाट परम्परादेखि समाज विकसित भएको लैङ्गिक भूमिकामा परिवर्तन कठिन कार्य हो । यस्ता प्रकृतिका कार्यका लागि संरचनात्मक परिवर्तनको आवश्यकता पर्दछ । वर्तमान पितृसत्तालाई अङ्गिकार गरी महिलाहरूको मुक्तिको रणनीति अति चुनौतीपूर्ण हुन सक्छ । तसर्थ महिलामाथि हुने दमन र अन्यायको चर्चा गरे पनि सो दमन र अत्याचारको पृष्ठपोषकको रूपमा रहेको पितृसत्ताको सम्बधमा चर्चा गरेका छैनन् । समानता र स्वतन्त्रताको सृजना वर्तमान सामाजिक संरचनाभित्रै यसले सम्भव देखेको छ । तसर्थ वर्तमान सामाजिक संरचनालाई कुनै प्रकारको चुनौती दिएको छैन । महिला समानता, महिला अधिकार आदिमा जोड दिएता पनि महिलामाथि हुने अन्याय र दमनलाई उजागर गर्न सकेको देखिंदैन ।

---

८५. George Ritzer (1992) पूर्ववत्, पृ.463.

उदार महिलावादले महिला मुक्तिको सवाललाई उठाए पनि लैङ्गिक असमानताको आधार मानिएको सामाजिक सांस्कृतिक व्यवस्थाभित्रका कुरीतिलाई नसच्याइएसम्म महिला मुक्तिको पक्ष सबल हुन सक्तैन । यस धारणाले व्यक्तिगत स्वतन्त्रतालाई निकै महत्त्वका साथ उठाएको छ । त्यस प्रकारका व्यक्तिगत स्वतन्त्रताको बाधकको रूपमा सामाजिक सांस्कृतिक बन्देजहरू पनि रहेका हुन्छन् । सामाजिक सांस्कृतिक व्यवस्थाको प्रक्रियालाई बुझ्न उति नै आवश्यक हुन्छ । व्यक्ति समाजमा अडेको हुन्छ भन्ने तथ्यलाई आत्मसात गर्नुपर्ने हुन्छ । यसका साथै यस अवधारणाले समाजमा व्याप्त वर्गीय आधारमा भएको लैङ्गिक असमानताका बारेमा उठाउन नसकेको बारेमा टिप्पणी गरेका छन् ।

यद्यपि अमेरिकामा समसामयिक महिलावादी आन्दोलनमा उदार महिलावादी एउटा महत्त्वपूर्ण महिलावादी सिद्धान्तको रूपमा स्थापित भएको छ । यो महिलावादीको नेतृत्व अमेरिकी महिलाहरूले गरे । तर विश्वका समस्त गरिब महिलाहरूको अवस्थालाई उनीहरूले आत्मसात गर्न सकेका छैनन् । टिप्पणी गर्ने क्रममा कतिपयले यसलाई सुकिला महिलाहरूको असफल र अव्यवहारिक आन्दोलन पनि भन्दछन् । यो आन्दोलनलाई राजनीतिबाट बढी प्रेरित भएको भनी टिप्पणी पनि गरिएको छ । यद्यपि लैङ्गिक विभेद हटाई महिला मुक्ति गर्ने बारेमा यस अवधारणाले महत्त्वपूर्ण विश्लेषणात्मक आधारहरू तयार गरेको पाइन्छ ।

ख) मार्क्सवादी महिलावाद

यस सिद्धान्तको आधार कार्ल मार्क्स र फ्रेडरिक ऐंगेल्सको विचारलाई मानिन्छ । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या एवम् विश्लेषण गर्न सकिएमा महिलामाथिका दमन, विभेद असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । तसर्थ महिलामाथि हुने दमन, अत्याचार शोषण विशेष गरी पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको निष्कर्ष रहेको पाईन्छ । समाजमा उत्पन्न समस्त वर्गीय एवम् सामाजिक द्वन्द्वको सिर्जना गर्ने कारक तत्त्वको रूपमा रहेको शासकीय वर्गको प्रवृत्तिलाई मुख्य पक्ष मान्दछन् भने समाजमा रहेका प्रत्येक तहका असमानता र विभेदको जड पूँजीवादी समाजलाई मान्दछन् । यसका साथै मार्क्सवादी महिलावादमा विश्वास राख्ने सबै विचारहरूले लैङ्गिक विभेदको कुनै जैविकीय पक्ष नमानी सामाजिक र आर्थिक पक्षलाई मुख्य कारक तत्त्वका रूपमा व्याख्या र विश्लेषण गरेको पाईन्छ । परिवारदेखि नै यस प्रकारको विभेदले सामाजिक मान्यता पाएको हो भन्ने सोचाई उनीहरूको रहेको देखिन्छ ।

तसर्थ महिला अधिनताको आधार स्वयम् परिवार हो । परिवार एक यस्तो संस्था हो जसको नामाकरण नै नोकरलाई बोलाउने शब्दबाट गरिएको पाईन्छ । Famulus को अर्थ

घरेलु दास हुन्छ र Familia शब्दको अर्थ एक व्यक्तिको स्वामित्वमा रहेका दासहरूको समूह,[८६] ल्याटिन भाषाको Familia नामक शब्दबाट Family शब्द बनेको हो, जसको अर्थ नोकर, दास भन्ने हुन्छ । यसरी परिवारको उत्पत्ति नै प्रभुत्वशाली र अधिनता भूमिकाहरूबाट भएको देखिन्छ । हाल पनि परिवार भन्नाले एकजोडा पुरुष, महिला र उनीहरूका बालबच्चाहरूको समूह बुझिन्छ । यस प्रकारको परिवारमा बच्चाको नाम, थर र पुर्ख्यौली पुरुषहरूको तर्फबाट हुने गर्दछ । यसका साथै घरमुलीदेखि सम्पत्ति हस्तान्तरण समेत लोग्ने मान्छेबाट हुने गर्दछ । परिवारमा लोग्नेमान्छे नै हर्ताकर्ता भई हैकम जमाउने गरेको देखिन्छ ।

समाजले यस्तो असमान पारिवारिक सम्बन्धलाई वैधानिकता प्रदान गर्दै पारिवारिक संरचना नै हरेक समाजमा आधारभूत रूपमा रहेको छ भन्ने दाबी गर्दछ । मानवशास्त्री एवम् पूरातात्विक अध्ययनले आदिम समाजमा अहिलेको जस्तो कुनै परिवारको रूप थिएन भनी प्रमाणित गरी उक्त दाबीलाई गलत सावित गरेका छन् । आदिम समाजमा पितृत्वको कुनै मतलब नै थिएन । त्यसबेला मानिसहरू झुण्ड-झुण्डमा सामूहिक रूपमा बस्ने गर्दथे । मातृवंशका आधारमा नै ती झुण्डहरू विभाजित भएर रहन्थे । त्यस समयमा मातृसत्तात्मक व्यवस्था कायम थियो । त्यसले महिलाहरूमाथि कुनै विभेदको सृजना भएको देखिंदैन ।

तर जब समाज, परिवारमा निजी स्वामित्वको सृजना हुन्छ, त्यसले परिवारमा स्वास्नीको भन्दा लोग्नेको स्थितिलाई बढी प्रभावशाली तुल्याउँदै लग्यो भने अर्कोतर्फ आफ्नो यस सुदृढ स्थितिको प्रयोग गर्दै परम्परागत उत्तराधिकारी प्रथालाई आफ्नो छोराछोरीको पक्षमा मोड्ने प्रवृत्ति पुरुषमा बढ्न थालेको देखिन्छ । तसर्थ आफ्नो मनोकाङ्क्षा मातृसत्ताअनुसार पूरा नहुने भएकाले यो प्रथालाई परिवर्तन गर्नु नै पहिलो काम पुरुषको लागि बन्न गएको देखिन्छ । तसर्थ मातृसत्ता हटाउनु आवश्यक भएकोले हटाइयो पनि । यो क्रान्ति मानव जातिले पार गरेको सबभन्दा निर्णायक क्रान्तिहरूमध्ये एक थियो । गोत्रका कुनै पनि जीवित सदस्यको हितमा आघात पुऱ्याउने आवश्यकता थिएन । सत्ता परिवर्तनका निम्ति कुनै एक सामान्य निर्णय नै पर्याप्त थियो र जुन निर्णय- "भविष्यमा गोत्रिक सन्ततिका पुरुष सदस्यहरू आफ्नै गोत्रभित्र रहने छन्, तर नारी सन्ततिचाहिँ मातृ गोत्रबाट हटाइनेछन् र आफ्नो पतिको गोत्रमा जाने छन् ।"[८७] यसरी अर्को तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र मातृ वंशाणुक्रमअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा बदर गरियो, पिताको तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र पितृ वंशानुक्रम अनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा चलनचल्तीमा ल्याइएको पाईन्छ । यसरी मानव समाजको विकाससँगै समाज पनि कृषि अर्थतन्त्रमा प्रवेश गऱ्यो तर महिलाको अवस्था भने नाजुक बन्न थाल्यो ।

---

८६. फ्रेडरिख ऐंगेल्स (१९८६), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* मास्को : प्रगति प्रकाशन, पृ. ६९ ।

८७. ऐंगेल्स, पूर्ववत्, पृ. ६८ ।

समाजमा निजी स्वामित्वको उत्पत्ति पश्चात् लोग्नेमान्छेले आफूसँग उत्पादनका लागि आधारभूत स्रोत शारीरिक शक्तिहरूको रहेकोले महिलामाथि आफ्नो स्वामित्वको दाबी गर्दै उत्पादनका साधनहरू र जमिनमा लोग्नेमान्छेको स्वामित्व भएकाले उसले आफ्नो सम्पत्तिको हेरचाह र संरक्षणका लागि आफ्ना सहायक श्रमशक्ति दासहरू, श्रीमतीहरू र छोराछोरीहरू जम्मा गर्न थाल्यो । यसरी परिवारको पहिलो रूप Familia एउटा मालिक र उसका श्रीमतीहरू सेवकहरू, छोराछोरीहरू, दासहरू आदिको एक एकाईको रूपमा स्थापना भएको पाईन्छ । त्यही समयदेखि महिलाको श्रम शोषण गर्ने परम्परार अधिनताको सुरुवात भएको देखिन्छ । श्रमशोषण गर्ने परम्परा हाल दमनको जटिल संरचनामा परिणत भइसकेको पाईन्छ । राजनीतिक व्यवस्थाले दमन र शोषण प्रणालीको रक्षा गर्दछ भने परिवार स्वयम्ले महिला अधिनतालाई प्रोत्साहन दिने गरेको पाईन्छ ।[८८]

मार्क्सवादी महिलावादले समाजमा भएका विभिन्न वर्गहरू मध्ये एउटै वर्गभित्र पनि महिलाहरूको सम्पत्ति, शक्ति र अन्य स्रोतहरूमाथि कम पहुँच छ भन्ने ठान्दछ । उनीहरूका अनुसार व्यक्तिको जीवनको स्तरले प्रथमतः उसको वर्गस्थानलाई प्रतिविम्बित गर्छ, त्यसपछि मात्रै लैङ्गिक हैसियत प्रदान गर्दछ । त्यसो भएकाले जेन्डरभन्दा वर्ग अगाडि आउने गर्दछ । महिला र पुरुषको असमानता स्वयम् पूँजीवादी सङ्गठन र संरचना हो भनिन्छ । महिला र पुरुष बीचको भेदभाव अन्त्य गर्ने समाधान भनेको निम्न कामदार वा सर्वहारा वर्गका महिला र पुरुष भई गरिने क्रान्तिकारी आन्दोलन हो । मार्क्सवादी महिलावादले पुरुषका विरुद्धमा हुने सक्रिय विरोधलाई प्रतिक्रान्तिकारी मान्दछ । किनभने यसले श्रमिक एकतालाई खल्बल्याउँछ र श्रमिक आन्दोलनलाई कमजोर बनाउने काम गर्छ भन्ने ठानेको देखिन्छ ।

मार्क्सवादीहरू उत्पादन व्यवस्था वा प्रणालीको विकाससँगै सामाजिक सांस्कृतिक प्राणालीमा त्यसको प्रभाव पर्दछ भन्ने ठान्दछन् । यसै सन्दर्भमा मार्क्सवादी महिलावादले पूँजीवादमा महिलाको श्रमको शोषण र अवमूल्यन भएको यस अर्थमा ठान्दछन् कि निजी सम्पत्तिको विकाससँगै उत्पादन व्यवस्थामा पुरुष सहयोगीका रूपमा, महिलाका रूपमा महिलाको परिभाषा गरिनुका साथै सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बर्द्धनका लागि छोरा जन्माउने वस्तुका रूपमा समेत महिलालाई लिन थालियो । महिलाहरू घरभित्रकै धन्दामा सीमित गरिनुका साथै कमसल कार्यमा कम ज्यालामा लगाइए । यसलाई अरु बलियो बनाउने काम पितृसत्ताले गरेको देखिन्छ । जुन पितृसत्ताको विकास पनि खासगरी निजी सम्पत्तिमाथिको मानवीय दृष्टिको विकाससँगै भएको मानिन्छ । मार्क्सवादी महिलावादको सिकारी समाजमा जति लैङ्गिक विभेद थियो, त्यसको हजारौं गुणा त्यसपछि विकास भएको पूँजीवादलाई आधार मानी विकास भएको समाजमा छ भन्ने तर्क रहेको पाईन्छ ।

---

८८. ऐंगेल्स, पूर्ववत्, पृ. ६९ ।

कार्लमार्क्सले उत्पादन व्यवस्था र लैङ्गिक अवस्थाको सम्बन्ध देखाउँदै आदिम साम्यवादी समाजमा लैङ्गिक विभेद नरहेको उल्लेख गरेका छन् । जुन समयमा सम्पत्तिमाथि वा स्रोतमाथि सामूहिक स्वामित्व रहेको थियो । समाजको वर्गीय विश्लेषणबाटै लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने उनको धारणा रहेको छ ।

मार्क्सवादले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई जोड दिएको आधारमा लैङ्गिक सम्बन्धको विकास र व्यवहारिक यथार्थतालाई जोड दिन सकिन्छ । मार्क्सले महिलापुरुष बीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन्-

> "पूँजीवादी समाजमा जसरी पूँजीपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवीहरू जस्तै हुन्छन् जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषहरूको हातमा केन्द्रित भएको हुन्छ । अर्कातिर महिला र पुरुष बीचको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुष बीच मनोवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरू समाजमा स्थापित गर्ने कार्यहरू भए । यस परिस्थितिमा महिलाहरूको स्रोतमाथि पहुँच घट्ने, शिक्षा, रोजगार तथा बाह्रय गतिविधिमा संलग्नताको पहुँच सधैं कमजोर नै रहेको देखिन्छ ।"[८९]

मार्क्सवादी महिलावादले महिला र पुरुष बीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गरी महिलाहरूमाथि रहेको सामाजिक आर्थिक तथा सांस्कृतिक विभेदहरूको अन्त्य गरी उत्पादन शक्तिमाथि पहुँच बढी मजबुत पार्नुपर्ने तथ्यमा जोड दिएको देखिन्छ । "मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न आवश्यक छ, त्यसैगरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न आवश्यक छ । मार्क्सवादी महिलाहरूले पूँजीवाद र विभिन्न सामाजिक वर्गहरू बीच रहेको शोषणको अवस्था र प्रकृतिका बारेमा पनि त्यति नै महत्त्व दिइएको पाइन्छ ।"[९०] यसरी नै कामदार वर्गका महिलाहरूका अनुसार बुर्जुवा महिलावादीहरूले उठाएका महिला विकास र मुक्तिको नारामा मध्यमवर्गको मात्र विश्लेषण गरेको र सामाजिक राजनीतिक र आर्थिक कारक तत्त्व पहिल्याउन नसकेको भन्ने आरोप छ । यसरी विश्वमा महिलामाथि असमानताको व्यवहार बढिरहेको छ भन्ने उनीहरूको तर्क रहेको छ । मार्क्सवादी महिलावादका विशेषताहरू निम्न रहेकाछन् :

क) जैविकीय रूपमा महिला पुरुष विभेदका कारण सृजना हुनु ।

---

८९. ऐंगेल्स, पूर्ववत्, पृ. ६९ ।

९०. सहाना प्रधान, पूर्ववत् ।

ख) वर्गीय समाजको स्वरूप उत्पत्ति भएदेखि लैङ्गिक विभेद देखिनु ।

ग) प्राचीन साम्यवादमा लैङ्गिक विभेद थिएन ।

घ) सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व नै महिला पुरुष विभेदको मूल कारण हो ।

ङ) लैङ्गिक विश्लेषण गर्दा सर्वप्रथम समाजको वर्गीय विश्लेषण र त्यसपछि मात्र लैङ्गिक विश्लेषण गर्नुपर्छ । वर्गीय समाजको अन्त्यपछि मात्र लैङ्गिक समता कायम हुन सक्छ ।

च) प्रत्येक वर्गमा महिलाहरू शोषित र कम शक्तिशाली छन् ।

छ) पूँजीवादी समाजमा छोराको महत्त्व तथा पितृसत्तात्मक परिवारमा पैत्रिक सम्पत्तिको हस्तान्तरणले लैङ्गिक विभेद सिर्जना गरेको छ ।

ज) पूँजीवादी व्यवस्थामा कम ज्याला, कम सामाजिक इज्जत, स्वतन्त्रताको अभाव तथा जीवनका अवसरहरूमा कम पहुँच रहनाले लैङ्गिक विभेद स्पष्ट देखिएको छ ।

झ) मार्क्सवादी विश्लेषणले वर्गीय संरचना र पूँजीवादलाई महिलाका समस्याका कारक तत्त्व मानिएको छ ।

ञ) विश्वका महिलाहरूमा महिला पुरुषबीचका अलावा महिला महिलाहरूबीच पनि विभेदहरू स्पष्ट देख्न सकिन्छ ।

ऐंगेल्सद्वारा लिखित "परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति" नामक कृतिमा लैङ्गिक सम्बन्धमा सन्दर्भमा उल्लेख भएका भूलभूत बुँदालाई सारमा उल्लेख गरिएको छ ।[९१]

क) समाजमा भएको महिला विभेद, अधिनता र असमानता आदिको कारकतत्त्व जैविकीय (Biological) नभई सामाजिक आर्थिक हो ।

---

९१. ऐंगेल्स, पूर्ववत्  पृ ७६ ।

ख) समाजमा प्रत्येक तहको लैङ्गिक सम्बन्ध, अधिकार र निर्णयमा पुरुषप्रधान समाजभित्र विकास गरिएका मान्यताहरू जिम्मेवार रहेका छन् । महिलाको कुनै स्वतन्त्र अस्तित्त्वलाई स्वीकार गरिएको हुँदैन । पितृसत्ता र पूँजीवाद एक अर्काका सहयोगी संस्थाहरू हुन् । परिवारभित्र रहेको उत्पादन सम्बन्धमा महिलाका सबै कार्यलाई कम मूल्याङ्कन गर्ने काम गरिन्छ । पुरुषहरूद्वारा गरिएको यस्तो व्याख्यामा पनि त्यही समाजमा गरिन्छ । यसका पछाडि पूँजीवादी स्वार्थ लुकेको हुन्छ । परिवारका पुरुषहरूबाटै महिलाको यौन स्वतन्त्रतामाथि बन्देज लगाएको हुन्छ भने महिलालाई केवल उत्पादनका साधनका रूपमा मात्र स्वीकार गरिएको हुन्छ ।

ग) आदिमकालीन समाजमा महिलाप्रति विभेद, शोषण र असमानता थिएनन् । तर आजको परिवारिक संरचना रहेको समाजलाई हेर्ने हो भने लैङ्गिक विभेद तीब्र रहेको छ । जसमा निजी सम्पत्तिको मान्यताले साथै पूँजीवादी संरचनामा रहेको नाफा कमाउने प्रवृत्तिले लैङ्गिक विभेदमा तीब्रता आयो । आदिमकालमा मातृसत्ता रहेको थियो । त्यसबैला महिलाहरू स्वतन्त्र र समान थिए ।

घ) आदिम सामयवादी समाजको विस्थापनपछि बनेका सबै समाजमा स्रोतमाथि पुरुषको आधिपत्यको विकास भयो । उक्त नियन्त्रणसँगै महिलाप्रति पूर्वाग्रह एवम् विभेदको प्रक्रिया सुरु हुन थाल्यो । पुरुषहरू परिवारको अजेय शक्तिका रूपमा रहन सके, जसका कारण श्रीमती तथा बालबच्चामाथि जुनसुकै नियन्त्रण पनि गर्न सक्दथ्यो ।

ङ) पछिल्ला समाजमा विकास भएको अर्थिक नीतिमा समेत श्रमको शोषणको परिपाटी तीब्र भयो । त्यसको नेतृत्व बुर्जुवा पूँजीपतिहरूले गरेका छन् । यस पृष्ठभूमिमा विकास भएको सामाजिक संरचनामा महिलाहरूमाथि विभेद अझ जटिल बन्न पुगेको छ ।

च) इतिहासमा विकसित एकनिष्ठ परिवारमा पतिको आधिपत्य हुने भएकोले सन्ततिको प्रजनन, पैत्रिक सम्पत्ति माथिको अधिकार, सम्बन्धविच्छेद जस्ता विषयमा एक लिङ्गमाथि अर्को लिङ्गको आधिपत्य जमाई शोषण गरिन थालियो । यो महिलामाथि पुरुषद्वारा गरिएको शोषण थियो ।

छ) इतिहासमा एकनिष्ठ विवाह महिला र पुरुषको पारस्परिक मिलनको निम्ति सहमतिको रूपमा थिएन । तसर्थ त्यस्तो मिलनको सर्वोच्च रूप झनै हुन सक्दैनथ्यो । यसको ठीक विपरित महिलामाथि पुरुषको वा एक लिङ्गमाथि

अर्को लिङ्गको आधिपत्यको रूपमा देखा परेको थियो । त्यसबेलासम्म सम्पूर्ण विगत इतिहासबाट महिला र पुरुषका बीचमा कहिल्यै देखा नपरेको अन्तर्विरोधको रूपमा देखापरेको थियो । यो नै सबभन्दा पहिलोपटक देखा परेको वर्गीय अन्तरद्वन्द्व थियो। एकनिष्ठ विवाह अन्तर्गत महिला र पुरुषबीचको अन्तरर्विरोधको साथै पहिलो वर्गीय उत्पीडन पुरुषद्वारा महिलामाथिको आधिपत्यको साथसाथै प्रकट भएको थियो ।

उपरोक्त समग्र अवस्थामा देखा परेको लैङ्गिक विभेद हटाउनका निम्ति मार्क्सवादी महिलावादले समाजमा निजी स्वामित्वको अन्त्यसँगै विकास हुने संरचनाबाट महिलाहरूले सबै प्रकारका अधिकार र स्वतन्त्रता प्राप्त गर्न सक्दछन् भन्ने मत राख्दछन् । मार्क्सवादी महिलावादले समाजमा रहेका सबै प्रकृतिका विभेदको कारकतत्त्व जुन आधुनिक सन्दर्भमा हाम्रासामु उभिएको छ, यद्यपि पूँजीवादी संरचनालाई नै ठान्दछ । अर्कोतर्फ विश्वव्यापी रूपमा वर्तमान सन्दर्भमा विकास भएको आर्थिक भूमण्डलीकरणसँगै सिर्जित असमान स्तरभित्र महिलाको भूमिकाको खोजी गर्नुपर्ने तर्क आधुनिक मार्क्सवादी महिलावादीहरूको रहेको छ । वर्तमान समयमा वर्गीय दमनका अवस्थाहरूलाई हटाउन नसके लैङ्गिक विभेद हट्न नसक्ने उनीहरूको धारणा रहेको पाइन्छ । यसका निम्ति निम्न वर्गीय समाजको जागरुकता र सङ्गठनबाट उत्पन्न हुने क्रान्तिको परिणाम जसले वर्गहीन समाजको सिर्जना गर्न सकोस् । त्यसपछि मात्र लैङ्गिक विभेदको अन्त्य हुने देखिन्छ ।

मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार गरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्दछन् । यद्यपि उनीहरू वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण कार्यको मूल्याङ्कन व्यवहारिक श्रमविभाजन आदिलाई जोड दिन्छन् । ।[९१]मार्क्सवादी महिलावादका लागि वर्गसङ्घर्ष र महिला मुक्ति आन्दोलनको सम्बन्ध एउटा जटिल सवालका रूपमा रहेको छ । एकातिर मार्क्सवादी सिद्धान्तमा वर्ग नै सङ्घर्षको मूलभूत आधारको रूपमा स्थापित छ । यसअनुसार वर्गसङ्घर्ष मार्फत मात्रै लैङ्गिक, जातजातीय आदि कुराहरूमा आधारित उत्पीडनलाई समाप्त गर्न सम्भव देखिन्छ ।

आलोचना

मार्क्सवादी महिलावादीमाथि हुने दमनको सम्पूर्ण जटिलतालाई उजागर गर्न नसकेको भन्ने कतिपय मानवशास्त्री समाजशास्त्रीहरूले आरोप लगाउने गरेका छन् । यसले लैङ्गिक विभेदको वृहद् कारकतत्त्वका रूपमा उत्पादन व्यवस्था वा वर्गीय समाज वा पूँजीवादी संरचनालाई ठान्दछ भने सामाजिक सांस्कृतिक मान्यता, दृष्टिकोण र व्यवहारलाई वा

---

९१. सेरा तामाङ, पूर्ववत्, पृ. ५२९ ।

सामाजिक सम्बन्धलाई कम महत्त्व दिएको देखिन्छ । समाजमा रहेको वर्गीय विभेद मात्र महिलामाथिको दमनको निरपेक्ष कारकतत्त्व बन्न सक्तैन । यसबाहेक समाजमा महिलामाथि गरिने अत्याचार, यौनशोषण, सामाजिक बन्देज आदि पक्षहरूबाट पनि उनीहरू आक्रान्त रहेका छन् । तसर्थ मार्क्सवादी महिलावादले आर्थिक श्रमविभाजनमा मात्र ध्यान केन्द्रित गरेको छ भने यौनजन्य हैरानी र यौनमा आधारित श्रमविभाजनलाई राम्रोसँग चिरफार गर्न सकेको देखिंदैन । यसको ठहर निजी स्वामित्वको अन्त्यपछि स्वतः लैङ्गिक असमानताको पनि अन्त्य हुन्छ भन्ने रहेको छ । निजी स्वामित्व नै सबै खराबी पक्ष र असमानताको आधार मानिएको देखिन्छ ।

कतिपय आलोचकहरूले परिवारमा लोग्ने र स्वास्नी बीचमा विभेद नभई बालबच्चाप्रति परिवारको सदस्यले देखाउने बेवास्ता, वृद्ध सदस्यहरूको समस्या पनि जटिल रहेका छन् । यस्ता सम्बन्ध र व्यवहारमा पुरुषहरू मात्र कारकतत्त्व नभई  मानिसको दृष्टिकोण पनि उत्तिकै जिम्मेवार रहन्छ । त्यस्ता सम्बन्ध र व्यवहारमा पुरुषहरू मात्र कारकतत्त्व नभई मानिसको दृष्टिकोणको पनि उत्तिकै जिम्मेवार रहन्छ । त्यस्ता पक्षलाई पनि उठाउन अत्यन्त आवश्यक पर्दछ । यति हुँदाहुँदै पनि मार्क्सवादी महिलावाद लैङ्गिक असमानताको एउटा महत्त्वपूर्ण सिद्धान्तको रूपमा स्थापित भइसकेको छ । यसले महिला अधिनताको सम्बन्धमा महत्त्वपूर्ण कारणहरूलाई उजागर गरेको देखिन्छ । यद्यपी यस सिद्धान्तबाट मात्र महिलामाथि भइरहेको असमानता समाप्त हुने सम्भावना देखिदैन ।

### ४.५.३.३ लैङ्गिक दमनको उपागम

विश्वमा देखापरेका प्रायः सबै किसिमका लैङ्गिक सम्बन्धको विश्लेषण गर्ने महिलावादी व्याख्या र सिद्धान्तमा लैङ्गिक दमनको अवस्था, प्रक्रिया तथा त्यसबाट कसरी छुटकारा पाउन सकिन्छ भन्ने सम्बन्धमा चर्चा भएको पाइन्छ । प्रायः सबै समाजमा लैङ्गिक विभेद रहेको छ भने वर्तमान पूँजीवादी समाजमा मात्रात्मक रूपले बढी लैङ्गिक विभेद रहेको छ । सो दमनलाई समकालीन सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाले थप बल पुऱ्याउने काम गरेको छ । लैङ्गिक दमनको उपागम अन्तर्गतका सबै सिद्धान्तहरूले समाजमा महिला र पुरुषबीच हुने प्रत्यक्ष शक्ति सम्बन्धको परिणाम नै महिलाको अवस्था निम्नस्तरको भएको मान्दछ । यस उपागमका अनुसार महिलाहरूलाई नियन्त्रण गर्ने, प्रयोग गर्ने, कम आँकलन गर्ने एवम् दबाउने, पुरुषको आधारभूत र ठोस स्वार्थ रहेको हुन्छ । यस प्रकार यस उपागमका लागि Domination भनेको एक पक्ष प्रभुत्वशाली हुन्छ चाहे त्यो वैयक्तिक होस् वा सामूहिक र अर्को पक्षलाई अधिनमा राख्न सफल हुन्छ । अर्कोतर्फ प्रभुत्वशालीले कहिल्यै पनि अधिनलाई आदर गर्न चाहँदैन र अधिन व्यक्ति वा समूहको स्वतन्त्रतालाई अस्वीकार गर्दछ । यो लैङ्गिक दमनको उपागमभित्र राखेर व्याख्या विश्लेषण गर्न चारवटा सिद्धान्तहरू निम्न रूपमा रहेका छन्:-

क) मनोविश्लेषक महिलावाद

ख) आमूल महिलावाद

ग) समाजवादी महिलावाद[९३]

क) मनोविश्लेषक महिलावाद

मनोविश्लेषक महिलावादले पनि विश्वव्यापी रूपमा महिलाको अवस्था पुरुषको तुलनामा कमजोर रहेको छ भन्ने ठान्दछन् । मनोविश्लेषक महिलावादले पितृसत्तालाई Freud र उनका साथीहरूबाट प्रतिपादित सिद्धान्तहरूको आधारमा व्याख्या गर्ने गरेका छन् । यस सिद्धान्तले व्यक्तित्वको भावनात्मक गतिशीलतामा विशेष जोड दिएको पाइन्छ । उनीहरूका अनुसार संवेग (Emotion) प्रायः मानिसको अर्द्धचेतन र अचेतन अवस्थामा अन्तरनिहित भएको हुन्छ । यस प्रकारको संवेगको ढाँचा निर्धारण हुने कुरामा नवशिशुकाल र शिशुकाल (Infancy and early Childhood) को बढी महत्त्व हुने तर्क अगाडि सारेका छन् । Freud का सिद्धान्तहरू प्रयोग गर्ने क्रममा मनोविश्लेषक महिलावादले Freud का सिद्धान्तहरू उपयोग गर्दागर्दै पनि जेन्डरसम्बन्धी Freud का निष्कर्षहरूलाई अस्वीकारसमेत गरेका छन् । Freud का अनुसार लैङ्गिक विभिन्नता र लैङ्गिक असमानता समाजमा रहेको छ । यद्यपि उनले लैङ्गिक दमनको विषयमा भने कुनै कुरा गरेका छैनन् । उनको दृष्टिकोणमा महिलाहरू दोस्रो दर्जाको मान्छे हुन्, जसको मनावैज्ञानिक र भावनात्मक प्रकृति पुरुषको भन्दा कमसल र तल्लो दर्जाको जीवनका लागि नै उपयुक्त हुनेछ गर्दछ ।

मनोविश्लेषक महिलावादले पितृसत्तालाई पुरुषले महिलालाई कम आँकलन गर्ने र होच्याउने प्रणालीको रूपमा लिएको पाइन्छ । यसका साथै पितृसत्तालाई विश्वव्यापी प्रणाली, सामाजिक सङ्गठनमा व्याप्त र समय एवम् परिस्थिति फेरिएता पनि रहिरहने प्रणालीको रूपमा लिएको पाइन्छ । पितृसत्ता हरेक लोग्नेमान्छे र उसका क्रियाकलापद्वारा सञ्चालन हुने र दीर्घकालीन रूपमा टिकाउ हुने गर्दछ ।

मनोविश्लेषक महिलावादमा विश्वास राख्ने महिलाहरूका अनुसार पितृसत्ताको निरन्तरताका लागि महिलाहरू जति बढी सक्रिय र क्रियाशील छन् त्यति नै बढी यसका महिला जनमत तयार हुन हिचकिचाइरहेको छ । मानसिक रूपमा महिलाहरू परिवार तथा समुदायमा पुरुषको तथा सामाजिक, सांस्कृतिक र आर्थिक व्याख्याका दमनको प्रतिकार

---

९३. George Ritzer (1992) पूर्ववत्, पृ.470.

गर्दैनन् । यसरी प्रतिकार नगर्नुको कारण मनोविश्लेषक महिलावादीहरूले व्यक्तिमा मृत्युको भय र सामाजिक संवेगात्मक वातावरणलाई मान्दछन् । उनीहरूका अनुसार पुरुषहरूमा रहेको मृत्युप्रतिको भयले उसले समाजमा त्यस्ता विभिन्न संयन्त्र निर्माण गर्दछ, जसद्वारा आफू सुरक्षित भई समयपर्यन्त आफू जिउन चाहन्छ । यसका निम्ति आफू अनुकूल हुने प्रविधि, सामाजिक मान्यता, संस्थाहरू, कला साहित्य आदिको निर्माण पनि गर्दछ । अर्कोतर्फ महिलालाई पनि आफ्नो सहयोगीका रूपमा परिभाषा गरी व्यवहार गर्दछ । यही पुरुषहरूमा हुने मृत्युप्रतिको भय, डर, त्रासका कारण गर्ने व्यवहारबाट पुरुष बढी शक्तिशाली बन्न गएको देखिन्छ ।

मनोविश्लेषक महिलाहरूले सामाजिक संवेगात्मक वातावरणका बारेमा पनि चर्चा गरेका छन् । उनीहरूका अनुसार विशेष गरी बालबच्चाका सामाजिकीकरणको प्रक्रियामा पितृप्रदान सामाजिक संरचनाका कारण पुरुषहरूले आमासँगको सम्बन्धलाई बिस्तारै अलग्याउँदै लगी परिपक्वको समयमा आमा वा महिलालाई आफूमा नियन्त्रण गर्न जान्छ, जबकि यही समाजमा बालिकाको भने पुरुषको श्रेष्ठतालाई पछ्याउँदै समर्थन गर्ने मानसिकताको विकास भएको हुन्छ । यसरी आफ्नो जन्म दिने आमाको परिचयबाट अलग हुँदै जानुको परिणाम अत्यन्तै घातक हुने देखिन्छ । परिपक्व लोग्नेमान्छे बनिसकेको अवस्थामा उसको बालककालको संवेगात्मक प्रभाव स्वरूप उसले महिलालाई आवश्यक माया, घृणा र निश्क्रियताको पर्यायवाचीको रूपमा लिने गर्दछ । जसले गर्दा महिला भनेको केवल आफ्नो आवश्यकता पूरा गरिदिने, आफूमा आश्रित र आफूद्वारा नियन्त्रण गर्नुपर्ने मानिस हो भन्ने धारणा अन्तरमनमा रहन जान्छ । यस प्रकारको धारणाले पुरुषद्वारा महिलामाथि हुने दमनलाई उत्प्रेरित गरेको देखिन्छ ।

यस प्रकार मनोविश्लेषक महिलावादीहरूले समाजमा महिला र पुरुषबीच रहने विभेदका विभिन्न पक्षलाई मनोवैज्ञानिक कारकतत्त्वका रूपमा उल्लेख गरेको देखिन्छ । यसका साथै उनीहरूले महिलामाथि हुने दमनलाई लोग्नेमान्छेको महिलामाथि नियन्त्रण गर्ने गहिरो भावनात्मक आश्यकताको सन्दर्भमा व्याख्या गरेका छन् भने यस्तो आवश्यकता लोग्नेमान्छेको विश्वव्यापी रूपमा हुने मृत्युप्रतिको भयमा आधारित हुने गर्दछ पनि भनेका छन् ।

ख) आमूल महिलावाद

विश्वमा देखापरेको लैङ्गिक विभेदका अन्त्यका लागि गरिएको आन्दोलनमा Radical Feminisim को पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । उक्त Radical Feminisim को नेपालीमा उग्र महिलावाद, अतिवादी महिलावाद, आमूल महिलावाद आदि भनिएको पाइन्छ ।

उक्त विभिन्न नेपालीमा अनुदित शब्दहरू भए पनि यहाँ आमूल महिलावाद भनी उल्लेख गरिएको छ ।

विश्वमा देखापरेका लैङ्गिक विभेदको अन्त्यका निम्ति रेडिकल महिलावादले पनि आफ्नो धारणालाई अगाडि सारेको छ । रेडिकल महिलावादीहरूले सामाजिक, सांस्कृतिक एवम् आर्थिक सवालमा महिलाहरू विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिएका छन् । यो महिलावादले समाजका प्रत्येक जात, वर्ण, संरचना, सङ्ख्यामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको बारेमा विशेष जोड दिएको पाइन्छ । लैङ्गिक विभेदको मुख्य कारकतत्त्वको रूपमा पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्धलाई ठान्दछन् । उनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार मानिन्छ । परिवारबाट नै प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस अनुरूपका सामाजिकीकरण एवम् भूमिका हस्तान्तरण हुने मानिन्छ । “प्रत्येक सामाजमा रहेका महिलाहरूमा लक्षित यौनशोषण र हिंसा पुरुषको प्रभुत्वका कारणले हुने गर्दछ । त्यसैले त्यस्ता सबै खाले लैङ्गिक विभेदमाथिको परम्परागत बुझाईलाई सच्याउने संचार संयन्त्र एवम् विचार र दृष्टिकोणको खोजी गरिनु पर्दछ भन्ने ठान्दछन् ।”[९४] यसरी नै पितृसत्ताबाट सताइएका महिलाहरूले त्यसका विरुद्धमा डटेर सामना गर्दै प्राकृतिक लिङ्गको भूमिकामा समेत विकल्पको खोजी गरिनुपर्दछ । यसका लागि प्रत्येक कार्य गर्न महिला सकृय छन् र सक्षमताको प्रदर्शनको खाँचो छ भन्ने जस्ता बुझाई र आवश्यकताको बोध रहेको पाइन्छ ।

रेडिकल महिलावादीहरूले परिवारमा लोग्ने मानिसको आवश्यकता परिपूर्ति गर्न समलिङ्गी विवाह पनि एक विकल्पको रूपमा हुन सक्छ, जसले पितृसत्ता रहने पुरुषको हैकमवादी, दमनकारी सोचाई र व्यवहारलाई झट्का दिन सकोस् भन्ने ठान्दछ भने विश्वव्यापी रूपमा रहेको पितृसत्ता त्यस परिवारमा सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषबाट हुने सबै प्रकारका विभेद, असमानता, दमन हिंसा जस्ता पक्षलाई व्यापक रूपमा उठाएको पाइन्छ । रेडिकल महिलावादीहरूले समाजका प्रत्येक तह र निकायमा रहेका यौनजन्य शोषण र दमनमा परिवर्तन गर्न सकिएमा र त्यसका विकल्पमा जान सकिएमा पनि लैङ्गिक समानता हुन सक्ने ठान्दै पुरुष विरुद्धको सम्भावनाका विषयमा समेत चर्चा गरेका छन् । तसर्थ त्यसका विरुद्धमा र विकल्पमा नयाँसोच र व्यवहारको आवश्यकतालाई औंल्याएएको छ । यसै गरी महिलामाथि गरिएका विभेद र अत्याचारलाई बुझ्न बाह्य घटनाका साथै आन्तरिक सम्बन्ध र दबावलाई बुझ्नुपर्ने तथ्यमा जोड दिंदै समाजका सबै तहमा लैङ्गिक शोषण रहेको छ भन्ने मान्यता राख्दछन् ।

---

९४. शान्ता थपलिया, पूर्ववत् ।

रेडिकल महिलावादमा विश्वास राख्ने महिलाहरूले पितृसत्ता भन्नाले लोग्नेमान्छे र लोग्नेमान्छेले प्रभुत्व जमाएका सङ्गठनहरूले महिलाविरुद्ध गर्ने हिंसाको रूपमा मान्दछन् । यसरी महिलामाथि गरिने हिंसा सधैं प्रष्ट देखिने शारीरिक नियतिका रूपमा मात्र हुँदैन । यो शोषण र नियन्त्रण अझ बढी जटिल र अभ्यासभित्र लुकेको हुन्छ । रेडिकल महिलावादी अनुसार शोषण र नियन्त्रणका अभ्यासहरू फेशन र सुन्दरता, मातृत्वको आदर्श, एकल यौनसम्बन्ध, गृहस्थी कार्य, निम्न ज्यालादरको व्यवस्था आदि रहेका छन् । यसरी नै महिलाहरू विरुद्ध हुने हिंसा र पितृसत्ता बीच पनि सम्बन्ध रहेको बताउँदै कतिपय पितृसत्तात्मक संरचनामा प्रचलित सामाजिक परम्परा र प्रचलनसमेत महिलाविरुद्धको हिंसाका प्रतिरूप मात्रै भएका मान्दछन् । महिला विरुद्ध बलात्कार, यौनदुराचार, यौन दुरूपयोग, बेश्यावृत्ति, बालयौनअपराधजस्ता शारीरिक हिंसाहरू हुने गरेका छन् । यसका साथै बोक्सीलाई जिउदै जलाउने प्रथा, महिला शिशु हत्या (Female infanticide), सतिप्रथा, योनी भङ्गाकुर छेदन गर्ने प्रथा जस्ता कार्यहरूलाई महिला विरुद्धका बर्बर हिंसाका रूपमा लिइएको पाइन्छ ।[९५]

रेडिकल महिलावादीका अनुसार पुरुषले पितृसत्ता सृजना गरी कायम राख्नुका कारण उनीहरूसँग शक्ति र स्रोत भएर मात्र होइन, महिलालाई निरिह एवम् नियन्त्रित वस्तुको रूपमा राख्ने भित्री स्वार्थ पनि रहेको देखिन्छ । महिलाहरू पुरुषको यौनिक आवश्यकता परिपूर्ति गर्ने एक प्रभावकारी साधनका रूपमा हुनुका साथै सन्तान उत्पादन गर्न समेत महिलाको शक्ति नै आवश्यक परेको देखिन्छ । यसका अलावा महिलाहरू उपयोगी श्रमशक्ति, पुरुषको लागि मनोरञ्जनका साधन, भावनात्मक सहयोगका स्रोत तथा सामाजिक प्रतिष्ठामा सहयोगी भएका छन् । तसर्थ पुरुषहरू सधैं महिलाबाट यस्ता उपयोगी कार्यहरू हुने देखी सधैं आफ्नो नियन्त्रण र सेवकको रूपमा राख्न चाहेको देखिन्छ ।

रेडिकल महिलावादले महिलाको राजनीतिक पक्षसँग पनि सम्बन्ध रहेको बारेमा चर्चा गरिएको छ । उक्त महिलावादले आफ्नो नाराको रूपमा 'The Personal is political' लाई सशक्त रूपले उठाएका छन् ।[९६] उनीहरूले व्यक्तिको जीवनको सबै पक्ष राजनीतिसँग सम्बन्धित हुने कुरा उठाएका छन् । तसर्थ महिलाहरूको जीवनको वैयक्तिक पक्ष र बाहिरी संसारबीच सम्बन्ध स्थापित गरिएको पाइन्छ । व्यक्तिको वैयक्तिक पक्ष र बाहिरी राजनीतिक पक्ष बीच जति धेरै फरक राखिन्छ त्यति धेरै त्यहाँ शक्ति र हिंसा हुने गर्दछ भन्ने ठानेको पाइन्छ । महिलावादीहरूद्वारा बनाइएका नाराहरूमध्ये त्जभ एभचकयलर्बा ष्क एयष्तिष्अबी महत्वपूर्ण नारा हो । महिलावादीहरू व्यक्तिगत र राजनीतिक वा पारिवारिक र सार्वजनिक

---

९५. George Ritzer (1992) पूर्ववत्, पृ.474.

९६. Ellen Wlillis (1987), Redical Feminism and Feminist Redicalism, Jean E. Friedman, William G.shade, Mary Jane Capozzoli (Ed.), *Our American Sisters Women in American Life and Thought*, America : D.C. Heath and Cpompany, p.532 .

बीचको अन्तरलाई भुटो वा समस्यामूलक मान्दछन् । हरेक सामाजिक कुराले व्यक्तिगत वा पारिवारिक क्षेत्र दुवै एक अर्कासँग सम्बन्धित छ ।[९८]

यस प्रकार रेडिकल महिलावादले समाजका सबै सङ्ख्याहरूमा शोषण र दमनको प्रणाली कायम रहेको देख्छ भने महिलामाथि हुने दमनको केन्द्र नै परिवार हो भन्ने धारणा रहेको पाइन्छ । यसरी नै पितृसत्तालाई परास्त गर्नका निम्ति विभिन्न राजनीतिक सवालहरू महिला सवालहरुसंग जोड्दै प्रस्तुत गरेका छन् । उनीहरूले महिलाहरू सचेत रूपमा सङ्गठित भई आफ्नो मूल्य र तागतको पहिचान गरी पितृसत्ताको दबावलाई तिरस्कार गर्न थालेपछि मात्रै पितृसत्ताको पराजय सुरु हुन थाल्दछ । महिलाले आफू कमजोर र दोस्रो दर्जाको नागरिकको रूपमा ठान्नु हुँदैन । आपसी मतभिन्नतालाई त्यागी सबै महिलाहरू एकताबद्ध भई सहयोग, सद्भाव र विश्वासमा आधारित भई दिदीबहिनीत्वको स्थापना गरी पितृसत्ताको सामूहिक प्रतिकार गर्नु पर्ने देखिएकोछ ।

आलोचना

रेडिकल महिलावादी विश्लेषणले पुरुष विनाको समाजको सम्भावनालाई खोज्ने प्रयत्न गरेको छ, जुन अव्यवहारिक व्याख्या हो । जैविकीय पक्षको भूमिका र मनोवैज्ञानिक पक्षको भूमिकाबाट पनि लैङ्गिक असमानता हुन्छ भन्ने तथ्यलाई बेवास्ता गरेको छ । यसले केवल पितृसत्ताको मात्र विरोध गरेको छ । पितृसत्ताभित्र पनि महिला अधिकार स्थापनाको निम्ति कुनै काम गर्दैन । यसले समाजमा वर्ग सम्बन्ध, जाति संरचना तथा सांस्कृतिक मूल्यलाई जोड दिन सकेको देखिदैन ।

महिलाका मनोवैज्ञानिक वा व्यवहारमा केही नकारात्मक आचरण पनि हुनसक्छ भन्ने विषयलाई बेवास्ता गरी महिलालाई र महिलाबाट हुने हरेक कदमलाई सकारात्मक मात्रै देख्दछ । यस सिद्धान्तले लिङ्गमा आधारित श्रमविभाजन र आर्थिक श्रमजिभाजन बीच कुनै सम्बन्ध देख्दैन । यसको मान्यता भनेको पितृसत्तालाई ध्वस्त पार्नु रहेको छ । यसरी परिवर्तनका लागि उपयुक्त कार्यक्रमहरू अगाडि सारे पनि पर्याप्त भने अझै छैन । आलोचकहरूका अनुसार यो सिद्धान्तले पितृसत्ताको चाहिनेभन्दा बढी आलोचना गरेको छ भन्ने ठान्दछन् ।

ग) समाजवादी महिलावाद

समाजवादी महिलावादमा मार्क्सवादी महिलावाद र उदारवादी महिलावादका मान्यतालाई आपसमा मिलाएको पाइन्छ भने मार्क्सवादी महिलावाद र आमूल महिलावादका

---

९८. Kamala Bhaisn, Night Said Khan (2000), Some Quaestions on Feminism and Its Role Hence in South Asia, New delhi : Kali for Women, p.34.

विचारको समेत संश्लेषण गरिएको पाइन्छ । जसमा महिला स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदको अवस्थालाई उठाएको छ । सामाजिक सांस्कृतिक व्यवस्थाका कारण पनि लैङ्गिक विभेदको सिर्जना हुने भएकाले यसतर्फको अध्ययनलाई महत्त्व दिनुपर्ने ठान्दछ । उनीहरूले विशेष गरी सामाजिक व्यवस्थाभित्र रहेका विभेदको अन्त्यका लागि महिला र पुरुष बीचका सामानताको आवश्यकतालाई औंल्याउँदै त्यसको अन्य कारकतत्त्वका विरुद्धमा सशक्तीकरणको प्रक्रियालाई जोड दिएको छ । लिङ्गका आधारमा श्रमविभाजन र त्यस अनुरूपको सामाजिक सांस्कृतिक मान्यताका कारण समाजमा प्रत्येक तहमा महिलाहरू पुरुषकै अधिनमा रहेका देख्दछ । यसरी समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारकतत्त्वको खोजलाई जोड दिँदै महिलाप्रतिका विभेद पुरुष र महिला स्वयम्बाटै भएको ठान्दछ । यसको निम्ति पितृसत्तात्मक सामाजिक ढाँचाले ठूलो भूमिका निर्वाह गर्नसक्ने कुराको निर्क्यौलमा पुगेकाले समाजमा अवस्थित त्यही सामाजिक व्यवस्थाद्वारा सञ्चालित संरचनाभित्रै बसेर लैङ्गिक सम्बन्धको खोजी गर्नुपर्ने ठान्दछन् ।

समाजवादी महिलावादले महिलामाथि हुने दमनलाई जोड दिएको छ । यसले मार्क्सवादी महिलावादको वर्ग दमन र आमूल महिलावादको लैङ्गिक दमनलाई सँगै राखेर अध्ययन गरेको छ । जब समाजमा वर्गदमनको अन्त्य हुन्छ त्यहाँ महिला मुक्ति स्वतः हुन्छ भन्ने मान्यता राख्दछन् ।[९८] यसले सामाजिक दमनका विभिन्न रूप र तहको वर्णन र व्याख्या गर्ने गर्छ । सामाजिक दमनका विभिन्न रूपहरूको व्याख्या गर्ने क्रममा वर्ग तथा लैङ्गिक असमानतालाई दमन प्रणालीको खोजिनीति गर्ने आधारको रूपमा लिने गर्दछ । यसले विभिन्न प्रजाति, जनजाति, उमेर, यौनिक रुचि र विश्वव्यापी रूपमा राष्ट्रहरूको तह र अवस्थिति आदिमा जोड दिन्छ । यस सिद्धान्त अन्तर्गत रहेर महिलाहरूले मुख्यतः विश्लेषण गर्दा प्राथमिक बिन्दु महिलामा हुने दमन नै हुने गर्दछ र उनीहरूले प्रयोग गर्न रुचाउने शब्दहरू प्रभुत्व र सामाजिक दमन हुन् । यो प्रभुत्व सिद्धान्तले महिला वा पुरुषद्वारा हुने दमनको अनुभवसँग सम्बन्ध राख्दछ ।[९७] यसले कसरी एकथरी महिलाले आफै दमित हुँदा हुँदै पनि अर्काथरी महिलामाथि दमन गर्दछ भन्ने कुराको खोजी गर्दछ । जस्तो अमेरिकी समाजमा काला जातिका महिलालाई दमन गर्ने काममा सेता जातिका महिलाहरू सक्रिय रूपले सहभागी भएको देखिन्थ्यो । समाजवादी महिलावाद मार्क्सवादी विचारधाराभन्दा निम्न रूपले फरक रहेको देखिन्छ :

क) मानवजीवनका भौतिक अवस्थाहरूलाई पुनर्परिभाषित गर्दै विस्तृत र फराकिलो पारेको छ ।

ख) विचारधारात्मक पक्षमा बढी जोड दिएको छ, जसमाथि मार्क्सवादी विचारधाराले कम ध्यान पुऱ्याएको छ ।

---

९८. Susan Ware (1989) *Modern American Women a Documentary History*, Chicago : The Dorsey Press chicago, Ilinois p.100.

ग) समाजवादी महिलावादका लागि विश्लेषणको वस्तु प्राथमिक रूपले वर्गीय असमानता नभएर जटिल र एक अर्कासँग सम्बद्ध सामाजिक असमानताको शृङ्खला हो ।[९९]

समाजवादी महिलावादले भौतिक अवस्थालाई पुनर्परिभाषित गर्दै फराकिलो बनाएको देखिन्छ । यसअनुसार भौतिक अवस्था भनेको आर्थिक अवस्थाका साथै मानव शरीर, कामुकता, बच्चा उत्पादन र हुर्काउनमा हुने संलग्नता एवम् नतिरिने मूल्य घरगृहस्थीका कार्यहरू हुन् । जीवन सञ्चालनका लागि आवश्यक पर्ने यस्ता सबै गतिविधिहरू शोषणमूलक अवस्थितिले गर्दा केही समूहले विशेष लाभ प्राप्त गर्दछन् भने केही शोषणमा परी निरिह हुन पुग्दछन् । यसरी नै विचारधारात्मक पक्ष चेतना, उत्प्रेरणा, ज्ञान, विचारधारा आदिमा जोड दिएको छ । उक्त कुराले मानव व्यक्तित्व, मानिसका कार्यहरू एवम् प्रभुत्वको सञ्चारमा गहिरो प्रभाव पार्दछ भन्ने विश्वास गर्दछ । समाजवादी महिलावादको विश्लेषकको पहिलो बिन्दुको रूपमा वर्गीय नभई सामाजिक असमानताका विभिन्नताहरू र एकअर्कासँग सम्बद्ध सामाजिक असमानताका जटिल रूपहरू माथि ध्यान केन्द्रित गर्दछ । यसका साथै सामाजिक सङ्गठनको चित्रको पनि उल्लेख गरेको पाइन्छ । जसमा अर्थतन्त्र, राजनीति र वैचारिकतासँग अन्तरक्रिया गरेको पाईन्छ । यसबाट विभिन्न तह र रूपमा हुने प्रभुत्वको प्रणाली कायम रहन जाने देखिन्छ ।

समाजवादी महिलावादले समाजमा रहेको सबै प्रकारका अन्यायको अन्त्यको लागि जोड दिंदै सबै प्रकारका दमन र अत्याचारको विरुद्धका सङ्घर्षलाई जोड दिएको पाइन्छ । समाजवादी महिलाहरूले सामाजिक असमानता र लैङ्गिक असमानताको कारक तत्त्वका रूपमा सामाजिक व्यवस्थालाई नै जिम्मेवार ठानेको देखिन्छ । उनीहरूका अनुसार पितृसत्ता निजी स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिला नै अस्तित्त्वमा आएको हो । तसर्थ निजी स्वामित्वको उन्मूलन गर्ने हो भने पितृसत्ता पनि लोप भएर जान्छ भन्नु गलत हुन जान्छ । पितृसत्ता आर्थिक प्रणालीकै एउटा भाग मानिन्छ । महिला सशक्तीकरणका लागि पितृसत्तात्मक सामाजिक सङ्गठनमा देखिने पितृसत्तात्मक रूपहरू अवरोध बन्ने गरेको देखिन्छ ।

महिला भएका कारणले महिलाहरू उत्पीडित छन् । वर्गीय समाज व्यवस्था त्यसको एक मात्र स्रोत होइन साथै प्रधान स्रोत पनि होइन भन्ने तर्क उनीहरूको रहेको पाइन्छ । कतिपय उत्पादनको पद्धतिमा परिवर्तन भएको खण्डमा पनि विचारधारात्मक तथा मनोवैज्ञानिक संरचनाहरू जीवित रहन्छन् । यसले महिलाहरूको शोषित अवस्थालाई निरन्तरता दिन्छ भन्ने तर्क गर्दछन् । यस धारका अन्य महिलावादीहरू त्यसभन्दा पनि भौतिकवादी व्याख्या गर्दछन् ता पनि वर्गव्यवस्थालाई छायाँमा पारेर महिला उत्पीडनको मूलस्रोतका रूपमा श्रममाथि पुरुषहरूको नियन्त्रणतिर औंल्याउछन् । पुरुषको यस नियन्त्रणले

---

९९. George Ritzer (1992) पूर्ववत्, पृ.479..

गर्दा आर्थिक साधनहरूमा महिलाहरूको पहुँच सीमित छ र आफ्नो यौनिकता एवम् प्रजनन शक्ति महिलाहरूको नियन्त्रणमा छैन भन्दछन् भने कतिपयले लिङ्गको आधारमा श्रम विभाजनलाई प्रमुखता दिएको देखिन्छ ।

यस प्रकार समाजवादी महिलाहरूले व्याख्या गर्दा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा चित्रण गर्न खोजिएको छ । समस्त सामाजिक व्यवस्था भित्रको यथार्थ जटिलताभित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा महिलाका यावत् पक्षका बारेमा वास्तविक बुझाई हुन सक्छ भन्ने मान्यता समाहित भएको पाइन्छ । यसले पनि अन्य महिलावादी सिद्धान्त झैं महिला समानताका विषयलाई उजागर गर्ने कार्य गरेको देखिन्छ ।

## ४.५.३.४ महिलावादी तेस्रो धार

महिला आन्दोलनको इतिहासतर्फ हेर्दा विभिन्न समयमा विभिन्न विचार र रणनीतिका पक्षका साथ महिला आन्दोलन अगाडि बढेको पाइन्छ । महिलावादी तेस्रो धार महिलावादी सिद्धान्तको इतिहासमा सबभन्दा पछिल्लो चरणमा विकास भएको सिद्धान्त मानिन्छ । महिलावादी सिद्धान्तको पहिलो धार (First wave) उन्नाइसौं शताब्दीको मध्यदेखि बीसौं शताब्दीको पूर्वार्द्धसम्म रहेको मानिन्छ । जहाँ महिलाहरूले दुःख र पीडाबाट छुट्कारा पाउनका निम्ति एकता र गतिशीलतामा विशेष जोड दिइएको पाइन्छ । वि.सं. १८८७ (सन् १९३०) बाट महिलावादको पहिलो धारको विकास भएको थियो जुन समयमा सर्वप्रथम अमेरिकी महिलाहरूले अमेरिकी दासताको विरुद्धमा आवाज उठाएका थिए भने जसमा विशेष गरी वि.सं. २०१६ (सन् १९६०) को दशकमा दोस्रो धारको विकास भएको देखिन्छ ।

महिलावादी तेस्रो धार वि.सं. २०३६ (सन् १९८०) को दशकपछि विकास भएको मानिन्छ । यो धारको मुख्य चासो महिलाहरू बीचमा हुने फरकपन हो । तेस्रो धारको महिलावादी व्याख्या आधुनिक महिलावादी आन्दोलनसँग सरोकारित रहेको देखिन्छ । यसले विश्वव्यापी रूपमा रहेका महिलाको अवस्थालाई अन्तरसम्बन्धित गरी महिला मुद्दालाई उठाउनुपर्ने तथ्यमा जोड दिएको पाइन्छ । विश्वव्यापी रूपमा विकास भएको उत्पादन व्यवस्था र वितरणको परिपाटी र त्यसले समाजमा पारेको प्रभावका सन्दर्भमा लैङ्गिक व्याख्या र विश्लेषण गर्नुपर्ने व्याख्या यसमा रहेको पाइन्छ । यसका साथै महिला महिला बीचमा रहेका फरक अवस्थाका बारेमा पनि चित्रण गर्नुपर्छ भन्ने जोड दिएको छ । महिलावादी तेस्रो धारको मान्यता विभिन्न वर्ग, समूह, जाति, जनजातिमा केन्द्रित रहेर लैङ्गिक सम्बन्धको व्याख्या गरी लैङ्गिक स्तरीकरणको प्रकृतिलाई बुझ्नु रहेको देखिन्छ ।

महिला आन्दोलनको क्रममा विकास भएको तेस्रो धारले समाजमा बढी दमित, शोषित र मूल प्रवाहबाट बाहिरिएका समूदायलाई वा विशेष गरी महिलाको अवस्थालाई जोड दिएको पाइन्छ । यसले लैङ्गिक सम्बन्ध र अवस्थितिका बारेमा विविधताको खोजलाई समेत जोड दिएको पाइन्छ । यस धारले समाजमा हुने प्रत्येक प्रकृतिका दमन, शोषण र अधिनताको संरचना बुझेपछि लैङ्गिक सम्बन्ध र त्यसको अवस्थितिलाई बुझ्नुपर्ने तथ्यमा जोड दिइएको

देखिन्छ । यसको निम्ति सामाजिक व्यवस्थाभित्रको अन्तर्सम्बन्धको पक्षलाई बुझ्न नितान्त आवश्यक रहेको पाइन्छ । समाजमा महिलामाथि हुने पीडाको तह पनि फरकफरक हुने गर्दछ । तसर्थ समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक असमानताका सवालमा बुझ्नुपर्दछ । यसका साथै अन्तरसांस्कृतिक अध्ययनको आवश्यकता बारेमा पनि यस धारले औंल्याएको पाइन्छ ।

महिलावादी आन्दोलनले महिला र पुरूष बीचमा भएको विरोध मुख्य गरी सामाजिक उत्पादनमा निजी स्वामित्व नै हो भन्ने विश्लेषण गरेको पाइन्छ । तसर्थ उक्त कारणलाई हटाएर महिलामाथि भएको शोषणबाट उनीहरूले स्वतन्त्रता प्राप्त गर्दछन् ।[१००]यसरी सबै नारीवाद महिलाको हितको लागि वर्तमान अवस्थाको विश्लेषण गरी यसका कारणहरूलाई बुझेर त्यसलाई सुधार्न वचनबद्ध रहेको देखिन्छ । सम्पूर्ण नारीवादको लक्ष महिला हित भए पनि यिनीहरू बीच पनि मतभिन्नता रहेको पाइन्छ ।[१०१]

सारमा भन्नुपर्दा विश्वमा विविध प्रकारका महिला उत्थानसँग सम्बन्धित महिलावादी सिद्धान्तको विकास भएको पाइन्छ । प्रत्येक सिद्धान्तले आआफ्नै ढङ्गबाट महिलाका निम्ति आवाजहरू उठाएका देखिन्छन् । समाजमा विद्यमान लैङ्गिक असमानताको प्रारम्भ र हाल रहेको प्रभावका बारेमा, महिलामाथि भएका असमानता, दमन, शोषण आदिका बारेमा चर्चा सबै महिलावादी सिद्धान्तले गरेको पाइन्छ । सबैका फरकफरक प्रवृत्ति र प्रकृतिहरू रहेका छन् । चाहे जे होस् सबैले महिला समानताको सवाललाई उठाई विश्वमा महिलापुरुष समान भई अगाडि बढ्नुपर्छ भन्ने मान्यतालाई उजागर गरेका छन् । बिश्वमा बिभिन्न किसिमका महिलाबादी उपागम, सिद्धान्तहरुको प्रदुर्भाव भएको देखिन्छ । महिलामाथि भएका असमानता, विभेद, दमनका समाप्तिका निम्ति जेन्डरको अवधारणा बिकास भएको पाइन्छ । महिलामाथि भएको असमान ब्यबहार, अन्याय, अत्यचार, शक्तिमाथिको पहुंच एवं नियन्त्रणको कमि, पुर्ण नागरिकको रुपमा स्थापित हुन नसक्नु, धार्मिक, सामाजिक,विभेद जस्ता कारणहरुबाट जेण्डरको अवधारणा बिकसित भएको देखिन्छ। ती बिषयहरुलाई समाजमा उत्पन्न हुने द्धन्दको कारण पनि मानिन्छ । तसर्थ महिलामाथि भएका सामाजिक, आर्थिक, वैयक्तिक, शैक्षिक, कानुनि एवं राज्यद्धारा सुरक्षित गरिनु पर्ने, समान हक, अधिकारको प्रत्याभुतिको कमि नै महिलाबादी आन्दोलनको जड भएको देखिन्छ ।

बिश्वमा देखापरेको महिलाबादी सिद्धान्तहरु लैंगिक फरक, लैंगिक असमानता एवम् लैंगिक दमनको सिद्धान्तद्धारा प्रभावीत महिला आन्दोलनको प्रभाव नेपाली महिला आन्दोलनमा पनि परेको पाइन्छ । यहांका महिलाहरु पनि महिला अधिकारका बिषयलाई उठाउदै अगाडि बढिरहेका छन् । अन्य मुलुकको तुलनामा नेपालको बस्तुस्थिति फरक भएकोले यहांका महिला समस्याका सवाललाई उठाउदा आफ्नै ठाउको परिबेश अनुसार उठाउनु पर्ने देखिन्छ । तसर्थ विश्वमा देखापरेको महिालाबादी आन्दोलन मध्ये लैंगिक

---

१००. Iris Cremer (2000), Against Reactionary Feminism, Ella Rule (Ed.) *Marxim and the Emancipation of women* Great Britain : Harpal Bara, p.161.

१०१. Kamala Bhsin, Night Said Khan (2000), *Some Questions on Feminism and its Rol in South Asia,* New Delhi : Kali for Women, p.5.

असमानता एवम् लैंगिक दमनको सिद्धान्त अन्तर्गत उदारबादी महिलावाद, मार्क्सबादी महिलावाद एवम् समाजबादी महिलावादद्धारा प्रभावित महिला आन्दोलन भइरहेको देखिन्छ। नेपाली महिला आन्दोलनमा माथि उल्लेखित महिलावादी आन्दोलनहरुको प्रभाव परेको भएता पनि नेपालमां लैंगिक असमानताको सिद्धान्तमा आधारितभई नेपाली महिला आन्दोलनको बारेमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

❑❑

# अध्याय- पाँच

# नेपालको राजनीतिक महिला आन्दोलनको विकास

## ५.१ नेपालको राजनीतिक महिला आन्दोलनको पृष्ठभूमि

विश्व इतिहासले महिलाहरू दोस्रो श्रेणिमा राखी परिभाषित गर्दै दबाउँदै आइरहेका घटनाक्रमहरू सर्वविदितै भएको विषय मानिन्छ । एकातर्फ स्वार्थ पूर्तिका लागि महिलाहरूलाई दबाई यथास्थानमा राखी शोषण गर्ने पक्ष देखिन्छ भने अर्कोतर्फ महिलाहरूलाई स्वतन्त्रता दिनलाई पूर्ण अधिकार सम्पन्न बनाउनपर्छ भन्ने तर्कका पक्षधरहरू देखा पर्न थालेको देखिन्छ । अन्तत्वगत्वा महिला अधिकार सम्पन्न बन्नुपर्छ भन्ने पक्षधरहरूको मनोभावनाले आन्दोलनको रूप लिन पुगेको देखिन्छ । यसरी महिलाहरू राजनीतिक स्वतन्त्रतादेखि मताधिकारका कुराहरूलाई समेत आन्दोलनको मुख्य विषय बनाउँदै अगाडि बढ्न थालेको देखिन्छ । विश्वमा भएका महिला आन्दोलनका प्रक्रियालाई हेर्दा प्राय सबै राष्ट्रहरूमा उस्तैउस्तै नै रहेको देखिन्छ । विश्वमा आन्दोलनलाई अगाडि बढाउने क्रममा भएका महिला आन्दोलन र आन्दोलनका क्रममा विकसित भएका विभिन्न महिलावादी सिद्धान्तहरूका बारेमा माथि नै चर्चा गरिएको छ ।

विश्व महिला आन्दोलनले विश्वका शोषित पीडित महिलाहरूलाई प्रभावित गर्दै आफ्नो अधिकार प्राप्ति र सबै क्षेत्रमा समानताका लागि उत्प्रेरित गर्दै लगेको पाइन्छ । सबै आ-आफ्ना राष्ट्रमा आन्दोलित बन्न थालेको देखिन्छ । आन्दोलनका क्रममा महिलाहरूको सबभन्दा पहिला व्यक्तिगत चेतनाको विकास भएको पाइन्छ । त्यसपश्चात् क्रमशः सामुदायिक, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म विकास हुँदै आएको देखिन्छ । यही क्रममा शिक्षा आर्जन गर्ने, स्वतन्त्र नागरिक अधिकार एवम् मानव अधिकारका मागहरू उठ्दै आएका छन् । त्यसको प्रभाव नेपालमा पनि परेको देखिन्छ । विश्वमा महिलाहरूले महिला मुक्तिका आवाजलाई बुलन्द गर्दै महिला आन्दोलनलाई महिला सरोकारका विभिन्न विषयसँग जोड्दै अगाडि बढिरहेको सन्दर्भमा नेपाली महिलाहरू पनि अगाडि बढिरहेका देखिन्छन् । नेपालमा महिला आन्दोलन महिलाहरूको सामाजिक मान मर्यादासँग गाँसिएका कुरीति, कुसंस्कार, बालविवाह, अनमेल विवाह, बहुविवाह, दासप्रथा, सतीप्रथा, शिक्षा, स्वास्थ्य आदिबाट उठाउँदै आर्थिक, राजनीतिक, पितृसत्तात्मक शैलीको विरोध गर्दै वर्तमान

अवस्थासम्म आइपुगेको पाइन्छ । विश्वमा देखापरेको महिलावादी आन्दोलनको प्रभाव नेपालमा पनि परेको देखिन्छ ।

बिश्वमा देखापरेको महिलाबादी आन्दोलनबाट प्रभावित नेपालका मध्यम वर्गका मानिसहरूले आफ्ना छोरीहरूलाई नयाँनयाँ विषयहरू सिकाउन थालेको देखिन्छ । नेपाली महिलाहरुको शिक्षा क्षेत्रमा पनि परिवर्तन आएपछि उनीहरूको स्थितिमा सुधार हुन्छ । महिलावादी आन्दोलनले सम्पत्तिमाथि महिला र पुरुष बीचमा समान अधिकार स्थापित हुनुपर्छ भनी आवाज उठाउँदै आउन थालेको पाइन्छ । परिणामस्वरूप नेपालमा पैत्रिक सम्पत्तिमा छोरा र छोरीमा समान हुने भनी कानुनी व्यवस्था भएको पाइन्छ । अझै पनि विवाहपश्चात् अंश फिर्ता गर्ने भन्ने सवाललाई अझै परिवर्तन एवम् परिमार्जन गर्नुपर्ने सवाललाई उठाएको पाइन्छ।[१०२]

नेपालमा उदारवादी महिलावाद (Liberal Feminism) को प्रभाव पनि परेको देखिन्छ, जसले महिला अधिकारको कुरालाई उठाउँदै आएको पाइन्छ । अर्कोतर्फ मार्क्सवादी महिलावादले पनि महिला र पुरुषमा समानता हुनुपर्छ, पूँजीवाद समाप्त नभएसम्म महिलापुरुष समानता हुन सक्दैन भन्ने बिषयलाई उठाई रहेको पाइन्छ । यस सिद्धान्तले पनि नेपालको महिला आन्दोलनमा प्रभाव पारेको देखिन्छ । यसको साथै समाजवादी महिलावाद ( Socialist Feminism) ले वर्ग समाप्त हुँदैमा लैङ्गिक समानता हुन सक्दैन भन्ने बिषयलाई समेटेको पाइन्छ ।[१०३]

विश्वमा महिलावादी आन्दोलन अगाडि बढिरहेको सन्दर्भमा नेपाली महिलाहरु पनि प्रभावित भई आन्दोलन गरिरहेको देखिन्छ । यही परिप्रेक्ष्यमा नेपाली महिलाहरूले पनि महिला आन्दोलनलाई अगाडि बढाउँदै लगिरहेको देखिन्छ । यही सन्दर्भमा केन्द्रित भएर महिला आन्दोलनको बारेमा तल चर्चा गरिएको छ ।

नेपाली महिला आन्दोलनको इतिहास हेर्दा धेरै लामो पाइँदैन । उनीहरूले आफ्नो अधिकार प्राप्तिका निम्ति आन्दोलित बन्न थालेको समय त्यति लामो नभए पनि प्रारम्भ भने गरिसकेको देखिन्छ । नेपाली महिलाहरूमाथि हेर्ने दृष्टिकोण, सामाजिक धारणा धर्मको आधारमा विकास भएको सन्दर्भलाई हेर्दा उनीहरूको स्थिति वर्तमान समयमा दयनीय नै रहेको पाइन्छ ।

---

१०२. शान्ता थपलिया, अन्तर्वार्ता, २०६१/११/१३ ।
१०३. मीरा मिश्र, अन्तर्वार्ता, २०६१/११/१४ ।

महिलाहरू दयाका पात्रको रूपमा नै रहेका थिए त पहिला पनि ? भन्ने प्रश्न पनि हाम्रो सामु रहेको छ । प्राचीन समाजमा महिलाहरूको स्थितिमा फरक रहेको देखिन्छ । त्यस समयका महिलाहरू चिन्तन, व्यक्तित्व एवम् व्यवहारमा स्वाधीन थिए । जस्तोः ऋग्वेद, उपनिषद्, रामायण र महाभारतका नारी पात्रका चरित्रलाई हेर्दा निक्कै महत्त्वपूर्ण मान्न सकिन्छ । उनीहरूले प्रेरणादायी एवम् साहसिक कार्यहरू गरेको पाइन्छ । आजको युगधर्ममा पनि समय सुहाउदो रूपमा हिमाली उपमहादेशका नारीहरूले आफ्नो त्यो प्राचीन गौरवपूर्ण चरित्रलाई युगसापेक्षतामा कायम राखेको देखापर्दछ । नारी धर्मपालनमा तिनीहरू पुरुषभन्दा सुदृढ रहेका देखिन्छन् । यसरी नारीको इतिहास आधारभूत तबरमा निरन्तरतायुक्त रहेको पाइन्छ । तिनले त्यसरी आफूलाई, आफ्नो समाजको संस्कृतिलाई आधुनिक युगका आवश्यकतालाई स्वीकार गर्दै बलशाली, सन्देशबाही र प्राणवन्त राख्नमा निर्णायक भूमिका सम्पन्न गर्दै आएका छन् । त्यो हिमाली उपमहादेशसँग आफ्नो प्राचिनतम् इतिहास र संस्कृति रहेको छ । त्यो संस्कृति र इतिहासका मूल प्रवृत्ति र आधारभूत कारकहरू अझै पनि प्रचण्ड तर कृत्रिम आधुनिक हाँकहरूलाई त्यसले बेहोर्नुपर्ने पनि जीवन्त र प्राणवन्त रहेका छन् । हाम्रो संस्कृतिको यो अपराजेय शक्ति स्रोतलाई केलाएर हेर्दा वा बुझ्न खोज्दा त्यसको मूल उर्जास्रोत नारी शक्ति रहिआएको देखा पर्दछ ।[१०४] यसरी आजका हेय पात्र नारीहरू समाज विकासको एक चरणमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

तर समय बित्दै जाने क्रममा महिलाहरूको सामाजिक स्थितिमा पनि परिवर्तन हुन थालेको पाइन्छ । समाजमा लिङ्गीय विभेदहरू सुरु हुन थाले । महिलाहरू पुरुषको नियन्त्रणमा रहनुपर्ने अवस्थाको सिर्जना हुन थाल्यो । महिलाहरूको व्यक्तित्वको यो क्रमिक विघटन आर्थिक युगको रूपान्तरणसित गाँसिएको थियो । सत्ता र सम्पत्तिका निम्ति भएका युद्धहरूले जब युद्धबन्दीहरूलाई दास, दासी बनाएर उत्पादक श्रममा जोताउने स्थिति बढ्दै गयो । नारीको पराधिनता पनि त्यही अनुरूप बढ्दै गएको पाइन्छ । मनुले तत्कालीन समाजमा नारीको हैसियत बारेमा चर्चा गर्दै भनेका छन्- "महिला अविवाहित अवस्थामा रहँदामा बाबु र दाजुभाइको, विवाह भएपछि लोग्नेको र विधवा भएपछि छोराको नियन्त्रणमा रहनुपर्दछ ।"[१०५]

यसरी क्रमशः धर्ममा विकृतिहरूको प्रवेश गराउन थालिएको पाईन्छ र धर्मको नाममा नारीमाथि शोषण गरी उनीहरूको स्वतन्त्र हैसियत र अधिकारहरूलाई पुरुषहरूले आफ्नो हातमा लिन थालेको देखिन्छ ।

यस प्रकार महिलाहरूको स्थिति नाजुक हुँदै जान थालेको देखिन्छ । यो पृष्ठभूमिबाट नेपाली महिलाहरूको अवस्था विकसित भएको बारेमा हामीले बुझ्नुपर्ने हुन्छ । उता

---

१०४. मदनमणि दीक्षित (२०५६), *हाम्रा प्राचीन नारी,* दक्षिण सिक्किम : निर्माण प्रकाशन, नाम्ची ।
[१०५] मदनमणि दीक्षित पूर्ववत् पृ. १४

विश्वभरि नै महिला जागरणको प्रयास बढ्न थालेपछि महिलाहरू अझ उत्प्रेरित भई आफ्नो अधिकार प्राप्तिका निम्ति अगाडि बढिरहेका देखिन्छन् । यही क्रममा नेपाली महिलाले आन्दोलन अगाडि बढाइरहेको पाइन्छ । यसरी नेपालको महिला आन्दोलनले पनि आफ्नो गतिलाई निरविच्छिन्न अगाडि बढाइरहेको देखिन्छ ।

नेपालको महिला आन्दोलनको इतिहासलाई हेर्दा खास गरी नेपालको प्राचीन तथा मध्यकालीन इतिहासतर्फ घोत्लिनुपर्ने हुन्छ । उक्त इतिहास हेर्दा राजखानदानका महिलाहरूको राजनीतिमा प्रत्यक्ष संलग्नता भएको र निर्णायक भूमिका खेलेको पाइन्छ । नेपालको इतिहासमा महिलाहरूको भूमिकाको बारेमा हेर्दा राजघरानियाँ र सामान्य महिलाहरूले गरेका कार्यहरू र महिला उत्थानका सम्बन्धमा गरेका प्रयासका बारेमा छुट्टाछुट्टै केलाएर हेर्नुपर्ने हुन्छ । नेपालको सन्दर्भमा खासगरी राजघरानियाँ महिलाहरूका बारेमा इतिहास मुखर रहेको पाइन्छ, तर सर्वसाधारण महिलाहरूका बारेमा इतिहास मौन रहेको देखिन्छ । यहाँ नेपालका राजघरानियाँ महिलाद्वारा राजनीतिमा गरेका महत्त्वपूर्ण योगदान तथा भूमिकाका बारेमा र सर्वसाधारण महिलाहरूद्वारा महिला आन्दोलनका निम्ति भएका प्रयासहरूका सम्बन्धमा चर्चा गरिएको छ ।

नेपालको इतिहासमा राजखानदान भित्रका महिलाहरूले राज्य सन्चालनका महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा देखिन्छ । यसका साथै महिलाले राष्ट्रियताको सवाललाई समेत गम्भीर रूपले लिएको सबुत पाइन्छ ।

हामीले इतिहासतर्फ फर्किएर हेर्दा लिच्छविकालमा आएर राजनीतिमा संलग्न महिलाहरूमा राज्यवतीलाई लिइएको देखिन्छ । उक्त कालमा राजा मानदेवकी आमा राज्यवतीको राजनीतिमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । राज्यवतीका पति मानदेवका पिता राजा धर्मदेवको मृत्यु पश्चात् रानी राज्यवतीले सती जाने चासो देखाएकीले राजा मानदेव एवम् तत्कालीन समस्त जनसमुदायले राज्यवतीलाई सती जानबाट रोकेका थिए । यसरी सती जानबाट रोक्नाको मुख्य कारण तत्कालीन समयमा राज्य बिस्तारकार्य सुरु भइरहेको अवस्थामा मानदेवले युद्धमा राज्य बिस्तार गर्नुपर्ने हुँदा राज्यवतीले राज्य सञ्चालन, राज्य प्रशासन गरी मानदेवलाई राज्यबिस्तारमा महत्त्वपूर्ण रूपले सहयोग गर्नुपर्ने आवश्यकता जनाइएको र सो कार्यको लागि उनी दक्ष मानिएको कुरा इतिहासले बोलेको पाइन्छ ।[१०६] यसरी मानदेवले मल्लपुर विजयपछि स्वयम् आफ्नी आमा राज्यवतीद्वारा ब्राम्हणहरूलाई प्रसस्त दान दिई सन्तुष्ट पार्ने कामसमेत गरिएको पाइन्छ ।[१०७]

लिच्छविकालमा राजनीतिक कारणबाट पनि वैवाहिक सम्बन्ध गाँसिएको देखिन्छ । यही क्रममा अंशुवर्माले आफ्नी छोरी भृकुटीको विवाह शक्तिशाली भोटका राजा स्रोङ्ग चन्

१०६. संवैधानिक तथा संसदीय अभ्यास समाज (२०५० असार), काठमाडौं : वर्ष ३, अङ्क ३ ।
१०७. बालचन्द्र शर्मा (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणासी : कृष्णकुमारी, पृ. ८३ ।

गम्पोसँग गरिदिएका थिए । सो समयमा राजा गम्पो अनेकन युद्ध जित्दै नेपालतर्फ मोहडा फर्काउन लागेका थिए । तसर्थ भृकटीले राष्ट्र, राष्ट्रिय सम्मानका लागि सो प्रस्तावित विवाह स्वीकार गरेकी पाइन्छ ।[१०८] विवाहपश्चात् पनि उनी त्यहाँ गएर महारानीको रूपमा मात्र नरही बुद्ध धर्म प्रचारक र सामाजिक सुधारको रूपमा आफ्नो प्रभुत्व जमाएर बसेको पाइन्छ ।

उनी त्यहाँ "हरित तारा" नामले प्रसिद्ध बनेकी थिइन् । यसरी एक महिलाले राजनीतिक स्वार्थ रक्षा गर्नुले उनीहरू पनि आवश्यक परेको बेलामा धर्म, जातियता आदि कुनै विषयको पनि परवाह नगरी आफूलाई समर्पित गरेको कुरा इतिहासले दर्शाएको छ । यसका साथै सो वैवाहिक सम्बन्धले भोट र नेपालबीच खँदिलो सम्बन्ध जोड्नुका साथै दुबै देशका राजनीति, धर्म, समाज, कलाकौशल एवम् संस्कृतिमाथि नेपालको स्थायी प्रभावसमेत पारेको देखिन्छ ।

नेपालको इतिहासमा महिलाहरूले राज्यको सम्पूर्ण बागडोरसमेत आफ्नो हातमा लिएर शासन सञ्चालन गरेको तथ्य हाम्रा सामु रहेका छन् । तत्कालीन समयमा घरेलु झगडा एवम् दरबारिया षडयन्त्रका बाबजुद पनि जयरुद्रको मृत्यूपछि उनकी छोरी नायकदेवीले राज्यको बागडोर समाती शासन सञ्चालन गरेकी थिइन् । यसरी नै जयस्थिति मल्लकी पत्नी राजल्लदेवीलाई एक साहसी एवम् जोखिम उठाउन सक्ने शासकका रूपमा लिन सकिन्छ । उनले सम्पूर्ण शासनभार आफ्नो हातमा लिएको कुरा जयस्थिति मल्ललाई कुनै विशेष राजकीय उपाधिले विभूषित नगरी राजल्लदेवीको पति भएको कुरामा मात्र जोड दिइएकाले स्पष्ट पार्दछ । यसरी नै नेपालको इतिहासमा योगमतीदेवी योगनरेन्द्र मल्लकी छोरी थिइन् । यिनका छोरा लोकप्रकाश मल्ल नाबालिग भएकाले उनकी आमा योगमतीदेवीले उनको वारिस भई सम्पूर्ण राजकाज चलाएकी पाइन्छ । यसैगरी शिवसिंह मल्लकी रानी गंगादेवीबाट उनलाई निकै ठूलो सहयोग प्राप्त भएको थियो । विशेष गरी राज्यको धार्मिक पक्षको सम्पूर्ण अधिकार रानीकै हातमा रहेको थियो । उनको शासनकालमा प्रसस्त धर्मकार्य, पाटी, पौवा, सतलहरू निर्माण तथा जिर्णोद्धारका कार्य भएको देखिन्छ । यसका साथै राजप्रशासनमा पनि उनको महत्त्वपूर्ण योगदान रहेको थियो । प्रताप मल्लकी रानी रूपमतीदेवीको पनि राज्य सञ्चालनमा महत्त्वपूर्ण भूमिका रहेको थियो । जब उनले प्रताप मल्लबाट केही समयको लागि राज्यको सम्पूर्ण अधिकार प्राप्त गरेकी थिइन्, त्यसबखत उनले कुशलतापूर्वक राज्य सञ्चालन गरेकी थिइन् ।[१०९] यसरी नै जयप्रकाश मल्लका छोरा ज्योति प्रकाश मल्ललाई काठमाडौको सिंहासनमा राखेका थिए । सो समयमा ज्योतिप्रकाश मल्ल सानै भएकाले उनकी माता जय प्रकाशकी रानी दयावतीले ज्योतिप्रकाश मल्लको अभिभावकको रूपमा राजकाज चलाएकी थिइन् ।[११०] सो समयमा जयप्रकाश मल्ललाई शत्रुहरूले लखेटेका भए पनि पछि पुनः काठमाडौंका राजा भएको देखिन्छ ।

---

१०८. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. ९०, ९१ ।
१०९. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. १३६, १४१, १५८, १६६, १६९ ।
११०. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. १७६ ।

आधुनिक नेपालको इतिहासमा नरभूपालकी जेठी महारानी चन्द्रप्रभावतीको नाम उल्लेख्य रहेको देखिन्छ । जब राजा नरभुपाल शाह सम्पूर्ण राजकाजबाट उदासिन भएको अवस्थामा गोरखा राज्य शत्रुद्वारा घेरिएको थियो । यस्तो विकट परिस्थितिमा चन्द्रप्रभावतीले चतुरसाथ काम गरेकी थिइन् । सो समयमा नरभुपाल शाहलाई दरबारमा ल्याएर राखी उनले स्वयम् राज्य सञ्चालन गरी गोरखा राज्यको रक्षा गरेको देखिन्छ । यिनलाई राज्यले एक अति आवश्यक राजनीतिक व्यक्तित्वको रूपमा त्यसताका मानिएकाले उनलाई आफ्ना पति नरभुपाल शाह (पृथ्वीनारायणका पिता) को मुत्युमा सती जानबाट रोकिएको थियो । उनीले पृथ्वीनारायण शाहको राज्य बिस्तारमा सहभागी हुँदै राज्यको दैनिक प्रशासनसमेत कुशलताका साथ निर्वाह गरी दोहोरो भूमिका खेलेकी पाइन्छ ।[१११]

यसरी नै इतिहासमा महारानी राजेन्द्रलक्ष्मीको नाम पनि उल्लेख्य रहेको देखिन्छ । श्री ५ प्रतापसिंह शाहको मृत्युपश्चात् महारानी राजेन्द्रलक्ष्मीले नाबालक रणबहादुर शाहको नायबी आफ्नो हातमा लिई कुशलतापूर्वक राज्य चलाएको पाइन्छ । उनले आफ्नो शासन कालमा कास्की, लमजुङ्ग, तनहुँ आदिमाथि युद्ध विजय गरी राज्यबिस्तार गरेकी थिइन् । उनको सेना सङ्गठनमा पनि दक्षता रहेको थियो । उनी एक प्रतिभाशाली एवम् योग्य नायवी महारानी भएता पनि उनले आफ्ना देवर बहादुर शाहसँग निकै ठूलो सङ्घर्ष गर्नु परेको पाइन्छ ।[११२] उनले लगभग नौवर्षको नायवी कालमा नेपालको पश्चिमी सरहद निक्कै विस्तृत तुल्याएकी थिइन् ।

श्री ५ रणबहादुर शाहको रानीहरूको पनि राज्य सञ्चालनमा राम्रो दखल रहेको थियो । जब रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहको राज्यभिषेक गराएर उनकी जेठी महारानी राजराजेश्वरीदेवीलाई बालक गीर्वाणयुद्ध विक्रम शाहको नायवी दिई आफूले सन्यास लिई कान्तिमतीका साथ देवपाटनमा गई बसे । जब रणबहादुर शाह कासीतर्फ लागे त्यसबखत जेठी महारानी पनि उनै साथ कासी गएकी हुनाले माहिली महारानी सुवर्णप्रभा नायवी बनाएको पाइन्छ । जब रणबहादुर शाहको मृत्यु भयो, हेलम्बुमा निर्वासित रानी राजराजेश्वरीलाई पनि भीमसेन थापाले सती जान बाध्य गरी आफ्नो बाधा हटाएका थिए । त्यसपछि गीर्वाणयुद्ध विक्रमको नायवीको रूपमा कान्छी महारानी ललितत्रिपुरासुन्दरीलाई बनाइएको तथ्य इतिहासमा देखिन्छ । यसका साथै ललितत्रिपुरासुन्दरीले गीर्वाणयुद्ध विक्रमको मृत्युपश्चात् उनका छोरा २ वर्षे नाबालक राजेन्द्र विक्रमलाई राजगद्दीमा राखी पुनः नातिको नायवीको कार्यभार सम्हालेकी थिइन् ।

१११. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. २१५ ।
११२. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. २३५ ।

तत्कालीन राज्य सञ्चालनमा होडबाजी चलिरहेकै अवस्थामा राज्यबिस्तार गर्ने काम पनि भइरहेको थियो । यही क्रममा बि.स. १८७० (१नम्बर १८१४ई)को दिनलाई हेस्टिङ्गसले नेपालसँग युद्धको घोषणा गरे पश्चात युद्ध सुरु भएको देखिन्छ । फलतः २७ नवम्बरसम्म पर्खालका अधिकांश भाग ध्वस्त भइसकेका थिए । यद्यपि नेपालीहरूको अनवरत गोली, बाण र पत्थरको घनघोर वर्षाको अगाडि उनीहरूको केही लागेन । त्यो युद्धमा नेपाली महिलाहरूको संलग्नता रहेको थियो । तिनै महिलाहरूले सो युद्धमा देखाएको अद्भूत बहादुरीको उल्लेख गर्दै कप्तान बेन्सीटार्टले उल्लेख गरेका छन्- "अङ्ग्रेजी तोप र गोलीको अनवरत वर्षाको बीच नेपाली महिलाहरू कोटको पर्खालमा निर्भीक उभिएर शत्रुउपर पत्थरको वर्षा गरिरहेको धुवाँको मुस्लो हटेको बखत अनेक पटक स्पष्ट देखिन्थ्यो । पछि भत्केका पर्खालहरूको बीच अनेक पटक अनेक स्त्रीहरूका घायल शरीर र लास पनि भेटिएका थिए ।"[११३]अन्ततोगत्वा अङ्ग्रेज फौजले हिम्मत हारेर ३० नवम्बरका दिन किल्लाको घेरा उठाउन बाध्य भयो । यसरी युद्धद्वारा नजितेपछि कूटयुद्धको आश्रय लिई पानीको मुहान नै बन्द गरिदिए । त्यसपछि नेपालीहरू आफ्नो तिर्खा मेटाउन शत्रुहरूको तोप अग्निवर्षा भइरहेकै अवस्थामा दुर्गमा जीवित रहेका ७० स्त्री, पुरुष र बालकहरू बलभद्र सिंहको नेतृत्वमा हातमा नाङ्गा तरबार काँधमा बन्दुक, कमरमा खुकुरी बोकी सिधै खोलातर्फ लागेका थिए ।[११४] यसरी नालापानीको युद्धमा नेपाली महिलाहरूले वीराङ्गना परिचय दिएका पाइन्छ ।

नेपाली महिलाहरूको देशको राष्ट्रियताको सवालमा पनि महत्त्वपूर्ण योगदान रहेको कुरा इतिहासमा अङ्कित गरिएको पाइन्छ । उनीहरूको नेपाल एकीकरणपश्चात् अङ्ग्रेजी साम्राज्यवादको युद्धमा बहादुरीका साथ लडेर आफ्नो बीरता प्रदर्शन गरेका थिए । विशेष गरेर नालापानी र काङ्गडाको युद्धमा इन्द्रेणी थापा र सावित्रीदेवी जस्ता देशभक्त महिलाहरूको प्रेरणामा लडेको युद्ध ज्यादै प्रेरणादायी रहेको तथ्य इतिहासमा पाइन्छ ।[११५]

महिलाहरू राज्य सञ्चालनमा मात्र संलग्न रहेनन् । उनीहरू साम्राज्यवादी नीति समेतको विरोधमा लाग्ने क्रममा राजा राजेन्द्रविक्रम शाहकी जेठी महारानी साम्राज्यलक्ष्मीदेवीले उल्लेख्य भूमिका निर्वाह गरेकी थिइन् । उनले अङ्ग्रेजी शासनदेखि क्रुद्ध भई त्यसको विद्रोहको निम्ति योजना बनाएकी थिइन् । उनी अङ्ग्रेजी हस्तक्षेपलाई हटाउन चाहन्थिन् । तर उनको अङ्ग्रेज विरुद्धको विद्रोह असफल रह्यो । उनी अङ्ग्रेजको षडयन्त्रको

---

११३ बालचन्द्र शर्मा, पूर्ववत्, पृ. २३५

११४. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. २६०, २६१ ।

११५. शिवमाया तुम्बाहाङ्फे (२०५९), *नेपालमा महिला आन्दोलन (२००४- २०४६)*, काठमाडौं : अनेमसङ्घ, पृ. २१ ।

शिकार बन्न पुगिन् । यद्यपि उनको देशभक्ती भावनालाई बिर्सन सकिंदैन । उनको त्याग बलिदानलाई प्रेरणादायी रूपमा लिइएको पाइन्छ।[११६]

नेपालको इतिहासमा घोषित रूपमा वि.सं. १८९९ (५ जनवरी, १८४३) मा दिन राजेन्द्र विक्रम शाहकी कान्छी महारानी राज्यलक्ष्मी देवीले महारानीको अधिकार प्राप्त गरेकी थिइन् । सो शाही घोषणाद्वारा निम्न अधिकारहरू प्रदान गरिएको थियो । सर्वसाधारणलाई विदित गरिन्छ कि आजदेखि तिमीहरू सबले महारानी राज्यलक्ष्मीदेवीकै आज्ञा मान्नू । मैले आफ्नो इच्छानुसार उनलाई निम्नलिखित अधिकार पनि दिएको छु :-

क) राजपरिवारका व्यक्तिबाहेक कसैलाई पनि काराबास, अङ्गभङ्ग, देश निस्कासन, प्राणदण्ड र पदच्यूतिको आज्ञा दिनू ।

ख) राजकर्मचारीहरूलाई नियुक्त गर्नू, उनीहरूलाई खोसमोस गर्नू, उनीहरूको उपाधि र पदको परिवर्तन गर्नू ।

ग) चीन, भोट र ब्रिटेनसित राजकीय सम्बन्ध र

घ) उपर्युक्त विदेशी शक्तिसित आवश्यकतानुसार सन्धि विग्रह गर्नू ।

म प्रतिज्ञा गर्दछु कि स्वयम् म पनि उनको राय नलिई कुनै काम गर्ने छैन । म आफ्ना प्रजाजनलाई सूचित गर्दछु कि कसैले युवराजधिराजको आज्ञा नमानोस् र यदि कसैले मान्यो भने उसले महारानीद्वारा दण्ड पाउनेछ ।[११७]

उक्त शाहीघोषणाले नेपालको इतिहासमा ठूलो महत्त्व राख्दछ । तत्कालीन समयमा राज्य सञ्चालन मनपरी ढङ्गबाट गर्ने प्रवृत्तिलाई चुनौती दिई जनमतले मनपरी गर्ने राजालाई सर्वप्रथम प्रामाणिक रूपले आफ्नो इच्छानुसार झुकायो । नेपालको इतिहासमा सबभन्दा शक्तिशाली महिलाको रूपमा राज्यलक्ष्मीदेवीलाई स्थापित गरेको पाइन्छ । महिलाहरूले अधिकार प्राप्त गरेर पनि नेपाली महिलाहरूको लागि केही गर्न सकेको देखिंदैन । उनीहरूले अवसर पाएर पनि आम नेपाली महिलाहरूको निम्ति विशेष कार्यहरू हुन सकेको देखिंदैन । नेपाली महिलाहरूको कुनै पनि राजनीतिक अधिकाराहरूको प्रयोग गर्ने अधिकार देखिदैन ।

---

११६. आशारानी बोहोरा (१९९१), *नारी विद्रोह के भारतीय मञ्च,* नयाँ दिल्ली : नेसनल पब्लिसिङ्ग हाउस, पृ. २५ ।

११७. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. १९४ ।

बालनरसिंह कुँवरका अति महत्त्वाकाङ्क्षी जेष्ठ सुपुत्र जङ्गबहादुरले वि.सं. १९०३ (१५ सेप्टेम्बर १८४६) कोतपर्वको भयङ्कर हत्याकाण्डको माध्यमबाट राज्यसत्ता आफ्नो हातमा लिए । यसरी राणाहरूले एकतन्त्रीय राणा शासन १०४ वर्षसम्म नेपालमा चलाएका थिए । यस अवधिका महिलाहरूले देशको शासनभार सम्हालेको देखिँदैन ।

राणाकालीन अवस्थामा कुनै पनि महिलाको के कुरा जनताको नै दयनीय अवस्था रहेको देखिन्छ । तत्कालीन समयमा राणाहरूको रोलक्रमका लागि विभिन्न षडयन्त्रहरू गरिएका थिए । त्यही क्रममा षडयन्त्रको योजना बनाउनमा महिलाहरू पनि संलग्न भएका थिए । त्यसबखत जगतजंग र वीर समशेरको पक्षमा महिलाहरू पनि संलग्न रहेका थिए । जगतजंगका पक्षमा रहेका महिलाहरूमा हरिप्रियादेवी र जेठी राजमाता रहेका थिए भने वीर शमशेरका पक्षमा राजमाताकी बहिनी कान्छीमैया, चिरबिर मैया, श्रीपन्च महारानी रहेका थिए । तत्कालीन समयमा मुख्य गरी काहिंलीमैया र चिरबिरे मैया दुई महिलाको प्रमुख भूमिका रहेको देखिन्छ । उनीहरू राजनीतिक रूपले क्रियाशील रहेका पाइन्छ। यसरी नै काहिंली मैयाको पनि नाम उल्लेख्य रहेको देखिन्छ ।[११८] यसरी ती महिलाहरूले न त राजनीतिक शक्ति प्रदर्शन गरे न त महिलाहरूका निम्ति केही दिन सके । उनीहरू केवल निश्चित स्वार्थका लागि प्रयोग मात्र भएको देखिन्छ ।

हामीले इतिहासको विश्लेषण गरी हेर्दा राजनीतिको संस्कार एवम् राज्यकै जिम्मेवारी पाएमा महिलाहरूले कुशलतापूर्वक आफ्नो निर्णायक भूमिका निर्वाह गरेको देखिन्छ । राणाकालीन समयभन्दा पूर्व रानी, महारानीहरूलाई प्रत्यक्ष राजनीतिमा सहभागी गराइएको मात्र होइन उच्च राजनीतिक एवम् प्रशासनिक कार्यको जिम्मा पनि दिएको पाइन्छ । यद्यपि अन्य महिलाहरूको बारेमा इतिहास मौन रहेको देखिन्छ । अझ राणा कालमा आएर कुनै पनि क्षेत्रमा महिला सहभागिताको कुरै उठेको देखिदैन ।

समाजमा बालविवाह, बहुविवाह, सती प्रथा, दास प्रथा जस्ता संस्कारले सङ्गठित रूप लिई विकसित भई अझ महिलालाई उत्पीडित बनाउन थालेको देखिन्थ्यो । यद्यपि त्यसको विरुद्धमा महिलाहरू आन्दोलित बन्न सकेको देखिदैनथ्यो । आन्दोलनले विकसित रूप धारण गर्न सकेको देखिदैनथ्यो । महिलाहरूको अवस्था अझ दयनीय, पराधीन र अत्यन्तै न्यून स्तरको रहेको पाइन्छ । राणाकालीन समयमा राजनीतिक रूपमा अत्यन्तै क्रुर, दमनकारी र जहानियाँ पद्धतिमा चल्ने परिपाटी रहेको देखिन्छ । यसरी नेपाली जनता पनि सधैं पिल्सिएर बस्न चाहँदैनथे । तसर्थ उनीहरू पनि अन्याय, अत्याचारको विरुद्धमा बिस्तारै जुर्मुराउन थाले । यही क्रममा सामाजिक विकृतिका रूपमा रहेका प्रथाहरूको समेत अन्त्य भएको देखिन्छ । जुन निम्न प्रकारका रहेका छन् :-

---

११८. कृष्णबहादुर थापा (१९८५), *ओमन एन्ड सोसल चेन्ज इन नेपाल (१९५१-१९६०),* काठमाडौं : श्रीमती अम्बिका थापा, पृ. २५ ।

क) बालविवाह
ख) सती प्रथा
ग) दास प्रथा

यसरी सो सुधारका कार्यहरूले महिलाहरूको जीवनमा राहत प्रदान गरिएको थियो । महिलाहरूले दर्दनाक रूपले सती जाने नाममा जिउँदै जल्नुपर्ने स्थितिबाट उनीहरू मुक्त हुन सके भने धर्मको नाममा सानैमा विवाह बन्धनमा बाँधिनबाट मुक्त हुने नियमको सुरुवात भएको थियो । तत्कालीन समयमा महिलाहरू शोषित थिए । त्यसमा पनि अझ शोषित बनेका थिए दासीको रूपमा । त्यही रूपम मुक्त हुन पुगेका थिए दास प्रथाको उन्मूलनबाट । यसरी नेपाली जनता स्वयम् मुक्ति र समानताको लागि आन्दोलित बन्नको निम्ति जागरुक भइरहेको अवस्थामा नेपाली महिलाहरू पनि महिला अधिकारका साथै जनताका अधिकारका निम्ति आन्दोलित बन्नुपर्छ भन्ने भावनात्मक विकास हुन थालेको देखिन्छ । उनीहरू सानो सङ्ख्यामा भए पनि सङ्गठित हुनको निम्ति प्रयत्नशील हुन थालेको देखिन्छ ।

तत्कालीन राणाकालमा सर्वसाधारण नेपाली जनताका छोराछोरीलाई शिक्षा आर्जन गर्ने अधिकार थिएन । शिक्षा प्राप्त गर्ने कुनै औपचारिक शिक्षालयको व्यवस्था राणा सरकारले गरेको थिएन । यसतर्फ उनीहरूको ध्यान गएकै थिएन र उनीहरू शिक्षाको विकासको निम्ति कुनै पहल नै गर्दैनथे । यदि जनताका छोराछोरी शिक्षित भए भने उनीहरू सचेत भई हाम्रो विरुद्धमा उठ्ने छन् भन्ने त्रासका कारण उनीहरू मौन भएर रहेको पाइन्छ । यद्यपि नेपाली जनता चुप लागेर नबसेको देखिन्छ ।

इतिहासलाई फर्केर हेर्दा लिच्छवि, मल्ल र शाहकालीन समयका राजघरानाका महिलाहरूको क्रिया-कलापका बारेमा चर्चा गरिएको पाइन्छ । सारमा भन्नुपर्दा इतिहासमा जनस्तरबाट उठाइएका महिला आवाजका बारेमा उल्लेख गरिएको पाइदैन । धर्म संस्कृतिको नाममा जकडिएका महिलाहरूबाट सचेतनताको अपेक्षा गर्नु अझ टाढाको विषय देखिन्छ । त्यसबेला अशिक्षाको माखेसाङ्लामा महिलाहरू जकडिरहेका थिए । यस अवस्थामा राजखानदानमा शिक्षाको निम्ति केही प्रबन्ध मिलाइएको पाइन्छ ।

रानी चन्द्रप्रभाले पृथ्वीनारायण शाहलाई पढाउन भानु अर्याललाई शिक्षकको रूपमा राखेकी थिइन् । यसरी नै नारी शिक्षाको रूपमा गोरखाका शारङ्गधर शर्माले “भास्वती” नामक पुस्तक लेखेर चढाएको ऐतिहासिक वृतान्त पहिलो उदाहरणको रूपमा रहेको देखिन्छ । उनले पृथ्वीनारायण शाहकी बहिनी पद्मकुमारीलाई अक्षराम्भ र अङ्क गणितको सामान्य भागाहारसम्म सिकाएका थिए । रणबहादुर शाहकी रानी ललितत्रिपुरासुन्दरीले महाभारतको शान्ति पर्वको नेपाली भाषामा अनुवाद गरेको इतिहासमा उल्लेखित घटनाले उनी एक पढेलेखेकी महिला थिइन् भन्ने बुझिन्छ । यसरी नै काजी वंशराज पाण्डेकी पत्नी

र जंङ्गबहादुरकी अन्तरी महारानीबाट आफ्ना छोराहरूका निम्ति शिक्षकको व्यवस्था गरिएको देखिन्छ । यस घटनाले उनीहरूलाई शिक्षाको महत्त्व बुझेका महिलाको श्रेणीमा राख्न सकिन्छ । जगतजङ्गकी पत्नी भक्तकुमारीले केही भक्तिरसका कविता रचना गरेकी थिइन् जसले उनलाई राजघरानाकै भए पनि शिक्षित नेपाली महिला भएको देखिन्छ ।[११९] जनताको पङ्क्तिबाट शिक्षा र सिर्जनाका क्षेत्रमा आएकी प्रथम महिला हिरादेवी गाइने मानिन्छिन् भने पुरातनवादी दृष्टिकोण नै भए पनि दुर्गादेवी आचार्य दीक्षितले वि.सं. १९५४ तिर "स्त्री शिक्षा" बारे कृति लेखेकी थिइन् । यसरी स्त्री शिक्षाको लागि आव्हान गरी महिलामा जागरण ल्याउने प्रयास गर्नुलाई महिला आन्दोलनको सूत्रपात गरेको मान्न सकिन्छ ।[१२०]

नेपाली महिलाहरू शिक्षा क्षेत्रमा मात्र होइन आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक आदिबाट शोषित पीडित बनाइरहेका थिए । यद्यपि उनीहरू त्यसको विरुद्धमा आवाज उठाउन सकिरहेका थिएनन् । आफ्नो अधिकारका निम्ति उनीहरू असचेत नै रहेका बखत शिक्षाको प्रचार प्रसार गर्नु भनेको महिलाको भविष्यको निम्ति महत्त्वपूर्ण मान्न सकिन्छ । जसले महिलालाई आफ्नो अवस्थाको बारेमा अवगत गराउँदै उनीहरू माझमा जागरण फैलाउने काम गर्नु त्यसबैलाको महत्त्वपूर्ण कार्य मान्नुपर्दछ । महिलाहरू महिला शिक्षाबाट उत्प्रेरित हुँदै अन्य क्षेत्रमा समेत प्रवेश गरी समाजिक सुधारका कार्यहरू समेत गर्न थालेका थिए ।

काम गर्नका निम्ति सङ्गठित शक्ति चाहिन्छ भन्ने हेतुले एक सङ्गठनको परिकल्पना गरी महिलाहरू सङ्गठित भएको देखिन्छ । यही क्रममा वि.सं. १९७४ सालमा सिराहामा स्व. कृष्णप्रसाद कोइरालाको प्रयासमा आफ्नै घरमा "महिला समिति" नामक संस्थाको स्थापना गरिएको थियो । सो संस्थाको अध्यक्षमा बसिदिनको निम्ति तत्कालीन प्राइमिनिष्टर श्री ३ चन्द्रसमशेर जबराका बडा महारानीलाई निवेदनपत्र पठाउँदा "महिला समिति" भनेको अर्थ क्या हो ? के काम गर्ने हो ? भन्ने इत्यादि प्रश्नहरू भरमार गरी सरकारी तौरबाट सोधनी भैआयो । सो सोधनीलाई "यत्रा नेपाल सरकारका कर्मचारीहरूले महिला समिति भन्ने धारणा र प्रष्ट शब्दको अर्थ सोधी पठाउनु आश्चर्यको कुरा हो" भन्ने अलि खरो जवाफ दिइयो । जवाफका साथसाथै भरियाहरूका फाटेका झुत्रा, मैला भोटो, टोपी, महिलाहरूका झुत्रा  र महिलाहरूका झुत्रा मैला चोलीहरूको नमुना खामी पुलिन्दा गरी पठाइयो । देशका महिला दिदी बहिनी र दाजुभाइहरूको यस्तो दुर्गतिको सुधार र शिक्षाको प्रबन्ध गराउनु नै महिला समितिको उद्देश्य हो । यसमा अध्यक्ष पद ग्रहण गरी हजुरले सहयोग दिनु पऱ्यो" भनेर पनि पुलिन्दाका साथ पठाइएको विन्तिपत्रमा बडमहारानी साहिबालाई लेखिएको थियो । यसरी कुरा ओहोरदोहोर हुँदाहुँदै कुरा बढ्दै गयो र सरकार रिसानी भै ठेक्का बाँकीको निहुँले

---

११९. नरनाथ लुइँटेल/कुन्दन अर्याल, (सम्प.), (सन् १९९३) *मानव अधिकार वर्ष पुस्तक, १९९३,* काठमाडौं : इन्सेक, पृ.४८३ ।

१२०. *राजनीतिमा महिला सहभागिता,* (२०५२), काठमाडौं : इन्सेक, पृ. ५४ ।

सञ्चालक वर्गलाई धरपकड गर्ने योजना गरियो । सो थाहा पाई स्व. कृष्णप्रसाद उम्केर कासी गई बसे भने महिला समिति पनि भताभुङ्ग भयो ।[१३१] (बिस्तृत जानकारीका लागि अनुसुचि २ हेनुहोस्) । उक्त महिला समितिको स्थापना सिरहाको चन्द्रगन्जमा भएको थियो श्रीमती दिब्याकुमारी देवले भनेकी छन् :-

> आर्थिक मद्दत पाउनका लागि र कानुनी बाधा नरहोस् भन्नका लागि नै श्रीमती चन्द्रशमशेरलाई अध्यक्ष पदमा रहन आग्रह गरिएको हो । सो समितिको कार्यकारी अध्यक्ष श्रीमती योगमायादेवी हुनुहुन्थ्यो । यस समितिको कार्यक्रमको रूपमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सङ्गठन फिंजाउने, शिक्षा प्रचारको साथसाथै आइमाईहरूलाई घरेलु इलम र शिल्पकला सिकाउने रहेको थियो । महिला समिति करिब डेढ वर्ष बाँचेको पाइन्छ ।[१३२]

नेपालमा महिलाहरूलाई सङ्गठित रूपले अगाडि बढाउनका निम्ति स्थापित महिला समितिको इतिहास खोज्ने हो भने वि.सं. १९७४ को “महिला समिति” नै आजसम्म प्रकाशमा आएकामध्ये पहिलो मानिन्छ । उक्त समिति स्थापनामा स्व. कृष्णप्रसाद कोइरालाको महत्त्वपूर्ण भूमिका रहेको थियो । आफ्नै परिवारभित्र सीमित रहेर महिला समिति बने पनि त्यसले महिलाहरूमा सङ्गठित हुनुपर्छ भन्ने भावनाको विकास गर्नु नै त्यसबेलाको निम्ति उपलब्धिपूर्ण मान्नुपर्छ । महिला समितिको अधिराज्यभरी शाखा स्थापना गरी राजनीतिक तथा सामाजिक जागरण फैलाउनु थियो । यो समितिको निर्माण सम्बन्धमा वि.वि.ले भनेका थिए :-

> यो दुई चार जना महिलाहरूको सानो क्लब जस्तो भए पनि यसमा अन्तरनिहीत विचार त्यस समयको लागि क्रान्तिकारी महत्त्वको थियो र त्यो पहिलो सङ्गठन थियो । त्यसैले सङ्गठनको क्षेत्र स्त्रीले पुरुषलाई जितेका छन् । सर्वत्तोमुखी सुधारको सङ्गठनको क्षेत्रमा स्त्रीले पुरुषलाई जितेका छन् । सर्वत्तोमुखी सुधारको उत्साहले चालिएको यो कदम अनियोजित देखिन्छ ।[१३३]

तत्कालीन समयमा दिव्या कोइरालाको नेतृत्वमा महिलाहरूको घुँघट प्रथा (टाउको छोप्ने) को विरुद्धमा महिला समितिलाई शिक्षित बनाउनुपर्छ, ज्ञानको प्रकाशबाट बञ्चित गर्नुहुँदैन भनेर त्यसबेलाको अशिक्षित समाजमा सङ्गठन निर्माण गरी आन्दोलन गरिएको पाइन्छ । यी सबै कार्यहरू महिला मुक्ति एवम् समानताका निम्ति गरिएको देखिन्छ । यी

---

१३१. पं.तारानाथ उपाध्याय, (२०१५ माघ, फागुन चैत), महिला समिति, *स्वास्नीमान्छे,* पृ. २५, २६ ।
१३२. पं.तारानाथ उपाध्याय, पूर्ववत्, पृ. २५, २६ ।
१३३. मिरा बस्नेत (२०५३), *नेपाली प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका,* (शोधपत्र), काठमाडौं : मिरा बस्नेत, पृ. ६ ।

कार्यहरू सप्तरी र धनुषा जिल्लामा भएको पाइन्छ ।[१३४] नेपालको इतिहासमा महिलाहरूले महिला हक, हित, अधिकारका निम्ति सर्वप्रथम आन्दोलन गर्नुभन्दा पनि पहिला साझा राष्ट्रिय सवालका निम्ति भएको आन्दोलनमा नेपाली महिलाहरूको राजनीतिक जीवनको प्रारम्भिक बिन्दुदेखि नै पुरुषहरूको साथमा साथ रहेर अगाडि बढ्दै गएको पाइन्छ ।[१३५]

महिलाहरूले आन्दोलनलाई विभिन्न माध्यमबाट अगाडि बढाउने काम गरिरहेका थिए । योगमायादेवीले साहित्यको माध्यमबाट, मेलवादेवीले गायनको माध्यमबाट दर्गादेवीले, शिक्षाको माध्यमबाट र तुलसा शर्माले सामाजिक कार्यमा संलग्न भएर महिला जागरणमा योगदान लगभग यही समयमा पुऱ्याएका पाइन्छ ।[१३६] महिला आन्दोलनभन्दा केवल नारा, जुलुस, धर्ना आदिलाई मात्र नबुझी साहित्यका, शैक्षिक कोणबाट पनि महिलाहरूको स्थितिका बारेमा सचेतनता ल्याउनमा पुऱ्याएको मद्दत सक्रियतालाई पनि महिला आन्दोलनको दायरामा राखेको पाइन्छ ।[१३७] काँधमा काँध मिलाउँदै धेरै महिलाहरूले यस क्षेत्रबाट महिला आन्दोलनलाई सहयोग एवम् योगदान दिदैआएको देखिन्छ ।समस्याहरूसँग जुध्दै उनीहरू देशको सामाजिक तथा राजनैतिक क्षेत्रमा पुरुषको साथसाथै अगाडि बढिरहेको पाइन्छ ।

तत्कालीन समय नेपाली जनताको निम्ति ज्यादै कठिनप्रद थियो । त्यबेला जनताले कुनै गतिविधि गर्न पाउँदैनथिए । उनीहरू शिक्षा आर्जनबाट मात्र बञ्चित नभई सबै हक, अधिकारबाट बञ्चित थिए । यस अवस्थामा महिलाहरूको अवस्था अझ नाजुक रहेको थियो । तर नेपाली जनता बिस्तारै आफ्ना हक, अधिकारका निम्ति आन्दोलित बन्न थालेको देखिन्छ । उनीहरू एकतन्त्रीय राणा शासनका विरुद्धमा उठ्न थाले । यस क्रममा महिलापुरुष दुवै समान ढङ्गबाट राणाशाही दमनको शिकार भएको पाइन्छ ।

जनता निर्मम दमन विरुद्धमा उठ्न थालेको देखिन्छ । उनीहरूले राणाशाही दमनको विरुद्धमा उठ्नका लागि सङ्गठित रूपले अगाडि बढ्न आवश्यकता महसुस गरी सङ्घ संस्थाको परिकल्पना गरी स्थापना गर्ने कामहरू गर्न थालेको पाइन्छ । यही क्रममा वि.सं. १९५३ मार्घ १५ गते काठमाण्डूमा "आर्य समाज"को माधवराज जोशीले प्रचार कार्यालयको स्थापना गरी जनचेतना जगाउन थाले । यसैगरी गोरखा लिग, प्रचण्ड गोरखा, वि.सं. १९७५ (सन् १९१८)मा त्रिचन्द्र कलेजको स्थापना वि.सं. १९९२-९३ मा खिल्हटोलमा स्थापित महावीर स्कुल, नेपाली नागरिक अधिकार समिति, नेपाल प्रजा परिषद्, नेपाली राष्ट्रिय

---

१३४. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. २५ ।
१३५. अष्टलक्ष्मी शाक्य, अन्तर्वार्ता, २०६० । ५। १०
१३६. *संवैधानिक तथा संसदीय अभ्यास समाज* (२०५० असार), काठमाडौं : वर्ष ३, अङ्क ३, पृ. ८ ।
१३७. शान्ता मानवी, अन्तर्वार्ता, २०५९ । ४ । २३

काँग्रेस, नेपाली छात्र सङ्घको स्थापना हुँदै अगाडि बढेको राजनीतिक आन्दोलनमा नेपाली महिलाहरूको योगदान पनि विशेष उल्लेखनीय रहेको पाइन्छ ।[१२८]

नेपालको सन्दर्भमा हेर्दा राजनीतिक आन्दोलनका साथै राष्ट्रिय हित एवम् समग्र देशको आन्दोलनसँग महिला आन्दोलन केवल महिलाहरूको हितार्थ मात्र सङ्घर्ष नगरी समग्र आन्दोलनसँग गाँसिएर आन्दोलनलाई अगाडि बढाएको देखिन्छ । उनीहरू पुरुषहरूसँगै अगाडि बढेको देखिन्छ । राजनीतिक आन्दोलन र महिला आन्दोलन नङमासुको सम्बन्ध रहेको पाइन्छ ।[१२९]

देशमा राणाशाहीका विरुद्धमा केही सचेत युवाहरू सामाजिक सुधारको उद्देश्यले चालिएका प्रारम्भिक प्रयासहरूलाई  दबाइए पनि उनीहरूले आफ्नो मानसिकतालाई अझ दर्बिलो बनाउँदै गएका थिए । “मकैको खेती” नामक पुस्तक राणा विरोधी आन्दोलनको विशेष क्रान्तिकारी कदम मानिन्छ । सो पुस्तक लेखेबापत ९ वर्षको कैद सजाय भोग्न तयार कृष्णलालको कलमले उनलाई राणाविरोधी आन्दोलनको सशक्त योद्धा सावित गरेको थियो । यसरी निरङ्कुश राणाशाही दमन नीतिले देशका युवा, युवतीमा अझ विरोधमा उत्रनको निम्ति आगोमा घिउ सावित गरेको थियो । यस स्थितिमा नेपाली महिलाहरूको आन्दोलनमा सहभागिता एकदम न्यून रहेको पाइन्छ । जुन अवस्थामा पुरुषहरूको सङ्ख्यासमेत नगन्य रहेको थियो । तत्कालीन समयमा महिलालाई घरबाट बाहिर निस्कन गाह्रो पर्दथ्यो । तसर्थ आन्दोलनमा सहभागी हुन त अझ कठिन विषय हुन्थ्यो । यसका विभिन्न कारणहरूमध्ये समाजमा सामन्ती प्रवृत्तिको बोलवाला हुनु, शासक वर्गले नारीपुरुष दुवैलाई शिक्षाबाट बञ्चित गर्नु, धर्मका रूपमा देखापरेका विकृत नियमहरू आदि नै मुख्य रहेको देखिन्छ ।

देशका सम्पूर्ण जनता राणाशाहीको दमन नीतिको सिकार बनेका अवस्थामा स्वदेशमा शिक्षा आर्जन गर्ने कुनै सुविधा थिएन जुन अवस्थामा छोरीलाई पढाउन हुँदैन, छोरी पढाए बिग्रन्छन्, कूलको इज्जत जान्छ जस्ता सामाजिक कुसंस्कारले बर्चस्व जमाइरहेको अवस्थामा महिलाले शिक्षा आर्जन गरी आफू सचेत भई राष्ट्र र राष्ट्रियता एवम् नागरिक अधिकारको निम्ति सङ्घर्षमा उत्रिनु भनेको ज्यादै कठिन विषय रहेको देखिन्छ । न्यून सङ्ख्यामा भए पनि त्यस्तो कठिन परिस्थितिमा महिलाले राष्ट्र, राष्ट्रियता, नागरिक हक, अधिकारका निम्ति देखाएको चासो नै महत्त्वपूर्ण रहेको देखिन्छ ।

कठिन परिस्थितिमा पनि थोरै सङ्ख्या महिला शिक्षा आजर्नको निम्ति घरमा नै शिक्षकको प्रबन्ध मिलाई पढ्ने गरेको पाइन्छ । अतितका क्षणको सम्झना गर्दै द्वारिकादेवी ठकुरानी भन्छिन् “नारीले पढ्नु, अक्षर केही पाठ गर्नु, सम्बन्ध रहेर हरहिसाब त्रिले काव्य र

---

१२८. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. ३९९-४०७ ।
१२९. अष्टलक्ष्मी शाक्य, पूर्ववत् ।

कौनै तिठ गर्नु पर्दैन, न्याय निसाफ लक्ष्मी धर्म सम्बाद नामक पुस्तकमा उल्लेख गरिएका श्लोकहरूको आधार लिएर नारीको शिक्षाको सीमारेखा निर्धारण गरिन्थ्यो । छोरीलाई पढाउने शिक्षक राखेमा त्यसैसँग भाग्छन् भन्ने डरले त्यसबेला मलाई पूजाआजा, चण्डी अमरकोषको शिक्षा दिन एकजना बूढो पण्डितको व्यवस्था गरिएको थियो"।[१३०] यस प्रकार धर्म, समाज, राणातन्त्रका साथै परिवारबाटै महिलामाथि शोषण गरिएको अवस्थामा राणा विरोधी आन्दोलनमा प्रत्यक्ष अप्रत्यक्ष रूपबाट महिला सहभागिता हुनु नै त्यसबेलाको निम्ति महत्त्वपूर्ण मान्नुपर्दछ ।

तात्कालीन राणाकालीन समयमा आम नेपाली जनता शिक्षाबाट वञ्चित बनाइएका भए पनि उनीहरू शिक्षा प्राप्तिका निम्ति विभिन्न उपायको खोजीमा लागिरहन्थे । यही क्रममा वि.सं १९९३ मा चन्द्रकान्ता मल्लले कन्याहरूलाई शिक्षा दिनुपर्छ भन्दै स्कुल खोलेकी थिइन् ।[१३१] देशको सर्वाङ्गीण विकासको निम्ति शिक्षा अनिवार्य विषयवस्तु मानिन्छ । जसको अभावमा विकासको सम्भावना नै भएको देखिदैन । त्यसैले महात्मा गान्धीले पनि शिक्षाको सम्बन्धमा आफ्नो धारणा यसरी व्यक्त गरेका छन्-" एउटा लोग्ने मानिसलाई शिक्षा दिनु एक जनालाई शिक्षा दिनु हो, तर एक स्वास्नी मानिसलाई शिक्षा दिनु सपरिवारलाई शिक्षा दिनु हो । यसरी नै स्व. कृष्णप्रसाद कोइरालाले- लोग्नेमान्छे स्वास्नीमान्छे सबैको सहशिक्षा हुनुपर्छ" भनेको पाइन्छ ।[१३२]

उक्त भनाइबाट पनि महिलाले शिक्षा प्राप्त गर्नु भनेको सिङ्गो परिवार एवम् राष्ट्रका लागि लाभदायक बन्दछ । प्रत्येक परिवारका बालबच्चाहरूको प्राथमिक पाठशाला घरलाई मानिन्छ । उनीहरूले आमाको माध्यमबाट नै प्राथमिक शिक्षा प्राप्त गर्ने भएकोले असल नागरिक बनाउने क्रममा आमाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

देशमा निरङ्कुश राणा विरोधी गतिविधि भइरहे कै अवस्थामा भोजपुर मजुवाबेंसीकी योगमाया न्यौंपानेले आध्यात्मिक धारबाट भए पनि राणाशाहीको विरोध गर्दै महिलाहरूका हितार्थ कल्याणकारी सामाजिक सुधार होस्, राणाशाही अत्याचारको अन्त्य होस्, पुरोहितवादको अमानवीय चलनको खारेजी गरियोस् जस्ता २६८ वटा मागहरू अघि सार्दै राणाशाहीको विरोध गरेकी थिइन् । उनले "सत्यधर्म भिक्षा"को नाममा तत्कालीन सरकारलाई २६८ वटा मागहरू सहितको विन्तिपत्र चढाए पनि बेवास्ता गरियो ।[१३३] उनका मागहरू समाज सुधार र सामाजिक न्यायको पक्षमा, महिला विधवाको अधिकारको पक्षमा,

---

१३०. द्वारिकादेवी ठकुरानी, अन्तरवार्ता, (श्रावण, भाद्र, २०५०), *अस्मिता,* काठमाडौं : वर्ष ५, अङ्क १९, पृ. १९ ।

१३१. विष्णु प्रभात, (२०५२), *मातृत्व,* काठमाडौं : इन्सेक, पृ. ६८ ।

१३२. गणेशराज शर्मा (२०५२ जेष्ठ), *वि.पि.को आत्मवृतान्त,* ललितपुर : जगदम्बा प्रकाशन, पृ. ६४ ।

१३३. लेखनाथ भण्डारी (२०५७), *ती पहिलो विद्रोहिणी योगमाया,* काठमाडौं : नेपाल अध्ययन केन्द्र, पृ. ११३ ।

सामाजिक विसङ्गति, विकृतिका रूपमा रहेका प्रचलन एवम् अन्धविश्वास घूसखोरीको विरुद्धमा वन, जङ्गल र चरनको सुरक्षाका सम्बन्धमा, जातपात र छुवाछूत, सानाठूला माना पाथीको र चर्को ब्याज आदिको नियन्त्रणका सम्बन्धमा केन्द्रित रहेका देखिन्छन् ।

योगमायाले तत्कालीन प्रधानमन्त्रीले दिएको आश्वासनको कार्यान्वियनको बाटो धेरै लामो समयसम्म हेरेर बसिन् तर उनले कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं. १९९५ साल मङ्सिरको पूर्णिमाको दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । सो यज्ञमा योगमाया र उनका २६८ जना अनुयायीहरूले अग्निप्रवेश गरी प्राण त्याग्ने निर्णय गरेको देखिन्छ । तर सरकारले उक्त यज्ञ रोक्न आदेश दिएको थियो । आदेशमा भनिएको थियो- “भक्ति भनाउदीलाई पाटीमा राखी कैद गर्‍यौं भनी सुनाइदिनू, अरुलाई धनकुटा जेलमा थुन्नू ।” तसर्थ तत्कालीन धनकुटा गौंडाका बडाहाकिम माधव समशेर र भोजपुरको गरुडध्वज उक्त यज्ञलाई रोक्नका निम्ति त्यसतर्फ लागे, उनीहरू फौज, गोलीगट्ठा लिएर मजुवा पुगेर पालो पहारामा बसेर सो कार्यलाई रोकेका थिए । त्यसबखत योगमायासहित केही अनुयायीहरू पक्राउ परेका थिए । यसरी जेल पर्नेहरू पं प्रेमनारायण भण्डारी (१९ महिनामा छुटेका) रत्नमान (जेलमै मृत्यु), डिल्लीबहादुर (१५ महिनामा छुटेका), डम्बरबहादुर, सूर्यबहादुर, भुक्तबहादुर, नरेन्द्रबहादुर (३० महिनामा छुटेका) पहलमान, गोविन्द खतिवडा, टेकबहादुर (जेलबाट भागेका) आदि थिए भने ११ वर्षीय फटिकबहादुर बस्नेतलाई छाडिदिनू भन्ने आदेश आएपछि उनी छुटेका थिए ।[१३४] नेपालको महिला आन्दोलनमा योगमायालाई पहिलो जेल पर्ने महिलाको रुपमा लिइन्छ ।

देशमा राणाशाही निरङ्कुशतन्त्रको विरोधमा जनता उत्रिन थालेका थिए । वि.सं. १९९७ साल कार्तिक २ गतेदेखि प्रजा परिषद्का सदस्यहरूको धरपकड प्रारम्भ भयो । त्यही चपेटामा परी महाबीर स्कूलका र नेपाली नागरिक अधिकार समतिका सदस्यहरूको साथै सुधारवादी विचारक नवयुवकहरू र केही निर्दोष व्यक्तिहरू पनि समातिएका थिए । सिंहदरवारमा यी पक्राउमा परेका व्यक्तिहरूका बारेमा विशेष अदालतले विचार गरी अदालतले फैसला सुनायो । जसअनुसार शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई ज्यान सजाय र अंश सर्वस्वहरणको सजाय सुनाई शुक्रराज शास्त्रीलाई वि.सं. १९९७ (२३ जनवरी १९४१ को दिन मटलीमा र यसको दुई दिनपछि वि.सं. १९९७ (२५ जनवरी १९४१)का दिन धर्मभक्तलाई सिफलमा झण्ड्याए भने दशरथ चन्द र गङ्गालाललाई एकसाथ निर्ममतापूर्वक गोली हानी मारिएको थियो ।[१३५]

यो घटनाले नेपाली जनतालाई अझ आक्रोशित बनाएको पाइन्छ । जनता राणा विरोधी गतिविधिमा संलग्न हुनथालेको देखिन्छ । युवाहरू योजनाबद्ध किसिमले भूमिगत

---

१३४. लेखनाथ भण्डारी, पूर्ववत्, पृ. ११०, ११३ ।
१३५. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. ३७७ ।

रूपबाट लाग्दै थिए भने महिलाहरूले आन्दोलनकारीहरूको सुरक्षा गर्ने, जेलभित्र चिट्ठी आदानप्रदान गर्ने मिटिङ्गहरूको सुरक्षा गर्ने जस्ता कामहरू गरी आन्दोलनलाई सहयोग गर्ने काम गर्दै आएको पाइन्छ ।

नेपाल आमाका चार सपुतको निर्ममतापूर्वक भएको हत्याले नेपाली जनताको मानसिकतालाई निकै झकझकाएको देखिन्छ । उता "सत्य धर्म भिक्षा" को बदलामा जेलनेल भोग्नु परेपछि योगमायाले झनै अन्याय, अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुने महसुस गर्न थालिन् । अझ चार सहिदको हत्याले उनको राणा विरोधी भावनामा तीव्रता आउन थाल्यो । जुन राज्यमा धर्म र न्याय पाइँदैन र आफूले केही गर्न सकिदैन भने पनि सरकारलाई चेताउनु पर्छ । आफूपछिका सन्ततिले धर्म र न्याय पाउँछन् भन्ने उनलाई लाग्यो त्यसैले उनी उनका अनुयायहीरूले वि.सं. १९९८ साल असार ३१ गते शनिवार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लंदो भेलमा हामफाली देहत्याग गरेको देखिन्छ । त्यसरी जलसमाधि लिनेहरूमा योगमाया पहिलो व्यक्ति थिइन् भने त्यसपछि पं. प्रेमनारायण भण्डारीसहित जम्मा ६८ जना रहेको देखिन्छ ।

वि.सं. १९९०-२००० सालतिर धार्मिक, राजनैतिक एवम् सामाजिक रूपबाट भर्खरभर्खर राणा विरोधी सङ्घर्षका लागि अगाडि बढेका केही सचेत युवायुवतीहरूका संयुक्त प्रयासबाट एउटा अति गोप्य सङ्गठन खोलिएको पाइन्छ जसमा प्रेम ब. कंसाकार, पुष्पलाल श्रेष्ठ, कामाक्षादेवी आदि थिए । यिनीहरूको मुख्य उद्देश्य नेपाली जनतामा जागरण ल्याउनु रहेको थियो । यसका साथै अर्को एउटा गोप्य सङ्गठन खोलियो, जसका सदस्यहरू साधना प्रधान, साहना प्रधान, भुवनलाल प्रधान, नारायणप्रसाद राजभण्डारी, दिवाकर भाजु आदि थिए ।[१३६]यी सङ्गठनहरूको उल्लेखनीय क्रियात्मकतामा सामान्जस्य भए पनि यिनका सदस्यहरू एक अर्कालाई चिन्दैनथे । यी सङ्गठनका  क्रियाकलापमा जुद्धसमशेरले राजगद्दी त्याग गरेर रिडीतर्फ जाने घोषणा गरेका दिन २००२ सालमा एकै साथ पर्चाबाजी गरेका थिए भने यस्तै पर्चाबाजी अभियान द्वितीय विश्वयुद्धबाट फर्केर आएका नेपाली फौजले पनि गरेको पाइन्छ ।[१३७]राणाशाही शासनकालमा भूमिगत ढङ्गबाट राणाहरूको विरोधमा जनता लाग्ने क्रममा स्कुल खोली शिक्षा प्रचार गर्दै अगाडि बढ्न थालेको पाइन्छ । शिक्षकको रूपमा महिला पनि राणाहरूको विरोधमा लाग्ने क्रममा वि.सं. २००० सालमा कामाक्षादेवी, दिलहरि श्रेष्ठहरूले पनि बनेपामा स्थायी स्कुलमा पढाउन थालेको पाइन्छ ।

त्यसताका जीवनका प्रतिकूल परिस्थितिका माझमा पनि महिलाहरू शिक्षा आर्जन गर्न प्रयत्नशील भइरहेका देखिन्थे । उनीहरू राणाकालीन अवस्थामा विभिन्न माध्यमबाट समाजमा चेतना फैलाउने कार्यहरू गर्ने क्रममा योगमाया न्यौंपानेले पनि कविताको

१३६. साहना प्रधान, अन्तर्वार्ता, २०५९ । ४ । २० ।
१३७. भुवनलाल प्रधान (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रूप प्रकाशन, पृ. १५२, ५३ ।

माध्यमद्वारा नारीत्वको बोध गराएर राणाकालीन पुरुषप्रधान समाजको विरोध गरेकी थिइन् । साथै उनको कवितामा विद्रोहको ज्वाला दन्किएको देखिन्थ्यो ।[१३८]

जटिल परिस्थिति भए पनि महिलाहरू विभिन्न माध्यमबाट अगाडि बढ्ने क्रम निरन्तर चलिरहेको थियो । वि.सं २००३ साल फागुन २१ गते (४ मार्च १९४७ इ) देखि पाट र सुतका कारखानामा भएको मजदुर आन्दोलनमा पारिश्रमिक, निवासस्थल आदिको बारेमा सुविधाको माग गर्दै महिला मजदुरहरू पनि सरिक भएका थिए । आन्दोलनको क्रममा विभिन्न आन्दोलनकारीहरूलाई गिरफ्तार गरिएको थियो । आन्दोलनकै क्रममा चैत्र १४ गते (२७ मार्च) का दिन दिब्या कोइराला, इन्दिरा आचार्य, नलिनी उपाध्याय र कामिनी कोइरालासमेत गिरफ्तार भई धनकुटा जेलमा राखिएको देखिन्छ ।[१३९]

यसरी महिलाहरू क्रमश महिला हक अधिकार प्राप्तिका लागि अगाडि बढिरहेका देखिन्छन् । उनीहरूले महिलाहरूलाई बि. स. २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा 'नेपाल महिला सङ्घ' स्थापना गरी संगठित गरेको देखिन्छ । सो सङ्घ स्थापना कालमा महिलाहरूमा विचारको आधारमा विभाजनको रेखा कोरिएको देखिदैंन । सबै सोही राणा विरोधी आन्दोलनमा एउटै लक्ष्य लिएर अगाडि बढ्दै रहेको देखिन्छ ।

## ५.२ महिला सङ्गठनको स्थापना र विकास

विश्वका महिलाहरूले बराबरको कामको बराबर ज्याला, भोट हाल्ने अधिकारको लडाईं लडिरहेको अवस्थामा नेपाली महिलाहरूमा कुनै पनि अधिकार प्राप्तिको निम्ति चेतनाको विकास भएको थिएनभन्दा अत्युक्ति नहोला । पश्चिमी जगत्का महिलाहरूले समानताको आवाज उठाउँदा जेलनेल भोग्नुपरेको इतिहास पल्टाएर हेर्दा देखिन्छ । पश्चिमी महिलाहरूले उच्चतम राजनीतिक अधिकार (मताधिकार) का लागि झण्डै आधा शताब्दी लामो समय सङ्घर्षमा बिताएका थिए । विश्वका महिलाहरूको गन्तव्य लक्ष्य एउटै भए पनि महिला आन्दोलन पश्चिमी मुलुकका महिलाहरूले महिला आन्दोलनलाई आर्थिक र राजनीतिक मागलाई प्राथमिकता दिई अगाडि बढाएका थिए भने नेपालमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा भएकाले समाजमा विद्यमान कुरीतिहरू बालविवाह, अनमेल विवाह, बहुविवाह र अशिक्षा हटाउने जस्ता सवाललाई प्राथमिकता दिई समाजको संरचना परिवर्तन गर्नुपर्नेतर्फ उन्मुख भई महिला आन्दोलनलाई अगाडि बढाएका थिए । उक्त विषयमा सबै नेपाली महिलालाई जागृत गराउँदै समानताको लक्ष्यतर्फ अगाडि बढ्नु नै महिला आन्दोलनको प्रारम्भ भएको थियो । नेपालको महिला आन्दोलनको प्रारम्भको बारेमा सहाना प्रधान भन्नुहुन्छ :-

---

१३८. प्रतिभा मुडभरी पाठक (२०५९), नारी आन्दोलन र नेपाल, *स्मारिका,* नेमसङ्घ, पृ. ६८ ।
१३९. गणेशराज शर्मा, पूर्ववत्, पृ. ४५ ।

पश्चिमा मुलुकको दाँजोमा नेपालको महिला आन्दोलन सुरुआत र विषयवस्तु फरक छ पाश्चात्य मुलुक अमेरिका, बेलायतमा बराबर ज्याला, समान व्यवहार आदि कुरालाई लिएर अगाडि बढेका थिए तर नेपालमा महिला आन्दोलनको सुरुवात बालविवाह, बहुविवाह, शिक्षा आदि विषयलाई लिएर भएको थियो । यसका साथै निरङ्कुश राणाशाहीको अन्त्यको निम्ति गतिविधि भएका थिए । विभिन्न राजनीतिक पार्टीका भगिनी सङ्गठनको निर्माण भयो । तिनीहरूले विभिन्न गतिविधी गर्न थाले । यही नै महिला आन्दोलनको सुरुवात भएको मान्नुपर्छ ।[१४०]

यस प्रकार नेपालको सामाजिक संरचनाको विषयसँग गाँस्तै समाजमा व्याप्त कुरितीका विषयलाई उठाउँदै नेपाली महिलाहरूले महिला आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । नेपाली महिलाहरूको हकअधिकार प्राप्तिका निम्ति विभिन्न समयमा विभिन्न ठाउँमा महिलाहरूका सङ्गठनहरूको स्थापना भएको पाइन्छ । नेपालको महिला आन्दोलनका विषयमा चर्चा गर्दा ती विभिन्न सङ्गठनका बारेमा पनि चर्चा गर्नु आवश्यकता पर्दछ । तिनै विभिन्न महिला सङ्गठनहरूको नेतृत्वमा देशमा महिला आन्दोलनको प्रारम्भ एवम् विकास भएको देखिन्छ । तसर्थ महिला उत्थानका निम्ति स्थापित महिला सङ्गठनहरूको बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

नेपालको इतिहासमा महिलाहरूको सङ्गठन स्थापना कालको प्रारम्भको खोजी गर्दा पहिलो सङ्गठनको रूपमा वि.सं. १९७४ सालमा स्थापना गरिएको “महिला समिति” को स्थापनालाई लिनुपर्ने हुन्छ । सो समिति स्व. कृष्णप्रसाद कोइरालाको अगुवाइमा योगमाया देवीको सभानेतृत्वमा सिराहा जिल्लामा स्थापना गरिएको थियो । यो स्व. कृष्णप्रसाद कोइरालाको घरमा भएको थियो ।[१४१] यही समितिलाई नै सबभन्दा जेठो महिला सङ्गठनको रूपमा लिन सकिन्छ । उक्त “महिला समिति” मा दुई जना सेक्रेटरीका रूपमा र अन्य सदस्य गरी जम्मा आठ जनाको समिति निर्माण गरिएको थियो ।[१४२]

महिला समितिको कार्यक्रमको रूपमा महिलाहरूको उत्थानका निम्ति मुलुकभर सङ्गठन बिस्तार गर्ने, शिक्षा प्रचारका साथै आइमाईहरूलाई घरेलु इलम एवम् शिल्पकला सिकाउने जस्ता रहेका थिए । यो समितिको प्रभाव नेपाल बाहिर दार्जिलिङ्ग, बम्बईतिर पनि पुगेको देखिन्छ।[१४३]

---

१४०. सहाना प्रधान, पूर्ववत् ।
१४१. श्यामप्रसाद शर्मा (२०५५), *आएका केही चिठीहरू,* काठमाडौं : सुनकोसी साहित्य प्रतिष्ठान, पृ. ६३ ।
१४२. पं. तारानाथ उपाध्याय (२०१५), महिला समिति, *स्वास्नीमान्छे,* पृ. २५-२६ ।
१४३. पं.तारानाथ उपाध्याय, पूर्ववत्, पृ. २५-२६ ।

महिला समितिको कार्यक्रम, उद्देश्य अनुरूप अगाडि बढ्न सकेको देखिदैन । त्यसपछि महिलाको बीचमा महिला सङ्घको कुनै पनि गतिविधि भने भएको पाइदैन । यही समयमा देशमा राणाहरूद्वारा चर्को रूपमा नेपाली जनतामाथि दमन कार्यहरू चलाइरहेको थियो । यही दमनको शिकार तत्कालीन "महिला समिति" पनि बन्न पुगेको थियो । नेपाली जनताले राणा विरोधी गतिविधि गर्न भने छोडेनन् ।[१४४] उनीहरू सङ्गठित वा सङ्गठन स्थापना गरी अगाडि भने बढेका देखिदैंनन् । यसरी लामो समयसम्म महिलाहरूको बीचमा सङ्गठनको निर्माण हुन सकेको पाइदैन ।

तत्कालीन राणाशाहीका विरोधमा जनताहरू सङ्गठित बन्दै अगाडि बढ्ने काम हुन थाल्यो । महिलाहरूको बीचमा पनि सङ्गठनको आवश्यकता महसुस हुन थाल्यो । अर्कोतर्फ अन्तर्राष्ट्रिय क्षेत्रमा पनि महिलावादी आन्दोलनको विकास भइरहेको थियो । महिलाहरूले आफ्नो मुक्तिका लागि आफ्ना मागहरू राखी आन्दोलनलाई अगाडि बढाउँदै थिए । नेपालको छिमेकी मुलुकको स्वतन्त्रताको लडाइँले पनि महिलाहरूलाई प्रभावित बनाउँदै थियो । उता देशको राष्ट्रिय परिस्थितिले पनि महिलाहरूलाई झकझकाइरहेको थियो । वि.सं. १९९७ सालको घटनाले आम नेपाली जनतालाई तत्कालीन राणा सरकारप्रति वितृष्णा पैदा गराएको थियो । यो घटनाले महिलाहरूलाई जागरुक बनायो । यसको निम्ति सङ्गठित हुनुपर्छ भन्नेतर्फ महिलाहरूको ध्यान गयो । उनीहरू एउटै झण्डामुनि गोलबन्द हुनुपर्छ भन्ने महसुस गरी सङ्गठनको स्थापना गर्नतर्फ लागे । त्यस समयको राजनीतिक चेतनाको विकासले राणाशाही व्यवस्थालाई अन्त्य गर्नतर्फ लागिरहेको क्रममा महिलाहरू पनि त्यसमा संलग्न रहेको देखिन्छ ।

महिलाहरू सङ्गठित हुने क्रममा वि.सं. २००३ सालमा रेवन्तकुमारी आचार्यको अध्यक्षतामा "आदर्श महिला समाज" नामक संस्थाको स्थापना भयो । राजनीति गर्ने पुरुषहरूले महिलालाई जागृत गराउने उद्देश्यले उक्त सङ्गठन स्थापना भएको देखिन्छ ।[१४५] वि.सं. २००४ सालमा "नेपाल महिला सङ्घ" नामक संस्था मंगलादेवी सिंहको अध्यक्षतामा गठन भएको थियो । जुन समयमा आस्थाको सवाल थिएन । सबै महिलालाई एउटै आन्दोलनको उद्देश्य प्राप्तिको निम्ति लागेका देखिन्छन् । महिलाहरूको बीचमा सङ्गठनको स्थापना हुने क्रममा वि.सं. २००७ सालमा तारादेवी शर्माको नेतृत्वमा "अखिल नेपाली महिला सङ्घ" नामक सङ्गठन काठमाडौंमा स्थापना भएको पाइन्छ ।[१४६]

---

१४४. लेखनाथ भण्डारी, पूर्ववत्, पृ. ११३ ।

१४५. शान्ता मानवी, अन्तर्वार्ता, २०५९/४/२३ ।

१४६. कृष्णबहादुर थापा (१९८५), *ओमन एन्ड सोसल चेन्ज ईन नेपाल, (१९५१-१९६०)*, काठमाडौं : अम्बिका थापा, पृ. १०४ ।

नेपाली महिलाहरूले स्थापना गरेका महिला सङ्घहरूको उद्देश्य महिलाको उत्थान गर्नुका साथै नेपाली महिलाहरूको स्थितिमा परिवर्तन गर्नु रहेको पाइन्छ । महिलाहरूको त्यसबेला तत्कालीन राणाशाही विरोधी आन्दोलनको सफलताको निम्ति गर्नुपर्ने कार्यको पनि जिम्मेवारी रहेको थियो । त्यस बखत निर्माण गरिएका सङ्गठनको नेतृत्व पंक्तिमा बसेका महिलाहरू आदर्श महिला समाज र नेपाल महिला सङ्घको अध्यक्ष क्रमश रेवन्तकुमारी आचार्य र मंगलादेवी सिंह थिए । उनीहरू राजनीतिक नेताका श्रीमतीहरू थिए । उनीहरूले त्यसबेला राजनीतिक मुद्दालाई बढी जोड दिएको पाइन्छ । तर दुवै अखिल नेपाली महिला सङ्घका अध्यक्षहरू राजनीतिक नेताका श्रीमती मात्र नभएर सर्वसाधारण महिलाहरू थिए । त्यो सङ्गठनको उद्देश्य पनि राजनीतिक रूपले अभिप्रेरित भएको थियो । राष्ट्रियताको सवाललाई प्राथमिकता साथ उनीहरूले उठाएका थिए । जसरी भए पनि राणा सरकारको अन्त्य गर्नका निम्ति उनीहरू क्रियाशील रहेका देखिन्छन् । सङ्ख्यात्मक रूपले थोरै भए पनि महिलाहरूको सहभागिता उल्लेख्य रहेको देखिन्छ ।

नेपाली महिलाहरूमा चेतनाको विकास क्रमिक रूपमा हुँदै थियो । राणाशाही सरकारले नेपाली जनतालाई निर्मम रूपले आफ्नो नियन्त्रणमा राख्ने काम गरिरहेको थियो । जनता राणा विरोधी क्रियाकलापमा सक्रिय रूपमा लागिरहेका थिए । महिलाहरूले पनि त्यसबेलाका राजनीतिक कार्यकर्तालाई विभिन्न रूपले सहयोग गर्दै आइरहेका थिए । सबै महिलाहरूको एउटै उद्देश्य राणा विरोधी आन्दोलन थियो । राणाहरूको अन्त्यको निम्ति एकमुष्ठ रूपमा समर्पित भई लागिरहेका थिए । यसरी पूर्ण रूपले महिलाले पनि राणा विरोधी आन्दोलनलाई नै आफ्नो प्रमुख कामको रूपमा लिएका थिए । यस समयमा महिला सङ्गठन बलियो थिएन । आफ्नो सङ्गठनको विषयमा ध्यान दिने काम खासै भएको पाइँदैन । त्यसबेलाको प्रमुख दायित्व भनेकै राणा सरकारको अन्त्य गर्नु थियो । जब वि.सं. २००७ सालमा सम्पूर्ण नेपाली जनताको प्रयासमा १०४ वर्षे राणा सरकार सदाको लागि विदा भयो । त्यसपछि राजनीतिक रूपमा पनि परिवर्तन भयो । त्यस पश्चात सबै सङ्घ, संस्थाहरू आआफ्नै ढङ्गबाट सोच्न र काम गर्नको निम्ति अग्रसर हुन थालेको पाइन्छ । राजनीतिक पार्टीहरूको स्थापना हुने क्रममा वि.सं. २००६ सालमा कम्युनिस्ट पार्टीको पनि स्थापना भयो । यसरी स्थापित राजनीतिक पार्टीका भगिनि संगठनको रुपमा महिला सङ्घ पनि खोलिएको पाइन्छ ।

महिलाहरूको बीचमा स्थापित आदर्श महिला समाज २००३, नेपाल महिला सङ्घ (वि.सं. २००४), अखिल नेपाली महिला सङ्घ (वि.सं. २००७), अखिल नेपाली महिला सङ्घ (२००७) मध्ये तीनवटा सङ्घले मात्र वि.सं. २००७ सालको परिवर्तनपछि पनि महिलाहरूको बीचमा काम गरेको देखिन्छ । उक्त निरन्तर रूपमा काममा लाग्ने सङ्घमध्ये नेपाल महिला सङ्घ र दुवै अखिल नेपाली महिला सङ्घ थिए । यसरी धेरै त्याग, बलिदान पश्चात् प्राप्त प्रजातान्त्रिक व्यवस्थामा जनताहरूले केही स्वतन्त्र रूपले गतिविधि गर्न पाएका थिए । वि.सं.

२००७ सालपछिको राजनीतिक परिवर्तन पश्चात् अन्य महिला सङ्घको पनि जन्म भएको देखिन्छ ।

वि.सं. २००७ सालको परिवर्तनपछि नेपाल महिला सङ्घमा विभाजन आएको देखिन्छ । यसलाई नेपाली महिला आन्दोलनको निम्ति दुःखद स्थितिको सृजना भएको मान्नुपर्छ । एउटा मंगलादेवी सिंहको नेतृत्वमा र अर्को कामक्षादेवीको नेतृत्वमा समानन्तर "नेपाल महिला सङ्घ" निर्माण भएको देखिन्छ । तर साहना प्रधानको भनाईअनुसार कामाक्षादेवीको अध्यक्षतामा गठित सङ्गठनको नाम "नेपाल महिला सङ्गठन" रहेको देखिन्छ।[१४७]

तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल भ्रमण हुँदा वि.सं. २००८ सालमा "नेपाल महिला सङ्घ" भित्र उनलाई विरोध गर्ने वा स्वागत गर्ने भन्ने सवाललाई लिएर विवाद सृजना भएको देखिन्छ । सङ्घभित्र नेहरूलाई विरोध स्वरूप कालो झन्डा देखाउने पक्षमा नेपाल महिला सङ्घका एक्जुकेटिभ सदस्यहरूको बहुमतले विरोध स्वरूप कालो झन्डा देखाउने निर्णय गरेको देखिन्छ । उक्त विरोध प्रदर्शनको नेतृत्व श्रीमाया र शीलवन्ती शाहले गर्ने भन्ने पनि बैठकले निर्णय गरेको देखिन्छ । सो निर्णय बमोजिम गौचरणको एयरपोर्टमा नेहरू आउँदा कालो झन्डा प्रदर्शन गरी विरोध नेपाली महिलाहरूले गरेका थिए । यही विषयलाई लिएर सङ्घभित्र विभाजन सुरुवात भई नेपाली महिलाहरूको माझमा रहेको "नेपाल महिला सङ्घ" दुई टुक्रामा विभाजित भएको देखिन्छ ।[१४८] तत्कालीन जवाहरलाल नेहरूको कार्यकालमा भारतीय सेनाले शान्तिको नाममा नेपाली भूमिमा आई नेपाली महिलालाई निर्ममतापूर्वक मारेका थिए । जसको विरोध स्वरूप नेहरूको नेपाल आगमन हुँदा एयरपोर्टमा कालो झन्डा देखाई विरोध गरेको देखिन्छ ।

वि.सं. २००७ सालको परिवर्तन पश्चात् महिलाहरूको उत्थानका निम्ति सङ्गठनहरू स्थापित हुने क्रममा वि.सं. २००९ साल जेष्ठमा "ओमन्स् भोलिन्टर्स सर्बिसेज" नामक संस्था प्रिन्सेप शाहको नेतृत्वमा स्थापित भएको थियो । यसरी नै वि.सं. २००९ साल श्रावणमा "आर्य स्त्री समाज" नामक संस्था धनदेवीको नेतृत्वमा स्थापित भएको थियो । जसले पश्चिमी मुलुकको संस्कृतिबाट नेपाली महिलाहरू बचाउनुपर्छ भन्नेतर्क अगाडि सारेका थिए ।[१४९] यसरी नै रोहिणी शाहको अध्यक्षतामा "विराङ्गना दल" पनि खुलेको देखिन्छ ।[१५०]

---

१४७. सहाना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।
१४८. कृष्णबहादुर थापा, पूर्ववत्, पृ. १०६ ।
१४९. कृष्णबहादुर थापा, पूर्ववत्, पृ. १०७ ।
१५०. सहाना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।

नेपालमा विभिन्न राजनीतिक सङ्घ, सङ्गठन खोलिएता पनि वि.सं. २००७ सालदेखि २०१४ सालसम्म अस्थिर राजनीतिक वातावरण कायम रहेको हुनाले महिलाहरूको खासै भूमिका प्रकाशमा आउन सकेको देखिदैन । यद्यपि काँग्रेस एवम् कम्युनिस्ट विचारधाराका समर्थक महिलाहरू राजनीतिक गतिविधिमा सक्रिय रूपमा रहेका पाइन्छन् । नेपाली महिलाहरूले महिला उत्थानको निम्ति एकताबद्ध भएर अगाडि बढ्नुपर्छ भन्ने मान्यताका साथ वि.सं. २०१३ साल विभिन्न सङ्घहरूलाई एउटै सङ्घमा आबद्ध गरेको इतिहास पनि पाइन्छ । अखिल नेपाली महिला सङ्घ (पुण्यप्रभादेवी समूह) ओमन्स भोलन्टियर्स सर्भिसेज र आर्य स्त्री समाज नामक संस्था एउटै संस्थामा विलिन बन्न पुगी "संयुक्त नेपाल नारी समिति" नामकरण गरिएको पाइन्छ ।[१५१] यद्यपि उक्त संस्थाले आफ्नो उद्देश्य अनुरूप काम गर्न सकेको देखिदैंन । सबै आआफ्नो तरिकाले काम गरिरहेका थिए । तसर्थ यसले लामो समयसम्म साङ्गठनिक रूपले काम गर्न सकेको देखिदैन ।

नेपालमा महिला उत्थान र समानताका निम्ति सङ्घ, संस्थाहरूको स्थापना भए । यद्यपि महिलाहरूको जीवन स्तरमा कुनै परिवर्तन हुन सकेको देखिदैन । तुलनात्मक रूपले पहिलाभन्दा प्रजातन्त्र स्थापना पश्चात् महिलाहरूमा चेतनाको विकास भएको पाइनुका साथै सङ्गठित पनि हुन थालेको देखिन्छ । जसले गर्दा विभिन्न आन्दोलनलाई सङ्गठित रूपले अगाडि बढाउन सजिलो परेको अनुभव गर्न सकिन्छ । विभिन्न समयमा सामुहिक रूपले महिला अधिकारको सवाललाई उठाएको पाइन्छ । यसलाई पनि त्यस बेलाको उपलब्धि नै मान्नुपर्दछ ।

नेपाली जनताको प्रयासमा स्थापित प्रजातान्त्रिक कालमा महिला सङ्घ, संस्थाहरू खोलिएर पनि सबै सङ्घहरुले काम गर्न सकेनन् । विशेषत: नेपाल महिला सङ्घ मंगलादेवी समूह र नेपाल महिला सङ्गठन कामाक्षादेवी समूहको भने क्रियाशीलता रहेको थियो । त्यसबेलाको सङ्घर्ष महिलाहरूको सङ्ख्यात्मक उपस्थिति कम भए पनि उपलब्धिमूलक रहेको थियो । तर यी जनताको क्रियाशीलता राजालाई सुपाच्य भएको थिएन । तसर्थ षडयन्त्रमूलक ढङ्गबाट प्रजातन्त्रमाथि बज्रपात हुन गयो । वि.सं. २०१७ सालमा सबै राजनीतिक पार्टीमाथि प्रतिबन्ध लाग्यो यद्यपि प्रतिबन्धित अवस्थामा पनि महिलाहरूले सङ्घर्षलाई जारी राखेको पाइन्छ ।

तत्कालीन समयमा सबै राजनीतिक, सङ्घ-संस्थाहरूले कुनै पनि गतिविधि गर्न रोक लागेको थियो । जनताको बीचमा काम गर्नको निम्ति सरकारी तबरबाट विभिन्न नामक सङ्घहरूको स्थापना गर्ने क्रममा महिलाहरूको निम्ति "नेपाल महिला सङ्गठन" नामक सङ्गठन खोली महिलाहरूको निम्ति काम गर्ने भनी गाउँ, जिल्ला, अञ्चल र केन्द्र गरी चार

---

१५१. गोरखापत्र २०१३, श्रावण २२ ।

तहमा ४००० महिला इकाईको रूपमा स्थापित गरिएको थियो । समग्रमा भन्दा यो सङ्गठनले महिलाको निम्ति केही गर्न सकेको देखिंदैन । उक्त सङ्गठन पञ्चायती व्यवस्थाको कठपुतलीको रूपमा रहेको हुनाले यसबाट महिला मुक्ति, असमानता, एवम् उत्पीडन विरोधी आन्दोलनको सम्भावना नै देखिदैंन ।

यसरी निरङ्कुश पञ्चायती व्यवस्थाद्वारा नेपाली जनतामाथि राज गर्ने काम भइरहेता पनि जनता भने चुप लागेर बसेको देखिदैन । विभिन्न रूपबाट आन्दोलनमा जुटिरहेका देखिन्थ्ये । महिलाहरू पनि महिला मुक्तिका निम्ति आन्दोलित बन्ने काम भइरहेको थियो । सङ्गठन गठन पुर्नगठन गर्ने जस्ता कामलाई निरन्तरता दिने काम गरिरहेका थिए । यही क्रममा वि.सं. २०३३ सालमा स्व. पारिजातको अध्यक्षतामा "अखिल नेपाल महिला सङ्घ" नामक सङ्गठन स्थापना भएको देखिन्छ । सो सङ्घको उपाध्यक्षमा गोमा देवकोटा रहनु भएको थियो । उक्त सङ्घ (नेकपा चौथो महाधिवशेनसँग सम्बन्धित) ले तत्कालीन कठोर परिस्थितिमा महिलाहरूलाई सङ्गठित गर्दै अगाडि बढाउने काममा सहयोग गरेको देखिन्छ ।[१५२]

नेपालमा विभिन्न कम्युनिस्ट पार्टीहरूको गठन हुने क्रममा आफ्ना सामिप्यमा रहेका महिलाहरूलाई सङ्गठित गर्ने क्रममा महिला सङ्गठनहरूको निर्माण गर्ने काम पनि हुने क्रम जारी थियो । सोही अनुरूप वि.सं. २०२८ सालमा पुष महिनामा अर्घाखाँचीमा शान्ता मानवीको अध्यक्षतामा ५ सदस्यीय "क्रान्तिकारी महिला सङ्घ" नामक संस्था गठन गरिएको देखिन्छ । सो सङ्घका अन्य सदस्यहरूमा शान्ती श्रेष्ठ (गुल्मी), द्रौपदी श्रेष्ठ (प्यूठान), रमा अर्याल (गुल्मी), शोभा पोखरेल (गुल्मी) रहेका थिए । यो सङ्घ बनारसमा स्थापित गरिएको थियो । उक्त सङ्घले विशेष गरी नेपाली विद्यार्थीहरूलाई सहयोग गर्ने, वादविवाद, गोष्ठी आदि काम गर्ने गर्दथ्यो । यसले नेपालीहरूले सञ्चालन गर्दै रहेको आन्दोलनलाई पनि सहयोग गर्ने काम गर्दथ्यो । यसरी नै भूमिगत रूपले जनताको बीचमा काम गर्न सजिलो होस् भन्ने उद्देश्यले वि.सं. २०३२ सालमा रूपन्देहीमा पनि भूमिगत रूपमा "क्रान्तिकारी महिला सङ्घ" गठन गरिएको देखिन्छ । यसैगरी अर्को भूमा थापाको अध्यक्षतामा "महिला सुधार समाज", हिरादेवी पौडेलको अध्यक्षतामा "महिला सुधार समूह", गोमा के.सी. को पहलमा देवी थापाको अध्यक्षतामा "महिला किसान क्लब" नामक संस्था निर्माण गरी महिलाहरूको बीचमा कामको बिस्तार गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको देखिन्छ । यस्ता स्थानीय स्तरमा निर्माण गरिएका संस्थाहरूले स्थानिय महिलाहरूलाई नियमित रूपले क्रियाशील पार्ने काम गरेको पाइन्छ ।[१५३] जसले भूमिगत रूपमा महिलाहरूलाई चेतनशील, जागृत गराउने काममा महत्त्वपूर्ण काम गरेको देखिन्छ ।

---

१५२. श्रीमती गोमा देवकोटा, अन्तर्वार्ता, २०५९/४/१७ ।
१५३. शान्ता मानवी, अन्तर्वार्ता, पूर्ववत्, ।

तत्कालीन नेकपा (माले) ले पनि आफ्नो कामलाई जनता बीचमा बिस्तार गर्ने क्रममा महिलाहरूलाई पनि सङ्गठित गरी अगाडि बढाउने उद्देश्यले महिलालाई सङ्गठित गरेको पाइन्छ । यहिक्रममा तत्कालिन नेकपा (माले) द्वारा बि.स. २०३७ बैशाख ४ र ५ गर्ते हेटौडामा प्रथम राष्ट्रिय अगुवा महिला कार्यकर्ता भेलाको आयोजना गरिएको थियो । सो भेलाद्वारा राष्ट्रिय सङ्गठन गठन गर्ने निर्णय गरिएको देखिन्छ । सोहि अनुसार महिलाहरूलाई सङ्गठित गर्ने क्रममा वि.सं. २०३७ साल फागुन १७ गते "अखिल नेपाल महिला सङ्घ" को नाममा केन्द्रीय तयारी समिति शान्ता मानवीको अध्यक्षतामा पुनर्गठन भएको थियो । सो समितिको उपाध्यक्ष स्वस्ती वज्रचार्य, सचिब राधा ज्ञवाली, सदस्यहरु जया घिमिरे, शोभा कुँवर, कमला राई र सञ्जिता गिरी रहेका थिए ।[१५४] वि.सं. २००७ सालमा कामाक्षादेवीको अध्यक्षतामा स्थापित "नेपाल महिला सङ्गठन" लाई नै वि.सं. २०३७ सालमा अखिल नेपाल महिला सङ्घ" मा पुनर्गठित गरिएको देखिन्छ ।[१५५] सो कामाक्षादेवीको अध्यक्षतामा भएको सङ्घको नामको बारेमा फरक फरक मत देखिन्छ ।

नेपालको तत्कालीन राणा सरकारको विरुद्धमा नेपाली जनता सङ्गठित हुने क्रम जारिरहेको थियो । नेपाली जनताले त्रिपक्षीय सम्झौताको विरोध गर्दै थिए । वि.सं. २००८ साल (जुन १९५१) मा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल भ्रमणमा आउँदा महिलाहरूले विरोध प्रदर्शन गरेका थिए । यही विषयलाई लिएर "नेपाल महिला सङ्घ" भित्र विवाद सृजना भएको पाइन्छ । स्वयम् कामाक्षादेवीको अन्तर्वार्ताअनुसार नेपाल महिला सङ्घको बैठक एक्जुकेटिभ मेम्बरको बहुमतले निर्णय गरेअनुसार श्रीमाया र शीलवन्ती शाहको नेतृत्वमा नेहरूको विरोधमा कालो झन्डा देखाउने निर्णय गरेका थिए । सोहीअनुरूप कालो झन्डा देखाई विरोध प्रदर्शन पनि गरिएको देखिन्छ । त्यसपछि विवाद सिर्जना भई मंगलादेवीको अध्यक्षतामा "नेपाल महिला सङ्घ" र कामाक्षादेवीको अध्यक्षतामा "नेपाल महिला सङ्घ" नामक एउटै नामका दुई छुट्टाछुट्टै सङ्गठनको निर्माण हुन पुग्यो । यस प्रकार वि.सं. २००८ सालमा कामाक्षादेवीको अध्यक्षतामा निर्माण भएको सङ्गठनको नाम पनि नेपाल महिला सङ्घ रहेको थियो ।[१५६] भनि कृष्णबहादुर थापाले आफ्नो कृतिमा उल्लेख गरेका छन् ।

यहां सोहि सङ्घकी सदस्य रहेकी साहाना प्रधानलाई आधार मानि हेर्दा कामाक्षादेवीको अध्यक्षतामा निर्माण भएको "नेपाल महिला सङ्गठन" लाई नै वि.सं. २०३७ साल फागुन १७ गते पुनर्गठित गरी "अखिल नेपाल महिला सङ्घ" नामाकरण गरिएको देखिन्छ । तत्कालीन समयमा नेपाल महिला सङ्गठनले कम्युनिस्ट विचारमा आस्था राख्ने महिलालाई समेटेको पाइन्छ । सोही सङ्गठनलाई नै पछि गएर तत्कालीन नेकपा (माले) मा आस्था

१५४. शान्ता मानवी, अन्तर्वार्ता, पूर्ववत् ।
१५५. सहाना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।
१५६. कृष्णबहादुर थापा, पूर्ववत्, पृ. १०६-१२२ ।

राख्ने महिलाहरूले पुनर्गठित गर्दै “अखिल नेपाल महिला सङ्घ” नामाकरण गरिएको देखिन्छ ।

यस प्रकार नेपालमा महिलाका विभिन्न सवाललाई मूलमुद्दा बनाएर विभिन्न राजनीतिक पार्टी अगाडि बढ्ने क्रममा आफ्नो भगिनी सङ्गठनका रूपमा महिला सङ्घ खोल्ने काम भएको देखिन्छ र सबै महिलासँग सम्बन्धित सङ्घको उद्देश्य नेपाली महिलालाई सबै प्रकारका बन्धनबाट मुक्त गराई सबै क्षेत्रमा समानताका आधारमा अगाडि बढी समाज विकासमा जुट्नु रहेको देखिन्छ । विद्यमान समयमा महिलाहरूको हक, अधिकार प्राप्तिका निम्ति काम गर्ने विभिन्न राजनीतिक पार्टीको विचारसँग सामिप्यता जाहेर गर्ने निम्न लिखित महिला सङ्घ, सङ्गठनहरू क्रियाशील रहेका देखिन्छन् :–

क) अनेमसङ्घ नेकपा (एमाले)

ख) अनेमसङ्घ (एकता केन्द्र

ग) अनेमसङ्घ (क्रान्तिकारी)

घं) अनेमसङ्घ (माले)

ङ) प्रजातान्त्रिक महिला सङ्घ, नेपाल

च) नेपाल प्रगतिशील महिला सङ्घ

छ) नेपाल महिला सङ्घ (ने.कां.)

ज) नेपाल महिला सङ्घ (ने.कां.प्रजातान्त्रिक)

झ) अखिल नेपाल महिला मञ्च

ञ) राष्ट्रिय प्रजातान्त्रिक महिला सङ्गठन (रा.प्र.पा.)

ट) नेपाल क्रान्तिकारी महिला सङ्घ

समाजमा व्याप्त लैङ्गिक असमानताका विरुद्धमा महिलाहरूलाई जागृत गराउँदै सबै क्षेत्रमा समानताका निम्ति हाल क्रियाशील रहेका देखिन्छन् । सबै सङ्घ, सङ्गठनहको आआफ्नै नीति, नियम, उद्देश्यहरू रहेका पाइन्छन् । आफ्ना आफ्ना ढङ्गबाट महिला आन्दोलनलाई अगाडि बढाउने काम गर्दै आएका पाइन्छन् ।

यसरी स्थापित महिला सङ्घ, सङ्गठनहरूले महिलामाथि थोपरिएका आर्थिक, राजनीतिक, सामाजिक, कानुनी, पितृसत्ता जस्ता शोषणबाट महिलाहलाई मुक्त गराउनका निम्ति आफ्नै कार्यक्रमहरू बनाएर आफ्नो झन्डामुनि गोलबन्द भएकाहरूलाई आन्दोलित गराउँदै आइरहेका छन् । नेपालको महिला आन्दोललाई निरन्तर रूपमा अगाडि बढाउँदै आएका छन् । वि.सं. १९७४ सालबाट महिलाहरू बीचमा सङ्घ, सङ्गठन स्थापना गर्ने कामको प्रारम्भ भएयता धेरै सानाठूला सङ्घ सङ्गठनहरू स्थापना भएका छन् । त्यसमध्ये कोही निस्कृय भए भने कोही स्थापनाकालबाट क्रियाशील रहेका कुनै पनि नाममा केही फेरबदल गरी पुनर्गठित गरी हालसम्म महिलाहरूको माझमा क्रियाशील रहेको छ । कुनै वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् जन्मिएका छन् भने कुनै राजनीतिक पार्टीको विभाजनसँग विभाजित महिला सङ्घ, सङ्गठनहरू रहेका छन् । ती सबैले महिला समानता एवम् स्वतन्त्रताको सवाललाई गम्भीर चासोको विषय बनाउँदै महिला आन्दोलनलाई अगाडि बढाउन आआफ्नै ठाउँमा क्रियाशील रहेकै देखिन्छन् ।

सारमा भन्नुपर्दा विगतका दिनदेखि हालसम्म आइपुग्दा महिलाहरूले धेरै उल्लेख्य कामहरू सङ्घ, सङ्गठनको माध्यमबाट गर्दै आएका देखिन्छन् । सङ्घ, सङ्गठनहरू निर्माण गर्ने मात्र होइन, महिलाहरूलाई आफ्नो अधिकारका बारेमा सचेत गराउनेदेखि लिएर आफ्नो हक अधिकार प्राप्तिका निम्ति डटेर लड्न पनि सिकाउने कार्य गरेका छन् । तसर्थ नेपालको महिला आन्दोलन सामाजिक न्यायको आन्दोलनदेखि राजनीतिक आन्दोलनसम्म जोडिएको देखिन्छ । जसले महिलाहरूलाई सबै प्रकारका आन्दोलनसँग गाँस्दै अगाडि बढाउने कार्य ती सङ्घ, सङ्गठनहरूले गर्दै आइरहेका छन् । यसले के पुष्टि गर्दछ भने नेपालमा महिला सङ्घ, सङ्गठनहरूको स्थापना, निर्माण मात्र गरिएन, नेपाली महिला आन्दोलनलाई पनि निरन्तर रूपमा अगाडि बढाउने काम गर्दै आइरहेका छन् । महिला आन्दोलनको विकास अन्य मुलुकमा भन्दा नेपालमा फरक ढङ्गबाट सुरुवात भई अगाडि बढ्दै आएको छ । तसर्थ सङ्घ, सङ्गठनको स्थापना पनि महिला आन्दोलनको निम्ति पहिलो आवश्यकता हो । तिनै आवश्यकता पूर्ति गर्ने क्रममा स्थापना भई हालसम्ममा केही विकसित भएको मान्नुपर्छ । सबैले आफ्नै गतिमा काम बिस्तार गरेका छन् भने कुनैले सीमित ठाउँमा भए पनि काम गर्दै आइरहेको छ । आफ्नै ठाउँबाट सबैले महिलासँग गाँसिएका सवाललाई प्राथमिकताका साथ उठाउँदै आइरहेको छ । यसरी नेपालमा महिला सङ्घ, सङ्गठनहरू स्थापना भई, आफ्नो साङ्गठानिक संरचना एवम् कामको बिस्तारमा व्यापकता ल्याई विकसित हुँदै गइरहेको पाइन्छ ।

## ५.३ नेपाली महिला आन्दोलनको विकास

नेपाली महिलाहरूको स्थितिलाई नियाल्दा सदियौंदेखि चर्को बन्धन र भेदभावमा परेको देखिन्छ । बन्धनमा परेकाहरू स्वतन्त्रता चाहन्छन् भने भेदभावमा परेकाहरूले समानता

चाहन्छन् । त्यसैले नेपाली महिलाहरू पनि स्वतन्त्रता र भेदभावबाट छुटकाराका निम्ति सन्ताउन्न वर्ष अघिदेखि सङ्गठित रूपले आवाज उठाएँदै आइरहेका छन् ।

हुन त वि.सं. २००४ सालमा स्थापित "नेपाल महिला सङ्घ" भन्दा अगाडि वि.सं. १९७४ मा सिराहामा योगमाया देवी (सर्दार कालीदासकी धर्मपत्नी) को सभानेतृत्वमा "महिला समिति" स्थापित भएको थियो । यस समितिले महिलाहरूको निम्ति शिक्षा, घरेलु इलम एवम् शिल्पकला सिकाउने कार्यक्रमका साथ अगाडि बढेको थियो । महिलाहरू निरन्तर रूपमा महिलासँग गाँसिएका सवालहरूलाई लिएर अगाडि बढी रहेको भएता पनि सङ्गठनले स्थायित्व पाउन सकेको देखिदैंन । यद्यपि महिला आन्दोलनलाई अगाडि बढाउने काम भने गर्दै रहेको देखिन्छ । अन्तत्त्वगत्वा वि.सं. २००४ सालमा स्थापित "नेपाल महिला सङ्घ" स्थापना भएपछि मात्र महिला आन्दोलनलाई सङ्गठित रूपले अगाडि बढाउन थालेको देखिन्छ ।

नेपालमा भएको महिला आन्दोलन र अन्य मुलुकमा भएको महिला आन्दोलनको सूत्रपात अलगअलग रूपबाट भएको पाइन्छ । विशेषतः पश्चिमी जगत्‌का महिलाहरूले समान कामको समान ज्याला, भोट हाल्ने अधिकारको निम्ति लडिरहेको बेला नेपाली महिलाहरूको निम्ति यो विषयभन्दा आफ्नो निम्ति समस्या भनेको सामाजिक कुरिती कुसंस्कारहरू अगाडि देखिएका थिए । पश्चिमी मुलुकका महिलाहरू उच्चतम् राजनीतिक (मताधिकार) अधिकारका निम्ति लडिरहँदा, आर्थिक र राजनीतिक मागलाई प्रमुखता दिएर महिला आन्दोलनलाई अगाडि बढाइरहेको अवस्थामा नेपाली महिलाहरू अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेकाले समाजमा व्याप्त कुरीतिहरू बालविवाह, अनमेल विवाह, बहुविवाह र अशिक्षा जस्ता समस्याले जकडिएका थिए । तसर्थ नेपाली महिलाहरूको निम्ति तिनै समस्याबाट मुक्ति प्राप्त गर्नका निम्ति गरिने आन्दोलन नै उनीहरूले गर्ने महिला आन्दोलन बनेको थियो । जुन आन्दोलनले आम नेपाली महिला एवम् पुरुषलाई सामाजिक असमानता र अशिक्षा जस्ता समस्याहरूलाई हटाई सामाजिक संरचनामा परिवर्तन गर्नुपर्ने जस्ता आवश्यकताका बारेमा जागृत र सचेत गर्नु नै महिला आन्दोलन थियो । यसरी हामीले बुझ्नुपर्ने विषय भनेको समानता, विकास र शान्ति प्राप्तिको लागि महिला आन्दोलनको रणनीतिमा देशको वस्तुस्थितिमा भर पर्ने भएकाले फरक पर्नु स्वाभाविक हुन्छ । तसर्थ महिला आन्दोलनको थालनी पनि अलगअलग ढङ्गबाट सुरुवात भएको हामीले पाएका छौं । अन्य मुलुकमा भन्दा हाम्रो मुलुकमा सामाजिक, आर्थिक एवम् राजनीतिक ढाँचा फरक रहेकाले महिलाहरूको समस्याको उठानमा पनि फरक देखिन्छ नै ।

नेपालको महिला आन्दोलन सामाजिक कुरिती, कुसंस्कारहरूको विरोधबाट सुरुवात भई राजनीतिक आन्दोलनसँग अगाडि बढ्दै आइरहेको छ । नेपाली महिलाहरूले प्रारम्भमा उठाएका समस्याहरू अशिक्षा, बालविवाह अनमेल विवाह, बहुविवाह, सामाजिक अन्याय,

अत्याचार, धार्मिक शोषण जस्ता विषयहरू नै तत्कालीन महिला आन्दोलनको प्रमुख विषय बनेको थियो । जुन समयमा घरबाट छोरी, बुहारीलाई निस्कन दिइँदैनथ्यो । पढ्नको निम्ति कुनै अवसर थिएन । यदि कसैले पढाइहालेमा घरमा नै शिक्षक राखेर पढाइन्थ्यो । यही क्रममा महिलाले शिक्षा आर्जन मात्रै होइन राजनीतिक रूपले पनि प्रशिक्षित भएको पाइन्छ ।[१५७] यस्तो कठिन परिस्थितिमा पनि योगमाया न्यौपाने जस्ता महिलाले समाजमा भइरहेको अन्याय, अत्याचार, शोषणको विरोध गर्नु पनि महिला आन्दोलन नै हो । जुन समयमा जनताले आफ्नो अधिकारका बारेमा आवाज निकाल्न पाउँदैनथे । त्यस समयमा समूहगत रूपबाट भए पनि उनले सशक्त ढङ्गबाट विरोध गरेको कुरा हामीले पाएका छौं ।[१५८] यस प्रकारले प्रारम्भ भएको महिला आन्दोलनले उठाएका समस्याहरू जस्तै महिला शिक्षा, बालविवाह, अनमेल विवाह आदि विषयहरू कानुनी रूपले अन्त्य गरिएता पनि व्यवहारिक रूपमा भने अझै सफलता प्राप्त गर्न सकिएको छैन भन्दा अत्युक्ति नहोला ।

नेपालमा आजभन्दा ६ दशक अगाडि र आजको महिला आन्दोलनको स्वरूपमा फरक आइसकेको छ । अझ उक्त समयभन्दा अगाडि धर्म, संस्कृति, सामन्ती परम्परा, अशिक्षाले गर्दा हाम्रा आमा, हजुरआमाहरू आफूमाथि अन्याय, अत्याचार भएको कुरालाई सहस्र स्वीकार गर्दै आइरहेको कुरा दास प्रथा, सती प्रथाले उन्नत रूप लिएको स्थितिले स्पष्ट पर्दछ । सो प्रथाद्वारा नेपाली महिलाहरू नै बढी पीडित बनेका भए पनि त्यसलाई स्वीकार गर्दै थिए । यसको पछाडि पनि धेरै कारणहरू छन् । तीमध्ये महिलालाई आफ्नो बाटोबाट पन्छाउने पुरुषहरूको मनोकाङ्क्षाले सबभन्दा बढी भूमिका खेलेको इतिहासमा देखिन्छ । यद्यपि त्यसबेला त्यस्ता गलत प्रकारका मनोकाङ्क्षाका विरोधमा महिलाले आवाज उठाएको भए पनि आफ्नो स्वार्थ रक्षाका निम्ति महिलालाई दबाएर नै राखेको पाइन्छ । यद्यपि जति स्वार्थको रक्षा गरे पनि अन्तत्त्वगत्वा त्यस्ता महिलामाथि थोपरिएका गलत प्रथाको अन्त्य नेपाली जनताले गराएरै छोडेको कुरा पनि इतिहासमा छर्लङ्ग देखिन्छ ।

यसरी हुर्कदै आएको महिला आन्दोलनको स्वरूपमा पनि परिवर्तन हुँदै गएको देखिन्छ । महिलाहरूले केवल महिलाको सवाललाई मात्र नभई राजनीतिक सवालसँग पनि आफ्नो आन्दोलनलाई गाँस्न थाले । महिलाहरूलाई राणाशाही व्यवस्थालाई सखाप नपारी महिलाहरूको दुरावस्थामा सुधार ल्याउन सकिंदैन भन्ने चेतनाको विकास भएपछि महिलाहरू पनि राजनीतिक आन्दोलनमा सरिक हुनथाले । यस प्रकार राणा विरोधी प्रजातान्त्रिक आन्दोलमा महिला आन्दोलनलाई समाहित नगरेसम्म महिला अधिकार तथा समानताका कुरा समाधान हुन नसक्ने हुँदा तत्कालीन राणा विरोधी प्रचण्ड गोरखा, रक्तपात कमिटी र प्रजापरिषद्द्वारा योगदान गरेका थिए नागरिक हकहितका निम्ति वि.सं. २००४ सालमा (त्यसबेला नेपालीहरू रैती थिए) राणाशाहीको विरोधमा प्रथम पटक नेपाली रैतीहरू

१५७. साधना अधिकारी, अन्तर्वार्ता, २०५९/४/५ ।
१५८. विद्यादेवी भण्डारी, अन्तर्वार्ता, २०५९/४/२३ ।

सडकमा ओर्लेर "नागरिक अधिकार पाउनैपर्छ । राणाशाही मुर्दावाद" को नारा लगाई नागरिक अधिकारका प्राप्तिका निम्ति गरेका थिए । यस आन्दोलनमा पनि महिलाहरू पछि परेनन् । यही समयदेखि नेपाली महिलाहरूले पनि राजनीतिक कारणले जेलनेल भोग्ने क्रम सुरु भयो ।[१५९] त्यहीताका नेपाली महिलाहरूले "मताधिकार" को माग राख्दै आन्दोलनलाई अगाडि बढाएका थिए । यसरी मताधिकारको माग लिएर श्री ३ पद्मसमशेरको दरबारमा महिलाको प्रतिनिधि पनि गएको थियो । अन्ततः महिलाहरूको प्रतिनिधि मण्डल पद्म शमशेरको अगाडि नझुकेपछि उनीहरूको माग पूरा गरिएको थियो ।[१६०] यसरी नेपाली महिलाहरूको आफ्नै पहलमा तत्कालीन सरकारबाट बालिगमताधिकार प्राप्त गर्न सफल भएका थिए । महिला शिक्षाका लागि विद्यालयहरूको स्थापना सवाललाई समेत ससक्त ढङ्गबाट उठाए महिलाका निम्ति विद्यालयहरू समेतको स्थापना निम्ति तत्कालीन राणाशाही शासनकालमा महिलाहरूले महत्त्वपूर्ण काम गरेका थिए । यसरी पद्मोदय धर्मस्कूल, पद्मकन्याँ स्कुल, कन्या मन्दिर आदि स्कुलहरू खुलेका पाइन्छन् ।

यसरी महिला आन्दोलनलाई प्रारम्भ गरी अगाडि बढाउँदै लाने काम भइरहेको थियो । नेपाली महिला आन्दोलनलाई साहित्यिक शैक्षिक, राजनीतिक आदि कोणहरूबाट पनि महिलाहरूमा आफ्नो स्थितिको बारेमा सचेत गराउँदै आन्दोलित गराउँदै थप बल पुऱ्याउने काम भएको थियो । यसरी विभिन्न कोणबाट महिला आन्दोलनका निम्ति महिलाहरूले योगदान दिँदै आएका छन् । देशका हरेक सामाजिक, राजनीतिक गतिविधिमा महिलाहरू सङ्ख्यात्मक रूपमा थोरै भए पनि लगातार पुरुषसँगसँगै अगाडि बढ्दै आइरहेका देखिन्छन् ।

नेपाली महिलाहरूले वि.सं. २०१७ सालको फौजी काण्डको विरोध गरेका थिए । त्यसपछिका प्रतिबन्धित अवस्थामा समेत महिलाहरूले आफ्ना सम्पूर्ण गतिविधिलाई भूमिगत रूपले सञ्चालन गर्दै काम गर्दै रहेको देखिन्थ्यो । यसरी वि.सं. २०१७ देखि वि.सं. २०३६ सम्म महिला आन्दोलनले खासै उल्लेख्य रूपमा उपलब्धि हासिल गर्न सकेको देखिदैन । यो अवधिमा महिला आन्दोलनले गति लिन सकेको थिएन । त्यसपछि ०३६ सालदेखि ०४६ सालको अवधिमा महिला आन्दोलनले पुनः गतिशील हुन थालेको देखिन्छ । यही अवधिमा महिलाहरूमाथि हुने अन्याय अत्याचार, असमानता, भेदभाव आदि सवालमा महिलाहरूलाई सचेत गराउनका निम्ति अखिल नेपाल महिला सङ्घ, नेपाल महिला सङ्घ अन्य वामपन्थी महिला सङ्घहरू तथा अन्य महिला सङ्घहरूले महत्त्वपूर्ण कार्यहरू गरेको पाइन्छ । सबै महिला सङ्घहरूले आआफ्नै ढङ्गबाट समाजमा व्याप्त सामाजिक कुरीति, कुसंस्कार, महिलामाथि भएका आर्थिक, राजनीतिक, कानुनी, पितृसत्ता आदि विषयमा भएका असमानता एवम् शोषणका विरुद्धमा महिलाहरूलाई आन्दोलित गरिरहेको देखिन्छ ।

---

१५९. साहना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।
१६०. साधना अधिकारी, अन्तर्वार्ता, पूर्ववत् ।

बेश्यावृत्ति, चेलीबेटी बेचबिखन, दाइजो जस्ता अपराधिक घटनाहरूको विरोध गर्दै दोषीमाथि कानुनी कारवाहीको माग राख्ने पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्थाको समेत कुरा उठाउँदै अगाडि बढेका थिए । तत्कालीन पञ्चायती व्यवस्थामा पनि संविधानमा महिलाहरूका सीमित अधिकारको व्यवस्था गरिएता पनि व्यवहारमा लागू थिएन । तसर्थ कानुनी रूपले महिलाहरू सुसज्जित भई समानता चाहन्थे । देशको राजनीतिक, आर्थिक एवम् सामाजिक स्थितिमा सङ्कट देखा पर्दै गएको थियो । भित्रभित्र नेपाली जनता निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यका निम्ति जुटिरहेका थिए । उनीहरूले देशका सबै जनतालाई पञ्चायती व्यवस्थाको अन्त्य प्रजातन्त्रको पुनःस्थापनाका लागि सचेत गराउन थालेको देखिन्छ ।

यसरी नेपाली महिलाहरूको पहलमा नेपालको महिला आन्दोलनलाई निरन्तर रूपमा अगाडि बढाउने काम गर्दै आइरहेका छन् । समयसमयमा आन्दोलनमा सिथिलता आए पनि महिलाहरूमा जाँगरको विज कहिल्यै मरेको देखिदैन । सबै महिला सङ्घहरूले आफ्नै ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउने काम गर्दै रहेका थिए । यसका साथै वि.सं. २०४६ सालको बहुदलीय प्रजातन्त्र प्राप्तिको जनआन्दोलनमा नेपालका महिलाहरू र तिनलाई प्रतिनिधित्व गर्ने विभिन्न सङ्गठनहरूको महत्त्वपूर्ण भूमिका रहेको थियो । यसरी राजनीतिक आन्दोलनमा समेत महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जसले महिलाहरूको राजनीतिप्रतिको चासो र जागरूकतालाई उजागर गर्नुका साथै महिलाहरूको आन्दोलनमा रहेको महिला आन्दोलन र राजनीतिक आन्दोलनको सफलताको निम्ति गरिएको दोहोरो भूमिकालाई समेत स्पष्ट पारेको देखिन्छ । यसरी आन्दोलनमा दोहोरो भूमिका रहेको हुन्छ भने अर्कोतर्फ घरायसी काम पनि महिलाहरूसँगै रहेको हुन्छ । यसरी उनीहरूमाथि दोहोरो तेहरो भूमिकाको जिम्मेवारी रहेको पाइन्छ ।

नेपालको महिला आन्दोलनको विषयहरू समय सँगसँगै थप परिमार्जित हुँदै जान थालेको देखिन्छ । महिलाहरूले उनीहरूमाथि भइरहेको आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, तथा कानुनी असमानताका विरुद्धमा आवाज उठाउनुका साथै समाजमा व्याप्त पितृसत्ताको समेत विरोध गर्न थाले । यति मात्र होइन अन्य मुलुकमा झैं नेपालमा पनि लैङ्गिक असमानताका सवालमा पनि प्रमुखताका साथ आवाज उठाउन थालिएको छ भने समाजमा बढ्दै गएको बलात्कार, चेलीबेटी बेचबिखन जस्ता सामाजिक अपराधको समेत विरोध गरी उक्त सबै प्रकारका दमन, उत्पीडन, असमानता र शोषणबाट मुक्त हुनका निम्ति महिलाहरूले महिला आन्दोलनलाई अगाडि बढाउँदै रहेका छन् ।[१६१]

महिला आन्दोलनको काँधमा धेरै जिम्मेवारीहरू रहेका छन् । जुन जिम्मेवारी आन्दोलनका तमाम सहयात्री, आन्दोलनकारीको काँधमा रहेको छ । महिला आन्दोलनलाई सफलतामा पुऱ्याउन महिलाहरूले धेरै मेहनत र योगदान दिनुपर्ने हुन्छ । यसका निम्ति

१६१. अष्टलक्ष्मी शाक्य, अन्तर्वार्ता, पूर्ववत् ।

महिला, पुरुष दुवै काँधमा काँध मिलाउँदै अगाडि बढ्नुपर्ने हुन्छ । तसर्थ नेपालको महिला आन्दोलनलाई तेजगतिका साथ अगाडि बढाउनका निम्ति महिला समस्यामा केन्द्रित बन्दै सामाजिक अवरोधका विरुद्धमा लड्नु पर्दछ । नेपालमा सबल महिला आन्दोलन विना महिलाको स्थितिमा सुधार एवम् परिवर्तन ल्याउन सकिंदैन । तसर्थ नेपालमा सशक्त महिला आन्दोलनको निम्ति स्वयम् महिलाहरूले नै पहल गर्नु आजको आवश्यकता रहेको देखिन्छ ।

तसर्थ नेपालको सङ्गठित महिला आन्दोलन प्रारम्भ भएयता थप परिमार्जित हुँदै आएका महिलाहरूका आवाज, मागहरूलाई हेर्दा महिला आन्दोलनको विकासका बारेमा स्पष्ट हुन्छ । नेपालको महिला आन्दोलन सङ्गठित रूपले सुरु भएदेखि हालसम्म उठाएँदै आएका आवाज, सरकारसमक्ष प्रस्तुत गरिएका मागहरूका सम्बन्धमा एकमुष्ट रूपले हेर्दा नेपाली महिला आन्दोलनको विकासका बारेमा स्पष्ट हुनेछ । त्यसैले ती आवाज एवम् मागहरूलाई निम्न रुपले सूत्रबद्ध गरिएको छ :

क) शिक्षा प्राप्ति
ख) बालविवाह, अनमेल विवाह, बहुविवाह
ग) नागरिक अधिकार (मताधिकार)
घ) समान कामको समान ज्याला
ङ) तिलक, दाइजो प्रथा
च) सामाजिक सुरक्षा
छ) सम्पूर्ण क्षेत्रमा पुरूषसरह समान अधिकारको माग
ज) चेलीबेटी बेचबिखन र देहव्यापार, बलात्कारको विरोध
झ) घरेलु हिंसा, हत्या, महँगी र अन्य सामाजिक घटनाहरूको विरोध
ञ) कानुनी असमानताको अन्त्य
ट) आरक्षणको व्यवस्था (चुनावमा स्थानीय निकायदेखि संसदसम्म समानुपातिक महिला सहभागिता एवम् नीति निर्णय प्रक्रियामा महिला सहभागिताको माग)
ठ) आर्थिक समानता (पैत्रिक सम्पत्तिमा छोरासरह अधिकार प्राप्तिको माग)
ड) गर्भपतन सम्बन्धी कानुनी व्यवस्था
ढ) महिलालाई विज्ञापनको साधन बनाइएकोमा विरोध
ण) पितृसत्ताको विरोधत)राष्ट्रिय महिला आयोग गठनको माग आदि ।

नेपाली समाजमा व्याप्त लैङ्गिक असमानताको विरुद्धमा व्यापक रूपले महिलाहरूलाई सचेत गराउने कामहरू भइरहेको छ भन्ने विषयलाई माथि सुत्रबद्ध गरिएको मागहरुले स्पस्ट पारेकोछ । यसरी आन्दोलनका क्रममा उठाइएका महिला सवाल र मागहरूलाई गहिरिएर हेर्दा महिलामाथि गरिने शोषणको मूलस्रोतको रूपमा लिङ्गीय विभेद, पतिृसत्ता र वर्गीय शोषण देखा पर्दछ । तसर्थ अबको आन्दोलन तिनै तिन मुख्य स्रोतको विरुद्धमा केन्द्रित बन्नु पर्दछ ।[१८२] यिनै महिला सवाल र मागहरूमा केन्द्रित बन्दै महिला आन्दोलनलाई अगाडि बढाउँदै आइरहेका छन् । महिला आन्दोलनको निम्ति आवश्यक पर्ने सबै आन्दोलनकारीहरू

१८२. शशी श्रेष्ठ, अन्तर्वार्ता, २०५९/६/१ ।

आफ्नै पङ्क्तिबाट निर्माण गर्दै आन्दोलनलाई अगाडि बढाउनु नै आजको आवश्यकता मानिएकोछ ।

## ५.४ नेपालको राजनीतिक आन्दोलन र महिला

नेपालमा वि.सं. २००७ सालसम्म सामन्ती एकतन्त्रीय राणा शासन कायम रहेको थियो । त्यसबेलासम्म नेपाली जनताले पढ्न, लेख्नका निम्ति पनि ठूलो सङ्घर्ष गरी सर्वसाधारण नेपाली जनताका छोराछोरीले पढ्न पाउने व्यवस्थाको प्रारम्भ भएको थियो । यद्यपि नेपाली महिलाहरूको स्थिति नाजुक रहेको थियो । उनीहरूलाई बाल विवाह, बहुविवाह, अनमेल विवाह, जबरजस्ती विवाह जस्ता कार्यले जीवन बर्बाद पारिरहेको थियो । त्यसबेला विधवा विवाह तिरस्कृत र प्रतिबन्धित सरह थियो । महिलाहरू दयाका पात्र बनी पुरूषको दयामा उनीहरूको जीवन गुजारा चल्दथ्यो । त्यसैले महिलाहरूका निम्ति समानता र स्वतन्त्रता बस्तुगत आवश्यकता बनिसकेको थियो ।

नेपाली महिलाहरूले आफ्नो मुक्तिका निम्ति गरेका प्रयत्नहरू अन्यायका विरुद्ध लडेका लडाईंहरूको इतिहास लामो नभए पनि उल्लेख्य भने रहेको देखिन्छ । महिलाहरूले एक्लाएक्लै पनि तत्कालीन समाजमा रहेका कुरीति, कुसंस्कार, अन्यायका विरुद्धमा लडेका थिए । नेपाली महिलाहरूलाई अन्यायको विरुद्धमा लड्न, सङ्गठित हुँदै अगाडि बढी सङ्घर्षको मैदानमा उत्रनका निम्ति भारतीय स्वतन्त्रताको लडाईंले पनि प्रभावित गरेको पाइन्छ । राजनीतिक रूपले सचेत बनेका व्यक्तिहरूद्वारा नै महिलाहरूलाई उत्साहित गरेको पाइन्छ । बि स. १९७४ मा स्थापित महिला समितिका सम्बन्धमा वि.पि.ले भनेका छन् " यो दुई चारजना महिलाहरूको सानो क्लब जस्तो भए पनि यसमा अन्तरनिहित विचार त्यस समयको लागि क्रान्तिकारी महत्त्वको थियो र त्यो पहिलो सङ्गठन थियो । त्यसैले स्त्रीले पुरुषलाई सङ्गठनको क्षेत्रमा जितेका छन्" । यसरी एकतन्त्रीय राणा शासनको अन्त्यका निम्ति जागृत पुरुषहरूले पहल गर्दै महिलाहरूलाई पनि राणा शासनको अन्त्यको निमित आन्दोलित गर्नुपर्ने कुराको महसुस गर्दै समितिको निर्माण गरिएको देखिन्छ । यसका साथै महिलाहरूलाई समानता स्वतन्त्रताको निम्ति आन्दोलित गर्ने उद्देश्यका साथ समिति निर्माण गरिएको थियो तर राणाहरूलाई उक्त कुराहरू सह्य भएन । तसर्थ विभिन्न बहानामा समितिलाई क्रियाशील हुन दिइएन । कोइराला परिवारलाई राजनीतिक आक्षेप लगाई देश निकाला गरिएको थियो । यसका साथै ठेक्का बाँकीका निहुँले समिति सञ्चालक वर्गलाई धरपकड गर्ने योजना गरिएको थियो । त्यसपछि स्व. कृष्णप्रसाद कोइराला पनि उम्केर काँसी गई बसे । त्यसपछि समिति पनि भताभुङ्ग भएको देखिन्छ ।

यसरी महिला आन्दोलनलाई पहिलोपटक सङ्गठित बनी अगाडि बढ्नुपर्छ भन्ने राजनीतिक रूपले सचेत व्यक्तिहरूको पहलमा सुरुवात गर्न पुगेका थिए । यसपछि देशको

परिस्थितिअनुसार नेपाली जनता जागृत, आन्दोलित बन्न थालेका थिए । महिलाहरूले त्यस समयमा राणातन्त्रको अन्त्यका निम्ति विभिन्न माध्यमबाट कामलाई अगाडि बढाउँदै गएको पाइन्छ । यसका साथै महिलाहरूलाई पनि आन्दोलित बनाउँदै लान थालेको पाइन्छ ।

त्यसबेला महिलाहरूलाई घरबाट बाहिर जान कठिन हुन्थ्यो । घरबाट बाहिर निस्किनेहरूले पनि सबै मानिसको निमित्त रमिता हुने गदर्थ्यो । तैपनि महिलाहरूले राणाको विरोध गर्न विभिन्न माध्यम अपनाउँदथे । प्रजापरिषद्को आयोजनामा पहिलो पटक भएको पर्चाबाजीमा रातको एघार बाह्र बजेतिर बीरअस्पतालकी नर्स अष्टकुमारी र चञ्चला मानन्धरले पनि प्रसुतीकालीन औषधिपचारका सामानले भरिएका झोला बोकी रणमुक्तेश्वर, झोछें, इन्द्रचोक, ठँहिटी आदि सहरी इलाकाभित्र पर्चाहरू छरेका थिए ।[१६३] तत्कालीन राणाकालमा बेलुका निश्चित समयमा तोप हानिन्थ्यो र सो तोप चलेपछि सार्वजनिक सडक, बाटाहरूमा मानिसहरूलाई सामान्यतः हिंड्न दिइन्नथ्यो । उनीहरूलाई इन्द्रचोकमा जस्तै अन्यत्र एक दुई ठाउँमा पनि प्रहरीहरूले रोक्दा उनीहरूले सुत्केरी हुन लागेका ठाउँमा जान हतार भएको अभिनय गरी टोपल्थे । बाहिरबाट पनि ब्याग बोकेका यी नर्स महिलाहरूले कम्मरमा केही अवैध वस्तु लुकाएका होलान् भन्ने कुराको प्रहरीहरूले शङ्का पनि गरेनन् ।[१६४]

नेपाली महिलाहरूले राजनीतिक आन्दोलनमा सरिक भएका धेरै उल्लेख्य घटनाहरू रहेका पाइन्छन् । वि.सं. २००४ सालमा तत्कालीन प्रधानमन्त्री पद्मसमशेरको पालामा नागरिक अधिकार आन्दोलनमा महिलाहरू समावेश भएका थिए । यही आन्दोलनको क्रममा साधना अधिकारी, सहाना प्रधान, स्नेहलता र कनकलता जेल परी ७ दिनपछि जेल मुक्त भएका थिए ।[१६५] यसरी नै २००४ सालमा बैशाख २७ गते देशव्यापी रूपमा चलेको सत्याग्रह आन्दोलनको क्रममा काठमाडौं, पाटन, भादगाउँ तिनै शहरमा सत्याग्रहीका छोरीहरूले आकर्षक नाराहरू लगाउँदै मुख्य सहर बजार घुमेका थिए । उनीहरूले “नेपाली रीष्ट्रिय काँग्रेस” लेखिएको प्लेकार्ड बोकेका थिए । उनीहरूका नारा- इन्क्लाब जिन्दावाद, नेपाली राष्ट्रिय काँग्रेस जिन्दावाद, राज हामीले ताकेका छैनौं, ताज हामीले ताकेका छैनौं, केवल हाम्रो दुई वटा माग राजबन्दी छोडिदेऊ, नागरिक अधिकार दिनैपर्छ । मर्न मेटिन तयार छौं, गोलीदेखि डराउँन्नौं आदि थिए ।[१६६]यस्ता आकर्षक नाराहरू लगाउँदै एकतन्त्रीय राणा शासनको अन्त्यको निमित जनताहरू जुटेका थिए । उक्त आन्दोलनमा युवतीहरूको पनि सहभागिता रहेको पाइन्छ ।

यसरी नै वि.सं. २००७ सालको एयरपोर्टकाण्ड र आन्दोलनमा महिला सहभागिता पनि उल्लेख्य नै रहेको थियो । श्री ५ त्रिभुवन भारतप्रस्थान पश्चात् नेपालको स्थिति बुझ्नको

---

१६३. हिमालय श्वरानन्द वैद्य, अन्तवार्ता, २०६०/२/२ ।

१६४. भुवनलाल प्रधान (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रुमु प्रकाशन, पृ. १०८ ।

१६५. साधना अधिकारी, अन्तर्वार्ता, पूर्ववत् ।

१६६. भुवनलाल प्रधान, पूर्ववत्, पृ. २२७ ।

निम्ति ब्रिटिस मिसन निरीक्षणका लागि नेपाल आएको थियो । सो मिसनलाई पत्र दिन र विरोध प्रदर्शन गर्न लाखौं सङ्ख्यामा मानिसहरू एयरपोर्ट पुगेका थिए । जुलुस अगाडि बढ्दै गएपछि प्रहरीले हवाईफायर गरे । सो जुलुस तितरबितर भएको थियो । त्यसबखत शान्ता श्रेष्ठले नभागी निडर भई भनिन्- "लौ सक्छौ भने मलाई हान । यसो भन्दै उनी अगाडि बढिन् तर प्रहरीले उनीमाथि गोली हान्न सकेनन्"।[१६७]यसपछि सबै आन्दोलनकारीहरू एकत्रित भई अगाडि बढे । आन्दोलनमा सबै सहभागीहरू पुनः जम्मा भए र शान्ता श्रेष्ठलाई सबैले उठाएर ब्रिटिस मिसन बसेको गाडीमा राखिदिए । उनले नारा लगाउन अगुवाई गर्न थालिन् ।[१६८] यसरी त्यो आन्दोलनमा शान्ता श्रेष्ठको अगुवाई रहन गएको देखिन्छ ।

वि.सं. २००७ सालमा भएको आन्दोलनमा नेपाली महिलाहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको पाइन्छ । देशका विभिन्न भागका साथै प्रवासमा बसी क्रान्तिलाई सफलताको बिन्दुमा पुऱ्याउनको निमित्त महिलाहरूको योजना उल्लेख्य रहेको पाइन्छ । यसरी नै वि.सं. २००८ सालको डा. के.आई. सिंह काण्ड, वि.सं. २०१० सालको भीमदत्त पन्तको किसान आन्दोलन, वि.सं. २०२८ सालको झापाको सशस्त्र किसान आन्दोलन, वि.सं. २०३६ सालको आन्दोलन एवम् वि.सं. २०४६ सालको जनआन्दोलनमा नेपाली महिलाहरूको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । उक्त उल्लेखित आन्दोलनका उदाहरण मात्र हुन् ।

नेपाली महिलाहरूले राजनीतिक आन्दोलनमा आआफ्नो ठाउँबाट उल्लेख्य योगदान गरेका पाइन्छन् । बि.सं. २०४६ सालको जनआन्दोलनको सफलतामा महिलाहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको थियो । आन्दोलनको एक प्रमुख शक्तिको संयुक्त वाममोर्चाको अध्यक्ष नै साहना प्रधान रहेकी थिइन् । राष्ट्रव्यापी रूपमा महिलाहरू आन्दोलित भएका थिए । नेपाली जनताले प्रजातान्त्र पुनः स्थापनार्थ आफ्नो ज्यानसमेत अर्पेका थिए । यही क्रममा जानकीदेवी यादव, सोनावती यादव, भुवनेश्वरी यादव जस्ता महिलाहरू सहिद भएका थिए ।[१६९] ऐतिहासिक जनआन्दोलनमा युवा महिलाहरू मात्र नभएर वृद्धा महिलाहरू पनि सक्रिय रहेका थिए । यसरी वृद्ध महिलासमेत जनआन्दोलनमा गोलीको कुनै पर्वाह नगरी आगाडि बढेको देखेर आन्दोलनकारीहरूलाई अझ उत्साह बढेर आउनु स्वाभाविक मानिन्छ ।

नेपाली महिलाहरूले वि.सं. २०४६ साल पश्चात् पनि आन्दोलनमा सहभागी भई महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । नेपाली महिलाहरूले महिला आन्दोलनलाई राजनीतिक आन्दोलनबाट पृथक राखेर गरेको आन्दोलन कमै मात्रामा भेटिन्छ । प्रायः सबै आन्दोलन राजनीतिक आन्दोलनको रूपमा उठेर सोही आन्दोलनमा महिला संलग्न भएको पाइन्छ । तसर्थ नेपालको महिला आन्दोलन र राजनीतिक आन्दोलन एक अर्काबाट पृथक

---

१६७. हिमालय श्वरानन्द वैद्य, अन्तर्वार्ता, पूर्ववत् ।

१६८. शान्ता श्रेष्ठ, (२०५२/५३), एयरपोर्ट काण्ड र २००७ सालको आन्दोलनमा महिला सहभागिता, *मूल्याङ्कन,* मासिक, काठमाडौं : अन्तरक्रिया प्रकाशन, वर्ष १४, पूर्णाङ्क ३७, पृ. २२ ।

१६९. *मानवअधिकार वर्षपुस्तक (१९९५)* काठमाडौ : इन्सेक, पृ. ११२ ।

गराउन सकिँदैन । राजनीतिक आन्दोलनको विकास सँगसँगै महिला आन्दोलन पनि विकास हुँदै आइरहेको छ । पहिलाको अवस्थामा भन्दा पछिल्लो अवधिमा महिला आन्दोलन पनि विकसित हुँदै अगाडि बढिरहेको देखिन्छ ।

## ५.५ महिला सङ्गठनहरूका विभिन्न गतिविधिहरू

नेपाली जनताले राष्ट्र, राष्ट्रियता एवम् स्वतन्त्रताको निम्ति आफ्नो जीवनसमेत बलिदान दिएको इतिहास हाम्रो सामु रहेको छ । नेपालको ऐतिहासिक जनआन्दोलन पश्चात् देशमा पुनः प्रजातन्त्र स्थापना भएयता पनि जनताको स्थितिमा परिवर्तन नभएता पनि राजनीतिक परिवेशमा परिवर्तन भएको महसुस गर्न सकिन्छ । यस्तो अवस्थाले महिलाहरूको अवस्थामा समेत प्रभाव परेको पाइन्छ । नेपाली महिलाले जीवनयाँपन एवम् अवस्थामा कुनै परिवर्तनको अनुभूत नै गर्न सकेका छैन । यस स्थितिमा महिलाहरूलाई आफ्नो हक अधिकार प्राप्तको निम्ति आन्दोलित गर्न महिला सङ्घ-सङ्गठनले आआफ्नै रूपले महिलाहरूको बीचमा काम गरिरहेका छन् ।

नेपालमा राजनीतिक पार्टीका भगिनी सङ्गठनको रूपमा प्रत्येक पार्टीसँग सम्बद्ध एकएक महिला सङ्घ रहेका छन् । सबै महिला सङ्घहरूले महिला समानता र स्वतन्त्रताका निम्ति काम गरिरहेका छौं भनिरहेका छन् । यसका साथै विभिन्न गैरसरकारी सङ्घ संस्थाहरू पनि महिला उत्थानका निम्ति जुटिरहेका पाइन्छन् । अर्कोतर्फ सरकारी क्षेत्रबाट पनि महिलाहरूको अवस्थामा सुधार ल्याउनका निम्ति विभिन्न कामहरू हुँदै आइरहेका छन् । नेपाली महिलाको सवाल एक गम्भीर सवालको रूपमा खडा भएको छ । सबैको ध्यान केन्द्रित भएको छ । यद्यपि महिलाहरूमा जागरणको अभियानको खाँचो छ । यस्तो स्थितिमा गुज्रिरहेको महिलाहरूको निमित्त काम गरिरहेका महिला सङ्घहरूमध्ये केही महिला सङ्घले गरेका कामहरूका बारेमा चर्चा गरिएको छ ।

नेपालमा विभिन्न राजनीतिक पार्टीसँग सामिप्यमा रहेर आफ्ना क्रियाकलापहरूलाई अगाडि बढाइरहेका विभिन्न महिला सङ्घहरू रहेका छन् । नेपालको इतिहासमा गौरवमय इतिहास बोकेका नेपाल महिला सङ्घ, अखिल नेपाल महिला सङ्घ एवम् अन्य वामपन्थी महिला सङ्घहरूले विशेष गरी वि.सं. २०४६ पछि विगतको तुलनामा महिला आन्दोलनको निम्ति महत्त्वपूर्ण  भूमिका निर्वाह गरेका छन् । यही समयमा महिलामाथि भएका अन्याय, अत्याचार, समाजमा घटेका सामाजिक असुरक्षा, घरेलु हिंसा आदि विषयमा महिलाहरू सङ्गठित रूपले त्यसको विरोधमा उत्रिएको पाइन्छ । उक्त महिलासङ्घका आआफ्नै उद्देश्य, साङ्गठिनक स्वरूप कार्यक्रमहरू रहेका छन् । सबै सङ्घहरूले आआफ्नै प्रयासले महिलाहरूलाई सङ्गठित गर्ने काम गरिरहेका छन् । यसका साथै महिलाहरूलाई महिला हक

हित एवम् आफ्नो अधिकारका निम्ति जागृत गरी गोलबन्द गर्दै सशक्त रूपले महिल आन्दोलनमा उतार्न नितान्त आवश्यक भएकाले योजनाबद्ध ढङ्गबाट लागिपरेका छन् । यहाँ तिनै महिला सङ्घका बारेमा क्रमशः सङ्क्षेपमा चर्चा गरिएको छ ।

## नेपाल महिला सङ्घ

नेपालमा राजनीतिक एवम् सामाजिक विकृति विसङ्गतिका विरुद्ध उठेका आन्दोलन सँगसँगै महिलाहरूले पनि महिला आन्दोलनलाई अगाडि बढाउने थालेका हुन् । यही क्रममा वि.सं. २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घको स्थापना भएको थियो । सोही सङ्घले लामो समयदेखि महिलाहरूको स्वतन्त्रता, समानता, हकहित र अधिकारका लागि आवाज उठाउँदै आइरहेको पाइन्छ । विगतमा जहानियाँ राणाशासनको विरोधदेखि लिएर निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गर्नसमेत आन्दोलनको मैदानमा उत्रिएको इतिहास बोकेको नेपाल महिला सङ्घ हाल पनि नेपाली महिलाको बीचमा रहेको छ ।

नेपाल महिला सङ्घ एक गौरबमय परम्परालाई अक्षुण राखी वर्तमान अवस्थासम्म आइपुगेको छ । नेपाल महिला सङ्घलाई एकताबद्ध, सुसङ्गठित तथा सक्षमताका साथ सञ्चालन गर्नका निम्ति “नेपाल महिला सङ्घ, २०५८” लाई लागू गरिएको छ । सङ्घलाई समसामयिक, व्यवहारिक एवम् वैज्ञानिक बनाउन नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा महिला विभाग प्रमुख नोना कोइरालाको सक्रियता एवम् संरक्षकत्वमा वि.सं. २०५८ आश्विन १३ देखि १५ गते विराटनगरमा नेपाल महिला सङ्घको पहिलो महाधिवेशन सम्पन्न भएको थियो । सो सम्मेलनले सङ्घलाई क्रियाशील राख्न विधानसमेत पारित गरी लागू गरेको छ । सो विधानमा सङ्घका विभिन्न उद्देश्यहरू समेत उल्लेख गरिएको छ । जुन यस प्रकार छन् ।

क) राष्ट्रियता, प्रजातन्त्र र समाजवादको आदर्श एवम् सिद्धान्तप्रति समर्पित भई निरन्तर र सङ्गठित रूपमा क्रियाशील रहेन ।

ख) महिला वर्गको विकास र संरक्षणका लागि सदैव प्रयत्नशील रही सामाजिक, राजनीतिक र आर्थिक हकहितको संवर्द्धन गर्न निरन्तर अग्रसर रहने ।

ग) समाजमा विद्यमान, सामाजिक, कुरीति, रुढिवादी सङ्कुचित सोचाई र संस्कार विरुद्ध सङ्घर्षरत रहने ।

घ) समाजमा महिला वर्गको स्थान मर्यादित गराउन जागरण ल्याउँदै स्वतन्त्र, समुन्नत, भयमुक्त र समतामूलक समाजको निर्माण गर्न महिला शक्तिको परिचालन गर्ने ।

ङ) महिला वर्गलाई आफ्नो अधिकारप्रति सचेत बनाउँदै राष्ट्र र समाजप्रति उत्तरदायी र कर्तव्यनिष्ठ बनाउने ।

च) समान सिद्धान्त र विचारबाहक अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध विकसित गर्ने ।

छ) प्रजातन्त्रको सुदृढीकरण र वर्गीय हितका लागि सङ्घ नेपाली काँग्रेसको भातृसंस्थाको रूपमा कार्यरत रहने ।

ज) आधा आकाश ओगटेका महिला वर्गलाई विभिन्न नीति निर्माण गर्ने तहमा बढीभन्दा बढी मात्रमा सहयोग पुऱ्याउन पहल गर्ने ।[१६०]

नेपाल महिला सङ्घ सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक क्षेत्रमा पिछडिएका महिला वर्गको बहुआयामिक हकहित संरक्षण र संवर्द्धन गर्दै राष्ट्रियता, प्रजातन्त्र र समाजवादप्रति प्रतिबद्ध रहँदै समतामूलक समाजको सृजना गर्ने उद्देश्य राख्दै[१६१] अगाडि बढिरहेको छ । आफ्नो उद्देश्य प्राप्तिका निम्ति विशेषतः २०४६ सालपछि चलायमान देखिएको छ । वि.सं. २०५८ सालको प्रथम महाधिवेशनले आफ्नो कामलाई व्यवस्थित गर्नका लागि सङ्घको केन्द्रदेखि वडासम्मको कार्यसमितिको प्रारूप तयार गरेको छ । उक्त सङ्घको सङ्गठनात्मक स्वरूप निम्न अनुसार रहेको छ ।[१६२]

---

१६०. *नेपाल महिला सङ्घको विधान २०५८,* काठमाडौं : नेपाल महिला सङ्घ केन्द्रीय कार्यालय, पृ. ३ ।
१६१. *नेपाल महिला सङ्घको विधान,* पूर्ववत्, पृ. १ ।
१६२. *नेपाल महिला सङ्घको विधान,* पूर्ववत्, पृ. २ ।

तालिका नं.– ३

## नेपाल महिला सङ्घको सङ्गठनात्मक स्वरूप

महाधिवेशन

केन्द्रीय समिति

| | |
|---|---|
| केन्द्रीय कार्य सम्पादन समिति | सल्लाहकार समिति |
| अनुशासन समिति | केन्द्रीय निर्वाचन समिति |
| जिल्ला अधिवेशन | जिल्ला कार्य समिति |
| क्षेत्रीय अधिवेशन | क्षेत्रीय कार्य समिति |
| नगर अधिवेशन | नगर कार्यसमिति |
| गाउ अधिवेशन | गाउँ कार्य समिति |
| गाउँ, नगर वडा अधिवेशन | गाउँ नगर वडा कार्य समिति |

*(स्रोत : नेपाल महिला सङ्घको विधान २०५८)*

नेपाल महिला सङ्घले आफ्ना सम्पूर्ण कार्य सम्पादन गर्दा आफ्नो विधानको आधारमा गर्दछ । वि.सं. २००४ सालदेखि तत्कालीन एकतन्त्रीय जहानियाँ राणा शासनको अन्त्य गर्नका निम्ति भूमिगत रूपमा सक्रिय रही सङ्घर्षशील काम गर्दै २०४६ सालको जनआन्दोलनलाई सफलतामा पुऱ्याउन यस सङ्घको महत्त्वपूर्ण योगदान रहेको छ । यस सङ्घले आफ्नै प्रकारको गौरबमय परम्परा एवम् इतिहास बोकेको छ । नेपाली महिला आन्दोलनलाई अगाडि बढाउनका निम्ति महत्त्वपूर्ण योगदान गरी थप इँटा थप्ने कार्य गरेको देखिन्छ ।

नेपाल महिला सङ्घले जनआन्दोलन २०४६ बाट प्रभावित परिवारका बालबालिकालाई सहयोग गर्ने उद्देश्यका साथ २६ जना बालबालिकाहरूलाई आर्थिक सहयोग प्रदान गरेको थियो । यसका साथै सङ्घले अनौपचारिक साक्षरता कार्यक्रम, सिलाई कटाई तालिम,

आयमूलक कार्यक्रम आदि कार्यक्रमहरू सञ्चालन गरेको थियो । जसले महिलाहरूलाई स्वावलम्बी बन्न जागरुक बनाउन सहयोग गरेको पाइन्छ ।[१६३]

नेपाल महिला सङ्घले विभिन्न अन्चल, जिल्लामा महिलाहरूका विभिन्न समस्या एवम् चुनौतीहरूको समाधानका सम्बन्धमा छलफल, गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । यसरी नै तत्कालीन स्थानीय चुनावमा महिलाहरूले कसरी चुनाव जित्ने भन्ने उद्देश्यका साथ विभिन्न जिल्लामा "स्थानीय चुनावमा महिलाको दायित्व" विषयक प्रशिक्षण, गोष्ठी आयोजना गरिएको थियो भने सदनमा दर्ता भएको गर्भसंरक्षण सम्बन्धी विधेयकले महिलाहरूलाई कसरी सुविधा प्रदान गरेको छ, विधेयक पास हुन ठीक छ वा छैन भन्ने जस्ता विषयमा छलफल गोष्ठीको आयोजना गरिएको पाइन्छ । सो छलफलमा सकारात्मक पक्षलाई लागू गर्न सरकारको ध्यानाकर्षण गराउनसमेत यो सङ्घ प्रयत्नशील रहेको थियो ।

यो सङ्गठनले सदनमा विचाराधीन रहेको सम्पत्ति विधेयक संशोधनसहित पास हुनुपर्छ भनी विचार गोष्ठी, सडक आन्दोलन समेत गरेको पाइन्छ । आन्दोलनको क्रममा सदन चालू रहेकै अवस्थामा विधेयक पास हुनुपर्छ भनी सिंहदरवार घेर्दा सङ्घका कार्यकर्ताहरू गिरफ्तार भएका थिए । तत्कालीन सदनमा महिलाका बारेमा बोल्न नचाहने सांसदहरूको विरुद्ध घेराउ, जुलुस र कालोपट्टी जस्ता सङ्घर्ष गरिएको थियो । यसरी नै सङ्घले विभिन्न जिल्लाहरूमा महँगी विरुद्धको विरोधमा, अनौपचारिक शिक्षा कार्यक्रम लगायत महिलाहरूलाई चेतनशील बनाउन विभिन्न कार्यहरू गर्दै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रका गोष्ठीहरूमा महिला समस्याहरूका बारेमा आवाज उठाउँदै आइरहेको पाइन्छ ।[१६४]

यस प्रकार नेपाल महिला सङ्घ चुनावको समयमा पार्टीको झन्डा बोकेर सडकमा भोट माग्न जानेभन्दा पनि महिलाहरू नै उनीहरूको अधिकारका लागि लड्न सकून्, उनीहरूमा राजनीतिक चेतना आउन सक्नुपर्छ भन्ने प्रमुख मान्यता राख्दछ । त्यसका साथै नेपाली काँग्रेसले भने झैं समाजवाद पूरा हुनका लागि देशको आधा भाग ओगट्ने महिलाहरूलाई स्वावलम्बी र चेतनशील बनाउनु पर्ने देखिन्छ ।[१६५] तसर्थ समाजवादमा पुग्नका निम्ति सम्पूर्ण नेपाली महिलाहरू क्रियाशील बनी अगाडि बढ्न पर्दछ ।

नेपाल महिला सङ्घले महिला सवाललाई गम्भीरतापूर्वक उठाउँदै आइरहेको छ र उनीहरू ३३ प्रतिशत महिलाको सहभागिताका बारेमा गम्भीर भएर लागिरहेका छन् । सो सङ्घ पनि महिलाका साझा सवालमा मिल्ने विषयसँग अन्य महिला सङ्घसँग मिलेर जाने

---

१६३. *नेपाल महिला सङ्घ, विगत वर्तमान र चुनौतीहरू* (२०५५), काठमाडौं : नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय, पृ. १९ ।

१६४. *नेपाल महिला सङ्घ, विगत वर्तमान*..., पूर्ववत्, पृ. २१ ।

१६५. *नेपाल महिला सङ्घ, विगत वर्तमान,* पूर्ववत्, पृ. २२ ।

काम गर्दै आइरहेको पाइन्छ ।[१८६] उनीहरूले महिलाका साझा सवालमा आफ्ना राजनीतिक पार्टीभित्र आवाज उठाउँदै आइरहेको पाइन्छ ।

आफ्नो भविष्यको निर्माण र निर्णय महिला स्वयम्ले गरेमा मात्र सम्पूर्ण महिला समुदाय एवम् पूरा जनताहरूले समाजवादको लक्ष्य प्राप्त गर्न सक्षम बन्नेछन् । तसर्थ नेपाल महिला सङ्घले महिला समुदायको स्वार्थका निम्ति जागरुक बन्दै समस्त जनताको निम्ति महिलाहरूलाई आन्दोलित गर्नुपर्ने हुन्छ । जसको निम्ति नेपाल महिला सङ्घलाई निरन्तर रूपमा चलायमान बनाउँदै महिलाहरूलाई क्रियाशील बनाउनुपर्दछ । तब मात्र नेपाली महिलाहरूको आन्दोलन सफलतामा पुग्दछ । जसको निम्ति महिलाहरू निरन्तर रूपमा अगाडि बढिरहेका छन् ।

## अखिल नेपाल महिला सङ्घ

नेपालको महिला आन्दोलनलाई विकसित गर्नका निमित्त नेपालमा अरू महिला सङ्घहरू पनि क्रियाशील रहेका छन् । जसमध्ये अनेम सङ्घ पनि एक मानिन्छ । यसका अलावा अन्य वामपन्थी महिला सङ्घहरू पनि आफ्नै ठाउँमा क्रियाशील रहेका छन् । यहाँ अखिल नेपाल महिला सङ्घ हाल नेकपा (एमाले) सँग सामीप्य जाहेर गर्ने सङ्घको बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।


अखिल नेपाल महिला सङ्घ सबै प्रगतिशिल, प्रजातान्त्रिक, देशभक्त नेपाली मलिाहरुको साझा र स्वतन्त्र संगठनको रुपमा रहेको देखिन्छ । स्वस्थ्य, समृद्धी र सुसंस्कृत समाजको निर्माणबाट नै नेपाली महिलाहरुको राजनीतिक, आर्थिक, सामाजिक, कानुनी, सांस्कृतिक लगायत सबै क्षेत्रमा पुरुष महिला वीच समान अधिकार र सम्मानित नागरीक हक पाउन सक्ने सवालमा दृढ रहदै आएको देखिन्छ । यसका साथै महिलाहरुमाथि भइरहेको सामाजिक भेदभाव, शोषण, असमानताको बिरुद्ध एवम् महिला समानताको लागि महिला आन्दोलनलाई अगाडि बढाइरहेको देखिन्छ । अनेमसङ्घ आफ्नो स्थापना कालदेखि निरन्तर रूपमा महिलाहरूको हक अधिकार प्राप्तिका निम्ति लागिरहेको पाइन्छ । सो सङ्घ वास्तविक अर्थमा महिला समानता एवम् मुक्ति प्राप्तका निम्ति समर्पित हुदै आन्दोलनको विकास गराउदै कामलाई पनि अगाडि बढाउँदै आइरहेको छ । सो सङ्घ सर्वाधिक महिलाहरूको बीचमा पुग्न सफल भएको छ भनिन्छ । यसले सबै अञ्चल, जिल्ला एवम् टोलटोलसम्म

---

१८६. कमला थापा, अन्तर्वार्ता, २०६०/६/१५ ।

आफ्नो कार्य बिस्तार गर्न सफल भएको देखिन्छ । सङ्घले महिलाहरूलाई सङ्गठित गर्ने र योजनाबद्ध ढङ्गबाट अगाडि बढ्नका निम्ति आफ्नै सङ्गठनात्मक ढाँचा तयार गरेको छ ।[१७७] (बिस्तृत जानकारीका लागि अनुसूची ३ हेर्नुहोस्) ।

तालिका नं.– ४




*(स्रोत अखिल नेपाल महिला सङ्घ, विधान, २०५५)*

---

१७७. *अखिल नेपाल महिला सङ्घको विधान (२०५५)*, काठमाडौं : अनेमसङ्घ, पृ. ५ ।

उक्त सङ्गठनात्मक ढाँचाअनुरूप आफ्नो कार्यलाई अगाडि बढाइरहेको पाइन्छ । यसले देशका टोलटोलसम्म कार्य बिस्तार गर्ने काम गर्दै आइरहेको छ । जसले अपेक्षाकृत रूपमा गर्न नसके पनि नेपालको महिला आन्दोलनलाई अगाडि बढाउने काम गर्दै आइरहेको छ ।

अखिल नेपाल महिला सङ्घले आफ्नो चौंथो राष्ट्रिय सम्मेलन (२०५५ पुष ११ देखि १३) ले कार्यक्रम पारित गरी महिलाहरूको बीचमा महिलाहरूको अधिकारका सम्बन्धमा चेतनाको अभिवद्धि गर्ने काम गरिरहेको देखिन्छ । महिला अधिकार मानव अधिकार हो । महिलाहरू अधिकार रक्षाको विषय सिङ्गो समाजको अधिकार र मयार्दासँग गाँसिएकोले समाजबाटै शोषण एवम् अन्याय समाप्त नभएसम्म उनीहरू माथिको शोषण र अन्याय समाप्त हुँदैन । तसर्थ राजनीतिक र वर्गीय मुक्तिको आन्दोलन तथा महिला मुक्तिको आन्दोलनको विषय एक आपसमा अन्तरसम्बन्धित रहेको देखिन्छ ।[१७८]

समाजको प्रगतिशील रूपान्तरण, आम महिला आन्दोलन र महिला मुक्तिको विषयलाई गति दिन अखिल नेपाल महिला सङ्घले "अनेम सङ्घ अभियान" नामक विभिन्न कार्यक्रम लागू गर्ने प्रतिबद्धता जाहेर गरेको छ । सो अनेम सङ्घ अभियानमा महिला सवालसँग सम्बन्धित र्काक्रमहरू यस प्रकार रहेका छन् :

क) आमूल परिवर्तन हाम्रो आम कार्यक्रम ।

ख) सबै क्षेत्रमा महिला सहभागिताको कार्यक्रम ।

ग) महिला अधिकारको लागि ३३ प्रतिशतको कार्यक्रम ।

घ) भेदभाव विरुद्ध बराबर हक अधिकार कार्यक्रम ।

ङ) आर्थिक स्वतन्त्रता र सम्पत्तिको अधिकार अभियान ।

च) दुरुत्साहन दुर्व्यवहार विरुद्धको अभियान ।

छ) कुरीति कुसंस्कार विरुद्धको अभियान ।

ज) भ्रष्ट पूँजीवादी संस्कृति विरुद्धको कार्यक्रम ।

---

१७८. अष्टलक्ष्मी शाक्य, अन्तर्वार्ता, पूर्ववत् । नेपाल

झ) घरेलु  हिंसाको विरुद्ध पारिवारिक अदालतको कार्यक्रम ।

ञ) महिला बेचबिखन विरुद्धको कार्यक्रम ।

ट) साक्षरता र जागरणको कार्यक्रम ।

ठ) सामाजिकीकरणको कार्यक्रम ।

ड) पेसा तथा व्यवसायमा संलग्न महिलाहरूप्रति ऐक्यबद्धताको कार्यक्रम ।

ढ) श्रम शोषण विरुद्ध महिला सशक्तीकरणको कार्यक्रम ।[१७९](बिस्तृत जानकारीका लागि अनुसूची ४ हेर्नुहोस् ।)

आफ्नो उद्देश्यलाई विभिन्न विषयहरूमा केन्द्रित गरी बेग्लाबेग्लै ढङ्गले उठाइरहेको देखिन्छ । यस प्रकार उत्पीडन, असमानता, उपेक्षा, शोषण, दासता, अशिक्षा, दरिद्रता आदिबाट महिलाहरूलाई मुक्त गरी उनीहरूको उत्थान, विकास र संबर्द्धनको लागि महिला मुक्तिको बाटोमा अघि बढ्नु अनेम सङ्घको प्रमुख उद्देश्य रहेको  छ । तर राज्यसत्तामा शोषणमूलक सामन्तवादी, पूँजीवादी, शक्तिहरू विद्यमान रहेसम्म महिला मुक्ति सम्भव छैन । अतः महिला मुक्ति लगायत अन्य सामाजिक मुक्तिको लागि राज्यसत्तामा आमूल परिवर्तन हुन आवश्यक हुन्छ । अतः शोषण र असमानतामा आधारित राज्य एवम् समाज व्यवस्थामा परिवर्तन गरी महिलाहरूको निमित स्वततन्त्रता, समानता र विकास सुनिश्चित गर्नु अनेमसङ्घको मूल उद्देश्य रहेको देखिन्छ ।[१८०]

अनेमसङ्घले आफ्नो कार्यक्रम र उद्देश्यअनुरूप देशव्यापी रूपमा विभिन्न कार्यहरू गर्दै आइरहेको पाइन्छ । सङ्गठन बिस्तार एवम् सदस्यता बितरण जस्ता महत्त्वपूर्ण कार्यलाई पनि निरन्तरता प्रदान गर्दै आइरहेको छ । नेपालको महिला आन्दोलनलाई विकसित गराउने एवम् निरन्तरता दिने जस्ता महत्त्वपूर्ण कामलाई पनि अगाडि बढाउँदै आइरहेको छ । यसका साथै विभिन्न जिल्ला, इलाका, गाउँस्तरसम्मको भेलामा नेतृत्व विकास, महिला मुक्तिको सवाल, राष्ट्रिय परिस्थिति, कानुनी सवालमा, समाजिक स्थितिको सवालमा महिलाहरूलाई प्रशिक्षित गर्ने काम भएका छन् । देश तथा विदेशमा प्रजातन्त्र, राष्ट्रियता र मानव अधिकार विरोधी क्रियाकलापको विरोध तथा भर्त्सना गर्दै विभिन्न बेलामा राष्ट्रिय प्रजातन्त्र, मानव अधिकारको पक्षमा दृढ रहँदै आएको तथ्यलाई अनेम सङ्घले प्रेश विज्ञप्तिबाट जाहेर गर्दै

१७९. अखिल नेपाल महिला सङ्घ कार्यक्रम (२०५५), काठमाडौं : अनेमसङ्घ  ।
१८०. शान्ता मानवी, अन्तर्वार्ता, पूर्ववत् ।

आइरहेको देखिन्छ ।[१८१] यसरी नै विभिन्न जिल्लाहरूमा साक्षरता कक्षा सञ्चालन, महिलाहरूलाई परेका समस्याहरू मुद्दामामला, दाइजो, बहुविवाह, सम्बन्ध विच्छेद, अंश बेचबिखन जस्ता सवालहरूमा कानुनी सहयोग नियमित रूपमा प्रदान गर्ने काम भइरहेको छ । महिलाहरूको पहलमा देशका विभन्न जिल्लामा पाटी, पौवा, धारा, चौतारा बनाउने, वृक्षारोपण गर्ने, सरसफाई अभियान सञ्चालन गर्ने, स्वास्थ्य शिविर सञ्चालन गर्ने आदि सामाजिक कार्यहरू पनि सञ्चालन गर्दै आइरहेको देखिन्छ ।

यस प्रकार अखिल नेपाल महिला सङ्घले सामाजिक क्रियाकलापमा महिलाहरूलाई सहभागी गराउँदै क्रियाशील बनाउने  काम गर्दै रहेको छ । यसका साथै लामो समयदेखि निरन्तर रूपमा द्यौसीभैलो र तीज जस्ता पर्वलाई पनि नयाँ ढङ्गले जनवादी नाच, गीतका साथ मनाउँदै आइरहेको छ भने तिजी गीतको पुस्तक, गीति क्यासेट प्रकाशन गर्ने काम भइरहेको छ । सोही सङ्घको आयोजनामा समयसमयमा सांस्कृतिक कार्यक्रम, फिल्म प्रदर्शन, नाटक प्रदर्शन जस्ता कार्यहरू हुँदै आएका छन् । यसरी अनेमसघको अगुवाईमा हरेक क्षेत्रमा महिलाहरूलाई संलग्न गराउँदै उनीहरूको क्षमता, योग्यता, क्रियाशीलतालाई सामाजिक विकासको निम्ति महत्त्वपूर्ण एवम् आवश्यक छ भन्ने कुरालाई उजागर गराएको देखिन्छ ।

सामाजिक परिवर्तनको निम्ति महिला सहभागिताको अनिवार्य आवश्यकता पर्दछ । त्यसको निम्ति महिलाहरू स्वयम् क्रियाशील बन्नुपर्दछ । उनीहरू न्याय, समानता, अधिकार, इज्जत प्राप्तिका लागि निरन्तर सङ्घर्ष गर्दै आइरहेका छन् । सङ्घले महिलाहरू बीच राजनीतिक, सामाजिक रूपमा चेतना जगाउने, सङ्गठित गर्ने कामका साथै राष्ट्रियताको रक्षा, प्रजातन्त्र प्राप्ति र रक्षाको महत्त्वपूर्ण योगदान गर्दै आइरहेका छन् ।[१८२] यसरी महिला आन्दोलनलाई निरन्तर अगाडि बढाउने क्रममा अनेम सङ्घले माथि उल्लेखित कार्यहरू गरेर इँटा थप्ने काम गरेको छ । जसले सामाजिक रूपान्तरणका निम्ति महिलाहरूको सक्रियताको पनि आवश्यकता पर्ने विषयलाई पुष्टि गरेको छ ।

नेपालमा महिलाहरूको निम्ति काम गर्ने अन्य महिला सङ्घहरू पनि रहेका छन् । ती महिला सङ्घ पनि महिला हक, हितका निमित्त नै भनेर काम गरिरहेका छन् । वामपन्थी महिला सङ्घहरूमध्ये अखिल नेपाल महिला सङ्घ पनि विभिन्न नेपाल कम्युनिस्ट पार्टीहरूका सामिप्यमा रहेर काम गर्दै आएका छन् । सबै सङ्घका आआफ्ना प्रकारका कार्यक्रमहरू, उद्देश्यहरू, सङ्गठनात्मक स्वरूप रहेका छन् । सबै सङ्घले विभिन्न महिला सङ्गठनका बारेमा आआफ्नै दृष्टिकोण तयार गरेका छन् । सबैले आआफ्नै ढङ्गले महिला

---

१८१. अखिल नेपाल महिला सङ्घ, *प्रतिवेदन तथा प्रस्तावहरू (२०५१),* काठमाडौं : अनेमसङ्घ, केन्द्रीय प्रचार विभाग, पृ. ९ ।

१८२. अष्टलक्ष्मी शाक्य, अन्तर्वार्ता, पूर्ववत् ।

आन्दोलनको सम्बाहकको रूपमा आफूलाई उभ्याएका छन् । सबैले महिला आन्दोलनको निमित्त केही न केही काम गरिरहेको देखिन्छ ।

## अखिल नेपाल महिला सङ्घ (अ.ने.म.सङ्घ)

अखिल नेपाल महिला सङ्घ (अ.ने.म.सङ्घ) पनि वामपन्थी पार्टीहरू मध्येकै एक भगिनी सङ्गठनको रूपमा रहेको छ । यो सङ्घ नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्रसँग सामिप्यता जाहेर गर्दछ । यस सङ्घले पनि महिलाहरूको बीचमा आफ्नो कार्यक्रमलाई लाने काम गरिरहेको छ । कामको बिस्तार अपेक्षाकृत रूपमा हुन नसकेको भए पनि प्रयत्नशील रहिरहेको छ ।

समाजमा महिलाहरूलाई मर्यादित बनाउनको निम्ति आवश्यक हुने सभा, गोष्ठी, प्रशिक्षण, अन्तर्क्रिया, जुलुस आदिद्वारा चेतना जगाउन प्रयत्नशील रहनुका साथै सङ्गठनको गतिविधिको जानकारी र ज्ञान दिलाउन, शिक्षित र जागरुक बनाउन आवश्यकता अनुसारका सामग्रीहरूको प्रकाशन गरी वितरण गर्ने कार्यमा जोड दिने, देशका हरेक वर्ग र समुदायले चलाउने न्यायपूर्ण सङ्घर्षमा सरिक हुने, पुरुष प्रधान मूल्य मान्यतालाई ध्वस्त गरी नारीपुरुष समानतामा आधारित समाज निर्माण गर्न प्रयत्नशील रहने जस्ता उद्देश्यहरू रहेका छन् ।[१८३]

सामाजिक रूपले महिलाहरूलाई पछाडि पारिएको कुरा सर्वविदित भएकै विषय हो । तसर्थ महिलाहरू पुरुष समान रूपले अगाडि बढ्न चाहन्छन् । महिला मुक्तिको समस्यासँग अभिन्न रूपले गाँसिएको छ भन्दै यस सङ्घले महिला मुक्ति आन्दोलनलाई नेपाली जनताको आमूल परिवर्तनको आन्दोलन वा नयाँ जनवादी क्रान्तिको अभिन्न अङ्गको रूपमा परिभाषित गर्दै आएको छ । महिलामाथि भएका सबै खालका असमानता, भेदभाव, अन्याय, अत्याचार र सबै प्रकारका उत्पीडनका विरुद्धमा अ.ने.म.सङ्घ क्रियाशील रहनुका साथै नेपाल र नेपाली समाजको रक्षाको निम्ति, राष्ट्रिय स्वाधीनताका निम्ति गरिएका सङ्घर्षमा पनि महिलाहरू अग्रिम मोर्चामा रहँदै आएका छन् । यसका साथै जनतन्त्र र जनजीविकाको निम्ति देखापरेका समस्या समाधानका निम्ति चलेका सङ्घर्षहरूमा पनि अनेमसंले आफ्नो सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ ।[१८४] यस सङ्घले सुन्दरी प्रतियोगिता, जाँड, रक्सी विरोधी कार्यहरू पनि गर्दै आएको देखिन्छ । यसरी नै बाटो मर्मत, प्रौढकक्षा सञ्चालन, आयमूलक काम, चौतारो निर्माण जस्ता कामहरू पनि गर्दै आएको देखिन्छ ।

---

१८३. अखिल नेपाल महिला सङ्घ, *प्रतिवेदन, समसामयिक प्रस्ताव तथा विधान (२०५७),* काठमाडौं : अ.ने.म.सं., केन्द्रीय समिति पृ. ३८ ।

१८४. अखिल नेपाल महिला सङ्घ, पूर्ववत्, पृ. २० ।

नेपाली महिलाहरूको अवस्थामा सुधार ल्याउनका निमित्त अन्य महिला सङ्घहरू पनि क्रियाशील रहेका देखिन्छन् । सबै सङ्घले महिला समानताका निम्ति सङ्घर्ष गर्दै आइरहेका छन् । महिला समुदायमाथि सदियौंदेखि थोपरिएका दमन उत्पीडन र शोषणका विरुद्धमा कार्यरत रहेका छन् । यसरी महिला हक, अधिकार प्राप्तिका लागि एवम् मर्यादाको संरक्षणका लागि सबै सङ्घहरू आआफ्नै ढङ्गले कार्यरत भई आइरहेका छन् जसले नेपालको महिला आन्दोलनलाई विकसित गर्नका लागि थप ईंटाको काम गरिरहेको छ ।

नेपालमा महिला आन्दोलनको विकास राजनीतिक आन्दोलनसँग गाँसिएर आएको पाइन्छ । नेपालको राजनीतिक आन्दोलनबाट महिलाले केही अधिकार प्राप्त गर्नसमेत सफल बनेका छन् । यद्यपि उनीहरू ती अधिकारलाई समुचित उपयोग गर्न सकिरहेका छैनन् । उनीहरूमा हिनभावनाले घर गरेकाले अपेक्षाकृत रूपले अगाडि बढ्न सकेका छैनन् । तसर्थ यस्ता महिलाहरूको निम्ति बाधक सबैखाले हिनभावना, परास्रयी जस्ता कुरालाई हटाउनु पर्ने आवश्यकता देखिएको छ ।

नेपाली जनता लामो समयदेखि अन्याय अत्याचारमा पिल्सिएका थिए । तत्कालीन एकतन्त्रीय जहानियाँ राणा शासनमा जनतामाथि भएका अन्याय, अत्याचारका विरुद्धमा नेपाली जनताहरूले विभिन्न गतिविधिहरू सञ्चालन गर्ने क्रममा महिलाहरूले पनि महत्त्वपूर्ण योगदान दिएका थिए । यही क्रम सँगसँगै महिलाहरूमा पनि चेतनाको विकास हुन थाल्यो । महिलाहरूले समाजमा व्याप्त कुरीति, कुसंस्कार, बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता महिलामाथि थोपरिएका शोषणका विरुद्धमा महिलाहरू लाग्नथाले । यसरी नेपालको राजनीतिक आन्दोलनसँगै महिला आन्दोलनको पनि विकास गर्दै महिलाहरू अगाडि बढ्नथालेको देखिन्छ ।

नेपालमा महिला सङ्घ स्थापना भएपछि सङ्गठित रूपमा महिला अधिकारका कुराहरू उठ्न थालेको पाइन्छ । महिला सङ्गठन स्थापना विभिन्न समयमा राजनीतिक पार्टीको स्थापना सँगसँगै भगिनी सङ्गठनको रूपमा भएका थिए । ती सबै महिला सङ्घहरूले आआफ्नो ढङ्गबाट महिलाहरूको बीचमा काम गर्दै रहे, हाल पनि गरिरहेका छन् । कतिपय छोटो अवधिपछि निस्कृय बन्न पुगे । नेपालमा महिला सङ्घ, सङ्गठनहरूले महिला आन्दोलनलाई निरन्तर रूपमा अगाडि बढाउने काम गरिरहेका छन् । यसका साथ साथै महिला सङ्घ, सङ्गठनहरू स्थापना भई आफ्नो साङ्गठनिक संरचनामा, कामको बिस्तारमा व्यापकता ल्याई विकसित हुँदै गइरहेका छन् ।

सारमा भन्नुपर्दा नेपालमा महिला आन्दोलन महिलाहरूको सामाजिक मान मर्यादासँग गाँसिएका कुरीति, कुसंस्कार, बालविवाह, अनमेल विवाह, बहुविवाह, दासप्रथा, सतीप्रथा, शिक्षा, स्वास्थ्य आदिबाट उठाउँदै आर्थिक, राजनीतिक, पितृसत्तात्मक शैलीको विरोध गर्दै वर्तमान अवस्थासम्म आइपुगेको पाइन्छ । विश्वमा देखापरेको महिलावादी आन्दोलनको

प्रभाव नेपालमा पनि परेको देखिन्छ । यसरी नेपालको महिला आन्दोलन सामाजिक कुरीति, कुसंस्कारको विरोधबाट प्रारम्भ भई राजनीतिक आन्दोलनसँग गाँसिदै अगाडि बढिरहेको देखिन्छ । नेपालको महिला आन्दोलनका विषयहरू समयसँगै थप एवम् परिमार्जित हुँदै जान थालेको देखिन्छ । यसका साथै लैङ्गिक असमानताको विषयलाई पनि प्रमुख विषय बनाई उठाउन थालिएको छ भने समाजमा बढ्दै गएको बलात्कार, चेलीबेटी बेचबिखन जस्ता सामाजिक अपराधको समेत विरोध गर्न थालिएको पाइन्छ । यस प्रकार सबै प्रकारका दमन, उत्पीडन, असमानता र शोषणबाट मुक्त हुनका लागि महिलाहरूले महिला आन्दोलनलाई अगाडि बढाउँदै आइरहेका छन् । यसको निम्ति सबै महिला सङ्घहरूले आआफ्नै ढङ्गबाट आआफ्नै सङ्गठनात्मक ढाँचाबाट कामको बिस्तार गर्ने काम भइरहेको देखिन्छ ।

नेपाली महिला आन्दोलनलाई अपेक्षाकृत रूपबाट अगाडि बढाउन सकिएको छैन । महिला मुक्तिका सवाललाई केन्द्रबिन्दु बनाएर महिला सङ्घहरू अगाडि बढ्न सकेका देखिदैनन् । यद्यपि महिलाहरूको स्रोतमाथि कम पहुँच रहनु, कमजोर सामाजिक हैसियत रहनु, अवसरबाट बन्चित रहनु, अधिकारबाट विमुख हुनु, जात, वर्ण, लिङ्ग, धर्म, नागरिकता, पेसा आदिमा असमानता स्पष्ट देखिनु, समाजका प्रत्येक तहमा भएको असमानताको अन्त्यका लागि महिलाहरुले सञ्चालन गरेका महिला आन्दोलनको परिणाम स्वरुप महिलाको अवस्थामा अगाडि भन्दा पछिल्लो अवधिमा केहि परिवर्तन भएको महसुश हुन्छ । यसरी नेपाली महिला आन्दोलनमा लैंगिक असमानताको सिद्धान्तमा आधारितभई नेपालको महिला आन्दोलन समयसापेक्ष रुपले विकसित हुँदै आफ्नो दायरालाई समेत फराकिलो पारी अगाडि बढिरहेको देखिन्छ ।

❑❑

## अध्याय- छ

# नेपालको राजनीतिक महिला आन्दोलन (२०४७-२०६०)

## ६.१. ऐतिहासिक पृष्ठभूमि

नेपालको इतिहासमा महिला अधिकार एवम् समानता प्राप्तका निम्ति गरेका आन्दोलनका विषयमा पर्याप्त मात्रामा चर्चा गरिएको पाइँदैनथ्यो । आफ्ना अधिकारका निम्ति राजघरानिया महिलाहरू पनि आफ्नो ठाउँमा सङ्घर्ष गरेर नै राज्य सञ्चालनमा संलग्न रहेका थिए भन्ने कुरामा थोरै भए पनि इतिहास बोलेको पाइन्छ ।

नेपाली महिलाहरू लिच्छवी कालदेखि राज्य सञ्चालनमा सहभागी रहेको पाइन्छ । त्यसताका राजा मानदेवकी आमा राज्यवतीको राजनीतिमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । उनले राजा धर्मदेवको मृत्युपश्चात् सती जाने चासो देखाउँदा राजा मानदेव र अन्य जनसमूदायले पनि राज्य विस्तार कार्यमा सहयोग गर्नुपर्ने आवश्यकताले गर्दा सती जानबाट रोकेको देखिन्छ ।[१८५] नेपालको राजनीतिमा महिलाहरूको सहभागिता मध्ययुगीन नेपालमा देवलदेवी, नायकदेवी, राजलदेवी आदि महिलाहरूले समेत राज्य सञ्चालनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

आधुनिक नेपालको इतिहासमा राज्य सञ्चालनमा महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । खासगरी महारानी चन्द्रप्रभावती, राजेन्द्रलक्ष्मी र राज्यलक्ष्मीको राज्य सञ्चालनमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । राज्य सञ्चालनमा नेपाली महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको थियो भन्ने कुरा इतिहासमा चर्चा गरिएको पाइन्छ । यद्यपि पछिल्लो कालमा भने सर्वसाधारण महिलाहरूको पनि विभिन्न क्षेत्रमा रहेको सहभागिता एवम् भूमिकाका बारेमा उल्लेख गरेको पाइन्छ ।

नेपालमा सर्वसाधारण महिलाहरूले आफ्नो अधिकारका विषयलाई उठाउँदै आएको इतिहास धेरै लामो देखिँदैन । योजनाबद्ध रूपले महिलाहरूको सवाललाई उठाउन वि.सं. १९७४ मा स्थापित “महिला समिति” नामक संस्थाले डेढ वर्षको अवधिमा पनि मेचीदेखि

१८५. शिवमाया तुम्बाहाङ्फे (२०५९), *नेपालमा महिला आन्दोलन (२००४-२०४६)*, काठमाडौं अनेमसङ्घ, पृ. २० ।

महाकालीसम्म सङ्गठन विस्तार गर्न नसके पनि शिक्षा प्रचार, महिलाहरूलाई घरेलु इलम तथा शिल्पकला सिकाउनेजस्ता उद्देश्य राखेर महिलाहरू आन्दोलित बनी अगाडि बढिरहेको थिए ।[१८६] राणाकालीन समयमा कठिन परिस्थिति भए पनि जनता जागरूक र सचेत बन्ने क्रम बढ्दै गइरहेको थियो । यही क्रममा महिलाहरू पनि सङ्ख्यात्मक रूपमा थोरै भए पनि पुरुषहरू सँगसँगै अगाडि बढिरहेको अवस्था देखिन्छ ।

महिलाहरूको आन्दोलन शिक्षा, शिल्पकला, घरेलु इलमजस्ता सवालबाट प्रारम्भ हुँदै क्रमशः घुँघटप्रथा (टाउको छोप्ने) को विरोधो, साहित्यको माध्यमबाट समेत तत्कालीन राणाकालीन समयमा आफ्ना माग अगाडि सार्दै राणा विरोधी गतिविधिमा संलग्न रहेका थिए । यसरी समय सँगसँगै अगाडि बढ्ने क्रममा विभिन्न राजनीतिक आन्दोलनमा समेत महिलाहरूको योगदान विशेष उल्लेखनीय रहेको थियो । यसका साथै योगमाया न्यौपानेले पनि आध्यात्मिक धाराबाट राणाशाहीको विरोध गर्दै महिलाहरूको हितका निम्ति कल्याणकारी सामाजिक सुधार होस्, राणाशाही अत्याचारको अन्त्य होस्, पुरोहितवादको अमानवीय चलनको खारेजी गरियोस्, समाजमा प्रचलित ठूला-साना मानपाथीको विरोधजस्ता मागहरू अगाडि सार्दै राणाशाहीको विरोध गरेकी थिइन् । उनका मागहरू सामाजिक सुधार र सामाजिक न्यायको पक्षमा, महिला र विधुवाको पक्षमा, सामाजिक विसङ्गति विकृतिका रूपमा रहेका प्रचलन एवम् अन्धविश्वास, घूसखोरीको विरूद्धमा, वन-जङ्गल र चरनको सुरक्षाका सम्बन्धमा, जातपात, छूवाछूत, चर्को ब्याज आदिको नियन्त्रणका सम्बन्धमा केन्द्रित रहेको देखिन्छ ।[१८७]

नेपाली महिलाहरूद्वारा सञ्चालित महिला आन्दोलन क्रमश विकास हुँदै जाने क्रममा मताधिकारको सवाल पनि थपिन गएको देखिन्छ । यसले महिलाहरूलाई राजनीतिक रूपले सचेत गराउँदै अगाडि बढाउन थालेको देखिन्छ । महिलाहरू पनि राजनीतिक पार्टीको जन्म सँगसँगै राजनीतिमा क्रियाशील बन्दै उनीहरू आफूलाई राजनीतिक विकाससँगै विकसित गर्दै अगाडि बढ्न थालेका थिए । यसका साथै वि.सं. २००४ सालमा नेपाल महिला सङ्घको स्थापना गरी सङ्गठित रूपबाट अघि बढेका थिए ।[१८८] परिणामस्वरूप वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएको थियो । त्यसपश्चात् महिलाहरू पनि सङ्गठित बन्दै आ-आफ्ना अधिकारका कुरालाई अझ सशक्त रूपले उठाउन थालेको देखिन्छ ।

नेपालमा महिला आन्दोलनको विकास हुने क्रममा क्रमशः मागहरू पनि थपिँदै गए । सम्पूर्ण राजनीतिक पार्टीहरू प्रतिबन्धित रहेकै अवस्थामा भए पनि महिलाहरूले भूमिगत

१८६. पं.तारानाथ उपाध्याय (२०१५), महिला समिति, *स्वास्नीमान्छे*, पृ. २५ ।
१८७. लेखनाथ भण्डारी (२०५७), *ती पहिलो विद्रोहिणी योगमाया,* काठमाडौं : नेपाल अध्ययन केन्द्र पृ. १११ ।
१८८. भुवनलाल प्रधान (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रूमु प्रकाशन, पृ. २७५ ।

रूपले लुकिछिपी आफ्नो गतिविधिलाई सञ्चालन गरिरहेका थिए । उनीहरूले आफ्ना मागमा पैत्रिक सम्पत्तिमा छोरा र छोरीमा समान अधिकार, राजनीतिमा समान सहभागिताका सवाललाई समेत थप गरेको देखिन्छ । क्रमशः सबै क्षेत्रमा महिला सहभागिताका सवाललाई प्रमुखताका साथ उठाउन थालिएको पाइन्छ ।[१८९] यसरी वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् महिला आन्दोलनमा थप गति आएको देखिन्छ । महिलाहरूका अगाडि समस्याहरू अझ जटिल बन्न थालेका थिए । आन्दोलनको सञ्चालन एवम् मागहरूमा समेत परिवर्तन हुन थालेको देखिन्छ ।

नेपालको महिला आन्दोलन महिलाहरूको सामाजिक मान, मार्यादासँग गाँसिएका सामन्ती कुरीति, कुसंस्कार जस्तै बालविवाह, अनमेल विवाह, बहुविवाह, दासप्रथा, सतीप्रथा आदिबाट उठाउँदै आर्थिक, राजनीतिक, धार्मिक, पितृसत्तात्मक शैलीको विरोध गर्दै अगाडि बढ्दै यस स्थितिसम्म आइपुगेको पाइन्छ । नेपाली महिलाहरूको अगाडि दिन प्रतिदिन थप समस्याहरू थुप्रिरहेको देखिन्छ । उनीहरूलाई यथास्थानमा राख्नका लागि नयाँनयाँ असमानताको जालो फैलाउने काम भइरहेको पाइन्छ ।

नेपालमा भइरहेका महिला समानताका प्रयासहरू प्रारम्भदेखि नै राजनीतिक आन्दोलनसँग सम्बद्ध रहँदै आएको देखिन्छ । यसरी राजनीतिक आन्दोलनको मूल उद्देश्यसँग आबद्ध रहेर सोही आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ उठ्ने गरेको महिला समानताको आन्दोलनले राजनीतिक रूपले महत्त्व पाउन सके पनि सामाजिक रूपले पाउन सकेको देखिदैन । जस्तो कानुनी अधिकार प्राप्त गरे पनि त्यसलाई व्यवहारमा प्रयोग गर्ने सवालमा समस्या देखिने गर्दछ । वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पश्चात् पनि राजनीतिक आन्दोलन सँगसँगै सामाजिक आन्दोलनको रूपमा महिलाहरूले आन्दोलनलाई अगाडि बढाइरहेको देखिन्छ ।

समाजमा महिला स्वतन्त्रता एवम् समानताका सवालमा केन्द्रित बन्दै विभिन्न महिला सङ्घहरूले आन्दोलन गरिरहेको देखिन्छ । न्यायप्रेमी महिलाहरू बीच राजनीतिक, सामाजिक रूपमा चेतना जगाउने, सङ्गठित गर्ने कामका साथै राष्ट्रियताको रक्षा, प्रजातन्त्र प्राप्ति रक्षाको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । नेपाली महिलाहरू राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, कानुनी, पितृसत्ता जस्ता असमानता एवम् शोषणहरूबाट मुक्त हुनका लागि निरन्तर रूपमा आन्दोलित बनिरहेका छन् । उनीहरू सबै क्षेत्रमा समानताको निम्ति लडाईं लडिरहेका छन् । महिला आन्दोलनलाई समयानुसार परिष्कृत र परिमार्जित गर्दै अगाडि बढिरहेका छन् । यद्यपि यहाँ राजनीतिक आन्दोलनसँग सम्बन्धित आन्दोलनलाई मात्र केन्द्रित गरी महिला आन्दोलनको बारेमा चर्चा गरिएको छ ।

---

१८९. मालती सुब्बा, अन्तर्वार्ता, २०५९। १०। ५ ।

## ६.२. विभिन्न आन्दोलनमा महिलाहरूको भूमिका

नेपालको महिला आन्दोलन भनेर छुट्टै रूपले गरेको आन्दोलन कमै मात्र पाइन्छ । देशमा सामाजिक क्रान्ति र महिला मुक्तिका नयाँ सम्भावनाहरू जन्मिएका छन् । महिला समानता एवम् मुक्तिको लागि गरिएको आन्दोलन हिजोभन्दा केही सरल भएको छ भने सङ्घर्ष वा आन्दोलनका रूप र तरिकाहरू पनि केही फेरिएका छन् । नेपाली महिलाहरू न्यायोचित सामाजिक व्याख्याको लागि सचेत एवम् सक्रिय रही प्रत्येक श्रमजीवी जनताको न्यायपूर्ण आन्दोलनको समर्थन गर्दछन् । उनीहरू देशमा विद्यमान विसङ्गतिहरूप्रति सचेत रहँदै तिनको यथोचित विरोध देशव्यापी रूपमा गरिरहेका छन् र थिए । वि.सं २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा संयुक्त बाममोर्चा र नेपाली काँग्रेसको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जसको माध्यमबाट नेपाली महिलाहरूले जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । ऐतिहासिक जनआन्दोलनलाई सफलतामा पुऱ्याउन संयुक्त वाममोर्चाको अध्यक्षमा सहाना प्रधानको छनोटपछि महिलाहरूमा उत्साह थपिएको थियो । बि.स. २०४६ साल चैत्र २६ गतेका दिन राजाले  नेपाली जनता सामु झुक्नु परेको थियो । देशमा बहुदलको घोषणा चैत्र २६ गते गरिएपछि भोलिपल्ट २७ गते काठमाडौंमा भएको आमसभामा मानिसहरूको विशाल सहभागितामा भएको थियो ।

उक्त आमसभामा गिरिजाप्रसाद कोइराला पहिले नै बोले । उनले भने “यो जीत जनताको जीत हो, राजाको पनि जीत हो” भनेर उनले राजाको नाम के लिएका थिए, चारैतिरबाट ढुङ्गा, जुत्ता, चप्पलको वर्षा भयो मञ्चतिर । गणेशमानजीले “ए सहाना, ए पद्मरत्न लौ न लौन” भन्दै हल्ला साम्य पार्न आग्रह गर्न थालेपश्चात् सहाना प्रधानले गिरिजाको ठाउँ लिएपछि आमसभामा भेला भएका जनसमुदायको रिस कम भएको थियो । यसरी विशाल सभाका सहभागीहरूको मनोभावनालाई बुझ्दै सबै जनसमुदायलाई शान्त पारेकी थिइन् एक साहसी महिलाले ।[१९०] सो सभामा महिलाहरूको पनि उल्लेख्य सहभागिता रहेको देखिन्थ्यो ।

देशमा ३० वर्षे पञ्चायती व्यवस्थाको अवसान पश्चात् नेपाली जनता, त्यसमा पनि महिलाहरूले आफ्नो दमनीय अवस्थामा परिवर्तनको अपेक्षा राखेका थिए । हर्षोल्लासका साथ बहुदलीय व्यवस्थाको स्वागत गरेका थिए । देशमा अन्तरीम सरकार वि.सं. २०४७ साल बैशाख ३ गते बन्यो । यसरी कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको मन्त्रिमण्डलमा सहाना प्रधान उद्योग तथा वाणिज्य मन्त्री बनी काम गरेकी थिइन् ।[१९१] यसरी जनआन्दोलनमा वाममोर्चाको नेतृत्व गर्दै सफलतामा पुऱ्याउन एक उल्लेख्य एवम्

---

१९०. सुशीला श्रेष्ठ (२०६०), *सहाना प्रधान : स्मृतिका आंखिझ्यालबाट,* काठमाडौं : स्वप्नवाटिका प्रकाशन, पृ. १६५ ।

१९१. सहाना प्रधान, अन्तर्वार्ता, २०५९/४/२० ।

ऐतिहासिक व्यक्तित्वका रूपमा सहाना प्रधानले आफूलाई उभ्याइ महिलालाई उत्साहित गर्दै अझ महिला आन्दोलनमा सशक्त ढङ्गबाट लाग्नुपर्छ भन्ने प्रेरणा प्रदान गरेको देखिन्छ ।

नेपाली जनताहरुले जनआन्दोलन पश्चात् जनताले बोल्ने लेख्ने, सभा संगठन गर्ने अधिकार प्राप्त गरेता पनि दैनिक समस्याले उनीहरूलाई छोडेको थिएन । नेपाली महिलाहरुले देशमा बढ्दै गएको महँगी नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न माग गर्दै धरानबाट प्रारम्भ भएको महिला जुलुस क्रमशः काठमाडौं भक्तपुरमा समेत वि.सं. २०४७ श्रावण २८ गते एकै दिन दुई बेग्लाबेग्लै विशाल जुलुस महिलाहरूले निकालेको देखिन्छ । यसरी नै अखिल नेपाल महिला सङ्घ र प्रजातान्त्रिक महिला सङ्घले आयोजना गरेको जुलुसले काठमाडौंमा थप हौसला प्रदान गरेको थियो । ७०० भन्दा बढी सङ्ख्यामा महिला सहभागी भएको जुलुस महँगी नियन्त्रण, सहर सफाई, बजार नियन्त्रण टोली, स्वच्छ खानेपानी, बलात्कारी उपर कडा कारवाही गर्ने जस्ता मागहरू राख्दै अगाडि बढेको थियो । तुल, प्लेकार्ड, व्यानर बोकेका महिलाहरू निकै उत्साहित हुँदै नारा लगाउँदै हिंडेका थिए । यसरी नै विभिन्न नाराका साथ भक्तपुर, विराटनगर आदि ठाउँमा महिलाहरूले जुलुस प्रदर्शन गरेको पाइन्छ ।[१९२]

देशमा बढ्दै गएको दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धिले महिलाहरूलाई अझ बढी सताउन थाल्यो । तसर्थ अखिल नेपाल महिला सङ्घ र प्रजातान्त्रिक महिला सङ्घको संयुक्त आयोजनामा २०४७ साल श्रावण २८ मा सम्पन्न भएको थियो । सो महँगी विरोधी जुलुसमा वृद्ध महिलाहरूको समेत सहभागिता रहेको देखिन्थ्यो । जुलुसको नेतृत्व अष्टलक्ष्मी शाक्य र कल्याणी शाहले गरेका थिए । जुलुसमा दैनिक उपभोग्य वस्तुको मूल्य घटाइयोस्, बजार भाउ नियन्त्रण गर, खानेपानी र बाटोघाटोको प्रबन्ध होस्, प्रजातन्त्र जिन्दावाद, वीर सहिद अमर रहुन् जस्ता नारा लेखिएका प्लेकार्ड साथै झण्डा बोकेर काठमाडौंमा नगर परिक्रमा गरिएको थियो । यही सिलसिलामा महिलाहरूले २० हजार पर्चा समेत निकालेका थिए ।[१९३]

नेपाली महिलाहरूको आफ्नो हक, अधिकार प्राप्तिका निम्ति विभिन्न उपायहरूको उपयोग गर्ने क्रममा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई समक्षमा २२ सूत्रीय माग पेश गरेका थिए । उक्त मागपत्रमा महिलाहरूको पैत्रिक सम्पत्तिमा अधिकार, हत्या, बलात्कार महिला बेचबिखन गर्ने अपराधीमाथि कडा कारवाहीको माग महिलालाई समान अधिकार एवम् सुरक्षाको ग्यारेन्टी हुनुपर्ने मागहरू समावेश गरिएको थियो । यसको नेतृत्व अनेम सङ्घले गरेको थियो । यसरी नै सामाजिक असुरक्षाका कारण देशको विभिन्न जिल्ला जस्तै काठमाडौं, झापा, मोरङ्ग, अछाम, पोखरा, कपिलवस्तुमा महिलाहरूमाथि बलात्कारका घटनाहरू बढ्दै गएपछि यसको विरोध हुन थालेको देखिन्छ । यसका साथै काठमाडौंको

१९२. सावित्री श्रेष्ठ (२०४७), *नेपाली महिला र जनआन्दोलन,* काठमाडौं : अक्षलोक प्रकाशन, पृ. ३० ।
१९३. *महिला मुक्ति* (२०४७), काठमाडौं : अखिल नेपाल महिला सङ्घ, केन्द्रीय समिति, पृ. १७ ।

पिपलबोट डिल्लीबजारमा ११ वर्षिया असलीमाया तामाङ्गमाथि ४ जना गुण्डाहरूद्धारा गरिएको सामूहिक बलात्कारको घटनापछि वि.सं. २०४७ श्रावण २ गते ७० जना महिलाहरूको प्रतिनिधि मण्डल गृहमन्त्रीकोमा गएको थियो । गृहमन्त्रीले "महिलाहरू आफै सुरक्षित हुनुपर्ने, खोर्सानीको धुलो बोक्नुपर्ने, लामालामा नङ्ग्रा पाल्नुपर्ने" जस्ता जवाफ दिएका थिए । यस्तो प्रकारको गृहमन्त्रीको जवाफ आएपछि महिलाहरू आक्रोशित बनी सडक आन्दोलनमा उत्री श्रावण ५ गते डिल्लीबजारको पिपलबोटमा बलात्कार काण्डको विरोधमा विरोध सभाको आयोजना गरी सो काण्डको भण्डाफोर गर्ने काम महिलाहरुले गरेको देखिन्छ । सो सभामा ३ हजारभन्दा बढी जनसमुदायहरूको उपस्थिति रहेको थियो । यस घटनाको विरोधमा ५ हजारभन्दा बढी पर्चा समेत निकालिएको थियो ।[१९४]

यस प्रकार समाजमा बढ्दै गएको महँगी, बलात्कारका घटनाको विरोधमा नेपाली महिलाहरू आन्दोलित बन्नथालेको पाइन्छ । सबै ठाउँबाट सामाजिक विसङ्गतिका विरोधमा आवाज उठ्न थालेको थियो । जनआन्दोलन पश्चात् पनि महिलाहरूको अवस्थामा सुधार आउन सकेको देखिदैनथ्यो । तसर्थ महिलाको अवस्थामा सुधार ल्याउनका लागि सबै महिला सङ्घहरू आआफ्नो ढङ्गबाट अगाडि बढिरहेको देखिन्थ्यो ।

नेपाली महिलाहरूमा चेतनाको विकास हुन थालिसकेको थियो । जनआन्दोलनबाट भएको राजनीतिक परिवर्तन र प्रजातन्त्रको पुनःस्थापनाबाट महिलाहरू पनि आफ्नो अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सजग बनेको देखिन्छ । यही सन्दर्भमा अनेमसङ्घ, केन्द्रीय समितिले पनि वि.सं. २०४७ असार १६ गते "नेपालको भावी संविधान र त्यस अन्तर्गत निर्माण हुने कानुनमा महिलाहरूको अधिकार" विषयक सेमिनार गरी नेपाली महिलाहरूको अवस्था र समस्या समाधानका उपायहरूको बारेमा छलफल गरी महिलाहरूको हक अधिकारको संवैधानिक सुनिश्चित गर्न महिला स्वतन्त्रता, समानतासम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, मानव अधिकारसम्बन्धी भएका संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रहरू तथा नेपाली महिलाहरूको वर्तमान दयनीय अवस्थाको मूल्याङ्कन गरी संविधान सुझाव आयोगमा सुझावहरू पेश गरेको पाइन्छ ।

महिलाहरूले सो आयोगमा पेश गरेका सुझावमा सार्वभौमिकता, मौलिक हक सम्बन्धमा सुझाव पेश गरिएको थियो । सार्वभौम सत्ताको स्रोत जनता हुन् तसर्थ सार्वभौम सत्ता जनतामा निहित हुनुपर्छ । भावी संविधानमा महिला र पुरुषको समान अधिकारको स्पष्ट रूपमा व्यवस्था गरिनुपर्दछ । महिला सहभागितालाई संवैधानिक अङ्गहरूमा महिलाहरूको उचित प्रतिनिधित्व हुने व्यवस्था संविधानमा निश्चित गरिनुपर्ने, पारिवारिक अदालतको व्यवस्था संविधानमा गरिनुपर्ने, संवैधानिक रूपमा नै महिलाहरूको सुरक्षाको र

---

१९४. *महिला मुक्ति*, पूर्ववत्, पृ. १६ ।

गोपनीयता सम्बन्धीको व्यवस्था गरिनुपर्ने, स्वतन्त्र न्यायपालिका हुनुपर्ने जस्ता विषयहरू समावेश गरिएको पाइन्छ ।[१९५] (विस्तृत जानकारीका लागि अनुसूची ५ मा हेर्नुहोस्) यस प्रकार नेपाली महिलाहरू आफ्नो हक, अधिकारका बारेमा सचेत हुँदै संविधान सुझाव आयोगलाई आफ्ना सुझावहरू पेश गरेको पाइन्छ । जसले जनतामा एक प्रकारको सन्देश फैलाएको

थियो । नेपाली महिलाहरू पनि सचेत बनी आफ्नो अधिकारका लागि अगाडि बढ्न थाले भन्ने विषयलाई उजागर गर्न पुगेको देखिन्छ ।

देशमा नयाँ संविधान निर्माण गर्ने तयारी भइरहेको थियो । महिलाहरू पनि नयाँ संविधानमा महिला अधिकारलाई संरक्षण गर्ने प्रयासमा जुटिरहेका थिए । सो कार्यका लागि राजनीतिक पार्टीसँग सामिप्यमा रहेका महिला सङ्गठनहरू गैरसरकारी सङ्घका महिलाहरू एवम् स्वतन्त्र महिलाहरूले आआफ्ना ढङ्गले माग राखी सभा, छलफल, गोष्ठीहरू गरी आ-आफ्ना सङ्गठन र समूहका मागपत्रहरू संविधान निर्माण आयोगमा पठाउने काम भएको थियो । अन्त्यमा नेपाल अधिराज्यको संविधान २०४७ निर्माण भयो । सो संविधानले नेपाली महिलाहरूको निमित्त कानुनी व्यवस्था गरेको थियो । सो संविधानमा नेपाली महिलासँग सम्बन्धित व्यवस्था निम्न प्रकारका छन्:-

क) राजनैतिक अधिकार

प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेद्वारहरूमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार हुन अनिवार्य हुनेछ । (भाग १७) राष्ट्रिय समाभा ६० जना सदस्य मध्ये तीन महिला सदस्य अनिवार्य रूपमा रहनुपर्ने (धारा ४६ (१) (ख) ।

ख) समानताको मौलिक हक

महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले असक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

ग) राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू

महिला वर्गको शिक्षा, स्वास्थ्य, रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।[१९६]

---

१९५. *महिला मुक्ति,* पूर्ववत्, पृ. ४५ ।

१९६. *नेपाल अधिराज्यको संविधान (२०४७),* काठमाडौ : न्याय कानुन तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति ।

यसरी राजनीतिक परिवर्तन पश्चात् राज्यबाट धेरै अधिकारहरूका चाहना राख्ने महिलाहरूलाई संविधानले दिएको अधिकारले खुशी एवम् खिन्नता दुवै दिएको अनुभूत भएको पाइन्छ । आम जनताको ध्यान आमनिर्वाचनतिर केन्द्रित रहेको हुनाले नेपाली महिलाहरूको ध्यान त्यसतर्फ मोडिनु स्वभाविकै देखिन्छ । सबैको चासो प्रजातन्त्र प्राप्तिपश्चात्को सरकार बनाउने अधिकार कुन पार्टीले हात लगाउने हो भन्ने थियो ।

सबै राजनीतिक पार्टीले महिला अधिकार, विकास विषयलाई कसरी लिनेछन् र आआफ्ना घोषणापत्रमा महिलालाई कस्तो स्थान दिनेछन् भन्ने विषयमा महिलाहरूको ध्यान केन्द्रित भएको थियो । कतिपय महिला सङ्घले आआफ्ना सामिप्यका पार्टीमा सुझावसमेत दिएका थिए । सो आम निर्वाचनमा आफ्नो चुनावी घोषणापत्रमा महिला सवाललाई समावेश गर्ने पार्टीहरूमध्ये नेकपा (एमाले) र नेपाली काँग्रेस अगाडि रहेका थिए भने संयुक्त जनमोर्चा, नेपाल सद्भावना पार्टी, रा.प्र.पार्टी थापा आदिले पनि चुनावी घोषणापत्रमा महिला सवाललाई समावेश गरेको देखिन्छ ।

प्रजातन्त्र पुनःस्थापना पश्चात् देशमा वि.सं. २०४८ सालमा आमचुनावको घोषणा पश्चात् सबै राजनीतिक पार्टीहरूका नेता कार्यकर्ताहरू चुनावी प्रचारमा जुट्ने क्रममा महिलाहरू पनि आफ्नो वैचारिक रूपले समर्थन गरिएको पार्टीको चुनावी प्रचारमा जुटेका थिए । कतिपय ठाउँमा महिला उम्मेद्वारको रूपमा पनि खडा भएका थिए । अन्ततः नेपाली काँग्रेसको सरकार स्थापना भयो भने नेकपा (एमाले) प्रमुख प्रतिपक्षमा रहेको थियो । नेपाली काँग्रेसले आफ्नो चुनावी घोषणापत्र अनुसार जनता, राष्ट्रप्रति आफ्ना बचन पूरा गर्न सकेको देखिंदैनथ्यो । सोही अवधिमा मूलतः राष्ट्रियता, प्रजातन्त्र, मानव अधिकार विरोधी क्रियाकलाप हुँदै गए । यही अवधिमा बालिका एवम् महिलाहरूको बलात्कार, हत्या, जस्ता घटनाहरू दर्जनौं घट्न थाले । ती अपराधीहरूलाई कडा कारवाही हुन सकेको थिएन । कतिपय अपराधी रु.२० (बिस रुपैंया) धरौटीमा छुटेका थिए । यसरी दिनानुदिन महिलाहरू सामाजिक असुरक्षाका शिकार बन्न थालेका थिए । सरकारले महिला हित एवम् समान अधिकारको कुनै कदम चाल्न सकेको देखिदैनथ्यो ।[१९७] यसरी अपराधीले अपराध अनुसारको सजाय नपाएपछि महिलाहरूको बीचमा रोष पैदा हुन थालेको देखिन्छ । सामाजिक असुरक्षा, बलात्कारका घटना महिलाहरूको मात्र समस्या नभएर सिङ्गो राष्ट्रको समस्या हो भन्दै महिलाहरूको आवाज एउटै हुँदै गएको देखिन्छ ।

नेपाली महिलाहरूको काँधमा महिला सवाल मात्र नभई सिङ्गो राष्ट्रको जिम्मेवारी पनि रहेको देखिन्छ । महिलाहरूले राष्ट्रियताको सवालमा पनि समयसमयमा आवाज उठाउँदै

१९७. अनेमसङ्घ, *प्रतिवेदन तथा प्रस्तावहरू (२०५१)*, काठमाडौं : अनेमसङ्घ केन्द्रीय प्रकाशन विभाग, पृ. ३ ।

आइरहेका छन् । यही क्रममा वि.सं २०४९ असोज २८ गते टनकपुरबाट काठमाडौंसम्म आएका महाकाली बचाउ अभियानको ऱ्यालीलाई अनेम सङ्घले स्वागत गर्ने काम गरेको थियो । सो महाकाली बचाउ अभियानलाई महिलाहरूले विभिन्न ढङ्गबाट सहयोग गरेका थिए । यसरी नै कर्मचारीहरूले वि.सं. २०४९ सालमा २१ सूत्रीय माग राखी आन्दोलनमा उत्रिएका बेलामा महिलाहरूले ऐक्यबद्धता जाहेर गर्दै आन्दोलनमा सहभागी भएका थिए भने महिला कर्मचारीहरूको भूमिका पनि महत्त्वपूर्ण नै रहेको थियो । यही क्रममा काठमाडौं, दाङ्ग, संखुवासभा र स्याङ्जा लगायतका विभिन्न ठाउँमा महिलाहरू पनि अनशन, धर्नामा बसेका थिए ।[१९८]

देशको आधा भाग ओगटेका नेपाली महिलाहरूले पैत्रिक सम्पत्तिमा समान अधिकार प्राप्त गर्न धेरै लामो सङ्घर्ष गर्नुपरेको देखिन्छ । अखिल नेपाल महिला सङ्घले वि.सं. २०४९ सालमा पैत्रिक सम्पत्तिमा समान अधिकारका लागि हस्ताक्षर सङ्कलन गर्दै पाँचै विकास क्षेत्रमा गोष्ठीहरू समेत सम्पन्न गरेको थियो । देशव्यापी रूपमा जिल्लाजिल्लाबाट प्रमुख जिल्ला अधिकारी मार्फत् प्रधानमन्त्रीलाई विधेयक पास गर्नका लागि ज्ञापनपत्र दिइएको थियो । सो आन्दोलनलाई सफल पार्नका लागि भद्रकालीमा जुलुस र धर्ना दिने काम भएको थियो । पैत्रिक सम्पत्तिमा समान अधिकार प्राप्तिका लागि सबै महिलाहरू एकजुट भएर लागेका थिए ।[१९९] सबै राजनीतिक पार्टीहरूमा अनेमसङ्घले पत्राचार गरेको थियो भने २६५ जना सांसदहरूलाई पैत्रिक सम्पत्तिमा समान अधिकारका लागि आफ्नो मत जाहेर गर्नसमेत पत्राचार गरिएको पाइन्छ । नेकपा (एमाले) ले आफ्ना सांसदहरूलाई त्यस निम्ति ह्वीप नै जारी गरेको थियो । यसरी नेपाली महिलाहरूले आर्थिक रूपले दर्विलो बन्नका निम्ति आन्दोलन गर्दै आएको देखिन्छ ।

महिलाहरूले पैत्रिक सम्पत्तिमा समान अधिकार प्राप्तिका निम्ति आन्दोलनको स्वरूपमा पनि परिवर्तन गरी अगाडि बढेको पाइन्छ । अनेमसङ्घले सदनबाहिर र सदनभित्र गरी आन्दोलनलाई सञ्चालन गरेको पाइन्छ । सदनबाहिरको आन्दोलनमा जनचेतना जागृत गर्ने, आन्दोलनको पक्षमा ऐक्यबद्धता जुटाउने, धर्ना, जुलुस, अनसन, आमरण अनसनद्वारा दबाव दिने आदि कार्यक्रम थियो भने सदनभित्र सांसदहरूलाई स्मरणपत्र दिने, प्रधानमन्त्री, महिला, बालबालिका तथा समाजकल्याण मन्त्री, कानुन तथा न्यायमन्त्री लगायत सम्बन्धित निकायहरूलाई ज्ञापनपत्र तथा स्मरणपत्र दिने, सदन र समितिमा विधायकहरूलाई यसका पक्षमा सशक्त आवाज उठाउन प्रेरित गर्नेजस्ता कार्यक्रमहरू रहेको पाइन्छ ।[२००] यस प्रकार आर्थिक अधिकारबाट वञ्चित महिलाहरूले भोग्नु परिरहेको दुर्दशा र दर्दनाक वास्तविकतालाई बुझ्दै महिलाहरू आन्दोलित बनिरहेको देखिन्छ ।

---

१९८. अखिल नेपाल महिला सङ्घ, *प्रतिवेदन तथा प्रस्तावहरू,* पूर्ववत्, पृ. ८ ।
१९९. गोमा देवकोटा, अन्तर्वार्ता, २०५९/४/७ ।
२००. थममाया थापा, अन्तर्वार्ता, २०५९/४/१४ ।

महिलाहरू देशमा भएका हत्याकाण्ड जस्ता अपराधिक कार्यहरूको पनि विरोधमा उत्रने क्रममा वि.सं. २०५० साल जेष्ठ ३ गते चितवनको दासढुङ्गामा नेकपा (एमाले)का तत्कालीन महासचिव र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको हत्याको देशव्यापी रूपमा नेकपा (एमाले)को आव्हानमा भएको हत्याकाण्डको विरोधमा भएका आन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता रहेको देखिन्छ । उक्त हत्याकाण्डको विरोधमा भएको आन्दोलनमा धेरैले ज्यान गुमाउनु परेको थियो । यसै सिलसिलामा रूपन्देहीमा नेपाल बन्दको क्रममा गोली हानी हत्या गरिएका नरबहादुर नेपालीको लास खोसी महिलाहरूले लासलाई बोकी दाहसंस्कार गरेका थिए । चितवनमा कौशिला राना मगरको हत्या भएको थियो ।[२०१] यस दासढुङ्गा हत्याकाण्डको विरोधमा भएका विभिन्न सङ्घर्षहरूमा विभिन्न राजनीतिक पार्टी सामिप्यमा रहेका महिला, युवा, विद्यार्थी, कर्मचारी साथै सङ्घ सङ्गठनहरूसमेत सहभागी भएको पाइन्छ ।

नेकपा (एमाले)को नजिक रहेको अनेम सङ्घले वि.सं. २०५१ साल असार २६ गते संविधान बिपरित संसद विघटन गरेपछि संसदको पुनर्वहालीको माग राख्दै नेकपा (एमाले) को आव्हानमा भएको सङ्घर्षमा महिलाहरूको भूमिका महत्त्वपूर्ण रहेको थियो । यही क्रममा कैयौं महिलाहरूसमेत गिरफ्तार भएका पाइन्छ ।

नेपाली महिलाहरूले कानुनी असमानताको बारेमा पनि पटकपटक कुरा उठाउँदै आइरहेका छन् । प्रचलित कानुन प्रभावकारी एवम् पर्याप्त नभएकोलाई संशोधन गर्नका लागि महिलाहरूले सरकारलाई समेत दबाब दिंदै आइरहेका छन् । यही क्रममा मुलुकी ऐनको जबरजस्ती करणीको महल १४ मा व्यवस्था भएको कानुन अपराध नियन्त्रण गर्नको निम्ति पर्याप्त नभएकाले त्यसलाई संशोधनका निमित्त तत्कालीन सदन चलिरहेको बेलामा विधेयक संसदमा प्रस्तुत गरिए पनि त्यसलाई पास गरिएको थिएन । त्यसको विरोधमा सर्वत्र महिलाहरू आन्दोलित बनेका थिए । सत्तापक्ष र विपक्षका नाममा महिलासँग सम्बन्धित विधेयकलाई संसदमा पास गर्न सकेको देखिदैन ।

नेपाली महिलाहरूले मताधिकार प्राप्त गरेपछि केही राजनीतिक राहत प्राप्त गर्न सफल भएको देखिन्छ । जनआन्दोलन पश्चात् पनि महिलाहरू आफ्नो हक अधिकारका लागि लडिरहेका छन । उनीहरू जुलुस, आमसभा र आन्दोलन जस्ता राजनीतिक गतिविधिहरूमा सधैं अग्रभागमा देखिन्छन्, तर सत्ता र शासनमा उनीहरू शून्य वा अल्प सङ्ख्यामा मात्र पुग्ने गरेको देखिन्छ ।[२०२] तर यस्तो धारणा वा अवस्थाले महिलाहरूको चासो एवम् सक्रियतामा चोट पुऱ्याएकोछ ।

---

२०१. अखिल नेपाल महिला सङ्घ, *प्रतिवेदन तथा प्रस्तावहरू,* पूर्ववत्, पृ. ८ ।
२०२. लेखनाथ भण्डारी (२०५१ कार्तिक), मध्यावधि निर्वाचन २०५१ का नारी व्यक्तित्व र आवाज, *अस्मिता,* काठमाडौं : वर्ष ७, अङ्क २९, पृ. १३ ।

आफ्नो समुदायको हक, हितका खातिर मात्र नभई राष्ट्र निर्माणका साथै संसदीय क्षेत्रमा देखिएका गलत प्रवृत्तिहरूको समेत महिलाहरूले विरोध गर्दै आइरहेको देखिन्छ । वि.सं. २०५२ भाद्र १२ गते नेकपा (एमाले) को सरकार विरुद्धमा सर्वोच्च अदालतले गरेको फैसलाको विरुद्धमा अनेम सङ्घमा आबद्ध महिलाहरूको जुलुस र आमसभामा उल्लेख्य सहभागिता रहेको पाइन्छ ।[१०३]

महिलालाई उपभोग्य वस्तुको रूपमा प्रयोग गर्दै आउने क्रम छुटेको देखिदैन । यही क्रममा नेपालमा पनि सुन्दरी प्रतियोगिता जस्ता महिला उपभोग्य वस्तुको रूपमा प्रयोग गर्ने उद्देश्यका साथ आयोजना गरिन थालेको पाइन्छ । यस्तो क्रियाकलाप महिलाहरूलाई सह्य भएको देखिदैन । पितृसत्तात्मक समाजमा महिलालाई पुरुषको निजी सम्पत्तिको रूपमा लिई राखिएको देखिन्छ । यस्ता गलत प्रवृत्तिको विरोध नेपाली महिलाहरूले पनि गर्दै आएका छन् । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)मा आबद्ध महिलाहरूले वि.सं. २०५२ सालमा नयाँबानेश्वर स्थिति अन्तर्राष्ट्रिय सम्मेलन भवनमा आयोजित दोस्रो मिस नेपाल छान्ने प्रतियोगिताको विरोध गरेका थिए । विरोध गर्ने क्रममा नयाँ सरकारको निर्देशनमा प्रहरी दमन भएको थियो । उक्त विरोध प्रदर्शनमा सहभागी प्रदर्शनकारीहरू लाठीचार्ज गरी घाइतेसमेत बनाइएका थिए ।

महिलाहरूको अधिकार प्राप्तिको लडाईं विशुद्ध महिला आन्दोलन मात्र नभई समाजको आधा भागको प्रतिनिधत्व गर्ने महिलाहरूमाथि हुने शोषण, उत्पीडनको समस्या सामाजिक समस्याको समाधानको आन्दोलनको रुपमा लिइन्छ । उनीहरूको हक, अधिकार, स्वतन्त्रता र समानताका लागि विभिन्न रूपले आन्दोलनहरू भइरहेका छन् । यही क्रममा अखिल नेपाल महिला सङ्घले महिला अधिकारपत्र (Charter of Women's Rights)को माध्यमबाट महिला आन्दोलनलाई अगाडि बढाउँदै आइरहेको देखिन्छ । उक्त महिला अधिकारपत्रमा महिला सवालसँग गाँसिएका विभिन्न विषयहरूलाई समावेश गरिएको पाइन्छ । वि.सं. २०५२ साल चैत्र ९ र १० गते बुटवालमा सम्पन्न अखिल नेपाल महिला सङ्घको बैठकद्वारा पारित सो अधिकारपत्रमा निम्न विषयहरू उठाइएको पाइन्छ :

क) सम्पत्तिमा महिलाहरूको समान अधिकार

ख) विवाह र सम्बन्ध विच्छेदको स्वतन्त्रता

ग) गर्भपतनको स्वतन्त्रता

---

१०३. सीता पौडेल, (२०५६ साउन) आन्दोलनलाई सही दिशाबाट अघि बढाउन जरूरी छ, *महिला मुक्ति*, काठमाडौं : अनेमसङ्घ, अङ्क ८, पृ. २६ ।

घ) महिला बेचबिखन

ङ) बेश्यावृत्ति, महिलाहरू माथिको दुर्व्यवहार र हिंसात्मक कार्य

च) महिलाका अधिकारहरू माथि नियन्त्रण

छ) अल्पसङ्ख्यक, दलित र जनजातिहरूका महिलाहरूको अधिकारको रक्षा

ज) पारिवारिक न्यायालय तथा विविध रहेका छन् ।[२०४]

उल्लेखित विभिन्न विषयहरूलाई समेटी सिङ्गो महिला समुदायको उत्थानका लागि महिलाहरू जुटिरहेको पाइन्छ । यो महिला अधिकारपत्र राष्ट्रिय अभियानले महिला समानता एवम् मुक्तिको आन्दोलनलाई शक्तिशाली बनाउँदै अगाडि बढाउन, महिलाहरूलाई सङ्गठित बनाउँदै न्यायपूर्ण मागलाई पूरा गराउन जनमत, आन्दोलन र वातावरण तयार पार्न महत्त्वपूर्ण योगदान दिन सक्छ । जसद्वारा नेपालको महिला आन्दोलनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरी महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिका लागि उत्साहित गरी निरन्तर आन्दोलनमा लागिरहन प्रेरणा प्रदान गरेको देखिन्छ ।

पैत्रिक सम्पत्तिमा समान अधिकारसम्बन्धी विधेयक संशोधनसहित चालू अधिवेशनमा प्रस्तुत गर, आतङ्ककारी कालो विधेयक फिर्ता गर, भारतीय सेना कालापानी छोड, सम्पूर्ण असमान सन्धिहरू खारेज गर सहितका मागहरू राखी सात महिला सङ्गठनको आयोजनामा वि.सं. २०५५ बैशाख २० गते काठमाडौंमा जुलुसको आयोजना गरिएको थियो । उक्त आयोजित जुलुसमा प्रहरी दमन भए पनि महिलाहरूले आन्दोलनलाई सफल पारेको देखिन्छ । यसरी नै संयुक्त सङ्घर्षलाई अघि बढाउने दौरानमा श्रावण ३१ गते बढ्दो महंगी, कृत्रिम अभाव र कालो बजारीको विरुद्ध विरोध प्रदर्शन गरिएको थियो । काठमाडौंको भोटाहिटीबाट सुरु गरिएको उक्त रित्ता थाल, डाडु, पन्यू, चम्चा, गिलास सहितको आकर्षक जुलुसले नगर परिक्रमा गरेपश्चात् विरोधसभा सम्पन्न गरेका थिए । महिलाहरूले समाजमा देखापरेका सबै प्रकारका खराब प्रवृति, कुरीति आदिको विरोध गर्दै आइरहेका छन् ।[२०५]

महिलाहरूले पैत्रिक सम्पत्तिमा समान अधिकार प्राप्तिका लागि सडकमा मात्र होइन, सदनभित्र पनि नारा लगाउन पुगेका थिए । सदन चलिरहेको थियो, अचानक दर्शकदीर्घाबाट

---

२०४. *महिला मुक्ति आन्दोलन,* (२०५८) बुटवल : अखिल नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय, पृ. १७४ ।

२०५. अनेमसङ्घ, *प्रतिवेदन, समसामयिक प्रस्ताव तथा विधान* (२०५७), काठमाडौं : अनेमसङ्घ, केन्द्रीय समिति, पृ. २५ ।

नारा गुञ्जियो “पैत्रिक सम्पत्तिमा समान अधिकार पाउनै पर्छ, पैत्रिक सम्पत्तिसम्बन्धी विधेयक संशोधन सहित चालू अधिवेशनमा पेश गर, इन्कलाब जिन्दावाद आदि जोडतोडले नारा गुञ्जिन थाल्यो । आफ्नो अधिकारका निम्ति निर्लिप्त महिलाहरूले संसदभित्रै विरोध ब्यानर प्रदर्शन गर्नथाली कालो झन्डा फरफराउन थालेको थियो । संसदमा हल्लीखल्ली मच्चिन थाली चलिरहेको संसद समेत रोकिएको थियो । लगातार ती साहसी महिलाहरूले आफ्ना निर्धारित नाराहरूलाई गुञ्जाई रहेका थिए । यसरी तत्कालीन कानुनी दायरालाई तोडेर गुञ्जिएको दर्जनौं महिला प्रतिनिधिहरूको आक्रोशले संसद भवनभित्रै सनसनी मच्चाउन पुगेको देखिन्छ । तर महिलाहरूलाई सम्पत्तिमा समान अधिकार नदिने षडयन्त्रमा तल्लिन शासकहरूले भद्रतासमेत प्रदर्शन गर्न नसकी तुरुन्तै सुरक्षा गार्डद्वारा दर्जनौं प्रदर्शनकारी महिलाहरूलाई संसद भवनबाट बाहिर निकालिएको थियो । तर संसद भवन बाहिर सैयौं महिलाहरू नारा लगाइरहेका देखिन्थे । त्यसपछि पुरुष प्रहरीद्वारा प्रदर्शनकारी नेता, कार्यकर्ताहरू पक्राउ परेका थिए । ती महिलाहरू महेन्द्र पुलिस क्लबमा लछारपछार पार्दै पुऱ्याइएपछि पुनः प्रहरी कस्टडीभित्रै नारा लगाई आफ्ना आवाज बुलन्द गर्दै रहेका थिए ।[१०६] यसरी महिलाहरूले आफ्नो अधिकार प्राप्त गर्नका लागि अखिल नेपाल महिला सङ्घ सहित पाँच महिला सङ्गठनहरूले उक्त कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गरी महिला आन्दोलनको निम्ति महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यसरी वि.सं. २०५५ भाद्र ३ गते ऐतिहासिक रूपले महिलाहरूले पैत्रिक सम्पत्तिमा समान अधिकारका लागि विरोध प्रदर्शन गरेको पाइन्छ ।

नेपाली महिलामध्ये दलित महिलाहरू पनि न्यायको खोजीमा आन्दोलित बनिरहेकै देखिन्छन् । अन्याय र अत्याचारमा पिल्सिरहेका पर्वत र बाग्लुङ्गका दलितहरूले दिउँसै लालटिन बालेर न्यायको खोजी गर्दै अगाडि बढेका थिए् । उनीहरूले बोकेको ब्यानर र छातीमा लेखिएको थियो- दलितहरू अँध्यारोमा छन्, उज्यालो चाहियो, दलितहरू अन्यायमा छन् न्याय चाहियो । जुलुसको दुई तिहाई भाग ग्रामीण महिलाहरूले ओगटेको देखिन्थ्यो । यसरी गाउँ, सहरका महिलाहरू आन्दोलनका विभिन्न माध्यमबाट महिला हक, अधिकारका लागि लडिरहेका देखिन्छन् भने आदिबासी जनजाति महिलाहरु पनि महिला समानता एवं स्वतन्त्रताको लागि लडिरहेको पाइन्छ ।

नेपालका विभिन्न राजनीतिक पार्टीका सामिप्यमा रहेका महिला सङ्घमध्ये अनेम सङ्घ (क्रान्तिकारी) ले महिलाहरूमा राजनीतिक चेतना जगाई माओवादीको सैन्य र साङ्गठनिक दुवै क्षेत्रमा महिलाहरूको उपस्थिति उल्लेख्य रहेको देखिन्छ । कुनै पनि आन्दोलन महिलाहरूको सहभागितामा मात्र सफल हुन्छ भन्ने कुरा नेपालको जनयुद्धले

---

१०६. अनेमसङ्घ, *प्रतिवेदन,* पूर्ववत्, पृ. २६ ।

सावित गरेको छ भन्ने कुरा क्रान्तिकारी महिलाहरूले सगौरब भन्दै क्रान्तिमा जुटिरहेको देखिन्थ्यो । उनीहरूले जनसमितिहरूमा महिलालाई अनिवार्य रूपमा प्रतिनिधित्व गराउने गर्दथे । यसरी माओवादी "जनसेना"मा पनि स्क्वाड कमान्डरदेखि कम्पनि सदस्यसम्म महिलाहरू रहेको पाइन्छ । छापामार महिलाहरूमा साहस र आँट पुरुषभन्दा चौगुणा बढी देखिएकोछ । यति हुँदाहुँदै पनि महिलाहरूमाथि असमान व्यवहार गरिन्छ । खासगरी नेतृत्वदायी भूमिका दिन हिचकिचाउने प्रवृत्ति यहाँ पनि पाइन्छ ।[१०७] माओवादी आन्दोलनमा संलग्न महिलाहरू पनि पितृसत्तात्मक शैलीको शोषणमा पिल्सिएका छैनन् भन्न सकिन्न । त्यहाँभित्र पनि महिलाहरू पितृसत्ताको मारमा परेर त्यसको विरोधमा उत्रिएको पाइन्छ । महिलाहरू पनि पुरुष समान ढङ्गबाट युद्धमा लड्दै उनीहरु सँगसँगै युद्धमा निरन्तर लारिहेको देखिन्छ । यति हुँदाहुँदै पनि उनीहरू आफ्नै पार्टीभित्र पनि आफ्नो अधिकारका लागि लड्दै जनयुद्धमा संलग्न रहेको पाइन्छ ।

महिलाहरूको माओवादी प्रभावित जिल्लाहरूमा सामाजिक, राजनीतिक तथा अन्य गतिविधिमा अत्यधिक संलग्नता रहेको पाइन्छ । सो क्षेत्रमा महिलाहरू खासगरी जनसेना, पार्टी सङ्गठन, भातृसङ्गठन र सामान्य सहयोगीका रूपमा संलग्न रहेका छन् । विश्वमा भएका आन्दोलनमा महिलाहरू सेनाको नेतृत्व तहमा संलग्नता एकदमै कम भएको पाइन्छ । तर नेपालको माओवादी आन्दोलनमा महिला सेनाको उच्च पदमा संलग्नतामा अन्य राष्ट्रको यस्तो आन्दोलनमा भन्दा बढी रहेको पाइन्छ । उनीहरू महिला आन्दोलनलाई माहिलावादी आन्दोलन होइन, वर्गीय आन्दोलनको रूपमा अगाडि बढाउन चाहन्छन् । पार्टीका तल्ला कमिटीहरूमा महिलाहरूले अझै पनि सशक्त भूमिका निर्वाह गर्न सहज नभएको भन्ने कुरा महिलाहरूले नै स्वीकार गरिरहेका छन् ।[१०८] यसरी माओवादी महिलाहरू पार्टीभित्र नेतृत्व पङ्क्तिमा सहज ढङ्गबाट काम गर्नका लागि सङ्घर्ष गर्दै जनयुद्धमा होमिइरहेका देखिन्छन् । उनीहरूले महिला समानता एवम् मुक्तिका निम्ति आन्दोलन गर्नु नै परिरहेको देखिन्छ । सङ्ख्यात्मक रूपले वृद्धि मात्र होइन सबै क्षेत्रमा समानताको खाँचो देखिन्छ । समाजमा रहेका महिलामाथिको गलत दृष्टिकोणको अन्त्यको आवश्यकता एवम् पितृसत्ताको समाप्तिको खाँचो रहेको देखिन्छ । त्यसको निम्ति वर्गीय आन्दोलन मात्र होइन महिला मुक्तिको आन्दोलनको पनि उत्तिकै खाँचो देखिएकोछ ।

महिलाहरू दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिका विरोधमा पनि सङ्घर्षमा उत्रिरहेका थिए् । पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरुद्धमा नौ वामपन्थी र चार वामपन्थी पार्टीले आयोजना गरेका सङ्घर्षहरू, भ्रष्टाचारी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले लाउडा जहाज

---

१०७. माओवादी आन्दोलनमा महिलाहरूको स्थिति (माघ, फागुन २०५७), *मूल्याङ्कन,* काठमाडौं : अन्तर्क्रिया प्रकाशन, वर्ष १८, पूर्णाङ्क ८४, पृ. १० ।

१०८. *जनयुद्धको सेरोफेरोभित्र महिला बालबालिका* (२०५८), काठमाडौं : मानवअधिकार सञ्चार प्रतिष्ठान,
नेपाल, पृ. ३८ ।

भाडा प्रकरणमा गरेको भ्रष्टाचारको विषयलाई लिएर राजिनामाको माग गर्दै नेकपा (एकताकेन्द्र), संजमो नेपाल लगायतका पार्टीहरूले आह्वान गरेको ०५८ जेष्ठ १४, १५ र १६ गतेको तिनदिने आम हड्ताल, जेष्ठ १९ गतेको दरबार हत्याकाण्ड पश्चात् संजमो नेपालद्वारा आयोजित विरोध सभा र सामान्य नागरिकहरूको मौलिक हक हनन् हुने गरी ल्याएको सार्वजनिक सुरक्षा नियमावलीको खारेजी आदिका लागि भएको आन्दोलनमा सबै जिल्लामा महिलाहरूको सहभागिता उल्लेख्य नै रहेको पाइन्छ ।[२०९]

मुलुकभित्र र बाहिर लाउडा हवाइजहाजलाई भाडामा लिने सम्बन्धमा भएको व्यापक घोटाला र भ्रष्टाचारको विषयलाई लिएर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजिनामा दिनुपर्ने आवाज चौतर्फी उठिरहेको थियो भने यही सावाललाई लिएर संसदको हिउँदे अधिवेशन पनि चल्न सकेको थिएन । ५७ दिनसम्म पनि संसदमा कुनै विषयहरूले प्रवेश पाउन नसकेको अवस्थामा विपक्षीविहिन स्थितिमा अधिवेशन अन्त गरिएको थियो । यसरी सदनमा मात्र होइन सडक आन्दोलनको रूपमा ६ वामपन्थी पार्टीहरू सडकमा ओर्लिएका थिए । यो आन्दोलनमा व्यापक रूपमा महिला सहभागिता रहेको पाइन्छ । यसरी लाउडा प्रकरणको आन्दोलनमा विभिन्न पेसामा संलग्न महिला, विद्यार्थी महिलाहरूको उल्लेखनीय सहभागिता रहेको देखिन्छ ।

महिलाहरू समाजमा बढ्दै गएको घरेलु हिंसाका विरोधमा पनि उत्रिएका थिए । देशका विभिन्न भागमा तास, जुवा, जाँड, रक्सीका विरुद्धमा उनीहरूले सङ्घर्ष नै छेडेको देखिन्छ । विशेष गरी देशको पश्चिमी भागका महिलाहरूले जाँड, रक्सीको विरुद्धमा आन्दोलन गरी स्थानीय स्तरमा प्रतिबन्ध लाउनेसम्मको स्थितिमा पुगेको पाइन्छ । आन्दोलनको क्रममा पर्चा वितरणदेखि लिएर जनकारवाहीसमेत महिलाहरूले गरेका थिए । यो आन्दोलन कतिपय महिला सङ्घ सङ्गठनहरूको पहलमा भए भने कतिपय स्वतस्फूर्त रूपमा स्थानीय महिलाहरूको सक्रियतामा भएको देखिन्छ ।

अर्कोतर्फ महिलाहरू सामाजिक कुरीति कुसंस्कारको रूपमा रहेका विभिन्न प्रथाका विरुद्धमा उत्रिएका थिए । समाजमा महिलाहरूलाई बोक्सीको आरोपमा गरिएका घृणात्मक क्रियाकलाप, कुटपिट, हत्यासम्म गरिएको विरोधमा महिलाहरू उत्रिएका थिए । ती अपराधमा संलग्न अपराधीहरूलाई कारवाहीको माग राख्दै महिलाहरू सङ्घर्षमा उत्रिएका पाइन्छन् ।

---

२०९. *नारी आव्हान,* (२०५८ फागुन) अनेमसङ्घ, जनकपुर-सगरमाथा क्षेत्रीय समन्वय समिति, अङ्क २ ।

राजनीतिक परिवर्तन भए पनि देशमा बढ्दै गइरहेको चेलीबेटी बेचबिखनका साथै हत्याकाण्ड, महिला तथा बलात्कार जस्ता जघन्य अपराधका दोषीलाई कारवाहीको माग गर्ने, महिलाहरूको सामाजिक सुरक्षाको ग्यारेन्टीको माग गर्दै प्रधानमन्त्री, गृहमन्त्रीसमक्ष प्रतिनिधि माण्डल जाने, अपराधको भण्डाफोर गर्दै प्रेस वक्तव्य दिने कार्यहरू महिलाहरूले गरिरहेका थिए । यसका साथै बेचिएर फर्किएकाहरूलाई कानुनी सहयोग गर्ने र उद्धार गर्ने काम पनि महिलाहरूले विभिन्न सङ्घ सङ्गठनको माध्यमबाट गरिरहेको पाइन्छ ।

नेपाली  जनताहरू मध्ये महिला र दलित समुदाय अझै पनि आर्थिक तथा सामाजिक रूपले शोषित पीडित रहेका छन् । देशको दलित समुदायको महिलाहरुको अवस्था झन् दयनीय रहेको देखिन्छ । दलित महिलाहरू उच्च जातिबाट अपहेलित बन्नी रहेको देखिन्छ भने अर्कोतर्फ सोही दलित समुदायबाट नै पनि शोषित पीडित बनिरहेका देखिन्छन् । ती सबै प्रकारका शोषणको जालोबाट मुक्त हुनका लागि दलित महिलाहरू आन्दोलित भई अगाडि बढिरहेका देखिन्छन् भने आदिबासी जनजाती महिलाहरु पनि महिला समानता र स्वतन्त्रताका लागि आनदोलित बनिरहैका देखिन्छन् ।

**महिला सुरक्षा दबाव समूह : *साझा मञ्च***

नेपालको महिला आन्दोलनको इतिहासलाई हेर्ने हो भने महिलाहरू विभिन्न समूहमा विभाजन भएको देखिन्छ । महिलाको समस्या एउटै भए पनि महिला आवाज विभिन्न समूहबाट उठ्ने गरेको थियो । यो पितृसत्तात्मक समाजमा महिला आवाज विभाजित भएर उठ्नु भनेको महिलामाथि अझ असमान ब्यबहार गरिरहे हुन्छ है भन्ने पनि हुन्छ । सबै महिला सङ्गठनहरूको आआफ्ना प्रकारका सोचहरू रहेका थिए । यसै कारण महिलाहरूको साझा सवालमा एक भएर अगाडि बढ्न सकिरहेको अवस्था थिएन ।

नेपाली महिला आन्दोलनका लागि सम्पूर्ण महिलाहरूको सहभागिता र सक्रियताको खाँचो रहेको देखिन्थ्यो । महिला आन्दोलनलाई विकसित गर्नका लागि महिलाहरूको साझा सवालमा सबै महिलाहरू एक भएर अगाडि बढ्नु नै आजको आवश्यकता रहेको देखिन्छ । यसैले होला महिलाहरूको साझा सवालहरूमा सहमति खोजेर ती मुद्दालाई अगाडि बढाउने कामको सुरुवात नेपाली महिला आन्दोलनमा महिला सुरक्षा दबाव समूहले गर्न पुगेको देखिन्छ ।

देशमा विभिन्न भागमा बलात्कारका घटनाहरूको बढ्दो क्रम देखा परिरहेको थियो । यही क्रममा ७ वर्षिया बालिका मीरा गुरुङ्गलाई बलात्कार गरेको घटनालाई लिएर यो साझा सवाल हो, यो समस्या एकजना महिलाको मात्र वा एक महिला सङ्गठनको मात्र समस्या होइन । सबै महिलाहरू मिलेर यो आवाज उठाइयो भने बल पुग्छ भनी संयुक्त आवाज

उठाइयो ।[११०] यही पृष्ठभूमिमा महिला सुरक्षा दबाव समूहको स्थापना वि.सं. २०४९ असार १९ गते गरिएको थियो । यसरी महिला तथा बालबालिकाहरूको बलात्कारका घटनाद्वारा समाजमा महिलाहरूको इज्जत, अस्मिता र सुरक्षाको कुनै ग्यारेन्टी नभएकाले त्यस्ता खालका महिलामाथि हुने सामाजिक अपराधका घटना विरुद्ध लड्न महिलाहरूसँग सम्बन्धित संवेदनशील विषयलाई लिएर सो दबाव समूहको गठन गरिएको  पाइन्छ ।

तत्कालीन प्रतिनिधि सभा सदस्य सहाना प्रधानको संयोजकत्वमा गठन गरिएको सो दबाव समूहले विगतमा वि.सं. २०४९ श्रावण २५ गते नेपाली महिला र तिनका विविध समस्या विषयमा सामाजिक सेवा मन्दिर लैनचौरमा विचार गोष्ठी गरी त्यसको रिपोर्ट प्रधानमन्त्रीको समक्ष पेश गरिएको थियो ।[१११]

अखिल नेपाल महिला सङ्घ (नेकपा (एमाले) नजिकको सङ्घ) को पहलमा निर्मित महिला सुरक्षा दबाब समूहमा प्रारम्भमा १९ संस्थाहरूको सहभागिता रहेको थियो । सो संस्थामा ३ महिनाभित्र ९५ वटा सङ्घ संस्थाहरू सदस्य बनेका थिए । यसरी सो दबाव समूहमा राजनीतिक पार्टीसँग सामिप्यतामा रहेका महिला सङ्गठन, गैरसरकारी सङ्घ संस्थाहरू, व्यक्तिहरू सदस्य रहेका थिए । प्रारम्भमा यो दबाब समूहलाई दर्ता नगर्ने भन्ने सहमति भएको थियो र दर्ता गरिएको थिएन । आवश्यक खर्च सम्बन्धित सदस्यहरूको गोजीबाट निकाली काम गर्ने गरिन्थ्यो । यो संस्था दर्ता गर्ने वा नगर्ने भन्ने विषयमा धेरै समयसम्म सदस्यहरू बीचमा छलफल भयो । दर्ता गर्ने नगर्ने भन्ने दुवै पक्षमा सदस्यहरूको मत विभाजित भएको थियो । अन्त्यतः दर्ता गरियो । जे भए पनि महिला सुरक्षा दबाब समूह स्थापना गरेर नेपाली महिलाहरू साझा सवालमा एउटै ठाउँमा महिलाहरूले आवाज उठाउन सक्छन् भन्ने कुरालाई उजागर गरेकोछ ।

महिलाको साझा सवाललाई राजनीतिक पार्टी वा बिचारको आधारमा राजनीतिकरण गरिनु महिला आन्दोलनको लागि धातक मानिन्छ । त्यसैले महिला सुरक्षा दबाब समूहले आफ्नो ब्यानरमा "महिला सवाललाई राजनीतिकरण नगरौं" भन्ने लेखि कार्यक्रम समेत गरेको देखिन्छ ।[११२] महिलाहरूको सवाललाई बिचारको आधारमा राजनीतिकरणतर्फ मोडियो भने महिलाहरूले समानता एवं स्वतन्त्रता प्राप्त गर्न नसकिने हुन्छ, राजनीतिक स्वार्थ पूर्तिको आन्दोलनले मात्र महिला स्वतन्त्रता र समानताको  सम्भावना देखिदैन । तसर्थ

---

११०. साहना प्रधान, अन्तर्वार्ता, २०५९/४/२० ।

१११. निर्मला सिवाकोटी (२०४९), महिला सुरक्षा दबाव समूह के हो ?, *महिला सन्देश* (२०४९), काठमाडौं : अन्तर्राष्ट्रिय महिला शान्ति र स्वतन्त्रता सङ्गठन, नेपाल, वर्ष १, अङ्क १, पृ. २३ ।

११२. जबरजस्ती करणीसम्बन्धी विधेयक र संसद, *महिला आवाज* (२०५०), काठमाडौं : अनेरास्ववियू के. महिला विभाग अङ्क २, पृ. १७ ।

महिला स्वतन्त्रता एवम् समानताका लागि सबै सवाललाई बिचार वा सिद्धान्तको रङ लगाइ राजनीतिकरण नगरिनु नै उत्तम मानिन्छ ।

नेपालको महिला आन्दोलनको निम्ति साझा सवालमा महिलाहरू एकजुट भएर आजाज उठाउनु भनेको उपलब्धिमूलक बन्न पुगेको पाइन्छ । सबै नेपाली महिलाहरूको समस्या उस्तै रहेको देखिन्छ । तसर्थ साझा सवालको लागि सबै सङ्घ संस्थामा आबद्ध महिलाहरू एउटै आवाज लिएर अगाडि बढ्नु नै नेपाली महिला आन्दोलनको प्रमुख आवश्यकता भएको मानिन्छ ।

यस प्रकार महिलाको सरोकारको विषयलाई लिएर काम गर्न अगाडि बढेका सङ्घ संस्था एकत्रित भएर सबै एक ढिक्का भएर अगाडि बढ्ने उद्देश्यका साथ सो दबाब समूहको स्थापना भएको देखिन्छ । नेपाली महिला समुदायको मर्यादाको सुरक्षा र हकहित संरक्षण गर्न महिला तथा बालबालिकाका हितसँग सम्बन्धित प्रश्नमा संयुक्त आवाज उठाउन र संयुक्त प्रयासमा लाग्न “महिला सुरक्षा दबाब समूह, नेपाल” गठन भएको देखिन्छ । यसका उद्देश्यहरू निम्न प्रकारका रहेका छन् :

क) महिलामाथिको दमन, शोषण तथा सामाजिक अत्याचारको विरुद्ध जनमत तयार गर्दै जनदबाबको सृजना गर्ने ।

ख) महिलाहरूमाथि भैरहेको सामाजिक अन्याय र अत्याचारको विरुद्ध महिला हक, हित संरक्षण गर्नका लागि महिला हितका लागि कार्यरत सङ्घ संस्थाहरूलाई गोलबन्द गर्दै महिलामाथि भइरहेको सामाजिक अत्याचारका विरुद्ध संयुक्त रूपले प्रयत्न गर्ने ।

ग) महिला समुदायको स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अत्यधिक सहभागी गराउने तथा बालबालिका, असहाय, महिला वृद्ध, अशक्त महिलाहरूको संरक्षणको लागि ठोस नीति तयार गर्न सरकारलाई दबाब दिने ।

घ) संविधानसँग बाझिएका, महिला विकासमा अवरोध पुऱ्याउने प्रकारका सबै ऐन कानुन संशोधन गर्न दबाब दिने ।

ङ) प्रचलित कानुनहरू र नयाँ निर्मित कानुन दुवैको कार्यान्वयन पक्ष दरिलो बनाउन सम्बन्धित निकायमा जोड दिने ।

च) महिला र बालबालिकाप्रति नकारात्मक प्रभाव पर्ने अश्लील विज्ञापन प्रचार माध्यमबाट प्रशारित हुने कार्यक्रम, साहित्य, संस्कृति कलालाई रोक लगाउन सरकारलाई दबाब दिने ।

छ) महिला तथा बालबालिकामाथि हुने सबै प्रकारका भेदभाव निर्मूलनसम्बन्धी संयुक्त राष्ट्र सङ्घको सन्धिपत्रसँग बाझिएका र मेल नखाने प्रचलित नेपाल कानुनहरूको खारेजी तथा संशोधन गरी महिला तथा बालबालिकाको हक, हितको संरक्षण गर्ने, सामाजिक न्याय र समानतामा आधारित कानुनहरू निर्माण गर्न सरकारलाई दबाब दिन र अभिप्रेरित गर्न जनमत सिर्जना गर्न कार्यरत रहने ।

ज) महिलाहरूको अस्तित्त्व र अस्मितालाई खतम गर्न खोज्ने अपराध र अपराधी समूहलाई नष्ट गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्ने र गराउने ।

झ) बलात्कार, अपहरण, बेचबिखनका सिकार भएका र बेश्यावृत्ति गर्न बाध्य तुल्याइएका महिला वा बालबालिकालाई राहत दिन न्याय दिलाउन र पुर्स्थापना गरी सामाजिक प्रतिष्ठा प्रदान गर्न आवश्यक प्रभावकारी कार्यक्रम सञ्चालन गर्न दबाब दिने ।

ञ) महिला तथा बालबीलकाहरूको हित संरक्षणका लागि कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू एवम् यस सम्बन्धमा सरोकार राख्ने अन्य संस्थाहरूका बीचमा विचार आदानप्रदान गरी पारस्परिक सहयोगात्मक र समन्वयात्मक भावना जगाउने ।

ट) शक्ति संरचनाका विभिन्न क्षेत्रमा महिलाहरूको सहभागिता वृद्धि गर्न दबाब दिने ।

ठ) विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको पेसागत हकहितको सुरक्षा, सबै महिलाहरूलाई सशक्तीकरण गर्न सम्बन्धित निकायलाई दबाब दिने तथा उपरोक्त सम्पूर्ण उद्देश्य पूर्तिका लागि महिला सुरक्षा दबाब समूहले निरन्तरता कायम गर्ने ।[२१३]

महिला तथा बालबालिकासँग सरोकार राख्ने सबै प्रकारका सवालमा केन्द्रित रही सो दबाब समूहले स्थापना कालदेखि निरन्तर रूपमा काम गरिरहेको पाइन्छ । यस संस्थामा युवा, विद्यार्थी महिलाहरू समेतको संलग्नता रहेको छ । दबाब समूह सबै प्रकारका वैचारिक अडान भएका सङ्घ संस्था, गैरसरकारी सङ्घ संस्था आदि संलग्न रहेको साझा मञ्च बन्न

२१३. महिला सन्देश, पूर्ववत्, पृ. २४ ।

पुगेको छ । यसले नेपालको महिला आन्दोलनमा इँटा थप्ने काम गरेको छ । यसरी महिलासँग सम्बन्धित साझा सवालमा एउटै आवाजका साथ अगाडि बढ्न नेपाली महिलाहरूले थालनी गरेकाछन् । देशका विभिन्न क्षेत्रमा आफ्नो साङ्गठनिक बिस्तार गर्दै महिलाहरूलाई आफ्नो हकअधिकार र मर्यादा स्तर कायम राख्नका लागि उत्साहित गर्दै निरन्तर अगाडि बढ्न प्रोत्साहित गरिरहेको पाइन्छ । नेपालमा महिला सवालको निम्ति साझा मञ्चको रूपमा स्थापित भई महिला सुरक्षा दबाब समूह लगातार अगाडि बढिरहेको देखिन्छ ।

चुनावी घोषणापत्र : *महिला सवाल*

नेपालका राजनीतिक पार्टीहरुले महिला र पुरुषलाई समान रुपले अगाडी बढाउनका लागि चुनावि घोषणापत्रमा बिभिन्न महिला सवालहरुलाई समाबेस गरेको पाइन्छ । यहां बि.स. २०५६ को चुनावि घोषणापत्रमा समाबेस गरिएको महिला सवालका बारेमा चर्चा गरिएको छ ।

देशमा वि.सं. २०५१ कार्तिक २९ गते मध्यावधि निर्वाचनमा भाग लिएका राजनीतिक पार्टीका महिलाहरूले विभिन्न ढङ्गबाट सहभागी भएर महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । सबै महिलाहरूले आआफ्नै ढङ्गबाट ऱ्याली, सभा, बालिङ्ग, तुल ब्यानर राख्ने, पर्चा निकाल्ने कामका साथै स्वयम्सेवक बस्ने, मतगणना प्रतिनिधि बस्ने कार्यसमेत महिलाहरूले गरेको पाइन्छ ।

नेपाली जनताले आउँदा दिनका लागि कुनै एक पार्टीलाई रोज्नुपर्ने स्थिति अनपेक्षित एवम् असमयको भए पनि आफ्नो मत दिनैपर्ने भयो । तसर्थ नेपाली महिलाहरू पनि आफ्नो अवस्थामा सुधारको सपना बोकेर मध्यावधि चुनावको लागि दिलोज्यान दिएर लागिपरेका थिए । केका लागि उनीहरू समर्पित भइरहेका थिए ? समानताका लागि, स्वतन्त्रताका लागि वा उच्च ओहदामा आसिन हुनका लागि वा यस्ता धेरै सवालहरू थिए् उनीहरूको अगाडि । नेपाली महिलाहरू कूल मतदाता सङ्ख्याको करिब आधा सङ्ख्यामा रहेका छन् । यसरी आधा भाग ओगटेका महिलाहरूका सवालका बारेमा चुनावी घोषणापत्रमा के उल्लेख गरिएको छ, त्यसका बारेमा चर्चा गर्नु सान्दर्भिक नै देखिन्छ ।

**नेपाली काँग्रेस :**

मुलुकको प्रमुख शक्तिको रूपमा स्थापित तत्कालिन नेपाली काँग्रेसले नीतिगत रूपमा महिला समानताका लागि अवरोधक कानुनी प्रावधानको संशोधन, नीति निर्माण गर्ने

निकायहरू र राजनीतिक संस्थाहरूमा महिला प्रतिनिधित्वको ठोस रूपमा वृद्धि, महिला शिक्षा एवम् रोजगारीको अवसर वृद्धिका निम्ति विशेष व्यवस्था, मातृ मृत्युदर कम गर्ने र चेलीबेटी बेचबिखन समाप्त पार्ने प्रभावशाली कार्यक्रममा एक वर्षभित्र महिला समस्या निराकरण र विकास प्रक्रियामा सहभागिताका लागि केन्द्रीय स्तरमा अलग सङ्गठनात्मक ढाँचा निर्माण गर्ने प्रतिबद्धता आफ्नो घोषणापत्रमा उल्लेख गरेको पाइन्छ ।

यसरी नै उक्त पार्टीले ग्रामीण महिलालाई आत्मनिर्भर बनाउन महिला विकास कार्यक्रमलाई व्यापक बनाउने, कमजोर आर्थिक स्थिति र सामाजिक दृष्टिले पिछडिएका समुदायका छात्राहरूलाई छात्रवृत्ति र अन्य शैक्षिक सुविधाको विशेष व्यवस्था गर्ने, प्राथमिक तथा माध्यमिक विद्यालयमा महिला शिक्षिकाको सङ्ख्या बिस्तार गरिने, दुर्गम क्षेत्रका छात्राहरूलाई प्राविधिक उच्चशिक्षाका लागि प्रोत्साहित गर्ने आधार तयार गर्ने र रोजगारीमूलक महिला विकास कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमहरू अघि सारेको पाइन्छ ।[२१४]

नेपाली काँग्रेसको नीतिगत रूपमा महिला सवालमा राम्रो एवम् उत्साहजनक प्रतिवद्धता देखाए पनि ब्यबहारिकतामा देखिएको पादैन । यसरी नै नीति निर्माण गर्ने निकायहरू र राजनीतिक संस्थाहरूमा महिला प्रतिनिधित्वको ठोस रूपमा वृद्धि गर्ने भनि चुनावी घोषणापत्रमा उल्लेख गरिए पनि ब्यबहारमा देखाउन सकेको छैन । तसर्थ सो पार्टीमा आस्था राख्ने सबै महिलाहरुले राजनीतिक क्षेत्रमा पनि महिला समानताका लागि अझै दृढ भएर आन्दोलित बन्नु पर्ने आवस्यकता देखिएको छ ।

**नेकपा (एमाले) :**

संसदमा प्रतिपक्षी दलको रूपमा रहेको शक्तिसाली पार्टी नेकपा (एमाले) ले पनि आफ्नो चुनावि घोषणापत्रमा महिलाहरूको निम्ति विशेष व्यवस्था गरेको पाइन्छ । ती मध्ये नीतिगत तहमा महिलापुरुष बीच विद्यमान आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक विभेद, असमानताहरु हटाई पुरुष सरह समान अधिकार कायम गर्न ग्यारेन्टी गर्ने, महिलाको आर्थिक आत्मनिर्भरता बढाउन रोजगारमूलक शिक्षा एवम् तालिमको विशेष कार्यक्रम सञ्चालन गर्ने, महिलाप्रति भेदभाव बढाउने कानुन खारेज गर्ने, महिला बेचबिखन, देहव्यापार, बलात्कार, हत्या जस्ता अपराधहरू अन्त्य गर्न कानुनी व्यवस्थाहरु गर्ने र महिला अस्मिताको अपमान हुने प्रकारका विज्ञापनको प्रयोगमा प्रतिबन्ध लगाउने, साक्षरता कार्यक्रम सञ्चालन गर्ने, महिलाहरूका लागि माध्यमिक तहसम्म निःशुल्क शिक्षा र स्नातक तहसम्म विशेष सुविधाको व्यवस्था गर्ने र समाजका विभिन्न क्षेत्रमा महिला

२१४. *नेपाली काङ्ग्रेस चुनावी घोषणापत्र (२०५६)* काठमाडौं : नेपाली काङ्ग्रेस ।

समुदायको उचित प्रतिनिधित्व गराउने कुरामा बचनबद्धता देखाएको पाइन्छ । यसका साथै महिलालाई पनि पुरुषसरह समान कामका लागि समान ज्लाला, आर्थिक उपार्जन गर्ने, आर्जित सम्पत्ति स्वतन्त्रतापूर्वक उपयोग गर्ने अधिकार स्थापित गर्ने आदि विषयहरू आफ्ना चुनावी घोषणापत्रमा समावेश गरेको पाइन्छ ।[११५]

मध्यावधि निर्वाचनमा सबभन्दा ठूलो दलको रूपमा नेकपा (एमाले) ले सरकार बनाएर नेपालमा पहिलो पटक कम्युनिस्ट पार्टीको सरकार बन्न पुग्यो भन्ने प्रसङ्गसँग महिला समुदायको प्रसङ्ग पनि सर्वत्र चर्चाको विषय बनेको पाइन्थ्यो । नेपाल कम्युनिस्ट पार्टी महिला समुदायको उत्थानको निम्ति चिन्तित र संवदेनशील भएको कुरालाई स्थापनाकालदेखि नै सो पार्टीले गरेका महिलासम्बन्धी क्रियाकलापले पुष्टि गरेको देखिन्थ्यो । पहिले पनि सैद्धान्तिक रूपमा समानुपातिक रूपले जोड दिएको पाइन्छ । यद्यपि व्यवहारमा लागू गर्ने सवालमा पितृसत्तात्मक शैली देखा नपरेको होइन । तत्कालीन नेकपा (एमाले) को सरकार गठनको प्रक्रिया पनि उक्त प्रसङ्गबाट अछुतो रहन सकेन भन्ने कुरा मन्त्रिमण्डलमा महिला सहभागिता नभएको कुराले स्पष्ट देखाएको पाइन्छ ।[११६] यसरी सो पार्टीको व्यबहार र सिद्धान्त महिलाको सवालमा दुई समानान्तर रेखा झै भएको देखिन्छ । जसले चुनावि घोषणापत्रमा उल्लेखित महिला सवाललाई वेवास्ता गरेको देखिन्छ ।

पार्टीले घोषणापत्रमा महिला सवालमा जति नै राम्रा कुराहरू उठाए पनि व्यवहारमा उतार्नका निम्ति राजनीतिक पार्टीमा पितृसत्ताको रङ्ग भरिएकै पाइन्छ । तसर्थ राजनीतिक क्षेत्रमा पनि महिलाहरूमाथि पितृसत्तात्मक शोषण भइरहेकै देखिन्छ । यस कुराको पुष्टि सबै राजनीतिक पार्टीमा भएको महिला सहभागिताले स्पष्ट देखाएकै छ । उक्त गलत प्रवृत्तिको अन्त्यका लागि सबै राजनीतिक पार्टीमा संलग्न महिलाहरूले आआफ्नो पार्टीभित्र लड्नु नै पहिलो जिम्मेवारी भएकोछ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी :**

नेपालमा तत्कालिन तेस्रो शक्तिको रूपमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि महिलाहरूलाई कानुनी समानता प्रदान गर्न, आर्थिक रूपमा बलियो बनाउन, सचेत र शिक्षित गराउन, सबै क्षेत्रमा समान अवसर दिलाउन, समाजिक सांस्कृतिक उत्पीडनबाट मुक्त गराउन र स्वस्थ भएर बाँच्न विभिन्न नीतिहरू आफ्नो चुनावी घोषणापत्रमा समावेश गरेको पाइन्छ ।[११७] सो पार्टीद्धारा जति नै राम्रो महिला सवाललाई समेटिएको भए पनि

---

११५. *नेकपा (एमाले) चुनावी घोषणापत्र* (२०५६),काठमाडौं : नेकपा (एमाले) ।

११६. शिवमाया तुम्बाहाङ्फे (२०५२ असार), नेकपा एमालेको सरकार र महिला, *महिला आवाज,* काठमाडौं : अनेरास्ववियू, केन्द्रीय महिला विभाग, अङ्क ३, पृ. ५३ ।

११७. राष्ट्रिय प्रजातन्त्र पार्टी चुनावी *घोषणापत्र* (२०५६), काठमाडौं : राप्रपा ।

ब्यबहारमा पाउन सकिँदैन । सबै क्षेत्रमा महिलाहरुलाई समान अवसर दिलाउने प्रतिबद्धता जाहेर गरिए पनि ब्यबहारमा पाउन सकिएको छैन । अझै पनि सो पार्टीका महिलाहरुले आफ्नो अधिकार प्राप्तिका लागि आन्दोलित बन्नु पर्छ ।

**संयुक्त जनमोर्चा नेपाल :**

संयुक्त जनमोर्चा नेपालले महिला सवालमा आफ्नो अवधारणालाई अगाडि सारेको छ । निर्वाचनलाई सङ्घर्षको एक रूपमा उपयोग गर्ने नीति लिएको संयुक्त जनमोर्चा नेपाल पनि महिला सवालमा गंभिर भएको देखिन्छ । पितृसत्तात्मक उत्पीडन र सामाजिक अन्यायका सबै रूपहरू अन्त्य गरी सम्पत्तिमाथि छोराछोरी दुवैको समान हक कायम गरिनु पर्ने विषयमा जोड दिएको पाइन्छ ।[११८] यद्यपि पार्टीको सङ्गठनात्मक जिवनमा हेर्दा महिला सहभागिताको सवालले सार्थकता पाएको देखिदैन । तसर्थ अझै महिलाहरुले महिला समानताका लागि पार्टी भित्र लड्नु पर्छ ।

**सद्भावना पार्टी :**

महिलाहरू सम्बन्धित विभिन्न नीति र कार्यक्रमहरू सद्भावना पार्टीले पनि आफ्नो चुनावी घोषणापत्रद्वारा सार्वजनिक गरेको थियो । जसअनुसार महिलाहरूलाई शिक्षित बनाएर शासनमा समुचित रूपमा सहभागी गराउनुपर्ने, सबै प्रकारका शोषण, अत्याचार र भेदभावको अन्त्य गर्नुपर्ने, भेदभावपूर्ण कानुनको संशोधन गरी कार्यान्वयन गराउनुपर्ने विषयमा आफ्नो नीतिगत सहमति व्यक्त गरेको देखिन्छ । यसै गरी कार्यक्रमको रूपमा ग्रामीण महिलाहरूका लागि उन्नत चुलो सुलभ गर्ने, अश्लील पोस्टर, विज्ञापन आदिमा रोक लगाउने जस्ता प्रतिबद्धतालाई अगाडि सारेको पाइन्छ ।[११९]यस पार्टीले पनि महिलाहरुको सवालमा गरेको प्रतिबद्धतालाई ब्यबहारमा ल्याउन सकेको देखिदैन ।

यसरी राष्ट्रिय पार्टीका रूपमा मान्यताप्राप्त उक्त पाँच राजनीतिक दलहरूले महिला सम्बन्धमा विभिन्न नीति एवम् कार्यक्रमहरू बनाएको देखिन्छ । यद्यपि पार्टीहरू सत्तामा पुगेर पनि महिलाहरूको अवस्थामा परिवर्तन भने हुन सकेको देखिँदैन । सामाजिक अपराधहरूले ठाउँ लिएकै छन् । अपराधीले उचित सजाय पाउन सकेको देखिंदैन । महिलाहरू उत्पीडित र अपहेलित बनाइएकै छन् ।

---

११८. संयुक्त जनमोर्चा चुनावी *घोषणापत्र (२०५६),* काठमाडौं : संयुक्त जनमोर्चा ।
*११९.* सद्भावना पार्टी चुनावी *घोषणापत्र* (२०५६), काठमाडौं ।

नेपालको राजनीतिक दलका चुनावी घोषणापत्रमा उपरोक्त महिला सवाललाई समावेश गर्नका निमित्त पनि महिलाहरूले निकै मेहनत गर्नुपरेको थियो । सबै महिलाहरूले आफनै ढङ्गबाट आआफ्ना राजनीतिक पार्टीलाई महिलासंग सम्बन्धित सवाललाई घोषणापत्रमा समावेश गर्न सुझाव एवम् दबावसमेत दिएका थिए । यसले राजनीतिक क्षेत्रमा पनि महिलाहरूले नलागी आफ्नो अधिकार प्राप्त गर्न सक्तैनन् भन्ने कुरा स्पष्ट भएको छ । यसप्रकार महिलाहरू आफ्नो अधिकार प्राप्तिका लागि सधैं क्रियाशील रहिरहेका देखिन्छन् ।

नेपाली महिलाहरूले मताधिकार प्राप्त गरेपछि केही राजनीतिक राहत प्राप्त गर्न सफल भएकाछन् ।[३३०] जनआन्दोलन पश्चात् पनि महिलाहरू आफ्नो हक अधिकारका लागि लडिरहेका देखिन्छन ् । उनीहरू जुलुस, आमसभा र आन्दोलन जस्ता राजनीतिक गतिविधिहरूमा सधैं अग्रभागमा देखिन्छन्, तर सत्ता र शासनमा उनीहरू शून्य वा अल्पसङ्ख्यामा मात्र पुग्ने गरेको देखिन्छ । तर यस्तो धारणा वा अवस्थाले महिलाहरूको चासो एवम् सक्रियतामा चोट पुऱ्याएको महुसस हुन्छ । तसर्थ राजनीतिक पार्टी भित्र पनि महिलाहरुले समान अवसरका लागि अझ सशक्तरुपले आन्दोलनमा लाग्नु नितान्त आवस्यकाता देखिएको छ ।

### राष्ट्रिय महिला आयोग : *महिला सवाल*

नेपालमा महिलाहरूको सामाजिक आर्थिक, राजनैतिक स्तरमाथि उठाउनुपर्ने आवश्यकता देखिएकाले महिला सवालमा केन्द्रित रही सरकारलाई दबाब सृजना गर्नु आवश्यकता देखिएको थियो । तसर्थ आम निर्वाचन पश्चात् सदनमा स्वतन्त्र राष्ट्रिय महिला आयोगको माग सबै राजनीतिक पार्टीका महिला सांसदहरूले उठाएका थिए । यसका साथै अनेम सङ्घ, विभिन्न महिला सङ्घ, संस्थाहरूबाट पनि राष्ट्रिय महिला आयोगको स्थापनाको लागि आवाज उठाएका थिए ।[३३१] सो आयोग स्थापनाको निम्ति कानुन निर्माण गरी आगाडि बढ्नुपर्छ भन्ने धारणाको विकास अनेमसङ्घले गरेको थियो । यो आयोगलाई स्वतन्त्र, स्वायत्त निस्पक्ष, अधिकार सम्पन्न हुनुपर्नेमा जोड दिएको देखिन्छ ।[३३२]

महिला तथा समाज कल्याण मन्त्रालयको छुट्टै कार्यक्षेत्र लिई स्वतन्त्ररूपले मन्त्रालय स्थापना भई महिला विकास कार्यको सञ्चालन हुन थालेको थियो । तर सो मन्त्रालयले मात्र महिलाहरूको समस्या समाधान हुँदैन भनेर राष्ट्रिय महिला आयोगको अवधारणाको विकास भएको पाइन्छ । यस आयोगबाट महिलाहरूको सवाललाई लिएर दबाब सृजना गरी महिला मन्त्रालयलाई पनि महिलाहरूको समस्याहरूको बारेमा ध्यान आकर्षित गरी काम गर्न

---

३३०. लेखनाथ भण्डारी (२०५१ कार्तिक), मध्यावधि निर्वाचन २०५१ का नारी व्यक्तित्व र आवाज, *अस्मिता,* काठमाडौं : वर्ष ७, अङ्क २९, पृ. १३ ।

३३१. थममाया थापा, अन्तर्वार्ता, २०५९/४/१४ ।

३३२. विद्यादेवी भण्डारी, अन्तर्वार्ता, २०५९/४/२३ ।

लगाउने यसको उद्देश्य रहेको थियो । यस आयोगले स्वतन्त्र अस्तित्त्व मान्यता पाउनुपर्ने एवम् महिला आयोगको विधेयकलाई पनि संसदमा पास गराउनुपर्छ भन्ने धारणा रहेको प्रतिवेदन तयार गर्न सहाना प्रधानलाई जिम्मा दिएकाले १ महिनाभित्र प्रतिवेदन तयार गरी महिला मन्त्रालयमा पेश गरिएको थियो । सो पेश गरिएको प्रतिवेदनमा कार्यदलले सबै महिला सङ्घहरूलाई बोलाएर छलफल गरिएको थियो । उक्त कार्यदलमा गन्यमान्य महिलाहरू रहेका थिए ।[३३३]

आधा आकास ढाकेका महिलाहरूको अवस्थामा सुधार एवम् परिवर्तनका लागि एक स्वतन्त्र महिला आयोगको परिकल्पना गरिएको थियो । महिला सुरक्षा दबाब समूहले राष्ट्रिय महिला आयोगको अवधारणा विकास गरेको मानिन्छ । यसको लागि सो दबाव समूहले चार सदस्यीय कोरग्रुपको पनि निर्माण गरी राष्ट्रिय महिला आयोगको आवश्यकता र औचित्यका बारेमा ड्राफ्ट तयार गरेको थियो । तत्कालीन प्रधानमन्त्रीलाई समेत ज्ञापनापत्र दिने काम महिलाहरूले गरेका थिए ।[३३४] जब सहाना प्रधान महिलामन्त्री हुनुभएपछि महिलाहरूसँग मिलेर काम हुन थाल्यो । समपूर्ण महिलाहरूले राष्ट्रिय महिला आयोग स्वतन्त्र, उच्च स्तरीय अविच्छिन्न आयोगको रूपमा हुनुपर्छ भनेर आवाज उठाई रहेका देखिन्थे । यो अधिकार सम्पन्न सरकारलाई दबाब दिने काम गर्ने हुनुपर्छ भन्ने थियो, जसले नेपालको महिला आन्दोलनलाई सहयोग गर्न सकोस् ।

मिति २०५८ फागुन २४ गते तद्नुसार ई सं. २००२ मार्च ८ का दिन ९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको ऐतिहासिक अवसरमा राष्ट्रिय महिला आयोगको घोषणा भएको थियो । देशमा प्रजातन्त्रको पुनःस्थापनासँगै राष्ट्रिय महिला आयोगको गठन नेपाली महिला आन्दोलनको प्रमुख मागको रूपमा रहेको थियो । यो माग क्रमशः महिलावादी आन्दोलन, गैरसरकारी आन्दोलन र संसदीय आन्दोलनले पनि आफनो मुद्दा बनाउँदै लग्यो । परिणामस्वरूप सो आयोगको घोषणा भएको थियो ।

राष्ट्रिय महिला आयोगमा श्रीमती दुर्गा पोखेलको अध्यक्षतामा बनाइएको थियो । सो आयोगमा उपाध्यक्ष प्रतिभा राणा, सदस्य उमा कार्की, महालक्ष्मी (डिना उपाध्याय, विन्दा पाण्डे, सीता गिरी, अमृता अग्रहरी र सदस्यसचिव लक्ष्मी राई रहेका थिए । राष्ट्र विकासको मूलप्रवाहमा महिलाको समान सहभागिता आजको आवश्यकता मुख्य नाराका साथ सो आयोगले काम गरेको थियो । आयोगले आफ्नो कार्यकालमा निम्न कार्यक्रमहरू सम्पन्न गरेको देखिन्छ :

क) राष्ट्रिय महिला आयोगको विधेयक मस्यौदा उपसमिति

---

३३३. सहाना प्रधान, अन्तर्वार्ता, २०५९/४/१४ ।
३३४. शशि श्रेष्ठ, अन्तर्वार्ता, २०५९/६/१ ।

यस समितिले राष्ट्रिय महिला आयोगलाई प्रदान गरेको विधेयक मस्यौदा तयार गरी श्री ५ को सरकारलाई हस्तान्तरण गरेको छ । विधेयक मस्यौदालाई विस्तृत रूपमा छलफल गर्ने सन्दर्भमा काठमाडौंमा ६ वटा केन्द्रीय स्तरका र ६५ वटा जिल्लामा जिल्ला स्तरका परामर्श छलफल गरी आएका सुझावलाई समावेश गरी कानुनको अन्तिम मस्यौदा तयार गरिएको थियो ।

ख). कार्यालय व्यवस्थापन उपसमिति

यस उपसमितिले आयोगको कार्यालयलाई सुरुमा समाज कल्याण परिषद्मा अस्थायी कार्यालय सञ्चालन गरी असार २६, २०५९ देखि राष्ट्रिय समाचार समितिको नयाँ भवनमा आफ्नो कार्यालयलाई व्यवस्थित गर्ने काम गरिएको थियो ।

ग) आयोगमा पर्नआएका महिलासम्बन्धी उजुरी निवेदनलाई यथाशीघ्र सम्बन्धित निकायलाई जानकारी गराउने र समाधानका लागि पहल गर्ने कामलाई नियमित रूपमा गर्दै आएको छ ।

घ) राष्ट्रको नीति निर्माणमा राष्ट्रिय योजना आयोग एवम् अन्य सम्बन्धित क्षेत्रमा महिलासँग सरोकार राख्ने विषयहरू जस्तो शिक्षा र स्वास्थ्यमा विशेष जोड, राजनीतिक र सामाजिक जीवनका हरेक क्षेत्रमा महिला सहभागितामा वृद्धिका सम्बन्धमा आयोगले परामर्श दिई दसौं योजनामा समावेश गर्न लगाएको छ ।

ङ) मुलुकी ऐन ११ औं संशोधनले गर्भपात सम्बन्धी गरेको कानुनी व्यवस्थालाई ध्यानमा राख्दै गर्भपतनको आरोपमा बन्दी बनाइएका महिलाहरूको लागि विभिन्न निकाय र गैरसरकारी सङ्घ-संस्थासँग समन्वय गरी रिहाई र पुनर्स्थापनाका लागि आयोगले आवश्यक पहल गरेको छ ।

च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलनमा सहभागी भई राष्ट्रिय महिला आयोगको तर्फबाट आफ्नो राय र सुझावहरू पेश गर्ने कामलाई निरन्तर रूपमा गर्दै आएको छ ।

छ) महिलासम्बन्धी सूचना सङ्कलनको सिलसिलामा विभिन्न प्रकाशनहरू, अनुसन्धानका प्रतिवेदन र तथ्याङ्कहरू सङ्कलन गरी महिला सूचना केन्द्र निर्माणको कामको थालनी गरेको छ ।[११५]

११५. *ब्रोसर* (२००२), राष्ट्रिय महिला आयोग, काठमाडौंः ।

राष्ट्रिय महिला आयोगले महिलालाई देशको सर्वाङ्गीण विकासमा समाहित गर्नका लागि महिला लक्ष्यित समूह बनाएर केही कामहरू सम्पन्न गरेको देखिन्छ । यद्यपि यसले महिलाहरूको निम्ति पर्याप्त काम गर्न अझै बाँकी रहेको छ । यस आयोगले आफ्नो कामलाई व्यवस्थित रूपले अगाडि बढाउनका निम्ति विभिन्न उद्देश्यहरू तयार गरेको पाइन्छ । जुन यस प्रकार रहेका छन्:–

१. समन्वय

क) संविधान, ऐन, कानुन र नीतिको कार्यान्वयन तथा अनुगमन प्रभावकारी बनाउने ।

ख) वर्तमान संविधान, ऐन, कानुन र राष्ट्रिय नीतिहरू लैङ्गिक अवधारणा अनुरूप परिमार्जन गराउने ।

ग) राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूबाट सञ्चालित कार्यक्रम लैङ्गिक अवधारणा अनुरूप गराउने ।

घ) महिला सशक्तीकरण कार्यमा संलग्न विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्था, निकाय एवम् आयोगहरूसँग समन्वयन गर्ने ।

२. परामर्श र पहल

क) राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्ने सम्पूर्ण निकायलाई आवश्यक परामर्श एवम् दबाव दिने ।

ख) लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी अध्ययन एवम् अनुसन्धान गरी समस्या समाधानका आवश्यक योजना तर्जुमा एवम् कार्यान्वयनका लागि सम्बन्धित परामर्श दिने ।

ग) मुलुकभित्र वा अन्यत्र भएका महिला मानवअधिकार उल्लंघनका घटनाहरूको अध्ययन, अनुसन्धान गरी समस्या समाधानका आवश्यक योजना तर्जुमा एवम् कार्यान्वयनका लागि सम्बन्धित निकायलाई परामर्श दिने ।

घ) महिला अस्मितामाथि आँच आउने प्रचार-प्रसार नियन्त्रण गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

ङ) रोजगारी, वातावरण संरक्षण र सम्वर्द्धन, सूचना र प्रविधिका क्षेत्रमा महिला सहभागिता वृद्धिका लागि नीति निर्माण एवम् कार्ययोजना सहित सम्बन्धित निकायलाई परामर्श दिने ।

३) कानुन कार्यान्वयन तथा छानविन

क) विभिन्न स्थानमा रहेका बन्दी एवम् पीडित महिलाहरूका लागि आवश्यक सुविधा दिलाउन पहल गर्ने साथै कानुनी सहयोग गर्ने ।

ख) हिंसा, कुरीति र कुप्रथाका शिकार महिलाहरूलाई आवश्यक कानुनी वा भौतिक सहयोग पुऱ्याउने ।

ग) महिला अधिकार संरक्षण र सम्वर्द्धनका लागि विभिन्न माध्यमद्वारा सर्वसाधारणलाई सचेत गराउने ।

४) मुद्दामा प्रतिनिधित्व गर्ने

क) महिला उत्पीडन, सामूहिक हिंसा र भेदभावका विरुद्ध कुनै पनि कानुनी निकायमा आफै पक्ष भई उजुरी मुद्दा दायर गर्ने तथा अदालतमा विचाराधीन रहेका कारवाहीमा समेत सम्बन्धित अदालतको अनुमतिबाट छानविन गर्ने ।

ख) आयोगमा पर्न आएका निवेदन, उनीहरूको कारवाहीका लागि सम्बन्धित व्यक्तिलाई उपस्थित गराई बयान गराउने, स्थलगत निरीक्षण गर्ने, प्रमाण सङ्कलन गर्ने गराउने

ग) महिला विरुद्धको सबै किसिमको भेदभाव उन्मूलन सम्बन्धी आभिसन्धि– १९७९ अन्तर्गत महिला सरोकारका विषयमा सम्वन्धित निकायमा उजुरी गर्ने ।

५) आयोगको परामर्श लिनुपर्ने

क) महिला सरोकारका राष्ट्रिय नीति निर्माण, संशोधन वा खारेजी गर्दा सम्बन्धित निकायले आयोगको परामर्शबाट मात्र गर्नुपर्ने ।

ख) महिलासम्बन्धी विधेयकहरू तयार गर्दा सम्बन्धित समितिले आयोगको परामर्श लिनुपर्ने ।

ग) महिला सरोकारका सम्पूर्ण विषयमा सम्बन्धित निकायमा लेखी पठाउने वा छलफलका लागि व्यवस्था गर्ने ।

६) अन्तर्राष्ट्रिय सन्धि, सम्झौता सम्बन्धमा

क) महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारको विश्वव्यापी मान्यताअनुरूप कार्यहरू गर्ने, गराउने ।

ख) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रतिबद्धता अनुरूप महिला सरोकारका विषयहरूमा नेपालले तयार पार्ने प्रतिवेदनमा आयोगको अनिवार्य सहभागिता गराउने ।[३३६]

नेपालको परिप्रेक्षमा राष्ट्रिय महिला आयोग सान्दर्भिक एवम् आवश्यक नै रहेको मान्नुपर्दछ । जुन नेपाली महिलाहरूको अनवरत सङ्घर्षद्वारा प्राप्त भएको थियो । यस आयोगले आफ्नो समयावधिमा विभिन्न कार्यहरू सम्पादन गरिसकेको देखिन्छ । यसले विभिन्न उद्देश्यहरूसमेत राखी काममा लागि परेको थियो । यसका साथै कार्यक्रमको प्राथमिकताका क्षेत्रहरूसमेत निर्क्यौल गरेको पाइन्छ । (विस्तृत जानकारीको लागि अनुसूची ६ हेर्नुहोला) यसरी आयोगले महिलाहरूको बीचमा काम गरिरहेको पाइन्छ ।

यद्यपि आयोगले महिलाहरूको सवालमा पर्याप्त काम भने गर्न सकेको देखिदैन ।[३३७] यसको साथै आयोगले पर्याप्त मात्रामा महिलासम्बन्धी नीति निर्माण गर्ने काम गर्न सकेको नदेखिए पनि अप्रत्यक्ष रूपले सहयोग गरेको भने देखिन्छ । जसले महिला आन्दोलनलाई समेत सहयोग पुगेको देखिन्छ ।[३३८] राष्ट्रिय महिला आयोग नेपाली महिला आन्दोलनको परिणति रुपमा लिइन्छ । जसले महिला मुक्तिको आन्दोलनका लागि सहयोगी भूमिका निर्वाह गर्न सक्नेछ । आयोगको माध्यमबाट महिला आवाजलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउन सजिलो भएको छ ।[३३९] पीडित महिलाहरूलाई कानुनी उपचारका निम्ति राहत प्राप्त भएको छ भने सबै क्षेत्रमा लैङ्गिक समानताको सवाललाई उठाउन थप सहयोग प्राप्त

---

३३६. *ब्रोसर,* पूर्ववत् ।
३३७. मिना आचार्य, अन्तरवार्ता, २०६१/११/१० ।
३३८. बन्दना राणा, अन्तरवार्ता, २०६१/११/१२ ।
३३९. सहाना प्रधान, अन्तर्वार्ता, २०५९/४/२० ।

भएको छ । यद्यपि राष्ट्रिय महिला आयोगले आफ्नो कार्यावधिमा महिलाहरूको निम्ति पर्याप्त काम गर्न सकेको भने देखिँदैन, थोरै भए पनि टेवा दिएको छ । आगामी दिनमा महिलाहरूको निम्ति पर्याप्त काम गर्नुपर्ने आजको आवश्यकता रहेको देखिन्छ ।

राष्ट्रिय महिला आयोग सरकारको मुखपत्र नभइ सरकारलाई खबरदारी गर्ने निकायको रुपमा लिइन्छ । यसले सरकारलाई हरेक ठाउँमा भएका महिलामाथिका गलत कार्यहरूका बारेमा महिलाहरूले खबरदारी गर्नुपर्छ । यो आयोगमा प्रत्येक महिला सङ्घ संस्थाले खबरदारी गर्न सक्छ, तर मन्त्रलयमा मिल्दैन । यस प्रकार महिलाहरूले राष्ट्रिय महिला आयोगको स्थापनाको लागि सबै क्षेत्रमा आवाज उठाई सफलतामा पुगेको देखिन्छ ।

**चौथो विश्व महिला सम्मेलन १९९५ :** ***नेपाली महिला***

नेपाली महिलाहरूले विगतका तुलनामा सचेत एवम् जागरुक बन्न थालेको अनुभूति हुन्छ । महिलाका साझा सवालमा सबै महिलाहरूको एउटै आवाज सुन्न थालिएको छ । चौंथो विश्व महिला सम्मेलनका निम्ति नेपालको गैरसरकारी तबरबाट भएका तयारीका सम्बन्धमा महिलाहरूको भूमिकाका सन्दर्भमा सारमा चर्चा गरिएको छ ।

चिनको बेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलनको तयारीको निम्ति महिला हक, हितको लागि कार्यरत गैरसरकारी संस्थाहरूको समूहले करिब एक वर्ष अगाडिदेखि एउटै ठाउँमा कार्य गरिरहेका थिए । ती गैरसरकारी संस्थाहरूमा महिला सुरक्षा दबाब समूह, यसमा महिला तथा बालबालिका सम्बन्धी कार्य गर्ने ९० वटा गैरसरकारी संस्था रहेका थिए । गैरसरकारी संस्था राष्ट्रिय तयारी समिति, बेजिङ्ग यसमा ८० वटा अन्य गैरसरकारी संस्था रहेका थिए । पूर्वाञ्चल क्षेत्रीय गैरसरकारी संस्थाहरूको नेटवर्क समूह, यसमा ३६ वटा अन्य महिलासम्बन्धी काम गर्ने संस्था रहेका थिए । महिला वातावरण समूह, यसमा ८ वटा अन्य गैरसरकारी संस्था रहेका थिए । यसरी सम्भव भएसम्म महिला तथा बालबालिकाका सवालसँग सम्बन्धित रहेर काम गर्ने सङ्घ, संस्थाहरूलाई एउटै ठाउँमा राखेर कार्य सम्पादन गर्ने जमर्को गरिएको पाइन्छ ।

उल्लेखित संस्थाहरू र समूहगत रूपमा सुचारु रूपले कार्य गर्नका लागि "गैरसरकारी समूह राष्ट्रिय तयारी समिति नेपाल बेजिङ्गतिर १९९५" गठन गरिएका थियो । यसका उद्देश्यहरू निम्नलिखित रहेका थिए :-

क) विभिन्न गैरसरकारी संस्थाहरूले गरेका कार्यहरू नदोहोरियोस् तथा नेपालका बढी भन्दा बढी महिलाहरूमा बेजिङ्ग सम्मेलनको सन्देश पुगोस् भन्नाका लागि ।

ख) नेपाली महिलाहरूका क्षेत्रीय तथा राष्ट्रिय स्तरका मुद्दाहरूलाई प्रतिनिधित्व गराउन।

ग) विभिन्न महिला संस्थाहरूमा ऐक्यबद्धता कायम राख्ने ।

घ) बेजिङ्ग सम्मेलनको निमित्त नेपालका गैरसरकारी संस्थाहरूको समूहले गरेको तयारीको सम्बन्धमा पारदर्शिता कायम राख्दै महिलाको सशक्तीकरणको लागि कार्य गर्ने ।

ङ) महिलाहरूका प्रमुख मुद्दाहरूको समाधानार्थ सरकारलाई दबाब दिनुका साथै महिलाहरूका लागि कार्य गर्ने सङ्घ संस्थाहरूसँग मिलेर बेजिङ्ग अगाडि र बेजिङ्ग पछाडि गर्ने कार्यक्रम तथा नीति तय गर्ने ।

च) बेजिङ्ग पठाउने नेपालका गैरसरकारी संस्थाहरूको रिपोर्टमा सम्पूर्ण महिला समूहहरूको सहभागिता गराउने आदि । [१३०]

नेपालका गैरसरकारी सङ्घ, संस्थाहरू महिलाका साझा सवालका निम्ति एउटै ठाउँमा रही काम गर्नका लागि तयारी समिति निर्माण गरी कार्य सञ्चालन गरेका थिए । यसमा केवल महिला सवालमा मात्र केन्द्रित रही काम गरिएको देखिन्छ । यसमा विभिन्न राजनीतिक पार्टीहरूमा आस्था राख्ने सङ्घ संस्थाहरू एवं व्यक्तिहरू संलग्न थिए । यद्यपि ती राजनीतिक रङ्गलाई महिलाका साझा सवालमा लाग्न नदिई एउटै आवाजका साथ नेपाली महिलाहरू समानता र स्वतन्त्रताका लागि अगाडि बढेका देखिन्थे । यो कार्य नेपालको महिला आन्दोलनका निम्ति ज्यादै उत्साहजनक मान्नुपर्दछ । सो समूहको कार्यकारिणी समिति पनि निर्माण गरिएको थियो । कार्यकारिणी समूहका सदस्यहरू निम्न बमोजिम रहेका थिए :–

क) संयोजक– सांसद सहाना प्रधान
ख) सदस्य सचिव– अञ्जना शाक्य
ग) कोषाध्यक्ष– शशि श्रेष्ठ
घ) सदस्यहरू––प्रा.डा.शान्ता थपलिया
–डा.अरुणा उप्रेती
–डा.आरजु राणा (देउवा)
–प्रतिभा सुवेदी
–दुर्गा सोब
–अमृता बास्कोटा
–शिवमाया तुम्बाहाङ्फे
–बन्दना कोइराला
–दुर्गा घिमिरे
–तारा उप्रेती
–गुणलक्ष्मी शर्मा
–तुला राणा

१३०. *नेपाली बेइजिङ्गतिर, (१९९५),* काठमाडौं : गैरसरकारी समूह राष्ट्रिय तयारी समिति ।

–कमला ढुंगेल

महिलाहरूले गैरसरकारी संस्थाहरूको एक तयारी समितिको निर्माण गरी सबै महिलाहरू लगायत सरकारको समेत बेइजिङ्ग सम्मेलनतर्फ ध्यानाकर्षण गरेका थिए । महिलाहरूले नेपाली महिलाहरूको अवस्थाका बारेमा व्यापक छलफल गरी महिलाका सवाललाई प्राथमिकता साथ बेइजिङ्ग सम्मेलनमा उठाउने भनि व्यापक छलफल गरिएको थियो । यो तयारी समितिले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी तथा राष्ट्रिय योजना आयोगका समक्ष २०५१ फागुन १ गतेका दिन ज्ञापनपत्र समेत दिएको थियो ।[३३१] (विस्तृत जानकारीका लागि अनुसूची ७ मा हेर्नुहोस् ।)

महिलाहरूले सञ्चालन गरेको पैत्रिक सम्पत्तिमा समान अधिकारको आन्दोलनलाई पछिल्लो अवधिमा आएर संयुक्त रूपमा उठाउन थालिएको देखिन्छ ।[३३२] महिलाहरूले साझा सवालको लागि एउटै आवाज र कार्यथलो बनाई अगाडि बढ्ने कार्य गर्नु पनि नेपालको महिला आन्दोलनको लागि उपलब्धिमूलक बन्न पुगेको देखिन्छ । यसले सो आन्दोलनमा लागेकालाई थप उत्साह र जाँगर प्रदान गरी सम्पूर्ण महिलाहरूलाई आफ्नो हक, अधिकार प्राप्तिका लागि अझ आन्दोलित गराउन, विगतका समयमा भन्दा पछिल्लो समयमा महिलाहरूको कार्यशैलीमा केही परिवर्तन भएको पाइन्छ । महिलाहरूको साझा सवालमा संयुक्त रूपमा आन्दोलनमा जुट्न थालेको पाइन्छ ।

## राष्ट्रियताको संरक्षण, सम्बर्द्धन : *महिला*

नेपाली महिला आन्दोलनको इतिहासतर्फ हेर्दा धेरै अनुकरणीय विषयहरु पाइन्छ । उनीहरू आफ्नो हक, अधिकारका लागि मात्र नभएर सिङ्गो राष्ट्रको राष्ट्रियताको निम्ति पनि ज्यान आहुति दिएको कुरा नालापानी र काङ्गडाको युद्धमा इन्द्रेणी थापा र सावित्रीदेवीजस्ता देशभक्त महिलाहरूको बलिदानी कार्यले स्पष्ट पारेको छ । यसरी नेपाली महिलाहरू राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने सवालमा पनि संवेदनशील रहेका पाइन्छन् ।

नेपालको सिमानामा भारतीय अतिक्रमण भएको घटनाहरु पाइन्छन् । असमान सन्धिहरू भएका छन् । लिम्पियाधुरा कुटियाङ्गदीबाट निस्किएको महाकाली नदी अन्तरराष्ट्रिय सिमाना हुँदाहुँदै अनेकौं बहानामा नेपाली भूभाग मिचेर कालापानीमा भारतीय सेनाको अड्डा राखिएको थियो । यसैगरी नेपालको सिमानामा अन्तर्राष्ट्रिय कानुन मिचेर बनाइएको लक्ष्मण बाँध विश्व जनसमुदायका आस्थाको केन्द्रबिन्दु रहेका गौतम बुद्धको जन्मस्थान,

३३१. *बेजिङ्गतिर सन् १९९५,* पूर्ववत् ।
३३२. घरेलु हिंसा विरूद्ध जुलुस प्रदर्शन (२०५५ साउन) *महिला मुक्ति,* काठमाडौं : अनेमसङ्घ, वर्ष १८, अङ्क ७, पृ. ३५ ।

विश्व सम्पदा लुम्बिनीलाई डुबान पार्ने खुर्दलौटन रसिवाल बाँध निर्माणले नेपाली जनतालाई मर्माहत बनाएको छ ।[३३३] यसरी महिलाहरूले राष्ट्रियताको सवाललाई आफ्नो समस्याको रूपमा लिएर उठाउँदै आइरहेका छन् । जलस्रोत, सिमानाका बारेमा, कालापानी, टनकपुर र आर्थिक सवालमा महिलाहरू उठेका छन् । उनीहरू महिला सङ्घ र पार्टीको आब्हानमा सङ्घर्षमा उत्रिएका देखिन्छन् ।[३३४]

भारतले एकलौटी रूपमा आफूलाई मात्र फाइदा हुने गरी पूर्णागिरी बाँध निर्माण गरिरहेको अवस्थामा निर्माणकार्य सकिएपछि सम्भावित दुर्दशालाई मध्यनजर राख्दै भारतसितको नेपालका असमान सन्धिहरू खारेजी, सीमा नदीमा नेपालले पानीमाथि अधिकार पाउनुपर्ने, पूर्णागिरी निर्माणकार्य रोकिनुपर्ने, अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरी निर्माण गरिएका बाँधहरू भत्काउनुपर्ने, भारतीय सेना हटाउनुपर्ने, भारतीय सीमा अतिक्रमण बन्द गरिनुपर्ने आदि माग राखी नेपाली महिलाहरू भारतीय अतिक्रमणका विरुद्धमा उठेका थिए । नेपाली महिलाहरूले राष्ट्रियताको आन्दोलनमा प्रत्यक्ष सहभागी भएर साहसिक कार्य गरेका थिए । यसरी महिलाहरूले आफ्नै नेतृत्वमा पूर्णागिरीमा मार्च गरेर राष्ट्रियताको पहरेदारी गरेका थिए । त्यो आफैमा गौरबपूर्ण काम भएको छ । यसले सामाजिक रूपले सङ्गठित पितृसत्तात्मक प्रवृतिमाथि चोट पुऱ्याउने काम गर्न सफल भएको पाइन्छ ।

नेपाली जनताले विगतमा दिल्ली सम्झौता, कोसी सम्झौता, गण्डक सम्झौता जस्ता नेपालको हित विपरित भएका सम्झौताहरूको विरोध गर्दै आएका थिए । नेपालले पनि उक्त महाकाली सम्झौताका बारेमा छालफल गर्न थालेका थिए । यसको पक्ष, विपक्षमा नेपाली जनताहरू उभिएका देखिन्थे । महाकाली सम्झौता धोका हो, सम्झौतामा हस्ताक्षर गर्नु हुँदैन भनी आफनो अभिमत पनि नेपाली जनताहरूले जाहेर गरिरहेका थिए । यही विरोध गर्ने क्रममा जनतान्त्रिक मोर्चाको आव्हानमा २०५३ को महाकाली सन्धि विरोधी आन्दोलन (भाद्र २८ को नेपाल बन्द र आश्विन ५ को उपत्यका बन्द) र मेची महाकाली अभियानमा महिलाहरूको महत्त्वपूर्ण योगदान रहेको थियो । मेची महाकाली अभियान अन्तर्गत बर्दिबास काठमाडौं पैदल यात्रामा सामेल भएर महिलाहरूले सर्वभौमिकताको रक्षा गर्न महिला सजगताको एउटा नमूना नै प्रस्तुत गरेको पाइन्छ ।[३३५] नेपाली महिलाहरू विभिन्न रूपबाट आन्दोलनमा सहभागी रहँदै आइरहेको पाइन्छ ।

---

३३३. गोमा देवकोटा, अन्तर्वार्ता, २०५९/४/१७ ।

३३४. माधवकुमार नेपाल, अन्तर्वार्ता, २०६०/६/१० ।

३३५. अनेमसङ्घ, *प्रतिवेदन* (२०५३), काठमाडौं : अनेमसङ्घ, केन्द्रीय समिति ।

'सम्पूर्ण असमान सन्धिहरू खारेज गर', 'भारतीय सेना कालापानी छोड' जस्ता नारालाई महिलाहरूले राष्ट्रव्यापी रूपमा गुञ्जाइरहेका अवस्थामा सबै जनताहरूले पनि साथ दिइरहेका थिए सो नारा र सङ्घर्षलाई । यही क्रममा देशका चलायमान युवाशक्ति विद्यार्थीहरू पनि आफ्नो पढाईसँगै राष्ट्रियताका सवालामा सडकमा ओर्लिएका थिए । अनेरास्ववियूको नेतृत्वमा भएको कालापानीबाट भारतीय फौज हटाउने तथा सीमा अतिक्रमणका विरुद्ध भएको आन्दोलनमा नेपाली युवा महिलाहरूको सक्रिय र उत्साहवर्द्धक सहभागिता रहेको पाइन्थ्यो । राष्ट्रियताको सवालमा भएका यस्ता आन्दोलनमा नेपाली महिलाहरूको गौरवमयी आन्दोलनको इतिहास निर्माण भएको छ । यसरी अनुरास्ववियुको आयोजनामा वि.सं. २०५५ जेष्ठ ६-२२ सम्म कालापानी मार्च अभियान सुसम्पन्न भएको पाइन्छ ।

विगतका अभियानभन्दा फरक पूर्णागिरी पदयात्रा मार्च अभियान नेपाली आमा, हजुरआमा, दिदी, बहिनी र श्रीमती तथा छोरीहरूले सञ्चालन गरेको अभूतपूर्व अभियान मानिन्छ । यही क्रममा नेपालीहरूले ऐतिहासिक पूर्णागिरी मार्च पनि सञ्चालन गरेर अभूतपूर्ण देशभक्तिपूर्ण आन्दोलनमा थप योगदान गरेको पाइन्छ । अभियानमा ७ वर्षकी बालिकादेखि ८० वर्षिया बृद्धासहित ५५५ जना महिलाहरू सहभागी रहेका थिए । यसरी वि.सं. २०५८ जेष्ठ ८ देखि १२ गतेसम्म पूर्णागिरी मार्च सुसम्पन्न भएको थियो ।[३३६]नेपाली महिलाहरूको ऐतिहासिक कालदेखि राष्ट्रियता र राष्ट्रिय हितका नेपाली आमाहरूले राष्ट्र निर्माणका लागि नालापानीमा रगत बगाएको पाइन्छ । वर्तमान अवस्थामा कालापानीमा त्यही कार्य दोहोऱ्याउनुपर्ने अवस्था सृजना भइरहेको बेला पुनः पूर्णागिरीमा त्यही स्थितिको सृजना भएको देखिन्छ । परिणामस्वरूप पूर्णागिरी पदयात्राको प्रारम्भ भई सफलताको शिखरमा पुगेको थियो । नेपाली महिलाहरु राष्ट्रवादी बनि राष्ट्रियताको एक किसिमले उनीहरू पर्यायवाची नै बनेका छन् । नेपाली माटो, संस्कृति, कला र इतिहासको जननी पनि महिला हुन् । उनीहरू राष्ट्रियताको हितको पक्षमा सर्वभौमिकताको रक्षाका लागि र नेपाली जनताको एकताको लागि आवाज उठाउँदै आवश्यकता अनुरूप जुनसुकै सङ्घर्षमा पुरुषसित काँधमा काँध मिलाएर सङ्घर्ष गरिरहेका छन् । नेपाली महिलाहरूको ऐतिहासिक कालदेखि राष्ट्रियता र राष्ट्रिय हितको सम्बर्द्धन गर्न अग्रगामी भूमिका रहँदै आएको देखिन्छ ।

## महिला दिवस : *महिला आवाज*

बिश्वमा महिलाहरु महिला मुक्ति एवं समानताका लागि आन्दोलित बनिरहेका थिए । यहिक्रममा बि.स.१९६६ (सन् १९१०) मा डेनमार्कको कोपनहेगनमा भएको समाजवादी महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको

३३६. *महिला जागरण,* (२०५८ असोज), अनेमसङ्घ (२००८), काठमाडौं : वर्ष ३, अङ्क २, पृ. ६ ।

रूपमा मनाउनका लागि क्लारा जेटकिनले राख्नुभएको प्रस्तावलाई पारित गरेको थियो । त्यसैले बि.स. १९६७ (सन् १९११ ८ मार्च ) देखि विश्वभरिका महिलाहरूले ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउँदै आएका छन् ।

महिला दिवस ८ मार्च विश्व शान्ति र महिला समानताका लागि एकताबद्ध सङ्घर्षको प्रतीकको रूपमा मनाईंदै आएको छ । श्रमिक महिलाहरूबाट प्रारम्भ भएको यो आन्दोलन विकसित एवम् विकासोन्मुख देशका सबै तह र तप्काका महिलाहरूका निम्ति उत्तिकै महत्त्वपूर्ण बनेको देखिन्छ । तसर्थ सो दिनलाई महिला हकहित र अधिकार प्राप्तिका लागि महिला एकताको दिनको रूपमा मनाउने गरिएको पाइन्छ । शान्ति, समानता, प्रजातन्त्र र समग्र विकास जस्ता मुख्य नाराका साथ महिलाहरू अन्य मुलुकमां झैं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा नेपालमा पनि अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न गर्दै आइरहेको पाइन्छ ।

दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्र सङ्घ बनेपछि उक्त सङ्घले आफ्ना सदस्य राष्ट्रहरूमा महिलाहरूको स्थिति सुधार गर्न विशेष चासो राखी बि.स.२०३१ ( सन् १९७५) मा प्रथम विश्व महिला सम्मेलन गरी हालसम्ममा चारवटा विश्व सम्मेलनहरू भइसकेका छन् । बेजिङ्गमा सम्पन्न चौंथो विश्व महिला सम्मेलनले महिलाहरूका १२ वटा सरोकारका विषयहरू निर्धारित गरी ती क्षेत्रहरूमा महिलाहरूलाई अगाडि बढाउने विश्वव्यापी प्रयत्न भइरहेको देखिन्छ ।

नेपाल हत्या, हिंसा र आतङ्कको चपेटामा परिरहेको थियो । देशमा उत्पन्न युद्धले हजारौं मानिसहरूको हत्याको कारण अधिकतम मार महिलाहरूमाथि परिरहेको देखिन्थ्यो । हजारौं बालक अनाथ र असहाय बनेका थिए, आमाहरूको काख रित्तिए, महिलाहरू विधवा बने भने कतिका श्रीमतीहरूको मृत्यु भइरहेको थियो । राष्ट्र राजनीतिक अन्योल र अस्थिरतामा अल्झेको थियो । सामाजिक सुरक्षा र आर्थिक गतिविधि अस्तव्यस्त बन्न पुगेको थियो । यस्तो डरलाग्दो अवस्थामा ८ मार्च को महान् दिनलाई "हिंसा, युद्ध प्रतिगमनको विरुद्ध महिला आवाज, शान्ति, समानता, प्रजातन्त्र र समग्र विकास" भन्ने नाराका साथ विभिन्न राजनीतिक पार्टीका भगिनी महिला सङ्घ, सङ्गठनहरू, महिला अधिकारवादी सङ्घ, संस्था, मानवअधिकारवादी तथा ट्रेड युनियन महासङ्घहरूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस संयुक्त आजोजक समिति बनाई संयुक्त रूपले मनाउने काम भएको देखिन्छ ।

महिला सुरक्षा दबाब समूहले तत्कालीन युद्धविरामलाई स्थायी शान्तिमा रूपान्तरण गर्न अन्तर्राष्ट्रिय महिला दिवसको जुलुसमा सहभागी भई ऐक्यबद्धता प्रदर्शन गर्न सम्पूर्ण

देशभक्त प्रजातान्त्रिक तथा शान्तिप्रिय जनसमुदायलाई हार्दिक अपिल गरेको थियो । यो दिनको ऐतिहासिक महत्त्वलाई ध्यानमा राख्दै निम्न मागहरूसमेत राखिएको थियो ।[३३८]

क) मुलुकी ऐन (एघारौं संशोधन) मा लालमोहर लागी गर्भपतनले कानुनी मान्यता प्राप्त गरिसकेको परिप्रेक्षमा हालसम्म गर्भपतन गरेको आरोपमा विभिन्न कारागारमा बन्दी जीवन बिताइरहेका महिला बन्दीहरूलाई रिहाई गरियोस् ।

ख) ८ मार्चमा सरकारी कार्यालय र संस्थानका महिला कर्मचारीहरूले मात्र विदाको उपयोग गरिरहेका हुँदा निजी उद्योग र सङ्घ संस्थाहरूमा कार्यरत महिलाहरूले पनि उक्त दिन अनिवार्य विदा पाउने व्यवस्था गरियोस् ।

ग) विगत ७ वर्षदेखि देशमा चलिरहेको युद्ध र हिंसाबाट पीडित महिलाहरूको आर्थिक, सामाजिक पुर्नस्थापनाका लागि सरकारबाट ठोस उपलब्धिमूलक कार्यक्रमको घोषणा गरियोस् ।

उल्लेखित मागका साथ महिला सुरक्षा दबाब समूहले निम्न नाराहरू पनि तय गरेको थियो : हत्या हिंसा बन्द गर, शान्ति सुव्यवस्था स्थापना गर, शान्ति वार्ता सफल गर, भेदभावपूर्ण कानुन खारेज गर, युद्ध पीडित परिवारको सामाजिक सुरक्षा गर, महिला एकता जिन्दावाद, महिला सुरक्षा दबाब समूह जिन्दावाद, अन्तर्राष्ट्रिय महिला एकता जिन्दावाद आदि ।

विगतका समयमा भन्दा केही फरक, महिलाहरूको सोचाईमा परिवर्तन परिमार्जन भएकाले महिलाहरूको साझा सवालमा एकसाथ एउटै आवाजमा महिला स्वरलाई गुञ्जायमान गरेको देखिन्छ । यसरी राजनीतिक पार्टीका भगिनी सङ्घ, सङ्गठनहरू र अन्य महिला अधिकारवादी महिला सङ्घ, संस्थाहरू एउटै ठाउँमा आबद्ध भई महिला सवालमा एकीकृत हुनु नै नेपाली महिला आन्दोलनको निम्ति उपलब्धिमूलक बनेको देखिन्छ । महिलाहरूको साझा सवालमा नेपाली महिलाहरूले एउटै आवाजका साथ अगाडि बढेमा आफ्नो माग पूरा भई समानताको नाराले सार्थकता प्राप्त गर्ने देखिन्छ । तसर्थ यही कुरालाई मध्येनजर राख्दै सम्पूर्ण महिलाहरूले एउटै साझा मन्चमा एकताबद्ध भई अगाडि बढ्नु नै आजको आवश्यकता भएको देखिन्छ । त्यसको निम्ति नेपाली महिलाहरूले फराकिलो दिमागले सोचविचार गरी स्वयम् आफ्नै पहल र सक्रियतामा अगाडि बढेमा महिला मुक्तिलाई आफ्नो सामिप्यमा ल्याउन सकिन्छ ।

---

३३८. *पर्चा,* (फागुन २४, २०५९), काठमाडौं : महिला सुरक्षा दबाब समूह ।

नेपालमा महिलाहरूद्वारा विभिन्न समयमा महिला समानता र स्वतन्त्रताका सवालदेखि लिएर राष्ट्रियताको सवालसम्म उठाउने काम भइरहेको देखिन्छ । महिलाहरूले सामाजिक रूपले व्याप्त रहेका कुरीति कुसंस्कार विरुद्ध सङ्घर्ष गरिरहेका छन् । उनीहरू गम्भीरतापूर्वक घरेलु हिंसा, चेलीबेटी बेचबिखन, आर्थिक, राजनीतिक, कानुनी, पितृसत्ता आदिका विरोधमा महिला आन्दोलनमा जुटिरहेका छन् । महिलासँग सम्बन्धित सवाललाई मुख्य मुद्दा बनाउँदै महिला सङ्घ, संस्थाहरू निरन्तर सङ्घर्षमा उत्रिरहेका छन् । उनीहरूले आफना सङ्घ संस्थालाई चुस्त र दुरुस्त राख्न आफ्नो संस्थालाई बेलाबेला गठन, पुनर्गठन र सम्मेलन जस्ता कार्यहरू गरिरहेका छन् । सो कार्यले महिला आन्दोलनलाई कसरी, कुन रूपले परिष्कृत र परिमार्जित गरेर अगाडि बढाउनुपर्छ भन्ने कुरालाई दिशानिर्देश गर्ने कार्य गरिरहेको पाइन्छ ।

नेपाली महिलाहरू आफूमाथि थोपरिएका सबै राजनीतिक, आर्थिक, सामाजिक, कानुनी, घरेलु हिंसा, बलात्कारजस्ता कार्यको विरोध र असमानताको विरुद्धमा आफ्नै सक्रियतामा राष्ट्रव्यापी रूपमा जनसागरको रूपमा उर्लिरहेका देखिन्छन् । देशमा बढ्दै गएको महँगीका विरोधमा समेत महिलाहरू हातमा प्लेकार्ड, तुल, ब्यानर बोकेर सडकमा उत्रिएका थिए । सो विरोध जुलुसमा वृद्धा महिलाहरूसमेत उत्साहित बनेर सहभागी भई दैनिक उपभोग्य वस्तुहरूको मूल्य घटाउनका निम्ति जनउभारमा संलग्न रहेका थिए । जुलुसले दैनिक उपभोग्य वस्तुको मूल्य घटाइयोस्, बजार भाउ नियन्त्रण गर, खानेपानी तथा बाटोघाटोको प्रबन्ध होस् । प्रजातन्त्र जिन्दावाद, वीर सहिद अमर रहुन् जस्ता गगनभेदी नारा लगाउँदै महिलाहरू सडकमा ओर्लिएका थिए । सबै ठाउँबाट सामाजिक विसङ्गतिका विरोधमा आवाज उठिरहेको थियो ।

नेपाली महिलाहरू केवल महिलाको सवालमा मात्र केन्द्रित बनेनन्, राष्ट्रियताको संरक्षण र संवर्द्धनमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पुगेका छन् । यसरी नेपाली महिलाहरूले महिला सवाल, रष्ट्रियताको संरक्षण र संवर्द्धनको सवाल एवम् महिलाहरूको साझा सवालका निम्तिको आन्दोलनमा उपलब्धिमूलक बन्न पुगेको देखिन्छ । त्यसको साथै महिलाहरूको स्वतस्फूर्त रूपमा उठेको महिला सङ्घर्षको विषय पनि महिला आन्दोलनको निम्ति महत्त्वपूर्ण बन्न पुगेको छ । नेपाली महिलाहरू महिला स्वतन्त्रता, समानता र राष्ट्रियताको संरक्षणको निम्ति निरन्तर रूपमा लागिरहेका पाइन्छन् ।

सारमा भन्नुपर्दा नेपालमा भएको महिला आन्दोलन छुट्टै रूपले हुनुभन्दा पनि राजनीतिक आन्दोलनसँग गाँसिएर उठेको पाइन्छ । सामाजिक परिवर्तन, महिला समानता र स्वतन्त्रताका लागि आन्दोलनका नयाँ सम्भावनाहरू जन्मिन थालेको देखिन्छ । आन्दोलनका रूप र तरिकाहरूमा पनि केही परिवर्तन आएको देखिन्छ ।

## ६.३ नेपालका राजनीतिक पार्टीहरूमा महिला सहभागिताको सवाल

विश्वका अन्य मुलुकमा झैं नेपालमा पनि विभिन्न आन्दोलनको समय एवम् निर्वाचनको समयमा राजनीतिक पार्टीहरूका आव्हानमा महिलाहरू व्यापक रूपमा संलग्न रही महत्त्वपूर्ण योगदान गरिरहेका हुन्छन् । तर आन्दोलन, चुनाव सकिएपछि उनीहरू क्रमशः पछाडि धकेलिइरहेका हुन्छन् । चुनाव जितेर शक्ति आफ्नो हातमा लिएपछि शक्ति विभाजनमा महिलाको सवाल छायामा परी अवहेलना गरिदै आएको देखिन्छ । वि.सं. २०४६ सालको जनआन्दोलनमा महिलाहरूको सहभागिता, भूमिका र योगदान महत्त्वपूर्ण रहेता पनि उनीहरू प्रत्येक मोडमा असक्षम एवम् अयोग्य ठहरिँदै आएको पाइन्छ । नयाँ संविधान निर्माण गर्ने समितिमा महिलाहरूको अवज्ञा गरिएको इतिहास आलै छ ।

नेपालका राजनीतिक पार्टीहरूले महिला सवाललाई गम्भीरतापूर्वक उठाउँदै आएका छौं भन्ने कुरालाई बारम्बार दोहोऱ्याउन भने चुकेका छैनन् । ती राजनीतिक पार्टीहरूले आआफ्नो ढङ्गबाट महिलाहरूको उत्थान एवम् विकासका योजनाहरू बनाउँदै आइरहेका छन् । यसका साथै आफ्ना चुनावी घोषणापत्रमा पनि महिला सवाललाई समावेश गरेका छन् । हरेक राजनीतिक पार्टी र जनवर्गीय सङ्गठनहरूले महिलाहरूलाई अगाडि बढाउने प्रयत्न गरिरहेकाछन् । यद्यपि ती पार्टी र जनवर्गीय सङ्गठनहरूमा भएका महिलाहरूलाई महिला फाँटको जिम्मा दिइएको हुन्छ । केही अपवाद बाहेक महिला, महिलाहरूको मात्र नेता हुनुपर्छ र सक्छन् भन्ने पूर्वाग्रही मान्यता पनि रहेको पाइन्छ । तसर्थ ती गलत चिन्तनको विरोध पनि गर्न अति आवश्यक मानिन्छ । महिलाहरू केवल भोट बैंकको रूपमा मात्र होइन, आफ्नो सही दृष्टिकोण र पहिचान पनि दिन सक्नुपर्छ । यसको निम्ति आधा धरती ओगटेका महिलाहरू एकजुट भएमा धेरै कुरा हासिल गर्न सक्तछन् ।[२३८] महिला हक, अधिकार प्राप्तिका निम्ति महिला एकता अनिवार्य विषय मानिन्छ । यसको अभावमा महिला आन्दोलनलाई अगाडि बढाउन कठिन देखिन्छ ।

नेपालमा क्रियाशील राजनीतिक पार्टीभित्र महिलाहरूको अवस्था सबै पार्टीमा पृथकपृथक रहेको पाइन्छ । सबैले आ-आफ्नै प्रकारले महिलासम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरेका छन् । यहां तिनै राजनीतिक पार्टीहरूले अवलम्बन गरेका महिलासम्बन्धी नीतिका बारेमा चर्चा गरिएको छ :

### नेपाली काँग्रेस र महिला सवाल

मानिस एक समाजिक प्राणी भएको हुनाले मानव विकास वैयक्तिक हुनाका साथै समाज र बृहत्तर सामाजिक प्रवृत्तिसँग पनि सम्बन्धित रहेको हुन्छ । बृहत्तर सामाजिक

२३८. *राजनीतिमा महिला सहभागिता,* (२०५२) काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक, पृ. ५९ ।

संरचना र प्रवृत्ति भन्नाले पारिवारिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि सबै समाजसम्बद्ध तत्त्वहरू बुझिन्छ । महिला र पुरुषको संयुक्तताद्वारा नै समाजको आधारभूत संरचना निर्मित हुने र उनीहरूकै प्रयत्नबाट सामाजिकताका यावत प्रवृत्ति र प्रक्रिया सञ्चालित र विकसित हुने हुँदा महिला र पुरुषले यस क्रममा निर्वाह गर्ने भूमिका महत्त्वपूर्ण हुन्छ । महिला र पुरुष दुवै सक्षम भएको अवस्थामा सामाजिक विकासमा उनीहरूको योगदान गुणात्मक हुन सक्छ र समाज सन्तुलित उन्नत र परिष्कृत बन्दछ । भौतिक उन्नतिका साथसाथै समाजमा मानवीयता र नैतिकताका उच्च मूल्य र मान्यता स्थापित हुन्छन् । मानसिक विकास सम्भावनाहरू फराकिला भएर जान्छन् । यसर्थ एउटा मानवीय, सभ्य र सुसंस्कृत समाजको निर्माणका निम्ति महिला र पुरुषको समानुपातिक र सन्तुलित विकास आवश्यक हुने देखिन्छ ।

नेपालका राजनीतिक पार्टीहरूमध्ये नेपाली काँग्रेसले पनि देशको सर्वाङ्गीण विकासका निम्ति आफ्नो नीति नियम निर्माण गरी कार्य गर्दै आइरहेको पाइन्छ । सो पार्टीले सर्वाङ्गीण विकासका निम्ति महिला समुदायलाई पनि समानुपातिक रूपले अगाडि बढाउनु पर्दछ भन्ने मान्यतालाई जनसमक्ष पुऱ्याउने काम गर्दै आइरहेको छ । यसरी नै नेपाली काँग्रेसले आफ्नो स्थापनाकालदेखि नै प्रतिपादन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिबद्धता र यस पार्टीका नेता एवम् कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिने क्रममा राष्ट्रियता र प्रजातन्त्रको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी सामाजिक, राजनीतिक र आर्थिक विकासका निम्ति लगातार अगाडि बढ्ने काम भइरहेको छ ।[२३९] नेपाली काँग्रेसले आफ्नो जन्मकालदेखि नै महिलासँग सम्बन्धित सवाललाई गम्भीरताका साथ उठाउँदै आइरहेको अवस्थामा विद्यमान समयमा पनि गम्भीर रूपमा लिँदै आइरहेको पाइन्छ ।

नेपाली काँग्रेसले विधानमा पार्टीभित्रका सबै तहमा मनोनयन गर्दा १० प्रतिशत महिला सदस्य समावेश गराइनेछ भनी व्यवस्था गरिएको छ ।[२४०] नेपाली काँग्रेसले आफ्नो स्थापनाकालदेखि नै सबै प्रकारका भेदभाव र असमानताका विरुद्ध समतामूलक संस्कृतिका पक्षमा आवाज उठाउँदै आएको छ । यसका साथै वि.सं २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापना भएपछि काँग्रेसले महिला समानताको निम्ति अवरोधक बनेका कानुनी प्रावधानलाई सुधार गर्ने, तिनमा आवश्यक संशोधन गर्ने काम गर्दै आएको छ । यसबाहेक राष्ट्रिय नीति निर्माण गर्ने निकाय र राजनीतिक संस्थाहरूमा महिलाहरूको प्रतिनिधित्वलाई वृद्धि गर्ने र महिला शिक्षालाई बढाउने किसिमका सबै प्रक्रियालाई अपनाउने जस्ता

२३९. *नेपाली काँग्रेसको विधान-२०१७* (२०५७), काठमाडौं : नेपाली काँग्रेस, केन्द्रीय कार्यालय, पृ. १ ।
२४०. *नेपाली काँग्रेसको विधान*, पूर्ववत्, पृ. ३० ।

प्रतिबद्धताका साथ विविध कार्यक्रमलाई समेत अगाडि बढाएको छ । यसै अनुसार सबै प्राथमिक विद्यालयमा न्यूनतम एकजना शिक्षिका हुनुपर्ने व्यवस्था लागू गरेका कारण महिला रोजगारीलाई सीमित ढङ्गमा नै भए पनि टेवा दिने पक्षको महत्त्व आफ्नो ठाउँमा होला, तर योभन्दा पनि महत्त्वपूर्ण विषय महिला शिक्षाको बिस्तारको निम्ति गहकिलो मनोवैज्ञानिक आधार प्रदान गर्नु रहेको छ । त्यसैले अझै पनि पूर्ण रूपमा जस्तो पुरुषहरूको बाहुल्यमा रहेका सबै राजनीतिक दलमा नीतिगत निर्णयलाई अघि बढाउन पुरुषहरूको अग्रसरता धेरै अर्थमा ठोस निर्णायक हुनेछ । काँग्रेसको दसौं महाधिवेशनले प्रत्येक निर्वाचन क्षेत्रबाट महिला प्रतिनिधत्वलाई आनिवार्य गरेपछि काँग्रेसको नीतिगत निर्णय प्रक्रियामा महिलाका पक्षमा आधारभूत परिवर्तन आउने निश्चित छ, यसका साथै यस प्रक्रियालाई अन्य क्षेत्रमा पनि बिस्तार गर्नु जरुरी रहेको देखिन्छ ।[२४१]

नेपाली महिलाहरूलाई राजनीतिक क्षेत्रमा पनि अगाडि बढाउनका लागि आरक्षणको व्यवस्था गर्नु अति आवश्यक रहेको देखिन्छ । राजनीतिक पार्टीहरूले महिलाहरूलाई अगाडि बढाउनका लागि राजनीतिक प्रतिबद्धतासमेत गर्नुपर्ने हुन्छ । यही क्रममा नेपाली काँग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले राजनीतिक तहमा महिलाहरूको प्रतिनिधित्व वृद्धिका लागि प्रत्येक राजनीतिक दलले संसदमा कम्तीमा १५ प्रतिशत महिला उम्मेदवार उठाउने कानुनी व्यवस्था गर्ने भन्ने बारेमा लिएको निर्णयलाई पार्टीको राजनीतिक प्रतिबद्धताका रूपमा लिन सकिन्छ । यद्यपि हामीले नेपाल महिला सङ्घ र अखिल नेपाल महिला सङ्घ (एमाले नजिक) बीच संसदमा महिला सहभागिता ३३ प्रतिशत हुनुपर्ने विषयलाई अगाडि बढाउनुपर्छ भन्ने सल्लाह गरिएअनुरूप महिलाहरूले ३३ प्रतिशत महिला सहभागिताको विषयलाई अगाडि बढाउने काम भइरहेको छ । यसरी महिलाहरूले ३३ प्रतिशतको विषयलाई उठाई रहेको अवस्थामा काँग्रेसले उठाएको पन्ध्र प्रतिशत संसदमा महिला उम्मेदवारी उठाउने सवाल सामान्य विषय भएता पनि यसको पालनाले मात्रै पनि संसदमा महिलाहरूको उपस्थितिलाई बढाउने छ र असन्तुलित महिला सहभागितालाई कम भए पनि सहयोग गर्ने देखिन्छ । [२४२]

महिला उम्मेदवारीको विषयलाई लिएर पार्टी नेतृत्वमा रहेका पुरुष र महिलाहरूमा पनि केही परम्परागत सोचाई र अवधारणाहरू अझै पनि प्रबल रूपमा रहेका छन् । सामान्यतया उपयुक्त व्यक्ति उपलब्ध नहुने र सामान्यतया जित्न नसक्ने हुँदा पार्टीलाई नोक्सान हुनसक्ने जस्ता तर्क बढी मात्रामा आउने गरेका छन् ।[२४३] तर तलदेखि अवसर नपाएका कारणले सबै क्षेत्रमा पर्याप्त मात्रामा महिला उम्मेद्वार उपलब्ध हुनसक्ने कुरामा केही व्यवहारिक समस्या देखिए पनि जित्न नसक्ने भन्ने तर्कका पछाडि त्यति बलियो आधार

---

२४१. नरहरि आचार्य (आश्विन १७, २०५९), *सहभागितामूलक लोकतन्त्रका निम्ति महिलाको राजनीतिक प्रतिनिधत्वमा वृद्धि,* काठमाडौं : नेपाल महिला सङ्घ ।

२४२. कमला थापा, अन्तर्वार्ता, २०६०/६/१५ ।

२४३. नरहरि आचार्य, पूर्ववत् ।

देखिँदैन, महिला र पुरुष उम्मेदवार र विजयी हुने व्यक्तिका अनुपातमा उनिहरुले प्राप्त गरेका मतमा खासै फरक देखिने नगरेको अवस्था स्पष्टै रहेकोछ ।

महिला सबल हुनु भनेको परिवार, समाज र राष्ट्र सबल हुनु मानिन्छ । महिलाको विकास गर्दा महिला आफू मात्रै लाभान्वित हुने होइनन्, सम्पूर्ण परिवार लाभान्वित हुन्छ । समाज उन्नत बन्छ, राष्ट्र सभ्य र विकसित बन्छ । मुलुकको आधा जनसङ्ख्यालाई पछाडि पारेर गरिने विकास वा लोकतान्त्रिक अभ्यास कहिल्यै पनि सार्थक र पूर्ण मानिदैन । यसर्थ महिलालाई अगाडि ल्याउन समाजका विवेकशील महिला र पुरुष सबै एकजुट भएर लाग्नुपर्दछ ।

यसका लागि दुवैका बीच सामाजिक, धार्मिक, आर्थिक, राजनीतिक हरक्षेत्रमा समानताका आधारमा नीति नियम र कानुन बनाउनु पर्दछ । त्यसैले विशेष गरेर नीति निर्माण गर्ने तहमा रहने महिला पुरुष सबैलाई अनिवार्य रूपमा लैङ्गिक समानताका विषयमा चेतन सम्पन्न बनाउनु पहिलो आवश्यकता हुनजान्छ । कार्यान्वयन तहका प्रत्येक संस्था, कार्यालय, निकाय आदिमा संलग्न जनशक्तिमा पनि यो चेतना हुन आवश्यक छ । विशिष्ट चेतनाका निम्ति शिक्षा आवश्यक छ । वर्तमान अवस्थामा शिक्षाको बिस्तारकै कारण धेरै क्षेत्रमा समतामूलक संस्कृतिको व्यवहारलाई प्रोत्साहित गर्न धेरै सजिलो भएको पनि मानिन्छ । तर कोर्स शिक्षाले मात्रै पनि केही हुँदैन । उच्च सामाजिक चेतना र विवेकशील दृष्टिकोणसमेत रहनु जरुरी छ । पर्याप्त राजनीतिक प्रतिनिधत्व झन् जरुरी छ । वास्तवमा लोकतन्त्रको पूर्ण सहभागितामा आउने व्यापकताले मात्रै गर्छ । महिलाको प्रतिनिधित्व राजनीतिक क्षेत्रमा बढाउने कुरा महिला समस्याको समाधानका लागि मात्रै होइन लोकतान्त्रिक अभ्यासको पूर्णताका निम्ति पनि अत्यन्त जरुरी रहेको देखिन्छ ।[१४४]

स्वतन्त्रता विना न्याय छैन र समानता पनि हुन सक्तैन भन्ने नेपाली काँग्रेसको जन्मदेखि नै विश्वास रहेको पाइन्छ ।[१४५] प्रजातन्त्रले जनतालाई पूर्ण मुक्ति र प्रगतिको मार्गमा अघि बढ्न मद्दत गर्ने हुनाले नेपाली काँग्रेस प्रजातन्त्रभन्दा ठूलो क्रान्ति अर्को हुँदैन भन्ने कुरामा विश्वास राख्दछ भने महिला समानताका सवाललाई पनि बारम्बार उठाइरहेको छ । पार्टीभित्र पनि महिलाहरूले महिला सहभागिताको सवाललाई उठाइरहेका पाइन्छन् ।

सारमा भन्नुपर्दा नेपाली काँग्रेसभित्र पर्याप्त महिला सहभागिता भने देखिदैन । राजनीतिक पार्टीभित्र पनि महिला असमानता रहेको पाइन्छ । पार्टीहरूले महिलालाई पार्टीभित्र नेतृत्वमा प्रत्यक्ष प्रवेश दिने र नेतृत्वको विकास गराउने जस्ता कार्यमा कन्जुस्याईं

१४४. नरहरि आचार्य, पूर्ववत् ।
१४५. कमला थापा, अन्तर्वार्ता, २०६०/६/१५ ।

गर्दै आइरहेको पाइन्छ । यस पार्टीभित्र पनि महिलाहरूलाई केन्द्रीय समितिमा पर्याप्त सङ्ख्यामा सहभागी गराएको पाइँदैन । नेपाली काँग्रेसले वैधानिक रूपमा व्यवस्था गरेको १० प्रतिशत महिला पार्टीभित्रका सबै तहमा मनोनयन गर्ने प्रावधान राखे पनि कार्यान्वयन गरेको भने देखिँदैन । नेपाली काँग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले राजनीतिक तहमा महिलाहरूको प्रतिनिधित्व वृद्धिका लागि प्रत्येक राजनीतिक दलले संसदमा कम्तीमा १५ प्रतिशत महिला उम्मेदवार उठाउने कानुनी व्यवस्था गर्ने भन्ने बारेमा लिएको निर्णयलाई पार्टीले कार्यान्वयन गरेको देखिदैन ।

नेपाली काँग्रेसको महिलासम्बन्धी नीतिगत विषयहरू ज्यादै राम्रा भएता पनि व्यवहारिक रूपले उपलब्धिमूलक देखिएको पाइदैन । पार्टीभित्र पनि महिलाहरूलाई कम आँकलन गर्ने प्रवृत्ति यथावत रहेको पाइन्छ । पार्टीभित्र पितृसत्तात्मक शैली हाबी रहेको महसुस हुन्छ । सो पार्टी पार्टीको नीति निर्माण गर्ने ठाउं एवम् अन्य विभिन्न महत्वपूर्ण स्थानमा महिला सहभागीता गराउने सवालमा पछाडि नै परेको मानिन्छ । तसर्थ उक्त पार्टीका महिलाहरूले आफ्नै पार्टीभित्र पनि महिला समानताका निम्ति सङ्घर्ष गर्दै आइरहेका छन् । राजनीतिक क्षेत्रमा पनि महिला स्वतन्त्रता एवम् समानताका लागि महिलाहरुले  सङ्घर्षलाई शसक्त रुपले अगाडी बढाउनु आजको आवश्यकता मानिएकोछ ।

## नेपाल कम्युनिस्ट पार्टी (एमाले) र महिला सवाल

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । बहुदलीय प्रजातन्त्रको पुनर्वहालीपछि महिलाहरूको राजनीतिमा तुलनात्मक रूपमा बढी चासो र सहभागिता रहेको पाइन्छ । प्रमुख राजनीतिक पार्टीहरूले आआफ्ना पार्टीभित्र महिला विभाग समेत सञ्चालन गर्न थालेको देखिन्छ ।

नेकपा (एमाले)ले महिलाका निम्ती उठाएका बिभिन्न सवालका बारेमा चर्चागर्दा कम्युनिष्ट पार्टीको इतिहासलाई पनि हेर्न सान्दर्भिक नै देखिन्छ । तत्कालीन जहानिंया राणा शासनकालमा स्थापित नेपाल कम्युनिष्ट पार्टीले बि.स. २००६ भाद्र ३० (१५ सेप्टेम्बर १९४९) मा जारी गरेको पहिलो घोषणा पत्रमा उल्लेखित भएका १२ वटा महत्वपूर्ण मागहरुमध्ये महिलाहरुलाई समान प्रजातान्त्रीक अधिकारहरु दिनु पर्ने कुरालाई उठाएको पाइन्छ । सो घोषणा पत्रले महिलाहरुलाई सामाजिक, आर्थिक तथा राजनीतीक तेहरो थिचोमिचो बिरुद्ध लड्न आव्हान गरेको थियो । उक्त घोषणापत्रले निम्न मागहरुलाई उठाउदै महिलाहरुलाई आफ्नो अधिकार प्राप्तका निम्ती आन्दोलित हुन आह्वान गरेको पाइन्छः :

क) समान कामको लागि समान तलब ।

ख) राष्ट्र्य जिवनका सबै क्षेत्रमा समान अधिकार ।

ग) सुत्केरी सुबिधा, केटाकेटीहरुका लागि सुरक्षित जीवन ।

घ) मुफ्त शिक्षा ।

ङ) बिदेशमा साम्राज्यबादी सेनाहरुमा रहेका छोरा र लोग्नेहरुको फिर्ता ।

च) स्वतन्त्र लोक जनबादी नेपाल ।[३४६]

यहि पृष्ठभूमीबाट अगाडी बढ्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले लामो समय देखि विकासको मुल प्रबाहबाट बाहिरीएका महिलाहरुको प्रगति र उत्थानका लागि जनताको बहुदलिय जनबाद कार्यक्रमलाई अगाडी सारेर आफ्नो ठोस र स्पष्ट दृष्टीकोण राखेको पाइन्छ ।

नेकपा (एमाले)ले राज्यका प्रत्येक तह अर्थात् केन्द्रदेखि गा.वि.स.को तल्लो एकाईसम्म निर्वाचित सङ्ख्याका साथै पार्टी सङ्गठनका केन्द्रीय र स्थानीय तहमा पनि महिला कोटाको व्यवस्था गरी राजनीतिमा महिलाहरूको निमित्त प्रतिनिधित्वलाई निश्चित गरिएको देखिन्छ । नेकपा (एमाले) ले पनि महिला विभागको गठन गरी महिलाको राजनीतिक सहभागितामा अभिवृद्धि गर्नेतर्फ सकारात्मक कार्य गरेको देखिन्छ । सो पार्टीले आफ्नो बिधानको धारा ६६ मा बिधानसंग नबाझिने गरी केन्द्रिय कमिटीले आवश्यक नियमावली तथा आचारसंहिता निर्माण गरी लागु गर्न सक्नेछ भनी ब्यबस्था गरेको छ । सोहि बमोजिम पार्टीको बिभिन्न तहमा गठित बिभागले पार्टी कमिटीको अंगको रुपमा रही नीति एवं योजना निर्माण गरी कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह गरिरहेको पाइन्छ । यसको साथै पार्टीको जिल्ला कमिटीमा दुई जना महिला अनिवार्य राख्नु पर्ने ब्यबस्था गरेको छ । पार्टीको एक अंगको रुपमा रहेको महिला बिभागले निम्न कार्यहरु गर्दछ :

क) पार्टीको महिला सम्बन्धी नीतिलाई समयोचित ढंगले परिमार्जन गर्न पार्टीमा प्रस्ताव प्रस्तुत गर्ने ।

v_ kf6L{ tyf hg;+u7gx?df dlxnf g]t[Tj ljsf;sf nfuL of]hgf agfO{ k];        ug]{ .

u_ dlxnf ;d'bfosf ;d:of / ;dfwfgsf pkfox?sf ;DaGwdf cBfjlws        cWoog u/L k|lta]bg k]; ug]{ .

3_ dlxnf xslxt;+u ;DalGwt ;+3 ;+:yfx?sf] clen]v /fvL cWoog ug]{ /        pgLx?;+u ;DaGw lj:tf/ ug]{ .

---

३४६. भिम रावल (२०४४), *नेपालमा साम्यबादी आन्दोलन उद्‌भव बिकास र वर्तमान अवस्था,* बाराणशी: सामना प्रकासन, नेपाल, पृ १६

ङ) महिलाहरुको हकहितसंग सम्बन्धित बिषयमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गर्ने र तिनका निस्कर्सहरु पर्टीमा पेस गर्ने ।

च) पार्टीले तोकेको अन्य काम गर्ने ।

o;k|sf/ kf6L{n] dlxnf ;xefuLtfnfO{ ulDe/ ?kn] lnP klg kof{Kt dfqfdf kf6L{ leq dlxnf ;xefuLtf /x]sf] b]lvb}g .

नेकपा (एमाले) नेपालको राष्ट्रिय राजनीतिक पार्टीहरू मध्ये एक हो । यो पार्टीले महिलाहरूलाई पनि विकसित गर्दै समाज परिवर्तन गर्न चाहन्छ । जबसम्म साँचो अर्थमा महिलाहरूलाई अधिकार प्रदान गरिदैन, तबसम्म समाज परिवर्तन, सामाजिक परिवर्तन र विकास हुन सक्तैन । त्यसका लागि महिलाहरूलाई सक्षम र सबल बनाउनेतर्फ यो पार्टी लागिरहेको देखिन्छ । [३४७]

नेकपा (एमाले) ले महिलाहरूलाई अगाडि बढाउनेको निम्ति स्थानीय निकाय एवम् पार्टीका सबै निकायमा महिला प्रतिनिधित्व गराउने नीति अगाडि सारेको देखिन्छ । सो अनुसार महिलाहरूलाई १५ प्रतिशतले प्रतिनिधत्व गराउनुपर्छ भन्ने नीति २०५२ माघमा बसेको बैठकमा अगाडि सारिएको थियो भने ३३ प्रतिशत महिला प्रतिनिधत्व गराउने लक्ष्यको रूपमा नेकपा (एमाले) ले राखेको पाइन्छ । यद्यपि महिलाहरूको विकास राम्ररी हुन सकेको देखिदैन । तसर्थ महिला सङ्गठन र पार्टीले अझ संवेदनशील भएर महिलासवाललाई उठाउँदै क्रियाशील बन्नु पर्दछ ।[३४८]नेकपा (एमाले) को नजिकका महिलाहरूले पार्टीमा महिला सहभागिताका बारेमा कुरा उठाएपछि पार्टीले आफ्नो सरकार भएको अवसरमा स्थानीय निकायमा २० प्रतिशत महिला आरक्षणको निर्णय गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ मा प्रत्येक जिल्ला, नगर र गाउँ विकास समितिका वडा तहमा महिलाहरूको लागि आरक्षणको व्यवस्था गरिएकाले प्रत्येक राजनीतिक दलहरूलाई महिला उम्मेदवारहरू उठाउन अनिवार्य गरेकाले निर्धारित स्थानीय निकायमा करिब ४४,००० महिला स्थानीय तहमा संलग्न रहेका देखिन्छन् । कम्तीमा पनि राष्ट्रव्यापी रूपमा ४४,००० महिलाहरूले आफू सक्रिय भएर देशको निम्ति थोरै भए पनि महत्त्वपूर्ण योगदान दिन सफल भएको देखिन्छ । [३४९]आफ्नो समुदायको हक, हितका खातिर मात्र नभई राष्ट्र निर्माणका साथै संसदीय क्षेत्रमा देखिएका गलत प्रवृत्तिहरूको समेत महिलाहरूले विरोध गरेका छन् । यद्यपि महिलाहरूको विकास राम्ररी हुन सकेको देखिदैन । तसर्थ महिला सङ्गठन र पार्टीले अझ संवेदनशील भएर महिला सवाललाई उठाउँदै क्रियाशील बन्नुपर्ने देखिन्छ ।

---

३४७. विद्यादेवी भण्डारी अन्तर्वार्ता, २०५९/४/२३ ।

३४८. माधवकुमार नेपाल, पूर्ववत् ।

३४९. माधवकुमार नेपाल, पूर्ववत् ।

नेकपा (एमाले) ले आफ्नो कार्यक्रम "जनताको बहुदलीय जनवाद" मा "राजनीतिक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितालाई बढाउँदै लगिनेछ" भन्ने सङ्कल्प गरेको पाइन्छ । यो विषय पार्टीको स्थापना कालदेखि उठाउँदै आइरहेको विषय हो । जनताको बहुदलिय जनबाद (जबज) कार्यक्रमले महिला मुक्तिको प्रश्नलाई नेपाली क्रान्तिको एउटा महत्त्वपूर्ण कार्यभार मानेको पाइन्छ । महिला उत्थानका लागि जबजले निम्न बुँदाहरूलाई उल्लेख गरेको पाइन्छ :–

क) महिलामाथि भइरहेका सबै प्रकारका शोषण, उत्पीडन, अपहरण बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गर्ने ।

ख) पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गर्ने महिला र पुरुषबीच समान कामको समान ज्यालालाई प्रभावकारी ढङ्गले लागू गर्ने ।

ग) राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रमा महिला र पुरुष बीच पूर्ण समानताको ग्यारेन्टी गर्ने ।

घ) महिलाहरूमा रहेको अज्ञानता, पछौटेपन हटाउन विशेष कार्यक्रम चलाउने, सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र अपराधिक तत्त्वहरूमाथि कडा सजायको व्यवस्था गर्ने ।

ङ) राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाको सक्रिय सहभागितालाई बढाउँदै लैजाने ।[१५०]

नेकपा (एमाले) को छैठौं राष्ट्रिय महाधिवेशनबाट वि.सं. २०५४ सालमा पारित राजनीतिक प्रतिवेदनमा महिला आन्दोनलको महत्त्वलाई जोड दिंदै यसलाई राजनीतिक र वर्गीय आन्दोलनसँग जोड्नुपर्ने आवश्यकतालाई उल्लेख गरिएको छ । यसै गरी सोही महाधिवेशनबाट पारित जबजको कार्यनीतिक दस्तावेजले क्रान्तिपूर्व एमालेको सरकार निर्माण भएको अवस्थामा कार्यान्वयन गरिने बुँदाहरूलाई निम्न रूपमा उल्लेख गरिएको पाइन्छ::-

क) महिलाको सम्पत्ति माथिको अधिकारको सम्मान गर्दै त्यसको कार्यान्वयनको लागि

---

१५०. *नेकपा (एमाले) को नियमावली२०५७* ( २०६०) काठमाण्डौः नेकपा (एमाले) केन्द्रिय कार्यलय,पृ १६

पाइला चाल्ने ।

ख) महिलामाथिका सबै प्रकारका शोषण, उत्पीडन, अपहरण, बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गर्ने ।

ग) राष्ट्रिय र सामाजिक जीवनका हरेक क्षेत्रमा महिला पुरुषबीच समानता कायम गर्ने ।

घ) महिलाहरूमा रहेको अज्ञानता, पछौटेपन हटाउने तथा सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने ।

ङ) राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितालाई बढाउँदै लगी उनीहरूलाई सशक्त तुल्याउने ।

च) महिलाहरूप्रति रहँदै आएको राजनीतिक, आर्थिक सामाजिक, सांस्कृतिक विभेद तथा असमानतालाई हटाई सबै क्षेत्रमा समान अधिकारको ग्यारेन्टी गर्न ठोस योजना र कार्यक्रम बनाई लागू गर्ने ।[१५१]

नेकपा (एमाले) ले महिलाहरूको उत्थान र विकासका लागि योजना, कार्यक्रमहरू तयार गरी अगाडि बढ्ने लक्ष्य राखेको पाइन्छ । यसले सामाजिक परिवर्तनसँगै महिलाहरूको स्थिति पनि परिवर्तन गर्ने उद्देश्यका साथ नेपाली महिलाहरूलाई आन्दोलित गर्ने काम गर्दै आइरहेको देखिन्छ ।

नेपालमा मध्यावधि निर्वाचन पश्चात् कम्युनिस्ट पार्टीले पहिलो पटक अल्पमतको सरकार बनाएको थियो । त्यसबेला नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत कम्युनिस्ट पार्टीले सरकार बनाएको बारेमा चर्चा चलिरहेको थियो । नेकपा (एमाले) आफ्नो स्थापना कालेदेखि नै महिला विषयमा संवेदनशील बन्दै महिलाहरूको बीचमा काम गर्दै आइरहेको थियो । महिला समानताका कुरालाई पार्टीभित्र पनि सैद्धान्तिक रूपले उठाउँदै आएता पनि व्यवहारिक पक्षमा भने कमी देखिएको छ । पार्टीभित्र पनि पितृसत्तात्मक शैलीको हाबी रहेको छ भन्दा अत्युक्ति नहोला, जस्तो नेकपा (एमाले) ले सरकार बनाउँदा मन्त्री मण्डलमा महिला सहभागिता नभएको कुराले स्पष्ट पारेको देखिन्छ ।[१५२]

---

१५१. अरूण नेपाल, (२०५७), नेपाली महिलाहरूको अवस्था र परिवर्तनको प्रश्न, *महिला आवाज,* काठमाडौं : अनेरास्ववियु केन्द्रीय महिला विभाग, अङ्क ६, पृ. १६ ।

१५२. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. ५३ ।

नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूलाई सबै ठाउँमा अगाडि बढाउनका लागि निश्चित कोटा निर्धारण गर्नु पर्दछ भन्ने आफ्ना मान्यतालाई समेत सार्वजनिक गरेका पाइन्छन् । यही क्रममा नेकपा (एमाले), नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, सद्भावना पार्टीले महिलालाई ३३ प्रतिशतका दरले सबै क्षेत्रमा प्रतिनिधित्व गराउने प्रतिबद्धता जाहेर गर्दै हस्ताक्षर गरी सहमतिसमेत जनाएका थिए ।

महिलाहरू अपेक्षाकृत रूपले राजनीतिक क्षेत्रमा अगाडि बढ्न सकिरहेका छैनन् र अवसर पनि पाइरहेको देखिदैन । महिला समस्यालाई प्रभावकारी रूपले प्रस्तुत गर्न महिला चाहिन्छ । तर नेपालको मूल राजनीतिमा महिलाहरूको अभाव रहेको देखिन्छ । तसर्थ राष्ट्रिय नीति निर्माणमा एवम् राजनीतिमा महिला सहभागिताको आवश्यक परेको छ । महिलाको सङ्ख्या सबै क्षेत्रमा बढ्दै गएमा पुरुषहरूलाई हानी हुने होइन, यसको लागि समतावादी, एकीकृत र समन्वयात्मक चिन्तनको मात्र खाँचो देखिएको छ । आरक्षण जस्तैः ५ प्रतिशत वा तीन प्रतिशत क्रमश प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि गरिएको व्यवस्थाले महिलाहरूको उपस्थितिमा बृद्धि भए पनि महिलाहरूको उत्थान हुन सक्ने देखिदैन । तसर्थ महिला उत्थान र विकासका लागि खुल्ला प्रतिस्पर्धामा महिलाहरू उत्रनका लागि सक्षम बन्दै, बनाउँदै राजनीतिभित्रका खराब प्रवृत्तिलाई समेत परास्त गर्दै महिलाहरू स्वयम् अगाडि बढ्नु आबश्यक मानिन्छ ।

महिला हक, अधिकारका सवालमा सैद्धान्तिक पक्षमा मात्र नभएर व्यवहारिक पक्षमा पनि गम्भीर भई उपयुक्त प्रकारले कार्यान्वयन गर्नुपर्दछ । सही प्रतिबद्धता र दृढ अठोटले मात्र समाजलाई हाँक्न र विकास गर्न सकिन्छ । यही सन्दर्भमा नेकपा (एमाले) समाज विकासमा महिलाहरूको अहम् भूमिकालाई स्पष्ट गर्ने पार्टीका रूपमा क्रियाशील रहेको देखिन्छ । सो पार्टीको सर्वोच्च निकाय महाधिवेशनद्वारा पारित दस्तावेजहरूमा महिलासम्बन्धी लिएका अडानहरू स्पष्ट उपर्युक्त र समयसापेक्ष रहेका छन् । महिलाहरुको हक अधिकार प्राप्तिको आन्दोलनमा नेकपा (एमाले) को भूमिका प्रेरक र नेतृत्वदायी रहेको पाइन्छ ।[१५३]

नेपाली समाजमा महिलाहरूको निकै ठूलो समस्या भोग्नु परिरहेको छ । नेपाली समाजलाई वर्तमान अवस्थाबाट अघि बढाउन महिला मुक्ति अपरिहार्य मानिन्छ । राजनीतिक प्रतिबद्धताबाट शून्य भएर कुनै आन्दोलन अगाडि बढ्न सक्दैन । देशमा महिला मुक्ति र सम्पूर्ण क्षेत्रमा परिवर्तन गर्नका लागि महिलाको यथास्थितिलाई बदल्नको लागि जुझारू र सक्षम नेतृत्वको विकास गर्न आवश्यक मानिन्छ । नेकपा (एमाले) सैद्धान्तिक रूपमा यथास्थितिको विरोधमा रहेको देखिएकोछ । समाज पुरुषप्रधान रहेकाले पुरुषहरूको हैकम

१५३. विद्यादेवी भण्डारी (२०५७ कार्तिक), लैङ्गिक समानताका लागि पैत्रिक सम्पत्तिमा समान अधिकार, *महिला मुक्ति,* काठमाडौं : अनेमसङ्घ, केन्द्रीय प्रकाशन विभाग, अङ्क ९, पृ. ५ ।

यथावत रहेको पाइन्छ । महिलाहरूको समस्यामा पर्याप्त चासो दिएको पाइदैन । जबसम्म छोरीहरूले छोरासरह अधिकार पाउँदैनन्, तबसम्म महिलाहरूलाई अघि बढ्न अप्ठ्यारो हुन्छ । यसका साथै महिला मुक्ति आन्दोलनको अर्को महत्वपुर्ण पक्ष आर्थिक क्षेत्रमा पनि समान अधिकार हुनुपर्छ भन्ने विषयलाई एमालेले अगाडि सार्नुको साथै महिला सशक्तिकरणका लागि पार्टीबाट कार्यक्रमसमेत तयार गरिएको पाइन्छ ।[१५४]

नेकपा (एमाले)ले महिला सवालाई गम्भीर रूपले लिए पनि पर्याप्त मात्रामा पार्टीभित्र महिला सहभागिता रहेको देखिँदैन । महिलाहरूलाई उचित किसिमले पार्टी सङ्गठनमा सहभागी गराइएको पाइँदैन । पार्टीभित्र पनि पितृसत्तात्मक शैलीको कुप्रभाव रहेको पाइन्छ । पार्टीका विभिन्न तहका कमिटीमा पर्याप्त महिला सदस्यको कमि रहेको छ । तसर्थ पार्टीले महिलाहरूलाई पार्टीका विभिन्न तहका कमिटीमा संलग्न गराउँछ भन्नुभन्दा पनि महिलाहरू स्वयम्ले हामी पनि सो कमिटीमा रहनुपर्छ, त्यसको लागि क्षमताको विकास गरी पुरुषसँग प्रतिस्पर्धा गर्न सक्छु भन्ने आत्मविश्वासको विकास गरी अगाडि बढ्नु पर्दछ ।

नेपालमा अन्य राजनीतिक पार्टीहरू पनि रहेका छन् ती पार्टीहरूले पनि महिला सवाललाई गम्भीरताका साथ उठाउँदै आएको भएता पनि आआफ्नो पार्टीमा पर्याप्त मात्रामा महिला सहभागी गराइएको पाइदैन । सबैले सिद्धान्ततः राम्रा र उपयुक्त नीतिहरू तयार गरेता पनि व्यवहारमा उतार्न सकेका छैनन् । यद्यपि महिला समानताका सवाललाई भने उठाउँदै आइरहेका छन् ।

सारमा भन्नुपर्दा सबै राजनीतिक पार्टीले महिला समानताका विषयलाई गम्भीरताका साथ उठाउँदै आइरहेका छन् । सबै पार्टीहरूले महिला समुदायको उत्थान र विकास विना समाज विकास गर्न असम्भव  ठान्दछन् । महिलाहरू समाजको भित्री तहसम्म जान सक्छन् । वर्तमान समाज प्रणालीले उनीहरूलाई सहजै हरेक चुलोसम्म पुऱ्याउन सक्छ । उनीहरू परिवारलाई घरभित्रैबाट उत्प्रेरित गर्दै सामाजिक योगदानका क्षेत्रमा सिङ्गो परिवारलाई परिचालित गर्न सक्छन् । सामूहिक प्रयत्नबाट हुने प्रत्येक काममा महिलाहरूको अहिलेको सन्दर्भमा पुरुषहरूले भन्दा बढी भूमिका निर्वाह गर्न सक्छन् । तर महिलाहरूलाई परिवारसँग घनिष्ट हुन सकून् भनेर उनीहरूलाई फेरि पनि परिवारभित्रै खुम्च्याउने होइन कि बरु सिङ्गो परिवारलाई भित्रैबाट चिन्ने उनीहरूमा अन्तरनिहीत अन्तर्विरोधलाई केलाउनु र उनीहरू सामाजिक अभियानमा संलग्न गर्नसक्ने हुनाले महिलाहरूका लागि त्यो क्षेत्र पनि विशेषतः योगदानको क्षेत्र बन्न सक्छ भन्न सकिन्छ ।

राजनीतिमा संलग्न महिलाहरूले आफ्नो अधिकार प्रयोजनका लागि र पार्टीभित्र उचित महिला प्रतिनिधित्वका लागि पार्टीभित्र नै सङ्घर्ष गर्नु पर्ने देखिन्छ । पार्टीभित्र देखापरेको पितृसत्तात्मक शैलीको अन्त्यको लागि राजनीतिमा संलग्न महिलाहरूले पहल

१५४. सीता पौडेल, पूर्ववत्, पृ. २६ ।

गर्नुपर्ने हुन्छ । तब मात्र हालसम्मको पार्टीगत रूपमा रहेको गलत प्रवृत्ति र पार्टीभित्र रहेको महिला प्रतिनिधिको कमीलाई हटाई राजनीतिमा भइरहेको शोषणको समाप्त हुनेदेखिन्छ । राजनीतिक रूपले महिलामाथि भइरहेको शोषणको अन्त्यका लागि महिलाहरू स्वयम् सचेत भई आम महिला समुदायलाई परिचालित गर्नुपर्ने हुन्छ । यसका साथै राजनीतिक क्षेत्रमा देखा परेको पितृसत्तात्मक शैलीको कुप्रभावको अन्त्यका लागि पुरुष समुदायसमेतलाई सचेत गराउनु पर्दछ । तब मात्र राजनीतिक क्षेत्रमा महिलाहरूको उचित उपस्थिति रहने देखिन्छ ।

## ६.४. नेपाली महिला आन्दोलनका समस्या

नेपालमा भइरहेको महिला समानता एवम् स्वतन्त्रताको आन्दोलन मूलतः वर्गीय आन्दोलन, लैङगिक समानता एवम् पितृसत्तासँग अन्तनिहित रहेको देखिन्छ । महिलामाथि भइरहेको उत्पीडन र भेदभावको विषय सामुदायिक विषयका रूपमा भए पनि यसको विकासको वस्तुगत आधार वर्गहरूको उत्पत्ति नै हो भनिन्छ । महिलाहरूले सगर्व आन्दोलनमा भाग लिएर मात्र हुँदैन उनीहरूले वर्ग सङ्घर्षका साथै महिला विरुद्ध अवरोधका रूपमा तेर्स्याइएको पितृसत्ता एवम् लैङगिक असमानताको विरुद्धमा पनि आन्दोलन गर्नुपर्ने देखिन्छ ।

समाज विकास क्रममा मातृसत्ताले पराजय भोग्नु परेको इतिहास पनि पाइन्छ । मातृसत्ताको पतन नारी जातिकै विश्व ऐतिहासिक स्तरको पराजय थियो ।[१५५]त्यसपछि महिलाहरूमाथि पुरुषले शासन गरी घरका सम्पूर्ण अधिकार आफ्नो हातमा लिएका थिए । त्यसरी महिलाहरू अधिकारबाट टाढिए, दासी, पतिको वासनापूर्ति गर्ने साधन, सन्तान उत्पन्न गर्ने सामान्य यन्त्रको रूपमा परिणत बन्न पुगेका थिए । यसरी मातृसत्ताको पतनले पितृसत्ताको जन्म गरायो । जुन पितृसत्ता विद्यमान विश्वमा नै महिला आन्दोलनको निम्ति समस्याको रूपमा खडा भएको देखिन्छ ।

नेपाली महिला आन्दोलनको बाटोमा धेरै अवरोधहरू तेर्स्याइएका छन् जसले महिलाहरू सधैं दासीकै अवस्थामा रहन बाध्य तुल्याएको छ । महिलाहरूलाई आफ्नो स्वार्थका निम्ति प्रयोग गर्नेहरूले महिलाहरूलाई सधैं अज्ञानताको खाल्टोमा हाल्न खोजिरहेका हुन्छन् । यसरी प्रत्यक्ष रूपले दुई स्वार्थको बीचमा आआफ्ना स्वार्थ रक्षा र प्राप्तिका निम्ति सङ्घर्ष भइरहेको पाइन्छ । नेपाली महिलाहरूको अवस्था, समाजमा उनीहरूको स्थिति र इतिहासले उनीहरूमाथि राखेको लक्ष्यले नै महिला आन्दोलनलाई जन्माएको हुन्छ । यसरी नेपाली समाजमा महिला समानता एवम् मुक्तिका निम्ति हुने महिला आन्दोलन अनिवार्य रूपले हुनुपर्ने पर्दछ ।

---

१५५. फ्रेडरिख ऐंगेल्स (सन् १९८६), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* मास्को : प्रगति प्रकाशन, पृ. ६९ ।

नेपाली महिलाहरूले महिला आन्दोलनलाई लगातार अगाडि बढाइरहेका भए पनि आन्दोलनलाई अगाडि बढाउने क्रममा धेरै समस्याहरू भोग्नु परिरहेको देखिन्छ । उनीहरूले त्यस्ता समस्याहरूको समाधानार्थ विभिन्न प्रयत्नहरू गर्दै आइरहेका छन् । नेपाली महिला आन्दोलन सञ्चालनमा देखिएका समस्याहरु निम्न रहेका छन् :–

क) महिला आन्दोलनका निम्ति पर्याप्त जनमतको कमी ।

ख) महिलाहरूले आफूलाई पीडित भएको महसुस गर्न नसकी आफ्नो अधिकार प्राप्त गर्न आफै क्रियाशील बन्नुपर्छ भन्ने चेतनाको कमी ।

ग) सिद्धान्तलाई व्यवहारमा उतार्नका लागि महिलाहरूले प्रमुख भूमिका निर्वाह गर्न नसक्नु ।

घ) महिलाहरूले राजनीतिक पार्टीका कार्य र उद्देश्यलाई प्राथमिकता दिई महिला सरोकारका सवाललाई दोस्रो स्थानमा राख्नु ।

ङ) पितृसत्तात्मक शैली यथावत् रहनुका साथै पुरुषहरूले सिद्धान्त र आदर्शलाई व्यवहारमा ल्याउन नसक्नु ।

च) महिला सङ्घ सङ्गठनहरूको कामलाई महिलाहरूको बीचमा बिस्तार गर्न नसक्नु ।

छ) महिलाहरूले समाजमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्नु ।

ज) महिलाहरूमा आत्मनिर्णयको कमि ।[१५६]

यी यस्ता विषयहरू हुन् जसले गर्दा नेपाली समाजमा महिला मुक्तिका निम्ति सञ्चालित महिला आन्दोलनले सार्थक उपलब्धि हासिल गर्न सकिरहेको छैन । त्यसका साथै समाजमा व्याप्त चेलीबेटी बेचबिखन, हत्या, बलात्कार, दुरुत्साहन, दुरूपयोग, दुर्व्यवहार जस्ता समस्याहरू पनि रहेका छन् । यसरी नै आर्थिक, राजनीतिक, धार्मिक, सामाजिक बगिर्य जस्ता समस्याहरू पनि टड्कारो रूपमा रहेका देखिन्छन् । नेपालको सन्दर्भमा

---

१५६. शिवमाया तुम्बाहाङ्फे (२०५९), *नेपालमा महिला आन्दोलन (२००४-२०४६),* काठमाडौं : अनेमसङ्घ, पृ. १२३ ।

महिलाहरुको साझा सरोकारका सवालमा एकजुट भइ मिल्न सक्ने र मिल्न सकिने सवालमा मिलेर अगाडि बड्न नसक्नु नै मुख्य समस्या बनेको पाइन्छ ।

समाज विकासको आधार अर्थतन्त्र भए झैं राजनीतिलाई त्यसको मुटु मान्ने गरिन्छ । नेपालको महिला आन्दोलनको विकासमा राजनीतिले उत्प्रेरक भूमिका खेलेतापनि राजनीतिमा महिला सहभागितालाई वृद्धि गर्ने सवालमा भने परम्परागत सामाजिक जडताबाट ऊ आफै मुक्त हुन सकेको छैन । वर्तमान अवस्थामा पनि राज्ययन्त्रको स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म राजनीतिक पार्टी, सामाजिक सङ्घ, संस्थाको सबै तहको नीति निर्माण, योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा महिलाहरूको मात्रात्मक र गुणात्मक दुवै पक्षमा सहभागिता कमजोर रहेको पाइन्छ । महिलाहरूले अझै पनि आफूलाई मन परेको विचार र सिद्धान्त छान्ने र सङ्गठित हुने सवालमा पूर्ण स्वतन्त्र छैनन् ।

समाजको हरेक लैङ्गिक सचेतनताको स्तर अत्यन्त कमजोर रहेको पाइन्छ । यसका साथै राज्य तथा राजनीतिक दलद्वारा सबैको नजरमा नकारात्मक धारणाको विकास नहोस् र भोटबैंकमा प्रतिकूल प्रभाव नपरोस् भन्ने उद्देश्यले अघि सारिएका महिला समानता, महिला उत्थान र विकासका कुरा व्यवहारमा आउन सकेका छैनन् । कतिपय महिलासम्बन्धी सवालमा भनाई र गराईका बीचमा ठूलो खाडल देखिदै आएको छ । यसमा पितृसत्तात्मक सवालको ठूलो भूमिका रहेको देखिन्छ ।

### पितृसत्ता : *महिला सवाल*

पितृसत्तालाई एक संस्थागत दमन वा शोषण मानिन्छ । नेपालमा महिलामाथि विभिन्न प्रकारले शोषण भइरहेको कुरामा दुई मत छैन । ती शोषणका औजारहरूमध्ये “पितृसत्ता” लाई पनि एक मानिन्छ । **पितृसत्ता के हो** ? पितृसत्ता भनेको पिता वा कूलपतिको सत्ता अथवा शासनलाई भनिन्छ । सुरुमा यस शब्दलाई पुरुषहरूको एकाधिकारको पहिलो नतिजा परिवारको एक अन्तरकालीन रूपमा पितृसत्तात्मक परिवारमा अभिव्यक्त गरिएको पाइन्छ ।

यो एउटा ठूलो संयुक्त परिवार हो जहाँ एक बुज्रुक व्यक्ति सर्वेसर्वा रहेको हुन्थ्यो । यस्तो परिवारका कूलपतिका अधीनमा महिलाहरू, अन्य पुरुषहरू, बच्चाहरू, दासहरू तथा घरेलु नोकरचाकर सबै रहेका हुन्थे ।[२५८] तर आजभोलि यस शब्दलाई साधारणतयाः “पुरुष प्रधान” भनी व्याख्या गर्ने गरिन्छ । पुरुषप्रधान परिवारमा पुरुषहरूले महिलाहरूलाई दबाउने गर्दछन् । महिलाहरूलाई निम्न दर्जाको व्यवहार गर्ने गरिन्छ । जुनसुकै उपाय एवम् तरिकाले तल्लो दर्जाको व्यवहार गरिएको पाइन्छ । पारिवारिक कामकाज र सामाजिक व्यवहारमा

२५८. फ्रेडरिख ऐंगेल्स, पूर्ववत्, पृ. ६९ ।

महिलामाथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण, व्यभिचार तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूप मानिन्छन् ।[१५८]

पितृसत्ता भनेको परिवारमा बाबु सर्वेसर्वा हुने प्रक्रिया हो भनौं बाबुको अनुशासनमा परिवारका सदस्यले बस्नुपर्ने सामाजिक व्यवस्था हो । अथवा परिवारमा बाबु वा पति, छोरा कुनैबाट परिवारका सदस्यले चल्नुपर्ने व्यवस्थालाई मान्नुपर्दछ । हाम्रो समाजमा यस्तो स्थितिको बाहुल्यता रहेको छ । जसको कारणबाट परिवारका सदस्यहरू (महिला, बालबच्चा, नोकरचाकर) प्रभावित भएका हुन्छन् । जसले समाजका सबै वर्गमा रहेका महिलाहरूमाथि शोषण गरिएको ठानिन्छ ।[१५९]

नेपाली महिलाहरूको स्थिति दयनीय हुनुमा पितृसत्ताको पनि महत्वपूर्ण भूमिका रहेको छ । हाम्रो समाजमा पितृसत्तात्मक प्रवृत्तिले महिलाहरूलाई अवहेलना गर्ने, हक अधिकारबाट बन्चित गर्ने गराउने, बच्चा जन्माउने मेसिनको रूपमा हेर्ने, दासीको रूपमा हेर्ने, निरिह, अवला साथै मनोरञ्जनको साधनको रूपमा हेर्ने, सामाजिक मर्यादा, प्रतिष्ठालाई बेवास्ता गरी दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने, श्रम, सीपको शोषण गरी असमानताको व्यवहार गर्ने गर्दछन् । यसरी समाजमा पुरुषको मात्र हैकम चलाई सबै क्षेत्रमा सर्वेसर्वाका रूपमा रहने पुरुषको स्वार्थलाई केन्द्रबिन्दु बनाई महिलामाथि शासन चलाइरहेका छन् । यस प्रकार पितृसत्ताले सिर्जना गरेको मूल्य, मान्यता र परम्पराहरूद्वारा नै महिलामाथि दमन, उत्पीडन जस्ता निन्दनीय कार्यहरू भइरहेको पाइन्छ ।

नेपालको परिवेशलाई दृष्टिगत गर्दै भन्ने हो भने यो प्रवृत्तिको प्रभाव सबै क्षेत्रमा रहेको पाइन्छ । नेपालमा महिला मुक्तिको सवालसँग सरोकार राख्ने महिला सङ्घ संम्बन्धित गैरसरकारी स्तरबाट पनि प्रयासहरू भइरहेको छ । नेपालका राष्ट्रिय स्तरका राजनीतिक दलहरूले पनि महिला सवाललाई आफ्नो स्थापना कालदेखि नै गम्भीरताका साथ उठाउँदै आइरहेका छन् ।

पितृसत्ताको सवाललाई उठाउँदा हामीले गम्भीर भएर सोच्नै पर्दछ । कुनै पनि शोषणको औजार मात्र भएर पुग्दैन, त्यसको प्रयोगकर्ताको पनि आवश्यकता पर्दछ । हाम्रो समाजमा पितृसत्ता हाबी भएर मात्र हुँदैन, त्यसमा प्रमुख भूमिका त्यसलाई व्यवहारमा ल्याउने तत्त्वको रहेको हुन्छ । समाजमा पितृसत्तालाई कार्यान्यन गर्ने साधनको रूपमा महिलापुरुष दुवैको हात रहेको देखिन्छ । पितृसत्तात्मक शोषण गर्ने क्रममा महिलाले पनि

---

१५८. कमला भासिन (१९९३), *पितृसत्ता क्या है ?* नई दिल्ली : जागोरी, पृ. १ ।

१५९. शिवमाया तुमबाहाङ्फे (२०५९ मङ्सिर), पितृसत्ता एक संस्थागत दमन वा शोषण हो, *छलफल* (साप्ताहिक), काठमाडौं : वर्ष २१, अङ्क ८ ।

महिलाहरूमाथि शोषण गरिहेका छन् । यस कार्यले पितृसत्तालाई टिकाउनका निम्ति सहयोग गरिरहेको छ ।

नेपालका राजनीतिक दलहरूभित्र पनि पितृसत्तात्मक शैलीको हाबी रहेको पाइन्छ । त्यहाँभित्र सिद्धान्त एवम् नीतिहरू राम्रा भए पनि व्यवहारमा भने त्यस्तो छैन । कतिसम्म हुन्छ भने कुनै समितिमा महिलाले नेतृत्व गरेका छन् भने वा नेतृत्व गर्नेसम्म सम्भावना रहेको हुँदा सो समितिमा पुरुषले बसेर काम गर्नसमेत इन्कार गर्ने कामहरू हुन्छन् । यस्ता प्रकारका गलत प्रवृत्तिहरू राजनीतिक दल, ती दलका जनवर्गीय सङ्गठनहरूमा समेत देखिन्छ । यो पितृसत्ताको प्रभाव राजनीतिक क्षेत्रभित्र पनि रहेको पाइन्छ । जसले गर्दा महिलाहरूले स्वतन्त्र ढङ्गबाट राजनीतिमा संलग्न भई नेतृत्व तहमा पुग्न समस्या भोग्नु परिरहेको छ ।

समाजमा विद्यमान रहेका गलत प्रवृत्तिको अन्त्यका लागि महिलाहरू मात्र होइन पुरुषहरूलाई पनि संलग्न गराउनु पर्दछ । पितृसत्ता जस्तो गलत प्रवृत्तिको अन्त्यको निम्ति स्वयम् पुरुषहरूलाई पनि क्रियाशील गराउनुपर्ने हुन्छ । पुरुषहरू भनेको महिलाहरूको विरोधी नभएर उनीहरूभित्र रहेको प्रवृत्ति मात्र गलत हो । तसर्थ त्यस्ता गलत प्रवृत्तिको अन्त्यको निम्ति पुरुषहरूले पनि चिन्तन मनन गर्नैपर्ने हुन्छ । आफूभित्र रहेका गलत प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । पितृसत्ता जस्तो महिला आन्दोलनको निम्ति घातक सिद्ध भएको गलत प्रवृत्तिलाई हटाउनु नै महिला आन्दोलनका निम्ति श्रेयस्कर हुन्छ, साथै आमूल परिवर्तनको लागि सहयोग पुग्ने मानिन्छ ।

नेपालको महिला आन्दोलन पितृसत्ता विरोधी आन्दोलनको रूपमा पनि विकसित गर्नु आवश्यक देखिन्छ । जबसम्म पितृसत्ता विरोधी आन्दोलनको विकास हुन सक्तैन तबसम्म महिला आन्दोलन अपेक्षाकृत रूपमा अगाडि बढाउन नसकिने हुन्छ । तसर्थ हामीले महिला समानता एवम् मुक्ति आन्दोलनलाई अगाडि बढाउन पितृसत्ता विरोधी भावनाको विकास गर्नु पर्दछ । समाजमा पितृसत्ता विरोधी भावनाको विकास गर्नका लागि पितृसत्ता विरोधी आन्दोलनलाई अगाडि बढाउन न त वर्ग सङ्घर्षबाट मात्र सम्भव देखिन्छ, न त वर्गसङ्घर्ष विना सम्भव देखिन्छ । त्यसैले पितृसत्तात्मक शोषणको सवाललाई उठाउँदा वर्गसङ्घर्षमा मात्र केन्द्रित बनेर आगाडि बढ्न नसकिने हुन्छ ।

यहाँ वर्गीय शोषणबाट मात्र होइन, पितृसत्तात्मक शोषणबाट पनि महिलाहरू पीडित रहेका छन् । यो पनि महिला आन्दोलनको निम्ति समस्याको रूपमा देखिएको छ । वर्गीय शोषणको अन्त्य हुँदैमा पितृसत्तात्मक शोषणबाट छुटकारा प्राप्ति हुने देखिदैन ।

पितृसत्तात्मक शोषणको अन्त्य समाजमा हुने वर्गसङ्घर्षबाट अलग रहेर गरेमा मात्र सम्भव नहुने भएकोले यसलाई पनि उचित मानिदैन किनभने वर्गसङ्घर्षबाट अलग रहेर सो शोषणबाट महिलाहले छुटकारा पाउन सक्ने देखिदैन । वर्गीय शोषण र पितृसत्तात्मक शोषण एक अर्कोका लागि सहयोगी मानिन्छन् । पितृसत्तात्मक शोषणलाई वर्गीय शोषणले महिलामाथि शोषण गर्न सहयोग प्रदान गर्दछ । त्यसैले ती दुई एक अर्काका परिपूरक मानिन्छ ।

त्यसैले नेपालमा महिला आन्दोलनको विकासका लागि पितृसत्तात्मक शैली विरोधी आन्दोलनको विकासको आवश्यकता भएकाले यसलाई पहिलो प्राथमिकताका साथ विकास गर्नुपर्दछ । नेपाली महिलाहरूको मुक्तिका लागि वर्गीय आन्दोलनको साथै पितृसत्ता विरोधी आन्दोलनको समेत विकास गर्नुपर्ने हुन्छ । किनभने पितृसत्ता भनेको महिलामाथि हुने दमन र शोषणको स्रोत हो । जसले सिङ्गो महिला आन्दोलनलाई प्रभावित पारिरहेको देखिन्छ ।

पितृसत्तात्मक शोषण पनि महिला आन्दोलनको बाधक तत्त्वको रुपमा लिइन्छ । जसले गर्दा महिलाहरूले स्वतन्त्र रूपले समाजमा कुनै पनि गतिविधि गर्न सकिरहेका छैनन् । यो शोषण भनेको वैयक्तिक मात्र नभएर पुरुषद्वारा महिलामाथि गरिने एक संस्थागत दमन वा शोषण हो । जसले वर्षौं पहिलेदेखि महिलामाथि शोषण गर्दै आइरहेको पाइन्छ । तसर्थ यसबाट मुक्ति प्राप्तिका निम्ति समाजमा महिलाहरू सङ्गठित भएर अगाडि बढ्नुपर्दछ । महिलाहरूमा महिला मुक्तिको भावनाको विकास गराउनु पर्दछ । पितृसत्तात्मक शैलीको अन्त्यका लागि महिला मात्र होइन पुरुषसमेत क्रियाशील बन्नुपर्दछ । जसले आमूल परिवर्तनको अपेक्षा राख्नेहरूको लागि सहयोग पुगोस् । यही अपेक्षाका साथ पितृसत्तात्मक शैलीको अन्त्यका लागि महिला आन्दोलनलाई प्रभावकारी रूपले अगाडि बढाउनुपर्ने देखिन्छ ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय देश हो । नेपालका १०३ जातिहरूमध्ये ५९ जाति आदिवासी जनजातिहरू रहेका छन् ।[१६०] यहाँ विविध भाषाभाषीका मानिसहरू बसोबास गर्दछन् । त्यसैले महिला आन्दोलनको सवाललाई अगाडि बढाउँदा देशका विभिन्न जाति तथा जनजातिहरूको ठोस स्थितिलाई ध्यानमा राख्नुपर्दछ । तब मात्र महिला समानता एवम् स्वतन्त्रताको सवाल प्रभावकारी रूपले अगाडि बढ्ने देखिन्छ । नेपालमा महिला आन्दोलनलाई विकास गर्नको निम्ति वा प्रभावकारी रूपले अगाडि

---

१६०. *किराँत चाड एक परिचय* (२०५९), ललितपुर : किराँत याक्थुम चुम्लुङ, केन्द्रीय कार्यालय, पृ. ४४ ।

बढाउनका निम्ति पनि महिला समुदायको उचित छनौट गर्नुपर्दछ । यसका साथै उक्त आन्दोलनमा निहित विषयहरू व्यापक रूपमा जनतासामु पुऱ्याउनु पर्नेहुन्छ ।

समाजमा महिलाहरूमाथि गरिने विभिन्न प्रकारका शोषणहरूको सवाललाई लिएर जाँदा हामी कुन जातिको समुदायमा जान्छौं । त्यसको बारेमा पहिले नै जानकारी लिनुपर्दछ । जस्तो पितृसत्ता विरोधी आन्दोलनका बारेमा कुरा गर्नुपर्दा मुख्य गरेर हिन्दुधर्म संस्कारद्वारा प्रभावित समुदायको छनोट गर्नुपर्दछ । तब मात्र उक्त आन्दोलनको प्रभावकारिता समाजमा पर्दछ । तर त्यही विषयलाई विभिन्न जनजातिका महिलाहरू माझमा राख्यौं भने त्यसले खासै प्रभाव पार्दैन जस्तो : दाइजो, तिलकका कारणले हुने घरेलु हिंसा, विभिन्न बहसमा ब्रत बस्न लगाउने, लोग्नेको खुट्टा धोएको पानी खान लगाउने, प्रत्येक बेलुकी सासू, नन्द, आमाजूको खुट्टामा चिल्लो दल्ने, खुट्टा मिच्न लगाउने गरिन्छ भनी जनजाति महिला समूदायमा भने पनि त्यसको प्रभाव पर्दैन । किनभने उनीहरूमाथि त्यस प्रकारको शोषण एवम् अन्याय नै गरिदैन । तसर्थ उचित महिला समुदायको छनौटपश्चात् मात्र पितृसत्ता विरोधी विषयलाई उठाउनु उपयुक्त देखिन्छ ।[३६१]

पितृसत्तात्मक समाजमा मानव निर्मित सामाजिक नियम, कानुन सामाजिक संरचना आदिद्वारा महिलामाथि शोषण, दमन, अन्याय गर्ने काम भइरहेको छ । यी मानव निर्मित सबै नियोजित सामाजिक नियमहरू पुरुषको स्वार्थ रक्षार्थ बनाइएका हुन्छन् । यसरी समाजमा देखापरेको पितृसत्तात्मक शैलीको विरोध गर्नु भनेको कुनै व्यक्ति विशेषको विरोध गर्नु भन्ने होइन, विद्यमान गलत चिन्तन, प्रवृत्ति एवम् शैलीको विरोध गर्नु भनेको कुनै व्यक्ति वा समुदायको विरोध गर्नु होइन । तसर्थ पुरुषमा भएका गलत प्रवृत्ति, विचार एवम् शैलीको विरोध गर्नु पुरुषको विरोध गर्नु होइन र गरिनु पनि हुँदैन । उक्त गलत प्रवृत्ति पुरुषमा मात्र होइन, महिलामा पनि हुन्छ । त्यस्ता गलत कुराको विरोध गर्नु भनेको महिलाको विरोध गर्नु होइन । तसर्थ पितृसत्ताको विरोध गर्दा कसैलाई नकारात्मक असर पार्दैन । जसले महिला आन्दोलनलाई सहयोग पुऱ्याइरहेको हुन्छ । पितृसत्ता पनि महिला आन्दोलनको निम्ति बाधक भएकाले त्यसको विरोध मात्र होइन अन्त्य नै गर्नुपर्ने हुन्छ ।[३६२]

महिलाहरूले मातृसत्ता गुमाएपछि पितृसत्ताको प्रादुर्भाव भएयता महिलाहरू दबाइन थालिएका हुन् । हाल पनि सोही अवस्थामा नेपाली महिलाहरू रहन बाध्य रहेका छन् । यस प्रकारको अवस्थाबाट महिलाहरूले छुट्कारा प्राप्त गर्नका लागि महिला आन्दोलन गरिरहेको

---

३६१. शिवमाया तुम्बाहाङ्फे (२०५९, पुस २९), *चर्चा* (साप्ताहिक), काठमाडौं : वर्ष ३२, अङ्क २२ ।
३६२. शिवमाया तुम्बाहाङ्फे (२०५९, चैत्र ९), महिला सशक्तीकरणको नाममा पुरुषको विरोध कसरी गरिन्छ ? *छलफल* (साप्ताहिक), काठमाडौं : वर्ष २१, अङ्क २४ ।

भएता पनि विविध प्रकारका समस्याका कारण आन्दोलनलाई अपेक्षाकृत रूपमा अगाडि बढाउन सकिरहेको छैन । सो आन्दोलनको समस्याका रूपमा राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, पितृसत्ता महिला विरुद्धको हिंसा, आत्मनिर्णयको कमी जस्ता रहेका छन् । सो कारणहरूले गर्दा महिला आन्दोलन अगाडि बढ्न समस्या भइरहेको देखिन्छ ।

समाजमा व्यक्तिगत एवम् सार्वजनिक रूपमा पितृसत्ताले महिलामाथि शोषण, दमन गर्ने काम भइरहेको छ । पितृसत्ताको मूल सिद्धान्त महिलाहरूमाथि दमन, शोषण तथा नियन्त्रण गर्नु हो । महिलाहरूको सबै क्रियाकलापमा शोषण दमन एवम् नियन्त्रण गर्ने काम भइरहेको छ । महिलाहरूमाथि पितृसत्तात्मक नियन्त्रण निम्न सवालमा बढी रहेको पाइन्छ :

क) महिलाहरूको उत्पादन तथा श्रमशक्ति

ख) महिलाहरूको प्रजनन शक्ति

ग) महिलाहरूको यौनिकता

घ) महिलाहरूको गतिशीलता

ङ) सम्पत्ति तथा अन्य आर्थिक स्रोत साधन ।[१६३]

महिलाहरूको जीवनमा पितृसत्तात्मक नियन्त्रण बढी मात्रमा रहेको पाइन्छ । महिलालाई कुनै सवालमा स्वायत्त ढङ्गबाट गतिविधि गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नियन्त्रण गरिएको हुन्छ । यही क्रममा पितृसत्ताको परिवार, धर्म, कानुनी व्यवस्था, आर्थिक व्यवस्था राजनीतिक, सञ्चार माध्यम, शिक्षा आदिमा पनि प्रभुत्व रहेको हुन्छ । तसर्थ सबै क्षेत्रमा पितृसत्ताले हालिमुहाली गरिरहेको अवस्थामा महिलाहरूलाई आफ्नो हक, अधिकारको पुनर्स्थापनाका लागि गरिने महिला आन्दोलनलाई अगाडि बढाउन समस्या परिरहेको छ । यद्यपि उनीहरू आम नेपाली महिलाहरूको हितार्थ आन्दोलित बनिरहेका छन् । नेपाली महिला आन्दोलनले सबै महिलाहरूको हितको अभिव्यक्ति गर्नुपर्दछ । जसले सामाजिक पविर्तनको पनि पक्षपोषण गरिरहेको हुन्छ । सो क्रियाकलापले महिलामाथि भइरहेको शोषण, दमन, एवम् नियन्त्रण गर्ने विशाक्त हतियारको रूपमा जीवित पितृसत्ताको अन्त्य गर्न सक्नु पर्छ र आवश्यक पनि मानिन्छ ।

१६३. कमला भासिन, पूर्ववत्, पृ. ६-१० ।

नेपालका आदिवासी जनजाति समुदायहरूमा मातृसत्ताको अवशेषहरू पाइन्छ । कतिपय आदिवासी जनजातिहरूमा गलत प्रवृत्तिहरू प्रभाव टड्कारो रूपमा देख्न सकिन्छ । सापेक्ष रूपमा आदिवासी जनजातिका महिलाहरू अन्य जातजातिका महिलाहरूको तुलनामा आर्थिक र सामाजिक जीवनमा बढी स्वतन्त्र रहेका हुन्छन् । तसर्थ महिला सवाललाई उठाउँदा उचित महिला समुदायको छनोट गर्नुपर्दछ । तब मात्र प्रभावकारी ढङ्गबाट महिला आन्दोलनलाई उठाउन सकिन्छ र सो आन्दोलनका समस्याहरूलाई सहज ढङ्गबाट समाधान गर्दै आन्दोलनलाई अगाडि बढाउन सकिन्छ ।

सारमा भन्नुपर्दा नेपाली समाज पुरातनवादी समाज भएको हुनाले यहाँ अन्धविश्वास, कुरीति, कुसंस्कार, छवाछूत र लैङ्गिक विभेदजस्ता सामाजिक विकृतिहरू कायमै रहेका छन् । अर्कोतर्फ महिलाहरुले पितृसत्ताको अन्त्य चाहेको देखिन्छ । पितृसत्ताको स्थानमा उनीहरु समाजमा भएको लैङ्गिक असमानताको समाप्ति एवम् महिला पुरुष बीचमा समानता चाहन्छन् । समाज र परिवारमा सबैको बराबर अधिकार, सुविधाहरू, प्रगति, अवसर न्याय चाहन्छन् । जहाँ लिङ्ग, वर्ग, जातिको आधारमा अधिकार र सुविधा नभइ सबैलाई समान अवसर र सुबिधा प्रदान गरिएको हुन्छ । उल्लेखित सवालले पितृसत्ताको स्थानमा सबै क्षेत्र र सवालमा समानताको व्यवस्थाको स्थापना गरिएको हुनेछ ।

## ६.५. नेपाली महिला आन्दोलन : *आन्दोलनको दायरा*

नेपाली महिलाहरूले महिला समानता एवम् मुक्तिको सवाललाई उठाउँदै आइरहेका छन् । उनीहरूले महिला आन्दोलनलाई कहाँबाट प्रारम्भ गरे कहाँसम्म पुऱ्याए भन्ने विषयमा अगाडि नै चर्चा गरिएको छ । यहाँ नेपाली महिला आन्दोलनको दायराका बारेमा चर्चा गरिएको छ ।

नेपालमा जाति, भाषा, धर्म, संस्कृति, क्षमताजस्ता कारणहरूबाट महिला विकास एवम् समानतामा बाधा पुगिरहेको छ । समाजमा महिलाहरूले विशेष खालका समस्याहरू पनि भोगिरहेका छन् । घरेलु हिंसा, बसाई सराईमा परेका महिलाहरूको समस्या अझ जटिल बनेको छ भने वातावरणीय तथा रोगहरूका कारणहरूबाट पनि उनीहरू पीडित छन् । जसले गर्दा महिला आन्दोलनलाई अगाडि बढाउन कठिन भइरहेको छ ।

नेपाली महिलाहरूले भोग्नु परिरहेका परिस्थिति र समस्याका विविधतालाई स्वीकार्दै त्यही अनुरूपको योजना तर्जुमा गरी अगाडि बढ्नुपर्ने हुन्छ । महिला आन्दोलनमा ठूलो सङ्ख्यामा महिला समूदायलाई समेट्न सकिन्छ । महिला आन्दोलन एउटा सामूदायिक आन्दोलन भएकोले वर्गीय मुक्ति आन्दोलनभन्दा यसको दायरा अझ फराकिलो छ । हाम्रो

समाजमा शोषित वर्गका महिलाहरू मात्र नभई, जमिन्दार एवम् पूँजीपति वर्गका महिलाहरू पनि पितृसत्ताको शोषणमा परेका छन् तसर्थ उनीहरूलाई उक्त शोषणको विरुद्धमा एकहदसम्म परिचालित गर्न सकिन्छ । यसका साथै प्रगतिशील विचार राख्ने समस्त पुरुष समूदाय मात्र नभई सम्पन्न वर्गका महिला समूदायलाई समेत महिला मुक्ति आन्दोलनमा समावेश गर्न सकिन्छ । तसर्थ महिला मुक्ति आन्दोलनको दायरा अत्यन्त फराकिलो रहेको छ ।

नेपालको महिला आन्दोलनले सरोकार राख्ने विषय सिधै महिलाका विविध प्रकारका समस्या मात्र नभई देशको अर्थव्यवस्था, उद्योग, व्यापार, निजीकरण, उदारीकरण, आदिबाट देशको अर्थव्यवस्था एवम् महिला समुदायमा पार्ने दुष्प्रभावप्रति महिला आन्दोलनको विषय एवम् आन्दोलनको चासोको विषय बन्नुपर्दछ साथै यस्ता विषयहरू महिला आन्दोलनको दायराभित्र पर्नुपर्दछ ।[१६४] तसर्थ नेपाली महिलाहरूलाई पनि यसका बारेमा जानकारी गराई जागृत गरी आन्दोलित गर्न आवश्यक देखिएको छ ।

यसरी नेपालको महिला आन्दोलनको दायरालाई अत्यन्त फराकिलो पार्नुपर्दछ । जसले सम्पूर्ण महिलाहरूलाई आन्दोलित गर्दै आफ्नो हकाधिकार प्राप्तिका लागि अगाडि बढाउन सकोस् । मानिसले सार्वजनिक जीवनमा भाग लिनु नितान्त आवश्य विषय भएकोले महिला समूदायको पनि सार्वजनिक जीवनमा भाग लिनु महत्त्वपूर्ण कर्तव्य रहन जान्छ ।

नेपालको वर्तमान परिप्रेक्ष्यमा जनताले राजनीतिक अधिकार प्राप्त गर्न सफल भएको मानिन्छ । सो अधिकार नेपाली जनताको लामो सङ्घर्ष पश्चात् वि.सं. २०४६ सालको निर्णायक जनआन्दोलनद्वारा प्राप्त गरेका हुन् । उक्त सङ्घर्षमा नेपाली महिलाहरूको पनि महत्त्वपूर्ण योगदान र बलिदान रहेको थियो । महिलाहरूले सोही परिवर्तनको क्रममा केही आर्थिक एवम् राजनीतिक आधिकार पाउँदै आएका छन् । तुलनात्मक रूपमा आर्थिक अधिकारभन्दा राजनीतिक अधिकार महिलाहरूले प्राप्त गरेका छन् । तसर्थ अहिलेको समय भनेको राजनीतिक अधिकारको अधिकतम रूपमा उपयोग गर्दै थप अधिकार प्राप्तिका लागि अझ बढी सक्रियतापूर्वक महिला समानता एवम् मुक्तिको आन्दोलनलाई अगाडि बढाउनु पर्ने देखिएको छ । हाल सो आन्दोलनलाई सडक सङ्घर्षको माध्यमबाट मात्र नभई, संसदीय सङ्घर्षको माध्यमबाट पनि अगाडि बढाउन सकिने पर्याप्त अनुकूलताहरू रहेका छन् । महिलाहरूले जननिर्वाचित प्रतिनिधि सङ्ख्यामार्फत् आफ्ना हक, अधिकारका सवालहरू उठाउन सक्छन् । संसदमा प्रगतिशील विचार राख्ने राजनीतिक पार्टीहरूको शक्तिको साथै विभिन्न पार्टीका महिला प्रतिनिधिहरूको सङ्ख्यामा जति बृद्धि गर्न सकिन्छ । त्यति नै बढी संसदको माध्यमबाट महिलाका हक, अधिकार स्थापित गर्न सकिने अवसर प्राप्त भएको छ ।

---

१६४. सहाना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।

संसदबाट महिलासम्बन्धी विभिन्न कानुनहरू पारित गराउन सकिन्छ । तसर्थ प्राप्त उपलब्धिहरूको उपयोग गर्दै थप हकअधिकार प्राप्तिका निम्ति महिला आन्दोलनलाई व्यवस्थित रूपले अगाडि बढाउनु पर्ने आवश्यकता देखिएकोछ ।

नेपाली महिला आन्दोलनलाई अगाडि बढाउने क्रममा महिला मुक्ति आन्दोलनको साझा सवालका बारेमा पनि ध्यान दिनुपर्दछ । महिला आन्दोलनको क्रममा महिलासँग सरोकार राख्ने विषयहरू उठाउँदा समाजमुखी हुनु नितान्त आवश्यक मानिन्छ । महिलाहरूका साझा सवालमा महिला एकता कायम हुनु अति आवश्यक भएको छ । त्यसका निम्ति विभिन्न आस्थाका महिलाहरू महिला मुक्तिको आन्दोलनमा आबद्ध हुन आवश्यक रहेको छ । सो आन्दोलनको साझा सवालका बारेमा सबैले एउटै आवाज उठाउनु नै महिला आन्दोलनको निम्ति उपलब्धि हो भनिन्छ । जसले सम्पूर्ण महिलाहरूलाई साझा सवालका निम्ति एकताबद्ध भई आवाज उठाउनका निम्ति आन्दोलित गर्दछ ।

नेपालमा सञ्चालित महिला आन्दोलन आमूल परिवर्तनको आन्दोलनसँग गाँसिएको छ भन्ने विषयमा दुई मत छैन । महिला आन्दोलनलाई अगाडि बढाउँदा महिलाका साझा सवालमा मिल्न सकिने विषयमा मिलेर अगाडि बढ्नु आजको आवश्यकता मानिन्छ । महिला आन्दोलनको निम्ति साझा सवालका विषयहरूलाई निम्न रूपमा सूत्रबद्ध गर्न सकिन्छ : :

क) महिलाको मानव अधिकार
ख) सञ्चार माध्यम
ग) स्वास्थ्य
घ) शिक्षा
ङ) आर्थिक
च) महिला विरुद्धको हिंसा
छ) शक्ति संरचना एवम् निर्णय तहमा महिला
ज) बालबालिका
झ) पितृसत्ता विरुद्धको आन्दोलन
ञ) सामाजिक, राजनीतिक, कानूनी
ट) चेलीबेटी बेचबिखन विरुद्ध
ठ) राष्ट्रियताको सवाल
ड) वर्गीय शोषणको अन्त्य
ढ) चेतनाको अभिवृद्धि
ण) लैङ्गिक असमानता विरोधी आन्दोलन
त) महिला सशक्तीकरणको सवाल आदि ।

सबै महिलाहरू राजनीतिक आस्था फरक भए पनि महिला हकहितको सवालमा गोलबन्द हुन आवश्यक देखिन्छ । संयुक्त आवाज बुलन्द गरौं र ऐक्यबद्धता कायम गरौं भन्दै महिलाहरू अगाडि बढ्नु नै आजको आवश्यकता हो ।[१६५] यसले नेपाली महिलाहरूको अधिकार प्रतिस्थापनको निम्ति महिलाका साझा सवालमा सम्पूर्ण महिलाहरू एउटै ठाउँबाट आवाज उठाउन सक्छन् भन्ने कुराको सन्देश दिन सक्छ । यसलाई महिला आन्दोलनको निम्ति अपरिहार्य एवम् आवश्यक विषय पनि मानिन्छ ।

नेपाली महिलाहरू एकै प्रकारका शोषणबाट शोषित पीडित बनेका छन् । यो वर्ग वा त्यो वर्गका महिला मात्र शोषित, पीडित छन् वा दबाइएका छन् भन्ने होइन । सबै उच, नीच वर्गका महिलामाथि शोषणका जञ्जाल फैलिएका छन् भने अर्कोतर्फ पिछडिएका जनजाति, दलित र मेहनतकस वर्गहरूमा महिलाहरू अपेक्षाकृत बढी स्वतन्त्र हुन्छन् । उनीहरूले उत्पादनमा प्रत्यक्ष रूपले भाग लिन्छन् र त्यसरी आर्थिक रूपले उनीहरू पूरै पतिमाथि निर्भर रहनुपर्दैन । आर्थिक रूपले उनीहरू काफी हदसम्म पुरुषसँग समानताको स्थिति रहेको हुन्छ । जहाँ महिलाहरू जीवन निर्वाहका लागि पूरै नै पुरुषमाथि निर्भर नरही र स्वयम् कुनै पेशा वा व्यवसायमा लागेर आर्थिक उपार्जन गर्ने काम गरिरहेका हुन्छन्, त्यहाँ पुरुषहरू महिलाहरूमाथि अपेक्षाकृत कम हुकुम चलाउने गरको देखिन्छ ।[१६६]

उक्त आर्थिक स्थितिले गर्दा उच्च र सभ्य समाजका महिलाहरूका तुलनामा बढी स्वतन्त्र र संलग्न रहेका हुन्छन् तर यही स्थितिमा उच्च वर्गीय र सभ्य समाजको सामाजिक स्थिति एवम् उनीहरूको सांस्कृतिक मान्यताहरूबाट र धार्मिक परम्पराबाट मेहनतकस वर्ग, जनजाति, दलित महिलाहरूको जीवनमा पनि प्रशस्त प्रभाव परिरहेको छ । यसले गर्दा उनीहरूको स्वतन्त्र र समान स्थिति केही हदसम्म सीमित हुन गएको छ । यद्यपि उनीहरू अन्य महिलाको तुलनामा बढी स्वतन्त्र रहेका पाइन्छन् ।

समाजले न्याय समानता र स्वतन्त्रता नपाइरहेको अवस्थामा महिलाहरूले मात्रै छुट्टै लडेर उनीहरू एक्लैले न्याय, समानता र स्वतन्त्रता पाउन भने सम्भव हुने देखिदैन । तसर्थ न्याय समानता र स्वतन्त्रताका लागि लडिरहेका नेपाली महिलाहरूले न्याय, समानता र स्वतन्त्रताका लागि नयाँ प्रगतिशील समाज व्यवस्था ल्याउन खोजिरहेको समाजका सबै उत्पीडित जनता र वर्गहरूसित हातेमालो गर्दै अघि बढ्नु आवश्यक देखिन्छ ।[१६७]

---

१६५. *राजनीतिमा महिला सहभागिता* (२०५२), काठमाडौं : इन्सेक, पृ. ५८ ।

१६६. *महिला मुक्ति आन्दोलन* (२०५८), बुटवल : अखिल नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय, पृ.२९ ।

१६७. मुक्ता श्रेष्ठ, (२०५२/०५३), नेपाली महिलाहरूको सङ्घर्षको सङ्क्षिप्त इतिहास, *मूल्याङ्कन,* काठमाडौं : अन्तर्क्रिया प्रकाशन, वर्ष १४, पूर्णाङ्क ३७, पृ. २५ ।

महिलाहरूका साझा सवाल, महिलाका मानव अधिकार, सञ्चार माध्यम, स्वास्थ, शिक्षा, आर्थिक, राजनीतिक, धार्मिक, कानूनी, महिला विरुद्धको हिंसाबाट हुने अन्याय, अत्यचार, असमानताका विरुद्धमा महिलाहरू एकताबद्ध बन्नुपर्ने देखिन्छ । जसले महिलाहरूका हक, अधिकार स्थापनाका लागि महिलाहरूले एकै ठाउँबाट आवाज उठाउन सक्छन् र आवश्यक पनि पर्दछ भन्ने सन्देश दिएको पाइन्छ । जुन महिला आन्दोलनको निम्ति अपरिहार्य एवम् आवश्यक पनि मानिन्छ ।[१६८]

सारमा भन्नुपर्दा नेपाली महिला आन्दोलन एउटा सामूदायिक आन्दोलन भएकोले वर्गीय मुक्ति आन्दोलनभन्दा यसको दायरा अझ फराकिलो रहेको पाइन्छ । यस आन्दोलनमा प्रगतिशील विचार राख्ने समस्त पुरुष समुदाय मात्र नभई सम्पन्न वर्गको महिला समुदायलाई समेत समावेश गर्न सकिन्छ ।

नेपालमा जाति, भाषा, धर्म, संस्कृति, क्षमताजस्ता विषयहरूलाई मध्यनजर राख्दै आन्दोलनका विषयहरूलाई अघि सार्नुपर्ने हुन्छ । नेपाली महिला आन्दोलनले सरोकार राख्ने विषयहरू महिलाहरूसँग प्रत्यक्ष सरोकार राख्ने विविध प्रकारका समस्याहरू मात्र नभई देशको अर्थव्यवस्था, उद्योग, व्यापार, निजीकरण, उदारीकण आदिबाट देशको अर्थव्यवस्था एवम् महिला समूदायमा पर्ने दुस्प्रभावप्रति पनि महिला आन्दोलनको चासोको विषय बन्नुपर्छ । यी विषयहरू पनि नेपाली महिला आन्दोलनको दायराभित्र पर्ने दखिन्छ । तसर्थ महिलाहरूलाई उक्त विषयका बारेमा जानकारी गराई जागृत गराउँदै आन्दोलित गर्नु अति आवश्यक भएको मानिन्छ ।

तसर्थ सामाजिक न्याय, समानता र स्वतन्त्रताका निम्ति लडिरहेको नेपाली महिलाहरूले न्याय, समानता र स्वतन्त्रताका लागि नयाँ प्रगतिशील समाज व्यवस्था स्थापनाका लागि समाजका सबै उत्पीडित जनता र वर्गहरूसित हातेमालो गर्दै, आवश्यकता अनुरूप कार्यगत एकता गर्दै अघि बढ्नु आवश्यक देखिन्छ ।

---

१६८. साहना प्रधान, अन्तर्वार्ता, पूर्ववत् ।

## ६.६.महिला आन्दोलनका कार्यक्रमहरू

नेपालको महिला मुक्तिको आन्दोलन राजनीतिक इतिहाससँगै अघि बढ्दै आइरहेको छ । नेपालको राजनीतिक जागरणको इतिहासमा महिलाहरूको भूमिका उल्लेखनीय एवम् प्रशंसनीय रहेको देखिन्छ । सामाजिक आन्दोलन, एकतन्त्रीय राणाशाही विरोधी आन्दोलनदेखि वि.सं.२०४६ सालको प्रजातन्त्र पुनः स्थापनाको जनआन्दोलनसम्म नेपाली महिलाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको इतिहास जगजाहेर छ । नेपालको परिप्रेक्ष्यमा सामूदायिक हितलाई वर्गीय आन्दोलनसँगै आबद्ध गरेर लैजानुपर्ने देखिन्छ ।

नेपाली महिलाहरूको वर्तमान पराधीनता एवम् असमानताको अवस्था कुनै आकस्मिक कुरा वा कुनै व्यक्ति विशेषको अन्याय, अत्याचारको परिणाम नभई एउटा लामो ऐतिहासिक परम्पराको रूपमा हुर्काइएको मानिन्छ । जुन राज्य प्रणाली, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, परम्परा, नैतिकता, कानुनी, राजनीतिक एवम् पितृसत्ता आदिको संयुक्त परिणति हो । यही महिलाहरूको विरुद्धको संयुक्त परिणाम विरुद्धमा महिला आन्दोलनको विकास गर्नु नेपाली महिला आन्दोलनको केन्द्रबिन्दुको रूपमा राजनीतिक, आर्थिक, सामाजिक एवम् पितृसत्तात्मक सवालहरू नै रहेका छन् । सोही महिलाहरूको विरुद्धमा रहेको महिला समस्याका साझा सवालकै समाधान निम्ति महिला आन्दोलनलाई विकसित गर्नुपर्दछ ।

हामीले प्रत्येक विषयवस्तुको निचोडमा पुग्नका लागि सम्बन्धित विषयवस्तुलाई केन्द्रबिन्दुमा राख्नुपर्दछ । महिला मुक्ति आन्दोलनका पक्षपातीहरूले पनि महिलाहरूका सवाललाई नै केन्द्रबिन्दुमा राखेर हेर्नुपर्दछ । यही महिलाहरूका सवाललाई केन्द्रबिन्दुमा राखेर सबै कुराको निचोड खोज्ने विचार पद्धति नै महिलावाद हो । महिलामाथि भइरहेको सम्पूर्ण शोषण, दमन जुन समाजदेखि परिवारसम्म भइराखेका छन् त्यसका विरुद्धमा चेतनाको विकास भई सो परिवेशबाट महिलाहरूलाई छुटकारा दिलाउनु नै  महिलावादी बन्नु हो ।[१६९] जो महिला उत्थान एवम् समानताको पक्षमा बोल्छ, जसले महिलाहरूको शिक्षा, दीक्षा, समानता, लैङ्गिक विभेदका विरुद्धमा र राष्ट्रियताको सवालमा बोल्छ, त्यो व्यक्तिलाई महिलावादी भनिन्छ ।[१७०]

महिलावादीले केवल महिलाहरूका लागि मात्र समानताका माग राख्दैनन्, पुरुषहरूका लागि पनि न्यायिक समाजको निम्ति लडिरहेका हुन्छन् । यसका साथै महिलावादीहरू समाजमा न्याय एवम् समानता भएमा मात्र महिलाहरूले न्याय एवम् बराबरी हक प्राप्त गर्ने कुरामा विश्वास गर्दछन् । तसर्थ न्याय एवम् समानताका निम्ति महिलावादी आन्दोलनको विकास गर्नुपर्ने आवश्यकता देखिन्छ । जसले महिलाहरूको पक्षपोषण गरी महिला र पुरुषमा

१६९. शिवमाया तुम्बाहाङ्फे, पूर्ववत्, पृ. १२५ ।
१७०. शान्ता थपलिया, अन्तर्वार्ता, पूर्ववत् ।

समानता स्थापित गर्दछ । समाजमा व्याप्त पितृसत्तात्मक सोच, संस्कार र व्यवहार महिला समानताको मुख्य बाधकको अन्त्य गर्दछ । तसर्थ हामीले नेपालको महिला आन्दोलनको आमूल परिवर्तनको लक्ष्या राखी अगाडि बढ्नुपर्दछ ।

नेपालमा महिलावादी आन्दोलनका बारेमा भ्रामक स्थिति रहेको छ । महिलावादी आन्दोलन भन्ने बित्तिकै मानिसहरू हच्किन्छन् र भन्दछन् महिलावादी आन्दोलन भनेको पुरुषविरोधी सेन्टिमेन्टको आन्दोलन हो । जसले समाजमा विकृति पैदा गर्दछ, सामाजिक नियमलाई उल्लंघन गर्दछ आदि विषयहरूलाई उठाउने गर्दछन् । तर महिलावादी आन्दोलनका पनि विभिन्न धारहरू रहेका छन् । तीमध्ये विशुद्ध महिलावादी तथा अन्य महिलावादी धारहरू रहेका छन् । सो महिलावादी आन्दोलनको विकासमध्ये नेपालमा विशुद्ध महिलावादी आन्दोलनको विकास गर्नु उपयुक्त देखिदैन । तसर्थ देशको परिस्थिति सुहाउँदो महिलावादी आन्दोलनको विकास गर्नुपर्दछ ।

वर्तमान परिप्रेक्ष्यमा सही दृष्टिकोण र मान्यता बोकेको महिलावादी आन्दोलनको विकास गर्नुपर्दछ । जुन आन्दोलनले आफूलाई वैचारिक अगुवाको रूपमा स्थापित गरी सबैलाई ठोस कार्यक्रमका साथ अघि बढाउने काम गर्नुपर्दछ । तसर्थ नेपाली महिला आन्दोलनको कार्यक्रमलाई निम्न रूपमा सूत्रबद्ध गर्न सकिन्छ

क) चेतनाको अभिवृद्धि
ख) महिला शिक्षा
ग) आर्थिक अधिकार
घ) महिला स्वास्थ्य
ङ) महिला विरुद्धको हिंसा
च) आर्थिक अधिकार
छ) कानुनी असमानताको अन्त्य
ज) महिलाको मानव अधिकार
झ) सञ्चार माध्यम
ञ) बालबालिका
ट) राजनीतिमा महिला सहभागिता
ठ) महिला सशक्तीकरणको सवाल
ड) वर्गीय शोषणको अन्त्य
ढ) पितृसत्ता विरोधी आन्दोलन
ण) सामाजिक लैङ्गिक असमानता विरोधी आन्दोलन
त) शक्ति संरचना एवम् निर्णय तहमा महिला

उल्लेखित महिलासँग सरोकार राख्ने विषयहरूमा आधारित रहेर महिला आन्दोलनलाई ठोस रूपले कार्यक्रमिक रूपले अगाडि बढाउनका लागि ध्यान दिनुपर्दछ ।

महिलाहरूको मुक्ति आमूल परिवर्तन पश्चात् मात्रै सम्भव हुन्छ । जहाँ वर्ग, जेन्डर वा कुनै पनि नाममा हुने शोषण र विभेदपूर्ण प्रणालीको अन्त्य र समतामूलक, समृद्ध र श्रमजीवी वर्गको सम्मान हुने समाजको स्थापना हुन्छ । महिलावाद विनाको समाजवादमा कुनै ढुकढुकी हुँदैन भने समाजवाद विनाको महिलावाद लक्ष्य विनाको यात्रा मानिन्छ ।[२७१] तसर्थ हामीले निर्माण एवम् विकास गर्न खोजेको महिला आन्दोलन वर्गीय महिलावादी आन्दोलन हो, जसले श्रमिक वर्गको मुक्तिका लागि सामन्तवादी पूँजीवादी शोषण विरुद्ध एउटै समयमा महिलाहरू क्रियाशील हुनेछन् ।

सारमा भन्नुपर्दा नेपालमा विकास गरिने महिलावादी आन्दोलन राजनीतिक आन्दोलनसँग सामिप्यता जाहेर गर्दै वर्गीय शोषण विरुद्धको सङ्घर्ष एवम् महिला मुक्तिको लागि पितृसत्ताको विरुद्ध एउटै समयमा महिलाहरूद्वारा गरिने आन्दोलनको रूप हुनुपर्दछ । जुन आन्दोलनले आमनेपाली महिलाहरूसँग सरोकार राख्ने साझा सवाललाई गम्भीरतापूर्वक उठाउनुपर्दछ । यसका साथै सो आन्दोलनले आम जनताको हितको अभिव्यक्त गर्नुपर्दछ भने आन्दोलनको लक्ष्यित समुदाय एवम् लक्ष्यमा पुग्नका लागि ठोस कार्यक्रमहरूको निर्क्यौल गरी सोही कार्यक्रमअनुसार आन्दोलनलाई परिचालन गर्नुपर्दछ । यसका निम्ति महिलाहरू नै अनिवार्य रूपले क्रियाशील बन्नुपर्दछ । महिलाहरूले समयअनुसार आन्दोलनको कार्यशैलीमा समेत परिवर्तन एवम् परिमार्जन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता देखिएकोछ ।

## ६.७.सरकारी पक्षबाट भएका प्रयास र महिला सवाल

नेपाली महिलाहरूको वर्तमान स्थितिमा परिवर्तन ल्याउनका लागि तत्कालिन श्री ५ को सरकारले समेत विभिन्न कार्यहरू गर्दै आइरहेको देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा भएका सभा, सम्मेलनमा भाग लिने, विभिन्न महासन्धिहरूमा हस्ताक्षर गरी कार्यान्वयन गर्नेजस्ता कार्यहरूले नेपालमा पनि महिलाहरूको स्तर उठाउने काममा सरकारलाई सहयोग पुगेको छ । सरकारी स्तरबाट पनि महिला समानताका लागि विभिन्न कार्यहरू हुँदै आइरहेको देखिन्छ ।

सरकारले कामलाई  व्यवस्थित गर्न र महिला समुदायको उत्थानका लागि महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना वि.सं. २०५२ असोजमा स्थापना गरेको थियो । यस मन्त्रालयको माध्यमबाट महिला विकासका निम्ति विभिन्न कार्यहरू गरिन्छ । यो

२७१. विन्दा पाण्डे (२०५७), नेपाली महिला आन्देलन समस्या र परिवर्तनका सकारात्मक कदम, *महिला आवाज*, काठमाडौं : अनेरास्ववियु केन्द्रीय महिला विभाग, अङ्क ६, पृ. ७२ ।

मन्त्रालय स्थापना हुनु पूर्व महिला विकाससम्बन्धी कार्यहरू श्री ५ को सरकारका विभिन्न मन्त्रालय, सचिवालय र कार्यालयबाट सम्पादन हुने गर्दथ्यो । हाल पनि विभिन्न क्षेत्रका कार्यहरू सम्बन्धित मन्त्रालयहरूबाटै सम्पादन भइरहेका छन् ।

नेपालका महिलाहरूको वर्तमान स्थितिमा परिवर्तन ल्याई देश विकासका लागि सबै जनतालाई समान रूपले परिचालित गर्ने उद्देश्यका साथ महिला विकासका निम्ति महिला तथा समाज कल्याण मन्त्रालयका अतिरिक्त स्थानीय विकास मन्त्रालय, कृषि मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग सचिवालय, जल तथा शक्ति आयोगको सचिवालय, श्रम मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, उद्योग मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय र प्रहरी प्रधान कार्यालयबाट महिला विकाससम्बन्धी विभिन्न कार्यहरू भइरहेका छन् । यसमा नयाँनयाँ कार्यक्षेत्र पनि थप हुनसक्ने व्यवस्था रहेको छ । यस प्रकार महिला विकासको दायराभित्र पर्ने विभिन्न कार्यक्षेत्रहरू रहेका छन् । सबैले आफ्नो आफ्नो कार्यक्षेत्रभित्र रही महिला विकासका कार्यहरूलाई अगाडि बढाइरहेको पाइन्छ ।[२७२]

यसरी सरकारी तबरबाट पनि महिला सशक्तिकरण तथा लैङ्गिक समानताको अवधारणालाई संस्थागत रूपबाट अघि बढाउने कामहरू भइरहेका छन् । यसरी नै विकास कार्यमा निर्णायक भूमिका खेल्न अग्रसर गराउने, कानुनी असमानता हटाउन सक्रिय भूमिका खेल्ने, महिलाहरूलाई सम्पत्तिमा समान अधिकार दिलाउन आवश्यक कार्य सम्पादन गरेको आदि कार्यहरू भएका छन्  र भइरहेका छन् ।

नेपालीको आकाङ्क्षालाई योजनामा प्रतिविम्बित गर्दै सुसंस्कृत, प्रतिस्पर्धी, समृद्धशाली एवम् समतामूलक समाजको विकास गर्ने अवधारणालाई व्यवहारिक रूप दिने क्रम वि.सं. २०१३ सालदेखि प्रारम्भ भएयता एक त्रिवर्षीय र आठवटा पञ्चवर्षीय योजनाहरू पूरा भई आर्थिक वर्ष २०५९/६० देखि दसौं योजना कार्यान्वयनमा आएको छ भने नवौं पञ्चवर्षीय योजना २०५८/५९ मा सम्पन्न भएको छ।[२७३] उक्त योजनाहरूमा नेपाली महिलाको स्थितिमा सुधार एवम् परिवर्तन ल्याउनका निम्ति सरकारी तबरबाट विभिन्न योजना तर्जुमा गरी समावेश गरिएका छन् ।

हामीले नेपाली महिलाहरूको सवालमा ध्यान केन्द्रित गर्दा सरकारद्वारा गरिएका कार्यहरूतर्फ पनि नियाल्न आवश्यक पर्दछ । सरकारी तबरबाट गरिएका महिला उत्थानका

---

**२७२.** घनानाथ ओझा (२०५६), *नेपालमा महिला,* काठमाडौं : पैरबी बुक्स एन्ड स्टेसनरी सेन्टर, पृ. ६४ ।

**२७३.** *दशौं योजना* २०५९/६४ (२०५९ फागुन), काठमाडौं : श्री ५ को सरकार राष्ट्रिय योजना आयोग नेपाल, पृ. १ ।

योजना, कार्यहरूले सिङ्गो नेपाली महिला आन्दोलनको पक्षलाई समेत सहयोग पु-याइरहेको हुन्छ । तसर्थ हामीले महिला आन्दोलनको सवाललाई उजागर गर्दा सरकारी पक्षबाट भएका कार्यहरूलाई उल्लेख गर्नु सान्दर्भिक नै देखिन्छ । श्री ५ को सरकार महिला अधिकार र लैङ्गिक समानताको सम्बन्धमा संवेदनशील बनेको छ । त्यसैले महिलालाई विकासको केन्द्रविन्दुको रूपमा अगाडि बढाउने नीति अवलम्बन गरेको छ । विभिन्न समयमा कार्यान्वयन भईसकेका योजनाहरू मध्ये नवौँ र दशौँ योजनामा महिला उत्थानका निम्ति गरिएका प्रयासहरूका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ

## नवौँ/दशौँ योजना : *महिला सवाल*

समाजमा महिलाहरू परम्परागत सामाजिक मान्यता एवम् अन्य विभिन्न कारणबाट पछाडि पर्न बाध्य भएको एक सत्य हो । त्यसैले उनीहरू विकासका नयाँ अवसरबाट बञ्चित भएका छन् भने निर्णय प्रक्रियामा कम सहभागिता एवम् साधनमा पहुँच पनि सीमित रहेको छ । तसर्थ नवौँ योजनाको अवधिमा पनि सामाजिकी बञ्चितीकरण हटाउन महत्वपूर्ण प्रयास भएका छन्। परिणामस्वरूप वि.सं. २०५८ फाल्गुण २४ तदनुसार सन् २००२ मार्च ८ का दिन ९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको ऐतिहासिक अवसरमा राष्ट्रिय महिला आयोगको समेत घोषणा गरिएको थियो ।

नेपालमा पिछडिएको साथै साधनमा पहुँच सीमित हुन पुगेको महिला समुदाय पनि हो । यो कुनै जातजातिमा मात्र सीमित नभई समाजका सबै वर्गका लागि समान रूपले लागू हुन्छ । आयमूलक गरिबीका तथ्याङ्कहरू लैङ्गिक विभेदअनुसार उपलब्ध नभएकाले प्रतिब्यक्ति आय महिला तथा पुरुष बीच के कति फरक छ भन्न सकिने अवस्था नभएकाले महिला घरमूली रहेको घर परिवारको तुलनामा कम आय भएको पाइन्छ । त्यसमा पनि राम्रो कामको व्याख्या नभएका र अरु आयश्रोत नभएका महिला घरमूली रहेका घरपरिवारमध्ये धेरै नै गरिबीको रेखामुनि भएको पाइन्छ । मानव विकाससँग सम्बन्धित तथ्याङ्कहरूले पनि महिला र पुरुष बीच ठूलो भिन्नता देखाएको छ ।[२८४] (विस्तृत जानकारीका लागि अनुसूची ८ क हेर्नुहोला ।) यसरी सन् २००० सम्म प्रतिशत बढेको भए तापनि महिला र पुरुष बीचको भिन्नतामा अपेक्षाकृत धेरै सुधार हुन सकेको देखिँदैन ।

यस प्रकार महिला र पुरुष बीचको भिन्नतामा खासै सुधार आउन नसके तापनि सुधारको क्रममा वृद्धि हुँदै गएको देखिन्छ । भौगोलिक हिसाबमा औसत आयुमा खासै भिन्नता नदेखिए तापनि साक्षरता र विद्यालय गएको औसत वर्षमा स्पष्ट भिन्नता देखिन्छ ।

२८४. *दशौँ योजना*, पूर्ववत्, पृ. ४४५ ।

यसरी बि.स. २०५३ (सन् १९९६) र बि.स. २०५८ (सन् २००२) को अवधिमा लैङ्गिक समानतामा प्रगति भएको देखिन्छ । (यससम्बन्धी तथ्याङ्कहरू अनुसूची ८ ख मा हेर्नुहोला )

यद्यपि विद्यमान लैङ्गिक विभेदको स्थिति उच्च नै रहेको छ । तसर्थ लैङ्गिक विभेदको स्थितिमा सुधार ल्याउनका लागि अझ प्रयास गर्नु आवश्यक देखिन्छ । यहाँ आर्थिक श्रोत साधनमा पहुँच र नियन्त्रण तथा अवसरको उपभोगसम्बन्धी पुरुष र महिला बीचको स्थितिमा भिन्नता रहेको छ । उक्त पुरुष र महिला बीचको स्थिति झल्काउने केही सूचकहरू रहेका छन् । (विस्तृत जानकारीका लागि अनुसूची ८ ग मा हेर्नुहोला )

समाजमा विद्यमान लैङ्गिक विभेदको स्थिति सुधार ल्याउने प्रयास स्वरूप दशौं योजनाको उद्देश्य, लक्ष्य एवम् योजनाको पनि महत्वपूर्ण स्थान रहेको देखिन्छ । सो योजनाको प्रमुख उद्देश्यमा महिला समूदायको साधन तथा आर्थिक उपलब्धीहरूमा पहुँच बृद्धि गर्दै आर्थिक, मानवीय एवम् सामाजिक परिसूचकहरूको सुधार गरी गरिबी घटाउनु रहेको छ । यसैगरी योजनाले आफ्नो लक्ष्यित कार्यक्रममा महिला समानता सशक्तीकरण एवम् मूलप्रवाहीकरणका निम्ति विभिन्न लक्ष्यित कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य समावेश गरेको छ । यसका साथै योजनाको विकास रणनीतिको सङ्क्षेप सोच तालिकामा महिलासम्बन्धी महत्वपूर्ण सवालसमेत समावेश गरिएको छ । जसमध्ये सामाजिक क्षेत्र र पूर्वाधार विकास रणनीतिको उद्देश्य मानवीय संसाधन तथा समुदायहरूको उत्पादकत्व दिगो रूपले अभिवृद्धि हुनेछ भनि निम्न परिणामहरूद्धारा अपेक्षा गरिएको छ :–

क) मानवीय संसाधनको विकास र महिला ससक्तिकरण

ख) गुणस्तर शिक्षाको अभिवृद्धि महिला शिक्षा

ग) गुणस्तर स्वास्थ्य सेवाको अभिवृद्धि सुरक्षित मातृत्व

घ) महिलाहरूको सशक्तीकरण तथा मूल प्रवाहीकरण

ङ) जनसङ्ख्या व्यवस्थापन एवम् सामाजिक सेवा र आधारभूत समाजिकसुरक्षा

च) परिवार नियोजन तथा मातृ शिशु कार्यक्रम आदि ।[१७५]

नेपाली महिलाहरूको सहभागिता सबै पक्षमा न्यून रहेको राजनीतिक, प्रशासनिक तथा अन्य क्षेत्रगत स्तरको नीति निर्माण तहमा महिला सहभागिता प्रभावकारी रूपमा वृद्धि भएमा

१७५. *दशौँ योजना,* पूर्ववत्, पृ. ४४५ ।

मात्र लैङ्गिक मूलप्रवाहीकरण उपलब्धिमूलक भई विकासमा सहयोग पुग्दछ । नीति निर्माण तहमा महिला सहमागिता कम भएको वर्तमान स्थितिमा महिला सहभागिताको लागि विशेष पहल गर्नुपर्ने हुन्छ । त्यसैले दशौँ योजनाको लक्ष्य, नीति निर्माणमा महिला सहभागिता कम्तीमा २० प्रतिशत पुऱ्याउने रहेको छ । यसरी नै सो योजना अन्तर्गत निम्न रणनीतिहरू समेत तयार गरिएको छ :

क) महिला वर्गको सहभागितामा सम्बद्ध क्षेत्रगत नीति तथा महिला लक्ष्यित कार्यक्रमहरूको तर्जुमा कार्यान्वयन, समन्वय, मूल्याङ्कन र अनुगमन प्रक्रियालाई समन्वयात्मक रूपमा प्रभावकारी बनाउने ।

ख) स्थानीय स्तरमा सञ्चालन गरिने गरिबी निवारण एवम् आयआर्जन लगायतका आयोजनाको सबै चक्रमा महिलाहरूको सहभागिता वृद्धि गर्ने ।

ग) सबै वर्ग एवम् तहमा लैङ्गिक समानताको अभिवृद्धि गर्ने ।

घ) महिला विरुद्धका भेदभावपूर्ण कानुनलाई समानता र अन्तर्राष्ट्रिय प्रतिबद्धताको आधारमा संशोधन गर्ने ।[२७६]

यसरी महिला उत्थान एवम् लैङ्गिक समानताको निम्ति रणनीतिहरू तयार गरिएको छ भने यस योजना अवधिभित्रै विषयगत क्षेत्रहमा सञ्चालन हुने लक्ष्यित कार्यक्रमहरू तयार गरिएको छ । (विस्तृत जानकारीका लागि अनुसूची ८ घ हेर्नुहोला) यस प्रकार श्री ५ को सरकारद्वारा सिङ्गो समाजलाई समृद्धशाली एवम् सुसंस्कृत बनाउनका लागि समाजमा लैङ्गिक समानता र महिला सशक्तीकरणको सवाललाई गम्भीरतापूर्वक लिई योजना तर्जुमा गरी कामलाई अगाडि बढाइएको देखिन्छ ।

## कार्यक्रम तथा कार्यान्वयन व्यवस्था

दशौँ योजनाले लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणको क्षेत्रमा तय गरेको रणनीति अनुसारको नीति एवम् कार्यनीति कार्यान्यनका लागि निम्न कार्यक्रम तथा कार्यन्वयन व्यवस्था गरेको छ ।[२७७]

## मूलप्रवाहीकरण

क) सबै कानुन नीति तथा बजेटको लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्ने, लैङ्गिक सूचना केन्द्रको स्थापना गर्ने ।

---

२७६. *दशौँ योजना*, पूर्ववत्, पृ. ४४६/४४७ ।
२७७. *दशौँ योजन*। पूर्ववत्, पृ. ४४८-४५० ।

ख) लैङ्गिक मूलप्रवाहीकरण तथा महिला विकासको लागि राष्ट्रिय योजना तयार गर्ने र कार्यक्रम कार्यान्वयनको लागि क्षेत्रगत मन्त्रालयहरूलाई प्रभावकारी बनाउने ।

ग) जीवनचक्रमा आधारित प्रजनन् स्वास्थ्य पद्धतिको विकास गरी महिलाको स्वास्थ्यस्तर सुधार गर्न स्वास्थ्य कार्यक्रम र लैङ्गिक सहयोगी बनाउनेतर्फ उन्मुख गर्ने ।

घ) कृषि क्षेत्रको विकासमा महिला कृषकहरूको जीवनस्तर उकास्न आयमूलक कार्यक्रम बजार व्यवस्था, ऋण, कृषि शिक्षा र तालिम सम्बन्धमा आवश्यक पहल गर्ने ।

ङ) महिला उद्यमी वृद्धि गर्न उद्यमी तालिम सहुलियत ऋण, जागृति कार्यक्रम, बजार व्यवस्थापन र महिला उद्यमीलाई प्रोत्साहन पुग्ने पुरस्कार / कदरको व्यवस्थाको लागि पहल गर्ने ।

## सशक्तीकरण

क) सबैतहको राजनीति, प्रशासन, प्रविधि, सेवा, संवैधानिक निकाय, एवम् समिति र समूह सञ्चालन र व्यवस्थापन आदिमा महिला सहभागिता बढाउने, अल्पकालीन विशेष उपायहरू अवलम्बन गर्ने, महिला श्रमिक सहभागिता वृद्धि गर्न रोजगारदातालाई प्रोत्साहन गर्ने, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोक्ने, वैदेशिक रोजगारीमा महिलालाई प्रोत्साहित गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गर्न पहल गर्ने ।

ख) निम्न माध्यमिक तहसम्म छात्राहरूलाई निःशुल्क शिक्षा छात्रालाई विशेष छात्रावृत्ति अनौपचारिक शिक्षा, अनिवार्य महिला शिक्षिका, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम पाठ्यक्रम पाठ्यपुस्तक प्रशिक्षण सामग्रीहरूलाई लैङ्गिक संवेदनशील बनाउने खेलकुदमा महिला सहभागिता बृद्धि गर्ने, विशेष व्यवस्था सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने ।

ग) महिला सशक्तीकरणको लागि नेतृत्व विकास, सीप विकास तथा क्षमता विकाससम्बन्धी प्रशिक्षणहरू सञ्चालन गर्न सञ्जालको विकास गर्न पहल गर्ने ।

घ) जनजाति, दलित एवम् पिछडिएका समुदायका छात्राहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था मिलाउने ।

## लैङ्गिक समानता

क) महिला सम्बन्धी विद्यमान कानुनमा सुधार गर्ने र परम्पराजन्य हिंसाहरू (बोक्सी, झुमा, देउकी, बादी) रोकथाम गर्न कानुनी व्यवस्था गर्ने ।

ग) महिला अधिकारबारे जनचेतना अभिवृद्धि गर्ने ।

घ) चेलीबेटी बेचबिखन लगायतका हिंसाबाट असर परेका महिलालाई क्षतिपूर्ति, परामर्श, स्वास्थ्य उपचार, कानुनी सहयोग, समूदायमा आधारित पुनर्स्थापना तथा पुन:एकीकरण प्याकेज कार्यक्रमको व्यवस्था तथा समन्वय गर्ने । साथै देशमा सिर्जित द्वन्द्वका गतिविधिको कारणले विस्थापित हुनुपरेका विधवा, अनाथ र अन्य बालबालिका तथा महिलाहरूको निम्ति संरक्षण र समूदायमा आधारित पुनर्स्थापना, आय आर्जन जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

ङ) उत्पादनशील श्रोतको बाँडफाँड तथा विकास क्रियाकलापमा समानताको आधारमा सहभागिता बढाउने ।

## अनुगमन तथा मूल्याङ्कन

क) लैङ्गिक मूल प्रबाहिकरण, सशक्तीकरण र समानतासम्बन्धी कार्यान्वयनको अनुगमन र मूल्याङ्कन तथ्याङ्कको आधारमा गर्ने ।

ख) राष्ट्रिय योजना आयोगको सचिवालय तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन क्षमता सुदृढ गर्ने ।

ग) सबै मन्त्रालयहरूका लैङ्गिक विकास इकाईको सुदृढीकरण गर्न आवश्यक भौतिक र मानवीय संरचनाको विकास गर्न पहल गर्ने ।

## अपेक्षित उपलब्धिहरू

क) लैङ्गिक सचेतना, मूलप्रवाहिकरण, सशक्तीकरण र समानताको कार्यक्रमबाट महिलाको आय आर्जन र आर्थिक क्रियाकलापमा वृद्धि भई कूल ग्राहस्थ उत्पादन बृद्धिमा समेत योगदान पुग्नेछ । साथै महिला विकासबाट मानवीय विकासको स्तरलाई माथि उठाउने ।

ख) महिला उद्यमी तथा रोजगारीका अवसरहरू बृद्धि हुनेछ । साथै महिलाहरूमध्ये पनि पिछडिएका गरिब, दलित तथा जनजाति महिलाको शिक्षा, स्वास्थ्य, आयमूलक कार्यक्रममा पहुँच बृद्धि हुनेछ ।

ग) स्थानीय स्वायत्त शासन ऐन २०५५ मा उल्लेख भए बमोजिम विकेन्द्रीकरणको आधारमा स्थानीय निकायका पदाधिकारीहरूको सक्रियतामा महिला अधिकार र लैङ्गिक समानतासम्बन्धी कार्यक्रमहरू सञ्चालित भई महिला अधिकार र विकासमा अभिवृद्धि हुनेछ ।

घ) पारदर्शी तथा जवाफदेही ढङ्गबाट मूलप्रवाहीकरण, सशक्तीकरण र समानताका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भई लैङ्गिक समानता हासिल गर्न योगदान पुग्नेछ ।

दशौं योजनामा कार्यन्वयन तथा उपलब्धी हासिल गर्नमा पर्न सक्ने सम्भावित व्यवधान तथा जोखिमहरूको रूपमा निम्न बुँदाहरू उल्लेख गरिएको छ :

क) लैङ्गिक संवेदनशीलताको कमी तथा आयोजना चक्रमा लैङ्गिक दृष्टिकोण कम हुनु ।

ख) श्रोत साधनको परिचालनमा कमी हुनु ।

ग) क्षेत्रगत मन्त्रालयहरूबाट लैङ्गिक समानतामा आधारित कार्यक्रमले प्राथमिकता नपाउनु ।

घ) कानुनी बाधा अड्चनहरू समाधान नहुनु ।

ङ) पितृसत्तात्मक मूल्य, मान्यता हुनु ।

च) राजनीतिक अस्थिरता कायम रहनु ।

dlxnfx?nfO{ lasf;sf] ;a} kIf;+u hf]8\g bzf}+ of]hgfdf n}ª\lus d"nk|jfxLs/0f, ;dfgtf / ;zQmLs/0f sfo{qmdsf] pknlAw cg'udg ;"rsx¿sf ¿kdf lgDg ?kdf a*"bfx¿ pNn]v ul/Psf] 5 M

क) लैङ्गिक विकास सूचकाङ्क तथा लैङ्गिक सशक्तीकरण मापन,

ख) महिला पुरुष बीचको औसत आम्दानी अनुपात,

ग) महिलाको औसत आयू, मातृ मृत्यूदर तथा प्रजनन दर,

घ) महिला साक्षरता,

ङ) सबै तहमा नीति निर्माण र महिला सहभागिता,

च) रोजगारीमा महिला सहभागिताको प्रतिशत,

छ) महिलासम्बन्धी महासन्धिअनुसारको कानुन निर्माण र सुधार,

ज) राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन,

झ) महिलासम्बन्धी महासन्धिहरू अन्तर्गतको इच्छाधीन आलेख अनुमोदन,

ञ) बन्द इजलास, पारिवारिक अदालत, विशेष अदालतको गठन,

ट) लैङ्गिक संवेदनशील पाठ्यक्रम तथा प्रशिक्षण विधि ।

नेपाली महिलाहरूको अवस्थामा सुधार ल्याउनका निम्ति सरकारी तबरबाट पनि प्रयत्न भइरहेको देखिन्छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW), बेइजिङ्ग घोषणापत्र तथा सोको पुनरावलोकन दस्तावेज लगायत अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी अन्य दस्तावेजहरू लागू गर्न प्रतिबद्धता व्यक्त गरेको छ । यस सन्दर्भमा विकासको मूलप्रवाहमा महिला सशक्तीकरण नीतिलाई पारदर्शी र जवाफदेही ढङ्गबाट नागरिक समाजको समेत सक्रिय सहयोगमा लक्ष्यित वर्गसम्म पुऱ्याउनु आवश्यक रहेको देखिन्छ । जसले महिलाहरूको स्थितिमा परिवर्तन ल्याउनका लागि महत्वपूर्ण सहयोग एवम् राहत प्राप्त हुनेछ । यसका साथै महिलाहरूले सञ्चालन गरिरहेका आन्दोलनको निम्ति थप सहयोग प्राप्त हुने देखिन्छ ।

यी सरकारी क्षेत्रबाट भएका कार्यहरूले पनि महिला विकासका निम्ति केही राहत प्राप्त हुन्छ नै । जसले महिलाहरूलाई आफ्नो हक, अधिकारका पाप्त लागि अगाडि बढ्ने क्रममा केही टेवा पुगेको महसुस हुन्छ । महिलाहरूको आन्दोलनले सरकारलाई पनि महिला विकासका लागि कार्य गर्न थप बाध्य गराएको देखिन्छ । महिला आन्दोलनले सरकारी

राज्ययन्त्रमा समेत हलचल पैदा गराई महिला समानताका निम्ति कार्य गर्न बाध्य समेत गराएको पाइन्छ । महिलाहरूको क्रियाशीलता र क्षमताले नै आफ्नो पक्षमा सबै कार्यहरूलाई मोड्नु आजको आवश्यकता देखिन्छ । यसर्थ सरकारी तबरबाट महिला विकास-सम्बन्धी भएका हरेक कार्यहरूलाई महिलाहरूको हितार्थ वढीभन्दा बढी उपयोग गर्नु नै महिलाहरूको निम्ति उपलब्धि मानिन्छ । जसले नेपालको महिला आन्दोलनलाई सहयोग पुग्ने देखिन्छ । यसका निम्ति सबै महिलाहरू एकजुट भएर लाग्नु नै आजको आवश्यकता देखिन्छ ।

सारमा भन्नुपर्दा नेपाली महिला आन्दोलन एउटा सामूदायिक आन्दोलन भएकोले वर्गीय मुक्ति आन्दोलनभन्दा यसको दायरा अझ फराकिलो रहेको पाइन्छ । यस आन्दोलनमा प्रगतिशील विचार राख्ने समस्त पुरुष समुदाय मात्र नभई सम्पन्न वर्गको महिला समुदायलाई समेत समावेश गर्न सकिन्छ ।

नेपालमा भएको राजनीतिक महिला आन्दोलनले महिलाको अबस्थामा सुधार एवम् राजनीतिक रुपमा सचेत भएको पाइन्छ । । राजनीतिक महिला आन्दोलनले लैगिक बिभेद, बर्गिय शोषण एवम् पितृसत्ताको अन्त्यको लागि महत्वपर्ण भुमिका निर्वाह गर्दछ । आन्दोलन अपेक्षाकृत रुपले सञ्चालन नभए पनि निरन्तर चलिरहेको देखिन्छ । आन्दोलनद्धारा प्राप्त अधिकारहरु जस्तैः स्थानिय निकायमा २० प्रतिसत महिला सहभागिता, सबैधानिक ब्यबस्था अनुसार प्रतिनिधि सभामा ५ प्रतिसत, राष्ट्यि सभामा ३ प्रतिसत महिला अनिबार्य हुनु पर्ने, पैतृक सम्पतिमा छोरा र छोरीमा समान अधिकार, सञ्चार क्षेत्रको निति निर्णयको तहमा कार्यरत पत्रकारहरु महिला र लैगिकता सम्बन्धि सवालमा सबेदनशिल बन्नु, बोल्न, लेख्न, सभा, सगठन गर्ने रहेका छन् । महिला सरोकारका सवाललाई साझा सवालका रुपमा उठाउनु पनि राजनीतिक सचेतनताका कारण भएको मानिन्छ । लैगिक बिभेदको अन्त्यका लागि राजनीतिक महिला आन्दोलनले महत्वपुर्ण भुमिका निर्वाह गरेको देखिन्छ ।

सामाजिक न्याय, समानता र स्वतन्त्रताका निम्ति लडिरहेका नेपाली महिलाहरूले न्याय, समानता र स्वतन्त्रताका लागि नयाँ प्रगतिशील समाज व्यवस्था स्थापनाका लागि समाजका सबै उत्पीडित जनता र वर्गहरूसित हातेमालो गर्दै, आवश्यकता अनुरूप कार्यगत एकता गर्दै मिल्ने र मिल्न सकिने सवालमा मिलेर अघि बढ्नु आवश्यक देखिएकोछ ।

❑❑

# अध्याय– सात

# नेपालको राज्य सञ्चालनमा महिला सहभागिता

## ७.१ पृष्ठभूमि

समाज एवम् राष्ट्रको सर्वतोमुखी विकासका निम्ति समाजको आधा भाग ओगटेका महिलाहरूको पनि सक्रिय सहभागिता आवश्यकता पर्दछ । नेपालमा महिला र पुरुषको अनुपातमा हेर्दा महिलाहरू ५०.०३ प्रतिशत रहेकाछन् । देशको आधा भाग ओगटेका महिलाहरूको सबै क्षेत्रमा समान सहभागिताको आवश्यकता पर्दछ । महिला र पुरुषको समान सहभागिता विना कुनै पनि क्षेत्रमा विकास हुन सक्दैन । सबै क्षेत्रमा समान सहभागिता विना सिंगो राष्ट्र विकास पनि सम्भव देखिदैन । राज्य संचालनका निम्ति महिला सहभागिताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसरी राज्य संचालनार्थ आवश्यक पर्ने महिला सहभागिता हुनका लागि समाजमा लैगिक समानताको अवधारणाले सार्थकता प्राप्त गरेको हुनु पर्दछ । तब मात्र महिलाको समान सहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

विद्यमान समाजमा महिलामाथि आर्थिक, राजनीतिक, सामाजिक, कानुनी, पितृसत्ता र सञ्चारजस्ता धेरै सवालमा विभेदपूर्ण व्यवहार एवम् कानुनी विभेदहरू रहेको देखिन्छ । त्यसैले महिलाहरू आफ्नो अधिकार प्राप्तिका लागि निरन्तर सङ्घर्षमा लागिरहेका छन् । उनीहरू राज्य सञ्चालनका क्षेत्रमा पुरुष समान ढङ्गबाट सहभागी हुनका लागि जुटिरहेका छन् । राजनीतिक, प्रशासनिक तथा अन्य क्षेत्रगत स्तरको नीति निर्माण तहमा महिला सहभागिता प्रभावकारी रूपमा बृद्धि भएमा मात्र देश विकासमा टेवा पुग्दछ । तसर्थ यहाँ राजनीतिक, सामाजिक, सञ्चार एवम् न्यायिक क्षेत्रमा महिलाहरूको सहभागिताका बारेमा चर्चा गरिएको छ ।

## ७.२. राजनीतिमा महिला सहभागिता

नेपालका महिलाहरू राजनीतिक क्षेत्रमा प्रवेश गरेको इतिहास लामो देखिदैन । उनीहरू महिलाको सामाजिक मूल्य मान्यतासँगै राजनीतिक अधिकार, मताधिकार, शिक्षा, स्वास्थ्य जस्ता सवाललाई उठाउँदै अगाडि बढिरहेका थिए । नेपाली महिलाहरूको राजनीतिक क्षेत्रमा रहेको सहभागिताले सिङ्गो देश विकासमा प्रभाव पार्न सक्दछ ।

अहिलेसम्म नेपाली महिलाहरूले राजनीतिमा सक्रिय सहभागी भएर मताधिकार, शिक्षा आर्जन, न्यायिक क्षेत्रमा प्रवेशजस्ता उपलब्धिहरू प्राप्त गर्न सफल भएको पाइन्छ । यसले देश विकासमा केही टेवा पुगेको छ । देशको सर्वतोमुखी विकास गर्न र महिला सशक्तीकरण प्रक्रियालाई द्रूततर रूपमा अघि बढाउन राजनीतिमा महिलाहरूको सक्रिय सहभागिता हुन अति आवश्यक देखिन्छ ।

नेपालका महिलाहरूको राजनीतिमा सहभागिताको इतिहासलाई हेर्दा महिलाहरू केवल विरोध प्रदर्शनमा मात्र सरिक नभई चेतना अभिवृद्धिका निमित्त महिला सङ्गठनहरूको स्थापना, महिला नेतृहरूले भूमिगत रूपले काम गर्ने, पम्प्लेटहरू वितरण गर्नेजस्ता कार्यहरू गरेका थिए भने महिला शिक्षाका लागि स्कुलको स्थापना, राणाकालीन समयमा महिलाहरूले मताधिकारको सवाललाई समेत उठाई मताधिकार प्राप्त गरेका थिए । यसका साथै महिलाहरू एकतन्त्रीय राणा शासनको अन्त्यका लागि सङ्घर्षमा लागेका थिए। परिणामस्वरूप वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएको थियो । यसका साथै महिला सङ्गठनहरू पनि पार्टीहरूको मातहतमा खुल्न थालेका थिए । वि.सं. २०१७ सालमा देशका सबै राजनीतिक पार्टीहरूमाथि राजाले प्रतिबन्ध लगाएपछि पञ्चायती व्यवस्था लागू गरी राज्य सञ्चालन हुन थालेको थियो । महिलाहरूले यसको पनि विरोध गरेका थिए । भूमिगत रूपले महिलाहरूले काम गर्दैरहेका थिए । विरोधका क्रममा केही महिलाहरू जेलसमेत परेको देखिन्छ ।[१८८] नेपालमा पञ्चायती व्यवस्था प्रारम्भ भएपछि सबै राजनीतिक गतिविधिहरू भूमिगत रूपबाट सञ्चालन हुन थाले । महिलाहरूले आफ्ना सबै काम भूमिगत रूपबाट सञ्चालन गर्न थाले । अन्त्वगत्वा वि. सं. २०४६ सालमा जनआन्दोलनद्वारा देशमा पुनः प्रजातन्त्रको स्थापना भएको थियो । उक्त जनआन्दोलनमा महिलाहरूको भूमिका उल्लेख्य एवम् महत्वपूर्ण रहेको पाइन्छ ।

नेपालमा सञ्चालित महिला आन्दोलनमा बि स २०४६ सालको जनआन्दोलन पश्चात् अझ विकास भएको देखिन्छ । खुल्ला परिवेशमा महिला सङ्घ, सङ्गठनहरूले पनि आफ्ना गतिविधिलाई खुला रूपले सञ्चालन गर्न थालेको देखिन्छ । सम्पूर्ण राजनीतिक पार्टी प्रतिबन्धित रहेको अवस्थामा भन्दा केही सहज रूपले महिलाहरूका बीचमा साङ्गठनिक कामलाई विस्तार एवम् व्यवस्थित गर्न पुगे भने राजनीतिक क्षेत्रमा महिला सहभागिता सङ्ख्यात्मक रूपले बृद्धि भएको पाइन्छ । राजनीतिक पार्टीमा समेत महिलाहरूको संलग्नतामा वृद्धि भएको पाइन्छ । तर अपेक्षाकृत रूपमा राजनीतिक क्षेत्रमा महिला सहभागिता रहेको देखिदैन । नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूलाई सबै ठाउँमा कसरी प्रतिनिधित्व गराउँदै आइरहेका छन् ? त्यसको बारेमा यहाँ चर्चा गरिएको छ ।

---

१८८. Durga Ghimire, (2001) Women's political participation and challenges, *Gender and Democracy in Nepal,* Kathmandu : Central department of Home science, Women's Studies Program, P.K. Campus. T.U, p. 176.

नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूलाई अगाडि बढाउनका लागि विभिन्न कार्यक्रमहरू पनि तयार गरिरहेकै देखिन्छ । आफ्ना चुनावी घोषणापत्रमा पनि महिला सवालका बारेमा कुरा उठाएकै छन् । बि स २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रको आगमनपश्चात् हालसम्म तीन पटक निर्वाचन सम्पन्न भइसकेको छ । सो निर्वाचनमा सबै राजनीतिक पार्टीहरूले महिलाहरूलाई संवैधानिक व्यवस्थाअनुरूप उम्मेदवार बनाउने काम गरेका थिए । सबै राजनीतिक पार्टीले आफ्नो धर्म पूरा गर्ने काम गरेका थिए। नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ को धारा ११ को उपधारा २ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भन्ने व्यवस्था गरिएको छ ।[१७९] यद्यपि संविधानमा महिला पुरुषमा असमानताका विषयहरू विद्यमान रहेकै पाइन्छ । सबिधानत प्रतिनिधि सभा र राष्ट्रिय सभामा महिला प्रतिनिधित्वको बारेमा ब्यबस्था गरेको पाइन्छ । सो सभाहरूमा महिलाको प्रतिनिधित्व निम्न रुपमा रहेको थियो :

**तालिका नं.- ५**

प्रतिनिधि सभा र राष्ट्रिय सभामा महिलाको सङ्ख्या

| साल | प्रतिनिधि सभा | | | राष्ट्रिय सभा | | |
|---|---|---|---|---|---|---|
| | महिला सङ्ख्या | जम्मा सङ्ख्या | महिला प्रतिशत | महिला सङ्ख्या | जम्मा सङ्ख्या | महिला प्रतिशत |
| २०४८ | ७ | २०५ | ३.४१ | ३ | ६० | ५ |
| २०५१ | ७ | २०५ | ३.४१ | ५ | ६० | ८.३ |
| २०५६ | १२ | २०५ | ५.८ | ९ | ६० | १५ |

(स्रोत : CEDAW impact study in Nepal, FWCD)

बि. स. २०४८ मा प्रतिनिधि सभा र राष्टि्य सभामा महिला सहभागिता क्रमश ३.४१ प्रतिसत, ५ प्रतिसत रहेको थियो भने बि. स. २०५१ मा प्रतिनिधि सभा र राष्टि्य सभामा क्रमश ३.४१ प्रतिसत, ८.३ प्रतिसत र बि. स. २०५६ मा प्रतिनिधि सभा र राष्टि्य सभामा क्रमश ५.८ प्रतिसत, १५ प्रतिसत महिलाहरूको सहभागिता रहेको देखिन्छ ।

संबैधानिक रुपमा महिला सहभागिताका बारेमा ब्यबस्था गरिए पनि बिगतका निर्बाचनमा भएको महिलाहरूको सहभागिता सन्तोसजनक भने देखिदैन । बिगतका निर्बाचनमा राजनीतिक पार्टीले दिएको महिला उम्मेदवारको संख्यालाई हेर्दा असमान

१७९. श्री ५को सरकार, *नेपाल अधिराज्यको संविधान* (२०४७), काठमाडौं : न्याय, कानुन तथा संसदीय मन्त्रालय, कानुन किताव व्यवस्था समिति ।

ब्यवहार गरिएको देखिन्छ । पार्टी भित्र पनि लैंगिक बिभेदको प्रभाव रहेको देखिन्छ । यसले महिलाहरूलाई राजनीतिक क्षेत्रमा सहभागि बन्नका निम्ति अवरोध सृजना गरिरहेको देखिन्छ ।

सबिधानत प्रतिनिधि सभामा महिला प्रतिनिधित्वको बारेमा ब्यबस्था गरेको पाइन्छ । वि.सं.२०५६ सालको प्रतिनिधि सभाको निर्वाचनमा प्रतिनिधित्व गर्ने विभिन्न सात दलहरूले उम्मेदवारी दिएका थिए । यहाँ महिला उम्मेदवार दिने राजनीतिक दल र महिला उम्मेदवार सङ्ख्या निम्न अनुसार रहेको थियो :

**तालिका नं.- ६**

वि.सं. २०५६ मा प्रतिनिधि सभामा प्रतिनिधित्व गरेका
विभिन्न राजनीतिक दलका महिला उम्मेदवार

| सि.नं | राजनीतिक दल | महिला सं. | प्रतिशत | पुरुष सं. | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | १२ | ६.१५ | १८३ | ९३.८५ | १९५ |
| २. | ने.काँ. | १४ | ६.८३. | १९१ | ९३.१७ | २०५ |
| ३. | रा.प्र.पा. | १४ | ७.१८ | १८१ | ९२.८२ | १९५ |
| ४. | ने.स.पा. | ५ | ७.३५ | ६३ | ९२.६५ | ६८ |
| ५. | ने.म.कि.पा. | ५ | १२.२० | ३६ | ८७.८० | ४१ |
| ६. | सं.ज.मो. | ३ | ७.५० | ३७ | ९२.५० | ४० |
| ७. | रा.ज.मो. | ४ | ७.५५ | ४९ | ९२.४५ | ५३ |
| ८. | स्वतन्त्र | २६ | ४.१० | ६०७ | ९५.९० | ६३३ |
| | जम्मा | ८३ | – | १३४७ | – | १४३० |
| | स्वतन्त्र बाहेक | ५७ | ७.१५ | ७४० | – | ७९७ |

*(स्रोत :- निर्वाचन आयोग, नेपाल, सन् १९९९)*

जहाँ कूल महिला उम्मेदवार ७.१५ प्रतिशत रहेको थियो भने पुरुषको ९२.८५ प्रतिशत रहेको थियो । यो निर्वाचनमा नेपाली काँग्रेस र रा.प्र.पा.ले १४, १४ जना महिला उम्मेदवार खडा गरेका थिए भने नेकपा एमालेले १२ जना महिला उम्मेदवार उठाएको थियो । नेपाल मजदुर किसान पार्टीले र सद्भावना पार्टीले ५, ५ महिला, संयुक्त जनमोर्चाले ३, राष्ट्रिय जनमोर्चाले ४ जना महिला उम्मेदवार उठाएका थिए । यसरी हेर्दा सबभन्दा धेरै महिला उम्मेदवारको प्रतिशत ने.म.कि.पा. (१२.२०) रहेको छ । सो निर्वाचनमा सबै राजनीतिक दलहरू र स्वतन्त्र गरी प्रतिनिधि सभाको २०५ स्थानको लागि २२३८ जना उम्मेदवार

उठेका थिए । उक्त उम्मेदवारी सङ्ख्यामध्ये महिलाको सङ्ख्या १३५ रहेको थियो । तर २०५ क्षेत्रमध्ये ११३ क्षेत्रमा महिला उम्मेदवार एउटा पनि थिएनन् ।

नेपालको राजनीतिक दललाई नेपाल अधिराज्यको संविधान २०४७ ले प्रतिनिधि सभाको निर्वाचनमा खडा गराएका उम्मेदवारको न्यूनतम ५ प्रतिशत महिला हुनैपर्ने प्रावधान राखेता पनि ५ प्रतिशत नभए के हुने भन्ने बारेमा स्पष्ट व्याख्या गरेको पाइँदैन । यसरी संविधानतः ५ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरिएको भएता पनि देशको आधा जनसङ्ख्या ओगट्ने नेपाली महिलाहरूको राजनीतिमा सहभागिताको ५ प्रतिशत पनि पुगेको पाइँदैन । यद्यपि देशमा प्रजातन्त्रको पुनः स्थापना सँगसँगै महिला हकहित र अवसरका धेरै ठूलाठूला चर्चा पनि चलिरहेकै पाइन्छन् । यद्यपी महिलाहरूको राजनीतिमा सहभागिता न्यून रहेको देखिन्छ ।

वि.सं. २०५६ को आम चुनावमा २०५ मध्ये महिला १२ स्थानमा मात्र निर्वाचित भएका थिए भने १९३ स्थानमा पुरुषहरू विजयी बनेका थिए । जसमध्ये नेकपा (एमाले) का ६ जना, नेकाँका ५ जना र रा.प्र.पा. को १ जना मात्र विजयी बन्न सकेका थिए । तर ने.स.पा, नेमकिपा, संजमो, र राजमोका कुनै पनि महिलाहरूले विजय प्राप्त गर्न सकेका थिएनन् । निर्वाचित महिला तथा पुरुषको सङ्ख्या निम्न रहेको थियोः–

**तालिका नं.- ७**

वि.सं. २०५६ सालको प्रतिनिधि सभामा निर्वाचित महिला तथा पुरुषहरू

| सि. नं | राजनीतिक दल | महिलाको सङ्ख्या | प्रतिशत | पुरुषको सङ्ख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेकपा (एमाले) | ६ | ८.५ | ६५ | ९१.५ | ७१ |
| २ | ने.काँ. | ५ | ४.५ | १०६ | ९५.५ | १११ |
| ३ | रा.प्र.पा. | १ | ९ | १० | ९१ | ११ |
| ४ | ने.स.पा. | ० | – | ५ | १०० | ५ |
| ५ | ने.म.कि.पा. | ० | – | १ | १०० | १ |
| ६ | सं.ज.मो. | ० | – | १ | १०० | १ |
| ७. | रा.ज.मो. | ० | – | ५ | १०० | ५ |
| जम्मा | | १२ | ५.९ | १९३ | ९४.१ | २०५ |

*(स्रोत निर्वाचन आयोग २०५६)*

नेपालका राजनीतिक दलहरूले महिलाहरूलाई राष्ट्रिय सभामा पनि सहभागी गराएका थिए । यही क्रममा २०५६ सालको राष्ट्रिय सभाका कूल ६० जना मध्ये ९ जना अर्थात् १५

प्रतिशत रहेकोमा पुरुष ५१ जना अर्थात् ८५ प्रतिशत देखिएको थियो । यो परिणाम विगतमाभन्दा दोब्बर नै रहेको देखिन्छ ।

नेपालका राजनीतिक दलहरू निर्वाचनमा जाँदा महिला उम्मेदवार दिने क्रममा धेरैजसो ठाउँमा सक्षम र योग्य महिलालाई उम्मेदवारी दिए पनि प्रायशः कमजोर ठाउँमा एक अर्को पार्टीसँग साझेदारी गर्नुपर्ने ठाउँमा बढी मात्रामा उम्मेदवारी दिएको पाइएको थियो । उठाइएका महिला उमेदवारहरूमा पनि पार्टीले आफ्ना साधन र स्रोतहरू परिचालनमा पनि पुरुष उम्मेदवार र महिला उम्मेदवारका बीच स्पष्ट रूपमा भेदभाव गरिएको पाइन्थ्यो । परिणामस्वरूप केही महिला उम्मेदवारहरूले निर्वाचनमा हार्नुपरेको थियो ।[३८०]

राजनीतिक पार्टीले आफ्नो केन्द्रीय स्तरमा महिला सहभागी गराए पनि पर्याप्त सङ्ख्यामा प्रतिनिधित्व गराएको देखिदैन । प्रत्येक पार्टीका भगिनी सङ्गठनले पार्टीमा महिला प्रतिनिधित्व नगराएको भन्ने टिप्पणी गरेका छन् । महिला प्रतिनिधित्व गराउने सन्दर्भमा नेकपा (एमाले) र नेपाली काँग्रेसको केन्द्रीय कमिटीमा दस प्रतिशतभन्दा पनि कम महिलाहरूको प्रतिनिधित्व भएको देखिन्छ । यसरी सबै राजनीतिक दलका केन्द्रीय समितिमा कति महिला प्रतिनिधित्व रहेको छ भन्ने कुरा निम्न तालिकाले प्रस्ट्याउने छ :

**तालिका नं.– ८**

वि.सं. २०५६ को आमनिर्वाचनमा प्रतिनिधित्व गरेका
राजनीतिक दलहरूको केन्द्रीय समितिमा महिलाको प्रतिनिधित्व :

| सि. नं | राजनीतिक दल | महिलाको सङ्ख्या | प्रतिशत | पुरुषको सङ्ख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | नेकपा (एमाले) | ६ | ९.२ | ५९ | ९०.८ | ६५ |
| २ | ने.काँ. | ३ | ९.४ | २९ | ९०.६ | ३२ |
| ३ | रा.प्र.पा. | ४ | ८.२ | ४५ | ९१.८ | ४९ |
| ४ | ने.स.पा. | ४ | १२.९ | २७ | ८७.१ | ३१ |
| ५ | ने.म.कि.पा. | २ | १५.४ | ११ | ८४.६ | १३ |
| ६ | सं.ज.मो. (रा.ज.मो.) | ३ | ६.३ | ४५ | ९३.७ | ४८ |
| जम्मा | | २२ | – | २१६ | – | २३८ |

*(स्रोत : नवयुग, वर्ष १४, अङ्क ८, असार २०६१)*

यस प्रकार विगतमा प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूको केन्द्रीय समितिमा (६ वटा राजनीतिक दल) कूल २३८ जना सदस्य रहेकामा महिला प्रतिनिधित्व २२

३८०. मध्यावधि निर्वाचन र महिला उमेद्वारहरू (२०५१ मङ्सीर), *अस्मिता,* वर्ष ७, अङ्क ३०, पृ.४२ ।

रहेको पाइन्छ भने पुरुष २१६ रहेको छ । यसरी सबै राजनीतिक दलमा महिला समानता, स्वतन्त्रता र उत्थानका सवाललाई उठाएता पनि सो दलका केन्द्रीय समितिमा महिलाहरूको प्रतिनिधित्व न्यून नै रहेको पाइन्छ । सो राजनीतिक दलहरूले पनि सिद्धान्त र ब्यबहारमा त्यति ध्यान दिएको देखिदैन । दलहरूमा पितृसत्ताको कुप्रभाव परेको पाइन्छ । जसको परिणाम दलका केन्द्रदेखि तल्लो इकाइसम्म महिलाहरूको सहभागिता सन्तोसजनक देखिदैन ।

नेपालमा पुनःप्रजातन्त्र स्थापना पश्चात बिभिन्न समयमा बनेका मन्त्री परिषद्मा महिला मन्त्रीहरू पनि रहेका थिए । न्यूनसंख्यामा भए पनि महिला मन्त्रीको सहभागिता रहेको देखिन्छ । सो मन्त्री परिषद्मा महिला मन्त्रीहरूको सङ्ख्या निम्नानुसार रहेको छ :

**तालिका नं.– ९**

मन्त्रिपरिषद्मा महिला मन्त्रीहरूको सङ्ख्या

| मिति (सन्मा) | | | महिलामन्त्रीको सङ्ख्या |
|---|---|---|---|
| १९९०/४/१९ | – | १९९२/७/२६ | १ |
| १९९२/७/२७ | – | १९९५/१२/१२ | – |
| १९९५/१२/१३ | – | १९९७/३/२३ | १ |
| १९९७/३/२४ | – | १९९७/१०/६ | २ |
| १९९७/१०/७ | – | १९९७/१२/२ | – |
| १९९७/१२/३ | – | १९९८/४/२० | १ |
| १९९८/४/२१ | – | १९९८/८/२५ | ३ |
| १९९८/८/२६ | – | १९९८/१२/२४ | २ |
| १९९८/१२/२५ | – | १९९९/६/३० | – |
| १९९७/७/१ | – | २००१/३/२५ | १ |

( स्रोत : CEDAW Status Review, 2000,FWLD.

बिगतका मन्त्रीपरिषद्मा महिला मन्त्रीहरूको संख्या तुलनात्मक रुपमा पुरुषको भन्दा न्युन रहेको देखिन्छ । मन्त्रिपरिषदमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीले सक्षम महिला भए पनि सो परिषदमा प्रनितिधित्व नगराएको अबस्था रहेको पनि देखिन्छ । राजनीतिक दलहरूले सिद्धान्त र ब्यबहारलाई एक समानान्तर रेखाको रुपमा राखेको देखिन्छ । परिणाम स्वरुप गठन गरिएका मन्त्री परिषद्मा महिला सहभागिता सन्तोसजनक रहेको देखिदैंन ।

नीति निर्माण तहमा महिला सहभागिता कम भएको वर्तमान स्थितिमा महिला सहभागिताको लागि विशेष पहल गर्नुपर्ने आवश्यकता देखिएकोछ । यसको लागि नीति, ऐन, नियम, तालिमजस्ता प्रोत्साहनमूलक उपायहरू अपनाउनु पर्ने आवश्यकता देखिएकोछ ।[३८१]

राज्य सञ्चालनको आवश्यक राजनीतिक एवम् प्रशासनिक क्षेत्रमा महिला सहभागिता न्यून रहेको पाइन्छ । नेपाली समाजमा महिलाहरूले राजनीतिक क्षेत्रमा लाग्न सामाजिक प्रोत्साहन नपाएका कारण राजनीतिक क्रियाकलापहरूमा उनीहरूको उपस्थिति न्यून रहेको तथ्य उल्लेखित तथ्याङ्कले देखाएको छ । राजनीतिक दलहरूले संविधानमा उल्लेखित महिला उम्मेदवारको प्रावधान तोकिएको प्रतिशत भन्दा बढी महिला उम्मेदवारको सङ्ख्यामा वृद्धि गर्न कुनै राजनीतिक दल अग्रसर भएको देखिदैन । राजनीतिक दलहरूले आफ्नो दलले चुनाव जित्न नसक्ने निश्चित भएको वा आफ्नो स्वार्थसिद्ध हुने ठाउँमा मात्र महिलाहरूलाई उम्मेदवार बनाउने परिपाटी पनि देखिएको छ ।[३८२] यसरी राजनीतिक दलले पार्टी सङ्गठनमा समेत महिला सहभागितामा वृद्धि गर्न सकेका देखिदैन । अर्कोतर्फ नेपालका पुराना महिला नेतृत्वतहमा पुगेकाहरूमध्ये धेरैजसो महिलाहरूको पृष्ठभूमि आफ्नै पारिवारिक नाताबाट अगाडि बढेको पनि देखिन्छ ।[३८३] यसरी राजनीतिक क्षेत्रमा पनि महिलाहरूको सहभागिता सन्तोषजनक देखिदैन । अपेक्षाकृत रूपले राजनीतिमा महिला सहभागिता गराउनका लागि महिला समूदायको सक्रियता, चासो एवम् महिला आन्दोलनको निरन्तरताको आवश्यकता टड्कारो रूपमा देखिएकोछ ।

सारमा भन्नुपर्दा नेपालको राजनीतिमा महिला सहभागिता न्यून रहेको देखिन्छ । तर विगतमा भन्दा महिला सहभागितामा वृद्धि भएको देखिन्छ । यसबाट महिलाहरूलाई समाजमा विद्यमान बाधा अड्चनका विरुद्ध उठ्नका लागि सहयोग प्रदान गरेको छ भने नीति निर्माण गर्ने ठाउँमा न्यून सङ्ख्यामा भए पनि महिलाहरू पुगेका छन् । यसलाई राजनीतिक महिला आन्दोलनको सकारात्मक पक्ष मान्न सकिन्छ । तर राजनीतिमा महिला सहभागिताको स्थीतिलाई भने सन्तोसजनक भने मान्न सकिदैन । त्यसैले अपेक्षाकृत रुपमा महिलाहरूलाई राजनीतिमा सहभागि गराउनका लागि शसक्तरुपले महिला आन्दोलनलाई अगाडि बढाउनू आवश्यक देखिएकोछ ।

---

३८१. *दशौं योजना* २०५९-०६४ (२०५९), काठमाडौं : श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग, नेपाल पृ. ४४४ ।

३८२. यशोकान्ति भट्टचन (२०५७), महिला सशक्तीकरणको आवधारणा, *समकालीन नेपाली समाज,* नेपाल

फाउन्डेसन फर एड्भान्स्ड् स्टडिज् (नेफास), नेपाल, पृ. ७९ ।

३८३. Kapil Shrestha 2001, Women's political participation in perspective and challenges, *Gender and democracy in Nepal,* Kathmandu : Central Department of Home Science, Womens studies program, P.K. Campus T.U. Nepal, p. 55.

## ७.३. प्रशासनिक क्षेत्रमा महिला सहभागिता

देशको प्रशासन सञ्चालन गर्ने अंगको रुपमा कार्यपालिकालाई मानिन्छ । नेपालमा राजनीतिज्ञहरू आवधिक निर्वाचनबाट सत्तामा आउँछन् र देखिन्छ । तर कर्मचारीतन्त्रले भने एक प्रकारले स्थायी सरकारको भूमिका निर्वाह गरेको देखिन्छ । कर्मचारीतन्त्रले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मार्फत् बन्ने नीति नियमको मस्यौदा तयार गर्ने, व्यवसायिक, प्राविधिक र व्यवहारिक हिसाबले आफ्ना सुझावहरू दिने, यसको कार्यन्वयन गर्ने र नीति निर्मातालाई पुनःपोषण (Feedback) दिने जस्ता कार्यहरू गरेका देखिन्छ । यसका साथै कर्मचारीहरूले आम जनतालाई राज्यका तर्फबाट निर्वाध, सुलभ र प्रभावकारी सेवा प्रदान गर्ने, कानुनको पालना गराउने र जनताको हक अधिकारको प्रत्याभूत गर्ने जस्ता सुशासनसँग सम्बन्धित काम कर्मचारीतन्त्रले नै सम्पादन गर्दछ ।

देशमा सुशासन कायम राख्नका निम्ति गरिने कार्यमा महिला सहभागिताको पनि आवश्यकता पर्दछ । तसर्थ नीति निर्माणलाई प्रभाव पार्ने तहमा ऐन, कानून कार्यान्वयन गर्ने तहमा जनतालाई राज्य प्रदत्त सेवा दिने तहमा, विकास निर्माणका कार्यक्रमहरू कार्यान्वयन गर्ने तहमा महिलाहरूको अर्थपूर्ण सहभागिता भएमा सेवाग्राही वर्गले प्रभावकारी सेवा प्राप्त गर्न सक्दछन् । जहाँ देशका आधा भाग ओगटेका महिला छन् उनीहरूले विकासको प्रतिफल प्राप्त गर्न सक्छन् । वर्तमान अवस्थामा कर्मचारी क्षेत्रमा महिला सहभागिताको अवस्थाका बारेमा निम्न तालिकाले दर्शाएको छ :

**तालिका नं.– १०**

वि.सं. २०५६/२/३१ सम्मको कूल महिला कर्मचारी सङ्ख्या

| श्रेणी | प्रशासन | प्राविधिक | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|
| राजपत्राङ्कित | ५८ | ४४५ | ५०३ | १०४७६ |
| राजपत्र अनङ्कित | ३०५२ | ४१५८ | ७२१० | ८४९९० |
| जम्मा | ३११० | ४६०३ | ७७१३ | ९५४६६ |

*(स्रोत : महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय २०५६)*

वि. स.२०५६ सम्मको तथ्यांक अनुसार राजपत्राङ्कित एवं राजपत्र अनङ्कित प्रशासन र प्राविधिक कर्मचारिहरू मध्ये महिला कर्मचारीको संख्या क्रमशः ५०३, ७२१० रहेको पाइन्छ

भने पुरुषको १०४७६, ८४९९० रहेको छ । कर्मचारी क्षेत्रमा महिलाहरूको सहभागिता भए पनि सन्तोसजनक देखिदैन ।

निजामति सेवामा पनि महिलाहरू संलग्न रहेका छन् । श्रेणिगत महिला कर्मचारी सङ्ख्या (राजपत्राङ्कित) निम्नानुसार रहेको छः :

**तालिका नं- ११**

श्रेणिगत महिला कर्मचारी सङ्ख्या (राजपत्राङ्कित)

| तह | प्रशासन | प्राविधिक | कूल |
|---|---|---|---|
| विशिष्ट श्रेणी | १ | २ | ३ |
| प्रथम श्रेणी | ५ | २० | २५ |
| द्वितीय श्रेणी | २० | ६६ | ८६ |
| तृतीय श्रेणी | ३२ | ३५७ | ३८९ |
| जम्मा | ५८ | ४४५ | ५०३ |

*(स्रोत : महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय २०५६)*

यसरी निजामति सेवामा पुरुषको दाँजोमा महिलाहरूको सङ्ख्या थोरै रहेको देखिन्छ । नेपालको निजामति सेवामा संलग्न कूल महिला कर्मचारी सङ्ख्या मध्ये विशिष्ट श्रेणीमा ३ जना, प्रथम श्रेणीमा २५ जना, द्वितीय श्रेणीमा ८६ जना, तृतीय श्रेणी ३८९ जना गरी जम्मा ५०३ जना महिला कर्मचारी रहेका छन् । उल्लेखित महिला कर्मचारीहरूको सेवामा संलग्न रहेको सङ्ख्यालाई पर्याप्त मान्न सकिदैन ।

नेपालको कूल साक्षर जनसङ्ख्यामध्ये १.३९ प्रतिशत जनसङ्ख्या निजामति सेवामा प्रवेश गरेको देखिन्छ भने यो अनुपात पुरुषहरूभन्दा महिलाहरूमा कम रहेको देखिन्छ । कूल साक्षर पुरुषमा १.९० प्रतिशत निजामति सेवामा छन् भने कूल साक्षर महिलामा ०.२६ प्रतिशत महिला निजामति सेवामा छन् । यसै गरी स्नातक वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरेकामध्ये पुरुष ८.५८ प्रतिशत र महिला २.४२ प्रतिशत निजामति सेवा राजपत्राङ्कित पदमा रहेको पाइन्छ । यसबाट शिक्षित महिलाहरू पनि निजामति सेवामा अपेक्षित सङ्ख्यामा निकै कम देखिन्छ ।[३८४]

---

३८४. *लैङ्गिक समानता गोष्ठी प्रतिवेदन* (२०५७ मङ्सिर), ललितपुर : लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम, पृ. ४६ ।

निजामति सेवामा महिलाहरूको सहभागिता न्यून रहेको कुनै समयमा विशिष्ट श्रेणीमा महिलाको सहभागिता सून्य नै रहेको अवस्था पनि रहेको देखिन्छ । यस क्षेत्रमा महिला सहभागितामा वृद्धि हुँदै गएको पाइन्छ । यहाँ राजपत्राङ्कित पदहरूमा महिला र पुरुषको सहभागितामा फरक रहेको निम्न तालिकाबाट स्पष्ट हुन्छ :

**तालिका नं.– १२**

राजपत्राङ्कित पदहरूमा महिला तथा पुरुष सहभागिता
तुलनात्मक अवस्था

| | २०३५/०३६ | | | २०५१/०५२ | | | २०५५/०५६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रेणि | पुरुष | महिला | महिला प्रतिशत | पुरुष | महिला | महिला प्रतिशत | पुरुष | महिला | महिला प्रतिशत |
| विशिष्ट | ४५ | ० | ० | ४१ | ० | ० | ७७ | २ | २.५३ |
| प्रथम | ३४९ | ४ | १.१ | ६३४ | १६ | २.५ | ६०८ | २५ | ३.८० |
| द्वितीय | १२९३ | ३३ | २.५ | २९३४ | १३९ | ४.५ | २५९४ | ८६ | ३.२ |
| तृतीय | ४२१५ | १६० | ३.७ | ७१०० | ३३८ | ४.५ | ७१९७ | ३८९ | ५.१२ |
| जम्मा | ५९०२ | १९७ | ३.२ | १०७३९ | ४९३ | ४.४ | १०४७६ | ५०२ | ४.५७ |

*(श्रोत : लैङ्गिक समानताको गोष्ठी प्रतिवेदन, २०५७)*

नेपालको राजपत्राङ्कित पदहरूमा महिलाहरूको सहभागितामा बृद्धि हुदै गएको देखिन्छ । यहाँ संलग्न तालिकाअनुसार राजपत्राङ्कित पदहरूमा क्रमश : विशिष्ट श्रेणिमा ०, ०, २.५३, प्रथम श्रेणिमा क्रमश : १.१, २.५, ३.८०, द्बितिय श्रेणिमा क्रमश : २.५, ४.५, ३.२, तृतिय श्रेणिमा क्रमश : ३.७, ४.५, ५.१२ प्रतिशत महिला सहभागिता रहेको छ । यसरी तुलनात्मक रुपमा बि.स २०३५/०३६, २०५१/०५२ देखि बि.स.२०५५/०५६ सम्म आइपुग्दा महिला सहभागितामा बृद्धि भएको देखिन्छ । यद्यपि राजपत्राङ्कित पदहरूमा महिला तथा पुरुष सहभागिता तुलनात्मक रुपमा हेर्दा महिलाहरूको सहभागिता न्यून रहेको पाइन्छ । उक्त तालिकाले महिला कर्मचारीहरू माथिल्लो पदमा भन्दा बढी तल्लो पदमा कार्यरत रहेका छन् भन्ने देखाएकोछ । यसरी महिला सहभागितामा बृद्धि भए पनि सन्तोसजनक भने मान्न सकिदैन ।

यसरी निजामति सेवामा महिला सहभागिता सङ्ख्यात्मक रूपले वृद्धि गर्नका लागि निजामति सेवा ऐनमा विशेष व्यवस्था समेत रहेकोछ । यसले निजामति सेवामा महिलाहरूको सहभागितामा वृद्धि गर्न सहयोग गरेको देखिन्छ । यद्यपि निजामति सेवामा महिलाहरूको सहभागिता सन्तोसजनक भने देखिदैन । त्यसैले निजामति सेवामा पनि सामेल

हुनका साथै सहभागितामा बृद्धि गर्नका लागि स्वयं महिलाहरूले पहल गर्नु पर्ने आवश्यकता देखिएको छ ।

## ७.४. महिलाहरूको सामाजिक अवस्था

राष्ट्र निर्माण एवम् विकासमा महिला, पुरुष दुवैको समान सहभागिताको आवश्यकता पर्दछ । तर नेपाली महिलाहरूमाथि सामाजिक कुरीति, कुसंस्कार, घरायसी एवम् सामाजिक रूपले थोपरिएको बाधाब्यबधानहरू रहेकाछन् । यसका कारण उनीहरू स्वतन्त्र ढङ्गबाट अगाडि बढ्न सकिरहेका छैनन् । महिलाहरूमाथि विभिन्न बहानामा दमन, शोषण, उत्पीडन गर्ने गरिएको देखिन्छ । उनीहरूसँग सामाजिक, धार्मिक, सांस्कृतिक विकृतिहरू एवम् विसङ्गतिहरू जोडिएर आएका छन् । नेपाली महिलाहरूसँग जोडिएका यिनै विकृतिहरूका बारेमा चर्चा गरिएको छ ।

समाजमा छोरीलाई अर्काको घरमा दिने वस्तुको रूपमा हेरिन्छ । उनीहरूलाई पराई घरको सम्पत्ति ठानी शिक्षा, दीक्षामा हेलचेक्रयाईं गरिन्छ । अर्कोतर्फ दाइजो, तिलक विवाह (बालविवाह, बहुविवाह, अनमेल विवाह) घरेलु हिंसाद्वारा महिलाहरू प्रताडित बनिरहेका छन् । चेलीबेटी बेचविखन, कमैया, देउकी, झुमा, वादी एवम् कुमारी प्रथा आदिद्वारा पनि महिलाहरूको अधिकार हनन् गरिनुका साथै मानव अधिकारको समेत उल्लंघन गरिएको देखिन्छ । यसरी नेपाली महिलाहरूमाथि विभिन्न धर्म, संस्कार र प्रथाको नाममा महिलाहरूमाथि शोषण गरिँदै आएको छ । यस कारण शिक्षा आर्जन गर्न पनि महिलाहरू बञ्चित भएका छन् भने उनीहरूले आफ्नो शरिरमाथि पनि आफ्नो अधिकारको प्रयोग गर्न पाउँदैनन् ।

सामाजिक मूल्य, मान्यतामाथि हिन्दुधर्मको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । धार्मिक रूपले पनि महिलामाथि शोषण भइरहेको देखिन्छ । हिन्दु समाजमा महिलाहरूलाई दोस्रो दर्जाको रूपमा स्थापित गरी सबै आफ्नो प्रभुत्व जमाई राख्न पितृसत्ता उद्यत रहेको छ । यसैले सामाजिक रूपले स्थापित पितृसत्ता पनि महिलाहरूको अग्रगतिको निम्ति बाधक प्रमाणित भएको छ ।

नेपाली समाजमा पितृसत्तात्मक परम्परागत मूल्य र मान्यताका कारण महिलाहरूको सामाजिक जीवनमा सहभागिता घरपरिवार, नातेदार र छरछिमेकमा मात्र सीमित रहन पुगेको छ । महिलाहरूको प्रजनन, उत्पादनमुलक र सामूदायिक भूमिका घर परिवारको सेरोफेरोमा घुम्दछ । उनीहरूले छोराछोरी जन्माउने, हुर्काउने, स्याहार्ने, भात पकाउने, भाँडा माझ्ने, लुगा धुने, पानी भर्ने, घाँस दाउरा जम्मा गर्ने, खेत बारीमा काम गर्ने, नातेदार एवम् छरछिमेकको सामाजिक कार्यमा भाग लिने, सहयोग गर्नेजस्ता काममा महिलाहरू

विशेष रूपले संलग्न रहेका हुन्छन् । हिन्दु समाजमा महिलाहरूलाई रजस्वला र सुत्केरी अवस्थामा नछुने चलन रहेको छ । सुदूर पश्चिमका जिल्लाहरूमा छाउपडी वा गोठ जाने, यस अवस्थामा उनीहरू अस्वस्थकर र कष्टप्रद जीवन बिताउन बाध्य हुन्छन् । यसका साथै दलित महिलाहरूप्रति माथिल्ला जातकाले छुवाछूतको व्यवहार अमानवीय तरिकाले गरिएको पाइन्छ । तसर्थ दलित महिलाले सामाजिक जीवनमा सहभागी हुन अत्यन्त कठिन परिस्थिति रहेको देखिन्छ ।[३८५]

नेपालमा विभिन्न भाषाभाषी जात-जातिका मानिसहरूको बसोबास रहेको छ । आदिवासी जनसमुदायहरूमा मातृसत्ताका अवशेषहरू हाल पनि पाइन्छन् । कतिपय आदिबासी जनजातिहरूमा रुढीवादी परम्पराको प्रभाव टड्कारो देख्न सकिन्छ । आदिबासी जनजाति समाजमा चेली र माइतिको महत्व बढी भएको पाइन्छ । आदिबासी जनजातिका महिलाहरू तुलनात्मक रूपले अन्य जातजातिका महिलाहरू भन्दा आर्थिक एवम् सामाजिक जीवनमा बढी स्वतन्त्र हुन्छन् । यद्यपि उनीहरूमाथि अन्य धर्म, संस्कृतिको प्रभाव परेका कारण अन्य महिला सरह शोषित पीडित बनेको पाइन्छ । परिणाम स्वरुप राज्यका सबै निकायमा सहभागिता न्युन रहेको पाइनुका साथै अन्य महिलाहरू सरह राजनीतिक, सञ्चार क्षेत्रमा समेत सन्तोसजनक सहभागिता देखिदैन । यसरी नै तराईबासी महिलाहरूमा घुंघट प्रथाको चलनले रहेको पाइन्छ । उनीहरू प्रायः घरभित्रको काममा मात्र सीमित रहनुपर्ने बाध्यता रहेको देखिन्छ । मुस्लिम महिलाहरूले धार्मिक रुपमा बुर्का लगाउनु पर्ने भए पनि नेपाली मुस्लिम महिलाहरूले बुर्का लगाउने चलन बाध्यात्मक भने मानिएको देखिदैन ।[३८६]

नेपाली महिलाहरू विभिन्न बाधा व्यवधानका कारण शिक्षा आर्जन, स्वास्थ्य एवम् अवसरबाट बञ्चित रहेका छन् । उनीहरू पुरुषका तुलनामा सबै क्षेत्रमा पछाडि पारिएका छन् । उनीहरू आर्थिक, राजनीतिक, सामाजिक, न्यायिक, शिक्षा, स्वास्थ्य जस्ता महत्वपूर्ण क्षेत्रबाट पाखा पारिएको स्थिति रहेको देखिन्छ । यस सन्दर्भमा समाजमा विभेदपूर्ण व्यवहार महिला र पुरुषमा गरिएको पाइन्छ । समाजमा लैंगिक बिभेदका कारण महिलाहरूलाई अगाडि बढ्न कठिन भइरहेको छ । यसको परिणतिले समाजको सबै पक्षमा महिला सहभागिता न्यून रहनुका साथै देश बिकासको मुलप्रवाहबाट महिला समुदायलाई बाहिर पारिएको देखिन्छ । नेपालीं महिलाको  स्थितिका बारेमा निम्न तालिकाले प्रस्ट्याएको छ

---

३८५. यशोकान्ति भट्टचन, पूर्ववत्, पृ. ७८।
३८६. यशोकान्ति, भट्टचन, पूर्ववत्, पृ. ७८ ।

तालिका नं.– १३

नेपालमा महिलाको स्थिति

| विषय-क्षेत्र | पुरुष (प्रतिशतमा) | महिला (प्रतिशतमा) |
|---|---|---|
| श्रम शक्ति | ७३.३० | ७१.३० |
| मन्त्रिपरिषद् | ९४.०० | ६.०० |
| नीति निर्माण तह | ९६.०० | ४.०० |
| न्यायधीश | ९७.९२ | २.०८ |
| कानुन व्यवसायी | ९५.०३ | ४.९७ |
| जिल्ला विकास समिति | ९३.३० | ६.७० |
| नगरपालिका | ८१.५० | १९.५० |
| गाउ विकास समिति | ९२.३० | ७.७० |
| प्रमुख जिल्ला अधिकारी | १००.०० | ०.०० |
| राजदूत | १००.०० | ०.०० |
| संवैधानिक निकायको प्रमुख वा सदस्य | १००.०० | ०.०० |
| प्राथमिक तहमा भर्ना | ७९.४० | ६४.४० |
| निम्न माध्यमिक तहमा भर्ना | ३६.९० | २५.५० |
| माध्यमिक तहमा भर्ना | २५.३० | १६.३० |
| त्रिविवि भर्ना | ७५.१७ | २४.९० |
| कृषि | ६६.८० | ८५.२० |
| कृषियोग्य भूमिमाथिको स्वामित्व | ८९.१६ | १०.८४ |
| घरमाथिको स्वामित्व | ९४.४९ | ५.५१ |
| पशुधनमाथिको स्वामित्व | ९२.२६ | ७.२४ |
| घरमूलीको सङ्ख्या | ८५.०० | १५.०० |

*(स्रोत : महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्ययनका लागि तयार गरिएको राष्ट्रिय योजना २०६०, पृ. १०-११)*

उक्त तालिकाबाट नेपाली महिलाहरूको अवस्था बारेमा स्पष्ट हुन्छ । हुन त नेपालमा न्यून सङ्ख्यामा भए पनि महिलाहरूको सहभागिता भएकै देखिन्छ । यद्यपि महिलाहरूको अवस्थामा अपेक्षा गरिए अनुरुप सुधार हुन सकेको देखिंदैन । उच्च पदमा दुई, चार जना महिलाको प्रतिनिधित्व वा सहभागिता हुँदैमा महिलाहरूको अवस्था सुधार हुन्छ भन्न सकिदैन । यसको साथै महिलाहरूको अवस्थामा समेत परिवर्तन आउन सक्ने देखिदैन । यसको ज्वलन्त उदाहरण हाम्रासामु प्रसस्त रहेका छन् । तसर्थ राष्ट्रनिर्माण एवम् विकासका निम्ति सबै क्षेत्रमा समान सहभागिताको नीति आपनाउनुपर्छ । समाजमा लैङ्गिक असमानताको सामाप्ति र सबै क्षेत्रमा समान सहभागिता हुनुपर्छ ।

समाजमा रहेका सबै शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक श्रोत र परिचालन, रोजगारीको अवस्था, निर्णायक पदहरू, स्वास्थ्य, प्रजनन अधिकार आदिमा

भएको लैङ्गिक विभेद कुरीति, कुसंस्कारलाई  निर्मूल पारेमा मात्र नेपाली महिलाहरूको अवस्थामा सुधार आउने देखिन्छ । जसले नेपालको राज्य सञ्चालनका निमित्त महिलाहरूको पनि पुरुष सरह सहभागिताका निम्ति महिलाहरू सक्षम एवम् समान अवसर प्राप्त गरी महिला पुरुषको समान सहभागिता हुने देखिन्छ ।

## ७.५. नेपाली महिला र सञ्चार माध्यम

नेपाली महिलाहरूको जीवनस्तरमा परिवर्तन ल्याउनका निम्ति सञ्चार माध्यमको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । उक्त महत्वपूर्ण भूमिकाले सिङ्गो महिला आन्दोलनमा प्रभाव पारिरहेको हुन्छ । यद्यपि नेपाली सञ्चार माध्यममा महिला र लैङ्गिक सवालका बारेमा सञ्चार सामग्रीको प्रकाशन प्रसारण अत्यन्त कम छ । त्यसको सहजं रुपले प्रस्तुति हुन सकिरहेको छैन । तर पछिल्ला दिनहरूमा ती प्रस्तुतिहरूमा सकारात्मक हुँदै गए पनि पर्याप्त भने भएको देखिदैन । नेपाली महिला आन्दोलनको सन्दर्भमा सञ्चार माध्यम पनि एक महत्वपूर्ण सवाल मानिन्छ । तसर्थ यहाँ महिला र सञ्चार माध्यमको बारेमा चर्चा गरिएको छ ।

नेपालमा महिला सशक्तीकरण र लैङ्गिक समानताको सन्दर्भमा नेपाली सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बि.स.२०५२ (सन् १९९५) मा चिनको बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला विकास र समानताका लागि बाधक बनिरहेका १२ सरोकारका क्षेत्रहरूको पहिचान गरेमध्येका महिला र सञ्चार माध्यम पनि एक हो । यसमा सञ्चार माध्यममा महिला पहुँच तथा सहभागितामा रहेको असमानता हटाउनुपर्ने र सञ्चार माध्यममा महिलालाई सन्तुलित रूपमा चित्रण गर्ने प्रक्रियाको प्रवर्द्धन गर्ने बुँदालाई मुख्य रणनीतिको रूपमा उभ्याएको छ । यी कुरालाई ब्यवहारमा लागू गर्न सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्था, निजी क्षेत्र, सञ्चार माध्यम, गैरसरकारी संस्था, विज्ञापन एजेन्सी आदिले गर्नुपर्ने कार्ययोजनाहरू पनि त्यही समयमा बनाइएका थिए । उक्त कार्यनीति निम्नानुसार रहेका छन् :-

**कार्यहरू**

चिनको बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला विकास र समानताका लागि बिभिन्न कार्यनीतिहरू तयार गरेको थियो । जसमध्ये सरकारको तर्फबाट पनि गर्ने भनि विभिन्न कार्यनीतिाहरू तयार गरिएको थियो । उक्त सरकारले गर्नु पर्ने कार्यनीतिहरू निम्न रहेको छ :

सरकारले गर्नु पर्ने :

क) सञ्चार माध्यमका सबै तह र क्षेत्रमा महिलाको समान पहुँचको व्यवस्था गर्न महिलाहरूको शिक्षा, तालिम र रोजगारीको समर्थन गर्ने ।

ख) लैङ्गिक अवधारणालाई समावेश गर्ने दृष्टिकोणले वर्तमान सञ्चार नीतिको समिक्षा गर्ने र आवश्यक ध्यान दिनुपर्ने र काम गर्नुपर्ने क्षेत्र पहिल्याउन महिला र सञ्चारका सबै क्षेत्रमा अनुसन्धानलाई सहयोग गर्ने ।

ग) सञ्चार माध्यमको व्यवस्थापन, कार्यक्रम निर्माण, शिक्षा, तालिम र अनुसन्धान लगायतका सञ्चारका क्षेत्रमा महिलाको पूर्ण समान सहभागिताको विकास गर्ने ।

घ) सञ्चारका प्रमुख अङ्गहरूको निर्णायक तथा सक्रिय तहमा महिला र पुरुषको लैङ्गिक सन्तुलनको उद्देश्यले नियुक्ति प्रदान गर्ने ।

ङ) वाक स्वतन्त्रताको उच्चतम विन्दुसम्म सञ्चार कार्यक्रमहरूलाई महिलाको लागि र महिलाद्वारा तयार पारिएका कार्यक्रमहरूको सङ्ख्यामा वृद्धि गर्न प्रोत्साहित गर्ने ताकि महिलाको आवश्यकता र समस्याहरूलाई ठीक ढङ्गले प्रस्तुत गर्न सकियोस् ।

च) महिलाहरूको विचार र धारणाको राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सूचना र जानकारीको प्रचार तथा आदानप्रदान गर्ने साधनको रूपमा महिलाको सञ्चार प्रक्रियालाई स्थापित गर्ने र प्रोत्साहित गर्ने तथा सञ्चारको प्रक्रिया तथा कार्यमा सक्रिय महिला समूहहरूलाई समर्थन गर्ने ।

छ) राष्ट्रिय कानुनको संरचना अन्तगत रही सामाजिक शैक्षिक मुद्दाको विकास गर्न र दलित तथा आदिबासी महिलाहरूलाई उनीहरूकै सांस्कृतिक रूपमा सूचनाको प्रचार गर्न राष्ट्रिय सञ्चार माध्यममा रचनात्मक कार्यक्रमहरू लागू गर्न साधन सहयोग उपलब्ध गराउने तथा प्रोत्साहन गर्ने ।

ज) राष्ट्रिय कानुनी संरचना अन्तर्गत सञ्चार माध्यमको स्वतन्त्रताको ग्यारेन्टी गर्ने र संरक्षण गर्ने तथा सामाजिक विकासमा सञ्चार माध्यमको सकारात्मक सहभागितालाई प्रोत्साहित गर्ने।[२८७]

---

२८७. गोपालकृष्ण शिवाकोटी र अन्जु, *बेइजिङ्ग घोषणापत्र* (१९९५), ललितपुर : वियोन्ड बेइजिङ्ग कमिटी, पृ. १३८ ।

यसैगरी महिला विकासको निम्ति राष्ट्रिय संयत्रहरूको सहयोगमा निजी क्षेत्र, गैह्रसरकारी संस्था र सञ्चार माध्यमहरूले गर्नुपर्ने निम्न कार्यहरू तयार गरेको थियो :–

क) महिला विरुद्ध हुने घरेलु हिंसा लगायतका सबै हिंसाको अन्त्य गर्ने र महिला तथा बालबालिकाको शोषण गर्ने उद्देश्ले सूचना प्रसारण गर्न र परिवारमा लैङ्गिक समानतालाई जोड दिन सञ्चार माध्यमहरूद्वारा अभियान सञ्चालन गरेर पारिवारिक दायित्वको समान वितरणलाई विकास गर्ने ।

ख) विशेष गरी युवा महिलाहरूलाई प्रभावित गर्न महिला नेतृहरूको सङ्घर्ष, उनीहरूको पारिवारिक दायित्वका अनुभवहरूको बारेमा सञ्चार सामग्री तयार पार्ने र त्यसको वितरण गर्ने ।

ग) निजी तथा सार्वजनिक शिक्षा कार्यक्रमहरूलाई पनि प्रयोग गरेर महिलाको मानव अधिकार बारे चेतना बढाउन र सूचना प्रवाह गर्न अभियानहरू सञ्चालन गर्ने ।

घ) महिलाको विषयहरूलाई लिएर सूचना प्रवाह गर्ने सञ्चार माध्यमहरूको विकासमा आर्थिक तथा अन्य सहयोग पुऱ्याउने र यसको निम्ति बैकल्पिक माध्यमहरूको पनि सोच विकास गर्ने ।

ङ) सञ्चार माध्यमका कार्यक्रमहरूमा लैङ्गिक विश्लेषणको प्रयोग गर्ने । विज्ञहरूलाई तालिम दिने, योजनाहरूको विकास गर्ने ।[३८८]

यसरी बेइजिङ्ग सम्मेलनले कार्यनीतिहरू तयार गरी महिला र सञ्चार माध्यमलाई गम्भीरतापूर्वक उठाएको थियो । नेपाल सरकारले पनि उक्त कार्यनीतिप्रति प्रतिवद्धता जनाएको थियो । त्यस प्रतिबद्धतालाई नेपालभित्र कार्यान्वयन गराउन, सरकारले वि.सं. २०५४ सालमा बनाएको समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनामा सञ्चालनका सम्बन्धमा पनि विभिन्न कार्यक्रमहरूको तर्जुमा गरेको थियो । सञ्चारका क्षेत्रमा निर्णायक तहमा महिलालाई २० प्रतिशत सिट छुट्याउने, सञ्चारकर्मीहरूलाई लैङ्गिक संवेदशीलताबारे तालिम दिने, पत्रकारितासम्बन्धी तालिमको लैङ्गिक दृष्टिकोणबाट पुनरावलोकन गरी संशोधन गर्ने जस्ता सवालहरू उक्त कार्ययोजनामा समावेश गरिएको पाइन्छ ।[३८९]

---

३८८. गोपालकृष्ण शिवाकोटी, पूर्ववत् पृ. १४१ ।
३८९. मन्जु थापा (२०६०), महिला र लैङ्गिकता सम्बन्धी सवालहरूमा सकारात्मक हुन्छ, *नेपाली सञ्चार*
*माध्यम, मिडिया उत्पादन र अन्तर्वस्तु,* काठमाडौं : मार्टिन चौतारी र समाजिक विकास तथा

सञ्चार माध्यम र महिला आन्दोलन एक आपसमा सम्बन्धित रहेको देखिन्छ । महिला आन्दोलनको निम्ति सञ्चार माध्यम पनि महत्वपूर्ण सवाल मानिन्छ । सञ्चार माध्यमलाई महिलाको पक्षमा कसरी प्रयोग गर्ने भन्ने विषय महत्वपूर्ण रहेको देखिन्छ । यसैले बेइजिङ्ग सम्मेलनमा समेत महिला र सञ्चार माध्यम भन्ने विषय समावेश गरिएको थियो । हामीले समानतामा आधारित सञ्चार माध्यमको प्रयोग गर्नुपर्छ भन्ने चेतना जगाउने काम गर्नुपर्दछ । सञ्चार माध्यमबाट महिलाहरूका निमित आवश्यक नीति निर्माण गर्न आवश्यक दबाब सिर्जना गर्न सकिन्छ । जस्तोः महिलाहरूको पैत्रिक सम्पत्तिमा समान आधिकार, सञ्चारमा महिलाहरूको भूमिकाका बारेमा सञ्चार माध्यमबाट पनि दबाब सृजना गर्ने सफलता पनि प्राप्त भएको देखिन्छ ।[१९०] यसका साथै नेपालका प्रमुख सञ्चार माध्यमका अगुवा निर्णायक पत्रकारहरू सैद्धान्तिक तहमा पूर्णतया लैङ्गिक समानताको पक्षमा देखिन्छन् र त्यसलाई सघाउ पुग्ने सामग्री प्रकाशन प्रसारण गर्न तयार रहेको पाइन्छ ।[१९१]

सञ्चार क्षेत्रमा महिलाहरूलाई काम गर्न कठिन देखिन्छ । उनीहरूका अगाडि धेरै चुनौतीहरू रहेका छन् । यस क्षेत्रमा पुरुषहरूको सङ्ख्या धेरै रहेको छ, जो पितृसत्ताबाट आएका हुन्छन् र उनीहरूमा पितृसत्ताको प्रभाव परेको हुन्छ । अहिले सम्मका सबै सम्प्रेषणमा पितृसत्ताको प्रभाव रहेको पाइन्छ । महिला सवाललाई कम मात्र समेट्ने काम भइरहेको देखिन्छ । तसर्थ पुरुष सञ्चारकर्मीहरू बीचमा पनि लैङ्गिक समानताका सवालमा चेतना आभिवृद्धि गराउनुपर्ने देखिन्छ ।[१९२]अर्कोतर्फ नीति निर्माणसंग सम्बन्धित सञ्चारमाध्यममा महिला र लैङ्गिकता सम्बन्धी सवालको सन्दर्भमा देखिएको समस्याको रूपमा विषयप्रतिको सकारात्मक सोच भएर पनि त्यसलाई कसरी आफ्ना सामग्रीहरूमा समेट्ने भन्ने पक्षमा स्पटता नहुनु देखिएकोछ । जसले गर्दा ती माध्यमहरूले नचाहँदा नचाहँदै पनि सामाजिक रूपमा लिङ्गभेद बढाउँदै लाने र महिलाप्रतिको सामाजिक दृष्टिकोणलाई धमिल्याउने सामग्रीहरू त्यहाँबाट प्रसारित प्रचारित भइरहेको देखिन्छ ।[१९३]

सञ्चार माध्यममा महिलाहरूले समस्या र चुनौतीहरू भए पनि काम गरिरहेका छन् । यस क्षेत्रमा केही उपलब्धीहरू पनि प्राप्त भएका छन् । छापामा तुलनात्मक रूपमा सुधार भएको पाइन्छ । महिला सवालले अखबारका प्रथम र अन्तिम पानामा प्राथमिकता पाउन थालेको पाइन्छ । छापामा पीडितको नाम, थर, वतन दिने काम घटेको छ । रिपोर्टिङ्गमा संलग्न हुने महिलाहरूको सङ्ख्या वृद्धि भएको पाइन्छ । सञ्चार माध्यममा विद्युतीय माध्यम बढी प्रभावकारी हुन्छ । त्यसमा प्रत्यक्ष देख्ने सुन्ने भएकाले यसले मानिसमा बढी प्रभाव

---

अनुसन्धान केन्द्र, पृ. १५७ ।

१९०. बन्दना राणा, अन्तर्वार्ता, २०६१ ११/१२ ।

१९१. मञ्जु थापा, पूर्ववत्, पृ. १६७ ।

१९२. बन्दना राणा, अन्तवार्ता, पूर्ववत् ।

१९३. मन्जु थापा, पूर्ववत्, पृ. १६९ ।

पार्दछ । यस क्षेत्रमा महिलाहरूको भूमिका परम्परागत रूपले महिलाहरूलाई होच्याउने प्रकृतिको प्रसारण गर्ने काम हुन्थ्यो । तर हाल आएर त्यसमा पनि सन्तुलित अवस्था देखिएको छ ।[१९४]

सारमा भन्नुपर्दा सकारात्मक समाजिक परिवर्तनका लागि सूक्ष्म रूपले गहिरो भूमिका निर्वाह गर्न सक्ने सञ्चार माध्यमले महिला सशक्तीकरण र लैङ्गिक समानताका निम्ति अपेक्षाकृत रूपमा काम गर्न नसकेको भए पनि केही परिवर्तन भएको महसुस गर्न सकिन्छ । सञ्चार संस्थाहरूका नीति निर्णायक तहमा कार्यरत अधिकतम पत्रकारहरू महिला र लैङ्गिकता सम्बन्धी सवालमा संवेदनशील बन्न थालेका पाइन्छन् । सञ्चार क्षेत्रमा उक्त सवालले प्रसस्त स्थान तथा सकारात्मक प्रभाव दिने गरी प्रस्तुति पाउनुपर्छ भन्ने कुरामा सहमत रहेका देखिन्छन् । तसर्थ सञ्चार क्षेत्रबाट प्राप्त सकारात्मक उपलब्धिलाई अझ महिलाको पक्षमा सदुपयोग गर्दै अरु उपलब्धि प्राप्तिका लागि निरन्तर लागिरहनु आजको आवश्यकता देखिएकोछ ।

## ७.६. नेपालको न्यायिक क्षेत्रमा महिला

### नेपाली महिला र कानुन

देशको समग्र विकासका लागि मानव विकास एक अत्यावश्यक विषय हो । देशको दीर्घकालीन विकासका लागि देशको आधा जनसङ्ख्या महिला शक्तिको विकास विना सम्भव देखिदैन । समाजमा कानुनले परिवर्तन ल्याउँदछ भने सामाजिक आवश्यकताले पनि नयाँ कानुनको निर्माण वा संशोधन गराउँदछ । उनीहरू सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक एवम् कानुनी दृष्टिकोणबाट पिछडिएका पाइन्छन् । यहाँ नेपाली महिलाको कानुनी हैसियतका बारेमा चर्चा गरिएको छ ।

विश्वमा चलिरहेको महिलावादी आन्दोलनको प्रभाव नेपालको कानुनी क्षेत्रमा पनि परेको अनुभव हुन्छ । सो आन्दोलनको प्रत्यक्ष प्रभाव कानुन र कानुन व्यवसायमा समेत परेको देखिन्छ । कानुनी क्षेत्रबाट पनि महिला आन्दोलनलाई सहयोग गर्न सकिन्छ । यस क्षेत्रबाट महिला एवम् महिला नेतृत्व पङ्क्तिहरूलाई सचेत गराएर आन्दोलनलाई अगाडि बढाउन सकिन्छ । नेपालमा चर्चित महिलाको सवाल पैत्रिक सम्पत्तिमाथि समान अधिकारको सवाललाई निर्णयमा पुऱ्याउन कानुनी क्षेत्रबाट पनि महत्वपूर्ण भूमिका निर्वाह गरिएको थियो । यस सम्बन्धमा छलफल गर्ने, महिला नेतृहरूलाई सबै कानुनी विषयमा सचेत

---

१९४. बन्दना राणा, अन्तवार्ता, पूर्ववत् ।

गराउने र उनीहरूलाई आफ्नो क्षेत्रबाट आवाज उठाउन लगाई एक आपसमा समन्वय गर्दै सफलतामा पुऱ्याएको हो भन्न सकिन्छ । यसरी नेपालको महिला आन्दोलनका निम्ति न्यायिक क्षेत्रलाई पनि महत्वपूर्ण क्षेत्र मान्न सकिन्छ ।[१९५]

वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापना पश्चात् लागू भएको नेपाल अधिराज्यको संविधान २०४७ उपधारा ३ समेत धारा ११ लिएर नेपाली जनता सामु आएको पाइन्छ । उक्त संविधानमा महिला र पुरुषको समानताको विषय उल्लेख गरिएको छ । यसका साथै महिलाहरूको निम्ति विशेष व्यवस्था गर्ने प्रावधानसमेत राखिएको छ । यसको प्रभाव महिला कानुन व्यवसायीहरूमा समेत परेको देखिन्छ । नेपालमा वि.सं. २०२० बाट प्रारम्भ भएको महिला कानुन व्यवसायीहरूको वि.सं. २०६१ सालसम्ममा अधिवक्ताको नाम दर्ता गर्ने १०५४१ जना मध्ये ९८०२ पुरुष रहेका छन् भने महिलाको सङ्ख्या ७३९ मात्र रहेको छ ।[१९६] पुरुषको तुलनामा महिलाहरू सङ्ख्यात्मक रूपमा थोरै भए पनि तुलनात्मक रूपमा महिला अधिवक्ताहरू कानुन व्यवसायमा संलग्न हुने क्रममा बृद्धि भइरहेको पाइन्छ । यसका साथै अदालतका सबै तहमा महिलाहरूको उपस्थिति रहेको छ । न्यायपालिकामा पुरुषहरू ९७.९६ प्रतिशत र महिला २.०४ प्रतिशत रहेका छन ।[१९७] यद्यपि महिलाहरूको न्यायिक क्षेत्रमा रहेको संलग्नतामा वृद्धि भए पनि सन्तोषजनक भने मान्न सकिंदैन ।

नेपालको कानुनमा विभिन्न विभेदपूर्ण कानुनहरू रहेका छन् । देशमा विद्यमान आर्थिक विपन्नता एवम् समाजमा व्याप्त कुसंस्कारबाट मात्र महिलामाथि अन्याय भएको होइन, राज्यद्वारा निर्मित कतिपय ऐन कानुनमा पनि महिला विरुद्ध विभेदपूर्ण ढङ्गबाट अव्यवस्थित रहेका छन् । यस्ता महिला विरुद्धमा भएका ऐन कानुनको खारेजी, परिमार्जन र महिला अधिकारका निम्ति महिलाहरूले सङ्घर्ष गर्दै आइरहेका छन् । यसरी कानुनी क्षेत्रबाट महिला अधिकारका निम्ति निम्न उपलब्धीहरू नेपाली महिलाहरूले हात पारेका छन् । महिलालाई शिक्षामा अधिकार प्राप्त, महिलाहरू देशका नागरिकका रूपमा देखिनु, मनोवैज्ञानिक रूपमा सशक्त बन्नु, जन्मिएपछि समाजमा मूल्य मान्यता प्राप्त गर्नु, राजनीतिक क्षेत्रमा २० प्रतिशत महिला आरक्षित हुनु, स्थानीय निकायमा २० प्रतिशत महिला आरक्षित हुनु आदि ।[१९८]

---

१९५. शान्ता थपलिया, अन्तवार्ता २०६१/११/१३ ।

१९६. *महिला कानुन बुलेटिन* (२०६१), काठमाडौं : सर्वोच्च अदालत बार एसोसियसन, महिला शाखा, काठमाडौं, २०६१ ।

१९७. शान्ता थपलिया, पूर्ववत् ।

१९८. शान्ता थपलिया, पूर्ववत् ।

नेपाली महिलाहरूको अनवरत सङ्घर्षका कारण उनीहरूले महत्वपूर्ण उपलब्धीहरू प्राप्त गरेका छन् । महिलाहरूले उठाइरहेका पैतृक सम्पत्तिमा छोराछोरीमा समान हक स्थापना र गर्भपतन जस्ता महिलाहरूको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सवालमा पनि महिलाहरूले सफलता प्राप्त गरेका छन् । यसले महिलालाई अन्य अधिकार प्राप्तिका निम्ति सहयोग गर्दछ ।

नेपालको सन्दर्भमा लैङ्गिक असमानता कानुनी सवालमा पनि रहेकोछ ।[२९९] यसरी महिलाहरू लैङ्गिक असमानताको सिकार बनिरहेका छन् भने महिलाहरूमाथि हुने हिंसा, शोषण, निरक्षरता र चेतनाको अभावका कारण महिलाहरू अगाडि बढ्न सकिरहेका छैनन् । उनीहरू सबै क्षेत्रमा महिला भएकै कारण पछाडि एवम् पाखा पारिएका देखिन्छन् । तसर्थ कानुनी क्षेत्रमा पनि लैंगिक समानताका लागि महिलाहरू एकजुट भइअगाडि बढ्नु नै आजको पहिलो आवश्यकता हो ।

## महिला समानताका लागि राज्यको दायित्व

प्रजातान्त्रिक प्रणालीमा मानव समूदायको समुचित विकास एवम् प्रगतिका लागि विना लिङ्गभेद, जाति भेद र वैचारिक भेद समान रूपले गरिनुपर्दछ । यसका निम्ति राज्यले कानुन, नीति, नियम निर्धारित गर्न सक्दछ । देशको परिस्थितिलाई ध्यानमा राखी सम्बन्धित वर्गको उत्थान, विकास समानता समन्याय (Equity) र सम व्यवहारका लागि राज्यले विशेष कानुन नियम एवम् नीति निर्धारण पनि गर्न सक्दछ । सोही बमोजिम नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ (१) (२) (३) मा पनि व्यवस्था गरिएको पाइन्छ । उक्त धारामा निम्न विषय समेटिएको छ :

संविधानको धारा ११ समानताको हक अन्तर्गत :

क) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

ख) सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

ग) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।[३००]

---

२९९. शान्ता थपलिया, पूर्ववत् ।
३००. श्री ५को सरकार, *नेपाल अधिराज्यको संविधान (२०४७),* काठमाडौं : न्याय, कानुन तथा संसदीय

तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ । यसो गरिएमा भेदभाव गरिएको नमानिने समेत व्यवस्था संविधानमा गरिएको छ । यसैगरी समान कामका लागि महिलापुरुषका बीच पारिश्रमिकमा भेदभाव नगरिने भन्नेसमेत व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ४ को नीति अनुरूप राज्यले कानुन बनाउनु पर्दछ ।[301]

नागरिकको जीउधन र स्वतन्त्रताको संरक्षण :

आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था, खुला समाजमा आधारित लोक कल्याणकारी राज्यको व्यवस्था गर्ने राज्यको निर्देशक सिद्धान्त रहेको छ । धारा २५ (२) अनुसार देशको आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिने कुनै वर्ग वा व्यक्ति उपर आर्थिक शोषण गर्न नदिने, धारा २५ (३) अनुसार सबै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाउने आदि राज्यको उद्देश्य रहेको पाइन्छ ।[302]

यसरी नेपालमा संवैधानिक रूपबाट महिला समानता निम्ति विभिन्न अवसरका ढोका खुला गरिएका छन् । विभिन्न ऐन कानुन निर्माण भए पनि पर्याप्त भने देखिदैन । कानुन निर्माण गरेर मात्र हुँदैन । यसलाई ब्यवहारमा लाने काम पनि गर्नुपर्दछ । यसका निम्ति योजना बनाउनुपर्ने देखिन्छ । जस्तो अंशवण्डा गर्दा छोरा छोरीलाई बराबरी बाँड्नुपर्छ । अंशमा छोरा छोरीमा जन्मदै अधिकार प्राप्त हुनुपर्छ । महिलाले सबै क्षेत्रमा समान अधिकार पाउनुपर्दछ । तसर्थ छोरीले अंश मात्र होइन अंश र शिक्षा दुवैमा समान अधिकार पाउनु पर्ने देखिन्छ ।[303]

नेपालमा महिला सवालसँग गाँसिएका कानुन अझै पनि विभेदपूर्ण रहेका छन् । आमाको नामबाट छोराछोरीले नागरिकता पाउनुपर्छ । भूमिमा महिलाको अधिकार, सुकुम्बासी महिलाको नाममा पनि भूमिको वितरण गरिनुपर्छ, महिलालाई बन, जङ्गल उपयोग गर्न सक्ने बनाउनुपर्छ । पानीको सुविधा, चेतनामूलक शिक्षा, सिपमूलक शिक्षा, सुधारिएको चुलो आदिलाई सुविधाको रूपमा होइन उनीहरूको अधिकारको रूपमा स्थापित गर्नुपर्छ । तसर्थ अधिकार प्राप्तिका लागि कानुनी क्षेत्रबाट पनि आन्दोलनलाई अगाडि बढाउनु पर्ने आवस्यकता देखिएको छ ।[304]

---

मन्त्रालय, कानुन किताव व्यवस्था समिति ।

३०१. श्री ५को सरकार, *नेपाल अधिराज्यको संविधान (२०४७),* काठमाडौं : न्याय, कानुन तथा संसदीय मन्त्रालय, कानुन किताव व्यवस्था समिति, भाग ४, धारा २५ १ ।

३०२. श्री ५को सरकार, *नेपाल अधिराज्यको संविधान (२०४७),* पूर्ववत् ।

३०३. शान्ता थपलिया, पूर्ववत् ।

३०४. शान्ता थपलिया, पूर्ववत् ।

सारमा भन्नपुपर्दा नेपालको कानुन, ऐन, नियम अझै पनि विभेदपूर्ण रहेका छन् । समाजमा लैङ्गिक विभेद यथावत् रहेकोछ । त्यसको प्रत्यक्ष असर कानुन निर्माण कार्यमा पनि परेको पाइन्छ । तसर्थ विद्यमान सबै कानुनी विभेदलाई समानतामा परिणत गर्न महिलाहरूले आफै क्रियाशील भई आन्दोलनलाई सशक्त बनाउनु नै आजको आवश्यकता बन्न गएको देखिन्छ ।

## ७.७. महिला आन्दोलन र आरक्षणको सवाल

नेपालमा महिलाहरूले मताधिकार, पैतृक सम्पत्तिमा समान अधिकारदेखि लिएर आरक्षणको सवाललाई समेत प्रमुखताका साथ उठाउँदै आएका छन् । महिला आन्दोलनले महिलाहरूको सवाललाई प्राथमिकता साथ उठाउँदै आइरहेको छ । यस बारेमा आगाडि चर्चा गरिएको छ । तसर्थ यहाँ महिलाहरूको निम्ति आरक्षणको सवालका बारेमा चर्चा गरिएको छ ।

नेपाली महिला आन्दोलनको विषय आरक्षण पनि एक प्रमुख विषय बन्न पुगेको छ । आरक्षणको बारेमा नेपालमा धेरै छलफल एवम् गोष्ठीहरू पनि भएका छन् । त्यसको परिणाम के हुने, किन आरक्षण आवश्यक छ भन्ने बारेमा व्यक्ति, राजनीतिक दल, महिला सङ्घ, सङ्गठनहरूले आफ्ना भनाइहरू अगाडि ल्याइरहेका छन् । यसै गरी विद्यार्थी सङ्गठन, विभिन्न पेसाका सङ्घ सङ्गठनहरूले समेत आरक्षणको सवालमा ध्यान केन्द्रित गरी आफ्ना भनाइ अगाडि सारेका छन् । अर्कोतर्फ सरकारी तवरबाट पनि यस सवाललाई प्राथमिकतासाथ उठाउँदै आएको पाइन्छ ।

नेपालका महिला अन्दोलनका हस्ती महिला सङ्घ, सङ्गठनहरू नै महिलाहरूलाई सबै क्षेत्रमा आरक्षणको व्यवस्था हुनुपर्छ, आरक्षणले महिला सहभागितामा वृद्धि गर्नुका साथै प्राप्त अवसरलाई प्रयोगसमेत गर्न सक्छन्, आरक्षणले महिलाहरूलाई तत्कालीन समयमा फाइदा पऱ्याउँछ भन्ने तर्कहरू पनि प्रस्तुत गरिरहेका छन् । आरक्षण भन्नाले चारैतिरबाट रक्षा गर्ने काम भन्ने बुझिन्छ । नेपाली महिलाहरूलाई सबै ठाउँमा आरक्षणको व्यवस्थाको माग गरिएको छ । महिला आन्दोलनले आरक्षणको सवाललाई समेत समेटेको छ । राजनीतिक दलभित्र पनि आरक्षणको सवाल गम्भीर रूपले उठेको पाइन्छ । विगतमा राजनीतिक पार्टीले निर्वाचनमा उम्मेद्वारी दिँदा महिलाहरूलाई निश्चित कोटामा मात्र उम्मेदवारी दिएको थियो । आरक्षणको कोटामा परेर कोही केही हुने सिद्धान्त राम्रो मान्न सकिँदैन । तर आरक्षणलाई केही समयको लागि बाध्यात्मक परिस्थितिको उपजका रूपमा लिनुपर्दछ।

विद्यमान अवस्थामा महिलाहरूको निम्ति गरिएको आरक्षणको व्यवस्थालाई पनि विशेष अवस्थाको रूपमा लिनुपर्ने देखिन्छ ।[३०५]

नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूको राजनीतिक क्षेत्रमा सहभागिता वृद्धिका लागि आरक्षणको व्यवस्थालाई आत्मसात गरेको पाइन्छ । नेपालका राजनीतिक पार्टीहरूले महिलाहरूलाई सबै ठाउँमा अगाडि बढाउनका निम्ति निश्चित कोटा निर्धारण गर्नुपर्दछ भन्ने आफ्नो मान्यतालाई समेत सार्वजनिक गरेका छन् ।[३०६]

महिला समस्यालाई प्रभावकारी रूपले प्रस्तुत गर्नका निम्ति महिला चाहिन्छ, तर राजनीतिक क्षेत्रमा महिलाहरूको अभाव रहेको छ । माहिलाहरू अपेक्षाकृत रूपले राजनीतिक क्षेत्रमा अगाडि बढ्न सकेका छैनन् । तसर्थ राष्ट्रिय नीति निर्माण एवम् राजनीतिमा महिला सहभागिताको आवश्यकता परेको छ । यसको लागि समतावादी, एकीकृत र समन्वयात्मक चिन्तनको खाँचो देखिएको छ । आरक्षण जस्ता व्यवस्थाले महिलाहरूको उपस्थितिमा सङ्ख्यात्मक रूपले बृद्धि भएता पनि महिलाहरूको उत्थान हुन सक्तैन । तसर्थ महिला उत्थान र विकासका लागि खुल्ला प्रतिस्पर्धामा महिलाहरू उत्रनका लागि सक्षम बन्दै बनाउँदै राजनीतिभित्रका खराब प्रवृत्तिलाई समेत परास्त गर्दै महिलाहरू स्वयम् अगाडि बढ्नुपर्ने देखिन्छ ।

महिला अधिकार प्राप्तिका लागि आन्दोलनरत महिला सङ्घ, सङ्गठनहरूले पनि आरक्षणको सवाललाई गम्भीरताका साथ उठाउँदै आएको पाइन्छ । यसका साथै विभिन्न पेसामा संलग्न महिलाहरूले पनि आआफ्नो ठाउँमा आरक्षणको सवाललाई उठाउँदै आफू सङ्गठित रहेको कमिटीमा आवाज उठाउँदै आइरहेका छन् । परिणामस्वरूप विगतका तुलनामा पार्टी, जनसङ्गठन, पेसागत सङ्गठनहरूमा महिलाहरूको सहभागितामा वृद्धि भएको देखिन्छ ।[३०७]

नेपालमा महिलाहरूलाई आरक्षित गर्नुपर्छ भन्ने सवाललाई संवैधानिक रूपले नै आत्मसात गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ८ धारा ४६ (ख) मा राष्ट्रिय सभामा एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने कम्तिमा तीन जना महिला हुनुपर्ने व्यवस्था गरिएको छ । यसै गरी भाग १७ धारा ११४ मा महिला उम्मेदवारका सम्बन्धमा भनिएको छ- प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा

---

३०५. प्रभाकरलाल दास (२०५७), *लैङ्गिक अध्ययन,* काठमाडौं : रेखारानी प्रकाशन, पृ. २८० ।
३०६. शान्ता मानवी, अन्तर्वार्ता, २०५९।४। २३ ।
३०७. अष्टलक्ष्मी शाक्य, अन्तर्वार्ता, २०६०/५/१०

प्रत्येक राजनैतिक सङ्गठन वा दलको उम्मेदवारीमध्ये कम्तिमा पाँच प्रतिशत महिला उम्मेदवार हुन अनिवार्य हुनेछ भनी व्यवस्था गरिएको छ ।[३०८]

सारमा भन्नुपर्दा आरक्षणको व्यवस्थाले सबै क्षेत्रमा महिलाहरूको सङ्ख्यात्मक रूपले वृद्धि भएको देखिन्छ । यसरी सङ्ख्यात्मक रूपले बढेको महिला सहभागिताले महिलाहरूको क्षमतामा वृद्धि हुन सक्तैन । सीमित अवधिका निम्ति उक्त व्यवस्था सान्दर्भिक हुन्छ । तर यसलाई सधैं टिकाइ राख्नुपर्छ भन्ने मान्यतालाई हटाउनुपर्दछ । वर्तमान अवस्थामा महिलाहरूको क्षमतामा अभिवृद्धि सबै क्षेत्रमा समान रूपले भएको देखिदैन ।

देशको सहरी र ग्रामीण, तराई र पहाडका महिलाहरूकै क्षमतामा फरक रहेको छ । ग्रामीण इलाकामा बसोबास गर्नेहरू अशिक्षाको चपेटामा परेको पाइन्छ । उनीहरू सहरी इलाकामा बसोबास गर्ने शिक्षित महिलाहरूलाई एउटै कोटा प्राणालीमा सीमित राख्नु उपयुक्त देखिदैन । जुन महिला सबैसँग प्रतिस्पर्धात्मक रूपले अगाडि आउन सक्छन, उनीहरूका अलावा अन्य महिलाहरूको निम्ति निश्चित समयावधिका निम्ति आरक्षणको व्यवस्था सान्दर्भिक नै हुन्छ तर सधैं आरक्षणको व्यवस्थाको आवश्यकता भने पर्ने देखिदैन । आजको प्रतिस्पर्धात्मक युगमा महिलाहरू पनि प्रतिस्पर्धामा उत्रनुपर्छ, प्रतिस्पर्धात्मक रूपले उनीहरू पनि अगाडि बढ्न सक्नुपर्छ । यसले महिला आन्दोलनलाई सफलतामा पुग्नका लागि सहयोग पुऱ्याउन सक्नेछ । यो नै आजको आवश्यकता मानिन्छ । यसको निम्ति महिलाहरूको भूमिका नै महत्वपूर्ण देखिन्छ ।

❑❑

३०८. श्री ५ को सरकार, *नेपाल अधिराज्यको संविधान (२०४७)*, पूर्ववत् ।

अध्याय- आठ

# सारांश, निष्कर्ष र सुझाव

## ८.१ सारांश

विश्व इतिहासमा महिलाहरूको सामाजिक उत्तरदायिŒवको बारेमा महŒवपूर्ण भूमिका रहेको पाइन्छ । हुन त विश्वको जनसङ्ख्याको आधा भाग ओगटेका महिलामाथि वर्गको उदयस“गै असमानताको सुरुवात भएको पाइन्छ । उनीहरू क्रमशः मनोवैज्ञानिक, आर्थिक, राजनीतिक रूपले नियन्त्रित एवम् उपेक्षित बन्दै गएकाले समानताका लागि उनीहरू आन्दोलित बनी मतदान एवम् सबै प्रकारको अधिकारका साथै नागरिक अधिकारको निम्ति लड्न थालेको पाइन्छ ।

विश्वमा महिलाहरूको विभिन्न प्रकारले टिकाटिप्पणी गर्ने क्रममा अरस्तुले“महिलालाई आफ्नो कुनै निश्चित लक्षण वा गुणको कमीको नाताले महिला हो, हामीले महिलालाई सम्मान गर्नु पर्दछ किन कि उनीहरू प्राकृतिक कमिले पीडित छन्” भनेका थिए । सेन्टथोमसले “नारी एक अपूर्ण (क्ष्उभचाभअत) मानव हो, एक आकस्मिक प्राणी हो” भनी आफ्नो मत जाहेर गरेका छन् । यस प्रकार महिलाहरूको बारेमा अभिव्यक्ति आएका थिए । यही क्रममा होमर भन्छन्- “नारीमाथि कहिल्यै विश्वास नगर्नू”। सेक्सपियरको शब्दमा “नारी कमजोरीको दोस्रो नाम हो”। यिनले खाली कमजोरीको रूपमा लिएका छन् तर नित्सेले भनेका छन्- “नारीको सृष्टि ईश्वरको दोस्रो गल्ती हो”। यस प्रकार विभिन्न व्यक्तिहरूले महिलाहरूका बारेमा गरेका अभिव्यक्तिले महिलाहरू स्वतन्त्र प्राणी नभई आश्रित प्राणी हो । महिला “सेक्सुअल” प्राणी हो । सायद यसैले होला नेपोलियन बोनापार्टले “नारी सन्तान पैदा गर्ने मेसिन बाहेक अरु केही होइन” भनेका थिए ।

यसरी विश्वभरि महिलाहरूको बारेमा प्रतिगामी सोचले प्रश्रय पाइरहेको थियो भने अर्कोतर्फ महिलाहरू आफ्नो अस्तिŒवप्रति सचेत बन्दै दोस्रो नागरिकको रूपमा होइन, पूर्ण नागरिकको रूपमा स्थापित हुन सङ्घर्ष गरिरहेको पाइन्छ । यही समयमा स्वतन्त्रताको व्याख्या गर्दै चार्ल्स फुर्रियेले “कुनै पनि समाजमा स्वतन्त्रताको एउटा खास नाप समाजमा विशेष गरी स्वास्नी मानिस कति हदसम्म स्वतन्त्र छन् त्यसले स्पष्ट गराउ“दछ”
भनेका थिए ।

समाजमा महिलाहरूलाई यथास्थानमा राखी उनीहरूमाथि सधैं असमान व्यवहार गरी दूर्बल सावित गरी सधैं आफ्नो पक्षमा उनीहरूको अस्तिŒवको परिभाषा गर्ने पक्षहरू एकातिर शक्तिशाली रूपमा देखिन्छन् भने अर्कोतर्फ महिला स्वतन्त्रता सामाजिक विकासको निम्ति अनिवार्य हुन्छ, उनीहरू स्वतन्त्र र पूर्ण अधिकार सम्पन्न हुनुपर्छ भन्ने तर्कहरूको पक्षधरहरूको मनोभावनाले आन्दोलनको रूप लिएको पाइन्छ । महिलाहरू मताधिकार, राजनीतिक अधिकारका कुरा मात्र होइन, आर्थिक स्वतन्त्रता एवम् महिला स्वतन्त्रताका कुरालाई समेत लिई अगाडि बढ्न थालेको देखिन्छ ।

महिलाहरूको स्थिति मनुष्य वा पशु के हो ? भनी प्रश्नचिन्ह खडा भएको अवस्थामा महिलाहरूले आफ्नो स्थितिको पहिचान गरी मताधिकार, नागरिक अधिकार प्राप्तका निम्ति लगातार आन्दोलन गरी अधिकार प्राप्त गरेरै छोडेको देखिन्छ । महिला आन्दोलनलाई हा“केर लाने साहसिला महिलाहरू पनि निस्कन थाले । जसले गर्दा संयुक्त राष्ट्र सङ्घ पनि विश्वका महिलाहरूको आवाज सुन्न बाध्य भयो । महिलाहरूको आवाजलाई सुनी विश्वका विभिन्न मुलुकहरू जो संयुक्त राष्ट्र सङ्घका सदस्य रहेका छन् ती राष्ट्रलाई महिलाहरूको सवालमा गम्भीर भएर सोच्नुपर्ने र कार्य सम्पादनमा अग्रसर समेत तुल्यायो । परिणाम स्वरूप चौथो विश्व महिला सम्मेलन समेत चिनको बेइजिङ्गमा सन् १९९५ मा सम्पन्न गरी विभिन्न १२ वटा अति चासोका विषयहरूलाई महिला आन्दोलनको विषय बनाई तिनै विषयहरूलाई केन्द्रबिन्दु बनाई महिला आन्दोलनलाई परिचालन गर्नुपर्ने भनी किटान गरेको देखिन्छ । यसरी महिला आन्दोलनले संयुक्त राष्ट्र सङ्घलाई महिलासम्बन्धी विषय विशेष रूपले हेर्नका लागि ध्यान केन्द्रित गर्न पर्ने स्थीतमा पुर्‍याएको पाईन्छ । जसले महिलासम्बन्धी विषयलाई हेर्नको लागि संयुक्त राष्ट्र सङ्घको आर्थिक तथा सामाजिक परिषद्ले महिला सम्बन्धी सहआयोगको समेत स्थापना गरेको छ । अन्ततः विश्वका महिलाहरूलाई एक ठाउ““मा भेला गरी उनीहरूको समस्यालाई एकीकृत गरी समाधानतर्फ हिंड्नका निम्ति सहयोग पुगेको पाईन्छ । यसद्धारा विश्वको महिला आन्दोलनलाई अगाडि बढाउनका लागि सहयोग प्राप्त भएको देखिन्छ ।

विश्वमा महिला आन्दोलन विविध रूपले अगाडि बढ्दै थियो । महिलाहरूले मताधिकार जस्ता महत्वपूर्ण सवालमा विजय हासिल गरेका थिए । विश्वमा महिला आन्दोलन अगाडि बढ्ने क्रममा महिलावादी सिद्धान्तहरू पनि प्रतिपादन भएका छन् । ती प्रतिपादित सिद्धान्तहरूले महिलालाई विभिन्न विषयस“ग जोडेर हेर्दछ । उक्त प्रतिपादित सिद्धान्तहरूले विज्ञान र समाजशास्त्रीय सिद्धान्तको पनि आलोचना गरेको देखिन्छ ।

महिलावाद ९ँभ्mष्लष्कm० विश्वमा वैचारिक दर्शनको रूपमा स्थापित भइसकेको छ । विश्वमा महिलावादका सम्बन्धमा विभिन्न तर्कहरू अगाडि सारिएका छन् । यद्यपि यो एउटा यस्तो वैकल्पिक सामाजिक सिद्धान्तको रूपमा विकसित भइसकेको छ । जसले विज्ञान र समाजशास्त्रीय सिद्धान्तहरूको तीब्र आलोचनासमेत गरेको छ । विज्ञान र समाजशास्त्रीय सिद्धान्तहरूमा लोग्नेमान्छेको प्रभुत्व रहेकोले उक्त सिद्धान्तहरूमा लैङ्गिक अन्धता ९न्भलमभच दष्लिमलभकक० कायम छ भन्ने महिलावादी सिद्धान्तको मान्यता रहेको पाइन्छ ।

महिलावादी सिद्धान्त खासगरी महिला केन्द्रित रहेको देखिन्छ । यसको अवलोकन र अनुसन्धानको पहिलो बस्तु र अनुसन्धानको प्रारम्भबिन्दु नै समाजमा महिलाको अवस्था, अनुभव र अवस्थिति हो । यसले महिलालाई केन्द्रीय विषयवस्तुको रूपमा लिएको पाइन्छ । यो सिद्धान्त महिलाको पक्षमा क्रियाशील रहेको छ । महिलावादी सिद्धान्त खास गरी महिलाको अवस्थिति, अनुभव र अवस्थाहरू पुरुषको भन्दा फरक छ, महिलाहरूको अवस्था र अवस्थति पुरुषको भन्दा फरक मात्र नभई समान पनि रहेको छ । यसका साथै महिला र पुरुषको अवस्थिति र अवस्था प्रत्यक्ष शक्ति सम्बन्धका आधारमा बुझ्नुपर्दछ भन्ने विषयमा केन्द्रित रहेको पाइन्छ ।

हामीले सामान्यतया उपागम ९ब्उउचयबअज० र सिद्धान्त ९त्जभयचथ० समानजस्तो देखिए पनि यी दुई फरक अवधारणा हुन् भनी बुझ्नुपर्दछ । एउटा उपागमभित्र धेरै सिद्धान्तहरू अटाउन सक्छन् । सिद्धान्तभन्दा उपागम बढी विस्तृत हुन्छ । उपागमलाई एउटा सामान्य अवधारणा मानिन्छ भने सिद्धान्तलाई विशेष अवधारणाको रुपमा लिइन्छ ।

महिलावादी आन्दोलन अगाडि बढाउन विभिन्न उपागमहरूको प्रादुर्भाव भएको देखिन्छ । लैङ्गिक फरकको उपागम, लैङ्गिक असमानताको उपागम, लैङ्गिक दमनको उपागम एवम् महिलावादी तेस्रो धारको रूपमा महिलावादी उपागमहरूको विकास भएको पाईन्छ । उक्त उपागमहरू अन्तर्गत विभिन्न सिद्धान्तहरू रहेकाछन् । जसमध्ये लैङ्गिक फरकको उपागम अन्तर्गत

जैविक ब्यख्या, संस्थागत ब्याख्या, सामाजिक मनोवैज्ञानिक ब्याख्या, लैङ्गिक असमानता उपागममा उदारबादी महिलाबाद, मार्क्सवादी महिलावाद रहेको देखिन्छ भने लैङ्गिक दमनको उपागम अन्तर्गत मनोविश्लेषक महिलावाद, आमूल महिलावाद र समाजवादी महिलावाद रहेको पाइन्छ । महिलावादी तेस्रो धारको पनि विकास भएको पाईन्छ । यसरी विभिन्न महिलावादी सिद्धान्तहरूले महिलाहरूको अवस्थाको बारेमा व्याख्या गरेको देखिन्छ ।

विश्वमा महिलाहरूमाथि थिचोमिचो भेदभाव असमान ब्यबाहर भइरहेको अवस्थामा नेपाली महिलाहरूको पनि त्यही आवस्थामा रहेको देखिन्छ । उनीहरूले पनि समानता एवम् स्वतन्त्रताका निम्ति आन्दोलन गरिरहेका छन् । नेपाली महिला आन्दोलन प्रारम्भमा राजनीतिक आन्दोलनस“गै विकसित हु“दै आएको देखिन्छ । नेपाली महिलाहरूले केही अधिकार प्राप्त गर्न सफल भएका छन् । नेपालको तत्कालीन परिस्थिति जटिल भए पनि महिलाहरू विभिन्न माध्यमबाट अगाडि बढ्ने क्रम निरन्तर चलिरहेको थियो । महिलाहरू पाट र सुतका कारखानामा भएको मजदुर आन्दोलनमा पारिश्रमिक, निवासस्थल आदिको बारेमा सुविधाको माग गर्दै मजदुर आन्दोलनमा सरिक भएका थिए । महिला आन्दोलन अझ व्यवस्थित एवम् सङ्गठित रूपले सञ्चालन गर्नको लागि वि सं.२००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा “नेपाल महिला सङ्घ” स्थापना भएको थियो । उक्त सङ्घको स्थापना कालमा महिलाहरूमा विचारको आधारमा विभाजनको रेखा कोरिएको देखिंदैन । त्यसबेला महिलाहरू आफ्ना हकअधिकार प्राप्ति एवम् निरङ्कुश राणाशाही विरोधी आन्दोलनमा एउटै लक्ष्य लिएर अगाडि बढ्दै रहका थिए । त्यसबेला सङ्ख्यात्मक रूपले थोरै भए पनि महिलाहरूको सहभागिता उल्लेख्य रहेको देखिन्छ ।

वि.सं. २००७ सालमा सम्पन्न क्रान्तिमा धेरै महिलाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । महिलाहरूले महिला समुदायको उत्थानको निम्ति आफ्नै अगुवाईमा सङ्गठनहरू पनि स्थापना गर्ने क्रम जारी रहेको थियो । वि.सं. २००७ सालमा तारादेवी शर्माको नेतृत्वमा “अखिल नेपाली महिला सङ्घ” रक्सौलमा स्थापना भयो भने पुण्य प्रभादेवीको अध्यक्षतामा “अखिल नेपाली महिला सङ्घ” नामक सङ्गठन काठमाडौंमा स्थापना भएको थियो ।

नेपाली महिला आन्दोलनको निम्ति दुःखद स्थितिको सृजना भयो । वि.सं. २००७ सालको परिवर्तन पश्चात् “नेपाल महिला सङ्घ” मा पनि फुट सृजना भयो । राजनीतिक परिवर्तन पश्चात् पनि राजनैतिक पार्टी स्थापना हुने क्रम जारी रहेको थियो । यही रूपमा वि.सं. २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापना भएपश्चात बिस्तारै विचार एवम् आस्थाको आधारमा मानिसहरू विभाजित हुनथालेको देखिन्छ ।

यसको प्रभाव महिलामा पनि परेको देखिन्छ । मंगलादेवी सिंहको अध्यक्षतामा गठित “नेपाल महिला सङ्घ” मा फुट आई कामाक्षादेवीको अध्यक्षतामा समानान्तर “नेपाल महिला सङ्घ” को स्थापना भएको थियो भनी कृष्णबहादुरको “ओमन एन्ड सोसल चेन्ज ईन नेपाल” नामक कृतिमा उल्लेख गरिएको छ भने सोहि सङ्गठनकी तत्कालिन सदस्य सहाना प्रधानका अनुसार “नेपाल महिला सङ्गठन” नाम उक्त सङ्घको रहेको थियो । सोही कामाक्षादेवीको अध्यक्षतामा रहेको “नेपाल महिला सङ्गठन” लाई नै वि.सं. २०३७ फागुन १७ गते शान्ता मानवीको अध्यक्षतामा “अखिल नेपाल महिला सङ्घ” नामाकरण गरी पुर्नगठन गरिएको थियो । जुन तत्कालीन नेकपा (माले) मा आस्था राख्ने महिलाहरू आबद्ध भएका थिए ।

यसरी स्थापित महिला सङ्घ, सङ्गठनहरूले महिलामाथि थोपरिएका आर्थिक, राजनीतिक, सामाजिक, कानुनी, पितृसत्ता जस्ता असमानता एवम् दमनबाट महिलाहरूलाई मुक्त गराउनका निम्ति आफ्नै कार्यक्रमहरू बनाएर आआफ्नो झन्डामुनि गोलबन्द भएकाहरूलाई आन्दोलित गराउ“दै आइरहेका छन् । विशेषत: वि.सं. १९७४ सालबाट महिलाहरू बीचमा सङ्घ, सङ्गठनहरू स्थापना गर्ने कामको प्रारम्भ भएयता धेरै सानाठूला सङ्घ सङ्गठनहरू स्थापना भएका छन् । तीमध्ये केही निस्क्रिय भए भने कुनै स्थापना कालबाटै क्रियाशील रहेका छन् । कुनै नाममा

केही फेरबदल गरी पुनर्गठित गरी हालसम्म महिलाहरूको माझमा क्रियाशील छन् । कुनै वि.सं. २०४६ सालपछि मात्र जन्मिएका छन् भने कुनै राजनीतिक पार्टीको विभाजनस“ग विभाजित महिला सङ्घ, सङ्गठनहरू रहेका छन् । ती सबै महिला सङ्घ सङ्गठनहरूले महिला समानताका लागि महिला सवाललाई गम्भीर चासोको विषय बनाउ“दै महिला आन्दोलनलाई अगाडि बढाउन आ-आफ्नै ठाउ““मा क्रियाशील रहेको पाइन्छ ।

नेपालको महिला आन्दोलन सङ्गठित रूपले वि.सं. २००४ देखि प्रारम्भ भएको देखिन्छ । सङ्घ, सङ्गठनको स्थापना पनि महिला आन्दोलनको निम्ति पहिलो आवश्यकता मानिन्छ । देशमा महिला आन्दोलन सामाजिक कुरीति कुसंस्कारको विरोधबाट सुरुवात भई राजनीतिक आन्दोलनस“गै अगाडि बढ्दै आइरहेको देखिन्छ । सो आन्दोलनले प्रारम्भकालमा उठाएका समस्याहरू अशिक्षा, बालविवाह, बहुविवाह, अनमेल विवाह, सामाजिक अन्याय, अत्याचार, धार्मिक शोषणजस्ता विषयहरू नै तत्कालीन महिला आन्दोलनको प्रमुख विषय बनेको पाईन्छ ।

नेपाली महिलाहरूले आफ्नो स्थितिमा परिवर्तन गरी समानताका निम्ति आवाज उठाइरहेका बेला देश र नेपाली जनतामाथि नै राजाद्वारा कुठाराघात गरिएको थियो । वि.सं. २०१७ सालको फौजीकाण्डको विरोधमा महिलाहरू उठेका थिए । त्यस पछिको प्रतिबन्धित अवस्थामा समेत महिलाहरूले आफ्ना सम्पूर्ण गतिविधिलाई भूमिगत रूपले सञ्चालन गरिरहे । वि.सं. २०१७ देखि २०३६ सम्म महिला आन्दोलनले पुनः गति लिन थालेको थियो । यही अवधिदेखि महिलाहरूमाथि हुने अन्याय अत्याचार, असमानता, भेदभाव आदि सवालमा महिलाहरूलाई सचेत गराउनका निम्ति अखिल नेपाल महिला सङ्घ, नेपाल महिला सङ्घ, अन्य वामपन्थी महिला सङ्घ र अन्य महिला सङ्घहरूले महत्वपूर्ण कामहरू गरेको पाइन्छ । सबै महिला सङ्घहरूले आआफ्नै ढङ्गबाट समाजमा व्याप्त सामाजिक कुरीति, कुसंस्कार महिलामाथि भइरहेका आर्थिक, राजनीतिक, कानुनी असमानता तथा पितृसत्तात्मक शोषणका विरुद्धमा महिलाहरूलाई आन्दोलित गरिरहेका थिए । उक्त विषयहरू नै हाल पनि महिला आन्दोलनको विषय बनेको देखिन्छ । यसका साथै सामाजिक लैङ्गिक विभेद, महिला विरुद्धको हिंसा विरुद्धमा गरिएको आन्दोलनसम्म महिला आन्दोलन आइपुगेको छ । नेपालको महिला आन्दोलन सामान्यबाट जटिल परिस्थितितर्फ पाइला चाल्दै आइरहेको छ । महिला आन्दोलनको क्रममा उठाइएका सवाल र मागहरूलाई गहिरिएर हेर्दा महिलामाथि गरिने शोषणको मूलस्रोतको रूपमा लिङ्गीय विभेद, वर्गीय शोषण एवम् पितृसत्ता नै देखा परेको छ । तसर्थ अबको आन्दोलन तिनै असमानताको स्रोतको विरुद्धमा केन्द्रित बन्नु नै आजको प्रमुख आवश्यकता भएको देखिन्छ ।

नेपाली महिलाहरूले वि.सं. २०४६ साल पश्चात् पनि आन्दोलनमा सहभागी भई महŒवपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरूले महिला आन्दोलनलाई राजनीतिक आन्दोलनबाट पृथक राखेर गरेको आन्दोलन कमै मात्रामा देखिन्छ । प्रायः आन्दोलनहरू राजनीतिक आन्दोलनको रूपमा उठेर सोही आन्दोलनमा महिलाहरू संलग्न भएको पाइन्छ । छिटफुट रूपमा मात्र महिला आन्दोलनले पाइला चाल्दा महिला सवाललाई मात्र केन्द्रबिन्दु बनाई अगाडि बढेको पाइन्छ । तसर्थ नेपालको महिला आन्दोलन र राजनीतिक आन्दोलन एक अर्कोबाट पृथक गराउन सकिदैन । राजनीतिक आन्दोलन पनि महिला आन्दोलनको सफलताको निम्ति आवश्यक पर्दछ । नेपालको परिप्रेक्ष्यमा राजनीतिक आन्दोलनको विकासस“गै महिला आन्दोलन पहिलो अवधिमा भन्दा पछिल्लो अवधिमा विकसित भएको देखिन्छ ।

नेपालको महिला आन्दोलन कुरिती कुसंस्कारको विरोधबाट प्रारम्भ भई राजनीतिक आन्दोलनस“ग गा“सिएर अगाडि बढिरहेको छ । आन्दोलनका विषयहरू समयस“गै थप एवम् परिमार्जित हु“दै गइरहेका छन् । महिलाहरूले आफूमाथि भइरहेको आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक तथा कानुनी असमानताका विरुद्धमा आवाज उठाउनुका साथै समाजमा व्याप्त पितृसत्ताको विरोध गरिरहेको पाइन्छ । यसका साथै लैङ्गिक असमानताको विषयलाई पनि प्रमुख विषय बनाई उठाउन थालिएको देखिन्छ भने समाजमा बढ्दै गएको बलात्कार, चेलीबेटी बेचबिखनजस्ता सामाजिक अपराधको समेत विरोध गर्न थालिएको पाइन्छ । सबै प्रकारका दमन, उत्पीडन र असमानतालाई हटाउनका लागि महिलाहरूले महिला

आन्दोलनलाई अगाडि बढाइरहेका छन् । यसको निम्ति सबै महिला सङ्घहरूले आआफ्नै ढङ्गबाट आआफ्नै सङ्गठनात्मक ढा"चाबाट कामको बिस्तार गर्दै आन्दोलनलाई निरन्तर रूपमा अगाडि बढाइरहेको देखिन्छ ।

राजनीतिक आन्दोलनको मूलउद्देश्यस"ग आबद्ध रहेर सोही आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ उठ्ने गरेको महिला मुक्ति आन्दोलनले राजनीतिक रूपले महŒव पाउन सके पनि सामाजिक रूपले पाउन सकेको देखिदैन । जस्तो कानुनी रूपले अधिकार प्राप्त गरेको भए पनि त्यसलाई व्यवहारमा प्रयोग गर्ने सवालमा समस्या देखिने गर्दछ । वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् पनि राजनीतिक आन्दोलन स"गस"गै सामाजिक आन्दोलनको रूपमा महिलाहरूले आन्दोलनलाई अगाडि बढाइरहेको देखिन्छ ।

देशमा ३० वर्षे पञ्चायती व्यवस्थाको देहावसान पश्चात् नेपाली जनता, त्यसमा पनि महिलाहरूले आफ्नो दयनीय अवस्थामा परिवर्तनको अपेक्षा र हर्षोल्लसका साथ बहुदलीय व्यवस्थाको स्वागत गरेका थिए । तर नेपाली जनताले बोल्ने लेख्ने, सभा सङ्गठन गर्ने अधिकार प्राप्त गरेता पनि दैनिक समस्याले उनीहरूलाई छोडेन । महिलाहरूले आफ्नो अवस्थामा परिवर्तनको अनुभूत गर्न सकेनन् । तसर्थ महिलाहरूले देशमा बढ्दै गएको मह"गी विरोधी आन्दोलनलाई अगाडि बढाएका थिए । देशमा बढ्दै गएको महिला विरुद्धको हिंसा, हत्या, बलात्कार आदि घटनाहरू नियन्त्रण हुन नसकेकाले त्यसको विरोधमा महिलाहरू सडकमा उत्रिएका थिए । महिलाहरूको पैत्रिक सम्पत्तिमा अधिकार, हत्या, बलात्कार महिला बेचबिखन गर्ने अपराधीहरूलाई कडा कारवाहीको माग गर्दै महिलाहरूलाई समान अधिकार एवम् सुरक्षाको ग्यारेन्टी हुनुपर्दछ भन्दै सडकमा उत्रिएका थिए । यद्यपि समाजमा महिलाहरू असुरक्षित बन्न थालेका थिए । तसर्थ सामाजिक असुरक्षा, बलात्कारका घटनाहरू महिलाको मात्र नभएर सिङ्गो राष्ट्रको समस्या हो, यो समस्या सबै नेपाली महिलाहरूको साझा समस्या हो भन्दै महिलाहरू एकजुट भएर आवाज उठाउन थालेको पाइन्छ ।

नेपाली महिला आन्दोलनका निम्ति सबै महिलाहरूको सहभागिता र सक्रियताको आवश्यकता भएकाले त्यसतर्फ उनीहरूको अग्रसरता रहेको देखिन्छ । यसका साथै महिलाहरूको साझा सवालमा एकताबद्ध हु"दै आवाज बुलन्द गर्न नितान्त आवश्यक भएको महसुस भएको देखिन्छ । तसर्थ यस आवश्यकताको पूर्ति "महिला सुरक्षा दबाब समूह"ले गरेको देखिन्छ । नेपालको महिला आन्दोलनको निम्ति महिलाहरूको सरोकारको विषय, साझा सवाललाई लिएर एउटै साझा मञ्चमा आबद्ध भई आवाज उठाउनु उपलब्धिमूलक बन्न पुगेको देखिन्छ । जसले महिला आन्दोलनको प्रमुख आवश्यकतालाई पूर्ति गर्न सहयोग पुगेको महसुस हुन्छ । नेपाली महिला समुदायको मर्यादाको सुरक्षा र हकहित संरक्षण गर्न महिला तथा बालबालिकाका हितस"ग सम्बन्धित प्रश्नमा संयुक्त आवाज उठाउन र संयुक्त प्रयासमा लाग्न "महिला सुरक्षा दबाब समूह" वि.सं. २०४९ असार ९ गते स्थापना गरिएको थियो । यसरी महिला तथा बालबालिकाहरूको बलात्कारका घटना र समाजमा महिलाहरूको इज्जत, अस्मिता र सुरक्षाको ग्यारेन्टी नभएकाले त्यस्ता खालका महिलामाथि हुने सामाजिक अपराधका घटना विरुद्ध लड्न महिलास"ग सम्बन्धित संवेदनशील विषयलाई लिएर उक्त "महिला सुरक्षा दबाब समूह" गठन गरिएको देखिन्छ । यस प्रकार महिलाका साझा सवालमा एउटै साझा मञ्चमा महिलाहरू सङ्गठित हुनु महिला आन्दोलनको निम्ति ठूलो उपलब्धि भएको मान्न सकिन्छ । यो थालनीलाई महिलाहरूले विनासर्त निरन्तरता दिनु नै आजको आवश्यकता भएको देखिन्छ ।

यसरी "महिला सुरक्षा दबाव समूह" युवा, विद्यार्थी, विभिन्न वैचारिक आस्था भएका सङ्घ संस्था, गैरसरकारी सङ्घ संस्था संलग्न रहेको साझा मञ्चको रुपमा स्थापना भएको देखिन्छ । जसले महिलाहरूलाई आफ्नो हक, अधिकार प्राप्तिको निम्ति उत्साहित गर्दै निरन्तर अगाडि बढ्न प्रोत्साहित गरिरहेको पाइन्छ । यसले नेपालको महिला आन्दोलनको निम्ति महŒवपूर्ण भूमिका निर्वाह गर्दै महिलास"ग सम्बन्धित सबै सवाललाई उठाउ"दै आइरहेकोछ ।

महिलाहरूले समान अधिकार प्राप्तिका निम्ति आन्दोलनको स्वरूप पनि परिवर्तन गर्दै आन्दोलन गरिरहेको र उनीहरूले आन्दोलनलाई सदन बाहिर र सदनभित्र गरी आन्दोलनलाई सञ्चालन गरेको देखिन्छ । सदन बाहिरको आन्दोलनमा जनचेतना जगाउने, आन्दोलनको पक्षमा ऐक्यबद्धता जुटाउने, धर्ना, जुलुस, अनसनजस्ता कार्य गरी सरकारलाई दबाब दिने थियो भने सदनभित्र सांसदहरूलाई स्मरणपत्र दिने, प्रधानमन्त्री, महिलामन्त्री न्याय तथा कानुनमन्त्री लगायत सम्बन्धित निकायलाई ज्ञापनपत्र तथा स्मरणपत्र दिने, सदन र समितिमा विधायकलाई यसका पक्षमा सशक्त रूपमा आवाज उठाउन प्रेरित गर्नेजस्ता कार्यहरू रहेको देखिन्छ ।

देशको कूल मतदाताको आधा भाग ओगटेका महिलाहरूको उत्थानका निम्ति राष्ट्रिय स्तरका राजनीतिक दलहरूले पनि महिलाका विभिन्न सवाललाई समावेश गरी उटाउन थालेका थिए । सो दलहरूले महिला समानता, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक विभेदजस्ता महिला विरुद्धको सवाललाई उठाएको देखिन्छ । यद्यपि ती महिलासम्बन्धी सवाललाई पार्टीको चुनावी घोषणापत्रमा समावेश गर्नका लागि सम्बन्धित पार्टीका महिलाहरूले निक्कै मेहनत गर्नुपरेको विषयलाई भने बिर्सन सकिदैन । यसका साथै सुझाव एवम् दबाबसमेत उनीहरूले आआफ्नो पार्टीमा दिएका थिए । राजनीतिक क्षेत्रमा पनि समान अवसर प्राप्तिका निम्ति महिलाहरूले लडेको देखिन्छ । तसर्थ महिलाहरूको सक्रियता र निरन्तरताले मात्रै राजनीतिक क्षेत्रमा पनि समान अवसर प्राप्त गर्न सकिन्छ भन्ने देखिन्छ ।

नेपाली महिलाहरूले मताधिकार प्राप्त गरेपछि केही राजनीतिक राहत प्राप्त गर्न सफल भएका थिए । अझ जनआन्दोलनपश्चात् महिलाहरू आफ्नो हक, अधिकारका लागि लडिरहेका छन् । यद्यपि उनीहरू जुलुस, आमसभा र विभिन्न आन्दोलनजस्ता राजनीतिक गतिविधिहरूमा सधैं अग्रभागमा देखिएका हुन्छन्, तर सत्ता र शासनमा उनीहरू शून्य वा अल्पसङ्ख्यामा मात्र पुग्ने अवसर प्राप्त गर्दछन् । तर यस्तो धारणा वा अवस्थाले महिलाहरूको चासो एवम् सक्रियतामा चोट पुऱ्याएको महसुस हुन्छ । राजनीतिमा देखा परेको भेदभावको विरुद्धमा महिलाहरू स्वयम्ले कदम चालेमा ती गलत कुराहरूलाई हटाउन सकिन्छ भन्ने कुरा प्रमाणित भएकोछ ।

महिलाहरूलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गरि“दै आउने क्रम टुटेको देखिदैन। नेपालमा पनि “सुन्दरी प्रतियोगिता” जस्ता महिलालाई उपभोग्य वस्तुको रूपमा प्रयोग गर्ने उद्देश्यका साथ आयोजना गरिन थालेको पाइन्छ । पितृसत्तात्मक समाजमा महिलाहरूलाई पुरुषको निजी सम्पत्तिको रूपमा लिइराखेको छ । यस्ता गलत प्रवृत्तिको विरोध नेपाली महिलाहरूले पनि गर्दै आइरहेका छन् ।

महिलाहरूले आन्दोलनकै क्रममा “राष्ट्रिय महिला आयोग” को अवधारणाको विकास गरी सो आयोगको स्थापनाको माग सरकार सामु राखेका थिए । महिला तथा समाजकल्याण मन्त्रालयको छुट्टै कार्यक्षेत्र दिई स्वतन्त्र रूपले मन्त्रालय स्थापना भई महिला विकासका कार्यहरू सञ्चालन भए पनि सो मन्त्रालयले मात्र महिलाहरूको समस्या समाधान हु“दैन भनेर महिला आयोगको मागलाई अगाडि सारिएको थियो । यसरी राष्ट्रिय महिला आयोग स्वतन्त्र, उच्च स्तरीय, अविच्छिन्न आयोगको रूपमा हुनुपर्छ, यसले सरकारलाई दबाब दिनुपर्दछ भन्ने आवाज महिलाहरूले उठाएका थिए । परिणामस्वरूप राष्ट्रिय महिला आयोग स्थापना भई काम प्रारम्भ गरेको छ । यसमा महिलास“ग सम्बन्धित सङ्घ, संस्थाहरूले समेत खबरदारी गर्दै महिलाहरूको पक्षमा काम गर्दै आएको देखिन्छ ।

नेपालका गैरसरकारी सङ्घ, संस्थाहरू महिलाहरूका साझा सवालमा एउटै ठाउ“मा रहेर पनि काम गर्न सक्छन् भन्ने कुरा गैरसरकारी समूह राष्ट्रिय तयारी समिति, नेपाल बेइजिङ्गतिर १९९५ गठन गरेर प्रमाणित गरिदिएका छन् । चीनको बेजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलन तयारीको निम्ति महिला हक, हितको लागि एउटै तयारी समिति गठन गरी काम सम्पन्न गरेका थिए । यसमा विभिन्न राजनीतिक पार्टीहरूस“ग सम्बद्ध महिला सङ्घहरू, विभिन्न सङ्घहरू र व्यक्तिहरू रहेका भए पनि कार्य सम्पादन गर्दा महिलाहरूका साझा सवालमा पार्टीगत

राजनीतिक रङ्ग लाग्न नदिई एउटै आवाजका साथ नेपाली महिलाहरू समानता र स्वतन्त्रताका लागि अगाडि बढेको देखिन्छ । यो कार्य नेपालको महिला आन्दोलनको निम्ति ज्यादै उत्साहजनक मान्नुपर्दछ र आवश्यक पनि देखिन्छ । सम्मेलनमा महिलाहरूका सवाललाई एउटै ठाउ“““बाट, एउटै कार्यथलो बनाई अगाडि बढ्ने कार्य गर्नु पनि नेपालको महिला आन्दोलनका लागि उपलब्धिमूलक बनेको देखिन्छ । यसरी मिल्ने र मिल्न सकिने विषयमा एकताबद्ध भई अगाडि बढ्नु नै महिला आन्दोलनको निम्ति आवश्यक भएको देखिन्छ ।

नेपालको विभिन्न क्षेत्रमा महिलाहरूले समाजमा बढ्दै गएको घरेलु हिंसाका विरोधमा उत्रिनुका साथै तास, जुवा, जा“ड, रक्सीका विरुद्धमा सङ्घर्ष नै छेडेका थिए । खासगरी नेपालको पश्चिमी भाग दाङ, कन्चनपुर आदि ठाउ“““मा जा“ड, रक्सीको विरुद्धमा आन्दोलन गरी स्थानीय स्तरमा प्रतिबन्धसमेत लगाउने स्थितिको सृजना गरिएको देखिन्छ । आन्दोलनको क्रममा पर्चा वितरण, सभा, जुलुसदेखि लिएर जनकारवाहीसमेत महिलाहरूले गरेको देखिन्छ । यो आन्दोलन कतिपय महिला सङ्घ, सङ्गठनहरूको पहलमा भएको थियो भने केही स्वतस्फूर्त रूपमा स्थानीय महिलाहरूको सक्रियतामा भएको थियो । यसरी नै समाजमा महिलाहरूलाई “बोक्सी”को आरोपमा गरिएका घृणात्मक क्रियाकलाप, कुटपिट, हत्यासमेत गरिएको विरोधमा महिलाहरू उत्रिनुका साथै ती अपराधमा संलग्न अपराधीलाई कारवाहीको माग गर्दै उनीहरू सङ्घर्षमा उत्रिएका थिए ।

नेपाली महिलाहरू महिला सवालमा मात्र केन्द्रित नभई राष्ट्र र राष्ट्रियताको सवालमा पनि केन्द्रित बनेका देखिन्छन् । उनीहरू आफ्नो हक, अधिकारका लागि मात्र नभएर सिङ्गो राष्ट्र, राष्ट्रियताको निमित्त पनि ज्यान आहुति दिएको कुरा नालापानी र काङ्गडाको युद्धमा इन्द्रेणी थापा र साबित्रीदेवीजस्ता देशभक्त महिलाहरूको बलिदानी कार्यले स्पष्ट पारेको छ । महिलाहरू राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने सवालमा पनि संवेदनशील रहेका छन् । यसैगरी भारतले आफ्नो स्वार्थअनुरूप निर्माण गरेका पूर्णागिरी बाँध, लक्ष्मण बाँधजस्ता बाँध निर्माण कार्य रोक्ने, भारतसँगका असमान सन्धिहरूको खारेजी, सीमा नदीमा नेपाली पानीमाथि अधिकार पाउनुपर्ने, अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरी निर्माण गरिएका बाँधहरू भत्काउनुपर्ने, भारतीय सेना हटाउनुपर्ने, भारतीय सीमा अतिक्रमण बन्द गरिनुपर्नेजस्ता माग राखी नेपाली महिलाहरूले राष्ट्रियताको आन्दोलनमा प्रत्यक्ष संलग्न भएर साहसिक कार्य गरेका थिए । यसरी नै महिलाहरूले आफ्नै नेतृत्वमा पूर्णागिरीमा मार्च गरेर राष्ट्रियताको आन्दोलनमा प्रत्यक्ष संलग्न भएर साहसिक कार्य गरेका थिए । यसरी महिलाहरूले आफ्नै नेतृत्वमा पूर्णागिरीमा मार्च गरेर राष्ट्रियताको पहरेदारी गरेका थिए । त्यो आफैमा गौरवपूर्ण काम भएको मानिन्छ । जसले सामाजिक रूपले सङ्गठित पितृसत्तात्मक शोषणलाई चोट पुऱ्याउने काम गर्न सफल भएको मान्न सकिन्छ । नेपालमा सामाजिक क्रान्ति र महिला समानताका सङ्घर्षका नयाँ सम्भावनाहरू जन्मिन थालेको देखिन्छ । आन्दोलनको रूप र तरिकाहरूमा पनि केही परिवर्तन आएको पाइन्छ । नेपाली महिलाहरूले ८ मार्च (नारी दिवस)लाई हिंसा, युद्ध, प्रतिगमनको विरुद्ध महिला आवाज, शान्ति समानता, प्रजातन्त्र र समग्र विकास जस्ता मूलनाराका साथ विभिन्न राजनीतिक पार्टीका भगिनी सङ्घ सङ्गठनहरू, महिला अधिकारवादी सङ्घ संस्थाहरू, मानव अधिकारवादीहरू तथा ट्रेड युनियन महासङ्घ आदिले संयुक्त रूपमा मनाउन थालेको देखिन्छ ।

नेपाली महिलाहरू आफूमाथि थोपरिएका सबै राजनीतिक, आर्थिक, सामाजिक, कानुनी, पितृसत्ता, घरेलु हिंसा, बलात्कार जस्ता कार्यका विरुद्ध र असमानताको विरुद्धमा आफ्नै सक्रियतामा राष्ट्रव्यापी रूपमा जनसागरको रूपमा उर्लिन थालेको देखिन्छ । देशमा बढ्दै गएको महंगीको विरोधमा समेत महिलाहरू प्लेकार्ड, तुल, ब्यानर बोकेर सडकमा उत्साहित बनी सहभागी भई दैनिक उपभोग्य वस्तुहरूको मूल्य घटाउनका निम्ति जनउभारमा संलग्न रहेका थिए । महिलाहरूको अवस्थामा प्रजातन्त्रको पुनःस्थापनापछि पनि सुधार नआएपछि, महिलाहरूवको अवस्थामा सुधार ल्याउनका निम्ति सबै महिला सङ्घ सङ्गठनहरू योजनाबद्ध रूपले लाग्न थालेका देखिन्छन् । महिलाहरूस"ग सरोकार राख्ने साझा सवालमा एउटै ठाउ""मा महिलाहरू जम्मा भई साझा मञ्चको स्थापना गर्दै आन्दोलनलाई गति दिन थालेको पाइन्छ । यस प्रकार महिला मुक्ति, राष्ट्रियताको संरक्षणको निम्ति महिलाहरू निरन्तर रूपमा लागिरहेका छन्, यसरी आन्दोलनलाई अटुट रूपले अगाडि बढाई रहेको देखिन्छ ।

विश्वका अन्य मुलुकमा झैं नेपालमा पनि विभिन्न आन्दोलन एवम् निर्वाचनको समयमा राजनीतिक पार्टीहरूको आव्हानमा महिलाहरू व्यापक रूपमा संलग्न रही महŒवपूर्ण योगदान गरिरहेका हुन्छन् । तर आन्दोलन, चुनाव सकिएपछि उनीहरू क्रमशः पछाडि धकेलिन्छन् । चुनाव जितेर शक्ति आफ्नो हातमा लिएपछि शक्ति विभाजनमा महिलाको सवाल छायामा पारी अवहेलना गरिदै आएको देखिन्छ । वि.सं. २०४६ सालको जनआन्दोलनमा महिलाहरूको सहभागिता, भूमिका एवम् योगदान महŒवपूर्ण रहेता पनि उनीहरू प्रत्येक मोडमा असक्षम एवम् अयोग्य ठहरिँदै आएको पाइन्छ । नया" संविधान निर्माण गर्ने समितिमा महिलाहरूको अवज्ञा गरिएको इतिहास पाइन्छ ।

नेपालका राजनीतिक पार्टीहरूले महिला सवाललाई गम्भीरतापूर्वक उठाउ"दै आएका छौं भन्ने कुरालाई बारम्बार दोहोऱ्याउन भने चुकेका छैनन् । ती राजनीतिक पार्टीहरूले आ–आफ्नो ढङ्गबाट महिलाहरूको उत्थान एवम् विकासका योजनाहरू बनाउ"दै आइरहेका छन् । यसका साथै आफ्ना चुनावी घोषणापत्रमा पनि महिला सवाललाई समावेश गरेको छ । सबै राजनीतिक पार्टी र जनवर्गीय सङ्गठनहरूले महिलाहरूलाई अगाडि बढाउने प्रयत्न गरिरहेका छन् । यद्यपि ती पार्टी र जनवर्गीय सङ्गठनहरूमा भएका महिलाहरूलाई महिला फा"टको जिम्मा दिइएको हुन्छ । केही अपवाद बाहेक महिला महिलाहरूको मात्र नेता हुनुपर्छ भन्ने पूर्वाग्रही मान्यता पनि रहेको पाइन्छ । यस्तो गलत चिन्तनको विरोध गर्नु अति आवश्यक रहेको देखिन्छ । महिलाहरू केवल भोट बैंक मात्र होइन, आफ्नो सही दृष्टिकोण र पहिचान पनि दिन सक्नुपर्छ । यसका निम्ति आधा धरती ओगटेको महिलाहरू एकजुट भएमा धेरै कुरा हासिल गर्न सकिन्छ । महिला हक, अधिकार प्राप्तिका निम्ति महिला एकता अनिवार्य विषय हो । यसको अभावमा महिला आन्दोलनलाई अगाडि बढाउन कठिन देखिन्छ ।

सबै पार्टीहरूले महिला समुदायको उत्थान र विकास विना समाजको विकास गर्न असम्भव भएको ठान्दछन् । महिलाहरू समाजको भित्री तहसम्म जान सक्दछन् । वर्तमान सामाजिक प्रणालीले उनीहरूलाई सहजै हरेक चुलोसम्म पुऱ्याउन, परिवारलाई घरभित्रैबाट उत्प्रेरित गर्दै सामुहिक प्रयत्नबाट हुने प्रत्येक काममा महिलाहरूले अहिलेको सन्दर्भमा पुरुषहरूले भन्दा बढी भूमिका निर्वाह गर्न सक्छन् । महिलाहरूलाई परिवारसँग घनिष्ट भित्रैबाट चिन्ने उनीहरूमा अन्तरनिहित अन्तर्विरोधलाई केलाउन र सामाजिक अभियानमा संलग्न गर्नसक्ने क्षमता उनीहरूमा भएकाले त्यो क्षेत्र पनि विशेष योगदानको क्षेत्र बन्ने देखिन्छ । भनिन्छ परिवारमा एक महिला शिक्षित हुनु भनेकै परिवार शिक्षित हुनु हो । त्यसैले राजनीतिक दलहरूले पनि महिला शिक्षालाई विशेष जोड दिएका देखिन्छ ।

राजनीतिक दलहरूले राजनीतिमा पनि महिला सहभागितालाई वृद्धि गराउने उद्देश्यका साथ आफ्ना नीति, कार्यक्रम अनुसार कार्य गरिरहेकै पाइन्छ । आफ्ना चुनावी घोषणापत्रमा

समेत महिला सवाललाई गम्भीरतापूवर्क उठाउँदै आएको पाइन्छ । बिभिन्न समयमा महिलाहरू पनि निर्वाचित भएर प्रतिनिधिसभामा पुगेर महिलासँग सम्बन्धित सवाललाई सदनमा समेत उठाएका थिए । त्यसबेला विशेषगरी पैत्रिक सम्पत्तिमा समान अधिकार, असमान कानुनको खारेजी जस्ता सवालले महत्त्व पाएको थियो । राजनीतिमा संलग्न महिलाहरूले आफ्नो अधिकार प्रयोग गर्नका लागि र पार्टीभित्र उचित महिला प्रतिनिधत्वका लागि पार्टीभित्र नै सङ्घर्ष गर्दै पार्टीभित्र देखापरेको पितृसत्तात्मक शैलीको समाप्तिका लागि राजनीतिमा संलग्न महिलाहरूले पहल गर्दै आइरहेको देखिन्छ । पार्टीगत रूपमा रहेको गलत प्रवृत्ति, पितृसत्तात्मक शोषण र पार्टीभित्र रहेको महिला प्रतिनिधित्वको कमिलाई हटाई राजनीतिक शोषणको अन्त्यका लागि महिलाहरू स्वयम् सचेत एवम् जागृत भई आममहिला समुदायलाई परिचालित गर्दै अगाडि बढिरहेको पाइन्छ । यसका साथै राजनीतिक क्षेत्रमा देखापरेका पितृसत्तात्मक शैलीको कुप्रभावको अन्त्यका लागि पुरुष समुदाय समेतलाई सचेत गराउन लागि महिलाहरू कृयाशिल बनिरहेका छन् । राजनीतिक क्षेत्रमा महिलाहरूको उचित उपस्थितिका लागि स्वयम् महिलाहरूले नै क्रियाशील बनी पहल गर्नुपर्ने आजको महिला आन्दोलनको निम्ति आवश्यक रहेको देखिन्छ ।

नेपालमा भइरहेको महिला समानताको आन्दोलन वर्गीय आन्दोलनस“ग अन्तर्निहित रहेको पाइन्छ । माहिलामाथि भइरहेको उत्पीडन र भेदभावको विषय सामुदायिक विषयका रूपमा भए पनि यसको विकासको वस्तुगत आधार वर्गहरूको उत्पत्ति नै मानिन्छ । यद्यपि महिलाहरूले वर्ग सङ्घर्षमा भाग लिएर मात्र हु“दैन । महिला विरुद्ध अवरोधका रूपमा तेर्स्याएको पितृसत्ताको अन्त्यको लागि पनि आन्दोलन गर्नु पर्ने देखिन्छ ।

पितृसत्ता एक संस्थागत दमन वा शोषणको रुपमा रहेकोछ । महिलामाथि गरिने शोषणका औजारमध्ये पितृसत्ता पनि एक रहेको देखिन्छ । परिवारिक कामकाज र सामाजिक व्यवहारमा महिलामाथी हुने र गरिने भेदभाव, अपमानता, नियन्त्रण, शोषण, व्यभिचार तथा हिंसा त्यही पितृसत्ताका विभिन्न रूपहरू हुन् भनिन्छ । पितृसत्ता भनेको परिवारमा बाबु सर्वेसर्वा हुने प्रक्रिया हो वा बाबुको अनुशासनमा परिवारका सदस्यले बस्नुपर्ने सामाजिक व्यवस्था हो, अथवा परिवारमा बाबु वा पति वा छोरा कुनैबाट परिवारका सदस्यले चल्नुपर्ने अवस्थालाई मान्नुपर्दछ । हाम्रो समाजमा यस्तो स्थितिको बाहुल्यता रहेकाले पारिवारका सदस्यहरू (महिला, बालबच्चाहरू, नोकरचाकर) प्रभावित भएका पाइन्छन् ।

नेपाली महिला आन्दोलनको बाटोमा धेरै अवरोधहरू तेर्स्याइएका छन् । जसले महिलाहरूलाई दबिइरहेकै अवस्थामा रहन बाध्य तुल्याइएको छ । महिलाहरूलाई आफ्नो स्वार्थका निम्ति प्रयोग गर्नेहरूले उनीहरूलाई सधैं अज्ञानताको खाल्टोमा हाल्न खोजिरहेका हुन्छन् भने महिलाहरू अधिकार सम्पन्न खुला आकाशमुनि जिउन खोजिरहेका छन् । यसरी प्रत्यक्ष रूपले दुई स्वार्थको बीचमा आआफ्ना स्वार्थ रक्षा र प्राप्तिका निम्ति सङ्घर्ष भइरहेको देखिन्छ । नेपाली महिलाहरूको अवस्था, समाजिक असमानता, अन्याय, स्रोत र शक्तिमाथि पहुच र नियन्त्रणको कमि, नागरिकको रुपमा स्थापित हुन नसक्नु जस्ता कारणले नै महिला आन्दोलनलाई जन्माएको देखिन्छ ।

नेपाली राजनीतिक महिला आन्दोलनले महिलाहरूको अबस्थामा थोरै भए पनि सुधार भएको पाइन्छ । समाज बिकासको आधार अर्थतन्त्र हो भने त्यसको मुटु राजनीतिलाई मानिन्छ । राजनीतिले महिला आन्दोलनको बिकासको लागि उत्प्रेरकको भुमिका खेलेको हुन्छ । समाज बिकासको बाधकको रुपमा रहेको लैगिक बिभेद, असमानता एव पितृसत्ताको अन्त्यको लागि राजनीतिक महिला आन्दोलनले

महत्वपुर्ण भुमिका निर्वाह गरेको देखिन्छ । अपेक्षाकृत रुपमा राजनीतिक महिला आन्दोलनलाई अगाडी बढाउन नसके पनि निरन्तर रुपमा अगाडी बढाइ रहेको पाइन्छ ।

नेपालको राजनीतिक एवम् महिला आन्दोलनद्धारा राजनीतिक, आर्थिक, समाजिक, स्वास्थ्य, कानुनी, सञ्चार, सांस्कृतिक जस्ता क्षेत्रमा न्युन रुपमा भए पनि लैगिक बिभेदिकरणको अन्त्यका लागि सहयोग पुगेको पाइन्छ । राजनीतिक पार्टीहरू एवम् राज्यका सबै निकायमा ३३ प्रतिसत महिला सहभागिता गराउने निर्यण, प्रतिनिधि सभा र राष्ट्रिय सभामा क्रमशः ५ र ३ प्रतिसत, स्थानिय निकायमा २० प्रतिसत अनिवार्य महिला सहभागिता हुन पर्ने, पैतृक सम्पतिमा छोरा र छोरीको समान अधिकार, पढ्न पाउने अधिकार, सञ्चार क्षेत्रको निति निर्णयको तहमा कार्यरत अधिकतम पत्रकारहरू महिला र लैगिकता सम्बन्धि सवालमा संबेदनशिल बन्नु, बोल्न, लेख्न, सभा, सम्मेलन गर्ने जस्ता अधिकार एवम् अवसरहरू पाप्त भएको देखिन्छ ।

तसर्थ राष्ट्रनिर्माण एवम् विकासका निम्ति सबै क्षेत्रमा समान सहभागिताको नीति आपनाउनुपर्छ । समाजमा लैङ्गिक असमानताको सामाप्ति र सबै क्षेत्रमा समान सहभागिता हुनुपर्छ । समाजमा रहेका सबै लैङ्गिक विभेद कुरीति, कुसंस्कारलाई  निर्मूल पारेमा मात्र नेपाली महिलाहरूको अवस्थामा सुधार आउने देखिन्छ । जसले नेपालको राज्य सञ्चालनका निमित्त महिलाहरूको पनि पुरुष सरह सहभागिताका निम्ति महिलाहरू सक्षम एवम् समान अवसर प्राप्त गरेमा महिला पुरुषको समान सहभागिता रहन्छ ।

सञ्चारमाध्यममा महिला र लैङ्गिकता सम्बन्धी सवालको सन्दर्भमा समस्याको रूपमा देखिएको विषयप्रतिको सकारात्मक सोच भएर पनि त्यसलाई कसरी आफ्ना सामग्रीहरूमा समेट्ने भन्ने पक्षमा स्पटता नहुनु देखिएकोछ । सञ्चार संस्थाहरूका नीति निर्णायक तहमा कार्यरत अधिकतम पत्रकारहरू महिला र लैङ्गिकता सम्बन्धी सवालमा संवेदनशील बन्न थालेका पाइन्छन् । सञ्चार क्षेत्रमा उक्त सवालले प्रसस्त स्थान तथा सकारात्मक प्रभाव दिने गरी प्रस्तुति पाउनुपर्छ भन्ने कुरामा सहमत रहेका देखिन्छन् । तसर्थ सञ्चार क्षेत्रबाट प्राप्त सकारात्मक उपलब्धिलाई अझ महिलाको पक्षमा सदुपयोग गर्दै अरु उपलब्धि प्राप्तिका लागि निरन्तर लागिरहनु आजको आवश्यकता देखिएकोछ । त्यसको प्रत्यक्ष असर कानुन निर्माण कार्यमा पनि परेको पाइन्छ । तसर्थ विद्यमान सबै कानुनी विभेदलाई समानतामा परिणत गर्न महिलाहरूले आफै क्रियाशील भई आन्दोलनलाई सशक्त बनाउनु नै आजको आवश्यकता बन्न गएको देखिन्छ ।

नेपाली महिलाहरूले राजनीतिक महिला आन्दोलनलाई निरन्तर रूपले अगाडि बढाउ"दै आउने क्रममा २०४६ सालको जनआन्दोलन पश्चात् राजनैतिक महिला आन्दोलनमा केही विकास भएको देखिन्छ । यसरी वि.सं. २०४७ सालदेखि महिलाहरूले महिला सवालहरूलाई उठाउने क्रममा साझा मञ्चलाई उपयोग गर्दै वि.सं. २०६० सालसम्म आइपुगेका छन् । विगतका दिनमा भन्दा सो अवधिमा आन्दोलनमा थप उपलब्धि हासिल भएको पाइन्छ ।

नेपालका महिलाहरूले राजनीतिक सचेतनताका कारण महिला सरोकारका सवाललाई साझा सवालका रुपमा उठाउनु, लैगिक बिभेद, बर्गिय शोषण एवम पितृसत्ता अँन्त्यको लागि महत्वपूर्ण भुमिका निर्वाह गरेको पाइन्छ । नेपालका महिलाहरूको राजनीतिमा सहभागिताको इतिहासलाई हेर्दा महिलाहरू केवल विरोध प्रदर्शनमा मात्र सरिक नभई चेतना अभिवृद्धिका निमित्त महिला आन्दोलनलाई केन्द्रित गरेको देखिन्छ ।

## ८.२ निष्कर्ष

समाज विकासको आधार अर्थतन्त्र भए भैंm राजनीतिलाई त्यसको मुटु मान्ने गरिन्छ । नेपालको महिला आन्दोलनको विकासमा राजनीतिले उत्प्रेरकको भूमिका खेलेता पनि राजनीतिमा महिला सहभागितालाई वृद्धि गर्ने सवालमा भने परम्परागत सामाजिक जडताबाट ऊ आफै मुक्त हुन सकेकोछैन । वर्तमान अवस्थामा पनि राज्ययन्त्रको स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म, राजनीतिक पार्टी, सामाजिक सङ्घ, संस्थाका सबै तहको नीति निर्माण, योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा महिलाहरूको मात्रात्मक र गुणात्मक दुवै पक्षमा सहभागिता कमजोर रहेको पाइन्छ । महिलाहरू अभैm पनि आफूलाई मन परेको विचार र सिद्धान्त छान्ने र सङ्गठित हुने सवालमा पूर्ण स्वतन्त्र देखिदैन । समाजको हरेक क्षेत्रमा लैङ्गिक सचेतनताको स्तर अत्यन्त कमजोर रहेको देखिन्छ । यसका साथै राज्य तथा राजनीतिक दलद्वारा सबैको नजरमा नकारात्मक धारणाको विकास नहोस् र भोटबैंकमा प्रतिकूल प्रभाव नपरोस् भन्ने उद्देश्यले अघि सारिएका महिला समानता, महिला उत्थान र विकासका कुरा व्यवहारमा आउन सकेका देखिदैनन् । कतिपय महिलासम्बन्धी सवालमा भनाई र गराईका बीचमा ठूलो खाडल देखि“दै आएको पाइन्छ । नेपालको कानुन, ऐन, नियम अभैm पनि विभेदपूर्ण रहेका छन् । समाजमा लैङ्गिक विभेद यथावत् रहनुमा पितृसत्तात्मक सवालको ठूलो भूमिका रहेको देखिन्छ ।

नेपालको महिला आन्दोलनलाई पितृसत्ता विरोधी आन्दोलनको रूपमा पनि विकसित गर्नुपर्ने देखिन्छ । जबसम्म पितृसत्ता विरोधी आन्दोलनको विकास गर्न सकिदैन तबसम्म महिला आन्दोलन अपेक्षाकृत रूपमा अगाडि बढाउन नसकिने हुन्छ । तसर्थ महिला समानताको आन्दोलनलाई अगाडि बढाउ“दा पितृसत्ता विरोधी भावनाको विकासको आवश्यकता भएको देखिन्छ ।

नेपाली समाजमा पितृसत्ता विरोधी आन्दोलनको सवाललाई उठाउ“दा राष्ट्रको वस्तुगत आधारलाई ध्यान दिनु पर्ने देखिन्छ । यहा“ महिला समानताका लागि पितृसत्ता विरोधी आन्दोलनलाई अगाडि बढाउन न त वर्ग सङ्घर्षबाट मात्र सम्भव देखिन्छ, न त वर्गसङ्घर्ष विना सम्भव देखिन्छ । वर्गीय शोषणको अन्त्य हु“दैमा पितृसत्तात्मक शोषणको अन्त्य हुने देखिदैन । त्यसैले पितृसत्तात्मक शोषणबाट छुटकारा पाउनको निम्ति पितृसत्ता विरोधी आन्दोलनको विकास गर्नु पर्ने देखिन्छ । वर्गीय शोषण र पितृसत्तात्मक शोषण एक अर्काका लागि सहयोगी भएको देखिन्छ । पितृसत्तात्मक शोषणलाई वर्गीय शोषणले महिलामाथि शोषण गर्न सहयोग प्रदान गर्दछ । त्यसैले ती दुई एक अर्काका परिपूरक भएको मानिन्छ । त्यसैले महिला समानताका निम्ति वर्गीय आन्दोलनको साथै पितृसत्ता विरोधी आन्दोलनको समेत विकास गर्नु पर्ने देखिन्छ । पितृसत्तात्मक शैलीको कुप्रभावको अन्त्यका लागि पुरुष समुदायसमेतलाई सचेत गराउनु पर्दछ । तब मात्र राजनीतिक क्षेत्रमा महिलाहरूको उचित उपस्थिति रहने देखिन्छ ।

नेपालका आदिवासी जनजाति समुदायहरूमा मातृसत्ताका अवशेषहरू अभm पनि पाइन्छन् । आदिवासी जनजातिहरूमा अन्य धर्म, संस्कारका गलत प्रवृत्तिहरूको प्रभाव टड्कारो रूपमा देख्न सकिन्छ । सापेक्ष रूपमा आदिवासी जनजातिका महिलाहरू अन्य जातजातिका महिलाहरूको तुलनामा आर्थिक र सामाजिक जीवनमा बढी स्वतन्त्र रहेका देखिन्छन् । अर्को तर्फ मधेशी तथा दलित महिलाहरू अन्य महिलाहरू भन्दा तुलनात्मक रुपमा बढि समस्याद्धारा पिडित भएको देखिन्छ । तसर्थ महिला सवाललाई उठाउ“दा उचित महिला समूदायको छनोटका लागि सकारात्मक विभेदको सिद्धान्तलाई अवलम्वन गर्नुपर्ने देखिन्छ । तब मात्र प्रभावकारी ढङ्गबाट महिला आन्दोलनलाई उठाउन सकिन्छ र सो आन्दोलनका समस्याहरूलाई सहज ढङ्गबाट समाधान गर्दै आन्दोलनलाई अगाडि बढाउन सकिन्छ ।

नेपालको महिला आन्दोलन एउटा सामाजिक आन्दोलन भएकाले वर्गीय मुक्ति आन्दोलन भन्दा यसको दायरा अभm फराकिलो रहेको पाइन्छ । यस आन्दोलनमा प्रगतिशील विचार राख्ने समूदायलाई समेत समावेश गर्न सकिन्छ ।

महिला आन्दोलन महिलाहरूको सामाजिक मान, मर्यादास“ग गा“सिएका सामन्ती कुरीति, कुसंस्कार बालविवाह, अनमेल विवाह, दासप्रथा, सतीप्रथा आदिबाट उठाउ“दै आर्थिक राजनीतिक, धार्मिक कानुनी, पितृसत्ता आदिको विरोध गर्दै अघि बढ्दै हालको स्थितिसम्म आइपुगेको पाइन्छ । महिलाहरूले केवल महिलाको सवाललाई मात्र नभई राजनीतिक सवालस“ग पनि आफ्नो आन्दोलनलाई गा“स्दै आइरहेको देखिन्छ ।

नेपालमा जाति, भाषा, धर्म, संस्कृति, क्षमताजस्ता विषयहरूलाई मध्यनजर राख्दै आन्दोलनका विषयहरूलाई अघि सार्नुपर्ने देखिन्छ । नेपाली महिला आन्दोलनले सरोकार राख्ने विषयहरू महिलाहरूस“ग प्रत्यक्ष सरोकार राख्ने समस्याहरू मात्र नभई देशको अर्थव्यवस्था, उद्योग, व्यापार, निजीकरण, उदारीकरण आदिबाट देशको अर्थव्यवस्था एवम् महिला समुदायमा पर्ने दुस्प्रभावप्रति पनि महिला आन्दोलनको चासोको विषयभित्र पर्दछ । यी विषयहरू पनि नेपाली महिला आन्दोलनको दायराभित्र परेको देखिन्छ ।

महिलाहरूका साझा सवालहरू महिलाको मानव अधिकार, सञ्चार माध्यम, स्वास्थ्य, शिक्षा, आर्थिक, राजनीतिक, धार्मिक, महिला विरुद्धको हिंसा, बालबालिकामाथि हुने गरेको शोषण आदिका विरुद्धमा महिलाहरू एकताबद्ध बन्नु पर्ने देखिन्छ । वर्तमान परिप्रेक्ष्यमा भइरहेको हत्या, हिंसाका विरोध, शान्ति स्थापनाको पक्षमा आवाज उठाउन पर्ने देखिन्छ । महिलाहरूका हक, अधिकार स्थापनाका लागि महिलाहरू एउटै ठाउ“बाट आवाज उठाउन सक्दछन् र आवश्यक पनि पर्दछ भन्ने सन्देश दिन पर्ने हुन्छ । जुन महिला आन्दोलनको निम्ति अपरिहार्य एवम् आवश्यक देखिएकोछ ।

नेपाली महिलाहरूका वर्तमान पराधीनता एवम् असमानताको अवस्था हुने आकस्मिक कुरा वा कुनै व्यक्ति विशेषको अन्याय, अत्याचारको परिणाम नभई एउटा लामो ऐतिहासिक परम्पराको रूपमा हुर्काएको देखिन्छ । जुन राज्य प्रणाली आर्थिक, सामाजिक, धार्मिक, संस्कृति, परम्परा, नैतिकता, कानुन, राजनीतिक एवम् पितृसत्ता आदिको संयुक्त परिणति मानिन्छ । यही महिलाहरूको विरुद्धको संयुक्त परिणामका विरुद्धमा महिला आन्दोलनको विकास भइरहेको देखिन्छ । महिलामाथि गरिने असमानताको मूलस्रोतको रूपमा लिङ्गीय विभेद, वर्गीय शोषण एवम् पितृसत्ता देखापरेको छ । तसर्थ नेपालको राजनीतिक महिला आन्दोलन तिनै तिन मुख्य स्रोतको विरुद्धमा केन्द्रित बनेको देखिन्छ ।

नेपालको महिला आन्दोलन र राजनीतिक आन्दोलन एक अर्काबाट पृथक गराउन सकिंदैन । राजनीतिक आन्दोलनको विकास स“गस“गै महिला आन्दोलन पनि विकसित हु“दै आइरहेको छ । तसर्थ राजनीतिक, वर्गीय मुक्तिको आन्दोलन तथा महिला समानताको आन्दोलनको विषय एक आपसमा अन्तरसम्बन्धित रहेको छ । तसर्थ सोहि अनुरुप नेपालको राजनीतिक महिला आन्दोलनलाई निरन्तर अगाडी बढाइरहेका छन् ।

कुनै विषयवस्तुको निचोडमा पुग्नका लागि सम्बन्धित विषयवस्तुलाई केन्द्रबिन्दुमा राख्र्नु पर्ने देखिन्छ । महिला मुक्ति एवम् समानताको आन्दोलनका पक्षपातीहरूले पनि महिलाहरूका सवाललाई नै केन्द्रबिन्दुमा राखेर हेर्नु पर्ने देखिन्छ । यही महिलाहरूका सवाललाई केन्द्रबिन्दुमा राखेर निचोड खोज्ने विचार पद्धतिलाई नै महिलावाद भनिन्छ । महिलामाथि भइरहेका सम्पूर्ण शोषण, दमन, लैंगिक बिभेद, असमानता जुन समाजदेखि परिवारसम्म भइराखेका छन् । त्यसका विरुद्धमा चेतनाको विकास गराइ सो परिवेशबाट महिलाहरूलाई छुटकारा दिलाउनु नै महिलावादी बन्नु हो । महिलावादीले केवल महिलाहरूका लागि मात्र समानताका माग राख्दैनन्, उनीहरू पुरुषहरूका लागि पनि न्यायिक समाजको निम्ति लडिरहेका हुन्छन् । यसका साथै उनीहरूले समाजमा न्याय एवम् समानता भएमा मात्र महिलाहरूले न्याय एवम् बराबरीको हक प्राप्त गर्ने कुरामा विश्वास

गरेको देखिन्छ । उनीहरू समाजमा भएको लैङ्गिक असमानताको समाप्ति एवम् महिला पुरुष बीचमा समानता चाहन्छन् । समाज र परिवारमा सबैको बराबर अधिकार, सुविधाहरू, प्रगति, अवसर एवम् न्याय चाहन्छन् । जहाँ लिङ्ग, वर्ग, जातिको आधारमा अधिकार र सुविधा नभइ सबैलाई समान अवसर र सुबिधा प्रदान गरिएको हुन्छ । उल्लेखित सवालले पितृसत्ताको स्थानमा सबै क्षेत्र र सवालमा समानताको व्यवस्थाको स्थापना गरिएको हुनेछ ।

नेपालको राजनीतिक महिला आन्दोलनले महिलाहरूको अवस्थामा परिवर्तन ल्याएको होकि भन्ने महशुस हुन्छ । आन्दोलनबाट उनीहरूले दासप्रथा, सतीप्रथा, जस्ता कुप्रथाबाट छुटकारा पाएको देखिन्छ । त्यसै गरी समाजमा रहेको बालविवाह, बहुविवाह, अनमेल विवाहबाट मुक्त हुनका लागि कानुन निर्माण गर्न बाध्य बनाई त्यसको राहत महिलाले थोरै भए पनि पाएका छन् । महिलाहरूले मताधिकार प्राप्त गर्नुका साथै शिक्षा, आर्थिक, स्वास्थ्यमा पनि केही सुधार भएको मान्नुपर्छ । राजनीतिक सहभागिता, प्रशासनिक क्षेत्र एवम् न्यायिक क्षेत्रमा पनि महिलाहरूको सहभागिता न्यून रहेकोमा हाल वृद्धि भएको पाइन्छ । मुलुकी ऐन (एघारौं") संशोधनका केही पक्षहरू महिलाहरूको समस्यास"ग केन्द्रित रहेका छन् । यसले महिलाहरूलाई केही राहत प्राप्त भएको छ । सरकार एवम् राजनीतिक दल आदिले महिला आरक्षणको सवाललाई आत्मसात गर्न बाध्य भएका छन् । यसले महिलाहरूको सहभागितामा वृद्धि भएको पाइन्छ । सारमा भन्नुपर्दा महिला आन्दोलनले नेपाली महिलाहरूलाई थोरै भए पनि अधिकार प्राप्ति गराएको देखिन्छ ।

नेपालमा राजनीतिक महिला आन्दोलनलाई सदनबाहिर र भित्र गरी सञ्चालन गरेको पाइन्छ । महिला समानताको लागि वर्गीय आन्दोलन मात्र होइन महिला समानता एवम् मुक्तिको आन्दोलन पनि उत्तिकै खा"चो देखिन्छ । यसको साथै पार्टी भित्र रहेको गलत प्रवृत्तिको अन्त्यका लागि सबै राजनीति पार्टीमा संलग्न महिलाहरूले आ-आफ्नो पार्टीभित्र लड्नु पहिलो जिम्मेवारी भएको देखिन्छ ।

यद्यपि नेपाली महिला आन्दोलनलाई अपेक्षाकृत रूपबाट अगाडि बढाउन सकेको देखिदैन । यसका साथै महिला समानता एवम् मुक्तिका सवाललाई केन्द्रबिन्दु बनाएर महिला सङ्घहरू अगाडि बढ्न सकेको देखिंदैन । नेपाली महिलाहरूको स्थिति दयनीय नै रहेकोछ । प्रस्तुत अध्ययनबाट प्राप्त महत्वपूर्ण निष्कर्षहरू निम्न प्रकारका रहेका छन् :

क) मलिाहरूले आफु पिडित भएको महुसस गरी आफ्नो अधिकार प्राप्तका लागि पर्याप्त क्रियासिल भएको नपाइनु ।

ख) महिलाहरूले राजनीतिक पार्टीको कार्यक्रम र उदेश्यलाई प्राथमिकता दिई महिला सरोकारका सवाललाई दोस्रो स्थानमा राखेको पाइनु ।

ग) महिलाहरूले समाजमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्नु साथै उनीहरूमा आत्मनिर्णयको कमि भएको पाइनु ।

घ) महिलाहरू सामन्ती सस्कार, रुढिबादिता, अन्धविश्वास, पितृसत्तात्मक मानसिकताबाट प्रवभावित भएको पाइनु ।

ङ) महिलाहरूमाथि गरिने असमानताको मूलस्रोतको रुपमा लिङ्गीय विभेद, बर्गीय शोषण एवम् पितृसत्ता भएको पाइनु ।

च) महिला सङ्घ, सस्थाहरूले कामलाई बिस्तार गर्न नसक्नु, आन्दोलनका निम्ति पर्याप्त जनमतको अभाव भएको पाइनु ।

छ) महिला सरोकारका सवाललाई महिलाहरूले एकजुट भई साझा सवालका रुपमा उठाई मिल्ने र मिल्न सकिने बिषयमा दिगो रुपले एकताबद्ध भई अगाडि बढ्न नसक्नु ।

ज) महिला बिरुद्धको हिसालाई रोक्न र महिलाको मानव अधिकारको सुनिश्चितताका लागि आन्दोलित भएको पाइनु ।

ञ) राजनीतिक पार्टीभित्र पितृसत्ता मानसिकताको प्रभाव एवम् महिला सवालमा अस्पस्टता रहेको पाइनु ।

ट) सकारात्मक बिभेदको सिद्धान्त अनुरुप महिला आन्दोलनलाई सञ्चालन गर्न नसक्नु ।

ठ) राज्यले महिला हक अधिकार स्थापित गर्ने सवालमा पर्याप्त ध्यान दिन नसक्नु ।

समाजमा सञ्चालित महिला आन्दोलनले अपेक्षाकृत रुपले सार्थकता प्राप्त गर्न सकेको देखिदैन । समाजमा रहेको आर्थिक, सामाजिक, धार्मिक, कानुनी, सांस्कृतिक जस्ता समस्याहरू पनि टड्कारो रूपमा रहेका छन् । यिनै कारणले गर्दा महिला आन्दोलन अपेक्षाकृत रूपले अगाडि बढ्न सकेको देखिदैन ।

नेपालमा महिला आन्दोलन भनेर छुट्टै रूपले गरेको आन्दोलन कमै मात्र पाइन्छ । देशमा सामाजिक क्रान्ति र महिला मुक्तिको नया" सम्भावनाहरू जन्मिएका छन् । महिला समानताको आन्दोलन हिजोभन्दा केही सरल भएको छ भने सङ्घर्ष वा आन्दोलनका रूप र तरिकाहरू पनि फेरिएको देखिन्छ । नेपाली महिलाहरू न्यायोचित सामाजिक व्यवस्थाको लागि समेत सक्रिय रही प्रत्येक श्रमजीवी जनताको न्यायपूर्ण आन्दोलनको समर्थन गर्दै देशमा विद्यमान विसङ्गतिहरूप्रति सचेत रह"दै तिनको यथोचित विरोध देशव्यापी रूपमा गरिरहेको देखिन्छ ।

यसरी नेपालको महिला आन्दोलनको हालसम्मको स्थितिलाई हेर्दा नेपालको विशिष्ट परिवेश अनुसार महिला आन्दोलनका दुई स्वरुपहरू देखापरेका छन् :

क) राजनीतिक पार्टीहरूद्धारा नीश्चित राजनीतिक उद्देश्य प्राप्तिका निम्ति हुने आन्दोलनमा सहभागी हुनु ।

ख) महिलाहरूका हक, अधिकार प्राप्ति एवम् समानताका निम्ति हुने आन्दोलनलाई स्वयम् महिलाहरूले सञ्चालन गर्नु ।

यस प्रकार महिला आन्दोलन वा अन्य कुनै आन्दोलनमा रहेको महिला सहभागिताले महिलाले चलाएको राजनीतिक महिला अन्दोलनलाई सहयोग पुर्‍याएको देखिन्छ । महिला अन्दोलनलाई सन्तुलित ढङ्गबाट आवश्यकता अनुसार सबै पक्षस"ग तालमेल मिलाउ"दै अगाडि बढाउन समाजका सबै उत्पीडित जनता एवम् वर्गहरूसित हातेमालो गर्दै आवश्यकता अनुरूप कार्यगत एकता गर्दै अगाडि बढाउनु आवश्यक देखिएकोछ ।

बिश्वमा देखापरेको महिलाबादी उपागमहरू लैंगिक भिन्नता, लैंगिक असमानता एवम् लैंगिक दमनको उपागमद्धारा प्रभावीत महिला आन्दोलनको प्रभाव नेपाली महिला

आन्दोलनमा पनि परेको पाइन्छ । अन्य मुलुकको तुलनामा नेपालको बस्तुस्थिति फरक भएकोले यहांका महिला समस्याका सवाललाई उठाउदा आफ्नै ठाउंको परिबेश अनुसार उठाउनु पर्ने देखिन्छ । तसर्थ विश्वमा देखापरेको महिलाबादी आन्दोलन मध्ये लैंगिक असमानता एवम् लैंगिक दमनको उपागम अन्तर्गत उदारबादी महिलावाद, मार्क्सबादी महिलावाद एवम् समाजबादी महिलावादद्धारा प्रभावित महिला आन्दोलन नेपालमा पनि भइरहेको देखिन्छ ।

## ८.३ सुझाव

नेपालमा सञ्चालित आन्दोलनले कुनै एक लक्ष्यलाई लिएर आन्दोलन गरेमा आफ्नो लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने कुरा प्रमाणित भएको पाइन्छ । जस्तो ००७ सालको, २०४६ सालको जनआन्दोलनलाई हेर्दा स्पष्ट हुन्छ । ती आन्दोलनमा पहिलो लक्ष्य राणा शासन र निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य थियो । त्यो समयमा सबै पेसा र समूदायले आआफ्नो लक्ष्य र उद्देश्यलाई मात्र प्राथमिकता दिएर आन्दोलनमा जुटेका भए आन्दोलन लक्ष्यमा गएर टुङ्गिने थिएन । त्यसबेला सबै वर्ग र समुदायका मानिसहरूले आफ्नो लक्ष्य र उद्देश्यलाई भन्दा राणा र पञ्चायती व्यवस्थाको अन्त्यलाई नै प्राथमिकता दिई आफ्नो लक्ष्य र उद्देश्यलाई दोस्रो स्थानमा राखेर आन्दोलनमा जुटेकाले नै आन्दोलन सफल बनेको थियो । त्यसरी नै नेपाली महिला आन्दोलन सबल बनाउनलाई महिलाहरूले आफ्नो लक्ष्य र उद्देश्यलाई प्राथमिकता दिंदै राजनीतिक सवालहरूस“ग सामिप्यता जाहेर गर्दै अगाडि बढेमा मात्र महिला आन्दोलन सफल बन्न सक्छ । यस प्रकार महिलाहरूको सवालमा केन्द्रित बन्नु नै महिलावादी विचारलाई स्वीकार गरीएको मानिन्छ । महिलावादी आन्दोलनलाई विकास गर्नु नै राजनीतिक पार्टीहरूको उद्देश्य, लक्ष्य प्राप्तिको निम्ति सहायक आन्दोलनको बिकास  गर्नु हो । आफ्नो लक्ष्य, उद्देश्य प्राप्त गरी सफलतामा पुग्ने काम महिलाहरूको पहिलो कर्तव्य हो । तसर्थ महिलावादी आन्दोलनको अगुवाई स्वयम् महिला समुदायले नै गर्नुपर्ने  देखिन्छ । त्यसैले सबै वर्ग एवम् समुदायको उत्थानका लागि स्वतन्त्र सङ्गठनको आवश्यकता, उद्देश्य र लक्ष्य प्राप्तिका निम्ति आवश्यकता अनुसार स्वतन्त्रत गतिविधि समेत सञ्चालन गर्नुपर्दछ ।

नेपालमा सरकारी तबरबाट पनि महिला सशक्तीकरण तथा लैङ्गिक समानताको अवधारणालाई संस्थागत रूपबाट अघि बढाउने कार्यहरू गर्नुपर्दछ । यसैगरी विकास कार्यमा निर्णायक भूमिका खेल्न अग्रसर गराउने, कानुनी असमानता हटाउन सक्रिय भूमिका खेल्ने, महिलालाई सम्पत्तिमा समान अधिकार दिलाउन आवश्यक कार्य सम्पादन गर्ने आदि कार्यहरू गर्नुपर्ने आवश्यकता देखिएकोछ । सरकारी तबरबाट भएका कार्यहरूले पनि महिला विकास निम्ति राहत प्राप्त हुने देखिन्छ । जसले महिलाहरूलाई आफ्नो हक, अधिकारका लागि अगाडि बढ्ने क्रममा केही टेवा पुगेको महसुस हुन्छ । महिला आन्दोलनले सरकारलाई पनि महिला विकासका लागि कार्य गर्न थप बाध्य गराउनुपर्दछ । महिला आन्दोलनले राज्ययन्त्रलाई समेत महिलाहरूको पक्षमा कार्य गर्न बाध्य तुल्याउन सक्नुपर्छ । महिलाहरूको क्रियाशीलता र क्षमताले नै आफ्नो पक्षमा सबै कार्यहरूलाई मोड्नुपर्दछ ।

तसर्थ न्याय, समानता र स्वतन्त्रताका निम्ति लडिरहेका नेपाली महिलाहरूले न्याय, समानताका लागि नया“ प्रगतिशील समाज व्यवस्था स्थापनाका लागि समाजका सबै उत्पीडित जनता एवम् वर्गस“ग हातेमालो गर्दै आवश्यकता अनुरूप कार्यगत एकता गर्दै अघि बढ्नु आजको आवश्यकता हो । महिलाहरूले केवल महिलाहरूको लागि मात्र समानताको माग राख्दैनन् पुरूषहरूको लागि पनि न्यायिक समाजको निम्ति लडिरहेका हुन्छन् र लड्नुपर्छ पनि । महिला आन्दोलनलाई अगाडि बढाउ“दा महिलाहरूले न्याय, समानता, स्वतन्त्रताको लगाम आफ्ना हातमा लि“दै आन्दोलनलाई सम्पूर्ण महिलाहरूको स्वार्थको अभिव्यक्ति गर्ने प्रकृतिको बनाउ“दै महिलाहरूका साझा सवाललाई नै केन्द्रबिन्दु बनाएर महिला आन्दोलनलाई अगाडि बढाउनु पर्दछ ।

नेपालमा महिलावादी आन्दोलनका बारेमा भ्रामक स्थिति रहेको छ । महिलावादी आन्दोलन भन्ने बित्तिकै मानिसहरू हच्किन्छ र भन्छन् महिलावादी आन्दोलन भनेको पुरुष विरोधी  भावनाको आन्दोलन हो । यसले समाजमा विकृति पैदा गर्दछ, सामाजिक नियमलाई उल्लंघन गर्दछ आदि विषयलाई उठाउने गर्दछन् । तर महिलावादी आन्दोलनका पनि विभिन्न उपागम एवम् सिद्धान्तहरू रहेका छन् । विभिन्न महिलावादी धारहरूको विकास भएको छ । नेपालमा महिलावादी आन्दोलनको विकास गर्दा विशुद्ध महिलावादी आन्दोलनको होइन । हामीले नेपालको परिस्थिति सुहाउ"दो महिलावादी आन्दोलनको विकास गर्नुपर्दछ ।

वर्तमान परिप्रेक्ष्यमा सही दृष्टिकोण र मान्यता बोकेको महिलावादी आन्दोलनको विकास गर्नुपर्दछ, जुन आन्दोलनले आफूलाई वैचारिक अगुवाको रूपमा स्थापित गरी सबैलाई दीर्घकालिक र अल्पकालिक कार्यक्रमका साथ अघि बढाउने काम गर्नुपर्दछ । तसर्थ नेपालको महिला आन्दोलनलाई सशक्त बनाएर लानका लागि निम्न मुख्य कार्यहरू गर्न जरूरी देखिन्छ :

## क) मलिाहरूले आफु पिडित भएको महुसस गरी आफ्नो अधिकार प्राप्तका लागि क्रियासिल बन्नु पर्ने ।

ख) महिलाहरूले राजनीतिक पार्टीको कार्यक्रम र उद्धेश्यलाई  भन्दा महिला सरोकारका सवाललाई प्राथमिकता दिई महिला आन्दोलनलाई अगाडी बढाउनु पर्ने ।

ग) महिलाहरूले समाजमा हस्तक्षेपकारी भुमिका निर्वाह गरी आत्मनिर्णयको अधिकारको उपयोग गर्नु पर्ने ।

घ) महिलाहरू सामन्ती संस्कार, रुढिबादिता, अन्धबिश्वास, पितृसत्तात्मक मानसिकताबाट बाहिर निस्कनु पर्ने ।

ङ) महिलाहरूमाथी गरिने असमानताको मुल स्रोतको रुपमा लिङ्गीय बिभेद, बर्गीय शोषण एवम् पितृसत्ताको अन्त्यका लागि महिला आनदोलनलाई बिकसित गर्नु पर्ने।

च) महिला सङ्घ, सस्थाहरूले कामलाई ग्रामिण इलाका सम्म बिस्तार गर्दै महिला आन्दोलनका निम्ति जनमतको सृजना गर्नु पर्ने ।

छ) महिला सरोकारका सवाललाई महिलाहरूले एकजुट भई साझा सवालका रुपमा उठाई मिल्ने र मिल्न सकिने बिषयमा दिगो रुपले एकताबद्ध भई अगाडि बढ्नु पर्ने ।

ज) महिला बिरुद्धको हिंसालाई रोक्न र महिलाको मानव अधिकारको सुनिश्चितताका लागि सशक्त रुपले आन्दोलित बन्नु पर्ने ।

झ) राजनीतिक पार्टीहरूबाट पितृसत्ता मानसिकताको प्रभाव एवम् महिला सवालमा देखिएको अस्पस्टताको प्रभाव हटाउनु पर्ने ।

ट) सकारात्मक बिभेदको सिद्धान्त अनुरुप महिला आन्दोलनलाई सञ्चालन गर्नु पर्ने ।

ठ) राज्यले महिला हक, अधिकार एवम् समानताका सवालमा पर्याप्त ध्यान दिनु पर्ने ।

महिलास“ग सरोकार राख्ने उल्लेखित विषयहरूमा आधारित रहेर महिला आन्दोलनलाई ठोस् एवम् कार्यक्रमिक रूपले अगाडि बढाउनका लागि ध्यान दिनुपर्दछ । नेपाली महिलाहरूको समानता एवम् मुक्ति आमूल परिवर्तन पश्चात् सम्भव हुन्छ । त्यसपछि वर्ग, लैङ्गिक वा कुनै पनि नाममा हुने असमानता र विभेदपूर्ण प्रणालीको अन्त्य र समतामूलक समृद्ध र श्रमजीवी वर्गको सम्मान हुने समाजको स्थापना हुनेछ ।

महिला आन्दोलनले नेपाली महिलाहरूस“ग सरोकार राख्ने सबै प्रकारका साझा सवाललाई गम्भीरतापूर्वक उठाउनुपर्दछ । यसका साथै सो आन्दोलनले आमजनताको हितको अभिव्यक्ति गर्नुपर्दछ भने आन्दोलनको लक्ष्यमा पुग्नका लागि ठोस कार्यक्रमको निर्क्यौल गरी त्यसको परिचालनको कार्यशैलीमा पनि समय सापेक्ष ढङ्गबाट परिवर्तन एवम् परिमार्जन गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । नेपाली महिलाहरूको अधिकार प्रतिस्थापनको निम्ति महिलाका साझा सवालमा सम्पूर्ण महिलाहरू एउटै ठाउ“‘‘बाट आवाज उठाउन सक्नुपर्दछ । यसको साथै राजनीतिक क्षेत्रमा पनि महिला स्वतन्त्रता एवम् समानताका लागि महिलाहरूले सङ्घर्षलाई शसक्त रुपले अगाडी बढाउनु आजको आवश्यकता मानिन्छ । क्षमताको विकास गरी सबैस“ग प्रतिस्पर्धा गर्न सक्छु भन्ने आत्मविश्वासको विकास गरी अगाडि बढ्नु नै आजको आवश्यकता हो ।

महिला आन्दोलनले महिलाहरूको समस्या र समानताका विषयहरूलाई उठाउ“दै राजनैतिक आन्दोलनस“ग सामिप्य जाहेर गर्दै अगाडि बढ्नुपर्छ । महिला आन्दोलनलाई सामाजिक मुक्ति आन्दोलनस“ग गा“स्दै सामाजिक, लैङ्गिक असमानता र पितृसत्ताको अन्त्यको निम्ति अगाडि बढाउनुपर्छ । पूर्ण महिला समानताको निम्ति आउ“दा दिनहरूमा महिलाहरूलाई सक्षम र सुदृढ बनाउन महिलाहरूले नै आफ्नै सक्रियतामा महिला समुदायको निम्ति निरन्तर अगाडि बढ्नुपर्छ । आम नेपाली महिलाहरू महिला मुक्ति एवम् समानताको आन्दोलनमा लगातार जुटिरहौं“ ।

# अनुसूचीहरू

अनुसूची- १

## अन्तर्वार्तामा प्रयोग गरिएको प्रश्नावली

महिलाहरूले गरेका राजनीतिक महिला आन्दोलनलाई तथ्यपरक ढङ्गबाट जनसक्षम उजागर गर्ने उद्देश्यले "नेपालमा राजनीतिक महिला आन्दोलन  विश्लेषणात्मक अध्ययन २०४७-२०६०" शीर्षक छनौट गरी त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत विद्यावारिधि उपाधिको प्रयोजनका लागि शोध-अनुसन्धान कार्यमा आवश्यक तथ्याङ्क सङ्कलनार्थ निम्न प्रश्नहरू तयार गरियो :

१. तपाइले आफ्नो राजनीतिक जिवन कसरी बिताई रहनु भएकोछ ?
२. तपाईंले राजनीतिमा प्रवेश गर्दा कुनै समस्या भोग्नु परेको थियो ? यदि थियो भने ती समस्या र अहिलेका समस्याहरूमा के भिन्नता पाउनुहुन्छ ?
३. प्रायः मानिसहरू अरुको प्रेरणाले राजनीतिमा प्रवेश गरेको देखिन्छ, तपाई पनि कसैको प्रेरणाले राजनीतिमा प्रवेश गर्नु भएको हो कि ?
४. तपाईं राजनीतिमा प्रवेश गर्दा महिलाहरूको स्थिति कस्तो थियो ?
५. नेपाली महिलाहरूले महिला सवालका रूपमा के कस्ता सवालहरूलाई उठाएका थिए ?
६. पहिले र वर्तमान अवस्थामा उठाइएका महिलाका समस्या र मागहरूमा के के भिन्नता पाउनुहुन्छ ?
७. के नेपालको महिला आन्दोलन राजनीतिक पार्टीद्वारा चलाएको आन्दोलनका रूपमा मात्र रहेको छ ?
८. राजनीतिक महिला आन्दोलन र नेपालको राजनीतिक आन्दोलनमा के भिन्नता एवम् समानता पाउनुहुन्छ ?
८. नेपालको महिला आन्दोलनको दायरा कस्तो हुनुर्पछ ?
९. नेपालको राष्ट्रियता, महिला समानता एवम् महिला मुक्तिका निम्ति महिलाहरूको कस्तो भूमिका रहँदै आएको ठान्नुहुन्छ ?
१०. तपाईलाई महिला आन्दोलनका लागि नेपाली महिलाहरूले कसरी योगदान पुऱ्याउँदै आइरहेका छन् भन्ने लाग्छ  ?

११. के महिला समानता एवम् मुक्तिका लागि महिलाबादी आन्दोलनको आवश्यकता रहेको मान्नुहुन्छ ?

१२. यदि मान्नुहुन्छ भने नेपालमा भइरहेको राजनीतिक महिला आन्दोलन र महिलाबादी आन्दोलनमा के फरक वा समानताहरू पाउनुहन्छ ?

१३ के तपाई नेपालमा भइरहेको महिला आन्दोलनलाई महिलाबादी आन्दोलनको रुपमा लिनुहुन्छ ?

१४. विश्वमा देखापरेका विभिन्न महिलावादी सिद्धान्तहरूमध्ये नेपालको महिला आन्दोलनमा कुन कुन सिद्धान्तहरूको प्रभाव परेको पाउनु भएको छ ?

१५. नारीवादी वा महिलावादी भन्नाले हामीले कसलाई भन्न सक्छौं ?

१६. विश्वमा देखापरेका महिलावादी आन्दोलनको प्रभाव नेपाली महिला आन्दोलनमा परेको ठान्नुहुन्छ ?

१७. नेपालका महिलाहरूको स्थितिमा महिला आन्दोलनले के सुधार ल्याएको ठान्नुहुन्छ ?

१८. नेपालमा स्थापित महिला सुरक्षा दबाव समूहको भूमिका महिला आन्दोलनमा कस्तो रहँदै आएको छ ?

१९. राष्ट्रिय महिला आयोगले महिला आन्दोलनका लागि कस्तो भूमिका निर्वाह गर्न सकेको मान्नुहुन्छ ?

२०. पैतृक सम्पति किन छोरा र छोरीका निम्ति बराबर हुनुपर्छ भन्ने लाग्छ ?

२१. तपाईको विचारमा राजनीतिक महिला आन्दोलनमा सञ्चार माध्यमको भूमिका कस्तो रहेको छ ?

२२. सञ्चार क्षेत्रबाट महिला आन्दोलनमा के कस्ता उपलब्धि प्राप्त भएका छन् ?

२३. सञ्चार माध्यमले महिला आन्दोलनलाई कसरी सहयोग गर्न सक्छ ?

२४. सञ्चार क्षेत्रमा काम गर्दा महिलाहरूका अगाडि कस्ता समस्याहरू आउने गर्दछन् ?

२५.महिला आन्दोलनलाई अगाडि बढाउनका निम्ति सञ्चारकर्मी महिलाहरूको भूमिका कस्तो हुनुपर्छ ?

२६. सञ्चार क्षेत्रमा महिला प्रवेश गर्दा परिवारबाट कस्तो व्यवहार हुने गर्दछ ?

२७. सञ्चार माध्यमबाट महिलाहरूलाई कसरी आफ्नो अधिकार प्राप्त गर्नका लागि अगाडि बढ्न उत्प्रेरित गर्न सकिन्छ ?

२८. राजनीतिक सवाल र महिला आन्दोलन अलग सवाल हो भनिन्छ नि ?

२९. के महिला आन्दोलनको प्रभाव गाउँगाउँसम्म पुगेको पाउनु भएकोछ ?

३०. कानुनी क्षेत्रबाट महिला आन्दोलनलाई कसरी सहयोग गर्न सकिन्छ ?

३१. कानुनी क्षेत्रबाट महिला अधिकारका निम्ति सङ्घर्ष गरेर हालसम्म के कस्ता उपलब्धिहरू प्राप्त भएको मान्नुहुन्छ ?

३२. कानुनी क्षेत्रबाट महिला आन्दोलनलाई कसरी अगाडि बढाउनुपर्छ भन्ने लाग्छ ?

३३. नेपालको राजनीतिक महिला आन्दोलनबाट नेपाली महिलाहरूको स्थितिमा कस्तो सुधार आएको पाइन्छ ?

३४.नेपाली महिलाहरूले राजनीतिक महिला आन्दोलन गाउँगाउँमा पुगेको महसुस गर्न सकिरहेका छैनन् भनिएको सुनिन्छ, यसमा तपाईको भनाइ के रहेको छ ?

३५. नेपालको राज्य सञ्चालनमा महिलाहरूको सहभागिता सन्तोसजनक रहेको पाइन्छ ?

३६. प्रशासनिक क्षेत्रमा महिला सहभागिताको अवस्था कस्तो रहेको पाइन्छ ?

३७. के महिला समानताका लागि राज्यले आफ्नो दायित्व पुरा गरेको ठान्नुहुन्छ ?

३८. नेपालको राजनीतिक महिला आन्दोलन र आरक्षणको सवालमा कस्तो अन्तरसम्बन्ध रहेको पाउनु भएकोछ ?

३९. राजनीतक महिला आन्दोलनलाई अगाडि बढाउन महिला शिक्षाले कस्तो प्रभाव पारेको पाउनु भएकोछ ?

४०. लैंगिक बिभेदलाई कसरी हटाउन पर्ला भन्ने लागेको छ ?

४०. आगामी दिनमा महिला आन्दोलनलाई कसरी अगाडि बढाउनुपर्छ भन्ने लाग्छ ?

मिति २०६९./..../......

शोधकर्ता
शिवमाया तुम्बाहाङ्फे

अनुसूची- २

## वि.सं. १९७४ मा स्थापित महिला समितिका पदाधिकारीहरू

**सभानेतृ –**

– श्रीमती योगमाया देवी (सर्दार कालीदासकी धर्मपत्नी)

**सक्रेटरीहरू –**

– श्रीमती दिव्यकुमारी देवी (श्री कृष्णप्रसाद कोइरालाकी धर्मपत्नी विश्वेश्वर बाबुकी माता)

– श्रमिती पूर्णकुमारी देवी (सुब्बा रामचन्द्र अधिकारीकी धर्मपत्नी श्री मनमोहन अधिकारीकी माता)

**सदस्यहरू–**

– श्रीमती देबकुमारी देवी (सुब्बा रामचन्द्र अधिकारीकी धर्मपत्नी)

– श्रीमती मोहनकुमारी देवी (श्री कृष्णप्रसाद काइरालकी धर्मपत्नी, मातृका बाबुकी माता)

– श्रीमती मैयानानी

– श्रीमती कान्छी नानी (यी दुवैको नाम सम्झना भएन । दुवै केदारनाथ ढुङ्गानाका दिदी बहिनी थिए)

– श्रीमती योगमाया देवी (यहाँ पनि हुनुहुन्थ्यो कि भन्ने लाग्छ)

*(स्रोत : 'स्वास्नीमान्छे' २०१५, माघ-फागुन-चइत)*

●

अनुसूची- ३

# अनेमसङ्घ अभियान

## अखिल नेपाल महिला सङ्घको चौथो राष्ट्रिय सम्मेलनबाट पारित

सामन्ती र पूँजीवाद सामाजिक दृष्टिकोण, परम्परा र अन्धविश्वासले महिलाहरूको विकास एवम् उत्थानमा बाधा उत्पन्न गरिरहेका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक सहभागिताको दृष्टिबाट महिलाहरू अत्यन्त पिछडिएका छन् तथा मानवोचित हकको उपभोगबाट बञ्चित छन् ।

महिलाहरूको अधिकारका सम्बन्धमा सैद्धान्तिक रूपमा सबैले सकारात्मक धारणा व्यक्त गरे पनि कानुन र व्यवहारमा उनीहरूप्रतिको विभेद कायमै छ । उनीहरूको अस्मितामाथि नै आघात पुऱ्याउने कुप्रथा र कुरीति एवम् घृणित प्रचलनहरू अद्यापि छँदै छ । यस्ता रीति र व्यवहार समाप्त नभएसम्म महिलाहरूको अधिकार एवम् मर्यादाको रक्षा हुन सक्दैन ।

महिला अधिकार मानव अधिकार हो । महिलाहरूको अधिकार रक्षाको विषय सिङ्गो समाजको अधिकार र मर्यादासँग गाँसिएको छ । समाजबाटै शोषण र अन्याय समाप्त नभएसम्म उनीहरूमाथिको शोषण र अन्याय खतम हुँदैन । त्यसैले राजनीतिक र वर्गीय मुक्तिको आन्दोलन तथा महिला मुक्तिको आन्दोलनको विषय एक आपसमा अन्तरसम्बन्धित छ ।

महिलाहरूको अवस्था र समस्याप्रति पुरुषहरूले संवेदनशील भएर प्रगतिशील दृष्टिकोण राख्नैपर्छ । महिलाहरूले सामना गरिरहनुपरेका अनेकौं जटिलताहरूप्रति बेवास्ता गर्ने होइन उनीहरूलाई अघि बढ्न सहयोग र प्रेरणा दिनुपर्छ ।

यसरी समाजको प्रगतिशील रूपान्तरण, आम महिला आन्दोलन र महिला मुक्तिको विषयलाई गति दिन यो राष्ट्रिय सम्मेलन “अनेमसङ्घ अभियान” नामक निम्न अनुसारको कार्यक्रम लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

### १. आमूल परिवर्तन, हाम्रो आम कार्यक्रम

हाम्रो समाजमा अद्यावधि सामन्ती उत्पीडन कायम छ । महिलालाई “उपभोग गर्ने वस्तु” को रूपमा लिने, सोही अनुरूप उनीहरूमाथि उत्पीडन र शोषण जारी गर्ने, विज्ञापनको साधनको रूपमा उनीहरूलाई दुरूपयोग गर्ने काम यसैको परिणति हो ।

वास्तवमा महिला मुक्तिको विषय केवल महिलाको मात्र निजी विषय भने होइन । यो सामाजिक मुक्तिको विषय पनि हो । त्यसैले समाजको आमूल परिवर्तन नभएसम्म आम रूपमा महिला मुक्ति सम्भव छैन । नेपाली समाजको आमूल परिवर्तन, आमूल परिवर्तनकारी कार्यक्रमको नेतृत्व मात्र सम्भव छ । र, हाम्रो देशको सन्दर्भमा आमूल परिवर्तनकारी कार्यक्रम भनेको जननेता मदन भण्डारीद्वारा प्रतिपादित कार्यक्रम “जनताको बहुदलीय जनवाद” नै हो । त्यसैले “जनताको बहुदलीय जनवाद हाम्रो भविष्य हो, यसलाई निर्माण गरौं, भन्ने नाराका साथ समाजका अन्य तह र तप्काका जनतासँगै हातेमालो गर्दै अनेमसङ्घले महिला समूदायलाई “जबज” प्राप्तिको विभिन्न सङ्घर्षमा परिचालित गर्नेछ ।

२. सबै क्षेत्रमा महिला सहभागिताको कार्यक्रम

महिलालाई "आधा" रथको दुई पाङ्ग्रामध्ये एक पाङ्ग्रा" को रूपमा स्वीकारिएको छ । अझ नेपालमा सिङ्गो जनसङ्ख्याको आधाभन्दा बढी महिलाहरूको सङ्ख्या रहेको छ । सङ्ख्यामा यति धेरै, तर समाजको हरेक क्षेत्रमा महिलाहरू पछाडि किन ? यो प्रश्न हाम्रा नीति निर्माताहरू, विभिन्न राजनीतिक पार्टीहरू, सङ्घ संस्थाहरू र समग्र समाजसँग सोध्नै पर्ने भएको छ ।

त्यसैले अनेमसङ्घले पाँच वर्षभित्र समाजको हरेक अङ्ग राष्ट्रिय योजना आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सुरक्षा परिषद्, राष्ट्रिय विकास परिषद्, कुटनीतिक सेवा, निजामति, प्रहरी र जङ्गी सेवा तथा अन्य पेसाहरूमा महिलाहरूको उल्लेखनीय सहभागिताको लागि राष्ट्रिय अभियान सञ्चालन गर्नेछ ।

३. महिला अधिकारको लागि ३३५ को कार्यक्रम

अहिले संयुक्त राष्ट्र सङ्घले आफ्ना सबै अङ्गहरूमा ३३५ महिलाहरूको उपस्थितिलाई अनिवार्य गरेको छ । त्यसैगरी कतिपय अन्तर्राष्ट्रिय संस्थाहरूको आफ्नो संस्थामा कार्यरत जनशक्तिमध्ये ३३५ महिला अनिवार्य गरी आफ्नो सङ्गठनको पुनःसंरचना नै गरेको छ । छिमेकी मित्रराष्ट्र चिनमा महिलाहरूको सहभागिताको विषय विश्वमा नै प्रशंसनीय रहेको छ । छिमेकी देश भारतको सदनमा ३३५ संसदीय निर्वाचन क्षेत्र महिलाहरूको लागि छुट्याउनुपर्ने विधेयक नै पेश भइसकेको छ ।

हाम्रो देशको स्थिति अर्कै छ । संविधानले बाध्य गरेको आम निर्वाचनमा हरेक राजनीतिक पार्टीले ५/५ महिला उम्मेदवार उठाउनुपर्ने सवाललाई पनि दुरूपयोग भएको छ । धेरै महिलाहरूमा एउटा अनुभूति छ- "राजनीतिक पार्टीहरूले हार्ने निर्वाचन क्षेत्र मात्र महिलालाई दिन्छन् ।" अझ पार्टीहरूमा, सङ्घ-संस्थाहरूमा र पेसा-व्यवसायमा त महिलाहरूको उपस्थिति अत्यन्तै न्यून छ ।

त्यसैले पाँच वर्षभित्रमा संसदीय क्षेत्रको तलदेखि माथिसम्म ३३५ सिट र राजनीतिक पार्टी तथा सङ्घ सङ्गठनहरूका विभिन्न तहमा ३३५ सीट महिलाहरूलाई उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४. भेदभाव विरुद्ध बराबर हक-अधिकार कार्यक्रम

अहिले पनि समाजमा महिलाहरूमाथि असमानता र भेदभावपूर्ण व्यवहार विद्यमान छ । "छोरा भए खसी, छोरी भए फर्सी" को मान्यताले हाम्रो समाज आजपर्यन्त आक्रान्त छ । नागरिकता, राहदानी लिँदा र अन्य सरकारी/गैरसरकारी कामकाजको क्षेत्रमा समेत सन्तानको बाबुको नाम अनिवार्य र आमाको उपेक्षा गर्ने कानुनी व्यवस्था राजकीय क्षेत्रमा समेत विद्यमान छ । त्यति मात्र नभई एउटी महिलाले वृत्ति विकास तथा रोजगारीको लागि विदेश जानुपरेमा पुरुष अभिभावकको स्वीकृति अनिवार्य गरिएको छ । जेसुकै तर्क रहे पनि विवाहपछि महिलाले आफ्नो थर फेर्नुपर्ने आमरूपमा रहेको प्रचलनलाई पनि महिला विरुद्धको भेदभावको रूपमा उल्लेख गर्न

सकिन्छ । यस्तो भेदभावपूर्ण स्थितिमा परिवर्तन ल्याउन सबै क्षेत्रमा सापेक्षित रूपमा “बराबर हक -अधिकार” को कार्यक्रमलाई अनेमसङ्घले दृढतापूर्वक अघि बढाउने छ ।

५. आर्थिक स्वतन्त्रता र सम्पत्तिको अधिकार अभियान

महिलाहरूलाई समाजमा कमजोर चित्रित गर्ने एउटा कारण उनीहरू आर्थिक तथा सामाजिक अधिकारबाट बञ्चित रहनु पनि हो । पैतृक सम्पत्तिमा छोराछोरी बीच रहँदै आएको भेदभाव हटाई छोराछोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार कायम गर्ने, महिलाहरूले आर्जन गरेको सम्पत्ति स्वतन्त्रतापूर्वक उपभोग गर्ने र सम्पत्तिमाथिको बराबर अधिकारको सङ्घर्षलाई उच्च महत्त्वका साथ अघि बढाइनेछ ।

६. दुरुत्साहन/दुर्व्यवहार विरुद्धको अभियान

हाम्रो समाजमा महिलाहरूप्रति गरिने व्यवहार स्वस्थ छैन । उनीहरूप्रतिको दृष्टिकोण अवाञ्छित रूपमा बदनाम गर्ने, मनोवैज्ञानिक दबाव दिने र बिचलित पारिदिने, आफ्नो कुत्सित स्वार्थ पूरा गर्ने विविध खालका लाञ्छना लगाउने जस्ता परपीडक मनसायद्वारा ग्रसित छ । यस प्रसङ्गमा बालिकाहरूको विरुद्ध हुने गरेको दुर्व्यवहार र शोषण उल्लेखनीय छ ।

यसको अतिरिक्त कुनै महिलाको प्रगतिमा पनि उनको विरुद्ध नकारात्मक टिप्पणी गरी बदनाम हुने तहसम्म पुगेपछि मात्र योगदानको चर्चा गर्ने जस्ता नकारात्मक सोच समाजमा विद्यमान छ ।

महिलाहरू विरुद्धको घरेलु हिंसा हाम्रो समाजमा विद्यमान तीतो यथार्थ हो । साथै सामाजिक रुढीवादको परिणतिको रूपमा महिलालाई बोक्सी, चुँडेल, डङ्किनी आदि कपोलकल्पित आरोपद्वारा लाञ्छित गर्ने व्यवहार अद्यावधि छ ।

त्यसैले महिला दुरुत्साहनका यी सबै गतिविधिहरूका विरुद्धको अभियानमा अनेमसङ्घले निरन्तरता दिनेछ ।

७. कुरिती/कुसंस्कार विरुद्धको कार्यक्रम

हाम्रो समाजमा विद्यमान रुढीवादी कुप्रथाका कारण महिलाहरूमाथि भेदभाव, दमन र उत्पीडन कायम छ । तिलक, दाइजो, बैना आदि जस्ता समाजमा विद्यमान अमानवीय परिपाटीले महिलाको प्रगतिमा तगारोको काम गरेको छ ।

कुमारी, झुमा, देउकी, बदिनी जस्ता परम्परागत रूपमा चलिआएका प्रथा महिलाहरूको स्वाभिमानका विरुद्ध छन् । समाजमा महिला उपर हुने गरेको यस्ता उत्पीडनलाई धार्मिक र परम्पराको नाममा चिरस्थायी बनाउने दुस्प्रयन्त गरेको छ ।

समाजमा विद्यमान सामन्तवादले एकातिर पुरुषका सन्दर्भमा मनमेल विवाह, बालविवाह, बहुविवाह, साटो विवाह, इच्छा विपरितको विवाह आदिजस्ता असामाजिक कार्यलाई न्यायोचित ठहऱ्याएको छ । अर्कातिर महिलाहरूको सन्दर्भमा विधवा विवाहलाई समाजमा अमर्यादित कार्यको रूपमा स्थापित मात्र होइन अझ बिस्तारितसमेत गरिरहेछ ।

त्यसैले अनेमसङ्घले धर्म, परम्परा र मान्यताको नाममा समाजमा विद्यमान सबै प्रकारका कुरीतिका विरुद्ध प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

८. भ्रष्ट पूँजीवादी संस्कृति विरुद्धको कार्यक्रम

सामन्तवादले महिलालाई चरणको दासी बनायो । पूँजीवादले उनीहरूलाई उपभोगको वस्तु बनायो । त्यसैले पूँजीवादले महिलाहरूलाई सम्मान गर्न जानेन, उनीहरूलाई विज्ञापनको साधन बनायो । वृत्ति विकास र क्षमता प्रदर्शनको नाममा ससाना किशोरीहरूदेखि अधबैंसे महिलासम्मलाई सुन्दरी प्रतियोगिता र फ्यासन सोको नाममा उच्छृङ्खल तरिकाले सार्वजनिक गर्ने अपसंस्कृतिलाई यसले बढावा दियो । हालका वर्षहरूमा विश्वव्यापीकरण र उदारीकरणले उपभोक्तावादको चरम फैलावटद्वारा यस्तो अपसंस्कृतिलाई झन तीव्र पारेको छ । यसको प्रत्यक्ष प्रभावले गर्दा अहिले हाम्रो समाजमा जनवादी संस्कृतिको विपक्षमा यस्तै भ्रष्ट पूँजीवादी संस्कृतिको बोलवाला चलिरहेको छ ।

अनेमसङ्घ यस्तो कुसंस्कृतिको बिपक्षमा र स्वस्थ जनवादी संस्कृतिको विकास र संबर्द्धनमा क्रियाशील रहनेछ ।

९. घरेलु हिंसाको विरुद्ध पारिवारिक अदालतको कार्यक्रम

अहिले हाम्रो समाजमा नितान्त व्यक्तिगत र पारिवारिक मूल्य मान्यतामा आधारित कतिपय विवादहरूलाई सुल्झाउन नागरिक अदालतमा सार्वजनिक गर्ने गरिन्छ । यसको नकारात्मक परिणामको शिकार प्रायः महिलाहरू नै हुने गरेका छन् । एकातिर महिलाहरू पीडित छन् फेरि यस्तो घटनाले सिङ्गो परिवार र समाजलाई नै क्रमशः प्रभावित गरेको छ ।

सम्बन्ध बिच्छेद र पारिवारिक विवाद, जसले कहिले कहिले उग्र रूप पनि लिन्छ, नितान्त निजी समस्या हुन् । यस्ता घटनाहरू र जबर्जस्ती करणी तथा गर्भपतन जस्ता विषयहरू, जसलाई खुला अदालतमा दसी प्रमाणको आधारमा छिनोफानो गर्नुभन्दा पनि पारिवारिक अदालतको बन्द इजलासबाट बहस पैरवी गर्ने व्यवस्था हुँदा विवाद समाधान र पारिवारिक, सामाजिक कारणले पनि उपयोगी हुन सक्छ ।

यसको लागि पारिवारिक अदालत स्थापना गर्ने अभियानलाई उच्च महत्वका साथ अनेमसङ्घले अघि बनाउने छ ।

१०. महिला बेचबिखन विरुद्धको कार्यक्रम

हाम्रो समाजमा रहेका द्रव्यपिशाचहरूले चाँडै धनी हुने लोभमा आफ्नै आमा दिदी बहिनीहरूको जीउ मास्ने बेच्ने जस्ता अपराधिक कार्यमा आफूलाई संलग्न गर्ने गरेका छन् । काम खोजिदिने बहानामा स्वदेश वा विदेशमा महिलाहरूको बिक्री गर्ने गिरोहको जालो नै नेपाली समाजमा क्रियाशील रहेको छ । झण्डै एक करोड महिलाहरूको एकीकृत आवाजको रूपमा अनेमसङ्घ, महिला बेचबिखन कार्यमा संलग्न अपराधीहरूको विरुद्ध आवाज बुलन्द गर्दछ । र, महिला प्रहरी सेल, महिला हक हितको लागि कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू,

सामाजिक आन्दोलन र सम्बन्धित सम्बद्ध निकायहरूसँग हातेमालो गर्दै यो कार्यक्रमलाई प्रभावकारी ढङ्गले अघि बढाउने छ ।

११. साक्षरता र जागरणको कार्यक्रम

सरकारी आँकडाले साक्षरताको प्रतिशत जतिसुकै माथि चढाए पनि हाम्रो समाजमा निरक्षर र असचेत जनसमुदायको सङ्ख्या उल्लेखनीय छ । निरक्षर प्रतिशतको ठूलो सङ्ख्या महिलाहरूकै छ । निरक्षर प्रतिशतको ठूलो सङ्ख्या महिलाहरूकै छ । समाजमा अहिले पनि छोरीलाई स्कुल नपठाउने विद्यमान परिपाटीले यही कुरालाई सङ्केत गर्दछ ।

जबसम्म महिलाहरूमा चेतनाको ज्योति फैलिँदैन तबसम्म समाज विकासको परिकल्पना पनि एकपाखे मात्र हुन सक्छ । त्यसैले जनसङ्ख्यामा आधाभन्दा बढी सङ्ख्यामा रहेका महिलाहरूलाई साक्षर बनाउन र उनीहरूमा चेतना जगाउन साक्षरता र जागरण अभियानलाई महत्त्वपूर्ण अभियानको रूपमा अघि बढाइने छ । महिलाहरूलाई माध्यमिक तहसम्म शैक्षिकसामग्री सहित निःशुल्क शिक्षा र स्नातक तहसम्म निःशुल्क शिक्षा दिने व्यवस्था यस प्रसङ्गमा प्रभावकारी कदम हुन सक्छ । शैक्षिक तथा जागरणका लागि प्रौढ शिक्षा, औपचारिक वा अनौपचारिक शिक्षा वा सिपमूलक तालिम र जनजागरण अभियानमा संलग्न विभिन्न संस्थाहरूसँग हातेमालो गर्दै गाउँदेखि सहरसम्म यस्तो कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. सामाजिकीकरणको कार्यक्रम

माथिका कार्यक्रमहरूमा पनि उल्लेख गरिसकिएको छ, चाहे पारिवारिक कलहबाट होस् वा महिला बेचबिखनबाट होस्, हाम्रो समाजमा ठूलो सङ्ख्यामा महिलाहरू अलपत्र परेका छन् । परिवारको परित्यक्तता होस् वा देहव्यापार जस्ता घृणित कार्यमा बाध्यतावश संलग्न महिला होस्, उनले समाजमा दूर्व्यवहार र अपहेलनाको पात्र बन्नु परिरहेको छ । यस्तो सामाजिक समस्यालाई हल गर्न परिवारबाट तिरस्कृत र समाजबाट विस्थापित महिलाहरूलाई सम्मानपूर्वक जीवन बिताउने वातावरण तयार गर्न सामाजिकीकरणको कार्यलाई उच्च महत्त्वका साथ अघि बढाइने छ । यसका लागि महिला सामाजिकीकरणमा लागेका सङ्घ-संस्थाको प्रयासलाई सदुपयोग गर्नुका अतिरिक्त राज्यबाट विशेष सामाजिक सुरक्षाको कार्यक्रम सञ्चालन गर्द दबावमूलक कार्यक्रम अघि बढाइने छ ।

१३. पेशा तथा व्यवसायमा संलग्न महिलाहरूप्रति ऐक्यबद्धताको कार्यक्रम

अनेमसङ्घको छाताभित्र विविध व्यवसाय र पेसामा संलग्न आमा र दिदीबहिनीहरू सङ्गठित हुनुहुन्छ । अनेमसङ्घले मूलरूपमा महिलाहरूको आम समस्यासँग आफूलाई सम्बद्ध गराउँदै आएको छ । तर विभिन्न पेसामा संलग्न श्रमजीवी महिलाहरू आम महिला समस्याबाट मात्र होइन । आ-आफ्नो पेसामा उत्पन्न समस्याबाट पनि पीडित हुनुहुन्छ । उदाहरणका लागि श्रमिक महिलाहरूको सन्दर्भमा महिनावारी हुँदाको बिदा, सुत्केरी-सुत्केरो बिदा, शिशुस्याहार केन्द्र, रोजगारी र पारिश्रमिकमा समानता तथा समान अवसर, रात्रि सिफ्टको काम र रोजगारीको

सुरक्षा जस्ता विषयहरूलाई लिन सकिन्छ । यस्तै युवा, विद्यार्थी महिलाहरू, किसान, निजामति तथा अन्य सेवाका क्षेत्रमा कार्यरत महिलाहरूको आआफ्नै प्रकारको विषयगत समस्याहरू छन् । उनीहरूका यी समस्याहरूको हल उनीहरू आफू सङ्गठित रहेको विषयगत सङ्गठनले नै गर्दै आएका छन् । अनेमसङ्घको ऐक्यबद्धताले ती संस्थाहरूमा सङ्गठित रहेका महिलाहरूको समस्या हल गर्न थप बल पु¥याउने हुँदा "पेसा तथा व्यवसायमा संलग्न थप महिलाहरूप्रति ऐक्यबद्धताको कार्यक्रम" सञ्चालन गरिनेछ ।

१४.महिलाहरू समाजमा दोहोरो दायित्वको बोझले किचिएका छन् । एकातिर फुर्सदका नाममा थोरै समय पनि उनीहरूले सुस्ताउने पाउँदैनन् । हाम्रो देशमा ८१५ भन्दा बढी कृषिमा आधारित श्रमजीवी जनसङ्ख्या झण्डै ९४५ महिला श्रम रहेको तथ्याङ्कले बताउँछ । अर्कातिर उनीहरूले गरेको कामको मूल्यमा गणना गरिँदैन । त्यसैले महिला मुक्तिको लागि फलदायी रोजगारी पनि एउटा अनिवार्य शर्त बन्न पुगेको छ ।

उदारीकरण र विश्वव्यापीकरणले अनौपचारिक बनाएको श्रम बजारमा ठूलो सङ्ख्यामा महिला श्रम र बालश्रमको शोषण भइरहेको छ । यसका अतिरिक्त बालश्रम र महिलाश्रम अनौपचारिकीकरणले महिलाहरू असङ्गठित छन् र उनीहरू असहाय बनेका छन् । अर्कातिर अन्यायपूर्ण श्रम अभ्यासको कारणले उनीहरूमाथि रोजगारी सेवा सर्तमा समेत पक्षपातपूर्ण व्यवहार लादिएको छ । यो स्थितिको अन्त्यको लागि महिला सशक्तीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

महिलाहरू प्रतिस्पर्धामा आउन नसक्ने होइनन् र उनीहरू प्रतिस्पर्धी पनि हुनुपर्छ । प्रतिस्पर्धा भनेको प्रतिस्पर्धी दुवै पक्ष समानरूपले क्षमतावान् तथा शक्तिशाली हुनु हो । र, यो एक प्रकारले शक्तिको सन्तुलन पनि हो । तर विद्यमान सामाजिक संरचना त्यस्तो छैन र त्यो प्रतिस्पर्धाको कुरा महिलाको सन्दर्भमा त प्रतिकूल पनि छ ।

त्यसैले कम्तीमा पनि निजामति र अन्य सरकारी सेवामा ३३५ सिट महिलाहरूको लागि हालको अवस्थामा आरक्षण गरिनु आवश्यक छ । यसका अतिरिक्त कृषि विकास बैंक, महिला सहकारी संस्थाहरू, महिला विकास कार्यक्रम, लघुऋण आयोजना र साना किसान विकास आयोजना जस्ता कार्यक्रमहरूमा महिला आन्दोलनको प्रत्यक्ष पहुँच र हस्तक्षेप हुनुपर्छ, महिलालाई आर्थिक रूपले स्वावलम्बन बनाउन ग्रामीण महिला विकास वैंकको स्थापना गर्ने कार्यक्रम महिला सशक्तीकरणको सन्दर्भमा उपयोगी हुनसक्छ ।

आगामी वर्षहरूमा अनेमसङ्घले श्रम शोषणका विरुद्ध महिला सशक्तीकरणको विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

*(स्रोत : अखिल नेपाल महिला सङ्घ, कार्यक्रम, अनेमसङ्घ २०५५)*

●

**अनुसूची- ४**

# अखिल नेपाल महिला सङ्घको
# विधान

प्रस्तावना :

नेपाली महिलाहरू समाजको आर्थिक, सामाजिक, धार्मिक एवम् राजनैतिक बनावटको कारणले गर्दा एकातिर वर्गीय शोषण (सामन्ती, अर्ध औपनिवेशिक पूँजीवादी) र अन्यायको शिकार भएका छन् भने अर्कोतिर युगौंदेखि समाजमा विद्यमान पुरुष प्रधानताको परिपाटीबाट समेत पीडित छन् । तसर्थ देशको आधा भाग ओगटेर बसेका नेपाली महिलाहरूले सबैखाले समस्याबाट मुक्त हुनका लागि स्वतन्त्रता, स्वाधीनता, राष्ट्रियता, सार्वभौमिकता र विश्व-बन्धुत्वको पक्षमा साम्राज्यवाद, विस्तारवाद, सामन्तवाद, नवउपनिवेशवाद र सबै प्रकारका देशी विदेशी थिचोमिचोको विरुद्ध दृढताका साथ अघि बढ्दै देशका सबै जनपक्षीय शक्तिहरूसँग मिलेर समानतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्ने काममा सहभागी हुनु पर्दछ ।

जबसम्म सिङ्गो देशको मुक्ति हुँदैन, तबसम्म महिलाहरूको मुक्ति पनि सम्भव छैन । यसको लागि देशको आधा भाग ओगटेर बसेका हामी नेपाली महिलाहरू सचेत र सङ्गठित हुनु अति आवश्यक छ । आज नेपाली महिलाहरूले राजनैतिक, आर्थिक, सांस्कृतिक, सामाजिक आदि सबै क्षेत्रमा पुरुष सरह समान अधिकार र मर्यादाको पक्षमा लड्दै जानुपर्ने आवश्यकता दिनानुदिन प्रवल हुँदै गइराखेको छ । यही गहनतम् कुराहरूलाई विचार गरेर सम्पूर्ण शोषित-पीडित नेपाली महिलाहरूको मर्यादास्तरलाई उँचो पार्न साथै देश र जनताको मुक्तिको निमित्त समेत, चेतनशील, जागरुक महिलाहरूको समूह निर्माण गरी सङ्गठित पार्दै जान नै अखिल नेपाल महिला सङ्घको जन्म भएको हो ।

भाग- १

क) नामः -यो सङ्गठनको नाम "अखिल नेपाल महिला सङ्घ" र अङ्ग्रेजी "ALL NEPAL WOMEN'S ASSOCIATION" रहने छ र छोटकरी "अ.ने.म.सं." अङ्ग्रेजीमा A.N.W.A. हुनेछ । जसलाई विधानमा "सङ्घ" मात्र पनि प्रयोग गरिनेछ ।

ख) प्रारम्भ : यो विधान सम्मेलनबाट पारित भएको मितिबाट लागू हुनेछ ।

भाग-२

झण्डा :

क) रातो भुइँको झन्डाको आकार लम्बाई ३ भाग र चौडाइ २ भाग हुनेछ ।

ख) झन्डाको देब्रे कोणलाई बीचमा पारेर थोरै कुप्रो आकारमा बायाँदेखि तलबाट क्रमशः सेतो, रातो, नीलो तीन रङ्गको तारा रहनेछ, जसको अर्थ, एकता, सङ्घर्ष र मुक्ति हुनेछ । तीन तारामध्ये बीचको तारा ताकेकी एउटी महिलाको हातले समातेको "मशाल" रहने छ । जसको अर्थ "नयाँ चेतना" हुनेछ ।

भाग -३

क) छापः यस सङ्घको सबैतहमा प्रयोग गरिने छाप गोलो आकारको हुनेछ । जसमा माथि नेपाली र तल अङ्ग्रेजीमा सङ्घको नाम रहने छ । बीचमा सम्बन्धित तहको नाम रहने छ ।
ख) सङ्गठनको विशेष चिन्ह लोगो रहने छ ।

भाग -४

उद्देश्य :
१) देशभरि छरिएर रहेका सबै जाति र वर्गका महिलाहरूलाई सचेत र सङ्गठित गर्दै महिलामाथि हुन लिङ्गीय र वर्गीय शोषणको विरुद्ध प्रशिक्षित गरी योजनाबद्ध महिला नागरिक र सङ्घर्षका कार्यक्रम सञ्चालन गर्न महिला मुक्तिको निम्ति निरन्तर कार्यरत रहने ।

२) देशभरि छरिएर रहेका सबै तह वर्गका (खास गरी गरीब, परिश्रमी र अत्यधिक बहुमतमा रहेका नेपाली महिलाहरूका हक, हित र इज्जतको रक्षा गर्दै उनीहरूको मर्यादास्तर उँचो पार्न प्रयत्नशील रहनु ।

३) समाजमा व्याप्त सबै खाले कु-संस्कार, कुरीति, कानुन र परम्पराको आधारमा सिर्जना भएको भेदभावको स्थितिलाई हटाई नारी-पुरुषबीच समानतामा आधारित न्यायपूर्ण समाज निर्माणका लागि सङ्घर्षरत रहनु ।

४) महिलाहरूमा व्याप्त अशिक्षा, अन्धविश्वास, हिनताबोध र पछौटेपनको विरुद्ध योजनाबद्ध रूपमा नारी जागरणको कार्यक्रम सञ्चालन गरी शोषित, पीडित विशाल महिला समूहलाई सङ्गठित र सचेत पार्दै समाजमा मर्यादित बनाउन सबै प्रकारका शोषण र खराबीको विरुद्ध जोडदार रूपमा सङ्घर्ष सञ्चालन गर्नु ।

५) महिलाहरूमा आत्मनिर्भरताको अभिवृद्धि गर्न र उनीहरूलाई सृजनशील आर्थिक उत्पादनको कार्यमा संलग्न गराउन, महिलाहरूको रोजगारीको व्यवस्था गराउन र उनीहरूलाई पनि सार्वजनिक क्षेत्रमा स्थापित गराउन प्रयत्नशील रहनु ।

६) समन्तवाद, साम्राज्यवाद, विस्तारवाद र र सबै खाले प्रतिक्रियावादको विरोध गर्दै देश तथा विदेशमा हुने कुनै पनि न्यायपूर्ण सङ्घर्षको समर्थन र सहयोग गर्दै अरु सङ्गठनहरूसँग ऐक्यबद्धता प्रदर्शन गर्ने ।

७) महिलाहरूको अपमान हुने खालका चलचित्र निर्माण तथा प्रदर्शन, सुन्दरी प्रतियोगिता, छाडा साहित्यको प्रकाशन, नग्न अङ्ग प्रदर्शन र त्यस्ता खालका विज्ञापनहरू आदि जस्ता समाजमा विकृति फैलाउने खालका कार्यलाई निरुत्साहित पार्न प्रयत्नशील रहनु ।
८) समाजमा महिलाहरूलाई मर्यादित बनाउनको निमित्त आवश्यक हुने सभा, गोष्ठी प्रशिक्षण, ( कक्षा), अन्तर्क्रिया जुलुस, आदिद्वारा चेतना जगाउन प्रयत्नशील रहनुका साथै सङ्गठनको

गतिविधिको जानकारी र ज्ञान दिलाउन, शिक्षित र जागरुक बनाउन आवश्यकता अनुसारका सामग्रीहरूको प्रकाशन गरी बितरण गर्ने कार्यमा जोड दिने ।

९) सम्पूर्ण राष्ट्र एवम् जनताको मुक्ति विना महिला मुक्ति सम्भव नहुने हुँदा राष्ट्र र जनताहरूको मुक्तिको लागि हुने हरेक न्यायपूर्ण सङ्घर्षमा महिलाहरूलाई सक्रिय रूपमा सहभागी गराउँदै नयाँ जनवादको स्थापनार्थ महिला समुदायलाई क्रियाशील गराउन प्रयत्नशील रहनु ।

१०) देशका हरेक वर्ग र समुदायले चलाउने न्यायपूर्ण सङ्घर्षमा सरिक हुने ।

११) पुरुष प्रधान मूल्य मान्यतालाई ध्वस्त गरी नारी-पुरुष समानतामा आधारित समाज निर्माण गर्न प्रयत्नशील रहने ।

१२) नारी मुक्ति आन्दोलनमा लागेका समान उद्देश्य भएका अन्तर्राष्ट्रिय महिला सङ्गठनहरूसँग भाइचारा सम्बन्ध कायम गर्ने ।

भाग- ५

सदस्य :

क) अखिल नेपाल महिला सङ्घको उद्देश्य, कार्यक्रम, विधान र निर्णयहरू मान्ने १४ वर्ष उमेर पुगेकी महिला हक हितको निम्ति सङ्गठित भई काम गर्न चाहने कुनै पनि पेसा र वर्गका नेपाली महिलाहरू वार्षिक सदस्यता शुल्क रु.२ (दुई) तिरेर सङ्घको साधारण सदस्य बन्न सक्ने छन् ।
ख) आफूले सदस्यता लिएको एक वर्ष पुगेपछि वार्षिक शुल्क रु. २ तिरेर प्रत्येक वर्ष सदस्यता नवीकरण गर्नु पर्नेछ ।

भाग- ६

साङ्गठानिक ढाँचा र गठन :

क) केन्द्रीय समिति
ख) क्षेत्रीय समिति
ग) जिल्ला समिति
घ) एरिया समिति
ङ) गाउँ तथा नगर समिति
च) औद्योगिक प्रतिष्ठान, शिक्षण संस्थान तथा टोलहरूमा एकाई

१) सङ्घका साधारण सदस्यहरूको भेलाले प्राथमिक सङ्गठनको रूपमा एकाईको गठन गर्नेछ ।
२) एकाईका प्रतिनिधिहरूको भेलाले गाउँ वा नगर समितिको गठन गर्नेछ ।
३) जिल्ला समितिले भौगोलिक आधारमा जिल्लाको आवश्यकता हेरी गा.वि.स. तथा नगरलाई मिलाएर एरिया समिति निर्माण गर्न सक्ने छ । एरिया भरिका इकाई समितिका प्रतिनिधिहरूको भेला वा सम्मेलनले एरिया समितिको चयन गर्ने छ ।

४) जिल्ला भरिका साधारण सदस्य (एकाई, गाउँ वा नगर) हरूको भेला वा सम्मेलनले जिल्ला समितिको गठन गर्नेछ ।

५) केन्द्रीय समितिले आवश्यकताअनुसार विभिन्न जिल्लाहरू मिलाएर र जिल्ला समितिको राय लिई क्षेत्रीय समिति गठन गर्न सक्नेछ । क्षेत्रीय समितिको सङ्ख्या केन्द्रीय समितिले तोक्नेछ ।

६) जिल्ला सम्मेलन र भेलाहरूबाट चुनिएका प्रतिनिधि र पर्यवेक्षकहरूको राष्ट्रिय सम्मेलनले केन्द्रीय समितिको चयन गर्नेछ । केन्द्रीय समितिको सदस्य सङ्ख्या पनि राष्ट्रिय सम्मेलनले नै तोक्नेछ । यसलाई अ.ने.म.सं. को सर्वोच्च अङ्ग मानिनेछ ।

७) प्रत्येक समितिमा आवश्यकता हेरी अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्षको जिम्मेवारी छुट्याउने छ र सदस्य सङ्ख्या आवश्यकताअनुसार राखिनेछ ।

८) केन्द्रीय समितिमा भने महासचिव र सचिवको व्यवस्था हुनेछ । सहसचिव भने रहने छैन । केन्द्रभन्दा तलका समितिमा सचिव र सहसचिवको व्यवस्था हुनेछ ।

९) सङ्गठनको सुरु निर्माण भएको ठाउँमा समितिको तयारीको क्रममा सक्रिय सदस्यको संयोजकत्वमा तयारी समिति बनाइने छ र तदर्थ समितिले सम्मेलन गरी स्थायी समिति गठन गर्नेछ । यो प्रक्रिया सङ्गठनको सबै तहमा लागू हुनेछ ।

१०) सम्मेलन अगाडिसम्म तयारी समिति नै अधिकार सम्पन्न भै सम्पूर्ण आवश्यक काम-काज चलाउनेछ ।

११) जुन जिल्लामा सम्मेलन तयारी (तदर्थ) समितिको निर्माण हुन सकेको छैन, त्यस जिल्लामा जिल्ला सम्पर्क समितिको निर्माण गरिनेछ । सम्पर्क समितिको पहलमा जिल्ला भेला गराई जिल्ला सम्मेलन तयारी समिति (जि.स.त.स.) को निर्माण गरिनेछ ।

१२) जिल्ला समिति र सोभन्दा माथिका समितिहरूमा आवश्यकता हेरी समितिका एक तिहाई सदस्यको सचिवालय गठन गर्न सकिनेछ ।

१३) सम्वन्धित समितिहरूलाई आवश्यक राय सल्लाह सुझाव दिनका लागि प्रत्येक समितिले आवश्यकताअनुसार सल्लाहकार समितिको व्यवस्था गर्न सक्नेछ ।

१४) विभिन्न जिल्लाबाट काठमाडौं आई बसेकाहरूको सम्पर्क समितिहरू निर्माण गरिनेछ ।

भाग-७

विभिन्न समितिको काम, कर्तव्य र अधिकारः

क) केन्द्रीय समिति :

१) राष्ट्रिय सम्मेलन र भेलाको आयोजना गर्ने ।

२) राष्ट्रिय सम्मेलनले केन्द्रीय समितिका कामहरूको मूल्याङ्कन गर्ने, प्रस्तुत दस्तावेजहरू पारित गर्ने, भावी कार्यक्रम तयार पार्ने, केन्द्रीय समितिको चुनाव गर्ने, आवश्यकताअनुरूप विधान संशोधन वा पूरै अर्को नयाँ विधान तयार पार्ने, सङ्गठनका नीति नियमहरू तय गर्ने काम गर्नेछ ।

३) केन्द्रीय समितिले राष्ट्रिय सम्मेलनले तय (निर्धारित) गरेको कार्यक्रम र नीति अनुसार काम गर्नु पर्नेछ ।

४) केन्द्रीय समितिले आफ्नो विधान र कार्यक्रम तल्ला समिति र सदस्यहरूमा लागू गर्ने र सङ्गठन परिचालन गर्ने ।

५) केन्द्रीय समितिले मातहतका समितिहरूले गरेका कामहरूको निरीक्षण गर्ने र महत्वपूर्ण विषयहरूमा तिनीहरूलाई सुझाव र निर्देशन दिनेछ ।

६) सङ्घको उद्देश्यअनुरूप आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

७) राष्ट्रिय सम्मेलनद्धारा पारित भावी नीति तथा कार्यक्रमअनुसार काम गर्ने गराउने ।

८) काम सुचारु र सचिलो ढङ्गले सञ्चालन गर्न आवश्यकताअनुसार काम गर्ने गराउने ।

९) केन्द्रीय समितिले विधान अन्तर्गत रही आवश्यक नियम, उपनियमहरू बनाउन सक्नेछ ।

१०) केन्द्रीय कार्यालय र केन्द्रीय सचिवालयले गरेको काम कारवाही र निर्णयको अनुमोदन गर्ने ।

११) राष्ट्रिय सम्मेलन र भेलामा सङ्गठनको गतिविधि तथा आयव्यय हिसाव पेश गर्ने ।

१२) आवश्यकताअनुसार कार्यकर्ता भेला वा विस्तारित वैठक गर्ने ।

ख) क्षेत्रीय समिति :

१) केन्द्रको नीति निर्देशनको पालना गर्दै आफ्नो मातहतका समितिमा कार्यान्वयन गराउने ।

२) केन्द्रको विधान, प्रतिवेदन अन्तर्गत रही क्षेत्रले आवश्यक नियम, कार्ययोजनाहरू तर्जुमा गर्न सक्नेछ ।

३) केन्द्रको परामर्शमा आवश्यक परे क्षेत्रीय भेला डाक्न सक्नेछ ।

४) आफ्नो मातहतका समितिको कामको निरीक्षण गरी आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने ।

५) सबै कामको रिपोर्ट केन्द्रमा पठाउने ।

ग) जिल्ला समिति :

१) आफूभन्दा माथिल्लो समितिको नीति निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

२) जिल्ला सम्मेलन/भेला/प्रशिक्षण आयोजना गर्ने ।

३) जिल्ला सम्मेलन /भेलामा साङ्गठनिक गतिविधि जिल्लाको भावी कार्ययोजना आय-व्यय हिसाब पेश गर्ने ।

४) भौगोलिक आधारमा एरिया विभाजन गरी एरिया भेला वा सम्मेलनद्वारा एरिया समिति गठन गर्न पहल गर्ने ।

५) आवश्यक परेमा विस्तारित वैठक वा कार्यकर्ता भेला डाक्न सक्नेछ ।

६) सदस्यता वितरण गर्ने, सङ्गठन विस्तार गर्ने ।

७) विधान अन्तर्गत रही स्थानीय स्तरका समस्याहरूलाई पनि समेटेर विविध कार्यक्रमहरू गर्ने ।

८) आफ्नो मातहतका समितिहरू सूचारु रूपले परिचालन गर्ने ।

९) जिल्लाको सम्पूर्ण रिपोर्ट केन्द्र तथा क्षेत्रमा पठाउने ।

घ) एरिया समिति :

१) आफूभन्दा माथिल्लो समितिको नीति निर्देशन कार्यान्यवन गर्ने, गराउने ।

२) एरिया भेला/सम्मेलन/प्रशिक्षणको आयोजना गर्ने ।

३) एरिया भेला/सम्मेलनमा एरियाको साङ्गठनिक गतिविधि र आय-व्यय हिसाव पेश गर्ने ।

४) सदस्यता वितरण र व्यापक सङ्गठन विस्तारमा जोड दिने ।

५) आफ्नो मातहतका इकाई समितिहरू जीवन्त परिचालन गर्ने ।

६) एरिया भरिको कामको रिपोर्ट जिल्लामा पठाउने ।

ङ) इकाई समिति :

१) आफूभन्दा माथिका समितिको नीति निर्देशन पालना गर्ने ।

२) प्रारम्भिक समितिको निर्माण गर्ने सदस्यता वितरण र विस्तारमा जोड दिने ।

भाग - ८

सम्मेलन

क) राष्ट्रिय सम्मेलन प्रत्येक तीन वर्षमा हुनेछ । सामान्यत : प्रत्येक वर्ष राष्ट्रिय भेलाको आयोजना गरिनेछ ।

ख) क्षेत्रीय सम्मेलनहरू केन्द्रीय समितिको निर्देशनमा आवश्यकता अनुसार गर्न सकिनेछ ।

ग) जिल्ला सम्मेलन प्रत्येक दुई वर्षमा हुनेछ ।

घ) गाउँ, नगर र टोलका एकाई सम्मेलनहरू सामान्यतः एक वर्षमा गरिनेछन् ।

ङ) एकाई, टोल, प्रारिभिक समिति स्तरमा माथिल्ला समितिको प्रतिनिधिको उपस्थितिमा स्थिति हेरी सम्मेलन, भेला वा मनोनयनद्वारा समितिहरू निर्माण गर्न सकिनेछ ।

च) प्रत्येक तहमा सम्मेलनको लागि प्रतिनिधि, पर्यवेक्षक, अतिथिको व्यवस्था सम्बन्धित तहका समितिको आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

छ) प्रत्येक तहको सम्मेलन सम्बन्धित समितिको सर्वोच्च अङ्ग हुनेछ । दुईवटा सम्मेलनको बीचमा सम्बन्धित समिति नै सर्वोच्च अङ्ग मानिने छ तर सङ्घको सम्पूर्ण तहको सर्वोच्च अङ्ग राष्ट्रिय सम्मेलन हुनेछ । दुईवटा राष्ट्रिय सम्मेलनको विचमा केन्द्रीय सम्मेलनको बीचमा केन्द्रीय समिति नै सर्वोच्च अङ्ग हुनेछ ।

भाग-९

वैठक :

क) केन्द्रीय समितिका महासचिव र तल्ला समितिहरूमा सचिवले आ-आफ्नो तहमा अध्यक्षसँग सर-सल्लाह गरी आवश्यकताअनुसार वैठक बोलाउनेछन् । वैठकमा गणपूरक सङ्ख्याको निम्ति बहुमत सदस्यहरूको उपस्थिति अनिवार्य छ ।

ख) तीन पटकसम्म बैठक बोलाउँदा पनि विनाकुनै कारण बहुमत सदस्य (पदाधिकारी) हरूको उपस्थिति हुन नसकेमा उपस्थित सदस्यहरूले आवश्यकताअनुसार वैठक चलाउन सक्नेछन् ।

भाग-१०

पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

१ अध्यक्ष :

क) अध्यक्षले समितिको वैठकको अध्यक्षता गर्नेछ ।

ख) समितिका सदस्यहरूको कामको रेख-देख तथा निरीक्षण गर्नेछ ।

ग) कुनै विषयमा निर्णय गर्नुपर्दा बराबर मत भएका निर्णायक मत दिनेछ ।

घ) आफ्नो समितिका सदस्यहरूको तथा समितिहरूको काम, प्रगति र समस्याहरूको अध्ययन गरी समयानुकूल आवश्यक निर्देशन र सुझाव दिनेछ ।

२) उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्नेछ ।

ख) अध्यक्षको काममा सहयोग गर्नेछ ।

३) महासचिव :

क) अध्यक्षको परामर्श लिई बैठक बोलाउने, बैठकको लागि प्रतिवेदन र कार्यक्रम तयार पार्नेछ ।

ख) समितिको दैनिक कार्य सञ्चालन गर्नेछ ।

ग) चिठ्ठी, कागजपत्र, दस्तावेज आदिको सङ्कलन तथा रेकर्ड राख्नेछ ।

घ) सङ्घको तर्फबाट विभिन्न ठाउँमा चिठ्ठी, पत्र आदान-प्रदानको व्यवस्था गर्नेछ ।

ङ) अध्यक्षलाई आवश्यक सल्लाह दिनेछ ।

४) सचिव :

क) महासचिवको अनुपस्थितिमा उसको सम्पूर्ण कार्यभार सम्हाल्नेछ ।

ख) महासचिवलाई आवश्यक सर-सहयोग पुऱ्याउनेछ ।

ग) केन्द्रभन्दा तल्ला समितिको हकमा यो कार्य सहसचिवले गर्नेछ ।

५) कोषाध्यक्ष :

क) सङ्घको सम्पूर्ण आम्दानी खर्चको हिसाब राख्नेछ ।

ख) अध्यक्षको परामर्श लिई बजेट तयार पारी बैठकमा पेश गर्नेछ ।

ग) सङ्घको सम्पूर्ण चल-अचल सम्पतिको सङ्कलन र परिचालन गर्नेछ ।

६) सदस्यहरू :

क) सदस्यहरूले आ-आफ्नो समितिले दिएको कामको जिम्मेवारी वहन गर्नुपर्ने छ ।

ख) कामको विवरण सम्बन्धित समितिमा पेश गर्नुपर्ने छ ।

ग) समितिको वैठकहरूमा भाग लिने, छलफल गर्ने र दुईमत भएमा मतदान गर्नेछ ।

भाग - ११

अनुशासन, कारवाही र अवकाश :

क) सङ्घको उदेश्य, विधान र निर्णयहरू बिपरित काम गर्ने अथवा अनुशासनको उल्लंघन गरी समाजको आचार व्यवहार विपरित काम गर्ने व्यक्ति वा व्यक्तिवादी ढङ्गले काम गर्ने सदस्यलाई सम्बन्धित समितिले सम्झाउने, आलोचना गर्ने, कडा आलोचना गर्ने, चेतावनी दिने र स्पष्टीकरण लिने, दोषअनुसार पद अवन्नति गर्ने, निलम्बन र सदस्यताबाटै निष्काशितसमेत गर्न सक्नेछ । सदस्यताबाट निलम्बित वा निष्काशित गर्ने अधिकार जिल्ला समितिसम्मलाई मात्र हुनेछ । निष्काशन र विघटन गर्नको लागि दुई तिहाई बहुमतको आवश्यकता हुनेछ । अनुशासनको कारवाहीको स्वीकृति हरेक समितिले आफूभन्दा माथिल्लो समितिसँग लिनुपर्नेछ । केन्द्रीय समिति आफूले गरेका कारवाहीको उत्तरदायित्व सबै राष्ट्रिय सम्मेलनप्रति हुनुपर्नेछ ।

ख) कारवाहीमा परेका सदस्यले चित्त नबुझेमा उपयुक्त कारण र तथ्य देखाई माथिल्लो समिति तथा केन्द्र र राष्ट्रिय सम्मेलनसमेत अपिल पेश गर्न सक्नेछन् ।

ग) सङ्घको अनुशासनमा नरहने निर्णय, विधान, उद्देश्य, कार्यक्रम र केन्द्रको निर्णय बिपरित जाने केन्द्रको स्वीकृति बेगर सङ्घको विधानसँग बाझिने गरी समानान्नर सङ्गठन खोलेमा,

सङ्गठनको जिम्मेवारी गम्भीरतापूर्वक नलिएमा, गोपनियता भङ्ग गरेमा, अन्य समानान्तर
सङ्गठनको जिम्मेवारी गम्भीरतापूर्वक नलिएमा, गोपनियता भङ्ग गरेमा, अन्य समानान्तर
सङ्गठन खोल्ने अभिप्रायले गुटबन्दी वा षडयन्त्र गरेमा, अन्य समानान्तर सङ्गठनसँग अवैध सम्बन्ध राखेमा, आर्थिक हिनामिना गरेमा, गलत उद्देश्यले सङ्गठनमा क्रियाशील रहेको थाहा भएमा, प्रतिक्रियावादीहरूसँग साँठगाँठ भएको थाहा भएमा, अवस्था र गल्ती कमजोरी वा अपराधको प्रकृति हेरी कुन प्रकारको कारवाही गर्ने भन्ने निर्णय अधिकार सम्पन्न समितिले गर्नेछ । कार्वाहीमा (भङ्ग वा निलम्बन वा भङ्ग गरी अस्थायी समिति गठन गर्न सक्नेछन् । माथिल्लो समिति वा सम्मेलनसम्म पनि अपिल गर्न सक्नेछन् । माथिल्लो समितिले निलम्बन वा भङ्ग गरी अस्थायी समिति गठन गर्न सक्नेछ । भङ्ग वा निलम्बित समितिले उपयुक्त कारण र तथ्य देखाई माथिल्लो समिति वा सम्मेलनसम्म पनि अपिल गर्नसक्नेछ । साथै आवश्यकताअनुसार माथिल्लो समिति वा सम्मेलनसम्म पनि अपिल गर्नसक्नेछ । साथै आवश्यकताअनुसार माथिल्लो समितिले अस्थायी समिति गठन गर्न सक्नेछ ।

घ) विनाकारण कुनै सदस्य ६ महिनासम्म निस्क्रिय रहेको ठहरियो र निजलाई बारम्बार सम्झाई बुझाई गर्दा पनि काममा भाग लिएन वा जिम्मेवारी बहन गरेन भने सम्बन्धित समितिले स्पष्टीकरण माग गर्न सक्दछ । साथै उपयुक्त कारण विना तीन पटकसम्म बैठकमा लगातार उपस्थित नभएमा निजलाई समितिबाट हटाउन सकिनेछ ।

## भाग - १२

राजीनामा, पदरिक्तता र पदपूर्ति :

१) राजीनामा :

कुनै पनि सदस्य वा पदाधिकारीले जिम्मेवारीबाट हट्न चाहेमा सम्बन्धित समितिमा राजीनामा पेश गर्न सक्नेछ । राजीनामा समितिको बहुमतले उपयुक्त ठहऱ्याएमा स्वीकृत गर्न सक्नेछ ।

२) पदरिक्तता :

कुनै पनि सदस्यले दिएको राजीनामा औपचारिक रूपले स्वीकृति भएमा, कुनै पनि सदस्य कुनै पनि कारणले निलम्बित वा निष्काशित भएमा, पागल वा मृत्यु भएमा उक्त पद रिक्त हुनेछ ।

३) पदपूर्ति

रिक्त भएको पदपूर्ति सम्बन्धित समितिको बहुमतको अनुमोदनद्वारा गर्न सकिनेछ ।

## भाग -१३

आर्थिक व्यवस्था :

१) सदस्यता शुल्क वार्षिक सदस्य नवीकरण शुल्क, मासिक ले.वि., चन्दा, सहयोग र विभिन्न रचनात्मक कामबाट प्राप्त हुने रकम नै सङ्घको आयश्रोत हुनेछ ।

२) सदस्यता रसिदबाट उठेको सबै रकम र अन्य आर्थिक आम्दानीबाट उठेको रकमको ५० प्रतिशत
केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

३) केन्द्रीय समितिले आफ्नो मातहतको सम्पूर्ण समितिको हिसाब किताबको निरीक्षण गर्न सक्नेछ ।

४) आवश्यकताअनुसार सङ्घको विभिन्न समितिहरूले आर्थिक कार्यक्रम सञ्चालन गरी अर्थ सङ्कलन गर्न सक्नेछन् । अन्य आम्दानीबाट उठेको रकम के.स.ले तोके बमोजिम केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

भाग-१४

१) सङ्घको कार्यप्रणाली :

क) यो सङ्घ जनवादी प्रक्रिया (Democratic Procedure ) अनुसार सञ्चालन हुनेछ, जस अनुरूप माथिल्ला समितिको निर्णय तल्लो समितिले, बहुमतको निर्णय अल्पमतले मान्नुपर्ने छ र अल्पमतको निर्णयलाई कदर गरिनेछ । सङ्घमा आइपर्ने समस्याहरूको समाधान जनवादी छलफलको आधारमा गरिनेछ ।

ख) विधानमा उल्लेख नभएको विषयमा केन्द्रीय समितिले ठहऱ्याएको राष्ट्रिय र अन्तर्राष्ट्रिय परम्परा अनुसार हुनेछ ।

ग) सङ्घको निर्वाचन खुल्ला मतदानद्वारा हुनेछ ।

भाग -१५

कार्यालय :

प्रत्येक तहमा समितिले तोकेको स्थानमा आवश्यकता अनुसार आ-आफ्नो कार्यालयहरू राख्न सक्नेछ ।

*(स्रोत : अखिल नेपाल महिला सङ्घ, प्रतिवेदन, समसामयिक प्रस्ताव तथा विधान, अनेमसङ्घ, केन्द्रीय समिति, काठमाडौं, २०५७ ।)*

●

अनुसूची- ५

# अखिल नेपाल महिला सङ्घ केन्द्रीय समितिद्वारा संविधान सुझाव आयोगलाई प्रस्तुत गरिएका सुझावहरू

संसारको सिर्जनाको लागि महिला र पुरुष अपरिहार्य अङ्ग हुन् । यी दुवै एक अर्काका पूरक भएकोले एक विना अर्काको पूर्णत्वको कल्पना गर्न नसकिने स्पष्टै छ । तसर्थ यो संसारमा भएका र हुने प्रत्येक सामाजिक परिवर्तनमा महिला र पुरुषको उत्तिकै भूमिका रहेको कुरालाई कसैले पनि नकार्न सक्दैन । तैपनि समाजको सामाजिक मुक्ति नारीहरूको संलग्नता विना लङ्गडो नै रहने तथ्य पनि हाम्रो सामु स्पष्ट नै छ । जसको अपवाद नेपालमा भएको वर्तमान जनआन्दोलन पनि बच्न सकेन र निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको प्राप्तिको लागि नेपाली नारीहरूको सशक्त भूमिका रहेको कुरा आज प्रत्येक नेपालीको आँखाबाट छिप्न सकेको छैन ।

आज नेपाली नारीहरूको अवस्थालाई समष्टिगत रूपमा अध्ययन गर्ने हो भने यहाँको विकृत सामाजिक संरचना र हैकमवादी सामन्ती पितृसत्तात्मक परम्पराले नेपाली नारीहरूको अवस्थालाई अति दयनीय र धरासायी बनाएको तथ्य आजका नेपाली महिलाहरूको अवस्थालाई हेर्दा स्पष्ट नै छ । तसर्थ वर्तमान परिप्रेक्षमा भएका जनआन्दोलनबाट आएको राजनैतिक परिवर्तन र प्रजातन्त्रको उदयबाट नेपाली नारीहरूले पनि आफ्ना अधिकारहरूको संरक्षण र संवर्धन गर्न सजग भएका छन् । यही कुरालाई ध्यानमा राखी अखिल नेपाल महिला सङ्घ के.स. ले २०४७/३/१६ गने "नेपालको भावी संविधान" भन्ने विषयमा सेमिनार गरी नेपाली नारीहरूको अवस्था र त्यस्तो अवस्थाको समाधानका उपायहरूको बारेमा विचार विमर्श गरी नेपाल भरीका नारीहरूको मागलाई दृष्टिगत गरी भावी संविधानमा नारीहरूको हक अधिकारको संवैधानिक सुनिश्चित गर्न नारी स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, मानव अधिकारसम्बन्धी भएका संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रहरू तथा नेपालको नारीहरूको निम्नलिखित अनुसारका नारीहरूका हक अधिकारको संवैधानिक संरक्षण र सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

सार्वभौमिकता सम्बन्धमा

१) सार्वभौम सत्ताको स्रोत जनता हुन तसर्थ सार्वभौमसत्ता जनतामा निहित हुन पर्दछ ।

२) सङ्कटकालीन अधिकार संसदलाई मात्र हुनुपर्दछ र त्यस्तो संकटकालीन अवस्था विद्यमान भएको घोषणा गर्ने अवस्थाको पनि संविधानमा नै परिभाषित गरिनुपर्दछ । निम्न २ अवस्था विद्यमान भएका सङ्कटकालीन अवस्थाको घोषणा संसदको २/३ वहुमतको अनुमोदनमा गर्नुपर्दछ र संसद नबसेको समयमा मन्त्री परिषदले त्यस्तो अवस्था विद्यमान भएको भए सङ्कटकालीन अवस्था घोषणा गरी ७ दिनभित्र संसदबाट अनुमोदन गराउनु पर्दछ र परिभाषित अवस्था निम्न हुनु पर्दछ ।

क) देशमा बाहिरी आक्रमण भएमा ।

ख) गृह युद्धको समय तथा साम्प्रदायिक ढङ्गले गर्दा देशको सार्वभौम सत्ता नै विखण्डित हुने अवस्था भएमा ।

मौलिक हक सम्बन्धमा

३) भावी संविधानमा नारी र पुरुषको समान अधिकारको स्पष्ट रूपमा व्यवस्था गरिनुपर्दछ । नेपालको संविधान २०१९ मा "कानुनको समान संरक्षणका हकदार हुने छन्" भन्ने उल्लेख गरी धर्म, वर्ण, लिङ्ग जातजाति कुनै आधारमा भेदभाव गरिने छैन भनिएको भएता पनि छोरीले पैतृक सम्पत्ति नपाउने, अंशवण्डा हुँदा छोरा, आमा, बाबु, स्वास्नी, दाजुभाइले मात्र पाउने कानुनी प्रावधान भएको हुँदा त्यस्तो संविधानसँग बाझिएको कानुनको प्रयोग भई नारी र पुरुषका बीचमा असमानता भई भेदभाव भएको स्पष्टै छ । तसर्थ भावी संविधानमा स्पष्ट रूपमा नारीले पनि पुरुष सरह (छोरीले पनि छोरा सरह) बराबर पैतृक सम्पतिमा अधिकारको दाबी गर्ने सम्पत्तिमा अधिकारको संवैधानिक निश्चितता गरी समानताको अधिकारलाई कानुनको अगाडि सबै समान (Equality to all before law) भन्ने स्पष्ट शब्द प्रयोग गरी समानताको अधिकारको संवैधानिक निश्चितता गरिनुपर्दछ ।

४) नेपालमा नारीहरू कमजोर र पिछडिएको कारण प्रमुख रूपमा शिक्षाको कमि नै हो भन्ने बारेमा दुईमत हुन सक्दैन । तसर्थ नारीहरूको उत्थान र्ग संवैधानिक रूपमा नै अनिवार्य शिक्षाको व्यवस्था गरी माध्यमिक तहसम्म नारीहरूलाई निःशुल्क अध्ययन गराउने तथा उच्च शिक्षा अध्ययनको लागि उचित अवसरहरू प्रदान गर्ने व्यवस्था गराई अनिवार्य शिक्षा नदिने अभिभावकलाई दण्डनीय बनाउने व्यवस्थाको समेत संवैधानिक निश्चितता गरिनुपर्दछ ।

५) नेपाली नारीसँग विवाह भएको विदेशी नागरिकले पनि विवाह भएको उचित कानुनी प्रक्रिया पूरा गरी ५ वर्षभित्र नेपाली नागरिकता दिइने व्यवस्था गरिनुपर्दछ ।

६) भावी संविधानमा २ सदनात्मक संसदको व्यवस्था गरिनुपर्ने र माथिल्लो सदनमा तल्लो सदनमा जित्ने पार्टीहरूले समानुपातिक आधारमा मनोनयन गर्ने, त्यसरी मनोनित गरिएका जम्मा सदस्य सङ्ख्याको ५० प्रतिशत स्थान नारीहरूको लागि मात्र निश्चित गरिनुपर्दछ ।

७) समाजमा नारी सहभागितालाई संवैधानिक अङ्गहरूमा महिलाहरूको उचित प्रतिनिधित्व हुने व्यवस्था संविधानमा नै निश्चित गरिनुपर्दछ ।

८) नारीहरूको सामाजिक सुरक्षाको स्पष्ट ग्यारेन्टीको व्यवस्था गरिनुपर्दछ ।

९) नेपाली नारीहरूको अवस्था आर्थिक स्वावलम्बन नभएको कारणले गर्दा माथि उठ्न नसकेको हुँदा नारीलाई आर्थिक रूपबाट स्वावलम्बन बनाउने विषयमा भावी संविधानमा स्पष्ट रूपमा निश्चितता गरिनुपर्दछ ।

१०) नारी वर्गलाई छिटो छरितो र सुलभ न्याय प्रदान गर्नका लागि पारिवारिक अदालत Family Court को व्यवस्था संविधानमा नै गरिनुपर्दछ ।

११) संवैधानिक रूपमा नै महिलाको सुरक्षाको गोपनियतासम्बन्धी (Right to privacy) को व्यवस्था गरिनुपर्दछ ।

१२) नाबालकहरूले अनिवार्य रूपमा संरक्षण तथा पालनपोषणको व्यवस्था गरिनु पर्दछ ।

१३) महिलाहरू समाजको सबै क्षेत्रमा पिछडिएका हुँदा पुरुष सरह प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । तसर्थ समाजका सबै क्षेत्रमा महिलाहरूलाई विशेष व्यवस्था गरी उनीहरूको लागि आवश्यक व्यवस्था गरिनुपर्दछ ।

!$_ dfgj clwsf/sf] axfnL ;+/If0f / ;Daw{g ug'{ ;+ljwfgsf] k|d'v nIo x'g] x"bf efjL ;+ljwfgdf gful/ssf gful/s tyf df}lns xs clwsf/sf ;+/If0fsf] lglZrt x'g'kb{5 . h;df dfgj clwsf/;DaGwL ljZjJofkL 3f]if0ffkq !($*, ;+o'Qm /fi6« ;ª\3Lo cfly{s, ;fdflhs tyf ;f+:s[lts ;DaGwL 3f]if0ffkq !(^^ / ;+o'Qm /fi6« ;DaGwL ;ª\3Lo gful/s tyf /fhg}lts clwsf/ OR5fwLg pkn]v !(^^ df pNn]v ul/Psf dfgj clwsf/;DaGwL Joj:yfnfO{ cjnDjg u/L df}lns xssf] lglZrttf ul/g'kb{5 .

१५) जुनसकै धर्मलाई धार्मिक स्वतन्त्रता हुनुपर्दछ । तर लोभ, लालच, दबाव र अनुचित प्रभाव पारी वा गरी धर्म परिवर्तन गर्न नपाउने व्यवस्था गरिनुपर्दछ ।

१६) स्वतन्त्र न्यायपालिका हुनुपर्दछ ।

(स्रोत : महिला मुक्ति, वर्ष १०, अङ्क ५, अनेमसङ्घ, केन्द्रीय समिति, काठमाडौं २०४७ ।)

●

**अनुसूची- ६**

## राष्ट्रिय महिला आयोग

# आगामी कार्यक्रमको प्राथमिकताका क्षेत्रहरू

१. नीति र कानुनको क्षेत्र :

हालसम्म महिलापक्षीय रूपमा तर्जुमा भएका कानुनहरूको कार्यान्वयनको अनुगमन गर्ने, राष्ट्रिय नीति, कानुन र कार्यक्रममा रहेका विभेदहरूको पहिचान गरी लैङ्गिक दृष्टिकोण सहितको सुझाव श्री ५ को सरकारलाई सिफारिस गर्ने र यस विषयमा सर्वसाधारणको बीचमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । जिल्लाजिल्लामा कानुनी परामर्श केन्द्र स्थापनाको लागि पहल गर्ने ।

श्री ५ को सरकारले अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर गरेका सन्धि सम्झौता र महासन्धिहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

२. महिला र शिक्षा :

महिलाको बीचमा शिक्षा कार्यक्रमलाई व्यापक रूपमा सञ्चालन गर्न आवश्यकता र सम्भावनाको अध्ययन गरी श्री ५ को सरकारलाई सुझाव पेश गर्ने । पिछडिएका र दूर्गम क्षेत्रमा अनौपचारिक शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न सङ्घ संस्था र निकायसँग समन्वय गरी काम गर्ने वातावरण बनाउने ।

३. महिला र स्वास्थ्य :

स्वास्थ्यलाई नागरिकको नैसर्गिक अधिकारको रूपमा स्थापित गर्न स्वस्थ जीवनका लागि स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञानको अभियान सञ्चालन गर्ने । महिला प्रजनन् स्वास्थ्यमा केन्द्रित रही आवश्यक पूर्वाधारहरू निर्माणका लागि नीति र कार्यक्रम तर्जुमा गर्न सिफारिस गर्ने । सङ्घ-संस्था बीच समन्वय गरी आवश्यक क्षेत्रमा सेवा उपलब्ध गराउन पहल गर्ने ।

४. सूचना सङ्कलन :

सूचना शक्ति हो भन्ने सिद्धान्तलाई आत्मसात गरी हालसम्म उपलब्ध सूचनाहरूलाई सङ्कलन गरी "महिला सूचना केन्द्र" को स्थापना गर्ने । सूचना आवश्यक क्षेत्र पहिचान गरी श्री ५ को सरकार, विभिन्न सङ्घ-संस्था र निकायहरूलाई अनुरोध गरी सूचना सङ्कलनको कामको समन्वय गर्ने ।

५. परामर्श सेवा :

महिलाउपर भएका अन्यायका विरुद्ध आयोगसमक्ष आएका निवेदन, मुद्दा, उजूरीहरूलाई छिटो छरितो रूपमा सुल्झाउन परामर्श र पहलको कामलाई निरन्तरता दिने ।

६. गरिबी निवारण र महिला रोजगारी :

गरिवहरूमध्ये पनि अझै गरिव अवस्थामा रहेका महिलाहरूको जीवनमा परिवर्तन गरी गरिवी निवारण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि महिला रोजगारीको क्षेत्रमा विशेष पहल गर्ने ।

७. द्वन्द्व पीडित :

द्वन्द्वबाट विस्थापित भएका महिला तथा बालबालिकालाई पुनर्स्थापित गरी उनीहरूको आत्मनिर्भरताको लागि शिक्षा, स्वास्थ्य र स्वरोजगारीका क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गर्ने ।

(स्रोत : राष्ट्रिय महिला आयोग (२००२), ब्रोसर)

●

**अनुसूची– ७**

***चौथो विश्व सम्मेलन (४-१५ सेप्टेम्बर) बेजिङ***

गेरसरकारी समूह राष्ट्रिय तयारी समिति नेपालद्वारा
प्रधानमन्त्री मनमोहन अधिकारी तथा राष्ट्रिय योजना आयोग समक्ष दिएको

# ज्ञापनपत्र

यही सप्टेम्बर ४ देखि १५ सम्म चिनको राजधानी बेजिङमा चौथो महिला विश्व सम्मेलनको आयोजना भइरहेको छ । यसै सन्दर्भमा हरेक राष्ट्रमा बेजिङको तयारीसम्बन्धी सरकारी र गैरसरकारी संस्थाहरूको छुट्टाछुट्टै तयारी समिति पनि गठन गरिएको छ ।

बेजिङमा हुने चौथो विश्व सम्मेलनमा विभिन्न राष्ट्रहरूले आ-आफ्नो देशमा महिलासम्बन्धी भइरहेका प्रयास बारे जानकारी गराउनुका साथै महिला विकासका लागि भविष्यमा गर्नुपर्ने कार्ययोजनाबारे जानकारी गराउने प्रावधान रहेको छ ।

नेपालमा महिला विकासका लागि भएका प्रयासहरू केही भएता पनि अझै महिला र पुरुषको बीच प्रसस्त असमानताहरू छन् । महिलाहरू सामाजिक, राजनीतिक र आर्थिक भेदभावले अझै पिछडिएका छन् । हालै बेजिङको तयारीका सम्बन्धमा गठित राष्ट्रिय समितिले बेजिङ सम्मेलन सुरु हुनुभन्दा अगावै सरकारले महिलाहरूको अवस्था र स्थितिमा परिवर्तन ल्याउनका निम्ति तत्काल कार्य गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ ।

१. सन् १९९३ मा नेपालले संयुक्त राष्ट्र सङ्घको महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूल गर्ने महासन्धि (Elimination of all kinds of discrimination against women) मा हस्ताक्षर गरी त्यसप्रति आफ्नो प्रतिबद्धता दर्साइसकेको कुरा सराहनीय हो । उक्त सन्धिपत्रमा हस्ताक्षर गरेका मुलुकले दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्र सङ्घमा पठाइ सक्नुपर्नेमा हालसम्म पनि सो प्रतिवेदन नपठाएकाले तत्काल सो प्रतिवेदन पठाउनुपर्ने ।

२. संविधानसँग बाझिएका प्रचलित ऐन कानुन तत्कालै संशोधन गर्नुपर्ने ।

क) सम्पत्तिसम्बन्धी कानुन
ख) अंशबन्डा, अपुताली, स्त्री अंश धन
ग) भूमिसम्बन्धी
घ) बिहावारी
ङ) धर्मपुत्र
च) सम्बन्ध विच्छेद
छ) नागरिकता ऐन
ज) जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन
झ) जबरजस्ती करणी

उपर्युक्त ऐन र महल मौजुदा रहेका असमान कानुनका दफामा तत्काल संशोधन गरिनुपर्दछ ।

३. महिलाहरूका मुद्दा (Issue) हरूलाई गम्भीर रूपमा हेर्नका लागि एउटा छुट्टै राष्ट्रिय महिला आयोग तत्काल गठन हुनुपर्छ ।

४. हाल महिलाहरूमाथि हुने सामाजिक अपराधका घटनाहरूमा तीब्ररूपमा वृद्धि भइरहेकोले उक्त घटनाहरूको रोकथामका लागि प्रभावकारी कदम चाल्नुपर्ने विशेष गरेर बलात्कार र चेलीबेटीको देहव्यापारका घटनाहरूमा तीब्र वृद्धि भइरहेकाले यस्तो अपराधिक घटनाहरूको नियन्त्रणका लागि सम्बन्धित निकायलाई सक्रिय बनाउने ।

५. सञ्चारका विभिन्न माध्यमहरूले अझै महिलाहरूको छविलाई सकारात्मक रूपमा प्रस्तुत नगरेको, महिलाको नकारात्मक छवि प्रस्तुत गरिने पत्रपत्रिका, विज्ञापन लगायत अन्य सबै प्रचारप्रसार माध्यमको नियन्त्रण गर्ने ।

६. अझै पनि शक्ति संरचनाको विभिन्न क्षेत्रमा (निर्णायक तहमा) महिलाहरूलाई समानुपातिक रूपमा समावेश गर्ने प्रक्रियाको थालनी नभएकाले तत्कालै ती महत्त्वपूर्ण तहमा महिलाहरूलाई समावेश गरिनु पर्ने ।

७. अझ पनि प्रत्यक्ष अर्थ उपार्जनको कार्यमा महिलाहरू समावेश गर्ने खालका रोजगारीका अवसरहरू उपलब्ध देखिदैन । महिलाहरूको सिप र दक्षता वृद्धि गरी प्रत्यक्ष रोजगारीमा समानुपातिक रूपमा सहभागी गराउनु पर्ने ।

८. अझै पनि महिलाहरूले गरेका दिनको कार्यहरूको सही मूल्याङ्कन नगरी अनुत्पादन रूपमा लिइएकोले ती कामहरूलाई आर्थिक उपार्जनको कार्यको रूपमा लिनुपर्ने ।

९. संसदको छैठौं सदनमा प्रस्तुत गरिएको बलात्कार र गर्भपतन (Abortion) सम्बन्धी विधेयक तत्काल पारित हुनुपर्ने ।

१० बादी, कमैया, झुमा, देउकी लगायत अन्य पिछडिएका तथा दलित महिलाका लागि सरकारद्वारा घोषित गरिएका कार्यक्रमहरू तत्काल लागू गरिनुपर्ने ।

११. पारिवारिक सुरक्षाका लागि (Domestic Violence Act) ल्याइनु पर्ने र पारिवारिक मर्यादा कायम राख्ने Family court बनाइनुपर्दछ ।

१२. माथि उल्लेखित विभिन्न क्षेत्रमा महिलाहरूको उल्लेखनीय सहभागिता वृद्धिका लागि सरकारले चाहिने आवश्यक पूर्वाधार तयार गरिनुपर्ने ।

१३ सञ्चारमा महिलाको भूमिका बारे कुनै पनि तथ्य Country Paper मा नपरेको हुँदा थप हुनुपर्ने ।

*(स्रोत : गैरसरकारी समूह, राष्ट्रिय तयारी समिति, नेपाल बेइजिङ (सन् १९९५))*

**अनुसूची– ८**

# केही सान्दर्भिक तालिकाहरू

## क) केही मानव विकासका सूचकाङ्कहरूको लैङ्गिक वितरण

| क्षेत्र | औसत आयु (वर्ष) | | | | प्रौढ साक्षरता (प्रतिशत) | | | | विद्यालय गएको औसत वर्ष | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १९९६ | | २००० | | १९९६ | | २००० | | १९९६ | | २००० | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| हिमाल | ५२.७ | ५०.४ | ४८.६ | ५१.१ | ४४.२ | ११.८ | ६१.९ | २६.६ | २.२७ | ०.७१ | ३.७१ | १.३३ |
| पहाड | ५८.० | ५५.५ | ६५.४ | ६४.७ | ५८.४ | २४.३ | ७२.३ | ३९.५ | ३.४२ | १.६१ | ३.९७ | २.१८ |
| तराई | ५९.५ | ५७.० | ६१.७ | ६३.२ | ५२.३ | १९.९ | ६०.२ | ३२.५ | ३.१० | १.२५ | ३.७१ | १.९३ |
| शहरी | ६३.२ | ६०.३ | ७१.४ | ७०.८ | ७६.७ | ५१.५ | ८१.२ | ५६.९ | ५.६३ | ३.८८ | ६.०१ | ३.८० |
| ग्रामिण | ५३.७ | ५१.३ | ५८.२ | ५९.३ | ५२.० | १९.५ | ६३.६ | ३२.३ | २.९३ | १.१५ | ३.४० | १.६६ |
| नेपाल | ५५.० | ५२.४ | ५९.३ | ५९.८ | ५४.३ | २१.३ | ६५.८ | ३५.४ | २.५५ | १.१३ | ४.४५ | २.२५ |

*(श्रोत : नेपाल मानव विकास प्रतिवेदन १९९८ र २००१)*

## ख) केही मानव विकास सूचकाङ्कको महिला र पुरुषबीचको अनुपात

| क्षेत्र | १९९६ | | | २००० | | |
|---|---|---|---|---|---|---|
| | औसत आयु | प्रौढ साक्षरता | विद्यालयमा औसत वर्ष | औसत आयु | प्रौढ साक्षरता | विद्यालयमा औसत वर्ष |
| हिमाल | ०.९६ | ०.२७ | ०.३१ | ०.०५ | ०.४३ | ०.३६ |
| पहाड | ०.९६ | ०.४२ | ०.४७ | ०.९९ | ०.५५ | ०.५५ |
| तराई | ०.९६ | ०.३८ | ०.४० | १.०२ | ०.५४ | ०.५५ |
| शहरी | ०.९५ | ०.६७ | ०.६९ | ०.९९ | ०.७० | ०.६३ |
| ग्रामीण | ०.९६ | ०.३८ | ०.३९ | १.०२ | ०.५१ | ०.४९ |

*श्रोत: नेपाल मानव विकास प्रतिवेदन १९९८ र २००१*

ग) महिलाको स्थिति झल्काउने तथ्याङ्क

| क्र.सं. | विषय | पुरुष | महिला |
|---|---|---|---|
| १ | जनसङ्ख्या (%) | ४९.९६ | ५०.०३ |
| २ | औसत आयु (वर्षमा) | ६१.८ | ६२.२ |
| ३ | साक्षरता (१५ वर्ष माथिको लागि (%) | ६२.२ | ३४.६ |
| ४ | मन्त्रिपरिषदमा सहभागिता (%) | ९४.४५ | ५.५५ |
| ५ | प्रतिनिधिसभाको सदस्य (%) | ९४.१५ | ५.८५ |
| ६ | राष्ट्रिय सभाको सदस्य (%) | ८६.६७ | १३.३३ |
| ७ | निजामति सेवामा सहभागिता (%) | ९१.४५ | ८.५५ |
| ८ | न्यायधीश (%) | ९७.९६ | २.०४ |
| ९ | शिक्षक (%) | ७४.०० | २६.०० |
| १० | सञ्चार क्षेत्रमा सहभागिता (%) | ८८.०० | १२.०० |
| ११ | वैदेशिक रोजगारीमा सहभागिता (%) | ८९.१५ | १०.८५ |
| १२ | भूमिमाथिको स्वामित्व (%) | ८९.१६ | १०.८३ |
| १३ | घर माथिको स्वामित्व (%) | ९४.४९ | ५.५१ |
| १४ | कृषि उत्पादनमा योगदान (%) | ३९.५ | ६०.५ |

*(श्रोत : जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग)*

घ) विषयगत क्षेत्रहरूमा संचालन हुने लक्षित कार्यक्रमहरू

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">निकाय/विषय क्षेत्र</th><th>लक्ष्यित वर्ग</th></tr>
<tr><th>महिला</th></tr>
<tr><td>१</td><td>कृषि मन्त्रालय</td><td rowspan="9">●महिलालाई उपयुक्त हुने कृषि प्रविधि र उत्पादन साधनहरू सुलभ रूपमा उपलब्ध गराउने ।<br>●महिलाहरूको पहिचान गरी छुट्टै समूह गठन गर्ने ।<br>●PCRW कार्यक्रममा गरिब र पिछडिएका वर्गको प्रतिनिधित्व बढाउने ।<br>●गरिब महिलाहरूकपा लागि उपयुक्त साना घरेलु उद्योगहरू स्थापना सहयोग गर्ने, विभिन्न घरेलु तालिममा कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने ।<br>●साक्षरता दर १५ प्रतिशतभन्दा कम भएका महिला-हरूका लागि अनौपचारिक शिक्षाको व्यवस्था गर्ने ।<br>●बालबालिकाहरूले स्कुल परित्याग गर्ने कारण पत्ता लगाई त्यसको निराकरण गर्ने ।<br>●गरिब महिलाहरूका लागि प्रजनन स्वास्थ्य सेवा, स्वास्थ्य सरसफाई र जनचेतना ।<br>●बन उपभोक्ता समितिमा कम्तीमा ४० प्रतिशत महिला सहभागिता ।<br>●गरिब महिलाहरूका लागि सामाजिक परिचालन माआधारित गरिबी निवारण कार्यक्रम सञ्चालन ।</td></tr>
<tr><td>२</td><td>स्थानीय विकास मन्त्रालय</td></tr>
<tr><td>३</td><td>महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय</td></tr>
<tr><td>४</td><td>उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय</td></tr>
<tr><td>५</td><td>शिक्षा तथा खेलकूद मन्त्रालय</td></tr>
<tr><td>६</td><td>स्वास्थ्य मन्त्रालय</td></tr>
<tr><td>७</td><td>व्न तथा भू-संरक्षण मन्त्रालय</td></tr>
<tr><td>८</td><td>गरिबी निवारण कोष</td></tr>
<tr><td>९</td><td>गैर सरकारी संस्थाहरू</td></tr>
</table>

*(श्रोत : दशौं योजना २०५९-२०६४)*

# सन्दर्भसामग्री सूची

## क. ग्रन्थ तथा कृतिहरू


अर्याल, कुन्दन/नरनाथ लुइँटेल, (सं.) (१९९३), *मानव अधिकार वर्ष पुस्तक, १९९३,* काठमाडौं : इन्सेक, ।

अमरनाथ (१९९१), *नारीका मुक्ति सङ्घर्ष,* बडहलगञ्ज : गोरखपुर जनवादी लेखक सङ्घ ।

आचार्य, बलराम (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेसनल बुक सेन्टर ।

ओझा, घनानाथ (२०६०), *नेपालमा महिला,* काठमाडौं : पैरबी बुक्स एन्ड स्टेसनरी ।

एभलिन रीसड (२०५७), *महिला मुक्तिका आन्दोलनका सम्बन्धमा,* काठमाडौं : सिर्जनशील प्रकाशन ।

चित्रकार, पूर्णशोभा (फागुन २०४७), *अन्तर्राष्ट्रिय महिला दिवस (आठमार्च),* काठमाडौं : अनेमसङघ के.स. ।

*जनयुद्धको* सेरोफेरोभित्र महिला बालबालिका (२०५८), काठमाडौं : मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल ।

तामाङ, सेरा (सन् २००४), नेपालमा विकासे नारीवाद, *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* सोसल साइन्स बहा:, ललितपुर : हिमाल एसोसियसन ।

तुम्बाहाङ्फे, शिवमाया (२०५९), *नेपालमा महिला आन्दोलन (२००४-२०४६),* काठमाडौं : अनेमसङ्घ ।

थापा, कृष्णबहादुर (१९८५), *ओमन एण्ड सोसल चेन्ज ईन नेपाल (१९५१-१९६०),* काठमाडौं : श्रीमती अम्बिका थापा ।

दास, प्रभाकरलाल (२०५७) *लैङ्गिक अध्ययन,* काठमाडौं : रेखारानी प्रकाशन ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (सन् २००५), *अनुसन्धान पद्दती,* काठमाडौ : एम.के. पब्लिसर्स एण्ड डिस्टिङब्युटर्स ।

दीक्षित, मदनमणि (२०५६), *हाम्रा प्राचिन नारी,* गुपा घुर्विसे, नाम्ची दक्षिण सिक्किम : निर्माण प्रकाशन ।

देवकोटा, गृष्मबहादुर (२०३६), *नेपालको राजनीतिक दर्पण, भाग २,* वारणासी ।

पाण्डे, बिन्दा (२०५७), *नेपाली श्रमिक आन्दोलनमा महिला वर्गको भूमिका,* अध्ययन प्रतिवेदन, काठमाडौं : नेपाल ट्रेड युनियन महासङ्घ ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रूपरेखा,* काठमाडौं : निभा पुस्तक प्रकाशन ।

प्रधान, भुवनलाल (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौं : रुमु प्रकाशन ।

प्रभात, विष्णु (२०५२), *मातृत्व,* काठमाडौं : इन्सेक ।

फ्रेडरिक, ऐंगेल्स (१९८६), *परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,* मास्को : प्रगति प्रकाशन ।

बोहोरा, आशारानी (१९९१), *नारी विद्रोहके भारतीय मञ्च,* नयाँ दिल्ली : नेसनल पब्लिसिङ्ग हाउस ।

बस्नेत, मिरा (२०५३), *नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका,* काठमाडौं ।

भण्डारी, लेखनाथ, *ती महिला विद्रोहीणी योगमाया,* काठमाडौं : नेपाल अध्ययन केन्द्र ।

भट्टचन, यशोकान्ती (२०५७), महिला सशक्तीकरणको अवधारणा, *समकालीन नेपाली समाज,* काठमाडौं : नेपाल फाउन्डेसन फर एडभान्स्ड् (नेफास), नेपाल ।

भासिन, कमला (१९९३), *पितृसत्ता क्या है ?,* नई दिल्ली : जागोरी ।

*महिला मुक्ति आन्दोलन* (२०५८), बुटवल : अखिल नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय ।

मार्क्स, ऐंगेल्स, लेनिन, स्टालिन, माओ (२०५७), *महिला मुक्तिका बारेमा,* काठमाडौं :प्रगति पुस्तक सदन

रावल, भिम (२०४४) *नेपालमा साम्यबादी आन्दोलन उद्भव बिकास र वर्तमान अवस्था,* बाराणशी: सामना प्रकासन, नेपाल

*राजनीतिमा महिला सहभागिता* (२०५२), काठमाडौं : इन्सेक ।

शर्मा, बालचन्द्र (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* बाराणासी : कृष्णकुमारीदेवी ।

शर्मा, श्यामप्रसाद (२०५५), *आएका केही चिठी,* काठमाडौं : सुनकोसी साहित्य प्रतिष्ठान ।

शर्मा, गणेशराज (२०५२), *वि.पि.को आत्मवृत्तान्त,* ललितपुर : जगदम्बा प्रकाशन ।

शिवाकोटी, गोपालकृष्ण र अञ्जु (१९९५), *बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति,* पुलचोक, ललितपुर : बियोन्ड बेइजिङ्ग कमिटी ।

सिंह, मंगलादेवी (२०५१), नारी सङ्घर्षका पाइलाहरू, काठमाडौं : पि.एल. सिंह ।

सीमोन द बोउबार, *द सेकेण्ड सेक्स,* जि.टि रोड, दिल्ली : हिन्द पाकेट बुक्स प्रा.लि.।

श्रेष्ठ, सावित्री (२०४७), *नेपाली महिला र जनआन्दोलन,* काठमाडौं : अक्षलोक प्रकाशन ।

श्रेष्ठ, सुशीला (२०६०), *सहाना प्रधान : स्मृतिका आँखिझ्यालबाट,* काठमाडौं : स्वप्नबाटिका प्रकाशन ।

आचार्य, मीना (९-१५ अगष्ट १९९३), *फेमेनिस्ट मुभमेन्ट इन नेपाल,* पेपर प्रिजेन्ट एट अ रिजनल सेमिनार ।

आचार्य, नरहरी, *सहभागितामूलक लोकतन्त्रका निम्ति महिलाहरूको राजनीतिक प्रतिनिधत्व वृद्धि (२०५९),* काठमाडौं : नेपाल महिला सङ्घ, (कार्यपत्र) ।

*लैङ्गिक समानता गोष्ठी प्रतिवेदन* (२०५७ मङ्सिर), ललितपुर : लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम ।

श्री ५ को सरकार (२०५९), *राष्ट्रिय योजना आयोग दसौँ योजना (२०५९/२०६४),* काठमाडौं : श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग, नेपाल ।

श्री ५को सरकार (२०४७), *नेपाल अधिराज्यको संविधान(२०४७),* काठमाडौं : न्याय, कानुन तथा संसदीयमन्त्रालय, कानुन किताव व्यवस्था समिति, नेपाल ।

Agarwal, B. (19980), *Field of one's Own Gender and Land rights in South Asia,* New Delhi : Rekha Printers.

Bhasin, K. & Night S. K. (2000), *Some Questions on Feminism and Its Role hence in South Asia* New delhi : Kali For Women.

Bhasin, K. (1993),*What is Patriachy ?* New delhi : Kali For Women.

Cremer, I. (2000),Against Reactionary Feminism, Ellar rule (Ed.) *Mar xism and Emancipation Of Women,* Great Britain : Harpal Brar.

Ghimire,D. (2001) Women's political participation and challenges, *Gender and Democracy in Nepal,* Kathmandu : Central department of Home science, Women's Studies Program, P.K. Campus. T.U.

Johnson, J.B. & Joslyn, R.A. (1989), *Politcl Science Research Methods,* New Delhi: Prentice Hall of India.

Kerlinger, F. N. (2000), *Foundation of Behavioral Research* Delhi : Surjeet Publications.

Ritzer, G. (1992), *Sociological Theory*, New York, McGKAW-HILL.

Shrestha, K. (2001), Women's political participation in perspective and challenges, *Gender and democracy in Nepal*, Kathmandu: Central Department of Home Science, Womens studies program, P.K. Campus T.U. Nepal,.

Sangroula, G. (2001, Law and Existing realIty of Nepalese Women, *Gender and Democracy in Nepal*, Kathmandu: Central Department of Home Science, Womens studies Program, P.K. Campus T.U. Nepal,.

Willis, E. (1987), Radical Feminism and Feminist Redicalism, Jean E. Friedman, Williom G. Shade, Mary Jane Capozzoli (Ed.), *Our American Sister Women in American Life and Thought*, America: D.C. Heath and Company.

Ware, S. (1989), *Modern American Women a Decumentary Histoey*, Cicago: The Dorsey Press Chicago, Illiois.

Wolff H.K.& P.R. Pant (2005) *Social Science Research And Thesis Writing*, Kathmandu: Budha Academice Enterprise P.V.T. Ltd.

## ख. पत्रपत्रिकाहरू

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्चको परिचय (२०४५), *महिला आवाज,* काठमाडौं : अनेरास्ववियू, के.म.वि., वर्ष १, अङ्क १ ।

उपाध्याय, तारानाथ (२०१५), महिला समिति, *स्वास्नीमान्छे* (२०१५ माघ, फागुन, चइत) ।

*अलकोन* (२०६०) *स्मारिका,* काठमाडौं : आदिवासी जनजाति, कानुन व्यवसायी परिषद् नेपाल ।

*किरात चाड, एक परिचय* (२०५९), ललितपुर : किरात याक्थुङ्ग चुम्लुङ्ग केन्द्रीय कार्यालय ।

घरेलु हिंसा विरूद्ध जुलुस प्रदर्शन (२०५५ साउन), *महिला मुक्ति,* काठमाडौं : अनेमसङ्घ, चौथो राष्ट्रिय सम्मेलन आयोजक समिति, वर्ष १, अङ्क ७ ।

जबरजस्ती करणीसमबन्धी विधेयक र संसद, (२०५०) *महिला आवाज,* काठमाडौं : अनेरास्ववियू,

तुम्बाहाङ्फे, शिवमाया, (२०५२ असार), नेकपा एमालेको सरकार र महिला, *महिला आवाज,* काठमाडौं : अनेरास्ववियू, के.म.वि. अङ्क ३ ।

*नवयुग* (असार २०६१), काठमाडौं : नेकपा (एमाले) वर्ष १४, अङ्क ८ ।

नेपाल महिला सङ्घ, *विगत, वर्तमान र चुनौतीहरू* (२०५५), काठमाडौं : नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय ।

नेपाल, अरूण, (२०५७), नेपाली महिलाहरूको अवस्था र परिवर्तनको प्रश्न, *महिला आवाज,* काठमाडौं :

अनेरास्ववियू, के.म.वि. अङ्क ६ ।
पाठक मुडभरी, प्रतिभा, *स्मारिका* ने.म.सङ्घ, काठमाडौं ।

पौडेल, सीता (२०५६), आन्दोलनलाई सही दिशाबाट अघि बढाउन जरूरी छ, *महिला मुक्ति,* काठमाडौं : अनेमसङ्घ, के.स., अङ्क ८ ।

प्रभात, विष्णु (२०४७), मार्क्सवादी नारीवाद र नारीवादी आन्दोलन, *नारी सङ्कल्प,* काठमाडौं : नारी सङ्कल्प परिवार, अङ्क १ ।

भण्डारी, लेखनाथ (२०५१ कार्तिक), मध्यावधि निर्वाचन २०५१ का नारी व्यक्तित्व र आवाज, *अस्मिता,* काठमाडौं : वर्ष ७, अङ्क २९ ।

भण्डारी, विद्यादेवी (२०५७ कार्तिक), लैङ्गिक समानताका लागि पैत्रिक सम्पत्तिमा समान अधिकार, *महिला मुक्ति,* काठमाडौं : अनेमसङ्घ, के. प्रकाशन विभाग, अङ्क ९ ।

*महिला मुक्ति* (२०४७), काठमाडौं : अनेमसङ्घ, के.स., वर्ष १०, अङ्क ५ ।

शाक्य, सुजिता, (२०५५), विश्व महिला आन्दोलनको सङ्क्षिप्त झलक र वर्तमान चुनौती, *महिला आवाज,* काठमाडौं : अनेरास्ववियू, महिला विभाग, अङ्क ५ ।

शिवाकोटी, निर्मला, (२०५९), महिला सुरक्षा दबाव समूह के हो ? *महिला सन्देश,* काठमाडौ अन्तर्राष्ट्रिय महिला शान्ति र स्वतन्त्रता सङ्गठन, नेपाल शाखा, वर्ष १, अङ्क १ ।

माओवादी आन्दोलनमा महिलाहरूको स्थिति (२०५७, माघ-फागुन), *मूल्याङ्कन,* काठमाडौं : अन्तर्क्रिया प्रकाशन, वर्ष १८, पूर्णाङ्क, ८४ ।

*संवैधानिक तथा संसदीय अभ्यास समाज,* (२०५० असार), काठमाडौं : वर्ष ३, अङ्क ३ ।

श्रेष्ठ, शान्ता (२०५२-०५३,चैत-बैशाख) एयपोर्ट काण्ड र २००७ सालको आन्दोलनमा महिला सहभागिता,

**ग. अन्य केही सामग्री**

अखिल नेपाल महिला सङ्घ, प्रतिवेदन तथा प्रस्तावहरू (२०५१), काठमाडौं : अनेमसङ्घ, केन्द्रीय प्रचार विभाग ।

अखिल नेपाल महिला सङ्घ, प्रतिवेदन समसामयिक प्रस्ताव तथा विधान (२०५७), काठमाडौं : अनेमसङ्घ, केन्द्रीय समिति ।
अखिल नेपाल महिला सङ्घ, कार्यक्रम (२०५५ पुस), काठमाडौं : अनेमसङ्घ केन्द्रीय कार्यालय ।

जनमोर्चा नेपालको चुनाव *घोषणापत्र*- २०५६, काठमाडौं : जनमोर्चा नेपाल ।

नेपाल महिला सङ्घको *विधान*- २०५८ (२०५८), काठमाडौं : नेपाल महिला सङ्घ, ।

नेपाली काँग्रेसको *विधान २०१७* (२०५७), काठमाडौं : नेपाली काँग्रेस केन्द्रीय कार्यालय ।

नेकपा एमालेको चुनाव *घोषणापत्र*- २०५६, काठमाडौं : नेकपा (एमालें) केन्द्रीय कार्यालय ।

नेपाली काँग्रेसको चुनाव *घोषणापत्र*- २०५६, काठमाडौं : नेपाली काँग्रेस केन्द्रीय कार्यालय ।

नेपाल सद्भावना पार्टीको चुनाव *घोषणपत्र*- २०५६, काठमाडौं : नेपाल सद्भावना पार्टी केन्द्रीय कार्यालय

नेकपा (एमाले) को *नियमावली* २०५७ (२०६०), काठमाण्डौ : नेकपा (एमाले) केन्द्रिय कार्यालय

*बेइजिङ्गतिर* सन् (१९९५), काठमाडौं : गैरसरकारी समूह राष्ट्रिय तयारी समिति नेपाल, एन.एन.पी.सी. एनजीओ कोलिसन, नेपाल ।

*महिलाउपर हुने सबै प्रकारका भेदभाव निर्मूलसम्बन्धी सन्धिपत्र्* (सन् १९७९ डिसेम्बर १८), श्री ५ को सरकार, महिला विकास महाशाखा, श्रम तथा सामाजिक कल्याण मन्त्रालय, युनिसेफ नेपाल ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनाव *घोषणापत्र*- २०५६, काठमाडौं: राष्ट्रिय प्रजातन्त्र पार्टी कोन्द्रिय कार्यालय

श्री ५ को सरकार (२०५६), काठमाडौ : केन्दीय तथ्याङ्क विभागकाद्वारा प्रक्षेपित तथ्याङ्क ।

श्री ५ को सरकार, *निर्वाचन आयोग* २०५६, काठमाडौं : नेपाल ।

## घ. साप्ताहिक पत्रिकाहरू

*गोरखापत्र* वि.सं. २०१३ श्रावण २२

तुम्बाहाङ्फे, शिवमाया (२०५९ पौष २९), महिला आन्दोलन पछि पर्नुका कारण, *चर्चा,* साप्ताहिक, वर्ष ३२, अङ्क २२ ।

तुम्बाहाङ्फे, शिवमाया (२०५९ चैत ९), महिला सशक्तीकरणको नाममा पुरुषको विरोध कसरी गरिन्छ ? *छलफल,* साप्ताहिक वर्ष २१, अङ्क ७ ।

तुम्बाहाङ्फे, शिवमाया (२०५९ मङ्सिर ८), परतन्त्र मानसिकता पनि महिला आन्दोलनको लागि बाधक, *छलफल,* साप्ताहिक वर्ष २१, अङ्क २४ ।

# परिशिष्ट

## प्रत्यक्ष अन्तर्वार्ता लिइएका व्यक्तित्वहरू

| सि.न. | नाम थर | विषयगत क्षेत्र | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | अधिकारी, साधना | प्रजातान्त्रिक एवम् महिला आन्दोलन | " | – |
| २ | आचार्य, डा. मिना | जेन्डर एक्टिभिष्ट/आर्थिक | " | – |
| ३ | थापा, कमलम | प्रजातान्त्रिक एवम् महिला आन्दोलन | " | – |
| ४ | थापा, थममाया | सांसद (राजनीति) | म | – |
| ५ | थपलिया, प्रा.डा. शान्ता | न्यायिक क्षेत्र | " | – |
| ६ | देवकोटा, गोमा | सांसद (राजनीति) | " | – |
| ७ | नेपाल, माधवकुमार | उप-प्रधान मन्त्री | – | पु. |
| ८ | प्रधान, साहना | मन्त्री (राजनीति) | म | – |
| ९ | बैद्य, हिमालय श्वरानन्द | प्रजातान्त्रिक एवम् महिला आन्दोलन | – | पु. |
| १० | भण्डारी, विद्यादेवी | मन्त्री (राजनीति) | म | .– |
| ११ | मिश्र, मिरा | प्राध्यापन क्षेत्र | " | – |
| १२ | राणा, बन्दना | सञ्चार क्षेत्र | " | – |
| १३ | शाक्य, अष्टलक्ष्मी | मन्त्री (राजनीति) | " | – |
| १४ | सुब्बा, मालती | प्राध्यापन क्षेत्र | " | – |
| १५ | श्रेष्ठ, शशि | प्रजातान्त्रिक एवम् महिला आन्दोलन | " | – |
| १६ | मानवी, शान्ता | सांसद (राजनीति) | म. | – |